# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बैदौली, कपिलबस्तु



# आवधिक बिकास योजना
## (२०८२/८३-२०८६/८७)

**प्राविधिक सहजीकरण**

सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट प्रा.लि
तिलोत्तमा-३, रुपन्देही

# आवधिक बिकास योजना

## (२०८२/८३-२०८६/८७)



## यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बैदौली, कपिलबस्तु
## २०८२

# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## वेदौली, कपिलवस्तु
## लुम्विनी प्रदेश, नेपाल




## गाउँपालिका अध्यक्षको सन्देश

यशोधरा गाउँपालिकाले प्रथम आवधिक योजना (२०८२/८३–२०८६/८७) नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रधान गरेका जिम्मेवारी, नेपाल सरकारले तय गरेका दीर्घकालीन लक्ष्य **"समृद्ध नेपाल, सुखी नेपाली"** विक्रम सम्वत् २१०० का सूचक सहितको सोह्रौं पञ्चवर्षीय योजना, लुम्विनी प्रदेश सरकारको **"समृद्ध प्रदेश : खुशी जनता "** को दीर्घकालीन सोच, अन्तर्राष्ट्रिय स्तरमा नेपालले जनाएका प्रतिबद्धता, दिगो विकास लक्ष्य, नेपाल पक्ष भएका अन्य अन्तर्राष्ट्रिय सन्धि सम्झौता, नागरिकका विकासका चाहना, जनप्रतिनिधि, कर्मचारीहरु तथा विभिन्न सरोकारवालाहरुले दिएका सुझाव र गाउँपालिकाले विगत वर्षमा लिएका नीति तथा कार्यक्रमको निरन्तरता समेतलाई आधार मानी तयार गरेको छ । यस आवधिक योजनामा गाउँपालिकाको दीर्घकालीन सोच **"शिक्षा, स्वास्थ्य, कृषि तथा गुणस्तरिय भौतिक पूर्वाधार, समृद्ध यशोधराको आधार"** अनुरुप लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तय गरिएको छ ।

यस गाउँपालिकाका नागरिकहरुलाई खुसी र समृद्ध बनाउने महान् सोँचलाई पुरा गर्न योजनागत अनुशासनको परिपालना सहित विकासको गतिलाई तीव्रता दिने उद्देश्यले यो आवधिक योजना तर्जुमा गरिएको हो । यस योजनामा गाउँपालिकाले आगमी दिनहरुमा आफ्नो क्षेत्रभित्र गर्नुपर्ने कार्यहरूको लागि आवश्यक नीति, रणनीति तथा कार्यक्रमहरू समेत समावेश गरिएको छ ।

यस आवधिक योजना तर्जुमा प्रक्रियामा सहभागी भई सक्रिय योगदान पुऱ्याउनु हुने गाउँपालिकाका उपाध्यक्ष, विषयगत समितिका संयोजक एवं सदस्यहरु, वडाध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु र सवै जनप्रतिनिधिहरु, गाउँपालिकाका सल्लाहकार, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, शिक्षक, बुद्धिजिवी एवं निजी क्षेत्र र सहकारी क्षेत्र, विभिन्न संघसंस्थाहरू प्रति आभार व्यक्त गर्दछु । यसैगरी आवधिक योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्न ुहुने प्रमुख प्रशासकीय अधिकृत तथा सवै कर्मचारीहरू प्रति धन्यबाद व्यक्त गर्दछु । यस आवधिक ।यिोजना तर्जुमा प्रकृयामा प्राविधिक रुपले सहजिकरण गर्ने सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट प्रा.ली. रुपन्देहीलाई विषेश धन्यवाद दिन चाहन्छु । अन्त्यमा, यस गाउँपालिकाको यो आवधिक योजना कार्यान्वयनका लाीग सम्पूर्ण सरोकारवालाहरुको साथ सहयोग रहनेछ भन्नेमा विश्वास व्यक्त गर्दछु ।

**शिव दयाल तिवारी**
**अध्यक्ष**

# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## वेदौली, कपिलवस्तु
## लुम्विनी प्रदेश, नेपाल



### गाउँपालिका उपाध्यक्षको मन्तब्य

नेपालको संविधानले तिन तहको सरकारहरूको व्यवस्था गरेअनुसार हाल स्थानीय तहमा नगरपालिका तथा गाउँपालिकाहरू स्थानीय सरकारको रुपमा कार्य गर्दैछन् । संविधानमा नै उनीहरूको विभिन्न जिम्मेवारीहरू सुम्पिएको छ । त्यसको अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ। सोही प्रावधान अनुसार स्थानीय सरकारको रुपमा रहेको गाउँपालिका तथा नगरपालिकाहरूले आफ्नो क्षेत्रभित्रको समग्र विकासको लागि रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा गर्ने त्यसको प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ । यसै आवश्यकतालाई बोध गरी यशोधरा गाउँपालिकाको दीर्घकालीन सोच **"शिक्षा, स्वास्थ्य, कृषि तथा गुणस्तरिय भौतिक पूर्वाधार, समृद्ध यशोधराको आधार"** सहितको नतिजामा आधारित यो आवधिक योजना तयार गरिएको छ । यसको प्रभावकारी कार्यान्वयन मार्फत यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासको क्षेत्रमा प्रगति भई जनताको जीवनस्तर सुधार हुने अपेक्षा गरेकी छु। यशोधरा गा.पा. को समग्र जननिर्वाचित नेतृत्व, राजनीतिक दलहरू,समग्र सरोकारवालाहरू र कर्मचारीहरुको सकृया सहभागितामा यो आवधिक योजना तयार गरिएको छ ।

अन्त्यमा, यशोधरा गा.पा.को यो आवधिक योजना तर्जुमामा सहजिकरण गर्ने परामर्शदातृ संस्था सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट प्रा.ली. रुपन्देहीलाई विशेष धन्यवाद दिन चाहन्छु । यसका अतिरिक्त सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, सल्लाहाकारज्यू, सम्पूर्ण सरोकारवाला निकायहरू, गाउँपालिकाका कर्मचारीहरूको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद

**गुन्जादेवी मौर्य**

**उपाध्यक्ष**

# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## वेदौली, कपिलवस्तु
## लुम्विनी प्रदेश, नेपाल



### मन्तब्य

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले मार्ग निर्देशन गरे अनुसार स्थानीय तहले आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र सोको कार्यान्वयनको अनुगमन समेत गर्नुपर्ने हुन्छ । सोको लागि स्थानीय सरकारको रुपमा रहेको यस यशोधरा गाउँपालिकाले आफ्नो कार्य क्षेत्रभित्रको समग्र विकासको लागि रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा गर्ने र सोको प्रभावकारी कार्यान्वयन समेत गर्नुपर्ने हुन्छ । सोही मर्म अनुसार नै गाउँपालिकाको **“ शिक्षा, स्वास्थ्य, कृषि तथा गुणस्तरिय भौतिक पूर्वाधार, समृद्ध यशोधराको आधार”** को दीर्घकालीन सोच सहित यो आवधिक योजना निर्माण गरेको छ । यस आवधिक योजनाको कार्यान्वयनबाट यस गाउँपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेको छु ।

यशोधरा गाउँपालिकाको भौतिक, सामाजिक, आर्थिक लगायतका समग्र विषयवस्तुको विस्तृत रुपमा अध्ययन र विश्लेषण गरी यो आवधिक योजना तयार गरिएको छ । योजना तर्जुमको कममा राष्ट्रिय योजना आयोगको स्थानीय तहको योजना तर्जूमा सम्वन्धी दिग्दर्शन २०७८ का प्रावधान र प्रकृयाहरुलाई अवलम्वन गरिएको छ ।

आगामी दिनहरुमा यस योजनाले गाउँपालिकालाई वार्षिक रुपमा तर्जुमा गरिने वार्षिक विकास योजना निर्माण गर्ने कार्यलाई दिशा निर्देश गर्नेछ । गाउँपालिकासंग साझेदारी गर्न चाहने विभिन्न संघ संस्था, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संघ संस्था, दातृ निकायका साथै प्रदेश र संघीय सरकारबाट समेत यो योजनाले परिलक्षित गरेका क्षेत्रमा बजेट प्रवाह हुने र साझेदारीका लागि सहजता हुनेछ भन्ने समेत विश्वास गर्दछु ।

योजना तयारीको कममा गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, लगायत सवै जनप्रतिनिधिज्यूहरु, गाउँपालिकाका सल्लाहकारज्यू, राजनीतिक दलहरू, नीजि क्षेत्र लगायत समग्र सरोकारवालाहरूको सकृय सहभागितामाको लागि हार्दिक कृतज्ञता र धन्यवाद व्यक्त गर्दछु । अन्त्यमा, यस यशोधरा गाउँपालिकाको प्रथम आवधिक योजना निर्माणका लागि योजना तर्जुमा सहजिकरण गर्ने परामर्शदातृ संस्था सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट प्रा.ली. रुपन्देहीको योगदानको लागि धन्यवाद दिन चाहन्छु ।

.........................

**ऋषभ देव खनाल**
**प्रमुख प्रशासकिय अधिकृत**

# विषय-सूची

**कार्यकारी सारांश** १

**परिच्छेद-१**
**परिचय**

१.१ पृष्ठभूमि ६
१.२ भौगोलिक, आर्थिक र सामाजिक स्थिति ६
१.२.१ भूगोल ६
१.२.२ जनसंख्या ८
१.२.३ भूमिको उपयोग १२
१.२.४ आर्थिक क्षेत्रको स्थिति १३
१.२.५ सामाजिक क्षेत्रको स्थिति १५
१.२.६ भौतिक पूर्वाधार अवस्था २२
१.२.७ वन तथा वातावरण २६
१.२.८ संस्थागत व्यवस्था २७

**परिच्छेद-२**
**योजना तर्जुमा विधि तथा मार्गदर्शक आधारहरु**

२.१ पृष्ठभूमि ३०
२.२ आवधिक योजना तर्जुमाको उद्देश्य ३०
२.३ योजना तर्जुमा विधि ३०
२.४ योजना तर्जुमाका मार्गदर्शक आधारहरु ३४
२.५ यशोधरा गाउँ पालिको समृद्धिका आधार ३४

**परिच्छेद-३**
**विगतका योजनाको क्षेत्रगत समीक्षा तथा स्थिति विश्लेषण**

३.१ जनसंख्या विश्लेषण ३५
३.२ आर्थिक विकास ३८
३.३ सामाजिक विकास ३९
३.४ भौतिक पूर्वाधार ४१
३.५ वन, वातावरण तथा विपद व्यवस्थापन ४२
३.६ संस्थागत विकास, सेवा प्रवाह र सुशासन ४३
३.७ वजेट विश्लेषण ४५

**परिच्छेद-४**
**आवधिक योजना खाका**

४.१ पृष्ठभूमि ४५
४.२ अवसर र चुनौती ४६
४.३ सोह्रौं योजनाको दीर्घकालीन सोच र लक्ष्य ४९
४.४ प्रादेशिक योजनाको सोच र लक्ष्य ५०
४.५ यशोधरा गाउँ पालिकाको दीर्घकालीन सोच ५१
४.६ लक्ष्य ५२
४.७ उद्देश्य ५३
४.८ प्रमुख परिमाणात्मक लक्ष्य ५३
४.९ रणनीति तथा कार्यनीति ५४

४.१० यशोधरा गाउँ पालिकाका गौरव तथा रुपान्तरणकारी योजना ५८
४.११ नतिजा खाका ५८
४.१२ अपेक्षित उपलब्धी ६८

**परिच्छेद-५**

**आर्थिक विकास**

५.१ कृषि विकास ६९
५.२ पशुपन्छी विकास ७४
५.३ घरेलु तथा साना उद्योग ७७
५.४ वन पैदावार तथा खनिज सम्पदा ८०
५.५ पर्यटन विकास ८१
५.६ सहकारी विकास ८३
५.७ वाणिज्य तथा आपूर्ति ८५
५.८ श्रम तथा रोजगार र गरिबी निवारण ८७

**परिच्छेद-६**

**सामाजिक विकास**

६.१ शिक्षा ९०
६.२ स्वास्थ्य सेवा ९४
६.३ महिला, जेष्ठ नागरिक तथा फरक क्षमता ९८
६.४ आदिवासी तथा दलित/उत्पीडित वर्ग उत्थान १०४
६.५ बालबालिका, वाल अधिकार तथा वाल संरक्षण १०६
६.६ युवा, खेलकूद तथा संस्कृति १०८
६.७ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ११४
६.८ खानेपानी तथा सरसफाई ११६

**परिच्छेद-७**

**भौतिक पूर्वाधार विकास**

७.१ सडक तथा यातायत क्षेत्र १२०
७.२ सञ्चार तथा सूचना प्रविधि १२३
७.३ विद्युत्त तथा उर्जा १२६
७.४ भवन तथा आवास १२८
७.५ सिँचाई १३१

**परिच्छेद-८**

**वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन**

८.१ वन विकास तथा वातावरण संरक्षण १३४
८.२ जैविक विविधता १३९
८.३ पार्क तथा खुल्ला क्षेत्र १४०
८.४ सीमसार तथा जलाधार क्षेत्र १४२
८.५ जलवायु परिवर्तन तथा अनुकूलन रणनीति १४४
८.६ विपद् व्यवस्थापन १४५

**परिच्छेद-९**

**संस्थागत विकास तथा सुशासन**

९.१ संथागत सुशासन तथा क्षमता विकास १४८
९.२ वित्तीय सुशासन १५३

९.३  न्याय प्रणाली १५६
९.४ नवितम प्रविधिको प्रयोग १५७
९.५ शान्ति सुरक्षा १५९
९.६ अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार १६१
९.७ तथ्यांक प्रणाली १६३
९.८ सामुदायिक-गैसस-साझेदारी १६५

## परिच्छेद-१०
## वित्तीय विश्लेषण

१०.१ यशोधरा गाउँ पालिकाको विगत ३ बर्षको वजेट विश्लेषण १६७
१०.२ आवधिक योजनाको बजेट अनुमान १६९
१०.३ स्रोत परिचालन १७२

## परिच्छेद-११
## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

११.१  वर्तमान स्थिति १७५
११.२  योजना कार्यान्वयन १७५
११.३  अनुगमन तथा मूल्याङ्कन २००
११.४  नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा २०२
११.५  मध्यावधि मूल्याङ्कन २१२
११.६  अन्तिम मूल्याङ्कन २१३

**सन्दर्भ सामाग्री** २१५
**अनुसूचि १ उपस्थिति**
क) आवधिक योजना तर्जुमा सम्वन्धी अभिमुखिकरण र कार्ययोजना छलफल कार्यकको उपस्थिती २१६
ख) आवधिक योजना कार्यशाला गोष्ठीको उपस्थिती २१७
ग) आवधिक योजनाको प्रतिवेदन प्रस्तुतिकरण र सुझाव संकलन कार्यशालाको उपस्थिती २१९
**अनुसूचि २ : कार्यक्रमका तस्विरहरु**
क) वडा तहमा भएका छलफल तथा अन्तर्क्रिया तस्विरहरु २२०
ख) अभिमुखिकरण कार्याशाला गोष्ठी एवं प्रतिवेदन प्रस्तुतिकरणका तस्विरहरु २२३

# संक्षिप्त शब्दार्थ

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| कि.मी . | किलो मीटर |
| कि.वा. | किलोवाट |
| गा.वि.स. | गाउँ विकास समिति |
| गा.पा. | गाउँ पालिका |
| गैसस | गैर सरकारी संस्था |
| न.पा. | नगरपालिका |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| मी. | मीटर |
| मे.ट. | मेट्रिक टन |
| लैससास | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| सा.व.उ.समिति | सामुदायिक वन उपभोक्ता समिति |
| CBS | Central Bureau of Statistics |
| CFUG | Community Forest Users' Group |
| CTEVT | Council for Technical Education and Vocational Training |
| DPR | Detail Project Report |
| DRMP | Disaster Risk Management Plan |
| EA | Environmental Assessment |
| EIA | Environmental Impact Assessment |
| FAR | Floor Area Ratio |
| FGD | Focus Group Discussion |
| GDP | Gross Domestic Product (कूल ग्राहस्थ उत्पादन) |
| GESI | Gender Equality and Social Inclusion |
| GHGs | Green House Gases |
| GIS | Geographical Information System |
| GPS | Global Positioning System |
| Ha | Hectare |
| HH | Household |
| ICT | Information and Communications Technology |
| IEE | Initial Environment Examination |
| IT | Information Technology |
| KII | Key Informant Interview |
| NTFPs | Non Timber Forest Products |
| NEA | Nepal Electrician Authority |
| NBC | National Building Code |
| PPP | Public Private Partnership |
| MTMP | Municipality Transport Master Plan |
| SDG | Sustainable Development Goals |
| SRN | Strategic Road Network |
| SWOT | Strength Weakness Opportunity and Threats |
| TOR | Terms of Reference |

# कार्यकारी सारांश

नेपालको संविधानले राज्यको पुनर्संरचना गरी संघ, प्रदेश र स्थानीय तहमा अधिकारको बाँडफाँड गरेपछि आफ्नो भौगोलिक सीमा भित्र संविधानको अनुसूची बमोजिमका अधिकारहरुको निर्वाध प्रयोग गर्न सकिने संवैधानिक व्यवस्था अनुसार स्थानीय तहको समग्र विकास र जनताको जीवनस्तरमा आशातीत सुधार ल्याउने उद्देश्यबाट स्थानीय तहहरु योजनाबद्ध ढङ्गले अगाडी बढिरहेको अवस्था छ । गाउँपालिकावासीहरुलाई खुसी र समृद्ध बनाउने महान् सोँचलाई निश्चित अवधि भित्र अपेक्षित उपलब्धी हासिल गर्न यशोधरा गाउँपालिका कपिलवस्तुबाट विविध प्रयास भैरहेको सन्दर्भमा योजनागत अनुशासनको परिपालना सहित विकासको गतिलाई तीव्रता दिने उद्देश्यले यो आवधिक विकास योजना तर्जुमाको कार्य अगाडि बढाइएको हो ।

योजना तर्जुमाको तयारी चरणमा गाउँ कार्यपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको उपस्थितिमा यसको शुभारम्भ गरिएको हो । बैदौली स्थित गाउँपालिकाको सभाहलमा आयोजित सो अभिमुखीकरण तथा कार्यशाला गोष्ठीमा अभिव्यक्त भएका महत्वपूर्ण राय, परामर्श, सुझाव तथा विचारहरु योजना तर्जुमाका लागि महत्वपूर्ण रहेका छन् । गाउँपालिकामा योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनलाई सहज बनाउने उद्देश्यका साथ विभिन्न विषयगत समितिहरुको गठन भै कृयाशिल रहेको अवस्थामा स्वही समितिहरुले नै आवधिक योजना तर्जुमाको कार्य गर्ने सहमति गरिएको थियो । कार्यशाला गोष्ठीमा पाँच वटै क्षेत्रगत समितिहरु बीच आ-आफ्ना क्षेत्रका विषयगत योजना तर्जुमाका लागि विस्तृत छलफल, अन्तरक्रिया र समूहगत प्रस्तुती पश्चात योजनाको प्रारम्भिक खाका तयार भएको हो । योजना तर्जुमाका लागि अति आवश्यक पर्ने गाउँपालिकाको बस्तुस्थिति अद्यावधिक गर्ने क्रममा गाउँपालिकाका वडाध्यक्षहरु, वडासदस्यहरु, पालिकावासी तथा बिभिन्न सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया गर्नुका साथै ८ वटै वडाहरुको अध्ययन, अवलोकन, नक्सांकन गरिएको छ । यस क्रममा बिभिन्न विषय विज्ञहरुको परिचालन गरिएको थियो । पालिका क्षेत्रको भू-उपयोग, सडक लगायतका पूर्वाधारको अवस्था, सामाजिक, साँस्कृतिक, वातावरणीय तथा विपद् जोखिम क्षेत्र समेतको अध्ययन अवलोकन गरी यथार्थ र वस्तुगत सूचना संकलन गरिएको छ । गाउँपालिकाको यही वस्तुगत विवरणको आधारमा विद्यमान अवस्थाको आंकलन, अवसर र चुनौतीहरु जस्ता विषयहरुको निर्क्यौल गरी आवधिक विकास योजना समाबेश गरिएको छ । यस योजनामा भू-उपयोगको अवस्था लगायत भौतिक, सामाजिक, आर्थिक, वातावरणीय र विपद् जोखिम न्युनिकरण, संस्थागत क्षमता विकास, आर्थिक तथा वित्तीय विश्लेषण, कार्यक्रम कार्यान्वयन योजना तथा अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था, नतीजामा आधारित खाका (Log-frame), अनुमानित लागत विवरण समेत समावेश गरिएको छ ।

यशोधरा गाउँपालिकालाई समृद्धिको दिशा तर्फ स्तरोन्नती गर्ने सन्दर्भमा रोजगारी श्रृजना, उत्पादनमा बृद्धि र पालिकाबासीको आय स्तरमा सुधार ल्याउने उद्देश्यबाट शिक्षा, स्वास्थ्य कृषि, पशुपालन, र पूर्वाधार क्षेत्रलाई अग्रणी क्षेत्रको रुपमा राखी यी क्षेत्रहरुको विकासका लागि विभिन्न कार्यक्रमहरु समावेश गरिएका छन् । **आवधिक विकास योजना तर्जुमाका क्रममा "शिक्षा, स्वास्थ्य, कृषि तथा गुणस्तरिय भौतिक पूर्वाधार, समृद्ध यशोधराको आधार"** भन्ने दीर्घकालीन सोँच अनुमोदन भई सो सोँच अनुरुप आगामी ५ वर्षका लागि परिमाणात्मक लक्ष्य र उद्देश्य एवं रणनीतिहरु तय गरिएका छन् । यीनै लक्ष्य तथा उद्देश्य तर्फ परिलक्षित यशोधरा गाउँपालिकाको आवधिक विकास योजनाका सम्पूर्ण विषय वस्तुलाई एघार (११) वटा परिच्छेदमा प्रस्तुत गरिएकोछ ।

**परिच्छेद-१** मा परिचय शीर्षकमा पालिकाको परिचय सहित आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरण र संस्थागत व्यवस्थाको वर्तमान अवस्थाको वस्तुस्थिति विश्लेषण गरिएको छ। त्यसैगरी पालिकाको समृद्धिको आधार, योजना तर्जुमाका मार्गदर्शक आधारहरु र योजना तर्जुमा विधि समेतको चर्चा यसै परिच्छेदमा गरिएको छ।

कपिलबस्तु जिल्लाका १० वटा पालिका मध्ये जिल्लाको मध्य दक्षिण भागमा अवस्थित ६७.७५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो गाउँपालिका कपिलवस्तु जिल्लाका साविकका ८ गा.वि.सहरु तितिर्खी, गौरी, बसंन्तपुर, परसोहिया, बैदौली, रंगपुर, सोमडिह र सिहोखोर संमायोजन भई बनेको हो र हाल ८ वटा वडाहरु रहेका छन्। राष्ट्रिय जनगणना-२०७८ अनुसार यहाँको कूल जनसंख्या ४४९०० रहेको छ, जसमध्ये पुरुषको संख्या २१८१० (४८.५७%) र महिलाको संख्या २३०९० (५१.४३%) रहेको छ। लैङ्गिक अनुपात ९४.४६, जनघनत्व ६६२.७३ प्रति वर्ग किलोमिटर र परिवारको औषत आकार ६.४२ व्यक्ति प्रति परिवार रहेको देखिन्छ। ६९९९ घरधुरी रहेको यस पालिकाको ९६.५७% भू-भाग कृषि योग्य रहेको छ। पालिकावासीको मुख्य पेशा कृषि रहेको छ, तर पनि कृषिलाई व्यवसायीकरण र आधुनिकीकरण गर्न सकिएको छैन। जैविक विविधता र प्राकृतिक सौन्दर्यताको धनी यस पालिकामा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्न सकिने अवस्था समेत बिद्यमान छ। यस पालिकामा ७ मा.वि., ४४ आधारभूत तहका बिद्यालयहरु र ४४ वटा बालविकास केन्द्रहरु सञ्चालनमा छन् भने १०+२ सम्म पढाईहुने बिद्यालय दुई मात्र रहेकाछन्। गाउँपालिकाको ५ वर्ष भन्दा माथिको साक्षरता दर ६९.४० % रहेको छ जसमध्ये पुरुष साक्षरता ७८.१०% र महिला साक्षरता ६१.१९% रहेकोछ। स्वास्थ्य संस्था तर्फ १५ शैया सहितको आधारभूत अस्पताल, ७ वटा स्वास्थ्य चौकीहरु रहेका छन्। खानेपानी तर्फ ३.१७.% परिवारलाई पाइप/धाराबाट पिउने पानीको सुविधा उपलब्ध छ भने यो पालिका खुल्ला दिशामुक्त घोषणा भइसकेको छ। ९४.७८ घरपरिवारलाई विद्युत सेवा उपलब्ध छ भने अझै पनि ४७२ घरपरिवार खरको छानाबाट मुक्त हुन सकेका छैनन्। मर्यादपुरमा रहेको इलाका प्रहरी कार्यालयबाट पालिकाका ३ वटा वडाहरु ५,७,८ को शान्ति सुरक्षाको व्यवस्थापन भैरहेको छ भने वडा नं १ को शान्ति शुरक्षाको जिम्मा मायादेबी गाउँपालिकाको रहेको प्रहरी चौकीले लिएको छ । रंगपुरमा रहेको ईलाका प्रहरी चौकीले पालिकाका वडा नं ३, ४ र ६ वडाहरु, सदरमुकाम तौलिहवामा रहेको इलाका प्रहरी कार्यालयले यशोधराको वडा नं २ को शान्ति सुरक्षा प्रदान गर्ने गरी व्यवस्था मिलाइएको छ। त्यसैगरी यस पालिकाका प्रमुख सडकहरु कालोपत्रे भैसकेका र केही सडक निर्माणाभिन अवस्थामा छन्, तर अधिकांश सडक कच्ची अवस्थामा रहेको बर्षादको समयमा यातायात संचालनमा कठिनाई भोग्नुपरेको अवस्थाबिद्यमान छ। गाउँपालिकाको अति महत्वपूर्ण सम्पत्तिको रुपमा रहने वन क्षेत्र यस पालिकाम नभएतापनि तिलौराकोट सामुदायिक वन तौलिहवाबाट आवश्यक काठ दाउरा उपलब्ध भईरहेको अवस्था छ।

गाउँपालिकाको आफ्नै नयाँ भवन निर्माणको भै सकेको, वडा नं १ र ६ का भवनहरु निर्माणाधिन अवस्थामा रहेका तथा अन्य वडाका कार्यालय भवनहरु निर्माण भै स्वही स्थानबाट सेवाप्रवाह भैरहेको अवस्था छ। .सबै वडाहरुमा इन्टरनेटको पहूँच भएता पनि पालिकासँग वडाहरुको नेटवर्किङ्ग त्यती भरपर्दो भने छैन। चुस्त दुरुस्त कार्यसम्पादन र सर्वसुलभ सेवा प्रवाहमा पालिका प्रयत्नशील रहेको भएता पनि ०८०/०८१ को स्व-मूल्यांकनमा यस पालिकाले जम्मा ५९.७५ % अंक प्राप्त गरेको अवस्था छ।

**परिच्छेद-२** मा योजना तर्जुमा विधि तथा मार्गदर्शक आधारहरुमा प्रकृयागत आधार तथा नितिगत आधारको बारेमा बिस्तृतरुपमा व्याख्या गरिएको छ। प्रस्तुत योजना तयार गर्दा विभिन्न प्रक्रियागत र नीतिगत आधारहरु लिएको छ। नीतिगत आधार मध्य नेपालको संविधान, नेपाल सरकारको सोह्रौ योजना, दीगो विकासको लक्ष्य, प्रदेश सरकारको दौश्रो आवधिक योजना, योजना तर्जुमा दिग्दर्शनहरु र विभिन्न ऐन, नियम, कार्यविधिहरुको आधार लिइएको छ। परिच्छेदको सुरुमा

आवधिक योजना तर्जुमा विधिलाई स-विस्तार वर्णन गरिएको छ भने परिच्छेदको दफा २.५ मा पालिकाको समृद्धिको आधार उल्लेख गरिएको छ । यो पालिकाको समृद्धिको लागि शिक्षा, स्वास्थ्य, कृषिलाई आधुनिकीकरण र व्यवसायिकीकरण गर्ने, आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्था गरी गैर कृषि क्षेत्रका आर्थिक क्रियाकलाप सञ्चालन गर्ने, जैविक विविधता, प्राकृतिक सौन्दर्यता, साँस्कृतिक विविधता जस्ता महत्वपूर्ण पक्षहरुको संरक्षण र सम्वर्द्धन गर्ने जस्ता कार्यबाट रोजगारी सिर्जना र आर्थिक वृद्धि हुन सक्ने देखिएकोले यी पक्षहरुलाई यस योजनामा समृद्धिको आधारको रुपमा लिएको छ ।

**परिच्छेद-३** मा विगतका योजनाको क्षेत्रगत समीक्षा तथा स्थिति विश्लेषण शीर्षक अन्तरगत ५ वटै क्षेत्रगत विकास योजनाको विगतका प्रयासहरु बारे छुट्टा-छुट्टै विश्लेषण गरिएको छ । गत तीन आ.व.मा यस पालिकाको समग्र आम्दानी खर्चको स्थिति र श्रोत विश्लेषण समेत यसै परिच्छेदमा समाबेश गरिएको छ ।
२०७३ सालमा साविकका ८ गा.बि.सहरु मिलाई बनेका यशोधरा गाउँपालिकाको यो आवधिक योजना नै योजना व्यवस्थापनको पहिलो शुरुवात हो । क्षेत्रगत योजनाको विश्लेषण गर्दा विगत वर्षहरुको वार्षिक नीति तथा कार्यक्रम , बार्षिक प्रगति प्रतिबेदनहरुको आधारमा विभिन्न उप-क्षेत्रहरुमा भएको लगानी र उपलब्धीको विश्लेषण गरिएको छ । साथ-साथै वातावरण संरक्षण, जलवायु परिर्वतन तथा अनुकूलन, विपद् व्यवस्थापन, सामाजिक समावेशीकरण, संस्थागत क्षमता विकास जस्ता अन्तरनिहित पक्षहरुमा योजनाबद्ध ढङ्गले अघि बढाई व्यवस्थापन गर्नु पनि त्यत्तिकै चुनौती छ ।
आन्तरिक श्रोतको अंश अति न्यून रहेको यस गाउँपालिकाको मुख्य श्रोत नै संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाड तथा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगतका अनुदान हुन, जस्को अंश सरदर ९८% भन्दा बढी रहेको छ । आगामी बर्षहरुमा गाउँपालिकाले राजश्वको दायरालाई थप फराकिलो बनाउने, अन्तर स्थानीय तह बीच साझेदारी, सार्वजनिक निजी र सहकारी साझेदारी, जनसहभागीता जस्ता श्रोतहरुको परिचालन गरी आवश्यक लगानी जुटाउन तर्फ बिषेश पहल गर्न आवश्यक देखिन्छ ।

**परिच्छेद-४** को आवधिक योजना खाका अन्तरगत योजनाको पृष्ठभूमि, अवसर र चुनौती, राष्ट्रिय सोह्रौ योजना, लुम्बिनी प्रदेश सरकारको दोश्रो आवधिक योजना र यस यशेधरा गाउँपालिकाको प्रथम आवधिक योजनाको दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य र यी तीनवटै योजना बीचको तादाम्यता र अन्तर सम्बन्ध जस्ता विषयहरुको विश्लेषण गरिएको छ । त्यसैगरी योजनाको प्रमुख परिमाणात्मक लक्ष्य, रणनीति तथा कार्यनीति, प्रमुख कार्यक्रमहरु, अपेक्षित उपलब्धी र पाँच वटै क्षेत्रगत योजनाका महत्वपूर्ण कार्यक्रम तथा कार्यक्रमको उपलब्धीका लागि नतीजामूलक खाका समेत प्रस्तुत गरिएको छ । चालु सोह्रौ योजनाको सोँच **सुशासन, सामाजिक न्याय र समृद्धि** तथा लुम्बिनी प्रदेश सरकारको **समृद्ध लुम्बिनीः खुसी नागरिक** भन्ने दीर्घकालीन सोँचसँग तादाम्यता राख्दै यशोधरा गाउँपालिकाको दीर्घकालीन सोँच **"शिक्षा, स्वास्थ्य, कृषि र गुणस्तरिय भौतिक पूवार्धार,संमृद्ध यशोधराको आधार"** भन्ने रहेको छ । ।

**परिच्छेद-५** मा आर्थिक विकास अन्तरगत कृषि विकास, पशुपंक्षी विकास, घरेलु तथा साना उद्योग, खनिज सम्पदा, पर्यटन विकास, सहकारी, वाणिज्य तथा आपूर्ति, श्रम तथा रोजगार र गरिबी निवारण जस्ता आर्थिक उप-क्षेत्रका विषयहरु समेटिएका छन् ।
यशोधरा गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि र गुणस्तरिय भौतिक पूर्वाधारलाई समृद्धिको मुख्य आधार बनाइएकोले यी क्षेत्रहरुलाई यस योजनामा विशेष प्राथमिकतामा राखिएको छ । गरिबी न्यूनीकरण, रोजगारी तथा आयमा वृद्धि र सामाजिक समावेशीता जस्ता पक्षहरुलाई टेवा पुग्ने गरी कृषि, पशुपालन, पर्यटन लगायत अन्य गैर कृषि क्षेत्रका कार्यक्रमहरु समावेश

गरिएका छन् । विभिन्न पूर्वाधारहरु तयार गरी कृषि पेशालाई व्यवसायीकरण र आधुनिकीकरण गरी आयआर्जन संग सम्वन्धित बिबिध गतिबिधिहरु सञ्चालन गरी रोजगारी र आयस्तर वृद्धि गर्ने, उद्यमशीलताको विकास गरी घरेलु तथा साना उद्योगलाई प्रवर्द्धन गर्ने, सहकारीहरुलाई उत्पादनसँग जोड्ने, उत्पादित वस्तुहरुको बजारीकरण गर्ने र आपूर्तिमा सहजता ल्याउन विभिन्न कार्यक्रमहरु समावेश गरिएका छन् ।

**परिच्छेद-६** मा सामाजिक विकास अन्तरगत शिक्षा, स्वास्थ्य, महिला, जेष्ठ नागरिक तथा फरक क्षमता, दलित उत्पीडित वर्ग उत्थान, आदिवासी जनजाती, बालबालिका, युवा खेलकूद तथा संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, खानेपानी तथा सरसफाई जस्ता विषयहरु समेटिएका छन् ।

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता सेवामा नागरिकहरुको सहज पहूँच र यस्ता सेवाहरुलाई गुणस्तरीय बनाउन विभिन्न रणनीति, कार्यनीति र कार्यक्रमहरु सिफारिश गरिएको छ । विद्यालयहरुमा कक्षा कोठा थप, स्मार्ट बिद्यालयको अवधारणा, स्थानीय पाठ्यक्रम लागु गर्ने, बिद्यालयमा नबिनतम प्रबिधिको प्रयोग, गुणस्तरिय बिज्ञान प्रयोगशालाको व्यवस्थापन, खेलकुद मैदानहरुको स्तर उन्नती, पठन-पाठनमा गुणस्तरीयता कायम गर्ने लगायतका कार्यक्रमहरु शिक्षा विकास तर्फ समावेश गरिएको छ । स्वास्थ्य तर्फ बैदौलीमा १५ शैयाको आारभूत अस्पताल निर्माण सम्पन्न गरी संचालन गर्ने, स्वास्थ्य चौकीको नया भवन निर्माण, एम्बुलेन्स तथा प्रयोगशाला सेवाहरु, मातृ शिशु स्वास्थ्य जस्ता कार्यक्रमहरु समावेश छन् । युवा परिलक्षित कार्यक्रम, खेलकूद विकास र विविध संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु एवं महिला, बालबालिका, जेष्ठ नागरिक, शारीरिक असक्त र सामाजिक बञ्चितीकरणमा परेका विभिन्न वर्गहरुको सामाजिक समावेशीतालाई ध्यानमा राखी छुट्टा-छुट्टै कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

**परिच्छेद-७** मा भौतिक पूर्वाधार विकास अन्तरगत सडक तथा यातायात, सञ्चार तथा सूचना, विद्युत तथा उर्जा, भवन तथा वस्ती विकास, सिँचाई, नदी नियन्त्रण जस्ता विषयहरु समेटिएका छन् । योजनाको अन्त्यसम्म मुख्य सडकहरु मध्ये यशोधरा चक्र पथ तथा पहिलो प्राथमिकतामा रहेका सडकहरु मद्ये थप १० कि.मी कालो पत्रे गर्ने, दोश्रो प्राथमिकतामा परेका सडकहरु मद्ये २०.०० कि.मी सडकमा स्तरीय नालि निर्माण सहित ग्राभेल गर्ने र बजेटको उपलब्धता अनुसार क्रमश कालो पत्रे गर्दै जाने र थप ३० .कि.मी. सडक ग्राभेल गर्ने, हाल निर्माणाधिन अनुसूचिमा रहेका सबै सडकहरुको बार्षिक रुपमा मर्मत सम्भार गर्ने । त्यसै गरी गाउँपालिकाको बिभिन्न स्थानमा पक्की नाला निर्माणका लागि संघ तथा प्रदेश सरकार संग अनुरोध गर्ने गरी योजना प्रस्ताव गरिएको छ । पालिकाको आफ्नै प्रशासकीय भवन निर्माण सम्पन्न भै सकेको तथा पालिकाको केन्द्र बैदौलीमा १५ शैयाको अस्पताल, स्वास्थ्य चौकी निर्माण जस्ता कार्यक्रमहरु यस परिच्छेदमा समावेश गरिएका छन् । त्यसै गरी जोखिमयुक्त वस्तीहरुको अध्ययन गर्ने, सिँचाई सम्बन्धी योजना कार्यान्वयन तथा बस्ति बिकासको अवधारणा सहितका कार्यक्रमहरु यस परिच्छेदमा शमावेश गरिएको छ ।

**परिच्छेद-८** मा वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन शीर्षक अन्तरगत वन विकास तथा वातावरण संरक्षण, जैविक विविधता, पार्क तथा खुला क्षेत्र, सीमसार तथा जलाधार क्षेत्र, जलवायु परिवर्तन तथा अनुकूलन रणनीति, विपद् व्यवस्थापन सम्बन्धी विषयहरु राखिएका छन् । बिभिन्न प्रजातीका चराचुरुङ्गीहरुहरु समेत आउने यशोरा गाउँपालिका जैविक विविधताले भरिपूर्ण छ । वातावरण संरक्षण र प्रवर्द्धनका लागि वृक्षारोपण, पानीको व्यवस्थापनका लागि भरण पोखरीहरु निर्माण जस्ता कार्यक्रमहरु राखिएका छन् । त्यसैगरी विपद् व्यवस्थापन, जलवायु अनुकूलनका लागि जनचेतना अभिवृद्धि तथा जन परिचालनका कार्यक्रमहरु समावेश गरिएको छ ।

**परिच्छेद-९** मा संस्थागत विकास तथा सुशासन शीर्षक अन्तरगत संस्थागत सुशासन, सेवा प्रवाह तथा क्षमता विकास, वित्तीय सुशासन, न्याय प्रणाली, नविनतम प्रविधिको प्रयोग, शान्ति सुरक्षा, अनुगमन तथा मूल्यांकन, तथ्यांक प्रणाली र सामुदायिक-गैसस-साझेदारी सम्बन्धी विषयहरु समेटिएका छन् । गाउँपालिकाको कार्यालय तथा वडाहरुबाट सम्पादन हुने सेवा प्रवाहलाई चुस्त, दुरुस्त, छिटो छरितो बनाउन, जवाफदेहीता, पारदर्शीता र उत्तरदायित्व जस्ता सुशासनका पक्षहरुलाई आत्मसात गरी जनता प्रति जिम्मेवार बन्न विभिन्न नीतिगत/प्रक्रियागत विषयहरु सिफारिश गरिएको छ ।

त्यस्तै प्रभावकारी न्याय सम्पादन, नतीजामा आधारित अनुगमन तथा मूल्यांकन र नविनतम प्रविधिको प्रयोगका लागि क्षमता विकासका कार्यक्रम सिफारिश गरिएको छ । तथ्यांक प्रणालीलाई अद्यावधिक गरी सार्वजनिकीकरण गर्ने, विद्युतीय सुशासनलाई बढावा दिने, सामाजिक सद्भाव मार्फत समाजमा शान्ति सु-व्यवस्था कायम गर्ने, आर्थिक, सामाजिक विकासमा सामुदायिक संस्था तथा गैसस बीच साझेदारी गर्ने जस्ता विषयहरु यस परिच्छेदमा समावेश गरिएको छ ।

**परिच्छेद-१०** मा वित्तीय विश्लेषण शीर्षक अन्तरगत पालिकाको विगत तीन वर्षको बजेट विश्लेषण, आवधिक योजनाको बजेट अनुमान र श्रोत परिचालन जस्ता विषयहरु राखिएका छन् । जस अनुसार पालिकाको गत तीन आर्थिक वर्षको आम्दानी खर्च विश्लेषण गरिएको छ । जसमा आन्तरिक आयको अंश करिव १.३५% मात्र छ भने अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत प्राप्त हुने रकम नै आम्दानी एवं लगानीको मुख्य श्रोत रहने देखिएको छ । यही वास्तविकतालाई मध्य नजर गरी आगामी पाँच वर्षको लागि ३ अरव ३१ करोड ५३ लाख ०३ हजार आय प्रक्षेपण गरी चालु खर्च तर्फ १ अरव ७९ करोड ६९ लाख ३५ हजार चालु खर्च र १ अरव ५१ करोड ८३ लाख ६८ हजार पुँजीगत खर्च प्रस्ताव गरिएको छ । पूजिगत खर्चको क्षेत्रगत विकास अन्तरगत आर्थिक विकासमा १८ करोड २२ लाख ०४ हजार, सामाजिक बिकसमा २७ करोड ३३ लाख ०६ हजार, पूर्वाधार बिकासमा ८८ करोड ०६ लाख ५३ हजार, वन वातावरण र विपद् व्यवस्थापनमा ६ करोड सात लाख ३५ हजार, र संस्थागत विकास, सेवा प्रवाह र सुशासन तथा अन्तर सम्बन्धित विषयमा रु १२ करोड १४ लाख ६९ हजार लगानी प्रस्ताव गरिएको छ ।

श्रोत परिचालन तर्फ आन्तरिक श्रोत वृद्धिका उपायहरु सहित जनसहभागिता परिचालन, अन्तर स्थानीय तह साझेदारी, सार्वजनिक-निजी-सहकारी-साझेदारी, गैसस तथा सामुदायिक संस्थाहरु बीच साझेदारी, महत्वपूर्ण आयोजनाहरुमा केन्द्र सरकार तथा प्रदेश सरकारसँग अन्तर सम्बन्ध र सहकार्य जस्ता पक्षहरुमा ध्यान दिई श्रोत परिचालन गर्ने गरी कार्यक्रमहरु तय गरिएको छ । त्यस्तै सार्वजनिक खर्चमा वित्तीय अनुशासन र मितव्ययिता कायम गर्न सुझावहरु प्रस्तुत गरिएको छ

**परिच्छेद-११** मा कार्यान्वयन, अनुगमन तथा मूल्यांकन शीर्षक अन्तरगत कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्यांकन, वार्षिक समीक्षा, मध्यावधि मूल्यांकन र अन्तिम मूल्यांकन सम्बन्धी विषयहरु राखिएका छन् । कार्यान्वयन पक्षलाई प्रतिफलमुखी बनाउन कार्यान्वयन योजना समेत तयार गरिएको छ । आवधिक योजनाले अङ्गिकार गरेका लक्ष्य, उद्देश्य प्राप्ती र योजनाको समग्र परिणामलाई नतीजामुखी एवं उपलब्धीमूलक बनाउन र योजना प्रभावको तथ्यगत जानकारीका लागि मध्यावधि मूल्यांकन तथा अन्तिम मूल्यांकनको लागि आवश्यक सूचकहरु तयार गरिएको छ । साथै योजना दस्तावेजको अन्त्यमा समग्र निष्कर्ष सहित अनुसूचीहरु र सन्दर्भ सामाग्री समावेश गरिएको छ ।

# परिच्छेद-१

# परिचय

## १.१ पृष्ठभूमि

कपिलवस्तु जिल्लाका १० वटा स्थानीयतहहरु मध्ये प्राकृतिक सौज्दर्यताले भरिपूर्ण एवं खाद्यान्न भण्डारको रुपमा चिनिने पालिकाको रुपमा यशोधरा गाउँपालिकालाई लिन सकिन्छ। जैविक विविधता, प्राकृतिक सौन्दर्यता र साँस्कृतिक सम्पदाहरुको धनी यस पालिकाका जनताको सामाजिक न्याय र आर्थिक समृद्धिको लागि योजनाबद्ध विकास गर्ने मूलभूत उद्देश्यबाट यो आवधिक विकास योजना तर्जुमा गर्न लागिएको छ। कुनैपनि विकास योजना तर्जुमा गर्दा भरपर्दो तथ्यांकको आवश्यकता पर्दछ। त्यसका लागि गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा संस्थागत पक्षहरुको प्राथमिक तथ्यांकहरु अद्यावधिक गर्नु जरुरी हुन्छ। यस आवधिक योजनामा गाउँपालिकाका बिभिन्न शाखा तथा इकाईहरुबाट प्राप्त सूचना, राष्ट्रिय जनगणना-२०७८, शिक्षा तथा स्वास्थ्य सम्बन्धी सूचना प्रणाली र परामर्शदातृ संस्थाले न्क्ष्क्ष प्रविधि र प्रत्यक्ष अप्रत्यक्ष रुपमा विभिन्न श्रोत एवं जानकार व्यक्तिहरुबाट लिएका प्राथमिक तथा द्वितीय श्रोतका सूचनाहरुलाई यस परिच्छेदको विभिन्न खण्डका साथै अन्य परिच्छेदहरुमा आवश्यकतानुसार समावेश गरिएको छ।

## १.२ भौगोलिक, आर्थिक र सामाजिक स्थिति

### १.२.१ भूगोल

नेपालको लुम्बिनी प्रदेशमा पर्ने कपिलबस्तु जिल्ला पूर्वमा रुपन्देही पश्चिममा दाङ्ग र उत्तरमा अर्घाखाँची दक्षिणमा मित्र राष्ट्र भारत विचमा अवस्थित तराईको समथर भू भाग हो। स्थानीय तह निर्धारण तथा सिफारिस अयोगको २०७३ सालको सिफारिसका आधारमा नेपाल सरकारले मुलुक भरी ७५३ तह घोषण गर्दा यशोधरा गाउँपालिकालाई आयोगको सिफारिसमा नेपाल सरकारले साविकका ८ वटा गाबिसहरु तितिर्खी, गौरी, बसंन्तपुर, परसोहिया, बैदौली, रंगपुर, सोमडिह र सिहोखोरलाई.गाभेर ८ वटा वडामा विभाजन गरी घोषणा गरेको थियो।

कपिलबस्तु जिल्लामा रहेका १० वटा स्थानीय तहहरु मध्ये यशोधरा गाउँपालिका जिल्लाको मध्य तथा दक्षिणी भूभागमा अवस्थित गाउँपालिका हो। यस गाउँपालिकाको पूर्वमा मायादेवी गाउँपालिका, उत्तरमा कपिलवस्तु नगरपालिका, पश्चिममा महराजगञ्ज नगरपालिका र दक्षिणमा मित्र राष्ट्र भारतको उत्तर पादेश राज्य पर्दछ। यस गाउँपालिकाको सबै भूभाग तराईको समथर क्षेत्र भित्र पर्दछ। यो गाउंपालिकाको कुल क्षेत्रफल ६७.७५ वर्ग कि.मि रहेको छ। यशोरा गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको र गाउँपालिका केन्द्र बैदौलीमा राखी स्वही स्थानबाट कार्य सञ्चालन भइरहेको छ।

### हावपानी तथा जलवायु


कपिलबस्तु जिल्लाको मध्य दक्षिणी भू:भागमा अवस्थित यशोधरा गाउँपालिका समुन्द्री सतहवाट ९३ मिटर उचाई माथी तराईको समथर भागमा अवस्थित यशोधरा गार्यपालिकाको हावापानी Subtropical उष्ण मनसुनी प्रकारको रहेको छ। हिउँदको एक दुई महिना जाडो र गर्मी महिनामा गर्मी हुनु यहाँको विशेषता हो। सबैभन्दा जाडो पौष, माघ महिनामा हुन्छ भने सबैभन्दा गर्मी जेष्ठ देखि भाद्र महिनामा हुन्छ। जल तथा मौसम विज्ञान विभागको प्रारम्भिक वर्षा सारांश अनुसार, जुन ३०, २०२२ मा यघोधरा गाउँपालिकामा रेकर्ड गरिएको २४ घण्टाको सबैभन्दा बढी २०२.० मिमी पानी परेको थियो। यहाँको अधिकतम तापकम ४५ डिग्री सेल्सियस सम्म पुग्ने गरेको छ।

### मुख्य वस्तीहरु

यस गाउँपालिकाका वडामा रहेका मुख्य वस्तीहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १.१ मुख्य वस्तीहरुको विवरण**

| वडा नं. | मुख्य वस्तीहरुको विवरण |
|---|---|
| १ | तितिर्खा, तितिर्खी, ठूलो पकडी, सानो पकडी, रजवापुर, दरखसवा |
| २ | पूर्व भडेहर, बिचली भडेहर, पश्चिम भडेहर, सोनवर्षी, भवपुर, गणेशपुर |
| ३ | हरदेवा, पश्चिम बसन्तपुर, पूर्व बसन्तपुर, लेहरौली, भहडिलवा |
| ४ | परसोहिया, हथिहवा, सेमरी, अमलोनहा, पोखरभिटवा |
| ५ | बैदौली, सुढौली, रमनगरा, बुणपार, मुडिला, लोहरौली, भगवानपुर, नदवा |
| ६ | रंगपुर, भैसहिया, कडजहवा, रतनपुर, पूर्निहवा, रमवापुर पश्चिम, रमवापुर पूर्व |
| ७ | मर्यादपुर, सोमडिह, कोपवा, इटवा, सेमरी, सल्तनवापुर, बेल्सापुर |
| ८ | सिहोखोर, बासखोर, मटेरीया, मधुनगरा, खोरीया |




**स्रोत : यशोधरा गाउँपालिकाको कार्यालय**

**चित्र नं. १.१ : गाउँपालिकाको प्रशासनिक बिभाजन**

### १.२.२ जनसंख्या

यशोधरा गाउँपालिकाको कूल जनसङ्ख्या वि.सं.२०७८ सालको जनगणना अनुसार ४४९०० रहेको छ, जसमा महिला २३०९० जना (५१.४३%) र पुरूष २१८१० जना (४८.५७%) रहेका छन् । लैङ्गिक अनुपात ९४.४६ रहेको छ । त्यसैगरी जनघनत्व ६६२.७३ प्रति वर्ग कि.मि र परिवारको औषत आकार ६.४१ व्यक्ति प्रति परिवार रहेको देखिन्छ । राष्ट्रिय जनगणना-२०६८ तथा २०७८ लाई तुलना गर्दा गाउँपालिकाको जनसंख्यामा ५९४८ जनाले बृद्धि भएको देखिन्छ । बाल मृत्यु दरमा आएको कमी तथा बसाइसराई गरी आउने बढ्दो क्रमका कारण जनसंख्या बृद्धि हुन गएको आंकलन गर्न सकिन्छ । वडागत घरधुरी तथा जनसंख्याको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका न १.२ वडागत घरधुरी तथा जनसङ्ख्या विवरण**

| वडा नं. | राष्ट्रिय जनगणना २०६८ | | | | राष्ट्रिय जनगणना २०७८ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा घरधुरी | जनसंख्या | | | जम्मा घरधुरी | जनसंख्या | | | सरदर प्रति घर जनसंख्या | लैङ्गक अनुपात |
| | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला | | |
| १ | ६५४ | ४७०४ | २४२५ | २२७९ | ८६७ | ५५३५ | २६९७ | २८३८ | ६.३८ | ९५.०३ |
| २ | ६०० | ४३३९ | २११० | २२२९ | ७९८ | ५१२३ | २४६४ | २६५९ | ६.४२ | ९२.६७ |
| ३ | ४५८ | ३२४८ | १६३९ | १६०९ | ५६३ | ३९५५ | १९८४ | १९७१ | ७.०२ | १००.६६ |
| ४ | ५५७ | ४३४२ | २१७२ | २१७० | ७८१ | ४८५५ | २३१४ | २५४१ | ६.२२ | ९१.०७ |
| ५ | ७५३ | ५५३३ | २७९० | २७४३ | १००८ | ६५४४ | ३१०२ | ३४४२ | ६.४९ | ९०.१२ |
| ६ | ७३५ | ५०८८ | २५९४ | २४९४ | ९४० | ५९४३ | २९३४ | ३००९ | ६.३२ | ९७.५१ |
| ७ | ८५२ | ६०१७ | ३११० | २९०७ | १०४१ | ६६६२ | ३२७० | ३३९२ | ६.४० | ९६.४० |
| ८ | ८०४ | ५६८१ | २८५४ | २८२७ | १००१ | ६२८३ | ३०४५ | ३२३८ | ६.२८ | ९४.०४ |
| **जम्मा** | **५४१३** | **३८९५२** | **१९६९४** | **१९२५८** | **६९९९** | **४४९००** | **२१८१०** | **२३०९०** | **६.४२** | **९४.४६** |

**स्रोत : राष्ट्रिय जनगणना २०६८, २०७८**

### उमेरगत जनसंख्या

उमेरगत जनसङ्ख्याको विश्लेषण गर्दा सवैभन्दा धेरै संख्या ०५ देखि ०९ वर्ष उमेर समूहको (१२.९४%) रहेको छ । यसैगरी सवैभन्दा कम संख्यामा ९५ देखि माथिको उमेर समूह रहेको छ । ५ वर्षभन्दा कम उमेर समूहका बालबालिकाको संख्या ५१५० (११.४७%) रहेको छ । १५ देखि ५९ वर्ष उमेर सम्मको आर्थिक रुपमा सक्रीय जनसंख्या २४२६० (५४.०३%) रहेको छ । जनसङ्ख्याको विवरण तलको तालिकामा दिइएको छ :

**तालिका नं. १.३ उमेरगत जनसङ्ख्या**

| उमेर समुह | जम्मा | पूरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| ०-०४ | **५१५०** | **२६०८** | **२५४२** | **११.४७** |
| ०५-०९ | ५८०८ | २९८७ | २८२१ | १२.९४ |
| १०-१४ | ५५११ | २७६३ | २७४८ | १२.२७ |
| १५-१९ | ५०७३ | २४७६ | २५९७ | ११.३० |
| २०-२४ | ३७२७ | १७०९ | २०१८ | ८.३० |

| उमेर समुह | जम्मा | पूरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| २५-२९ | ३३९४ | १४८६ | १९०८ | ७.५६ |
| ३०-३४ | २८६३ | १२१३ | १६५० | ६.३८ |
| ३५-३९ | २७२७ | १२२७ | १५०० | ६.०७ |
| ४०-४४ | २१९९ | १०५३ | ११४६ | ४.९० |
| ४५-४९ | १५७९ | ७५५ | ८२४ | ३.५२ |
| ५०-५४ | १४४२ | ७११ | ७३१ | ३.२१ |
| ५५-५९ | १२५६ | ६५७ | ५९९ | २.८० |
| ६०-६४ | ११९० | ५९५ | ५९५ | २.६५ |
| ६५-६९ | ११३१ | ५८७ | ५४४ | २.५२ |
| ७०-७४ | १११९ | ५५४ | ५६५ | २.४९ |
| ७५-७९ | ४६७ | २८४ | १८३ | १.०४ |
| ८०-८४ | १४७ | ८३ | ६४ | ०.३३ |
| ८५ भन्दा माथि | ११७ | ६२ | ५५ | ०.६० |
| जम्मा | ४४९०० | २१८१० | २३०९० | १०० |

**स्रोत : राष्ट्रिय जनगणना, २०७८**

## व्यक्तिगत घटना (पञ्जिकरण) सम्बन्धी विवरण

जन्म, मृत्यु, विवाहदर्ता, बसाइसराई जस्ता तथ्यांकबाट जनसंख्याको विद्यमान संरचनालाई विश्लेषण गरी आगामी वर्षहरुको जनसंख्या स्थिति प्रक्षेपण गर्न र विकास निर्माणका क्रियाकलापलाई योजनाबद्ध रुपमा अगाडी बढाउन मद्दत पुग्दछ । त्यसैले पञ्जिकरण सम्बन्धी व्यवस्थालाई अद्यावधिक गरिएको हुन्छ । यस गाउँपालिकाको २०८१ को व्यक्तिगत घटनादर्ता ( पञ्जिकरण) विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका नं. १.४ : व्यक्तिगत घटना सम्बन्धी विवरण (२०८१ बैसाख १ देखि २०८१ चैत्र मसान्त सम्मको)**

| वडा नं. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | सम्बन्ध विच्छेद | विवाह दर्ता | बसाइसराई | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | आएको | | गएको | |
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | | दर्ता संख्या | सदस्य संख्या | दर्ता संख्या | सदस्य संख्या |
| १ | ७१ | ६५ | १३६ | १६ | २६ | ४२ | ० | ४८ | ० | ० | २ | १४ |
| २ | ७७ | ८१ | १५८ | १७ | २५ | ४२ | ० | ५७ | १ | ३ | २ | १८ |
| ३ | ६७ | ३१ | ९८ | २० | २३ | ४३ | ० | ३० | ३ | ९ | २ | ० |
| ४ | ७९ | ९२ | १७१ | १५ | २१ | ३६ | ० | ३८ | ० | ० | ० | ० |
| ५ | १०५ | १०१ | २०६ | २५ | २६ | ५१ | ० | ६८ | १ | ५ | २ | ४ |
| ६ | ६३ | ७० | १३३ | २० | १३ | ३३ | १ | ५१ | ० | ० | ४ | ९ |
| ७ | १०९ | ९४ | २०३ | ३१ | ३२ | ६३ | ० | ६८ | १ | ८ | ० | ० |
| ८ | ९४ | १०० | १९४ | २८ | २४ | ५२ | १ | ३४ | १ | ७ | १ | १ |
| **जम्मा** | ६६५ | ६३४ | १२९९ | १७२ | १९० | ३६२ | २ | ४३४ | ७ | ३२ | १३ | ५५ |

**श्रोत : यशोधरा गाउँपालिका पञ्जिकरण शाखा-२०८२**

**घरको स्वामित्व**

यस पालिकामा ६९४३ (९९.२०%) परिवार आफ्नै स्वामित्वको घरमा बस्ने गरेको देखिएको छ। घरको स्वामित्व सम्वन्धी विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं.१.५ : घरको स्वामित्व अनुसार परिवार संख्या**

| वडा नं | जम्मा | घरमा स्वामित्वको प्रकार | | | |
|---|---|---|---|---|---|
| | | आफ्नै | भाडामा | संस्थागत | अन्य |
| १ | ८६७ | ८५५ | ३ | १ | ८ |
| २ | ७९८ | ७९६ | ० | २ | ० |
| ३ | ५६३ | ५६० | २ | ० | १ |
| ४ | ७८१ | ७८० | १ | ० | ० |
| ५ | १००८ | ९९७ | ७ | १ | ३ |
| ६ | ९४० | ९३७ | २ | ० | १ |
| ७ | १०४१ | १०१७ | २४ | ० | ० |
| ८ | १००१ | १००१ | ० | ० | ० |
| **पालिकाको जम्मा** | **६९९९** | **६९४३** | **३९** | **४** | **१३** |
| **प्रतिशतमा** | **१००.००** | **९९.२०** | **०.५६** | **०.०६** | **०.१९** |

*श्रोत : राष्ट्रिय जनगणना-२०७८*

**परिवारमा उपलब्ध साधन तथा सुविधाको विवरण**

राष्ट्रिय जनगणना २०७८ अनुसार यस यशोरा पालिकामा कुनै पनि साधन तथा सुविधा उपयोग गर्न नसक्ने परिवारको संख्या ३४४ (४.९१%) रहेको छ। यद्यपी गाउँपालिकाका सबै वडाहरुमा भएको छलफलहरुमा साधारण मोवाइल फोन सम्म सबै घर परिवारले प्रयोग गर्ने गरेको पाईयो। हाल घरधुरी तहको तथ्याङ्क संकलन नगरिएको हुँदा राष्ट्रिय जनगणना २०७८ लाई आधार मानी विभिन्न **साधन तथा सुविधा** उपयोग गर्ने परिवारको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं.१.६ : परिवारमा उपलब्ध साधन तथा सुविधा अनुसार परिवार संख्या**

| सेवा सुविधाका प्रकार | उपयोग गर्ने परिवार संख्या | प्रतिशत |
|---|---|---|
| कुनै पनि साधन सुविधा नभएको परिवार | ३४४ | ४.९१ |
| कमसेकम एक सुविधा भएको परिवार | ६६५५ | ९५.०९ |
| रेडियो | ५६१ | ८.०२ |
| टि.भी. | १४६२ | २०.८९ |
| ल्याण्डलाइन टेलिफोन | २७ | ०.३९ |
| मोबाइल फोन (साधारण) | ५४०४ | ७७.२१ |
| मोबाइल फोन (स्मार्ट) | ४५३७ | ६४.८२ |

| सेवा सुविधाका प्रकार | उपयोग गर्ने परिवार संख्या | प्रतिशत |
|---|---|---|
| कम्प्युटर/ल्यापटप | २७३ | ३.९० |
| इन्टरनेट | ९५६ | १३.६६ |
| कार/जीप/भ्यान | ८९ | १.२७ |
| मोटरसाइकल/स्कूटर | २७६५ | ३९.५१ |
| साइकल | ५९१८ | ८४.५५ |
| इलेक्ट्रिक फ्यान | ५४७१ | ७८.१७ |
| रेफ्रिजरेटर | ७३१ | १०.४४ |
| वासिङ्ग मेसिन | १७३ | २.४७ |
| एयर कन्डिसन | ४१ | ०.५९ |

*श्रोत : राष्ट्रिय जनगणना-२०७८*

**घर जग्गामा महिलाको स्वामित्व**

यस पालिकामा ४९७२ (करिव ७१.०४%) परिवारका महिलामा घर तथा जमिनको स्वामित्व रहेको देखिदैन । घर जग्गामा महिलाको स्वामित्व सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. १.७ : घर जग्गामा महिलाको स्वामित्व अनुसार परिवार संख्या**

| घर जग्गामा महिलाको स्वामित्व स्थिति | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| घरमा मात्र स्वामित्व | १७४ | २.४९ |
| जमिनमा मात्र स्वामित्व | ९०५ | १२.९३ |
| घर तथा जमिन दुवैमा स्वामित्व | ६०९ | ९.८९ |
| दुवैमा स्वामित्व नभएको | ४९७२ | ७१.०४ |
| उल्लेख गर्न नचाहेको | २५६ | ३.६६ |
| **जम्मा** | **६९९९** | **१००** |

*श्रोत : राष्ट्रिय जनगणना-२०७८*

**अनुपस्थित जनसंख्या**

यस पालिकामा कमसेकम एक जना बाह्य मुलुकमा जाने परिवारको संख्या २१८८ रहेको छ। अन्य अनुपस्थित जनसंख्याको विवरण देहायको तालिकामा दिइएको छ।

**तालिका नं.१.८ : कमसेकम एक जना बाह्य मुलुकमा जाने परिवार संख्या र अनुपस्थित जनसंख्या**

| कमसेकम एक जना बाह्य मुलुकमा जाने परिवार संख्या | अनुपस्थित जनसंख्या | | |
|---|---|---|---|
| | जम्मा | पुरुष | महिला |
| २१८८ | ३३७५ | ३०७३ | ३०२ |

*श्रोत : राष्ट्रिय जनगणना-२०७८*

**देशगत आधारमा अनुपस्थित जनसंख्या**

राष्ट्रिय जनगणना-२०७८ अनुसार यशोधरा गाउँपालिकाबाट देशगत आधारमा बाहिर रहेको जनसंख्या मध्ये भारतमा जानेहरुको संख्या अन्य देशको तुलनामा बढी छ । देशगत आधारमा बाहिर रहेको जनसंख्याको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं १.९ : देशगत आधारमा अनुपस्थित जनसंख्या**

| देशगत विवरण | अनुपस्थित जनसंख्या | प्रतिशत |
|---|---|---|
| भारत | २१११ | ६२.५५ |
| सार्क | २ | ०.०६ |
| एशियन | १७७ | ५.२४ |
| मध्य पूर्व | १०५४ | ३१.२३ |
| अन्य एशियन | ९ | ०.२७ |
| युरोपियन देश | १ | ०.०३ |
| उत्तर अमेरिका | ४ | ०.१२ |
| दक्षिण अमेरिका | १ | ०.०३ |
| प्यासेफिक | २ | ०.०६ |
| अन्य मुलुक | १ | ०.०३ |
| नखुलेको | १३ | ०.३९ |
| **जम्मा अनुपस्थित** | **३३७५** | **१००.००** |

*श्रोत : राष्ट्रिय जनगणना-२०७८*

### १.२.३ भूमिको उपयोग

यशाधेरा गाउँपालिकाको भू-भाग तराइको समथरमा पर्ने र बिगतमा यस गाउँपालिकाको ९६.५७% भू-भाग कृषि योग्य भूमि र ३.४२% भू-भाग पोखरी, नदी, खोला क्षेत्र, आवादी क्षेत्र, घासे मैदान क्षेत्र क्षेत्रहरुले ओगटेकोमा यस गाउँपालिकाबाट २०८२ मा तयार पारिएको भू-उपयोग योजनामा गरिएको बर्गिकरण अनुसार आगामी दिनमा तपसिल बमोजिम हुनेगरी जग्गाको बर्गिकरण गरिएको छ । भू-उपयोग सम्बन्धी विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.१.१० भूमिको उपयोग सम्बन्धी विवरण**

| भू-उपयोग क्षेत्र | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत | कैफियत |
|---|---|---|---|
| कृषि | ६२.६५ | ९२.७४ | |
| आवासीय | १.९४ | २.८८ | |
| नदी, खोला, ताल,सिमसार | १.९८ | २.९३ | |
| सार्वजनिक उपयोग | ०.८० | १.१८ | |
| सांस्कृतिक तथा पुरातात्विक महत्व | ०.०५ | ०.०७ | |
| व्यावसायिक | ०.०५ | ०.०७ | |
| औद्योगिक | **०.०८** | **०.१२** | |
| **जम्मा** | **६७.५६** | **१००** | |

**यशोधरा गाउँपालिकाको भू-उपयोग योजना, २०८२**

### १.२.४ आर्थिक क्षेत्रको स्थिति

**कृषि**

यस गाउँपालिकामा मुख्य रुपमा धान, मकै, गहुँ, दलहन तथा तेलहनका वस्तुहरु, आलु तथा मौसम अनुसारका तरकारीजन्य वस्तुहरु उत्पादन भइरहेको अवस्था छ । पालिकाका विभिन्न वडाहरुमा वाखापालन, र कुखुरापालन सम्वन्धी व्यवसायहरु संचालनमा आएका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यशोधरा गा.पा.को ठूलो जनसंख्या अर्थात ७५ प्रतिशत कृषि पेशामा लागेको देखिन्छ । यस जनगणना अनुसार गा.पा.को कृषि सम्वन्धी वार्षिक कृषि उत्पदकत्व मे.प्रति हे. ३.५ रहेको छ भने कूल खाद्यान्न उत्पादन २२०८८.५ मे.ट. रहेको छ । कृषि भूमिमा सिंचाईको अवस्था विस्लेषण गर्दा ३० प्रतिशत भु भागमा सिंचाई उपलब्धता देखिन्छ । फलफूल वालीको क्षेत्रफल ६५ हे., नगदेवालीको क्षेत्रफल २५० हे., तरकारीको व्यवसायिक उत्पादन क्षेत्र १५० हे., कृषि सहकारी संस्था २५ वटा, कृषि संकलन केन्द्र १ वटा, कृषि टनेल संख्या ३ वटा, व्यवसायिक कृषि फार्म ५० वटा रहेका छन् । गा.पा. मा कृषिको लागि आवश्यक शित भण्डारको स्थापना भएको छैन ।
राष्ट्रिय जनगणना-२०७८ अनुसार यशोधरा गाउँपालिकामा कृषिलाई मुल आर्थिक उपार्जनको आधार मानिएको छ । तलको तालिका अनुसार वडगत रुपमा आर्थिक कियाकलापमा संलग्न जनसंख्या विस्लेषण गर्दा वडा नं ८ को ठूलो जनसंख्या कृषि पेशामा लागेको देखिन्छ भने त्यसपछि वडा नं ८, वडा नं ५, वडा नं ६, वडा नं २ र अन्य वडाहरु रहेको देखिन्छ । वडा नं ३, वडा नं १, वडा नं ७ मा कृषि वाहेक अन्य व्यवसायमा लागेको जनसंख्या देखिन्छ । तर सबै वडाहरुमा ६५ प्रतिशत भन्दा धेरै जनसंख्या कृषि पेशमा नै निर्भर रहेको देखिन्छ ।

**तालिका १.११ रोजगारको अवस्था विस्लेषण (Economic Status by Agriculture and Non- agriculture )**

| वडा | कृषि प्रतिशतमा | अन्य पेशा प्रतिशतमा |
|---|---|---|
| १ | ७०.३ | २९.६ |
| २ | ७४.२ | २५.७ |
| ३ | ६६.७ | ३३.३ |
| ४ | ६८0 | ३२.० |
| ५ | ७८.२ | २१.१ |
| ६ | ७४.६ | २५.४ |
| ७ | ७३.३ | २६.६ |
| ८ | ८५.९ | १४.१ |

*श्रोत : राष्ट्रिय जनगणना-२०७८*

**पशुपालन**

यशोधरा गाउँपालिकामा परम्परागत पशुपालन व्यवसायलाई आधुनिकीकरण तथा व्यवसायीकरण गरी उत्पादनमा बृद्धि गर्न उन्नत जातका पशुपालन, पशुको नश्ल सुधारका लागि राँगा, बोका वितरण, आधुनिक गोठ तथा खोर सुधार, पशु औषधी उपचारको व्यवस्था, डाले घाँस तथा अन्य पोषिला घाँसहरुको व्यवस्थापन तथा बिरुवा बितरण, पशु स्वास्थ्य शिविर सञ्चालन, उत्पादनका आधारमा अनुदान वितरण जस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरु सालवसाली रुपमा सञ्चालन गरिएका छन् । यहांका कुखुरा, खसि वाखाहरु धेरैजसो आन्तरिक रुपमा नै खपत हुने तथा केहि मात्रामा नजिकका वजारहरु जस्तो तौलिहवा, भैरहवा र वुटवल बजार सम्म विकी वितरण गर्ने गरिन्छ ।

यस गाउँपालिकामा व्यवसायिक कृषि तथा पशुपालन फर्मको संख्या ७२ रहेको छ।  दुधको वार्षिक उत्पादन ९६५००० लिटर रहेको छ। यसैगरि मासुको वार्षिक उत्पादन २०७ मे.ट. रहको देखिन्छ। अण्डाको वार्षिक उत्पादन ३२५०७ गोटा रहेको छ जुन अत्यान्त कम अर्थात १.५ प्रतिशत वजार माग पुर्ति गरेका देखिन्छ।

**पर्यटन विकास**

पर्यटकीय महत्वको दृष्टिले हेर्दा यहाँ विभिन्न प्राकृतिक, ऐतिहासिक, धार्मिक/साँस्कृतिक महत्वका विभिन्न स्थल तथा धरोहरहरुका साथै जैविक विविधता विद्यमान छन्। यहांका मुख्य, ऐतिहासिक, धार्मिक/साँस्कृतिक स्थलहरुमा वडा नं ३ मा अवस्थित हरदेवा कोट, वडा नं ८ मा अवस्थित वासरवोर कोट र वाररवोर समरमाई कोट, र वडा नं ६ मा अवस्थित कडजहवा कोट रहेका छन्। यि कोटहरुमा गौतमवुद्ध आएर विश्राम गरेको किम्वदन्ती छ। लुम्विनी र तिलौराकोट आउने धर्मिक पर्यटकहरुलाई यि क्षेत्रहरुमा भ्रमण गराएर स्थानीय पर्यटन र आर्थिक गतिविधिहरुलाई वढाउन सक्ने संभावना रहको छ। यसैगरी मुस्लिम धर्म संग सम्वन्धीत मस्जिद र अन्य धर्मिक महत्वका स्थलहरु पनि विभिन्न वडाहरुमा रहेका छन्। यस्ता स्थलहरुलाई प्रवर्द्धन गरी पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने अवस्था छ । यसैगरी यस पालिकामा जातीय पहिचाहन झल्किने सस्कृतिको संरक्षण गर्न सकेमा यसले पर्यटकको आकर्षणमा थप टेवा पुग्ने छ।

**रोजगारीको अवस्था**

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार आर्थिक गतिविधिमा संलग्न १० वर्षमाथिको जनसंख्या विश्लेषण गर्दा ३ महिना मात्र काम गर्ने जनसंख्या १८.६ प्रतिशत, ३ महिना देखि ६ महिना सम्म काम गर्ने जनसंख्या ५१ प्रतिशत र काम नगर्ने जनसंख्या १३.१ प्रतिशत रहेको देखिन्छ।

सन २०१८ को आर्थिक जनगणना अनुसार यस गा.पा.मा ४९२ संख्यामा विभिन्न किसिमका व्यापार व्यवसाय, उद्योग धन्दा तथा जन्य आर्थिक गतिविधिहरु सञ्चालनमा रहेकोमा १०४० जना व्यक्तिहरुले रोजगारी प्राप्त गरेको देखिन्छ। रोजगारी प्राप्त गर्ने अधिकांश अर्थात ८५४ जना पुरुष र १४६ जना महिला रहेको देखिन्छ। यो संख्या हालको दिनमा हेरफेर भएको हुन सक्दछ। यशोधर गा.पा.मा प्रधानमन्त्री रोजगार कार्यक्रमवाट वेरोजार व्यक्तिहरुको लगत संकलन र अध्यावधिक गर्ने कार्य भई रहेको छ। गत आ.व.मा यो कार्यक्रमवाट ७२ जना वेरोजगार व्यक्तिहरु लाभान्वित भएका थिए।

राष्ट्रिय जनगणना-२०७८ अनुसार यशोधरा गाउँपालिकामा कृषिलाई मुल आर्थिक उपार्जनको आधार मानिएको छ। वडा नं ८ को ठूलो जनसंख्या कृषि पेशामा लागेको देखिन्छ भने त्यसपछि वडा नं ८, वडा नं ५, वडा नं ६, वडा नं २ र अन्य वडाहरु रहेको देखिन्छ। वडा नं ३, वडा नं १, वडा नं ७ मा कृषि वाहेक अन्य व्यवसायमा लागेको जनसंख्या देखिन्छ। तर सवै वडाहरुमा ६५ प्रतिशत भन्दा धेरै जनसंख्या कृषि पेशमा नै निर्भर रहेको देखिन्छ।

**सहकारी सम्वन्धी बिबरण**

सहकारीहरुले गरिबी न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्। लैङ्गिक तथा समतामूलक समाज निर्माण गर्न, वेरोजगारी समस्या न्यूनीकरण गर्न, कृषि, पशु तथा व्यापारका लागि पुँजी लगानी गरी जनताको आयस्तर वृद्धि गर्न यस क्षेत्रको अहम भूमिका हुन्छ। सहकारी क्षेत्रको वित्तीय दायित्व मात्र नभएर सामाजिक दायित्व समेत हुने भएकोले दीगो विकास लक्ष्य (२०१५-२०३०) ले पनि यस क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताएको छ। राज्यको श्रोत र साधनको पहूँच नपुगी पिछडिएको समाज र समुदायको सामाजिक, साँस्कृतिक र आर्थिक उन्नयनका लागि सहकारी क्षेत्र अझ महत्वपूर्ण

साधन बन्न सक्छ । नेपालको संविधान २०७२ बमोजिम अर्थतन्त्रका तीन खम्बा मध्ये सहकारी क्षेत्र एक खम्बा हो । यस यशोधरा गाउँपालिकामा वहुउद्धेश्यीय सहकारी संस्थाको संख्या ३, महिला सहकारी संस्था लिमिटेड संख्या ५, र वचत तथा ऋण सहकारी संस्थाको संख्या ३ गरी जम्मा ११ वटा सहकारी संस्थाहरु दर्ता भई संचालनमा आएका छन् ।

**उद्योग तथा व्यापार**

२०७८ को जनगणना अनुसार कूल जनसंख्याको ११.१ प्रतिशत जनसंख्या उद्योग तथा व्यापारिक क्षेत्रमा लागेको देखिन्छ भने ठूलो जनसंख्या अथौत ७५ प्रतिशत कृषि पेशामा, ५ प्रतिशत निर्माण क्षेत्रमा, सेवा क्षेत्रमा ४ प्रतिशत, उद्योग क्षेत्रमा १.१ प्रतिशत लागेको र अन्य क्षेत्रहरुमा वांकी प्रतिशत देखिन्छ । उद्योगहरुमा काठ मिल, कुटानी मिल लगायत साना प्रकृतिका नगन्य मात्रामा उद्योगहर रहेको अवस्था छ । सन २०१८ को आर्थिक जनगणना अनुसार यस गा.पा.मा ४९२ विभिन्न किसिमका व्यापार व्यवसाय, उद्योग धन्दा तथा जन्य आर्थिक गतिविधिहरु सञ्चालनमा आएको देखित्छ जुन संख्या हाल आएर केहि हेरफेर भएको हुन सक्दछ ।

**वन पैदावार तथा खनिज सम्पदा**

गाउँपालिका क्षेत्रमा बन क्षेत्र नभएता पनि छिमेकि स्थानिय तहमा रहेको तिलौराकोट सामुदायिक बनबाट काठ दाउराको आपूर्ति भैरहेको अवस्था छ । हालसम्म खानी तथा खनिज पदार्थहरुको अन्वेशण भएको छैन । खोलाले थुपारेका ढुङ्गा, ग्राभेलको सामान्य उत्खनन् गर्ने बाहेक अन्य खानी तथा खनिज पदार्थको उत्खनन् क्षेत्र नभएको अवस्थाहो । अन्य विभिन्न प्राकृतिक स्रोतको अध्ययन गर्ने कार्य हुन बाँकी रहेको छ ।

**१.२.५ सामाजिक क्षेत्रको स्थिति**

**शिक्षा**

नेपालको संविधान २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्वीकार गरेको छ । त्यसैगरी आधारभूत तहसम्मको शिक्षामा पहूँच तथा आधारभूत तहलाई अनिवार्य र निशुल्क शिक्षा, माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउने हक सुनिश्चित गरिएको छ। नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहलाई र उच्च तथा प्राविधिक शिक्षाको व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई दिएको छ। यशोधरा गाउँपालिका शिक्षा शाखाका अनुसार हाल सञ्चालनमा रहेका विद्यालयहरुको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. १.१२ : विद्यालय सम्वन्धी विवरण**

| विवरण | सामुदायिक | धार्मिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| बाल बिकास केन्द्रहरु (शिशु कक्षा) | २९ | ५ | १० | ४४ |
| आधारभूत तह (कक्षा १ मात्र) | ० | १ | २ | ३ |
| आधारभूत तह (कक्षा १ र २ ) | ० | १ | ० | १ |
| आधारभूत तह (कक्षा १ देखि ३) | १ | ३ | ० | ४ |
| आधारभूत तह (कक्षा १ देखि ४) | ३ | १ | ० | ४ |
| आधारभूत तह (कक्षा १ देखि ५) | १० | ७ | १ | १८ |
| आधारभूत तह (कक्षा १ देखि ६) | २ | ० | ३ | ५ |
| आधारभूत तह (कक्षा १ देखि ७) | २ | ० | ४ | ६ |
| आधारभूत तह (कक्षा १ देखि ८) | ३ | ० | ० | ३ |

| विवरण | सामुदायिक | धार्मिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १ देखि ९) | १ | ० | ० | १ |
| माध्यमिक तह (कक्षा १ देखि १०) | ३ | ० | १ | ४ |
| **माध्यमिक तह (कक्षा १ देखि १२)** | **२** | **०** | **०** | **२** |

**तालिका नं. १.१३ विद्यालयहरुको वडागत विवरण**

| विवरण | वडाहरु | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| सामुदायिक बिद्यालय | ३ | ३ | २ | २ | ४ | ४ | ५ | ४ | २७ |
| धार्मिक बिद्यालय | ३ | ३ | १ | २ | २ | १ | १ | ० | १३ |
| संस्थागत बिद्यालय | २ | ० | ० | २ | ३ | १ | २ | १ | ११ |
| जम्मा | ८ | ६ | ३ | ६ | ९ | ६ | ८ | ५ | ५१ |

*श्रोत : शिक्षा शाखा, यशोधरा गाउँपालिका-२०८१*

**गाउँपालिकामा साक्षरताको अवस्था**

राष्ट्रिय जनगणना-२०७८ अनुसार यस गाउँपालिकाको कूल साक्षरता दर ६९.४०% रहेको छ। जस मध्ये पुरुष साक्षरता ७८.१०% र महिला साक्षरता ६१.१९% रहेको देखिन्छ। पालिकामा रहेको सम्पूर्ण जनसंख्या मध्ये ५ वर्ष उमेर र सो भन्दा माथिको शैक्षिक अवस्था तलको तालिकामा दिइएको छ।

**तालिका नं.१.१४  ५ वर्ष उमेर र सो भन्दा माथिको शैक्षिक अवस्था**

| बिवरण | ५ वर्ष र सो भन्दा माथिको जम्मा जनसंख्या | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न लेख्न नसक्ने | नखुलाएको | साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|---|
| जम्मा | ३९७५० | २७५७१ | १६८ | ११९६१ | ५० | ६९.४० |
| पूरुष | १९२०२ | १४९९७ | ७० | ४११२ | २३ | ७८.१० |
| महिला | २०५४८ | १२५७४ | ९८ | ७८४९ | २७ | ६१.१९ |

*श्रोत : राष्ट्रिय जनगणना-२०७८*

**बिद्यालयमा कक्षागत रुपमा बिद्यार्थीको बिवरण**

यशोधरा गाउँपालिकाको शिक्षा शाखाको शैक्षिक सत्र २०८१ को तथ्यांक अनुसार गाउँपालिका भित्रका सबै प्रकारका बिद्यालयहरुमा अध्ययनरत छात्रा तथा छात्रहरुको बिवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.१.१५ : कक्षागत विद्यार्थी विवरण**

| छात्रा | कक्षागत बिवरण | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | बा.बि | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| छात्रा | १०५९ | ९२७ | ६३८ | ६७३ | ६०२ | ५८४ | ३८९ | ३४० | २३७ | २१७ | २०१ | १११ | ७४ | ६०५२ |
| छात्र | १३७६ | १०१२ | ६६० | ६५८ | ६१४ | ५२७ | ४१२ | २९१ | १९४ | २४७ | १६६ | १०२ | ३७ | ६२९६ |
| **जम्मा** | **२४३५** | **१९३८** | **१२९८** | **१३३१** | **१२१६** | **११११** | **८०१** | **६३१** | **४१३** | **४६४** | **३६७** | **२१३** | **१११** | १२३४८ |

*श्रोत : शिक्षा शाखा, यशोधरा गाँउपालिका, २०८१*

**बिद्यार्थी संख्या तथा विद्यालयमा उपलब्ध सेवाहरु**

गाउँपालिकाको शिक्षा शाखाको २०८१ को तथ्यांक अनुसार प्रारम्भिक बाल विकास देखि विद्यालय तहमा अध्ययन गर्ने जम्मा छात्र छात्राको संख्या १२३४८ रहेको छ । जस मध्ये छात्राको संख्या ६०५२ छ भने छात्रको संख्या ६२९६ रहेको छ । शिक्षक विद्यार्थी अनुपात तथा विद्यालयमा हाल प्राप्त सेवा सुविधाहरुको विवरण तलको तालिका दिइएको छ ।

**तालिका नं.१.१६ : शिक्षक बिद्यार्थी अनुपात तथा बिद्यालयहरुमा उपलब्ध सेवाहरु**

| क्र.स | बिबरण | इकाई | परिणाम |
|---|---|---|---|
| १ | शिक्षक बिद्यार्थी अनुपात आधारभूत तह | अनुपात | |
| २ | शिक्षक बिद्यार्थी अनुपात मा.वि.तह (९-१०) | अनुपात | १:४० |
| ३ | शिक्षक बिद्यार्थी अनुपात मा.वि.तह (११-१२) | अनुपात | |
| ४ | आधारभूत तहको खानेपानी भएका बिद्यालयहरु | प्रतिशत | १०० (हाते पम्प) |
| ५ | पक्की शौचालय भएका बिद्यालयहरु संख्या | प्रतिशत | १०० |
| ६ | विद्युत सेवा उपलब्ध भएका बिद्यालयहरु | प्रतिशत | १०० |
| ७ | बिद्यालय तहमा गठन भएका बाल क्लब | संख्या | ३६ |
| ८ | जनशक्ति सहितको प्राथमिक उपचार सेवा उपलब्ध बिद्यालयहरु | संख्या | ० |
| ९ | अपाङ्गमैत्री पूर्वाधारहरु निर्माण भएका बिद्यालयहरु | संख्या | २ (आंसिक) |
| १० | इन्टरनेट सेबा उपलब्ध बिद्यालयहरु | संख्या | २५ |
| ११ | बिज्ञान प्रयोगशाला भएका बिद्यालयहरु | संख्या | १ |
| १२ | खेल मैदान भएका बिद्यालयहरु | संख्या | २५ |
| १३ | कम्प्युटर प्रयोगशाला भएका बिद्यालयहरु | संख्या | २ |
| १४ | पुस्तकालय कक्षा व्यवस्था भएका बिद्यालयहरु | संख्या | २ |
| १५ | प्राविधिक धारको विद्यालय | संख्या | १ (बाली बिज्ञान) |

***श्रोतः शिक्षा शाखा, यशोधरा गाउँपालिका २०८१***

**विद्यालय नजाने बालबालिकाको विवरण:**

यशोधरा गाउँपालिका शिक्षा शाखाका अनुसार पाँच वर्ष देखि १५ वर्षसम्मका विद्यालय जाने उमेरका बालबालिकाहरु अहिले पनि बिद्यालयको पहुँच बाहिर रहेका छन् । यसरी बिद्यालयको पहुँच बाहिर रहेका बालवालिकाहरुको सङ्ख्या अहिले पनि करिव ५% रहेको छ । त्यस्तै राष्ट्रिय जनगणना-२०७८ अनुसार ५ देखि २५ बर्ष उमेरका बालबालिका तथा युबा युवतीहरुको संख्या १९५४६ रहेकोमा करिव ६५% बालबालिका तथा युबा युवतीले आफ्नो पढाईलाई निरन्तरता दिएको देखिन्छ । आगामी बर्षमा गाउँपालिकाले बिशेष कार्यक्रम सञ्चालन गरी कम्तिमा पनि ५ देखि १५ बर्ष उमेरका बिद्यालय बाहिर रहेका सबै बालवालिकालाई शिक्षाको मूलधारमा ल्याउनु आवश्यक छ ।

**स्वास्थ्य**

नेपालको संविधानले नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । स्वस्थ तथा उत्पादनशील मानव संसाधनको महत्वलाई दृष्टिगत गरी गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक

पहूँचको लागि तीनै तहका सरकारहरुले स्वास्थ्य क्षेत्रलाई आफ्नो दायित्वको रुपमा लिई यस क्षेत्रमा लगानी गर्न आवश्यक छ । यशोधरा गाउँपालिकामा विद्यमान स्वास्थ्य सेवाको बिभिन्न अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १.१७ : स्वास्थ्य संस्थाहरुको विवरण**

| क.सं | स्वास्थ्य संस्थाको विवरण | कैफियत |
|---|---|---|
| १ | आधारभूत अस्पताल (१५ शैया) वडा नं ५ को बैदौलीमा) | भवन निर्माणाधिन अवस्थामा रहेको । |
| २ | **स्वास्थ्य चौकीहरु**<br>१ तितिर्खी स्वास्थ्य चौकी, वडा नं १<br>२ गौरी स्वास्थ्य चौकी, वडा नं २<br>३ बसन्तपुर स्वास्थ्य चौकी, वडा नं ३<br>४ परसोहीया स्वास्थ्य चौकी, वडा नं ४<br>५ रङ्गपुर स्वास्थ्य चौकी, वडा नं ६<br>६ सोमडीह स्वास्थ्य चौकी, वडा नं ७<br>७ सिंहखोर स्वास्थ्य चौकी, वडा नं ८ | |
| ३ | सामुदायिक स्वास्थ्य केन्द्र- ० | |
| ४ | बर्थिङ सेन्टर संख्या - १ ( आधारभूत अस्पतालमा मात्र) | |
| ५ | गाउँघर क्लिनिक संख्या - ३२ (सबै वडाहरुमा) | |
| ६ | खोप केन्द्र संख्या - ४० (सबै वडाहरुमा) | |
| ७ | स्वास्थ्य प्रयोगशाला- ३ (२+१) | आधारभूत अस्पताल, तितिर्खी र गौरी |
| ८ | क्षय रोग उपचार केन्द्र संख्या - ८ (सबै वडाहरुमा) | |
| ९ | क्षयरोग परिक्षण केन्द्र- २ | आधारभूत अस्पताल, तितिर्खी |

*श्रोत: स्वास्थ्य शाखा, यशोधरा गाउँपालिका २०८१*

**तालिका नं. १.१८ : स्वास्थ्य सेवाका लागि जनशक्ति विवरण**

| क.सं. | पदको नाम | जनशक्ति विवरण | |
|---|---|---|---|
| | | स्वीकृत दरबन्दी | आपूर्ति अवस्था |
| १ | डाक्टर | ० | १ जना करारमा |
| २ | स्वास्थ्य अधिकृत/ सिनियर अहेव/अहेव/हे.अ | ३३ | २८ जना स्थायी पदपुर्ति भएको तथा ५ जना पदपूर्ति प्रकृयामा |
| ३ | सिनियर अ.न.मी/अ.न.मी | १७ | १६ जना स्थायी पदपुर्ति भएको र १ जना करारमा |

**तालिका नं. १.१९ : प्राथमिकता प्राप्त स्वास्थ्य सेवाहरुको केही सूचकहरुमा बिगत ३ बर्षहरुको तुलनात्मक अवस्था**

| सूचकहरु | आर्थिक बर्ष | | |
|---|---|---|---|
| | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| बि.सि.जी कभरेज प्रतिशत | ९२ | ८७ | ८६ |

| सूचकहरु | आर्थिक बर्ष | | |
|---|---|---|---|
| | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| डि.पि.टी , हेपटाईटिस बि (IIIrd ) प्रतिशत | १०१ | ९० | ८८ |
| रुवेला कभरेज (९-११ महिना) प्रतिशत | ९६ | ९० | ९५ |
| जन्मदा २ ५.कि.जि भन्दा कम तौल भएका बालबाकिकाको प्रतिशत | ९.१ | १६ | ५ |
| १८० दिन आइरन चक्की प्रयोग गर्ने गर्भवती महिलाको प्रतिशत | ६४ | ७३ | ६३ |
| भिटामिन ए प्रयोग गर्ने महिलाहरुको प्रतिशत | ७२ | ४७ | ३३ |
| पहिलो पटक स्वास्थ्य संस्थामा जाँच गराउने गर्भवतीको प्रतिशत | - | ६८ | ६१ |
| ४ पटक सम्म स्वास्थ्य संस्थामा जाँच गराउने गर्भवतीको प्रतिशत | ६४ | ६४.२ | ६२ |
| स्वास्थ्य संस्थामा प्रसुती गराउनेको प्रतिशत | १४ | २३ | १८ |
| शिशु मृत्यु संख्यामा | ० | ० | १ |
| बाल मृत्यु संख्यामा | ० | ० | ० |
| मातृ मृत्यु संख्यामा | ० | ० | ० |

*श्रोतः स्वास्थ्य शाखा, यशोधरा गाउँपालिका २०८१*

**खानेपानी तथा सरसफाई**

खानेपानी तथा सरसफाईको अधिकार हाम्रो संविधानले मौलिक हककै रुपमा व्यवस्था गरेको छ। खानेपानी तथा सरसफाई सेवाले नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भै उत्पादनशील मानव संसाधनको विकास गर्न र सामाजिक रहन सहनमा अनुकूल सुधार गर्न योगदान पुग्दछ। जनचेतनाको अभावमा अहिले पनि कतिपय गाउँ वस्तीहरुमा शुद्ध खानेपानीको अभावमा समय समयमा झाडापखाला लगायतका रोगहरु लाग्ने गरेको पाइन्छ। यशोधरा गाउँपालिका संघीय, प्रदेश तथा स्थानीय श्रोत परिचालन मार्फत सहज रुपमा आफ्ना नागरिकहरुलाई शुद्ध खानेपानी उपलब्ध गराउन प्रयत्नशील रहेको छ। हाल गाउँपालिकाका बिभिन्न वडाहरुमा डिप बोरङ्गि मार्फत ओभरहेड टंकीबाट पानी बितरण गर्ने उद्देश्यका साथ लुम्बिनी प्रदेश सरकारको सहयोगमा ओभरहेड टंकीहरु निर्माण भएता पनि पाइपलाइनको कार्य नहुदा पानी बितरण हुन सकेको छैन।
यशोधरा गाउँपालिकाको खानेपानीको प्रमुख श्रोतमा ट्युववेल/हाते पम्प तथा डिप बोरङ्गि रहेको देखिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यशोधरा गाउँपालिकामा करिव ६५.२५% ट्युववेल/हाते पम्पको पानी प्रयोग गरिरहेका छन्। ३१.७५% घरपरिवारलाई घर परिसर भित्रै वा बाहिर धारा/पाइपयुक्त सुरक्षित खानेपानीको उपलब्धता छ। गाउँपालिकाका झण्डै ४% घरपरिवार अझै पनि सुरक्षित खानेपानीबाट बन्चित रहेका छन्। खानेपानीको श्रोत अनुसारको विवरण तलको तालिकामा दिइएको छ।

**तालिका न १.२०: परिवारले प्रयोग गर्ने मुख्य खानेपानीको श्रोत सम्वन्धि बिबरण**

| वडा नं | धारा/पाइपयुक्त पानी घर परिसर | | ट्युववेल/हाते पम्प | ढाकिएको कुवा, इनार | असुरक्षित कुवा, इनार | सिधै पाइपमा | नदी तथा खोला | जार, बोतल | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भित्र | बाहिर | | | | | | | | |
| १ | ४०४ | २२५ | २१८ | ११ | २ | ० | १ | ० | ६ | ८६७ |
| २ | २०० | २५० | ३०७ | १० | २ | ० | ० | ० | २९ | ७९८ |

| वडा नं | धारा/पाइपयुक्त पानी घर परिसर | | ट्युववेल/हाते पम्प | ढाकिएको कुवा, इनार | असुरक्षित कुवा, इनार | सिधै पाइपमा | नदी तथा खोला | जार, बोतल | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भित्र | बाहिर | | | | | | | | |
| ३ | १९१ | १४ | ३३१ | १० | १ | ० | ० | ० | १६ | ५६३ |
| ४ | १६ | १५ | ७४६ | ० | ३ | ० | ० | १ | ० | ७८१ |
| ५ | २३४ | १४१ | ५८१ | १ | १ | ० | ० | १ | ४९ | १००८ |
| ६ | १३ | ८ | ९१० | १ | ० | १ | ० | २ | ५ | ९४० |
| ७ | १४७ | ६३ | ७९४ | ० | ३ | १ | ० | १ | ३२ | १०४१ |
| ८ | १५४ | १४४ | ६९४ | २ | ३ | १ | ० | १ | २ | १००१ |
| **जम्मा** | **१३५९** | **८६०** | **४५८१** | **३५** | **१५** | **३** | **१** | **६** | **१३९** | **६९९९** |

***श्रोत : राष्ट्रिय जनगणना-२०७८***

**शौचालयको अवस्था**

यस गाउँपालिकामा बनेका शौचालयहरू मध्ये साधाहरण कच्ची शौचालय ३७.४३%, सेफ्टिक टैंकीमा जोडिएका शौचालय बनाउने घरधुरीहरू २४.९३%, सार्वजनिक ढलमा जोडिएका शौचालय बनाउने घरधुरीहरू १.९४% रहेका छन् भने ३४.३६% घरपरिवारमा शौचालय व्यवस्थापन हुन नसकेको देखिएको छ । गाउँपालिका तथा वडा कार्यालयहरुमा भएको छलफलहरुमा घरमा पक्की शौचालय भएता पनि खुल्ला आकास मुनी शौच गर्नेको संख्यामा क्रमस बृद्धि भएको छ । अतः पूर्ण सरसफाईको लागि गाउँपालिकाले ठूलो कसरत गर्नुपर्ने छ । राष्ट्रिय जनगणना-२०७८ अनुसार शौचालयको प्रकार अनुसारको गाउँपालिकाको अवस्था निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.१.२१ : परिवारले प्रयोग गर्ने शौचालयको प्रकारको आधारमा परिवार संख्या**

| वडा नं | फ्लस् ट्वाइलेट | | साधारण कच्ची शौचालय | सार्वजनिक शौचालय प्रयोग गर्ने | शौचालय नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| | सार्वजनिक ढलमा जोडिएको | सेफ्टिक टैंक | | | | |
| १ | २४ | २६३ | २९४ | २३ | २६३ | ८६७ |
| २ | २८ | १७५ | ४२६ | ५ | १६४ | ७९८ |
| ३ | ६ | ९२ | २९५ | ६ | १६४ | ५६३ |
| ४ | २ | १७९ | ३८४ | १३ | २०३ | ७८१ |
| ५ | १२ | २७८ | ३३० | २६ | ३६२ | १००८ |
| ६ | ५७ | २२२ | ३१२ | ८ | ३४१ | ९४० |
| ७ | ६ | २३२ | ३८२ | २ | ४१९ | १०४१ |
| ८ | १ | ३०४ | १९७ | १० | ४८९ | १००१ |
| **जम्मा** | १३६ (१.९४%) | १७४५ (२४.९३%) | २६२० (३७.४३%) | ९३ (१.३३%) | २४०५ (३४.३६%) | ६९९९ |

## बालबालिका तथा बाल क्लबहरुको विवरण

संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागीता जस्ता विषय समेटी बालबालिकाको सर्वाङ्गीण विकासको प्रत्याभूत गरेको छ। दीगो विकास लक्ष्यमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षित हरित सार्वजनिक स्थलमा पहूँच, बालबालिका विरुद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यव्यहार र हिंसाको अन्त्य गरी सशक्त गर्ने जस्ता परिमाणात्मक लक्ष्य किटान गरिएको छ ।

राट्रिय जनगणना-२०७८ अनुसार यशोधरा गाउँपालिकामा ५ देखि १५ बर्ष भित्रका बालबालिका संख्या १२५१२ (२८%) रहेको छ । वालबालिका, युवा, किशोर किशोरीहरुलाई राज्यको तर्फवाट आवश्यक सुरक्षा र संरक्षण प्रदान गर्नु अहिलेको आवश्यकता हो । उनीहरुलाई अन्य नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरुको शारीरिक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम मार्फत सम्वोधन गर्नुपर्दछ । गाउँपालिकाबाट बालबालिकाहरुको शारीरिक, मानसिक तथा भावनात्मक विकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएको छ । बिद्यालय तहमा हाल ३५ वटा क्लवहरु गठन गरिएका छन् भने समुदाय स्तरमा गठन भएका बाल क्लवको संख्या ५७ रहेको छ । त्यसैगरी प्रत्येक वडामा वडा संजाल एक-एक वटा गरी ८ बडा तथा पालिका स्तरमा एक बाल संजाल गरी जम्मा १०२ बालक्लब गठन गरिएको छ । गठन गरिएका १०२ बाल क्लवहरुमा बालिका १०८३ र बालक १०८७ गरी जम्मा २११७ जना आबद्ध भएका छन् । गाउँपालिकाले गरेको एक सर्वेक्षण अनुसार यशोधरा गाउँपालिकामा सडक बाल-बालिकाको संख्या सुन्य रहेको छ। बाल मैत्री गाउँपालिका घोषणको अभियानमा लागेको यस यशोधरा गाउँपालिकाले आगामी दिनहरुमा बिद्यालय तथा समुदाय स्तरमा थप बाल क्लबहरु गठन गरी उनीहरुको क्षमता विकासमा विशेष ध्यान दिन जरुरी छ ।

## जेष्ठ नागरिक, एकल महिला तथा फरक क्षमता भएका व्यक्तिहरु

हाम्रो संविधानले राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी जेष्ठ नागरिक, एकल महिला तथा फरक क्षमताका व्यक्तिहरुको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ । यस अनुसार सामाजिक सुरक्षा भत्ता लगाएतका अन्य सेवाहरु सरकारबाट प्रदान हुँदै आएको छ । नागरिकहरुको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय प्रदान गर्ने काममा तीनै तहका सरकारको समन्वयात्मक भूमिका हुन्छ ।

आर्थिक वर्ष ०८१/८२ को तेश्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता पाउने जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक, एकल महिला, शारीरिक अशक्त, बालबालिका समेतको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं.१.२२ : आ.व.२०८१/०८२ को तश्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण**

| वडा नं | जेष्ठ नागरिक | जेष्ठ नागरिक | जेष्ठ नागरिक ( | विधवा | अपाङ्गता क बर्ग | अपाङ्गता ख बर्ग | अन्य बालबालिका | दलित बालबालिक | लोप उन्मुख जाति | जम्मा | बितरित रकम रु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३२२ | २८ | १७ | ३८ | ११ | १९ | ५६९ | ११२ | ० | १११६ | ५७५४९१३.०० |
| २ | ३१४ | ४१ | १२ | ३९ | १० | ३७ | ५४८ | ८३ | ० | १०८४ | ५७६३१८०.०० |
| ३ | १७२ | ३८ | २२ | ३६ | ८ | १८ | ३१८ | ७९ | ० | ६९१ | ३६११५१३.०० |
| ४ | २७७ | ४० | २१ | ३१ | ९ | २३ | ४६८ | ९९ | ० | ९६८ | ५१३९०२४.०० |
| ५ | ३३५ | ४२ | ३० | ५४ | १४ | २४ | ६०६ | १११ | ० | १२१६ | ६३८३३२२.०० |
| ६ | ३६२ | ३३ | १७ | ५६ | ५ | १९ | ४८७ | ९९ | ० | १०७८ | ६१६२७९४.०० |

| वडा नं | जेष्ठ नागरिक | जेष्ठ नागरिक | जेष्ठ नागरिक ( | विधवा | अपाङ्गता क बर्ग | अपाङ्गता ख बर्ग | अन्य बालबालिका | दलित बालबालिक | लोप उन्मुख जाति | जम्मा | बितरित रकम रु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ३२७ | ४५ | १६ | ६० | ५ | २० | ५१२ | ९७ | ० | १०८२ | ५९५४९७३.०० |
| ८ | ३३६ | २९ | १९ | ५५ | २ | २१ | ५०४ | ८९ | ३८ | ११२० | ६६३५६५३.०० |
| **जम्मा** | **२४७२** | **२९६** | **१५४** | **३६९** | **६४** | **१८१** | **४०१२** | **७६९** | **३८** | **८३५५** | **४५४०५३७२.००** |

***श्रोतः यशोधरा गाउँपालिका, सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा-२०८२***

**प्रमुख चाडपर्वहरू**

यस गाउँपालिकाका मानिसहरू आफ्नो धर्म, संस्कृति र आस्था अनुसार विभिन्न खालका चाडपर्वहरु मनाउदछन् । यस्ता चाडपर्वहरुमा सबै समुदाय बीच आपसी सद्भाव र खुसी साटासाट गर्ने परम्परा पनि विद्यमान रहेको छ ।

यस गाउँपालिकामा विभिन्न जाती, धर्म, सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन । यहाँ अधिकांश हिन्दु धर्म मान्ने तराई ब्राहमण, यादव, गुप्ता, कलवार, श्रीवास्तव, चाइ, कोहार, कहार, चमार, तेली, पासी, लोध, लोनिया, चौधरी, ठाकुर, नाउ, बढई, माली, धरिकार आदि मानिसहरु रहेकाछन् भने मुस्लिम तथा बौद्ध धर्म मान्ने मानिसहरु पनि बस्दछन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन । यस पालिकामा रहेका हिन्दु तथा मुस्लिम धर्मावलम्बीहरुले मनाउने चाडपर्वहरुमा विशेषगरी दशैं, तिहार, माघे सङ्क्रान्ति, होली, श्रीपञ्चमी, शिवरात्रि, चैत्राष्टमी, रामनवमी, नागपञ्चमी, रक्षाबन्धन, श्रीकृष्ण जन्माष्टमी, तीज, ऋषिपञ्चमी, कुशे औंसी, बुद्ध जयन्ती, ईद, वकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष आदि चाडपर्वहरु रहेका छन् ।

**१.२.६ भौतिक पूर्वाधार**

**सडक सञ्जालको वर्तमान अवस्था**

यशाधेरा गाउँपालिकाको समृद्धिको लागि सडक पूर्वाधार विकासलाई समेत मूल आधार मानिएको छ । सबै वडा केन्द्रमा सडकको पहूँच पुगेको तथा गाउँपालिकाको केन्द्र बैदौली सम्म तौलिहवा-खुनुवा रुटमा चल्ने सार्वजनिक सवारी साधनहरु सञ्चालनमा रहेता पनि वडाको केन्द्र देखि गाउँपालिकाको केन्द्र सम्म नियमित सार्वजनिक यातायातको सुविधा भने छैन । तराइको समथर भूभागमा अवस्थित गाउँपालिका भएका कारण वर्षातको समयमा समेत सबै वडाहरुमा सडक यातायात सुचारु हुन सक्ने स्थिति रहेकोछ । गाउँपालिका भित्र सडक संजाल बिस्तार भएता पनि बाह्रै महिना सुचारु हुने सडकको लम्वाई भने कम रहेको छ । यशोधरा गाउँपालिका कार्यालय देखि वडा केन्द्र सम्मको दुरी तालिका नं १.२३ मा उल्लेख गरिएको छ ।

**तालिका नं १.२३ गाउँपालिकाको केन्द्र बैदौली देखि वडा कार्यालय सम्मको दुरी (कि.मि)**

| वडा .नं | वडा कार्यालय्र रहेको स्थान | गाउँपालिकाको केन्द्र देखि वडा केन्द्र सम्मको दुरी (कि.मी) | वडा कार्यालय सम्मको पहुँच सडकको अवस्था |
|---|---|---|---|
| १ | तितिर्खा | ५ | कालोपत्रे |
| २ | गौरी | ६ | कालोपत्रे |
| ३ | बसन्तपुर | ४ | कालोपत्रे |
| ४ | परसोहीया | २ | कालोपत्रे |

| | | | |
|---|---|---|---|
| ५ | बैदौली | ० | कालोपत्रे |
| ६ | रंगपुर | ३ | कालोपत्रे |
| ७ | सोमडिह | ३.५ | कालोपत्रे |
| ८ | सिहोखोर | ५ | कालोपत्रे |

**श्रोतः यशोधरा गाउँपालिकाको कार्यालय, २०८१**

**विद्युत तथा बैकल्पिक उर्जा**

**इन्धन उपयोग सम्वन्धी विवरण**

यस गाउँपालिकामा खाना पकाउने इन्धनको रुपमा २६.३६ % परिवारले दाउरा, ३६.१४% ले एल.पी. ग्यास प्रयोग गर्ने गरेको अवस्था छ भने अहिले पनि ३६.०६% गोवर गुइठा प्रयोग गरेको पाइन्छ। इन्धनको प्रयोग श्रोतको आधारमा परिवारको विवरण निम्न तालिकामा दिइएको छ ।

**तालिका नं : १.२४ खाना पकाउने इन्धनको आधारमा परिवार संख्या**

| वडा नं | काठ दाउरा | एल.पी. ग्यास | विद्युत | गोवर गुइठा | वायोग्यास | मट्टीतेल | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०४ | ३२२ | ३ | ३३० | ३ | ० | ५ | ८६७ |
| २ | ३४१ | २४२ | ८ | १९९ | ८ | ० | ० | ७९८ |
| ३ | ६१ | १७३ | ९ | ३१८ | २ | ० | ० | ५६३ |
| ४ | १३१ | ४०३ | १२ | २३३ | २ | ० | ० | ७८१ |
| ५ | ३२१ | ३८९ | ८ | २८६ | २ | ० | २ | १००८ |
| ६ | १०८ | ४४९ | ९ | ३६३ | १ | ५ | ५ | ९४० |
| ७ | २२१ | ३६२ | ३ | ४५४ | १ | ० | ० | १०४१ |
| ८ | ४५८ | १९० | ७ | ३४१ | ५ | ० | ० | १००१ |
| **जम्मा** | १८४५ | २५३० | ५९ | २५२४ | २४ | ५ | १२ | ६९९९ |
| **प्रतिशत** | **२६.३६** | **३६.१५** | **०.८४** | **३६.०६** | **०.३४** | **०.०७** | **०.१७** | **१००** |

**श्रोत : राष्ट्रिय जनगणना-२०७८**

**विद्युत सेवा**

जलविद्युत राष्ट्रको पूर्वाधार विकासको महत्वपूर्ण आधार मानिएको छ। यशोधरा गाउँपालिकामा प्रयोग भएको प्रकाश उर्जामा सबैभन्दा धेरै विद्युत उर्जा र त्यसपछि सोलार उर्जा प्रयोग भएको अवस्था छ। राष्ट्रिय जनगणना-२०७८ अनुसार ६६३४ घरपरिवारमा विद्युत उजाको पहुँचमा रहेको अवस्था छ । गाउँपालिका तथा बडातहमा भएका छलफलहरुमा बर्तमान अवस्थामा सबै बस्ति तथा घर परिवारमा बिद्युत उर्जाको पहुच पुगिसकेको पाइयो । सबै बस्तिहरुमा बिद्युत उर्जा पुगि सकेको भएतापनि सेवा प्रवाहलाई थप गुणस्तरिय बनाउनु अत्यावश्यक देखिन्छ। बत्ती बाल्न प्रयोग गर्ने इन्धनका श्रोतहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. : १.२५ बत्ती बाल्न प्रयोग गर्ने इन्धन अनुसार परिवार संख्या**

| वडा नं | विद्युत | सोलार | मट्टीतेल | वायोग्यास | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ८११ | १३ | २३ | ७ | १३ | ८६७ |
| २ | ७९० | १ | ० | १ | ६ | ७९८ |
| ३ | ४९२ | १८ | २६ | १ | २६ | ५६३ |

| वडा नं | विद्युत | सोलार | मट्टीतेल | वायोग्यास | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| ४ | ७५९ | ३ | १६ | ० | ३ | ७८१ |
| ५ | ९४६ | ३६ | १८ | २ | ६ | १००८ |
| ६ | ८८४ | १९ | ३१ | १ | ५ | ९४० |
| ७ | १००५ | ९ | १४ | ० | १३ | १०४१ |
| ८ | ९४७ | १३ | २९ | ९ | ३ | १००१ |
| **जम्मा** | ६६३४ | ११२ | १५७ | २१ | ७५ | ६९९९ |
| **प्रतिशत** | ९४.७८ | १.६० | २.२४ | ०.३० | १.०७ | १०० |

*श्रोत : राष्ट्रिय जनगणना-२०७८*

**भवन तथा आवास**

यशोधरा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रममा बढ्दै गएको बजारिकरणलाई ध्यान दिदै नयाँ निर्माण गरिने भवनहरुमा भवन निर्माण मापदण्ड अनुसार नक्शापासको आवश्यक व्यवस्था मिलाइने र नयाँ निर्माण हुने घरहरुको अनिवार्य नक्सापास गर्नुपर्ने गरी आर्थिक ऐनमा दर रेट समेत निर्धारण गरिएको छ ।

पालिकाको भू-उपयोग सम्बन्धी योजना तर्जुमा अन्तिम चरणमा रहेको र वस्ती बढ्दै जाँदा जनतालाई भौतिक, आर्थिक र सामाजिक पूर्वाधार जुटाउन गाह्रो पर्ने हुन्छ । दीर्घकालीन सोँचका आधारमा पालिका क्षेत्रको भू-उपयोगका लागि आवास क्षेत्र, बजार क्षेत्र, खुल्ला चउर, पार्क, खेलमैदान, बालउद्यान, कृषि क्षेत्र र हरित क्षेत्र वर्गीकरण गरी सोही अनुसारको भू-उपयोग योजना बनाउन जरुरी छ ।

- ८ वटा वडा कार्यालय मध्ये वडा नं.१ र ६ का भवन निर्माणाधिन अवस्थामा रहेका तथा अन्य वडा कार्यालयहरुका कार्यालय भवनहरु  निर्माण भै आ-आफ्नै भवनबाट सेवा प्रवाह भैरहेको ।
- वडा नं ५ को बैदौलीमा निर्माणधिन १५ शैयाको अस्पताल तथा वडा नं ७  को स्वास्थ्य चौकीको भवन बाहेक ६ वटै वडामा स्वास्थ्य चौकीको लागि जग्गाको अभावका कारण आधुनिक तथा सुबिधा सम्पन्न  भवनहरु निर्माण हुन नसकेको । हाल सम्म पनि स्थान अभावका कारण चाहादा चाहदै पनि गुणस्तरिय सेवा प्रवाहमा असहजता भएको ।
- प्रशासकीय भवन निर्माण सम्पन्न भै संचालनमा रहेको ।
- स्थानीय बजारहरु व्यवस्थित हुदै गएका ।

हरेक नागरिकको आवास, सामुदायिक भवनहरु तथा सरकारी भवनहरु सुरक्षित, स्वास्थ्यकर, वातावरणमैत्री, भूकम्प प्रतिरोधी तथा किफायती हुनुपर्दछ । त्यस्तै स्थानीय भवनहरु परम्परागत शैली झल्कने पहिचान सहितको हुनु पनि  महत्वपूर्ण मानिन्छ । गाउँपालिकाले राष्ट्रिय भवन निर्माण संहितालाई ध्यानमा राखेर भवन निर्माण कार्यविधि बनाई कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ । छरिएर रहेका घरवस्ती तथा नदी कटान एवं डुवानबाट जोखिममा रहेका वस्ती तथा घरहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती बिकासको भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

**घरको छानाको अवस्था**

यशोधरा गाउँपालिकामा ८२.१७% घर परिवार जस्ता पाताको आर.सि.सि .ढलान सहितको छाना भएको घरमा, ९.५२% घर परिवार जस्ता पाताको छाना भएको घरमा बस्दछन् भने अझै पनि ५८२ (८.३२%) परिवार फुस/खर, टायल,

ढुङ्गा/स्लेटल, काठ/ फल्याक तथा अन्य सामाग्री ले छाएको छाना मुनि बस्ने गरेको देखिन्छ। खरका छाना बिस्थापन गर्न बाँकी रहेका घरहरुमा गाउँपालिकाले अन्य बिकास साझेदारहरु संगको सहकार्यमा थप कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ। घरको छानाको आधारमा परिवारहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं : १.२६ घरको छानाको आधारमा परिवार संख्या**

| वडा नं | जस्ता पाताले छाएको | आर.सि.सि .ढलान | खर/फुसले छाएको | टायलले छाएको | ढुङ्गा/स्लेटले छाएको | काठ/ फल्याक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ७२ | ६७९ | ९८ | ० | ८ | ९ | १ | ८६७ |
| २ | १११ | ६०२ | ६४ | २ | १० | ७ | २ | ७९८ |
| ३ | ८९ | ४२२ | ४५ | १ | ४ | १ | १ | ५६३ |
| ४ | ३५ | ६९० | ४८ | ३ | ३ | ० | २ | ७८१ |
| ५ | ९३ | ८७१ | ३९ | ३ | ० | १ | १ | १००८ |
| ६ | ६४ | ८०५ | ५४ | ६ | १ | ९ | १ | ९४० |
| ७ | ९५ | ९०१ | ४० | ३ | ० | २ | ० | १०४१ |
| ८ | १०७ | ७८१ | ८४ | १२ | ० | १७ | ० | १००१ |
| **जम्मा** | **६६६** | **५७५१** | **४७२** | **३०** | **२६** | **४६** | **०** | **६९९९** |
| **प्रतिशत** | **९.५२** | **८२.१७** | **६.७४** | **०.४३** | **०.३७** | **०.६६** | **०.१०** | **१००** |

*श्रोत : राष्ट्रिय जनगणना-२०७८*

**जगको बनोटका आधारमा घर संख्या**

यस यशोधरा गाउँपालिकाका ३३६० (४८.०२%) परिवारहरु माटोको जोडाई (इट्टा/ढुङ्गा) बाट बनाइएको जगको घरमा बस्दछन् भने ३१६३ (४५.१९%) परिवार सिमेण्टको जोडाई (इट्टा/ढुङ्गा) बाट बनाइएकोजगको घरमा बस्दछन्। घरको जगको बनोट अनुसारको गाउँपालिकाको परिवार संख्या तलको तालिकामा दिइएको छ।

**तालिका नं. १.२७ : घरको जग बनोटको अवस्था अनुसार परिवार संख्या**

| वडा नं | माटोको जोडाई (इट्टा/ढुङ्गा) | सिमेण्टको जोडाई ( इट्टा/ढुङ्गा) | ढलान पिलर सहितको | काठको पिलर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ५५६ | २७० | ३ | ३० | ८ | ८६७ |
| २ | ३२५ | ३३४ | ११८ | २१ | ० | ७९८ |
| ३ | २६१ | २४८ | २६ | २४ | ४ | ५६३ |
| ४ | ४१५ | ३५५ | १ | ५ | ५ | ७८१ |
| ५ | ३१७ | ६२९ | ४९ | ८ | ५ | १००८ |
| ६ | ४३८ | ४६६ | ९ | २१ | ६ | ९४० |
| ७ | ३१३ | ७०७ | ५ | १५ | १ | १०४१ |
| ८ | ७३५ | १५४ | ४४ | ६१ | ७ | १००१ |
| जम्मा | ३३६० | ३१६३ | २५५ | १८५ | ३६ | ६९९९ |
| प्रतिशत | ४८.०२ | ४५.१९ | ३.६४ | २.६४ | ०.५१ | १०० |

*श्रोत : राष्ट्रिय जनगणना-२०७८*

### १.२.७ वन तथा वातावरण

**वन क्षेत्रको अवस्था**

यशोधरा गाउँपालिकाको भु उपगोग अवस्था विस्लेषण गर्दा वन क्षेत्र यस गा.पा.मा रहेको देखिदैन । यशोधरा गाउँपालिका तराईको समथर क्षेत्रमा पर्दछ । यहाँको ९२.७४ % भू-भाग कृषि योग्य भूमिको रुपमा रहेका, २.८८ % आवासिय छ भने बाँकी २.९३ % भू-भाग पोखरी, नदी, खोला क्षेत्र, अन्य (झाडी, घासे मैदान क्षेत्र) क्षेत्रहरुले ओगटेको छ । गा.पा.मा वन क्षेत्र नभएता पनि निजी वनको विकास गर्नुका साथै सार्वजनिक स्थल, खालि क्षेत्रहरुमा वृक्षारोपण गरि हरियाली कायम गर्न सकिने प्रसस्त संभावना छ । यसैगरी उद्योगजन्य विरुवाहरु निजि जमिनमा लगाई रोजगारी र आय आर्जन गर्न सकिने संभावना पनि रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार २६.४ प्रतिशत जनसंख्याले खाना पकाउने ईन्धनको रुपमा काठ दाउराको प्रयोग गरेवाट वन जंगल नभएता पनि रुख विरुवा, झाडी र कृषि जन्य विरुवाहरुवाट काठ दाउराको उपयोग गरिएको छ भन्ने अनुमान गर्न सकिन्छ । यि वोट विरुवाहरुले गा.पा.मा हरियाली वढाउने र स्वच्छ वातावरण कायम गर्न सहयोग पुगेको छ ।

**जलाधर क्षेत्र**

यस गाउँ पालिकाको २.९३ % भू-भाग पोखरी, नदी, खोला क्षेत्र, अन्य (झाडी, घासे मैदान क्षेत्र) क्षेत्रहरुले ओगटेको छ । यशोधरा गा.पा.मा मुख्य ताल र पोखरीको संख्या ३० रहेको छ । गा.पा.को वडा नं १ मा रहेका पोखरीहरुमा क्रमशः परिनहवा, परिहवा, तितिर्खा, राजवापुर, स्कूल पोखरी र तालमा चमरवनिय ताल रहेका छन् । वडा नं २ मा कालीभाई थान पोखरी, वडा नं ३ मा वसन्तपुर पोखरी, वडा कार्यालय पोखरी, लौहरौली पोखरी, हररेवा कोटको पोखरी, वडा नं ४ मा सेमरी, अहलोहना, परसोहिया पोखरीहरु रहेक छन् । यसैगरि वडा नं ५ मा सुठौली पोखरी, मुडिया पोखरी, र नदवा पोखरी, वडा नं ६ मा रमवापुर , पर्निहवा, रंगपुर, पुनिहवा ताल, रमवापुर ताल, वडा नं ७ मा सोमडिह, सुल्तनापुर, मर्यादापुर, कोपवा, डिडरहिया, वडा नं ८ मा वासरवोर, मन्धुरगरा र नोरवरिया पोखरीहरु रहेका छन् । यस गा.पा.मा ३ वटा मुख्य सिंचाई योजनाहरुले जलाधार क्षेत्रको रुपमा केहि हदसम्म काम गरेका छन् । यि योजनाहरु क्रमशः ईटहवा सिंचाई प्रणाली, रंगपुर पन्ड सिंचाई योजना र मुडिला सिंचाई योजना रहेका छन् । यि क्षेत्रमा चराचुरुङ्गी र जिवजस्तुहरुले पानी खान आउने र आसपासमा रुख विरवा र झाडीमा वास वस्ने गरेको पाईन्छ । यि जलाधार क्षेत्रहरुको गा.पा.स्तरवाट संरक्षण र विकास गर्नु आवस्यक छ ।

**प्रमुख नदी, खोला र अवस्था**

यस गा.पा.मा ३ वटा मुख्य सिंचाई योजनाहरु क्रमशः ईटहवा सिंचाई प्रणाली, रंगपुर पन्ड सिंचाई योजना र मुडिला सिंचाई योजना रहेका छन् । मुख्य नदि भनेको वाणगंगा नदि हो । यस नदि वाट गा.पा.का केही क्षेत्रहरुमा सिंचित गरिएको छ । यस गाउँ पालिकाको २.९३ % भू-भाग पोखरी, नदी, खोला क्षेत्र, अन्य (झाडी, घासे मैदान क्षेत्र) क्षेत्रहरुले ओगटेको छ ।

**जैविक विविधता**

जैविक विविधताको दृष्टिले हाम्रो देश सम्पन्न छ । विभिन्न संरक्षित क्षेत्र, बिबिध महत्वका सीमसार क्षेत्र, सामुदायिक वन क्षेत्र र निजी खेतवारीमा रहेका लाखौ वन तथा कृषि वन क्षेत्रबाट जैविक विविधताको संरक्षण भैरहेको छ । यशोधरा गा.पा. तराईको समथर भागमा रहेको र यहां वन जंगल क्षेत्र नभएको हुनाले जैविक विविधता पुर्ण पालिका रहेको छैन । तथापी यहांका ३० भन्दा वढी पोखरी र ताल तलैया, ३ वटा प्रमुख सिंचाई आयोजना, वाण गंगा खोला लगायत पानीका स्रोत

हरुका कारण तराई क्षेत्रमा हुने विभिन्न चरा चुरुङ्गी, जिवजन्तुहरु र वनस्पतिहरु यो गा.पा.म रहेका छन् । यस्ता जैविक सम्पतिहरुको पालिकास्तरवाट संरक्षण र विकास गरिनु आवस्यक छ ।

**विपद् व्यवस्थापन**

यस गाउँपालिकामा विपद् सम्वन्धी मुख्य समस्यामा घर गोठमा आगलागि लाग्ने, सडक दुर्घटना, नदि भुक्षय, सर्पको टोकाई, डुवान, भूकम्प, चट्याङ, मौसमी सुख्खा, सितलर, किट आतंक, महामारी जस्ता घटनाहरु छज् । विपद् व्यवस्थापनको लागि लागि गैर सरकारी संस्थाको सहायोगमा गा.पा.ले हालसालै स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरेको पाईन्छ । विपद् व्यवस्थापनका लागि पालिका स्तरीय विपद् व्यवस्थापन कोष र समिति गठन भएको छ । आगामी दिनमा पालिकाले विपद् व्यवस्थापनका विपद् व्यवस्थापन योजनाले निर्दश गरे अनुसार विपद्का लागि पूर्व तयारी, उद्धार तथा राहत, पुनर्स्थापना र पुनर्निर्माण जस्ता कार्यहरुमा विशेष ध्यान दिन जरुरी छ ।

## १.२.८ संस्थागत व्यवस्था

**ऐन, नियम, निर्देशिका र कार्यविधी निर्माणको अवस्था**

उपलब्ध श्रोत तथा साधनको अधिकतम परिचालन गरी सहज तथा गुणस्तरिय सेवा प्रवाहको माध्यमबाट स्थानीय जनतालाई सुशासनको प्रत्याभुती दिलाउनु स्थानीय सरकारको प्रमुख दायित्व हुन आउछ । गाउँपालिकाबाट हुने सेवा प्रवाहको प्रभावकारीता र गुणस्तरीयताको प्रतिबिम्ब प्रत्यक्ष सेवा प्रवाहमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुको कार्यदक्षता तथा कार्यशैलीमा देखिने गर्दछ ।

स्थानीय सरकारहरुको एकल अधिकार क्षेत्र अन्तरगतका बिषयहरुमा आवश्यकता अनुसार आफ्नै ऐन, नियम तथा कार्यबिधिहरु तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने संबैधानिक व्यवस्था अनुसार यशोधरा गाउँपालिकाले हाल सम्म ३७ वटा कानूनहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

**बिभिन्न समितिहरुको गठन तथा परिचालनको अवस्था**

यशोधरा गाउँपालिकाले नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा व्यवस्था भए बमोजिम बिभिन्न समितिहरु गठन गरी परिचालन गरेको अवस्था छ । हाल गाउँ कार्यपालिका अन्तर्गत तपशिल बमोजिमका समितिहरु कृयाशील रहेको अवस्था छ ।

- न्यायिक समिति
- राजस्व परामर्श समिति
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति
- बजेट तथा कार्यक्रम तर्जुमा समिति
- लेखा समिति
- बिधायन समिति
- सुशासन समिति
- अनुगमन समिति

त्यसै गरी गाउँ कार्यपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन प्रकृयालाई व्यवस्थित तथा सरल गर्नको लागि तपशिल अनुसारका बिषयगत समितिहरु गठन गरि परिचालन गरेको अवस्था छ ।

- आर्थिक बिकास समिति
- सामाजिक बिकास समिति
- पूर्वाधार बिकास समिति
- वातावरण र बिपद व्यवस्थापन समिति
- संस्थागत विकास तथा सुशासन समिति


**संस्थागत क्षमता स्व-मूल्यांकनको अवस्था**

आ.व २०७९/०८० तथा २०८०/०८१ को स्थानीय सरकार संस्थागत स्व-मूल्याङ्कनको नतिजामा यशोधरा गाउँपालिकाले क्रमस ५३.२५% र ५९.७५% अंक प्राप्त गरेको छ । उक्त मूल्याङ्कनमा मुख्यतया शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, बजेट तथा योजना तर्जुमा, वित्तीय तथा आर्थिक व्यवस्थापन, भौतिक पुर्वाधार, सेवा प्रवाह लगायत अन्तर सम्वन्धित विषयहरु समावेश गरिएको छ । प्राप्त नतिजालाई आधार लिदा गाउँपालिकाले आ.व २०७९/०८० को तुलनामा आ.व २०८०/०८१ मा ६.५०% अंक बढी ल्याएको छ । स्व-मूल्याङ्कनको नतिजामा कमजोर अंक प्राप्त गरेका बिषयगत क्षेत्रहरुमा आगामी बर्षमा आफ्नो कार्य दक्षता एवं क्षमतामा ब्यापक सुधार गर्नुपर्ने देखिन्छ । शासकीय प्रवन्ध, बित्तिय तथा आर्थिक व्यवस्थापन, सेवा प्रवाह, सामाजिक समाबेशिकरण तथा न्यायिक कार्य सम्पादन जस्ता क्षेत्रहरु तुलनात्मक रुपमा सन्तोषजनक रहेता पनि बाँकी क्षेत्र जस्तै संगठन तथा प्रशासन, बार्षिक बजेट तथा योजना व्यवस्थापन, भौतिक पूर्वाधार, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र समन्वय र सहकार्य जस्ता क्षेत्रमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ । लेखाजोखा तथा विश्लेषणवाट आएको नतिजा तलको तालिका तथा माकुरे जालोमा प्रस्तुत गरिएको छ ।

**तालिका नं.१.२८ : संस्थागत क्षमता स्व-मूल्यांकन (०७९/०८० तथा ०८०/०८१) सम्वन्धी विवरण**

| क्र.स | बिषयगत क्षेत्रहरु | सूचकको अङ्कभार | प्राप्त अङ्क | | कैफियत |
|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | |
| १ | शासकीय प्रवन्ध | ९.०० | ८.०० | ८.५० | |
| २ | संगठन तथा प्रशासन | ८.०० | ४.०० | ५.०० | |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ११.०० | ६.०० | ६.०० | |
| ४ | बित्तीय तथा आर्थिक व्यवस्थापन | ११.०० | ७.०० | ८.०० | |
| ५ | सेवा प्रवाह | १६.०० | ९.२५ | ११.२५ | |
| ६ | न्यायिक कार्य सम्पादन | ७.०० | ५.०० | ५.०० | |
| ७ | भौतिक पूर्वाधार | १३.०० | ४.०० | ४.२५ | |
| ८ | सामाजिक समावेशीकरण | १०.०० | ६.०० | ७.०० | |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९.०० | ३.५० | ४.०० | |
| १० | सहकार्य र समन्वय | ६.०० | ०.५० | ०.७५ | |
| **जम्मा** | | **१००.००** | **५३.२५** | **५९.७५** | |

**Source: lisa.mofaga.gov.np/report**




**चित्र नं. १.२ : संस्थागत क्षमता स्व-मूल्याङ्कनको लेखाजोखावाट प्राप्त नतिजा माकुरेजालोमा**

**सुरक्षा सम्बन्धी व्यवस्था**

यस पालिकामा अन्तरगतको मर्यादपुरमा रहेको इलाका प्रहरी चौकीले पालिकाका वडा नं ७ र ८ वडाहरु, रंगपुरमा रहेको इलाका प्रहरी चौकीले पालिकाका वडा नं ३, ४ र ६ वडाहरु, गणेशपुर प्रहरी चौकी, मयादेबी गाउँपालिकाले वडा नं १ र को क्षेत्रमा शान्ती सुरक्षाको बन्दोवस्त मिलाएको छ भने मायादेबी गाउँपालिकामा रहेको गणेशपुर प्रहरी चौकीले वडा नं १ र सदरमुकाममा तौलिहवामा रहेको इलाका प्रहरी कार्यालयले यशोधरा २ को शान्ति सुरक्षा प्रदान गर्ने गरी व्यवस्था मिलाइएको छ । समाजमा शान्ति सु-व्यवस्था कायम राख्न र विभिन्न अपराधिक गतिविधिहरु नियन्त्रण गर्न स्थानीय निर्वाचित प्रतिनिधिहरुसँग आवश्यक समन्वय गरी यी इकाईहरु आ-आफ्नो क्षेत्रमा कृयाशिल रहेका छन् । यस पालिका संबद्ध रहेको प्रहरी इकाईहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका न ं१.२९ गाउँपालिका संग सम्वद्ध रहेका प्रहरी इकाईहरूको विवरण**

| क्र.सं. | प्रहरी इकाई | ठेगाना | सेवा पुऱ्याउने बडाहरु |
|---|---|---|---|
| १. | इलाका प्रहरी चौकी | यशोधरा-७, मर्यादपुर | यशोधरा-५,७ र ८ |
| २. | इलाका प्रहरी चौकी | यशोधरा-६, रंगपुर | यशोधरा-३,४ र ६ |
| ३ | गणेशपुर प्रहरी चौकी | मयादेबी गाउँपालिका, | यशोधरा-१ |
| ४ | इलाका प्रहरी कार्यालय, तौलिहवा | कपिलवस्तु नगरपालिका | यशोधरा-२ |

# परिच्छेद-२

# योजना तर्जुमा विधि तथा मार्गदर्शक आधारहरु

## २.१ पृष्ठभूमि

## २.२ आवधिक योजना तर्जुमाको उद्देश्य

आवधिक योजना तर्जुमाका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले निर्देशित गरे बमोजिमको सहभागीतामूलक विधि तथा प्रक्रियाहरु अवलम्बन गरी आवश्यक विषयगत क्षेत्र तथा अन्तर सम्बन्धित विषयहरु सहितको यशोधरा गाउँपालिकाको ५ बर्षे आवधिक विकास योजना तयार गर्ने ।
- आवधिक योजना तयार गर्दा अपनाइएका प्रक्रियाहरु अभिलेखीकरण गर्न र योजना तर्जुमा प्रक्रियाबाट हासिल भएका सिकाई तथा अनुभवहरु समावेश गर्ने ।
- पालिकाको वार्षिक योजना कार्यक्रम एवं मध्यावधि खर्च संरचनालाई आवधिक योजनासँग संयोजन गर्न सहजहुने गरी आवश्यक ढाँचामा कार्यक्रमहरु तयार गर्ने ।
- गाउँ कार्यपालिकाका सदस्यहरुले योजना तर्जुमा प्रक्रियाहरुको बारेमा जानकारी पाउनेछन् तथा तिनीहरुको उर्ध्वगत (Vertical) तथा समतलीय (Horizontal) सम्बन्ध (मुख्यगरी आवधिक, मध्यावधि खर्च संरचना तथा वार्षिक योजना तथा बिषयगत योजनाहरु र तिनीहरुको अन्तर सम्बन्धहरु) को बारेमा जानकारी दिने ।
- ख. विषयगत लक्ष्य/उद्देश्य/नतिजा सहित तोकिएको ढाँचामा सहभागीतामूलक तथा समावेशीमूलक प्रक्रियाद्वारा तयार गरिएको पाँच वर्षे आवधिक योजनाको दस्तावेज तयार गर्ने । जसले आगामी वर्षको वार्षिक योजनाहरुलाई समेत मार्ग निर्देशित गर्न सकोस् ।

## २.३ योजना तर्जुमा विधि

अध्ययन विधिले कुनै पनि अध्ययनको सम्पूर्ण स्वरुपको चित्रण गर्नुपर्ने हुन्छ । यो आवधिक विकास योजना निर्माणको मूल उद्देश्य यशोधरा गाउँपालिकाको वर्तमान अवस्थाको अध्ययन गरी पालिकाले तय गरेका सोँच, लक्ष्य, रणनीति समेतलाई आधार मानी सहभागितात्मक प्रक्रियाबाट आवधिक योजना तर्जुमा गर्नु रहेको छ । योजना तर्जुमामा अवलम्वन गरिएका विधि र प्रक्रियाहरु निम्न बमोजिम छन् ।

### २.३.१ सवद्ध दस्तावेजको अध्ययन

यो आवधिक योजना तर्जुमाको क्रममा गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७६, विगत ३ वर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रमहरु, पालिकाका विभिन्न क्षेत्रगत योजनाहरु, लुम्बिनी प्रदेशको वस्तुस्थिति विवरण-२०८१, राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन-२०७८, प्रदेश योजना आयोगले तयार गरेको प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन-२०७५, सोह्रौ योजना (०८१/०८२-०८५/८६), लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना (०८१/०८२-०८५/८६), दीगो विकासका लक्ष्यहरु जस्ता दस्तावेजहरु सुक्ष्म रुपमा अध्ययन गरिएको छ । यो योजना निर्माणका क्रममा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी विभिन्न नीतिगत व्यवस्थाहरु, प्रतिवेदनहरु, लेखहरु र सन्दर्भ पुस्तकहरुको समेत सिंहावलोकन गरिएको छ ।

### २.३.२ तथ्यांङ्क संकलन

योजना तर्जुमाका लागि प्राथमिक तथा द्वितीय तथ्यांङ्कहरुको आवश्यकता पर्दछ । यो योजना तर्जुमाका लागि आवश्यक तथ्यांङ्कहरु देहायका विधिबाट संकलन गरिएको छ ।

- प्राथमिक तथ्याङ्कहरु विशेष गरी भू-उपयोगको अवस्था, विद्यमान सडक तथा भौतिक पूर्वाधारको अवस्था, आवासीय क्षेत्र, वातावरणीय अवस्था, प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं साँस्कृतिक महत्वका स्थल जस्ता विषयमा स्थलगत अवलोकन तथा परीक्षण, स्थानीय समुदायसँगको साक्षात्कार समेतबाट सूचनाहरु लिई प्राथमिक तथ्यांङ्क संकलन गरिएको छ ।
- प्राथमिक तथ्याङ्क संकलन गर्दा लक्षित समूहसँग छलफल (FGD), मुख्य सूचना कर्तासँग साक्षात्कार (KII), स्थलगत अवलोकन जस्ता विधि अपनाइएको छ ।
- गाउँपलिकाबाट २०७६ मा लिइएको घरधुरी सर्वेक्षणबाट प्राप्त विभिन्न तथ्यांङ्क र राष्ट्रिय जनगणना-२०७८ को विवरणहरुलाई द्वितीय श्रोतको रुपमा प्रयोग गरिएको छ ।
- गाउँपालिकाका विभिन्न शाखाहरुबाट सम्बन्धित विषयका द्वितीय स्तरका तथ्यांङ्कहरु लिइएको छ ।
- नेपालको सोह्रौ योजना, सन् २०३० सम्मको दीगो विकास लक्ष्य, लुम्बिनी प्रदेशको प्रथम र दोस्रो आवधिक योजना र पालिकाबाट प्रकाशित विभिन्न प्रकाशनहरु समेतबाट द्वितीय स्तरका तथ्याङ्कहरु संकलन गरिएको छ ।
- यस्तै गुगल अर्थ, गुगल म्याप, इन्टरनेट, विभिन्न वेवसाइट जस्ता सूचना प्रविधिको प्रयोग गरी द्वितीय स्तरका तथ्याङकहरु प्रयोगमा ल्याइएको छ ।
- गाउँपालिकाका विभिन्न प्रतिवेदन, राजपत्र, निर्णयहरु, विगतका योजनाहरु, गाउँपालिकाबाट तर्जुमा भएका कानूनहरु, नेपाल सरकारका विभिन्न निकायबाट लागू गरिएका मापदण्ड तथा निर्देशिका समेतलाई द्वितीय तथ्यांकको आधार मानिएको छ ।

### २.३.३ अध्ययन क्षेत्रको भ्रमण तथा स्थलगत सर्वेक्षण

अध्ययन टोलीले गाउँपालिकाको सबै ८ वटा वडाहरुको स्थलगत भ्रमण गरी स्थलगत सर्वेक्षण, छलफल तथा अवलोकनको माध्यमबाट तथ्याङ्क तथा जानकारी संकलन गरेको छ । यसरी संकलित तथ्यांकहरु छलफलबाट पुनः अध्यावधिक गरिएको छ । यस सन्दर्भमा मुख्य रुपमा गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरु-सडक, सञ्चार, विद्युत, सिँचाई, खानेपानी जस्ता संरचनाहरु र आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रको अवस्था बारे सर्वेक्षण, अवलोकन तथा स्थलगत जाँच गरी नक्सामा समेत परिमार्जन गर्ने कार्य गरिएको छ । स्थलगत भ्रमण तथा वडा कार्यालयहरुमा भएका छलफल तथा सर्वेक्षणबाट वडागत आवश्यकता तथा समस्याको पहिचान पश्चात विभिन्न विषयगत समितिहरुको वृहत भेलामा छलफल तथा अन्तरक्रिया गर्ने कार्य भएको छ ।

### २.३.४ योजना अवधारणा निर्माण

गाउँपालिकाबाट प्राप्त आवधाक योजना तर्जुमा गर्ने कार्यादेश बमोजिम यशोधरा गाउँपालिकाको आयोजनामा **२०८२ साल बैशाख ३० गते आवधिक योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण तथा कार्यशाला गोष्ठी** सञ्चालन गरी योजना तर्जुमा कार्य अगाडि बढाइएको थियो । अभिमुखीकरण कार्यक्रममा आवधिक योजना तर्जुमाको उद्देश्य, आवश्यकता एवं औचित्यता र योजना तर्जुमा प्रक्रिया बारे विषय विज्ञहरुबाट प्रस्तुती एवं सहजीकरण गर्नुका साथै गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरु सम्मिलित कार्यक्रममा आवधिक योजना तर्जुमाको औचित्य, योजना तर्जुमाका मूल्य मान्यता एवं प्रक्रियाहरुको

बारेमा सहभागिहरुलाई अभिमुखीकरण गरिएको थियो । साथै योजना तर्जुमा दिग्दर्शनमा तोकिए बमोजिम योजनातर्जुमाको लागि आवश्यक बिभिन्न ५ वटा विषयगत समितिहरु बारे छलफल गरिएको थियो । कार्यशाला गोष्ठीमा विषयगत विज्ञको सहजीकरणमा दीर्घकालिन सोच, गाउँ विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, अवसर तथा चुनौतीको बारेमा छलफल चलाइएको थियो । उक्त कार्यक्रममा गाउँपालिकाको अग्रणी क्षेत्रहरुको पहिचान, योजनाको नतिजा तालिका जस्ता विषयहरुको बारेमा समेत व्यापक छलफल तथा अन्तरकृया भएको थियो । यस कार्यक्रममा आवधिक योजनाको प्रारम्भिक प्रतिवेदन र कार्ययोजना समेत प्रस्तुत गरि आवश्यक राय सुझाव सहित कार्ययोजना पारित गरिएको थियो ।

### २.३.५ विश्लेषण

स्थलगत अवलोकन तथा अध्ययन, समूहगत छलफल (FGD), मुख्य सूचनाकर्तासँग साक्षात्कार (KII), विभिन्न दस्तावेजहरुको अध्ययन र पालिकाको तथ्यांक बैंकबाट द्वितीय स्तरका तथ्याङ्कहरु प्राप्त गरी तथ्यांङ्क भण्डारण, प्रशोधन गरी तथ्याङ्क विश्लेषण गरिएको छ । विश्लेषणमा परिमाणात्मक र गुणात्मक विधिको अवलम्बन गरिएको छ । यी तथ्याङ्कहरु मार्फत निम्न क्षेत्रगत अवस्थाको निम्नानुसार विश्लेषण गरिएको छ ।

**भौगोलिक अवस्थाको विश्लेषणः**

गाउँपालिकाको भौगोलिक अबस्थाको विश्लेषणमा यसको भू-अवस्थिति, भू-स्वरुप, नदीनाला, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ । साथै विश्लेषण गर्ने क्रममा भौगोलिक अवस्थितिले आर्थिक विकासमा पर्ने सकारात्मक प्रभाव र चुनौती समेतलाई ध्यानमा राखी क्षेत्रगत योजनाहरुका खण्डहरु गरिएका छन् ।

**सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण :**

जनसंख्याको वनोट, भाषा, धर्म, सँस्कृति, बसाइसराई, जनसंख्याको प्रक्षेपण जस्ता सामाजिक तथा साँस्कृतिक अवस्थाको विश्लेषण गरिएको छ । त्यसैगरी शिक्षा, स्वास्थ्य, सुरक्षा, वातावरणीय अवस्थाको जानकारी सहित आगामी दिनमा सामाजिक पूर्वाधारमा गर्नुपर्ने लगानी जस्ता बिषयमा समेत यो विश्लेषणबाट योगदान पुग्ने अपेक्षा गरिएको छ

**आर्थिक अवस्थाको विश्लेषण**

आवधिक योजना तर्जुमाको क्रममा गाउँपालिकाको विद्यमान आर्थिक अवस्था र भविष्यको प्रबृत्तिलाई समेत विश्लेषण गरिएको छ । पालिकाको समग्र आर्थिक विकासका लागि सञ्चालन गर्नुपर्ने विभिन्न कार्यक्रमहरु र यसमा विभिन्न साझेदार संस्थाहरुले खेल्ने भूमिका, आम्दानीका विभिन्न श्रोतहरु तथा सम्भावना बारे ध्यान दिइएको छ । यसका साथै गाउँपालिकाको विगत ३ वर्षको आयव्यय विवरणको आधारमा ५ वर्षको आम्दानी प्रक्षेपण गरी सो आधारमा योजनागत कार्यक्रम तर्जुमा तथा आवश्यक लगानीको निर्क्यौल गरिएको छ ।

**भौतिक तथा वातावरणीय अवस्थाको विश्लेषण**

भौतिक विकासका पूर्वाधारहरु-सडक तथा यातायात, विद्युत, सञ्चार, नदी नियन्त्रण, खानेपानी आदिको अध्ययन तथा विश्लेषण गरिएको छ । दीगो विकास र व्यवस्थापनका लागि वातावरणीय पक्षलाई समेत ध्यान दिइएको छ । वातावरणीय व्यवस्थापनमा खास गरी भू-क्षय, नदीखोला नियन्त्रण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन जस्ता पक्षमा अध्ययन गरी वातावरणीय असर न्यूनीकरणका लागि विभिन्न कार्यक्रमहरु तय गरिएका छन् ।

**सुशासन तथा सेवा प्रवाह अवस्थाको विश्लेषण**

यशोधरा गाउँपालिकाको संस्थागत सुशासनको अवस्था, गाउँपालिकाबाट जनतालाई उपलब्ध गराइएका विभिन्न सेवाहरु र ति सेवाहरुको प्रभावकारीता के कस्तो छ, सो सम्बन्धमा विश्लेषण गरिएको छ । विद्यमान दरबनदी अवस्था, कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास र वित्तीय सुशासन सम्बन्धमा पनि विविध विश्लेषण सहित कार्यक्रमहरु तय गरिएका छन् । न्याय प्रणालीको प्रभावकारीता, शान्ति सुरक्षाको सुदृढीकरण, अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार, तथ्यांक प्रणालीमा सुधार, नवीनतम प्रविधिको प्रयोग र विद्युतीय सुशासन जस्ता विषयहरुमा अध्ययन विश्लेषण गरिएको छ । सामुदायिक-गैसस-साझेदारी प्रक्रियालाई प्रभावकारी बनाउन विशेष सुझावहरु समेत दिइएको छ ।

### २.३.६ अन्तर तथा अपेक्षा पहिचान

विकास योजना तर्जुमाको क्रममा अवसर तथा चुनौतीको पहिचान गरी क्रमबद्ध रुपमा विश्लेषण गरिएको छ । योजना मान्यतामा प्राप्त अवसरहरुको अधिकतम उपयोग गर्ने र विद्यामान चुनौतीहरुलाई न्यूनीकरण गर्दै अघि बढ्ने रणनीति अपनाइन्छ । माथि प्रकरण २.३.५ अन्तरगत गरिएको विभिन्न पक्षको विश्लेषण र विद्यमान अवसर तथा चुनौतीहरु समेतको आधारमा गाउँपालिकाको विद्यमान अवस्थाबाट यशोधरावासीको आकांक्षा तथा आवश्यकता र यी आवश्यकता परिपूर्तिका लागि उपलब्ध हुन सक्ने (सम्भाव्य) श्रोत साधन समेतको विश्लेषण गरी अन्तर तथा अपेक्षा पहिचान गरिएको छ । छलफल तथा अन्तरक्रियाको क्रममा गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु तथा जनप्रतिनिधिहरु, कर्मचारीहरु, विज्ञसमूहसँगको छलफल तथा अन्तरक्रियाबाट स्थानीय आवश्यकता, सम्भावना, अवसर तथा चुनौतीको पहिचान भएको छ ।

### २.३.७ योजना दस्तावेज प्रस्तुती, छलफल तथा अन्तरक्रिया

#### २.३.७.१ योजना मस्यौदा प्रस्तुती छलफल तथा अन्तरक्रिया

योजना तर्जुमाका विभिन्न चरणहरुबाट प्राप्त विवरण तथा सूचनाहरु, सुझाव एवं निचोडका आधारमा **आवधिक योजना दस्तावेजको प्रारम्भिक मस्यौदा तयार गरी  २०८२ आषाढ ४ र ५ गते** आयोजना गरिएको विभिन्न सरोकारवाला पक्षहरु सहितको योजना तर्जुमा कार्यशाला गोष्ठीमा परामर्शदातृ संस्थाका विज्ञहरुको तर्फबाट व्यापक अन्तरक्रिया तथा छलफल गरी योजनाको प्रारम्भीक  मस्यौदामा छुटेका विषयहरुलाई उपलब्ध हुन सक्ने सम्भावित साधन श्रोतको आधारमा समेट्न र योजनालाई यथार्थपरक र कार्यान्वयनयोग्य बनाउन सुझाव प्राप्त भएको थियो । यी सुझाबहरुलाई समाबेश गरी आबधिक योजनाको अन्तिम मस्यौदा तयार गरिएको छ ।

#### २.३.७.२ आवधिक योजनाको अन्तिम दस्तावेज तयारी तथा प्रस्तुती

योजना मस्यौदा उपर योजना तर्जुमा कार्यशाला गोष्ठीबाट प्राप्त भएका विभिन्न सुझाव एवं पृष्टपोषणलाई समावेश गरी यशोधरा गाउँपालिका पाँच वर्षे आवधिक योजनाको अन्तिम दस्तावेज तयार पारिएको छ । आवधिक योजनामा योजनाविद् एवं विषय विज्ञहरुको सुझाव लिई स्थानीय तहको अधिकार एवं दायित्व सम्बन्धी विषयहरुका साथै प्राविधिक पक्षलाई समेत समेटी तार्किक र वस्तुनिष्ठ रुपमा **अन्तिम रुप दिई कार्यपालिकाको बैठकमा २०८२ आषाढ १७ गते प्रस्तुत गरिएको** थियो । यशोधरा गाउँपालिकाका विभिन्न सरोकारवाला पक्षहरुको सहभागीतामा योजना तर्जुमा गरिएकोले यस योजनाको कार्यान्वयनमा पनि सम्बद्ध सबै पक्षको अपनत्व हुने अपेक्षा गरिएको छ ।

## २.४ योजना तर्जुमाका मार्गदर्शक आधारहरु

गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्दा निम्न प्रक्रियागत तथा नीतिगत आधार लिइएको छ।

**प्रक्रियागत आधार**

- यो आवधिक विकास योजना तर्जुमा गर्दा सहभागीतामूलक पद्धतिलाई अवलम्बन गरिएको छ।
- भू-उपयोग योजना र त्यसको विश्लेषण गर्दा आधुनिक प्रविधिको प्रयोग गरिएको छ।
- क्षेत्रगत र क्षितिजीय अध्ययन गरी अवसर र चुनौतीहरुको विश्लेषण गरिएको छ।
- भौतिक संरचनाहरुको अनुमानित लागत तयार गर्दा वर्तमान दररेट अनुसार परिमाणात्मक रुपमा उल्लेख गरिएको
- गाउँपालिका क्षेत्रको अवस्था एकीन गर्दा स्थानीय समुदायसँगको छलफल र प्रत्यक्ष अवलोकनको आधार लिइएको
- मुख्य-मुख्य आयोजनाहरु सरोकारवालहरुसँगको समुहकार्य, छलफल, साक्षात्कारबाट पहिचान गरिएको छ।
- स्थलगत सर्वेक्षण, अन्तरक्रिया र विभिन्न विषयगत समितिहरुसँगको व्यापक छलफल तथा अन्तरक्रियाबाट प्राप्त निष्कर्षलाई आधार बनाइएको छ।
- आवधिक योजनाको बजेट अनुमान गर्दा गाउँपालिकाको विगतको वित्तीय अवस्था र श्रोत परिचालनको विश्लेषण सहित अगामी ५ वर्षका लागि बजेट प्रक्षेपण गरिएको छ।
- दीगो विकासका लक्ष्यहरु र संघ तथा प्रदेशका योजना तथा कार्यक्रमहरुसँग तादात्म्यता कायम गर्ने प्रयत्न गरिएको
- विकास योजनाहरुको क्षेत्रगत बाँडफाँड र सन्तुलनलाई ध्यानमा राखिएको छ।
- गाउँपालिकाले आफ्नो समृद्धिका लागि लिएको सोँच, लक्ष्य र रणनीतिहरुलाई आवधिक योजनामा मार्गदर्शक आधारको रुपमा राखिएको छ।

**नीतिगत आधार**

- नेपालको संविधान, २०७२ अनुसार स्थानीय तहका लागि व्यवस्थित गरिएका अधिकार र दायित्व सम्बन्धी व्यवस्थालाई मुख्य मार्गदर्शक आधारमा लिएको छ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-६, दफा २४ को व्यवस्था अनुसार स्थानीय तहलाई निक्षेपित अधिकारहरुको कार्यान्वयनका लागि योजना निर्माण गर्नुपर्ने व्यवस्थालाई मार्गदर्शक आधार मानिएको छ।
- पन्ध्रौं योजना (०७६/७७-०८०/८१), राष्ट्रिय योजना आयोग।
- साह्रौ योजना (२०८१/०८२-२०८५/०८६), राष्ट्रिय योजना आयोग।
- दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६), प्रदेश योजना आयोग, लुम्बिनी प्रदेश।
- दिगो विकासका लक्ष्यहरू (२०१६-२०३०)
- राष्ट्रिय अनुगमन तथा मूल्याकंन दिग्दर्शन, २०७५
- राष्ट्रिय भू-उपयोग नीति, २०७२ तथा भू-उपयोग ऐन, २०७६
- भू-उपयोग नियमावली, २०७९
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरु
- राष्ट्रिय योजनाबाट जारी भएको स्थानीय तहको योजना तर्जुमा दीग्दर्शन २०७८।
- गाउँपालिकाका विगत ३ वर्षका वार्षिक योजना तथा कार्यक्रमहरु।

## २.५ यशोधरा गाउँपालिकाको समृद्धिको आधार

यशोधरा गाउँपालिकाको भू-बनोट, विविधतायुक्त प्रकृति तथा संस्कृति, प्राकृतिक श्रोत/साधन, उर्वर कृषि भूमि, प्राकृतिक सौन्दर्यता तथा जैविक विविधता, विभिन्न सम्पदाहरुको व्यवसायिक उत्पादनको सम्भाव्यता, क्रियाशील जनशक्ति, निर्वाचित जनप्रतिनिधिहरुको राजनैतिक अठोट र इच्छाशक्ति, संघ, प्रदेश र स्थानीय सरकार बीचको विकास प्रतिको आपसी तादाम्यता र सहयोग जस्ता पक्षहरु यस गाउँपालिकाको आर्थिक समृद्धिको आधारको रुपमा रहेका छन्। यी आधार र अवसरहरुको कुशल परिचालनबाट मात्र यो गाउँपालिका समृद्धि तर्फ अघि बढ्न सक्ने देखिएको छ। **"शिक्षा, स्वास्थ्य, कृषि तथा गुणस्तरिय भौतिक पूर्वाधार, समृद्ध यशोधराको आधार"** भन्ने दीर्घकालीन सोंच लिएको यस यशोधरा गाउँपालिकालको समृद्धि प्राप्तीका लागि शिक्षा, स्वास्थ्य, कृषि तथा भौतिक पूर्वाधारको क्षेत्रलाई प्राथमिकतामा राखी योजनमा विषय क्षेत्रगत कार्यक्रमहरु तय गरिएका छन्।

# परिच्छेद-३

# विगतका योजनाको क्षेत्रगत समीक्षा तथा स्थिति विश्लेषण

**पृष्ठभूमि**

साढे छ दशक लामो योजनाबद्ध विकासको अवधिमा राष्ट्रिय स्तरमा ११ वटा पञ्चवर्षीय योजना र पाँचवटा त्रिवर्षीय योजना कार्यान्वयनमा आए । चालु सोह्रौ योजनाको सोँच **सुशासन, सामाजिक न्याय र समृद्धि** रहेको छ । यस योजनाका ३ वटा उद्देश्यहरु, चारवटा समष्टिगत रणनीतिका साथै १३ वटा संरचनात्मक रुपान्तरणका प्रमुख क्षेत्रहरु तोकिएका छन् । योजनालाई परिणाममुखी बनाउन सुशासन, सामाजिक न्याय र समृद्धि तर्फका राष्ट्रिय लक्ष्यका विविध सूचकाङ्कहरु परिमाणात्मक लक्ष्यका रुपमा उल्लेख गरिएका छन् । दीर्घकालीन सोँचका राष्ट्रिय लक्ष्यहरु पूरा गर्न उच्च आर्थिक वृद्धिदरका लागि कृषि क्षेत्रमा रहेको ठूलो जनशक्तिलाई उद्योग र सेवा क्षेत्र तर्फ रुपान्तरण गर्ने उद्देश्य रहेको छ । पन्ध्रौं पञ्च वर्षीय योजनाको दीर्घकालीन सोँच अनुसार आधार वर्ष २०७५/०७६ मा नेपालको प्रति व्यक्ति राष्ट्रिय आय १०४७ अमेरिकी डलर रहेकोमा वि.सं.२१०० सम्म प्रति व्यक्ति आय १२ हजार १ सय अमेरिकी डलरमा पुऱ्याई नेपाललाई उच्च आयस्तर भएको मुलुकमा स्थापित गर्ने लक्ष्य राखिएको छ ।

राष्ट्रिय योजनाले राखेका लक्ष्यहरु प्राप्तीका लागि प्रादेशिक र स्थानीय सरकारले बनाएका आवधिक योजनाका लक्ष्यहरु पनि त्यसै तर्फ उन्मुख हुनुपर्दछ । नेपालको संविधान, २०७२ बमोजिम राज्यको पुनर्संरचना पश्चात लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको अवधि समाप्त भई दोस्रो आवधिक योजना (०८१/८२-०८५/०८६) कार्यान्वयनमा ल्याएको छ । **समृद्ध लुम्बिनीः खुसी नागरिक** भन्ने प्रदेशको दीर्घकालीन सोँचलाई साकार गर्न प्रादेशिक लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र परिमाणात्मक लक्ष्यहरु निर्धारण भएका छन् । आधार वर्ष २०८०/०८१ मा ४.०५% रहेको कूल ग्राहस्थ उत्पादनलाई योजनाको अन्तिम वर्ष सम्म ७.१६% पुऱ्याउने, निरपेक्ष गरिबीको रेखामुनी रहेको २४.३५% जनसंख्यालाई अन्तिम वर्षसम्म १५% सम्ममा झार्ने, प्रदेशका जनताको प्रति व्यक्ति आय ११७२ डलरबाट १५४८ डलरमा पुऱ्याउने, १५ वर्ष माथि उमेरको साक्षरता दर ९८% पुऱ्याउने, बालमृत्यु दरलाई प्रतिहजार ४१ बाट घटाएर २२ मा झार्ने, खानेपानी र विद्युतीकरण भएका घर संख्या १००% पुऱ्याउने, सिंचित क्षेत्रलाई ५५.७% बाट बढाएर ७०% पुऱ्याई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, सडकको लम्बाई १७२०० कि.मी. पुऱ्याउने र सम्पूर्ण सडक मध्ये पक्की सडकको लम्बाई २४५० कि.मी.बाट बढाएर ३६०० कि.मी. पुऱ्याउने जस्ता परिमाणात्मक लक्ष्यहरु निर्धारण गरिएका छन् । यशोधरा गाउँपालिका आफ्नो क्षेत्रको सन्तुलित विकासका लागि प्रदेश र संघले राखेका लक्ष्यहरुलाई आत्मसात गर्दै जन-आवश्यकताको पहिचान, प्राथमिकीकरण, श्रोत साधनको खोज र परिचालन मार्फत यहाँका जनताको आय र जीवनस्तरमा सुधार गर्न परिलक्षित छ । त्यसका लागि विकासका हरेक क्रियाकलापमा पारदर्शीता, जवाफदेहिता र सुशासन कायम गर्नमा पालिकाको अहं दायित्व हुन्छ । आवश्यक तथ्यांकहरुको अभिलेखीकरण व्यवस्थित नहुँदा पालिकाबाट उपलब्ध आर्थिक वर्ष २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ का वार्षिक विकास योजनामा विनियोजन गरिएका बजेटलाई आधार मानी विगत ३ वर्षका योजनाको निम्नानुसारको क्षेत्रगत समीक्षा र स्थिति विश्लेषण गरिएको छ ।

## ३.१ जनसंख्या विश्लेषण

विकासको स्तर मापन गर्ने प्रमुख सूचक मानव विकास सूचकांक हो । आधार आर्थिक वर्षमा यशोधरा गाउँपालिकाका जनताहरुको औषत आयु, गाउँपालिकाका जनताहरुको शिक्षाको स्तर र त्यहाँका जनताहरुको वार्षिक आम्दानीको यथार्थ

चित्रणबाट मानव विकास सूचकांक निकाल्न सकिन्छ। विकास योजनाका समग्र पक्षहरुको विश्लेषण सहित आवधिक योजना तर्जुमा गर्दा विद्यमान जनसंख्या, बसाइसराईबाट जनसंख्या परिवर्तनमा पर्ने चाँप, जनसंख्या वृद्धिदर र माग र आपूर्ती समेतलाई विश्लेषण गरी योजना तर्जुमा गर्नुपर्ने हुन्छ। राष्ट्रिय जनगणना-२०६८ र राष्ट्रिय जनगणना-२०७८ को जनसंख्या सम्बन्धी तथ्यांकलाई आधारमानी जनसंख्या वृद्धिदर निकाल्दा १.५३% हुन आउँछ।

$$\text{वृद्धि हुने जनसंख्या प्रतिशत दर} = \frac{\dfrac{\text{२०७८ को जनसंख्या - २०६८ को जनसंख्या}}{\text{२०६८ को जनसंख्या}}}{\text{वर्षको अन्तर}} \times १००$$

उपरोक्त तथ्यांकले यशोधरा गाउँपालिकाको जनसंख्याको केही बढ्दो प्रवृति देखाउँछ। पालिकामा रहेको ब्यक्तिगत घटना टर्ता बिबरणलाई हेर्दा २०८१ मा बसाई सरी आउने जनसंख्या भन्दा बसाई सरी जाने जनसंख्या बढी देखिन्छ। बिद्यमान रहेको जनसंख्यालाई आवश्यक खाद्य सुरक्षा, आवास, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक जस्ता सेवा तथा पूर्वाधारहरुको सहज व्यवस्थापन र आपूर्ति गरी बसाइसराई गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने चुनौती देखिन्छ। साथ-साथै वातावरण संरक्षण, जलवायु परिर्वतन तथा अनुकूलन, विपद् व्यवस्थापन, सामाजिक समावेशीकरण, संस्थागत क्षमता विकास जस्ता पक्षहरुमा योजनाबद्ध ढङ्गले अघि बढी व्यवस्थापन गर्नु पनि त्यत्तिकै आवश्यक छ। तसर्थ गाउँपालिकाले न्यूनतम रुपमा उक्त जनसंख्याको माग र बसाइसराईको प्रवृति विश्लेषण गरी योजना तर्जुमा गर्दा बढी व्यवहारिक हुनेछ। गाउँपालिकाको विगत ३ वर्षको क्षेत्रगत योजनाहरुको समीक्षा तथा स्थिति विश्लेषण निम्नानुसार गरिएको छ।

### ३.२ आर्थिक विकास

नेपालको संविधान २०७२ ले प्रत्येक नेपालीलाई खाद्य सम्प्रभूताको हक हुने उल्लेख गरेपनि लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना अनुसार प्रदेशका १०.२% घर परिवार गम्भिर खाद्य असुरक्षामा रहेको उल्लेख गरिएको छ। दीगो विकास लक्ष्यमा नेपाल पक्षबाट हस्ताक्षर भएको २०३० सम्म शून्य भोकमरीको प्रतिबद्धता पूरा गर्न मद्दत हुने अपेक्षा गरिन्छ।
यशोधरा गाउँपालिकामा अधिकांश मानिसहरु कृषि तथा पशुपालनमा निर्भर छन्। कृषिलाई यान्त्रिकरण गर्न आवश्यक उपकरणहरु, वीउ विजन वितरण, कृषि मेला आयोजना जस्ता कार्यक्रम संचालन गरिएको छ। त्यसैगरी पशु आहार बिकास कार्यक्रम, पशु स्वास्थ्य कार्यक्रम लगायत बिभिन्न कार्यक्रम मार्फत कृषकहरुलाई सहयोग पुऱ्याउदै आएको देखिन्छ। कृषकहरुलाई बिधामा तालिम प्रदान गरिएको छ। यस यशोधरा गाउँपालिकामा कार्यक्षेत्र बनाई बिभिन्न गैर सरकारी संस्थाहरुको सहयोगमा कृषि तथा पशुपालन सम्वन्धी बिबिध कार्यक्रमहरु संचालनमा रहेका छन्। युनाइटेड मिसन टु नेपाल को सहयोगमा दलित सामाजिक बिकास केन्द्र, BMZ/WHH को सहयोगमा फरवार्ड र कालिका स्वावलम्वन सामाजिक केन्द्र, सचेन करुणा जस्ता गैर सरकारी संस्थाहरुको साथ र सहयोगमा कृषि तथा पशुपालनको क्षेत्रमा आगामी दिनहरुमा समेत कृषि तथा पशुपालन क्षेत्रमा बिबिध कार्यक्रम संचालन गर्न सकिने संभावना रहेको छ।
यशोधरा गा.पा.मा ९६ प्रतिशत कृषि भूमि र ७५ प्रतिशत जनसंख्याको मुख्य पेशा कृषि भएता पनि व्यवसायिक रुपमा कृषि तथा पशु क्षेत्रलाई यहांका किसानले अंगाल्न सकेका छैनन्। कृषि तथा पशु व्यवसाय निर्वाहमुखी अर्थात घरपरिवार चलाउने किसिमको पाईएको छ। तराईको सम्मथर भुभाग, सिंचाईको संभावना, मलिनो माटो, सडकहरुका पहुंच भएको, वजारको नजिक, यूवा जनशक्ति भएको, भारतिय सिमानामा पर्ने आदी हरेक दृष्टिले यो गा.पा. ले कृषि तथा पशु क्षेत्रको विकासलाई जुन रुपले ध्यान दिनु पर्ने हो सो अनुसार दिईएको पाईदैन। गाउँमा रोजगारीको थपअवसर नपाउँदा अधिकांश यूवाहरु रोजगारीको खोजीमा विदेश जाने क्रम वढ्को देखिन्छ। यस गाउँपालिकामा उद्योग धन्दाहरु पनि विस्तार भएको पाईदैन। जसले गाउँपालिकाको आन्तरीक आयलाई समेत असर परेको देखिन्छ।

यशोधरा गाउँपालिकामा धरै मात्रामा वित्तिय तथा कृषि  सहकारीहरु छन् । कृषि सहकारी संस्था तथा समूह मार्फत कृषि, पशुपालन र आयआर्जनका कियाकलापहरु गरिएका छन् । यी सहकारीहरुले कृषि, पशुपालन तथा व्यापार-व्यवसाय प्रवर्द्धनको क्षेत्रमा सेवा दिइरहेका छन् । सहकारीहरुमा बचत तथा ऋण सहकारी, बहुउद्देश्यीय सहकारी, कृषि र पशुपालन सम्बन्धी महिला उद्यमी सहकारी, तथा साना किसान कृषि बहुउद्देश्यीय सहकारीहरु छन् । अधिकांश सहकारीहरुमा महिला तथा दलित, मस्लिम, जनजातीहरुको आबद्धता रहेकोले रोजगारी र लगानीबाट सहकारी मार्फत आत्मनिर्भर हुँदै जान सकिने अवस्था बिद्यमान छ ।

विगत तीन वर्षको योजनामा स्थानीय श्रोत र कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गरी लघु तथा साना उद्योग स्थापना गर्ने नीति, सञ्चालित उद्योगहरुको प्रवर्द्धन कार्यक्रम, निजी क्षेत्रलाई लगानीमैत्री बनाई प्रतिस्पर्धी औद्योगिक वातावरण कायम गरी औद्योगिक वस्तुको उत्पादन र रोजगारी बढाउन निजी क्षेत्रलई आकर्षित गर्ने कार्यक्रम, हस्तकला, शील्पकलाको संरक्षण र प्रवर्द्धन गरी परम्परागत सीपलाई जर्गेना गर्ने कार्यक्रम जस्ता कार्यक्रमहरुमा गाउँपालिकाले सामान्य बजेट छुट्याइएको देखिन्छ । लघुउद्यम कार्यकम अन्तर्गत विभिन्न उद्यमीहरुहको पहिचाहन गर्ने, उद्यमशिलता सम्वन्धी तालिमको आयोजना गर्ने तथा व्यवसाय संचालनमा सहयोग गर्ने जस्ता कृयाकलापहरु संचालन गरिएको भएतापनि ति पर्याप्त भने छैनन् ।

समग्र रुपमा विगतका बार्षिक विकास योजना मार्फत गाउँपालिकाले केही सकारात्मक कार्यक्रमहरु अघि बढाएको छ, तर पनि निम्न विषयहरुमा ध्यान पुऱ्याउन सकिएको छैन ।

- यसै आ.व मा भू-उपयोग योजना तर्जुमा गरीदै गरिएको तर कार्यान्वयनमा ल्याई सकिएको छैन ।
- लगानी प्रतिफल विश्लेषण गरिएको छैन ।
- कृषि र पशु पकेट क्षेत्रसम्वन्धी खास प्रगति देखिएको छैन ।
- पर्यटन योजना निर्माण हुन सकेको छैन ।
- व्यापार तथा बाणिज्य क्षेत्रसँग सम्बन्धित विशिष्टीकृत अभिलेख राख्न सकिएको छैन ।
- गरिबी निवारण र रोजगारी सिर्जना गर्ने ठोस योजना तर्जुमा भएको छैन ।
- सहकारी तथा उद्योग क्षेत्रको विकासका लागि ठोस कार्यक्रम ल्याउन सकिएको छैन ।
- बेरोजगार युवाहरु रोजगार हुन चाहाने तर आवश्यक पूँजीका लागि सहयोग पुग्ने बिउ पूँजीको व्यवस्थापन गर्ने जस्ता कार्यक्रमहरु राख्न सकिएको छैन ।

### ३.३ सामाजिक विकास

यशोधरा गाउँपालिकाको दीर्घकालिन सोच **"शिक्षा,स्वास्थ्य, कृषि र गुणस्तरिय भौतिक पूर्वाधार, समृद्ध यशोधराको आधार"** तय गरिएको छ । समृद्धि प्राप्तीको लागि गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि तथा भौतिक पूवार्धारलाई उत्तिकै महत्वका साथ हेरेको देखिन्छ । शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका क्षेत्रमा सामाजिक रुपमा बञ्चितिमा परेका तथा आर्थिक रुपमा पछाडि परेका समुदायलाई विकासको मूलधारमा नल्याउदा सम्म दीगो विकासको लक्ष्य पूरा हुन सक्दैन ।

यस गाउँपालिकाको स्वास्य तर्फको विगतका वर्षहरुको अवस्था विश्लेषण गर्दा आवश्यकता अनुसारको स्वास्थ्यकर्मीको व्यवस्था गरेको छ। नेपाल सरकारले प्रदान गर्ने औषधी वाहेक थप औषधीको व्यवस्था गरेको छ। प्रत्येक वडाहरुमा स्वास्थ्य चौकीहरु रहेका तथा सम्वीन्धत स्वास्थ्य चौकीहरुबाट सेवा प्रवाह गर्ने गरिएको भएता पनि प्रसुति सेवा जस्तो अत्यावश्यक

सेवालाई आभारभूत अस्पतालमा मात्र सिमित गरिएको तथा केवल ३ वटा स्वास्थ्य चौकीमा मात्र प्रयोगशाला सेवा उपलब्ध हुनाले स्वास्थ्य क्षेत्रमा उल्लेख्य प्रगलि गर्न सकेको देखिदैन । वार्षिक रुपमा असक्त, असाहय, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई घरदैलो मै स्वास्थ्य परीक्षण गर्ने, आवश्यकता अनुसार औषधी र पोषकतत्व वितरण गर्ने कार्य गर्दै आएको छ। गाउँपालिकाको ८ वटै स्वास्थ्य संस्थामा नियममित विद्युत सहित इन्टरनेटको प्रवन्ध व्यवस्था गरिएको छ। गाउँपालिका भित्र हाल ३ वटा एम्बुलेन्स सञ्चालनमा रहेकाछन् ।

अनिरुद्र पब्लिक माध्यमिक विद्यालयमा ईन्टरनेट सहितको कम्प्यूटर ल्यावको व्यवस्था भएको छ । गाउँपालिकाले स्मार्ट बिद्यालयको अवधारणलाई आत्मसाथ गरी कार्यक्रम संचालनमा ल्याएको छ । विद्यालयमा शिक्षण सिकाईमा बालमैत्री अभ्यासको थालनी भएको र विद्यालयको अतिरिक्त वडा हुंदै पालिकालाई बालमैत्री बनाउने गरी कार्य अगाडी वढाईको छ । समुदाय स्तरमा समुदायमा आधारीत बाल बिकास केन्द्रहरु संचालनमा रहेकाछन् । सबै विद्यालयहरुमा खानेपानी र शौचालयहरु निर्माण भएका छन् । जेहेन्दार विद्यार्थिलाई प्रोत्साहन गर्ने कार्यकम राखिएको छ । अनिरुद्र पब्लिक माध्यमिक विद्यालयमा वाली विज्ञान विषयको (९-१२ कक्षामा) पढाई भईरहेको छ । शिक्षकहरुलाई विषयगत तालिमहरु, कम्प्यूटर र लेखा व्यवस्थापन तालिम सञ्चालन गरिएको छ । यस यशोधरा गाउँपालिकामा कार्यक्षेत्र बनाई बिभिन्न गैर सरकारी संस्थाहरु मार्फत शिक्षा क्षेत्रका बिबिध कार्यक्रमहरु संचालनमा रहेका छन् । सचेन करुणा मार्फत शिक्षा र बातावरण कार्यक्रम, कालिका स्वावलम्वन सामाजिक केन्द्र मार्फत गुणस्तरिय सिकाईका लागि बिद्यालय शिक्षा योजना तथा सन्साईन सामाजिक बिकास संस्था मार्फत बिद्यालय शिक्षामा सामुदायिक सहकार्य जस्ता कार्यक्रमहरु संचालनमा रहेका तथा यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिन आवश्यक रहेको देखिन्छ ।

गाउँपालिका भित्र रहेका स्थानीय कला, संस्कृति, परंपरागत भेषभुषा र रहनसहनको जगेर्ना गर्न वडा तथा पालिकास्तरवाट वजेट विनियोजन गरी कार्यान्वयन गरिएको छ। सामाजिक सुरक्षा सम्वन्धी रकमहरु वैंक खाता मार्फत उपलब्ध गराइएको छ । लैगिक हिंसा विरुद्ध १६ दिने अभियान, लक्षित समूदाय र वर्गका कार्यक्रमहरु समावश गरी जातीय मौलिकतालाई सम्मान गर्दै पालिकाभित्रका कार्यालयहरुमा समावेशीकराणलाई जोड दिइएको छ।

बिभिन्न लक्षित बर्गहरुमा सामाजिक न्यायको सुनिश्चितता कायम गर्न यशोधरा गाउँपालिकाले महिला, बालवालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका नागरिक, दलित, आदिवासी/जनजाति लगायत बिपन्न तथा सामाजिक रुपमा बञ्चितीमा रहेका समुदायको आर्थिक तथा सामाजिक बिकासका लागि बिभिन्न आय आर्जन तथा रोजगारमुलक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको देखिन्छ। युवाहरुको शारीरिक तन्दुरुस्ती र युवा उर्जालाई गतिशील बनाउन खेलमैदान निर्माण गर्न बजेट विनियोजन गरी कार्यान्वयन गरेको छ। वडास्तरमा केही साना खेल मैदान निर्माण भएका छन्। पछाडी परेको बर्गको उत्थानका लागि विशेषत उनीहरुको क्षमतामा अभिबृद्धि गरी शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका क्षेत्रहरुमा उनीहरुको पहूँच अभिबृद्धि गर्न आगामी दिनहरुमा समेत थप कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कका आधारमा गाउँपालिकाका करिव ९७ प्रतिशत घरघुरीले ट्यूवेल/हातेपम्पको पानी प्रयोग गरेको देखिन्छ। लुम्बिनी प्रदेश सरकारको सहयोगमा गाउँपालिकाका ४ स्थानमा गाउँपालिकाबासिको घर आगनमा शुद्ध खानेपानी बितरण हेतुले ओभर हेड टंकीहरुको निर्माण कार्य सम्पन्न गरिएता पनि बिबिध कारण देखाई पाइपलाइनको बिस्तार हुन नसक्दा योजनाहरु अलपत्र अवस्थामा रहेकाछन्। त्यसैगरी शौचालय निर्माण तथा प्रयोगको अवस्था दयनिय रहेकोछ । २०७८ को तथ्यांक अनुसार शौचालय नभएको घरको संख्या ३५ प्रतिशत रहेको छ । गाउँपालिका तथा

वडाकार्यालयहरुमा भएको छलफलबाट ग्रामिण क्षेत्रमा शौचालय प्रयोग गर्नेको प्रतिशत दिन प्रतिदिन घट्ने क्रममा रहेको छ। अतः आगामी दिनमा गाउँपालिकाले खानेपानी तथा सरसफाईको क्षेत्रमा ठोस कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

## ३.४ भौतिक पूर्वाधार

यशोधरा गाउँपालिकाको दीर्घकालीन सौँचले शिक्षा, स्वास्थ्य, कृषि का साथै गुणस्तरिय भौतिक पूर्वाधार विकासमा जोड दिएको छ। भौतिक पुर्वाधार तर्फ सडक पूर्वाधारमा गाउँपालिकाको वडा नं ५ र वडा नं ७ को मर्यादपुर बोर्डर देखि सुरुहुने खुनुवा-तौलिहवा सडक खण्डको करिव ३ कि.मी कालो पत्रे सडक यसै गाउँपालिका हुदै गएको छ। संघिय तथा प्रदेश सरकार मार्फत बिभिन्न सडक खण्डको निर्माण कार्य भइरहेको छ। नयां सडक निर्माण र स्तरउन्नती गर्दा अनिवार्य रुपमा वजेटको ५ प्रतिशत सडक संरक्षणमा विनियोजन गर्ने नीति वनाईएको छ। सडक छेउछाउमा वृक्षारोपण गरी हरीयाली प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने गरी कार्ययोजना अधि बढाउन लागिएकोछ। सिचाई तर्फ यशोधरा गाउँपालिका तराईको समथर भू-भागमा पर्ने र यहाँको करिव ९६.५७% भू-भाग कृषि योग्य भूमिको रुपमा रहेको छ। अत्यन्तै धेरै भू-भाग कृषि योग्य जमिन भएतापनि सिंचाईको अभावमा आसातित उत्पादन भने हुन सकेको छैन। गाउँपालिकाको वडानं २ देखि ८ सम्मका अधिकांस भू-भागमा बाणगंगा सिंचाईको नहरको सिंचाई सुविधा उपलब्ध रहेकोमा बर्षा याममा यसको उपयोग भएता पनि मुहानमै पानीको अभाव तथा जिर्ण नहरहरुका कारणबाट पर्याप्त उपभोग गर्न सकिएको अवस्था भने छैन। बाँणगंगा सिंचाई बाहेक गाउँपालिका क्षेत्र भै बग्ने महसिया नाला तथा जमुवार नालाका बिभिन्न स्थानहरुमा स-साना बाँधहरु निर्माण गरी सिंचाई सुविधा उपलब्ध गराउन सकिने अवस्था भने बिद्यमान छ। गाउँपालिकाले कृषकलाई व्यवसायिक खेति तर्फ उन्मुख गराउने, सिँचाईको अभाव भएका क्षेत्रमा आकाशे पानी संकलन तथा भरण पोखरी निर्माणगरी सिँचाई कार्यक्रम सञ्चालन गर्ने, लिफ्टिङ प्रविधिद्धारा सिँचाई गर्ने नीतिगत व्यवस्था गरी कृषियोग्य भूमिको सम्पूर्ण क्षेत्र सिँचित गर्न सक्ने अवस्था बिद्यमान छ।

सर्वसाधारणको चेतना जगाउन र सूचना प्रवाह गर्न सञ्चार जगतले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। आम सञ्चारका माध्यमका रुपमा रहेको रेडियो, टि.भी., पत्रपत्रिका, फोन, इमेल र इन्टरनेटको विस्तारले बहु-आयामिक विकासमा टेवा पुऱ्याउँछ। सञ्चारमैत्री सरकार र विकासमैत्री सञ्चारको अवधारणा अनुरुप यशोधरा गाउँपालिकाले सन्दर्भ सामाग्रीहरुको प्रकाशन र एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिका लगायतका सञ्चार माध्यमसँगको सहकार्यमा जोड दिदै आएको छ र स्थानीय सञ्चारकर्मीलाई त्यस्ता सामाग्री तयार गर्न प्रोत्साहन दिदै आएको छ। सूचना प्रविधि अन्तर्गत अनलाईन घटनादर्ता, स्वास्थ्य तथा शिक्षाको अनलाईन रिपोटिङ प्रणालीको विकास भएको छ। गाउँपालिकाको कतिपय स्थानहरुका दुरसञ्चार सेवा अर्थात मोवाइल सेवाको गुणस्तर सुधारको लागि तत् सम्वन्धी सेवा प्रदायक कम्पनीहरुसंगको समन्वयमा रिपिटर टावरहरु र व्याट्री व्याकअपको व्यवस्था गरिएको छ। योजना अनुगमनका लागि गाउँपालिकाका शाखा अनुसार कार्ययोजना तय गरि कार्यान्वयन र अनुगमन गर्ने गरिएको छ। योजना कार्यान्वयन अघि उपभोक्ता समितिलाई तालिम दिइने गरिएको छ।

दीगो विकास लक्ष्यमा समावेशी र दीगो शहरीकरण गर्ने, सबैलाई सुरक्षित, प्रयाप्त र क्षमता भित्र रहने गरी आवासको व्यवस्था गर्ने, शहरी गरिबीलाई कम गर्ने, सबैलाई हरियाली र खुला ठाउँ उपलब्ध गराउने विषयहरु उल्लेख छ।

गाउँ पालिकाले निम्न विषयहरुमा बिषेश ध्यान पुऱ्याउन आवश्यक देखिन्छ।

- पालिकाको भू-उपयोग योजना तर्जुमाको चरणमा रहेकोले यसको कार्यान्वयनमा जोड दिनुपर्ने।
- सबै वडा तथा बस्ती तकमा बाह्रै महिना यातायात सञ्चालन हुने गरी सडकलाई स्तरोन्नतीको व्यवस्था गर्ने।

- गाउँपालिकाको बस्ती बिकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्गाउने ।
- तत्काल स्थानीय भवन निर्माण मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याउने ।
- सडकहरुको दायाँ बायाँको क्षेत्र तोकी स्वही अनुसार सडक निर्माणलाई अगाडी बढाउने ।

## ३.५ वन, वातावरण तथा विपद् व्यवस्थापन

### वन क्षेत्रको अवस्था

यशोधरा गाउँपालिकाको भु उपगोग अवस्था विस्लेषण गर्दा वन क्षेत्र यस गाउँपालिकामा रहेको देखिदैन । यशाधेरा गाउँपालिकाको भू-भाग तराइको समथरमा पर्ने तथा भू-उपयोग योजना २०८२ अनुसार करिव ९२.७४% भू-भाग कृषि योग्य भूमिको रुपमा रहेको एवं २.९२% भू-भाग पोखरी, नदी, खोला क्षेत्र, अन्य (झाडी, घासे मैदान क्षेत्र क्षेत्रहरुले ओगटेको अवस्था छ । गा.पा.मा वन क्षेत्र नभएता पनि निजी वनको विकास गर्नुका सार्थ सार्वजनि स्थल, खालि क्षेत्रहरुमा वृक्षारोपण गरि हरियाली कायम गर्न सकिने प्रसस्त संभावना छ । यसैगरी उद्योगजन्य विरुवाहरु निजि जमिनमा लगाई रोजगारी र आय आर्जन गर्न सकिने संभावना पनि रहेको छ । २०७८ को राष्ट्रिय जनगणना अनुसार २६.४ प्रतिशत जनसंख्याले खाना पकाउने इन्धनको रुपमा काठ दाउराको प्रयोग गरेवाट वन जंगल नभएता पनि रुख विरुवा, झाडी र कृषि जन्य विरुवाहरुवाट काठ दाउराको उपयोग गरिएको छ भन्ने अनुमान गर्न सकिन्छ । यि वोट विरुवाहरुले गा.पा.मा हरियाली वनाउने र स्वच्छ वातावरण कायम गर्न सहयोग पुगेको छ ।

### जलाधर क्षेत्र

यशोधरा गा.पा.मा २.९२% भू-भाग पोखरी, नदी, खोला क्षेत्र, अन्य (झाडी, घासे मैदान क्षेत्र क्षेत्रहरुले ओगटेको अवस्था छ । यस गा.पा.मा मुख्य ताल र पोखरीको संख्या ३० रहेको छ । गा.पा.को वडा नं १ मा रहेका पोखरीहरुमा क्रमशः परिनहवा, परिहवा, तितिर्खा, राजवापुर, स्कूल पोखरी र तालमा चमरवनिय ताल रहेका छन् । वडा नं २ मा कालीभाई थान पोखरी, वडा नं ३ मा वसन्तपुर पोखरी, वडा कार्यालय पोखरी, लौहरौली पोखरी, हररेवा कोटको पोखरी, वडा नं ४ मा सेमरी, अहलोहना, परसोहिया पोखरीहरु रहेक छन् । यसैगरि वडा नं ५ मा सुठौली पोखरी, मुडिया पोखरी, र नदवा पोखरी, वडा नं ६ मा रमवापुर , पर्निहवा, रंगपुर, पुनिहवा ताल, रमवापुर ताल, वडा नं ७ मा सोमडिह, सुल्तनापुर, मर्यादापुर, कोपवा, डिडरहिया, वडा नं ८ मा वासरवोर, मन्धुरगरा र नोरवरिया पोखरीहरु रहेका छन् । यस गा.पा.मा ३ वटा मुख्य सिंचाई योजनाहरुले जलाधार क्षेत्रको रुपमा केहि हदसम्म काम गरेका छन् । यि योजनाहरु क्रमशः ईटहवा सिंचाई प्रणाली, रंगपुर पन्ड सिंचाई योजना र मुडिला सिंचाई योजना रहेका छन् । यि क्षेत्रमा चराचुरुङ्गी र जिवजस्तुहरुले पानी खान आउने र आसपासमा रुख विरवा र झाडीमा वास वस्ने गरेको पाईन्छ । यि जलाधार क्षेत्रहरुको गा.पा.स्तरवाट संरक्षण र विकास गर्नु आवस्यक छ ।

### प्रमुख नदी, खोला र अवस्था

मुख्य खोलामा वाणगंगा खोला, मसैया नाला र जमुवार नाला रहेका छन् । यस गा.पा.मा ३ वटा मुख्य सिंचाई योजनाहरु क्रमशः ईटहवा सिंचाई प्रणाली, रंगपुर पन्ड सिंचाई योजना र मुडिला सिंचाई योजना रहेका छन् । यशोधरा गा.पा.मा २.९२% भू-भाग पोखरी, नदी, खोला क्षेत्र, अन्य (झाडी, घासे मैदान क्षेत्र क्षेत्रहरुले ओगटेको अवस्था छ ।

**जैविक विविधता**

जैविक विविधताको दृष्टिले हाम्रो देश सम्पन्न छ । विभिन्न संरक्षित क्षेत्र, बिबिध महत्वका सीमसार क्षेत्र, सामुदायिक वन क्षेत्र र निजी खेतवारीमा रहेका लाखौ वन तथा कृषि वन क्षेत्रबाट जैविक विविधताको संरक्षण भैरहेको छ । यशोधरा गा.पा. तराईको समथर भागमा रहेको र यहां वन जंगल क्षेत्र नभएको हुनाले जैविक विविधता पुर्ण पालिका रहेको छैन । तथापी यहांका २० भन्दा वढी पोखरी र ताल तलैया, ३ वटा प्रमुख सिंचाई आयोजना, वाण गंगा खोला लगायत पानीका स्रोत हरुका कारण तराई क्षेत्रमा हुने विभिन्न चरा चुरुङ्गी, जिवजन्तुहरु र वनस्पतिहरु रहेका छन् । यस्ता जैविक सम्पतिहरुको पालिकास्तरवाट संरक्षण र विकास गरिनु आवस्यक छ ।

**विपद् व्यवस्थापन**

यस गा.पा.का विपद् सम्वन्धी मुख्य समस्यामा घर गोठमा आगलागि लाग्ने, सडक दुर्घटना, भुक्षय, सर्पको टोकाई, डुवान, भूकम्प, चट्याङ, मौसमी सुख्खा, किट आतंक, महामारी जस्ता घटनाहरु हुन । यसको लागि गा.पा.ले हालसालै स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरेको पाईन्छ । विपद् व्यवस्थापनका लागि गाउँपालिका स्तरीय विपद् व्यवस्थापन कोष र समिति गठन भएको छ । आगामी दिनमा गाउँपालिकाले विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन योजनाले निर्देश गरे अनुसार विपद्का लागि पूर्व तयारी, उद्धार तथा राहत, पुनर्स्थापना र पुनर्निर्माण जस्ता कार्यहरुमा विशेष ध्यान दिन जरुरी छ ।

## ३.६ संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

गाउँपालिकावाट गरिने सेवा प्रवाहमा जनताको समान र सहज पहूँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउन समय समयमा सामाजिक परिक्षण, योजनाहरुको सार्वजनिक लेखा परिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गरिएको छ । गाउँपालिकाबाट सञ्चालन गरिने गतिविधिको वारेमा गाउँपालिकाको वेवसाईट, बुलेटिन तथा प्रत्यक्ष जनताहरुसँग छलफलका कार्यक्रमहरु सञ्चालन गरी जानकारी गराउने गरिएको छ । गाउँपालिकाबाट प्रवाह हुने सेवा सुबिधालाई कानून सम्मत ढंगले सरल, सहज र पारदर्शी बनाई जनप्रतिनिधि र कर्मचारीहरुलाई जनमुखी, उत्तरदायी र जिम्मेवार बनाउन र सुशासनको प्रत्याभूती दिन गाउँपालिका अग्रसर देखिन्छ । सञ्चारका माध्यमको रुपमा कार्यालयको सूचना पाटी, कार्यालयबाट प्रकाशन गरिने विकास दर्पण तथा गाउँपालिकाकै वेभसाईट जस्ता सूचना प्रवाहका प्रमुख माध्यमहरुबाट गाउँपालिकामा भए गरेका गतिविधिहरु जनसमक्ष पुऱ्याउने गरिएको छ । जनतालाई सहज र सर्वसुलभ, छिटो छरितो सेवा प्रावहको व्यवस्था मिलाउन वडा र गाउँपालिका स्तरमा नागरिक वडापत्र र सेवाहरुको जानकारी सूचनापाटीमा राख्ने गरिएको छ । वेवसाईट्स, फेसवुक पेज मार्फत गाउँपालिकाका सुचनाहरु सार्वजनिक गर्ने गरिएको छ ।

उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले योजनाको अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । गाउँपालिका भित्रका विभिन्न संघ संस्थाहरुसंग कार्यक्रमहरु कार्यान्वयनको लागि समन्वय र सहकार्य गर्ने गरिएको छ । वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालयहरु प्रविधिमैत्री बनाउन बिशेष पहल थालिएको छ ।

गाउँपालिकाको वृहत्तर विकासको लागि अन्य साझेदार संस्था, लगानी क्षेत्र र नविनतम योजनाहरुको खोजी भएका छन् । यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण २०७५ मा गरिएको र यसैको आधारमा कर्मचारहिरु ब्यवस्थापन गरिएको छ । यसैगरी गाउँपालिकाको संस्थागत र मानविय क्षमता विकासको लागि क्षमता विकास योजना र आन्तरिक

राजश्व वृद्धि र राजश्व प्रशासनमा सुधार गर्ने हेतुले राजश्व सुधार कार्ययोजना तयार गरिएता पनि कार्यान्वयन पक्ष कमजोर छ। यस गाउँपालिकाले गत आ.व को संस्थागत स्व-मुल्याङ्कनमा प्राप्त नतिजा भने त्यति सन्तोषजनक रहेको छैन।
मानव स्रोत विकासका लागि जनप्रतिनिधि तथा कर्मचारीको सीप, क्षमता, ज्ञान, तालिम सहितको दक्षता अभिवृद्धि गर्नुपर्ने हुन्छ। सीप, क्षमता, ज्ञान एवं दक्षता भएको खण्डमा समूहमा वसेर काम गर्न सक्ने र लक्ष्य तर्फ संगठनलाई सहज रुपमा डोऱ्याउन सकिने हुन्छ। हरेक वर्ष क्षमता विकासको निम्ति केही रकम वार्षिक वजेटवाट छुट्याइएको देखिन्छ र सो बजेटवाट क्षमता अभिबृद्धि सम्वन्धी केही कार्यक्रमहरु सञ्चालन गरिएको पनि छ तर यो पर्याप्त भने देखिदैन। गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कार्यरत कर्मचारीहरुको क्षमता पहिचान गरी क्षमता विकास योजनाले मार्गदर्शन गरेअनुसार क्षमता अभिबृद्धिका तालिमलाई संचालन गरी उनीहरुको कार्यदक्षतामा थप अभिवृद्धि गर्न सकेमा सेवा प्रवाहलाई छिटो, छरितो, निष्पक्ष, पारदर्शी एवं प्रभावकारी बनाउन सकिन्छ।

गाउँपालिकामा सेवा प्रवाहका लागि आवश्यक कार्यकक्षको व्यवस्थापनका साथै न्यूनतम भौतिक उपकरणहरुको समेत व्यवस्थापन भएको देखिन्छ। वित्तीय सुशासन आर्थिक अनुशासन एवं सभ्य समाजको द्योतक हो। छनौट भएका कार्यक्रम तथा आयोजनाहरुको खर्चको व्यवस्थापन, आयोजनाको ठेक्का पट्टामा हुने अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गरी पारदर्शी र प्रविधिमैत्री प्रतिस्पर्धाको व्यवस्था, प्रभावकारी आन्तरिक लेखापरीक्षण, नियमितता, मितव्ययिता, औचित्यता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण, समयमै बेरुजु फछर्यौट, पारदर्शी खरिद प्रक्रिया, आम्दानी खर्चको विवरण सावर्जनिकीकरण तथा पारदर्शीता, राजश्व र व्ययको अनुमान तथा स्वीकृति, बैकिङ प्रणाली मार्फत भुक्तानी जस्ता औजारहरु वित्तीय सुशासनका लागि अपरिहार्य छन्। सार्वजनिक लेखा, शिक्षा, स्वास्थ्य, योजना ब्यवस्थापन, राजश्व, बिभिन्न सिफारीस, जिन्सी ब्यवस्थापन लगायत डकुमेन्ट ब्यवस्थापन जस्ता अन्य विभिन्न क्षेत्रको डिजिटल तथ्यांक राख्न गाउँपालिकाले बिभिन्न प्रकारका सफ्टवेयरहरुको प्रयोग गर्दै आएको छ। गाउँपालिकाले आफ्नै वेवसाइट निर्माण गरी पालिकाका मुख्य नीति, कार्यक्रम र सूचनाहरु राख्ने व्यवस्था गरेको छ।

समृद्ध यशोधराको परिकल्पनालाई सार्थक वनाउनका लागि नागरिक सुरक्षा सहितको शान्तिपूर्ण बातावरण आवश्यक पर्दछ। गाउँपालिकामा शान्ति सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्न, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चिताका साथै स्थानीय स्तरमा सञ्चालन हुने विकास निर्माणका गतिविधिहरुलाई सुचारु गराउने दायित्व समेत स्थानीय सरकारको हुने हुँदा बिभिन्न ईलाका प्रहरी कार्यालय/ चौकीहरुले सेवा प्रदान गरिरहेको अवस्था छ। गाउँपालिकाले प्रहरी इकाइहरुसँगको सहयोग र समन्वयमा शान्ति सुरक्षा सम्बन्धी कार्यलाई सुझबुझका साथ अगाडी बढाइरहेको अवस्था छ।
विकास निर्माणका कामहरुको अनुगमन तथा गुणस्तर परीक्षण गर्न मूल्यांकन गरी आवश्यक सुधार ल्याउन योजनाको प्रकृति हेरी उपभोक्ता समिति गठन गर्ने, सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा परीक्षण गर्ने, प्राविधिकहरुको क्षमता अभिवृद्धि गरी कामको गुणस्तर परीक्षण गर्ने आदि कार्यको लागि पालिकाले आवश्यक बजेट विनियोजन गरी नियमित रुपमा कार्य अगाडी बढाइरहेको अवस्था छ।
हाल यशोधरा गाउँपालिकालाई कार्य क्षेत्र बनाई विभिन्न गैससहरु कार्यरत रहेका छन्। गाउँपालिकासँग ती संघ संस्थाहरुको समन्वय तथा सहकार्यको अवस्था राम्रो रहेको देखिन्छ। गैर सरकारी संस्थाहरुले आफ्ना बार्षिक कार्यक्रमहरु गाउँ सभामा पेश गरी स्वीकृत गराई कार्यान्वयन गर्ने प्रावधान अनुसार ति संसथाहरुका कार्यक्रम बार्षिक योजनामा समावेश भएको

देखिन्छ । गाउँपालिकाले सबै वडाहरुका टोल बस्तीहरु समेटी टोल विकास संस्थाहरु गठन गर्ने प्रकृयाका लागि टोल बिकास संस्था गठन तथा परिचालन कार्यबिधि स्विकृत गरी सकेको अवस्था भएता पनि सो कार्यलाई अगाडी बढाएको पाइदैन । अतः आगामी दिनमा यस कार्यलाई प्राथमिकताका साथ अगाडीबढाउनु अत्यावश्यक देखिन्छ । त्यस्तै गाउँपालिकामा क्रियाशील रहेका परम्परागत समूहहरु तथा समुदायमा आधारित संस्थाहरु, युवा क्लब तथा आमा समूहहरुसँगको सहकार्यलाई निरन्तरता दिनुपर्ने हुन्छ । यस्ता समुदायमा आधारित संस्थाहरु गाउँपालिकाको सामाजिक पुँजी मानिन्छन् । संस्थाहरुसंगको सहकार्यको वातावरणलाई अझ बढी सुदृढ र मजवुत पार्दै ती संस्थाहरु मार्फत विभिन्न राष्ट्रिय अभियान लगायतका सामाजिक रुपान्तरणका कार्यहरुमा परिचालन गर्न सकिन्छ । विगतमा समुदाय स्तरमा गठन भएका सामुदायिक संस्थाहरु र सहकारी संस्थाहरुसंग संकलित आर्थिक पूँजीलाई साझेदारीमा उत्पादनमुखी कार्यक्रममा परिचालन गर्न सकिएमा यसबाट आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक योगदान पुग्ने हुँदा पालिकाले त्यस तर्फ ध्यान दिन आवश्यक छ ।

### ३.७ वजेट विश्लेषण

#### स्थानीय तहको सार्वजनिक वित्त सम्बन्धी व्यवस्था

राज्यको पुनर्संरचना पश्चात संवैधानिक हैसियत प्राप्त स्थानीय सरकारको विकास योजना सम्बन्धी कार्यक्रमहरु अघि बढाउँदा गाउँपालिकाको सार्वजनिक वित्तको अवस्था र तत्सम्बन्धी नीतिहरुको विश्लेषण गर्न आवश्यक हुन्छ । स्थानीय तहको सार्वजनिक वित्तीय अवस्था र वार्षिक नीति तथा बजेट आवधिक योजना तर्जुमाको प्रमुख आधार र सरोकारको विषय हो । वर्तमान स्थानीय तहहरु आफ्नो वित्तीय नीति आफै तर्जुमा गर्न सक्ने, आफ्नो वार्षिक वजेट र आवधिक विकास योजना आफै निर्माण र कार्यान्वयन गर्न सक्ने गरी अधिकार र दायित्वका हिसाबले अग्र भागमा रहेका छन् । यसै सन्दर्भमा यशोधरा पालिकाले समष्टिगत आर्थिक तथा वित्तीय अवस्थाको विश्लेषण सहित सार्वजनिक वित्त पक्षको सुदृढीकरणका लागि आवश्यक ध्यान दिनुपर्ने हुन्छ । आन्तरिक राजश्व ज्यादै न्यून हुनु र आन्तरिक ऋण एवं वैदेशिक सहयोग प्राप्त गरी परिचालन गर्न सक्ने वैधानिक अभ्यास नहुँदा वर्तमान अवस्थामा स्थानीय तहको समष्टिगत वित्तीय तथा आर्थिक क्षेत्र साँघुरो रहेकोले यशोधरा गाउँपालिका पनि संघीय तथा प्रदेश सरकारको विभिन्न अनुदान र राजश्व बाँडफाँडमा भर पर्नुपर्ने अवस्था छ । वित्तीय संघीयताको सैद्धान्तिक र व्यवहारिक प्रयोगको सर्न्दभमा स्थानीय तहको वजेट तथा कार्यकमहरुमा खर्चको बाँडफाँड र राजश्व उठाउने अधिकार स्थानीय तहले प्राप्त गरेका छन् । संघीय र प्रदेश तहका सार्वजनिक खर्चका विभिन्न क्षेत्र र शीर्षकहरु स्थानीय तहमा पनि लागु हुन्छ भने स्थानीय तहमा उठाउन सकिने कर तथा अन्य गैर कर राजश्वका शीर्षकहरुलाई कानूनतः स्पष्ट पारिएको अवस्था छ । स्थानीय तहको समग्र आय व्ययको संरचनाले स्थानीय तहको सार्वजनिक वित्त जनाउँने हुँदा यस अन्तरगत सार्वजनिक खर्च र राजश्वका शीर्षक तथा दरहरु, अन्तर सरकारी वित्त, सार्वजनिक ऋण (आन्तरिक/बाह्य) तथा सहयोग (अनुदान) परिचालन, जनसहभागीता परिचालन, सार्वजनिक निजी सहकारी साझेदारी जस्ता विषयहरु पर्दछन् । सार्वजनिक खर्च अन्तरगत प्राप्त हुने श्रोतहरुमा आन्तरिक राजश्व, अन्तर सरकारी वित्त तथा राजश्व वाँडफाँडबाट प्राप्त हुने रकम र बैदेशिक अनुदान सहायतावाट प्राप्त हुने रकम पर्दछन् । रकम खर्च नपुग भएको अवस्थामा घाटा वित्त व्यवस्था हुने र यसका लागि आन्तरिक ऋण परिचालन गरी खर्च व्यवस्थापन गर्नुपर्ने अवस्था सिर्जना हुन्छ ।

#### सार्वजनिक खर्च विश्लेषण

यशोधरा गाउँपालिका सार्वजनिक खर्चको ढाँचालाई मूलतः दुई भागमा विभाजन गरिएको छ-चालु खर्च र पुँजीगत खर्च । चालु खर्च अन्तरगत गाउँपालिकाका प्रशासनिक कर्मचारी तथा पदाधिकारीहरुको तलब भत्ता तथा अन्य सेवा सुविधाहरुमा

हुने खर्चहरु पर्दछन् भने संघीय सरकारको शसर्त अनुदानमा आधारित शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, उर्जा, खानेपानी जस्ता क्षेत्रगत कार्यक्रमका सञ्चालन खर्चहरु पर्दछन् । पुँजीगत अन्तरगत आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन, वातावरण संरक्षण एवं विपद् व्यवस्थापनका क्षेत्रमा हुने पुँजीगत ( पुँजी निर्माणका) खर्चहरु पर्दछन् ।

यशोधरा गाउँपालिकाबाट प्राप्त बिबरण अनुसार आर्थिक वर्ष २०७९/०८० मा कूल सार्वजनिक खर्च तर्फ ४५४८.९२ लाख यथार्थ खर्च मध्ये चालु खर्च तर्फ रु ३२०४.७६ लाख (७०.४५%) र पुँजीगत खर्च तर्फ १३४४.१६ लाख (२९.५५%) खर्च भएको देखिन्छ । त्यसै गरी आ.व २०८०/८१ मा कूल यथार्थ खर्च ३७८१.८९ लाख मध्ये चालु खर्च तर्फ रु २९२३.९८ लाख (७७.३२ %) र पुँजीगत खर्च तर्फ ८५७.९३ लाख (२२.६८ %) खर्च भएको देखिन्छ भने चालु आ.व.२०८१/०८२ को प्रस्तावित कूल ६१४१.९७ लाख मध्ये ४६८८.७१ लाख (७५.१२ %) चालु खर्च र १५५२.८५ लाख (२४.८८%) पुँजीगत खर्च तर्फ विनियोजन भएको देखिन्छ ।

आ.व.२०८०/०८१ मा भएको कूल खर्च रु ३७८१.८९ लाख मध्ये आर्थिक विकास तर्फ १४९.५६ लाख (३.९५%), सामाजिक विकास तर्फ १८२२.४४ लाख (४८.१९%), पूर्वाधार विकास तर्फ ७०१.५७ लाख (१८.५५%) तथा सुशासन तथा अन्तर सम्वन्धित क्षेत्रमा १५८.७१ लाख (४.२०%) र कार्यालय संचालन तथा प्रशाासनिक तर्फ रु ९४९.६१ लख (२५.११%) खर्च भएको देखिन्छ ।

चालु आ.व.२०८१/०८२ मा कूल प्रस्तावित खर्च रु ६१४१.९७ लाख मध्ये आर्थिक विकासमा ४४९.९५ लाख (.७.३३%), सामाजिक विकासमा २७३२.०२ लाख (४४.४८%), पूर्वाधार विकासमा १२८६.९३ लाख (२०.९५%), सुशासन तथा अन्तर सम्वन्धित क्षेत्रमा २९७.८५ लाख (४.८५%) र कार्यालय संचालन तथा प्रशाासनिक तर्फ रु १३७५.२२ लाख (२२.३९%) खर्च प्रस्ताव गरेको देखिन्छ ।

**राजश्व तथा आयश्रोत विश्लेषण**

यशोधरा गाउँपालिकाले राजश्व शीर्षक अन्तरगत आन्तरिक राजश्व र विगत आर्थिक वर्षमा खर्च हुन नसकेको मौज्दात रकमलाई समावेश गरेको देखिन्छ । आ.व.२०७९/०८० मा आन्तरिक राजश्व तथा मौज्दात अन्तरगत जम्मा १६७५.९७ लाख रहेको देखिन्छ, भने आर्थिक वर्ष २०८०/०८१ मा आन्तरिक राजश्व तथा मौज्दात तर्फ ९८५.६० लाख रहेको छ । त्यसैगरी आ.व.२०८१/८२ को लागि आन्तरिक राजश्व तथा नगद मौज्दात शीर्षकमा १३११.५८ लाख प्रस्ताव गरिएको छ । राजश्व बाँडफाँड तर्फ आ.व. २०७९/०८० र २०८०/०८१ मा क्रमश ६६८.९२ लाख र ७१८.७१ लाख रहयो भने आ.व.२०८१/०८२ मा रु ११८५.९२ लाख आम्दानी प्रस्ताव गरिएको छ ।अन्तर सरकारी वित्तीय हस्तान्तरण शीर्षक अन्तरगत आ.व.२०७९/०८० मा ३३१५.५६ लाख, आ.व.२०८०/०८१ मा २७८५.२४ लाख आम्दानी रहयो भने आ.व.२०८१/०८२ को लागि ३६३६.४७ लाख प्रस्ताव गरिएको छ ।

# परिच्छेद-४

# आवधिक योजना खाका

## ४.१ पृष्ठभूमि

कपिलबस्तु जिल्लाका विभिन्न १० पालिकाहरु मध्ये जिल्लाको पश्चिम-दक्षिण सीमानामा अवस्थित यशोधरा गाउँपालिका विकासका दृष्टिले तुलनात्मक रुपमा पछाडि परेको गाउँपालिका हो । नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले निर्देशित गरेको अधिकारको परिधि भित्र रहेर आफ्नो गाउँ ठाउँको विकास र सम्वृद्धिको खाका आफै कोर्ने, निर्धारित खाका एवं योजना अनुसार समयबद्ध कार्यान्वयन गर्ने र स्थानीय जनताको दीगो तथा उच्च जीवनस्तरका लागि स्थानीय सरकारको दायित्वलाई व्यवस्थित गर्ने उद्देश्यले प्रस्तुत आवधिक योजना तयार गरिएको छ । नेपालका अन्य पछाडि परेका पालिका/क्षेत्रहरु जस्तै यशोधरा गाउँपालिका पनि विभिन्न भौतिक पूर्वाधारहरुको कमी, परम्परागत उत्पादन पद्धती, न्यून उत्पादन र उत्पादकत्व, कृषि तथा गैर कृषि आर्थिक कियाकलापहरुमा पछौटेपना,  निरपेक्ष गरिवी, सामाजिक पूर्वाधारको क्षेत्रमा रहेको पछौटेपनालाई अन्त गरी अघि बढ्नु आजको आवश्यकता हो । जनताको प्रत्यक्ष सहभागिता र निगरानीमा सहभागितामूलक, समावेशी, समन्यायिक आर्थिक तथा सामाजिक विकासको लागि अल्पकालीन, मध्यकालीन, दीर्घकालीन दृष्टिकोण राख्दै विकासका उद्देश्यहरु, रणनीतिक कार्यक्रमहरु र आयोजनाहरुको छनौट गर्ने, योजना कार्यान्वयनको कार्ययोजना र अनुगमन तथा मूल्याङ्कनको सुस्पष्ट ढाँचा र कार्यविधि प्रस्तुत गर्नु यस आवधिक योजनाको कार्यभार रहेको छ । यस योजनाले विकास निर्माण र सार्वजनिक सेवा प्रवाहलाई स्थानीय जनताको निकट पहूँचमा राखी उनीहरुको सम्बृद्धिको रेखा आफै कोर्ने सहभागितामूलक रणनीति अवलम्वन गरेको छ । स्थानीय जनताको प्रत्यक्ष संलग्नतामा दीगो विकासका लक्ष्य, संघीय, प्रादेशिक सरकारका नीति तथा कार्यक्रम, गैरसरकारी संघ संस्थाहरु तथा निजी क्षेत्रको कियाकलाप समेतलाई साझेदार क्रियाकलापका रुपमा ग्रहण गरी गाउँपालिकालाई समन्वयात्मक भूमिका र विकासको केन्द्र (Focal point) का रुपमा सुदृढ गर्ने अवधारणा यस योजनामा राखिएको छ ।

वर्तमानमा जन-आवश्यकता र आकांक्षाका साथै तीब्र रुपमा भैरहेको प्रविधिको विकास र आधुनिकताको कसीमा गाउँपालिकावासीको माग अनुसारको सेवा प्रवाह गर्न नसकिएको अवस्था छ । गरिबी, वातावरणीय ह्रास, छरिएका बस्तीहरु, बेरोजगारी र आवश्यक पूर्वाधारहरुको अभाव जस्ता समस्याहरु वर्तमानमा बढ्दै गइरहेका छन् । संस्थागत क्षमता र दीर्घकालीन विकास अवधारणाको अभावमा गाउँपालिकाको विकासमा संलग्न सरोकारवालाहरुलाई समन्वयात्मक ढंगले अगाडी बढाउन सकिएको छैन । यही यथार्थतालाई ध्यानमा राखी नेपाल सरकारले दशकौं देखि विभिन्न योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याएको हो । गरिबी घटाउने र पूर्वाधार सेवाहरुको स्तर बृद्धि गर्ने उद्देश्यका साथ सरकारले विभिन्न स्थानीय तहहरुमा लगानी पनि गरिरहेको छ । यसै सन्दर्भमा सरकारले पछिल्ला दिनहरुमा आवधिक विकास योजना (Periodic Development Plan-PDP) तर्जूमाका लागि सहजीकरण गरिरहको अवस्था पनि छ । राज्यको पुनर्संरचना पश्चात स्थानीय तहहरु समृद्धिको अग्रपंक्ति (Front Line) मा रहेका छन् । **सिंहदरबारको अधिकार जनताको घर आँगनमा** भन्ने भनाईलाई चरितार्थ गर्नका लागि यी स्थानीय तहहरु योजनाबद्ध ढङ्गले अघि बढ्नु पर्ने हुन्छ । यसै सन्दर्भमा यशेधरा गाउँपालिकाले आफ्नो समग्र विकासका लागि आवधिक विकास योजना (PDP) तर्जुमा गर्न लागेको हो । आवधिक विकास योजना तर्जुमा गर्दा गाउँपालिकाको विद्यमान अवस्था आँकलन गर्ने, स्थान विशेषको विश्लेषण (Spatial Analysis) गर्ने,

SWOT Analysis गर्ने, भू-उपयोगको अवस्था अनुसार विषयगत क्षेत्र (Zoning) निर्धारण गर्ने, श्रोतको आँकलन गर्ने जस्ता विषयहरुमा ध्यान केन्द्रित गरिएको छ ।

त्यसैगरी योजना तर्जुमाको प्रक्रियामा बिषयगत समितिमा मात्र सीमित नरही वस्तीस्तरमा जाँदा जनआकांक्षाको वास्तविक प्रतिबिम्ब योजनामा झल्कने यथार्थतालाई समेत ध्यान दिई यशोधरा गाउँपालिकाको यो आवधिक विकास योजना (PDP) तर्जुमा गरिएको छ । दीर्घकालिन सोँच २१०० ले तय गरेका समृद्धि र सुखका मुलभूत तत्वहरुलाई आत्मसात गर्दै सोह्रौं योजनाले अंगिकार गरेको **सुशासन, सामाजिक न्याय र समृद्धि** भन्ने सोँचलाई साकार पार्ने सन्दर्भमा आ.व.२०८१/०८२ देखि लागु भएको संघीय सरकारको सोह्रौं राष्ट्रिय योजना र लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले अंगिकार गरेका सोँच, लक्ष्य, उद्देश्य, रणनीति तथा सन् २०३० सम्मको दीगो विकासको लक्ष्य समेतमा तादाम्यता कायम गर्ने गरी यो आवधिक विकास योजनाका लक्ष्य तथा नीतिहरु किटान गरिएका छन्, कार्यक्रमहरु यही दिशामा केन्द्रित गर्ने प्रयास गरिएको छ ।

## ४.२ अवसर र चुनौती

**"शिक्षा, स्वास्थ्य, कृषि र गुणस्तरिय भौतिक पूर्वाधार, समृद्ध यशोधराको आधार"** भन्ने सोंच सहित अघि बढेको यस यशोधरा गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्ने सन्दर्भमा विभिन्न श्रोतबाट प्राप्त तथ्यांक र सूचनाहरुको विश्लेषण गरी विभिन्न क्षेत्रगत विषयका अवसर र चुनौतीहरु पहिचान गरिएको छ । वर्तमान जनसांख्यिक स्थिति, स्थानीय स्तरमा उपलब्ध साधन श्रोत, वस्तु तथा सेवाको विद्यमान अवस्था, तीनै तहका सरकार बीचको अन्तर सम्बन्ध र विकासका लागि सहयोग जस्ता पक्षहरु विश्लेषण गरी अवसर र चुनौती निर्धारण गरिएको छ ।

### आर्थिक बिकास

**अवसर**

- कृषिका लागि उत्पादनशील उर्वर भूमिमा सिँचाईको भरपर्दो व्यवस्था गरी खाद्यान्न, तरकारी, तथा नगदे बाली उत्पादनमा वृद्धिका साथै व्यवसायिकरण गर्न सकिने ।
- पशुपंक्षीपालन, तरकारी खेती जस्ता व्यवसायबाट स्वरोजगार श्रृजना गरि अर्थोपार्जन गर्न सकिने ।
- खाली सार्वजनिक तथा बाझो जग्गाहरुका वन व्यवस्थान मार्फत लाभ लिन सकिने ।
- गाउँपालिकामा उत्पादित वस्तुहरु कपिलबस्तुको तौलिहवा हुँदै देशका विभिन्न भागहरुमा तथा खुनुवा नाकाबाट भारत तर्फ सहज निर्यात गर्न सकिने ।
- सडक सञ्जालको विस्तारित अवस्थाले आर्थिक क्रियाकलाप सञ्चालन गर्न सकिने ।
- प्राकृतिक सौन्दर्यता र जैविक विविधताको दृष्टिले महत्वपूर्ण बिभिन्न ताल तलैया तथा अन्य महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरुलाई समेटी एकीकृत रुपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्न सकिने ।
- युवाशक्तिलाई मानवीय पूँजीको रुपमा विकास र परिचालन गरी आर्थिक रुपान्तरणका क्षेत्रमा सहभागी गराउन सकिने ।
- राज्यको पुनर्संरचना पश्चात स्थानीय तहमा उल्लेख्य जिम्मेवारी र बजेट प्रवाह भएको अवस्थामा यसलाई उत्साहका साथ सदुपयोग गरी आर्थिक समृद्धिमा थप टेवा पुऱ्याउन सकिने ।

- मेहनती र विकासप्रेमी जनताहरुको बसोबास भएको तथा भौगोलिक अवस्थाको कारणले पनि स्थानीबासीहरुको मुख्य पेशाको रुपमा रहेको कृषिलाई आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गरी उत्पादकत्व बढाई स्थानीय अर्थतन्त्र सुदृढ गर्न सकिने ।

**चुनौती**

- आवश्यक साधन श्रोतको अभावमा बढ्दो जन आकांक्षा परिपूर्ति गर्न ।
- जमिनको खण्डिकरण, युवाशक्ति पलायन र आन्तरिक बसाइसराई जस्ता गतिविधिले कृषि उत्पादनमा आइरहेको ह्रासलाई व्यवस्थित गर्न ।
- परम्परागत कृषि प्रणाली बिस्थापन र प्रयाप्त सिँचाईको व्यवस्थापन गरी कृषिको व्यवसायिकीकरण गर्न
- छाडा गाईबस्तुबाट हुने कृषि बाली नोक्सानीको न्युनीकरण गर्न ।

**सामाजिक बिकास**

**अवसर**

- विद्यालयहरुको संख्यात्मक हिसाबले सबैको पहुँच पुग्ने अवस्था रहेकोले गुणस्तरीय पठनपाठनबाट असल नागरिक तयार गर्न सकिने ।
- शिक्षा क्षेत्रमा गाउँपालिकाको विशेष ध्यान केन्द्रित हुँदा यो क्षेत्रले बढी लाभ लिन सक्ने अवस्था रहेको ।
- स्थानीय स्तरमै बालि बिज्ञान बिषयको पढाई संचालनमा रहेकोले यसको अधिक भन्दा अधिक फाइदा लिन सकिने । उत्पादित शैक्षिक जनशक्तिको प्रयोगबाट आर्थिक/सामाजिक क्षेत्रमा अधिकतम लाभ लिन सकिने ।
- हाल गाउँपालिकाको सबै बिद्यालयहरु **EMIS** मा आवद्ध भएकोले बिद्यालयहरुको अनुगमन प्रकृयामा सहजता हुने
- गाउँपालिका स्मार्ट बिद्यालयको अवधारणमा गएकोले यसको सबैले फाईदा लिन सकिने ।
- हाल संचालनमा रहेको जिवन पर्यन्त सामाजिक सुरक्षा कार्यक्रमबाट बिभिन्न बर्गले लाभ प्राप्त गरिरहेको अवस्था
- गाउँपालिकाको बस्तीस्तरमा गठित विभिन्न समूह, सहकारी संस्था मार्फर्त महिला जागरण र विकासमा परिचालन गर्न सकिने अवस्था रहेको ।
- स्वास्थ्य क्षेत्रमा भएका उदाहरणिय नतिजालाई उपयोग गर्न सकिने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबाट जनताहरु बढी उत्साहित भएको ।

**चुनौती**

- शैक्षिक संस्थाहरुको पठनपाठनमा गुणस्तरीयता कायम गर्ने ।
- धार्मिक बिद्यालयहरुलाई नेपाल सरकारको मुलप्रवााहिकरणमा ल्याउने ।
- बिद्यालयमा भौतिक पूर्वाधारको व्यवस्थापन तथ बालमैत्री/अपाङ्गमैत्री संरचनाहरुको व्यवस्थापन गर्ने ।
- स्वास्थ्य सेवालाई गुणस्तरीय र भरपर्दो बनाउने ।
- जग्गा अभावका कारणस्वास्थ्य संस्थाहरुको भौतिक पूवार्धारको निर्माण तथा व्यवस्थापन गर्ने ।
- घरेलु हिंसा, लैङ्गिक, जातीय र धार्मिक विभेदलाई बल पुऱ्याउने अन्धविश्वास, कु-संस्कार, कु-प्रथा एवं परम्पराबाट समाजलाई मुक्त गरी महिला तथा उत्पीडित बर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याउने ।

- युवाहरुको वैदेशिक पलायनलाई रोक्न उपयुक्त विकल्पद्वारा व्यवस्थापन गर्ने ।
- गाउँपालिका भित्र रहेका ऐतिहासिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका साँस्कृतिक स्थलहरु तथा मठ मन्दिर एवं मस्जिदहरुको संरक्षण र सम्वर्द्धन गर्ने ।
- गाउँबासीहरुलाई स्वच्छ खानेपानीको आपुर्ति दिन तथा फोहरमैला ब्यवस्थापन गर्ने कार्य ।

**भौतिक पूर्वाधार  बिकास**

**अवसर**

- भू-उपयोग योजना निर्माण कार्य अन्तिम चरणमा रहेकोले यसको कार्यन्वयन गर्न सकिने अवस्था रहेको ।
- समृद्ध गाउँपालिका निर्माणका लागि योजनाबद्ध प्रतिबद्धता अघि बढेको ।
- गाउँपालिकामा बाह्रै महिना चल्ने सडक सञ्जालको विकास तथा बिस्तार गर्न सकिने अवस्था रहेको ।
- विभिन्न सडक सञ्जालबाट आवागमनमा सहजता एवं बजार विस्तारबाट विभिन्न आर्थिक क्रियाकलापहरु सञ्चालन गरी लाभ लिने सकिने अवस्था रहेको ।
- राष्ट्रिय प्रसारण लाइनबाट गाउँपालिकाको सबै वडा/क्षेत्रमा विद्युत पहूँच भएको ।
- सबै बस्तीहरुमा मोवाइल तथा इन्टरनेट सेवाको बिस्तार भएको ।
- बाँणगंगा सिंचाई योजना लगायत स्थानीय नालाहरुको ब्यवस्थापन मार्फत बाह्रै महिना सिंचाई सुबिधा ब्यवस्थापन गर्न सकिने अवस्था रहेको ।
- स्थानीय स्तरमा रहेका सार्वजनिक तथा निजि पोखरीहरुको संरक्षण तथा संबर्द्धन मार्फत सिंचार्इ तथा बातावरणिय संरक्षणमा उपलब्धी हासिल गर्न सकिने ।

**चुनौती**

- आवश्यक श्रोतको व्यवस्थापन गरी जन आकांक्षा अनुरुप भौतिक पूर्वाधार निर्माण गर्ने ।
- सडक, नाली निर्माण र भवन निर्माण जस्ता पूर्वाधारहरुमा विद्यमान राष्ट्रिय मापदण्ड अवलम्बन गर्ने ।
- बिद्यमान सडकहरुमा सडकको क्षेत्राधिकार तोकी कार्यान्वयन गर्ने ।
- सार्वजनिक तथा निजी सवारी साधनको पार्किङ्ग तथा उपयुक्त बसपार्कको व्यवस्थापन गर्ने ।

**वातावरण तथा विपद्  ब्यवस्थापन**

**अवसर**

- हरियाली भूभाग, बिभिन्न ताल तलैया तथा अबिरल बग्ने बाँणगंगा नदि एवं नालाहरुको कारणले वातावरण संरक्षण र पर्यावरणीय सन्तुलनमा सकारात्मक अवस्था रहेको ।
- प्राकृतिक सौन्दर्यता तथा जैविक विविधताको दृष्टिले सबल रहेको ।
- खाली स्थान तथा रमणीय पार्क निर्माणका लागि सबै वडामा सार्वजनिक जग्गा उपलब्ध हुन सक्ने अवस्था विद्यमान भएको ।
- गाउँपालिका तथा वडा स्तरमा समेत विपद् व्यवस्थापन समितिको गठन र विपद् व्यवस्थापन कोष स्थापना गरी क्रियाशील रहेको

**चुनौती**

- यातायातका साधनबाट हुने वातावरण प्रदुषण र मानव स्वास्थ्यमा पर्ने प्रतिकूल असर नियन्त्रण गर्ने ।
- प्लाष्टिकजन्य वस्तुको अत्यधिक प्रयोगबाट मानव स्वास्थ्य र कृषि योग्य भूमिमा पर्ने असरलाई नियन्त्रण गर्ने ।
- गाउँपालिका खुला दिशामुक्त भई कार्यान्वयनमा आएता पनि चर्पि प्रयोग गर्ने बानीमा ह्रास आएको ।
- बर्षादको समयमा बिभिन्न **ना**लाहरुबाट हुने कटान तथा डुवान नियन्त्रण गर्ने ।
- खानापकाउन प्रयोग हुने गोवर गुईठाको न्यूनीकरणका गर्ने ।

**संस्थागत बिकास , सेवा प्रवाह तथा सुशासन**

**अवसर**

- नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकालाई प्राप्त अधिकार एवं दायित्वलाई व्यवस्थित गर्ने सन्दर्भमा बिभिन्न ३७ कानूनहरुको तर्जुमा भै कार्यान्वयनमा आएको ।
- निर्वाचित जनप्रतिनिधिहरु जन आकांक्षा अनुरुप कार्य गर्न आत्मविश्वासका साथ उत्साहित रहेको ।
- विद्युतीय शासन पद्धति अन्तरगत सूचना र प्रविधिको अधिकतम प्रयोग गर्ने अवस्था रहेको ।
- गाउँपालिकाको संस्थागत विकास गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त, सहज र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिन सकिने अवस्था रहेको ।

**चुनौती**

- कर्मचारीलाई कार्य क्षेत्रमा टिकाई राख्ने तथा समयमै दरवन्दी अनुसारको पदपूर्ति गर्ने ।
- आधुनिक प्रविधियुक्त जनशक्तिको व्यवस्थापन गर्ने ।
- गाउँपालिकाका गतिविधिहरुलाई पारदर्शी बनाउने कार्य र कार्यरत जनशक्तिलाई जनमुखी/सेवामुखी बनाउने ।
- परम्परामा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतिजा मा आधारित बनाई कार्यान्वयनमा ल्याउने ।
- गाउँपालिकालाई वित्तीय श्रोत साधनबाट आत्मनिर्भर बनाउने ।
- विकास निर्माणमा जन सहभागिता परिचालन गर्ने ।

**४.३ सोह्रौं योजनाको सौँच, लक्ष्य र उद्देश्य तथा दीर्घकाली सौँच २१००**

दीर्घकालीन सौँच २१०० ले तय गरेका समृद्धि र सुखका मुलभूत तत्वहरुलाई आत्मसात गर्दै सोह्रौं योजनाले **सुशासन, सामाजिक न्याय र समृद्धि** को सौँच राखेको छ । सुशासन र सामाजिक न्याय स्थापित गर्दै हासिल भएको समृद्धि मात्र दीगो, समावेशी, समुन्नत एवम् अनुभूतियोग्य हुनेछ भन्ने यस योजनाको मान्यता रहेको छ । सोह्रौं योजनामा तीव्र आर्थिक विकास र समृद्धिको दूरगामी सौँच सहितको राष्ट्रिय लक्ष्यहरु निर्धारण गरिएको छ । आय वृद्धि, गुणस्तरीय मानव पूँजि निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं.२०८३ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा र वि.सं.२०८७ सम्म दीगो विकास लक्ष्य हासिल गर्दै नेपाललाई निरपेक्ष र बहु-आयामिक गरिबीको अवस्थाबाट मुक्त गरी मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नती गर्ने र वि.सं.२१०० सम्ममा उच्च मध्यम आय भएको मुलुकमा परिणत गर्ने दीर्घकालीन सौँच लक्षित रहेको छ ।

दीर्घकालीन राष्ट्रिय लक्ष्यमा समृद्धि र सुख प्राप्तीका लागि महत्वपूर्ण लक्ष्यहरु किटान गरिएका छन् । सर्वसुलभ पूर्वाधार तथा सघन अन्तर आबद्धता, मानव पूँजी निर्माण र यसको पूर्ण उपयोग, उच्च र दीगो उत्पादन तथा उत्पादकत्व र

समतामूलक राष्ट्रिय आय समृद्धि तर्फका प्रमुख लक्ष्यहरु हुन भने मर्यादित जीवन, सभ्य र न्यायपूर्ण समाज, स्वस्थ र सन्तुलित पर्यावरण, सबल लोकतन्त्र र राष्ट्रिय एकता, सुरक्षा र सम्मान जस्ता लक्ष्यहरु सुख तर्फका प्रमुख लक्ष्यहरु हुन् । यीनै दीर्घकालीन सोँच र लक्ष्य प्राप्तिका लागि राष्ट्रिय रणनीतिहरु र परिमाणात्मक लक्ष्यहरु किटान गरिएको छ ।

सोह्रौ योजनाको परिमाणात्मक लक्ष्यमा सुशासन र सामाजिक न्याय तर्फ भ्रष्ट्राचार न्यूनीकरण अनुभूति सूचकाङ्क ३५ बाट ४३, विद्युतीय सरकार विकास सूचकाङ्क ०.५१२ बाट ०.६००, कूल विनियोजनमा खर्चको अनुपात ८० प्रतिशतबाट ९० प्रतिशत, बेरुजु (कूल गार्हस्थ्य उत्पादनको अनुपातमा) १०.९ प्रतिशतबाट ५ प्रतिशत, आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या ३२ प्रतिशतबाट ६० प्रतिशत, लैङ्गिक विकास सूचकाङ्क ०.८८५ बाट ०.९६७ र समृद्धि तर्फ आर्थिक वृद्धिदर ३.५ प्रतिशतबाट ७.३ प्रतिशत, प्रति व्यक्ति आय (अमेरिकी डलर) १४५६ बाट २३५१, गरिबीको रेखा मुनि रहेको जनसंख्या २०.३ प्रतिशतबाट १२ प्रतिशत, साक्षरता दर (५ वर्ष माथि) ७६.२ प्रतिशतबाट ८५ प्रतिशत, उच्च मध्यम स्तरको खानेपानीमा पहुँच भएको घरपरिवार २५.८ प्रतिशतबाट ४५ प्रतिशत, बेरोजगारी दर ११.४ प्रतिशतबाट ५ प्रतिशत, कृषि वस्तुको औषत उत्पादकत्व (प्रमुख बाली) ३.३ मे.ट./प्रति हेक्टरबाट ३.७ मे.ट./प्रति हेक्टर, विद्युतमा पहुँच पुगेको जनसंख्या ९६.७ प्रतिशतबाट १०० प्रतिशत र इन्टरनेटमा पहुँच पुगेको जनसंख्या ६९.२ प्रतिशतबाट ९० प्रतिशत पु¥याउने लक्ष्यहरु निर्धारण गरिएका छन् ।

आम नागरिकले आफ्नो जीवनमा अनुभूत गर्न सक्ने विकास र सुशासन हासिल गर्नु सोह्रौं योजनाको मूल उद्देश्य रहेको छ । यसका लागि योजनाले तय गरेको सोँच बमोजिम क्षेत्रगत रुपमा योजनाको प्रमुख उद्देश्यहरु निम्न बमोजिम रहेका छन् :

- राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्नु,
- स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्नु,
- मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु ।

### ४.४ प्रादेशिक योजनाको सोच र लक्ष्य

**सुशासन, सामाजिक न्याय र समृद्धि** भन्ने सोँच र समुन्नत एवं समाजवाद उन्मुख अर्थतन्त्र सहितको उच्च जीवनस्तर भएका सुखी नागरिक बस्ने मुलुकको रुपमा नेपाललाई स्थापित गर्ने मान्यता र लक्ष्य सहित १६ औं योजना कार्यान्वयनमा आएको छ । तीनै तहका सरकारले यही सोँच, लक्ष्यलाई आत्मसात गरेमा मात्र राष्ट्रले परिकल्पना गरेको गन्तव्यमा पुग्न सकिने भएकोले आर्थिक वर्ष २०८१/०८२ देखि कार्यान्वयनमा आएको लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनामा पनि यही सोँच, उद्देश्य, रणनीतिसँग मिल्ने गरी प्रादेशिक सोँच, लक्ष्य, उद्देश्य, रणनीति तय गरिएका छन् ।

**प्रादेशिक योजनको दीर्घकालीन सोँच :**

**समृद्ध लुम्बिनीः खुसी नागरिक** भन्ने दीर्घकालीन सोँच दोस्रो प्रादेशिक योजनाको रहेको छ । दिगो आर्थिक विकास, सामाजिक समावेशीकरण, सुशासन, र पूर्वाधार प्रवर्द्धन मार्फत लुम्बिनी प्रदेशलाई समृद्ध बनाउन तथा नागरिकलाई सुरक्षित, समुन्नत र सुखी जीवन सुनिश्चित गर्नका लागि यो दीर्घकालीन सोँच राखिएको छ ।

**प्रादेशिक योजनाको लक्ष्य एवं उद्देश्य**

यस योजनाले **दीगो र समावेशी आर्थिक विकास सहितको सामाजिक न्यायमा आधारित समुन्नत समाज निर्माण गर्ने** लक्ष्य किटान गरेको छ । दीगो र समावेशी आर्थिक विकासलाई आधार बनाई सामाजिक न्याय सुनिश्चित गर्दै समान अवसर,

सुशासन, र समान पहुँच मार्फत समुन्नत समाज निर्माण गर्नका लागि यो लक्ष्य निर्धारण गरिएको हो । राष्ट्रिय योजनाको सोँच, लक्ष्य, उद्देश्य, रणनीतिलाई प्रादेशिक योजनाले आत्मसात गरी अघि बढेको अवस्था छ । दोस्रो आवधिक योजनाको दीर्घकालीन सोँच तथा लक्ष्य प्राप्त गर्न देहाय बमोजिमका उद्देश्यहरू रहेका छन् ।

- कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
- सघन अन्तरआबद्धता र गुणस्तरीय पूर्वाधार बिकास मार्फत उच्च तथा तीव्र आर्थिक वृद्धि हासिल गर्नु ।
- व्यवसायिक सीप र प्रविधिमा आधारित उद्यमशीलताको विकास गरी उत्पादनशील रोजगारीको सृजना गर्नु ।
- गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सर्वसुलभ पहुँचलाई सुनिश्चित गरी स्वस्थ र दक्ष मानव पुँजीको निर्माण गर्नु ।
- विद्यमान विभेद र असन्तुलनलाई न्यूनीकरण गरी सामाजिक न्यायमा आधारित समतामूलक समाजको निर्माण गर्नु
- सेवा प्रवाह तथा विकासका आयाममा नवीनतम अभ्यास र प्रविधिको प्रयोग मार्फत सुशासन र जवाफदेहिताको प्रत्याभूति गर्नु ।
- स्वदेशी तथा विदेशी लगानी बढाउन नीतिगत र संरचनागत सुधार गर्नु ।

दोस्रो प्रादेशिक योजनाको परिमाणात्मक लक्ष्य तर्फ कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.०५ औसत प्रतिशतबाट ७.१६ प्रतिशत, निरपेक्ष गरिबीको दर २४.३५ प्रतिशतबाट १५ प्रतिशत, खानेपानी सुविधा पुगेका घरपरिवार ९२.८ प्रतिशतबाट १०० प्रतिशत, बेरोजगारी दर ८ प्रतिशतबाट ५ प्रतिशत, विद्युत सेवा पुगेको जनसंख्या ९९ प्रतिशतबाट १०० प्रतिशत, सिंचित क्षेत्र ५५.७ प्रतिशतबाट ७० प्रतिशत, ३० मिनेटको दूरीमा पक्की सडकको पहुँच भएको जनसंख्या ६५ प्रतिशतबाट ८० प्रतिशत, इन्टरनेट पहुँच पुगेका घरपरिवार ७५.५ प्रतिशतबाट ९५ प्रतिशत पुऱ्याउने लक्ष्यहरु किटान गरिएका छन् । यशोधरा गाउँपालिकाको यो पहिलो आवधिक योजनामा पनि संघिय सरकार र प्रदेश सरकारका यीनै दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य, रणनीतिसँग तादाम्यता कायम गर्ने गरी योजना तर्जुमा गरिएको छ । नेपालको संविधान बमोजिम राज्यको पुनर्संरचना पश्चात तीनै तहका सरकारले आ-आफ्नो दायित्व र क्षेत्र भित्र योजनाबद्ध विकासका लागि विभिन्न सोँच, लक्ष्य सहित आवधिक योजनाहरु तर्जुमा गर्दा र कार्यान्वयनमा जाँदा यस्ता योजनाहरु बीच आपसी सम्बन्ध र तादाम्यता कायम गरिनु पर्दछ । यस्ता योजनामा उल्लेख भएका कार्यक्रम तथा आयोजनाहरु परस्पर बाँझिने, दोहोरिने भयो भने कार्यान्वयनमा अस्पष्टता हुनुका साथै उपलब्ध साधन श्रोतको सही ढङ्गबाट परिचालन हुन सक्दैन । त्यसैले सोह्रौं राष्ट्रिय योजना र लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले लिएका सोँच, लक्ष्य, प्राथमिकता र कार्यक्रमहरुसँग यस योजनामा तादाम्यता राख्ने प्रयत्न गरिएको छ । स्थानीय तहको अधिकार सूची र केन्द्र, प्रदेशबाट निक्षेपित हुने अनुदान एवं राजश्व बाँडफाँडलाई यस आवधिक योजनाको वित्तीय अनुमान र क्षेत्रगत कार्यक्रमहरु तय गर्दा विशेष ध्यान दिइएको छ ।

### ४.५ यशोधरा गाउँपालिकाको दीर्घकालीन सोँच

यशोधरा गाउँपालिकाको यस आवधिक विकास योजनामा गाउँपालिकाले आगामी ५ वर्षमा सम्पन्न गर्ने आफ्नो क्षेत्र भित्रका विभिन्न क्षेत्रगत विकासका रणनीति, कार्यनीति र कार्यक्रमहरु समेटिएका छन् । यी विषयहरु पालिकाको दीर्घकालीन सोँच र लक्ष्यलाई प्राप्ती गर्ने दिशा तर्फ उन्मुख छन् ।

आवधिक विकास योजना तयार गर्दा आर्थिक विकास र समृद्धिको लागि दूरगामी सोँच सहितको लक्ष्य, उद्देश्यहरु निर्धारण गर्न जरुरी हुन्छ । सोह्रौं योजनाको दीर्घकालीन सोँच **सुशासन, सामाजिक न्याय र समृद्धिको** नारालाई व्यवहारमा उतार्न सबै स्थानीय तहहरु त्यही दिशा तर्फ लक्षोन्मुख हुन आवश्यक छ । गाउँपालिकाको समष्टिगत अवस्थालाई दृष्टिगत गरी

विकासका विभिन्न क्षेत्रहरुमा रहेको सम्भाव्यता र प्रतिबद्धतामा आधारित भै आगामी २०/२५ वर्षका लागि दीर्घकालीन सौंच निर्धारण गरिन्छ । यशोधरा गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा पहिलो कार्याशाला गोष्ठीका सहभागीहरु बीचको छलफल तथा विषय विज्ञको राय सुझावका आधारमा स्थानीय जनताको आवश्यकता, विकासको सम्भावना र अग्रणी क्षेत्रको अवस्थालाई केन्द्रमा राखी दीर्घकालिन सोच निर्धारण गरिएको छ ।

**दीर्घकालीन सौंचः "शिक्षा, स्वास्थ्य, कृषि र गुणस्तरिय भौतिक पूर्वाधार, समृद्ध यशोधराको आधार"**

यशोधरा गाउँपालिकाले परिकल्पना गरेको **"समृद्ध यशोधरा"** लाई सार्थक तुल्याउन **"शिक्षा,स्वास्थ्य, कृषि र गुणस्तरिय भौतिक पूर्वाधार** जस्ता क्षेत्रहरुलाई प्रमुख आधारहरुको रुपमा परिकल्पना गरेको छ ।

**पुष्ट्याइका आधारहरु**

- **शिक्षा र स्वास्थ्यको विकास :** गाउँपालिकाले सामाजिक विकास अर्न्तगतको शिक्षा तथा स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ । शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्न शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच सुनिश्चितताका लागि शिक्षालाई जीवनपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरीय बनाई नैतिकवान, सदाचारयुक्त तथा प्रविधियुक्त जनशक्ति स्थानीय स्तरमै उत्पादन गरी सामाजिक समृद्धिमा टेवा पुऱ्याउन शिक्षालाई विशेष प्राथमिकतामा राखिएको छ । त्यसैगरी नेपालको संविधानले प्रत्याभूत गरेको निशुल्क आधारभूत स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ बनाई स्थानीय वासीहरुको स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गरी सामाजिक समृद्धिमा टेवा पुऱ्याउन स्वास्थ्य सेवालाई विशेष प्राथमिकता दिइएको छ ।
- **कृषि :** अधिकांश गाउँपालिकावासीहरुको जीविकाको आधार कृषि र पशुपालन भएकोले यस क्षेत्रलाई व्यवसायीकरण र आधुनिकीकरण गर्नका लागि आवश्यक सेवा सुविधाहरुको सुनिश्चितता गरी उत्पादन र उत्पादकत्व वृद्धि मार्फत रोजगारी सिर्जना, गरिबी न्यूनीकरण र जनताको जीवन स्तरमा सुधार सहित आर्थिक समृद्धिमा टेवा पुग्ने भएकोले कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ ।
- **गुणस्तरिय भौतिक पूर्वाधार :** कृषि, पर्यटन लगायतका आर्थिक विकासमा अन्य उप क्षेत्रहरु र सामाजिक विकासका क्षेत्रहरु समेत सडक, पुल-पुलेसा, सिंचाई, बिद्युतिकरण, सूचना तथा संचार जस्ता पूर्वाधारहरुको आवश्यक व्यवस्थापन र सञ्जालीकरणबाट मात्र विकासका विभिन्न क्रियाकलापमा सहजता हुने र यसबाट आर्थिक समृद्धि तर्फको यात्रामा महत्वपूर्ण योगदान पुग्ने भएकोले गुणस्तरिय भौतिक पूर्वाधार क्षेत्रलाई विशेष महत्व दिइएको छ ।

माथि उल्लेखित विषय क्षेत्रहरु समृद्ध गाउँपालिका निर्माणका प्रमुख आधारहरु हुन् । दीर्घकालीन सौंचलाई निश्चित समय सीमा भित्र साकार पार्नका लागि उपलब्ध साधन श्रोतलाई सोही अनुरुप प्रवाहित गर्नुपर्ने हुन्छ । विकासको प्रतिफलमा समतामूलक हिस्सेदारी र न्यायपूर्ण वितरण भए मात्र दीगो विकास र समृद्धिले सार्थकता पाउने हुँदा यस योजनामा माथी उल्लेखित क्षेत्रहरुलाई प्रमुख आधारको रुपमा लिईएको छ ।

**४.६ लक्ष्य**

**"स्थानीय रोजगारी श्रृजना मार्फत आयमा वृद्धि गरी यशोधरावासीको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने"** प्रमुख लक्ष्य यस योजनाको रहेको छ । यो लक्ष्यले योजनाका उद्देश्य, प्राथमिकता, रणनीति, कार्यनीति र कार्यक्रमहरुलाई निर्देश गर्दछ ।

### ४.७ उद्देश्य

माथि उल्लेखित प्रमुख लक्ष्य प्राप्तीका लागि यस योजनामा देहाय अनुसारका उद्देश्यहरु निर्धारण गरिएको छ ।

- कृषि, पर्यटन, घरेलु तथा साना उद्योग लगायतका क्षेत्रहरुको विकास र प्रवर्द्धन मार्फत दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने ।
- समुन्नत र मर्यादित जीवनका लागि शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक पूर्वाधारहरुको समुचित विकास गर्ने ।
- गुणस्तरिय भौतिक पूर्वाधारहरुको विकास मार्फत आर्थिक, सामाजिक क्रियाकलापमा सहज पहूँच सुनिश्चित गर्ने ।
- वातावरण र विकास बीच सन्तुलित सम्बन्ध बनाई दीगो विकासमा जोड दिने र प्राकृतिक प्रकोपबाट हुने क्षती न्यूनीकरण गर्ने ।
- सहज तथा गुणस्तरीय सेवा प्रवाह र जवाफदेही सार्वजनिक सेवा मार्फत यशोधरावासीलाई सुशासनको प्रत्याभूति गराउने ।

### ४.८ प्रमुख परिमाणात्मक लक्ष्य

**तालिका नं. ४.१ : पाँच वर्षको प्रमुख परिमाणात्मक लक्ष्य**

| क्र.सं | लक्ष्य सूचकको विवरण | परिमाणात्मक इकाई | योजना प्रारम्भ हुंदाको अवस्था | योजनाको अन्तमा अपेक्षित लक्ष्यहरु | कैफियत |
|---|---|---|---|---|---|
| **क** | **आर्थिक विकास** | | | | |
| १ | आर्थिक वृद्धि दर | प्रतिशत | ४.०५* | ७ | |
| २ | प्रति व्यक्ति कूल आय | अमेरिकी डलर | १४५६* | १८०० | |
| ३ | गरिबीको रेखा मुनीको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २४.३५** | १५ | |
| ४ | बेरोजगारीको दर | प्रतिशत | ८** | ६.०० | |
| ५ | कृषि उत्पादकत्व (प्रमुख बाली) | मे.ट/प्रति हेक्टर | ३.५* | ३.७ | |
| ६ | कृषि भूमिमा सिंचाई सुविधा उपलब्धता | प्रतिशत | ३० | ६० | |
| **ख** | **सामाजिक बिकास** | | | | |
| १ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ६९.४० | ८० | |
| २ | बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना | प्रतिशत | ९० | ९५ | |
| ३ | बिद्यालय छाड्ने दर (५ देखि २५ बर्ष उमेर) | प्रतिशत | ३५ | २० | |
| ४ | बिद्यालय पहुँच बाहिरका बिद्यार्थि | प्रतिशत | ५ | २ | |
| ५ | ५ वर्ष मुनिका बाल मृत्यु दर | संख्या | ० | ० | |
| ६ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने गर्भबती | प्रतिशत | १८ | ९० | |
| ७ | मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा) | संख्या | ० | ० | |
| ८ | औषत आयु | वर्ष | ६९.३** | ७५ | |
| ९ | धारा/पाईपको खानेपानीको उपलब्धता | प्रतिशत | ३.१७ | ३० | |

| क्र.सं | लक्ष्य सूचकको विवरण | परिमाणात्मक इकाई | योजना प्रारम्भ हुंदाको अवस्था | योजनाको अन्तमा अपेक्षित लक्ष्यहरु | कैफियत |
|---|---|---|---|---|---|
| **ग** | **पूर्वाधार विकास** | | | | |
| १ | कालोपत्रे सडक | कि.मी. | १५५ | २०० | |
| २ | ३० मिनेटको दुरीमा यातायात पहुँच | प्रतिशत | १०० | १०० | |
| ३ | विद्युत उपलब्धता | प्रतिशत | ९४.७८ | ९९ | |
| ४ | मोवाइल प्रयोगकर्ता (परिवार) | प्रतिशत | ७७.२१ | ९८ | |
| ५ | इन्टरनेट सेवामा पहुँच (परिवार) | प्रतिशत | १३.६६ | ५० | |
| ६ | खरको छाना भएका परिवार | प्रतिशत | ६.७४ | ० | |
| **घ** | **बन बातावरण तथा बिपद व्यबस्थापन** | | | | |
| १ | सामुदायिक वन | संख्या | ० | ० | |
| २ | पक्की शौचालय भएका घर | प्रतिशत | २६.८७ | ४० | |
| ३ | इन्धनमा-गोवर गुइठाको प्रयोग | प्रतिशत | ३६.०६ | १५ | |
| **ङ** | **सुशासन तथा सेवा प्रवाह** | | | | |
| १ | बार्षिक बेरुजु फछर्यौट | प्रतिशत | | | |
| २ | बार्षिक बजेटमा आन्तरिक आयको हिस्सा | प्रतिशत | १.३५ | ३.६७ | |
| ३ | संस्थागत स्वमूल्यांकनमा पालिकाको अंक | प्रतिशत | ५९.७५ | ८० | |

*** राष्ट्रिय आधार **प्रादेशिक आधार**

## ४.९ रणनीति तथा कार्यनीति

माथि उल्लेखित लक्ष्य तथा उद्देश्यलाई साकार पार्न यस योजनामा देहाय अनुसारको रणनीति एवं कार्यनीति अख्तियार गरिएको छ ।

**उद्देश्य १: कृषि, पर्यटन, घरेलु तथा साना उद्योग लगायतका क्षेत्रहरुको विकास र प्रवर्द्धन मार्फत दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| • कृषि, पशुपालन तथा स्थानीय बस्तुमा आधारित उद्योग/व्यवसायलाई व्यवसायीकरण गर्ने । | • कृषि तथा पशुपालनका लागि पकेट क्षेत्रहरु निर्धारण गरी आवश्यक प्रविधि, प्राविधिक सेवा र वित्तीय सहायता उपलब्ध गराइनेछ ।<br>• कृषि तथा पशुपालनमा आधारित उत्पादनमा निजी क्षेत्रलाई सहभागी गराउन सहजीकरण गरिने छ ।<br>• स्थानीय श्रोत साधनको पहिचान र नक्सांकन गरी यस्ता श्रोतमा आधारित ग्रामिण उद्योग, व्यापार तथा व्यवसाय प्रबर्द्धन गरिने छ ।<br>• सडक, सिँचाई, विद्युत, शीत-भण्डार जस्ता पूर्वाधारहरुको संस्थागत व्यवस्था मिलाइने छ । |

| | |
|---|---|
| • पर्यटन क्षेत्रको विकास र प्रर्वद्धनबाट आय स्तर बढाउने । | • निजी क्षेत्रसँगको साझेदारी तथा सहकार्यमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• प्राकृतिक सौन्दर्यता, साँस्कृतिक तथा जैविक विविधताको उपयोग हुनेगरी आकर्षक गन्तव्यहरुको बिकास गरिनेछ । |
| • श्रमको उचित प्रयोग गरी रोजगारी श्रृजना मार्फत गरिबी न्यूनीकरण गर्ने | • वेरोजगार युवाहरुको तथ्यांक लिई रोजगारीका अवसरहरु उपलब्ध गराउन उद्यमशीलता तालिम र सहुलियतपूर्ण ऋणको व्यवस्था गरिने छ ।<br>• महिला तथा विपन्न वर्गहरुलाई उद्यमशीलताको माध्यमबाट स्वरोजगार तथा आत्मनिर्भर बनाउन बिशेष कार्यक्रम संचालन गरिने छ ।<br>• प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनसँग जोडी व्यवस्थित गरिने छ । |

| **उद्देश्य २ : समुन्नत र मर्यादित जीवनका लागि शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक पूर्वाधारहरुको समुचित विकास गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सबैको सहज पहूँचको सुनिश्चितता गर्ने । | • विद्यालयहरुको भौतिक सुधार, शिक्षक व्यवस्थापन, अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार गरी शिक्षालाई गुणस्तरीय बनाइने छ ।<br>• स्थानीय स्तरमा कृषि क्षेत्रमा मध्यम स्तरका प्राविधिक जनशक्ति उत्पादन गर्न अनिरुद्र पब्लिक माध्यमिक बिद्यालयमा प्राबिधिक धारको शिक्षा सञ्चालनमा निरन्तरता दिइने छ ।<br>• शिक्षालाई सहज तथा गुणस्तीरय बनाउन स्मार्ट बिद्यालयको अवधारण कार्यान्वयनमा ल्याइनेछ ।<br>• १५ शैयाको नयाँ अस्पताल निर्माण सम्पन्न गर्ने र विद्यमान स्वास्थ्य संस्थाहरुको स्तरवृद्धि गरी स्वास्थ्य सेवालाई गुणस्तरीय र सहज बनाइने छ । |
| • स्वच्छ खानेपानीको उपलब्धता र सरसफाइ सेवाको सुनिश्चित गर्ने । | • एक घर, एक खानेपानी धारा कार्यक्रमलाई संघ तथा प्रदेश सरकारको समन्वयमा बिस्तार गरिनेछ ।<br>• शौचालय नभएको घरमा शौचालय निर्माण तथा शौचालय प्रयोगलाई अभियानको रुपमा लगिनेछ ।<br>• प्रत्येक टोल वस्तीमा नियमित सरसफाइ अभियान चलाइने छ । |
| • मौलिक भाषा, संस्कृति र परम्पराको संरक्षण गर्ने । | • विभिन्न भाषा, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धका लागि समुदायलाई जागरुक गराइने छ । |
| • खेलकूदको माध्यमबाट युवाहरुलाई आत्मसम्मान हुनेगरी राष्ट्रिय गौरब वृद्धिमा सरिक बनाउने । | • स्थानीय युवा क्लबहरुलाई प्रोत्साहन सहित खेल मैदान तथा भौतिक संरचना निर्माणमा सहयोग गरिनेछ । |

| | |
|---|---|
| | • खेलकूदलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाइ आवश्यकता अनुसार विद्यालयमा खेलकूद मैदानको व्यवस्था गरिनेछ । |
| • सेवा, सुविधा र अवसर वितरणमा समन्यायिक सिद्धान्तको अवलम्बन गरी सामाजिक समावेशिता र समानतामा आधारित विकास प्रक्रियालाई आत्मसात गर्दै सामाजिक सुरक्षा र न्याय प्रणालीको प्रवर्द्धन गर्ने । | • जेष्ठ नागरिक, बालबालिका, शारीरिक असक्त, असहाय, पिछडिएका जातजाति तथा श्रमिकहरुका लागि जीवन पर्यन्त सामाजिक सुरक्षाको सुनिश्चितता गरिने छ ।<br>• न्याय प्रणालीलाई पहूँचयोग्य र भरपर्दो बनाइने छ ।<br>• वार्षिक बजेटलाई लैंगिकमैत्री बनाई कार्यान्वयन गरिने छ ।<br>• बिकास कार्यमा सहभागितामूलक एवं समावेशी प्रक्रिया अवलम्वन गरी प्राप्त उपलब्धीको समन्यायिक वितरण गरिने छ । |

| **उद्देश्य ३: गुणस्तरिय भौतिक पूर्वाधारको विकास मार्फत आर्थिक, सामाजिक क्रियाकलापमा सहज पहूँच सुनिश्चित गर्ने** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • भौतिक पूर्वाधार विकासका लागि दीर्घकालीन नीति तयार गरी भू-उपयोग योजनाको कार्यान्वयन गर्ने । | • समग्र भौतिक विकासको गुरुयोजना तयार गरी सो अनुसारका कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।<br>• भू-उपयोग नीति-२०७२, भू-उपयोग ऐन-२०७६ र भू-उपयोग नियमावली-२०७९ अनुसार भू-उपयोग योजना कार्यान्वयन गरिने छ |
| • प्रमुख सडक तथा पुल, भवन निर्माण, सिंचाई तथा तटबन्ध जस्ता पूर्वाधार निर्माणमा केन्द्र तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने । | • प्रस्ताबित यशोधरा चक्रपघ लगायत प्रमुख सडक कालोपत्रे तथा मोटरेबल पुल निर्माण, भवन निर्माण र सिंचाई/तटवन्धनका लागि बिस्तृत कार्ययोजना सहितको प्रस्ताव तयार गरी केन्द्र तथा प्रदेश सरकारसँगको सहकार्यमा लगानी सुनिश्चित गरिनेछ ।<br>• स्थानीय पूर्वाधार निर्माण तथा मर्मत सुधारमा स्थानीय श्रोत साधन तथा जन सहभागिताको अधिकतम परिचालन गरिनेछ ।<br>• वडा कार्यालय देखि पालिका केन्द्र सम्म पुग्ने सडकहरुमा बाह्रै महिना यातायात साधन चल्नेगरी आवश्यक ब्यवस्था मिलाईनेछ । |
| • भवन, वस्ती विकास तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने । | • भू-उपयोग योजना अनुसार आवश्यक पूर्वाधारको सुनिश्चितता सहित वस्ती विकास तथा बजारीकरणको व्यवस्था गरिनेछ ।<br>• भवन निर्माण संहितालाई मध्यनजर गर्दै सुरक्षित भवन निर्माणमा ध्यान पुर्‍याइनेछ । |

| उद्देश्य ४ : वातावरण र विकास बीच सन्तुलित सम्बन्ध बनाई दीगो विकासमा जोड दिने र प्राकृतिक प्रकोपबाट हुने क्षती न्यूनीकरण गर्ने । रो | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • विभिन्न पूर्वाधार तथा आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्दा दीगो विकासको मान्यता अवलम्बन गर्ने र प्राकृतिक सम्पदाहरुको संरक्षणमा स्थानीय प्रविधिको अधिकतम उपयोग गर्ने । | • दीगो विकासको अवधारणा अनुसार प्राकृतिक श्रोत तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरिनेछ ।<br>• पूर्वाधार तथा आर्थिक विकासका कार्यक्रमहरुमा स्थानीय श्रोत साधन, प्रविधि र ज्ञानको अधिकतम उपयोग गरिनेछ ।<br>• प्राकृतिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुलाई पर्यटन र आर्थिक विकास कार्यक्रमहरुसँग आवद्ध गरिनेछ । |
| • प्राकृतिक सम्पदाहरु र जैविक विविधताको संरक्षण तथा संम्बर्द्धन गर्ने । | • प्राकृतिक तथा वातावरणीय श्रोतहरुको नक्सांकन गरी संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>• गाउँपालिकामा रहेका विभिन्न प्राकृतिक सम्पदाहरु र जैविक विविधताका श्रोतहरुको अधिकतम उपयोग गरिनेछ । |
| • विपद् व्यवस्थापनका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने । | • विद्यालय स्तरमा समेत प्राकृतिक विपत्ति र विपद् व्यवस्थापन बारे कार्यक्रम सञ्चालन गरिने छ ।<br>• सम्भावित विपद् र विपद् न्यूनीकरण बारे जनचेतना सम्वन्धी कार्यक्रम संचालन गरिने छ ।<br>• वडा स्तरमा समेत विपद् कोषको स्थापना गरी आवश्यकतानुसार परिचालन गरिने छ ।<br>• वडा स्तरसम्म विपद् प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिने छ । |

| उद्देश्य ५ : सहज तथा गुणस्तरीय सेवा प्रवाह मार्फत यशोधराबासीहरुलाई सुशासनको प्रत्याभूति गराउने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र समय सीमा भित्र आवद्ध गरी नतिजामूलक बनाउने । | • सेवा प्रवाहलाई पारदर्शी, जनमुखी बनाउन सरोकारवालाहरुको निगरानी बढाइनेछ ।<br>• उपलब्ध श्रोतको उपयोगमा मितव्ययिता, जवाफदेहिता र पारदर्शीता जस्ता सुशासनका औजारहरुको प्रयोगबाट जनप्रतिनिधि एवं कर्मचारीलाई जिम्मेवार बनाइनेछ ।<br>• डिजिटल प्रविधिको प्रयोगबाट सेवा प्रवाहमा सरलीकरण र प्रभावकारीता ल्याइने छ ।<br>• राष्ट्रसेवक कर्मचारीहरुको सबै तहमा कार्य सम्पादन सम्झौता लागु गरी राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत गरिने छ । |

| | |
|---|---|
| • गाउँपालिकालाई नीति निर्माण, नियमन तथा सहजीकरण गर्ने केन्द्रको रुपमा विकास गरी सेवा प्रवाह लगायतका मुख्य कार्यहरुमा वडा कार्यालयलाई जिम्मेवार बनाउने । | • गाउँपालिकालाई नीति, योजना तर्जुमा र नियमन, समन्वय तथा सहजीकरण कार्यमा केन्द्रित गरी मुख्य कार्यहरु वडाबाटै सम्पादन गर्न संगठनात्मक व्यवस्था मिलाइने छ ।<br>• गाउँपालिका तथा वडा कार्यालयहरुमा एकद्वार प्रणालीबाट सेवा प्रवाह गरिने छ । |
| • संस्थागत क्षमता अभिवृद्धि तथा नेतृत्व विकासलाई प्राथमिकता दिने । | • क्षमता विकास योजना अनुसार कर्मचारी तथा जन प्रतिनिधिलाई नेतृत्व बिकास तथा क्षमता विकास सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।<br>• गाउँपालिका तथा वडा कार्यालयहरुमा प्रविधिमैत्री जनशक्तिको व्यवस्थापन गरिने छ । |

### ४.१० पालिकाका गौरब तथा रुपान्तरणकारी योजना

**गौरबका योजना**

- १५ शैयाको अस्पताल निर्माण तथा संचालन- यशोधरा-५, बैदौली
- प्रस्ताबित यशोधरा चक्रपथ, यशोधरा १ देखि ८
- प्रस्ताबित बाणगंगा लिफ्ट सिंचाई योजना (वडा नं ८ पश्चिमबाट बग्ने बाँणगंगा नदिबाट पानी लिफ्ट गरी बाणगंगा सिंचाईको साबिकको नहर, मसहिया नाला तथा जमुवार नालामा खसाली सबै वडाहरुमा बितरण गर्ने ।)

**रुपान्तरणकारी योजना**

- व्यवसायीक दुध उत्पादन कार्यक्रम ।
- व्यवसायीक बाखापालन कार्यक्रम ।
- व्यवसायीक तरकारी खैती कार्यक्रम ।

### ४.११ नतिजा खाका

यशोधरा गाउँपालिकाको समग्र विकास प्रयासहरुलाई एकीकृत गरी स्थानीय जनताको समृद्धिको मूल लक्ष्य प्राप्ती तर्फ अग्रसर हुन एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गरिएको छ । योजना तर्जुमाका प्रमुख क्षेत्रहरुलाइ एकीकृत गरी यो आवधिक योजना प्रारुप तयार गरिएको हो । लक्ष्य अनुसारको उपलब्धी तथा नतिजाको सुनिश्चितताका लागि योजनाको कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्बन्धी पक्षलाई नतिजा मूलक बनाउने उद्देश्यबाट तयार गरिएको यस आवधिक योजनाको समष्टिगत विकासको एकीकृत नतिजा खाका देहाय अनुसार छ ।

**तालिका नं. ४.२ : यशोधरा गाउँपालिकाको आवधिक विकास योजनाको एकीकृत नतिजा खाका**

<table>
<tr><th rowspan="3">नतिजा श्रृङ्खला</th><th colspan="5">सूचक तथा पुष्ट्याईका आधारहरु</th><th rowspan="3">पुष्ट्याईका आधारहरु</th><th rowspan="3">जोखिम पक्ष तथा पूर्वानुमान</th></tr>
<tr><th rowspan="2">सूचक विवरण</th><th rowspan="2">इकाई</th><th rowspan="2">आधार वर्ष<br>०८०/८१</th><th colspan="2">लक्ष्य (सम्मको अवस्था)</th></tr>
<tr><th>०८४/८५</th><th>०८६/८७</th></tr>
<tr><td rowspan="19">लक्ष्य :<br>“स्थानीय रोजगारी श्रृजना मार्फत आयमा वृद्धि गरी यशोधरावासीको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने“</td><td>आर्थिक वृद्धि दर</td><td>प्रतिशत</td><td>४.०५</td><td>६</td><td>७</td><td rowspan="19">• गाउँ वस्तुगत विवरण<br>• अध्ययन प्रतिवेदन<br>• मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन</td><td rowspan="19">• तीनै तहका सरकारको स्थायित्व हुनेछ ।<br>• पालिका तहमा संस्थागत क्षमता अभिवृद्धि भएको हुनेछ<br>• विभिन्न आर्थिक क्रियाकलापमा निजी क्षेत्रको सक्रीय सहभागीता रहनेछ ।</td></tr>
<tr><td>प्रति व्यक्ति कूल आय</td><td>अमेरिकी डलर</td><td>१४५६*</td><td>१६५०</td><td>१८००</td></tr>
<tr><td>गरिबीको रेखा मुनीको जनसंख्या (निरपेक्ष गरिबी)</td><td>प्रतिशत</td><td>२४.३५**</td><td>१८</td><td>१५</td></tr>
<tr><td>बेरोजगारीको दर</td><td>प्रतिशत</td><td>८**</td><td>७</td><td>६.००</td></tr>
<tr><td>कृषि उत्पादकत्व (प्रमुख बाली)</td><td>मे.ट/प्रति हेक्टर</td><td>३.३*</td><td>३.५</td><td>३.७</td></tr>
<tr><td>कृषि भूमिमा सिंचाई सुविधा उपलब्धता</td><td>प्रतिशत</td><td>३६.५</td><td>५०</td><td>६०</td></tr>
<tr><td>साक्षरता दर (५ वर्ष माथि)</td><td>प्रतिशत</td><td>६९.४०</td><td></td><td>८०</td></tr>
<tr><td>बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना</td><td>प्रतिशत</td><td>९०</td><td></td><td>९५</td></tr>
<tr><td>बिद्यालय छाड्ने दर ((५ देखि २५ बर्ष उमेर)</td><td>प्रतिशत</td><td>३५</td><td>३०</td><td>२०</td></tr>
<tr><td>५ वर्ष मुनिका बाल मृत्यु दर (प्रति हजार जीवित जन्ममा)</td><td>संख्या</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>स्वास्थ्य संस्थामा सुत्केरी गराउने गर्भबती</td><td>प्रतिशत</td><td>१८</td><td>५०</td><td>९०</td></tr>
<tr><td>मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा)</td><td>संख्या</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>औषत आयु</td><td>वर्ष</td><td>६९.३**</td><td>७२</td><td>७५</td></tr>
<tr><td>धारा/पाईपको खानेपानीको उपलव्धता</td><td>प्रतिशत</td><td>३.१७</td><td>३०</td><td>६०</td></tr>
<tr><td>३० मिनेटको दुरीमा यातायात पहुँच भएको परिवार संख्ण</td><td>प्रतिशत</td><td>१००</td><td>१००</td><td>१००</td></tr>
<tr><td>कालोपत्रे सडक</td><td>कि.मी.</td><td>१५५</td><td>१८०</td><td>२००</td></tr>
<tr><td>विद्युत उपलब्धता</td><td>प्रतिशत</td><td>९४.७८</td><td>९७</td><td>९९</td></tr>
<tr><td>मोवाइल प्रयोगकर्ता (परिवार)</td><td>प्रतिशत</td><td>७७.२१</td><td>८५</td><td>९८</td></tr>
<tr><td>इन्टरनेट सेवामा पहुँच (परिवार)</td><td>प्रतिशत</td><td>१३.६६</td><td>३५</td><td>५०</td></tr>
</table>

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| | खरको छाना भएका परिवार | प्रतिशत | ६.७४ | ० | ० | | |
| | सामुदायिक वन | संख्या | १ | १ | १ | | |
| | पक्की शौचालय भएका घर | प्रतिशत | २६.८७ | ३५ | ५० | | |
| | खाना पकाउने इन्धन-गोवर गुईठाको प्रयोग | प्रतिशत | ३६.०६ | | १५ | | |
| | बेरुजु फछर्यौट | प्रतिशत | | | | | |
| | कुल बार्षिक बजेटमा आन्तरिक आयको हिस्सा | प्रतिशत | १.३५ | २.७५ | ३.६७ | | |
| | संस्थागत स्वमूल्यांकनमा पालिकाको अङ्क | प्रतिशत | ५९.७५ | ७५ | ८० | | |
| **असर १ :** कृषि, पर्यटन, घरेलु तथा साना उद्योग लगायतका क्षेत्रहरुको विकास र प्रवर्द्धन मार्फत दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने । | कूल खाद्यान्न उत्पादन | मे.ट. | १३४५५.५ | १५५०० | १७५०० | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>• जलवायु परिवर्तन र विपदको असर न्यून हुने छ । |
| | मासु उत्पादन | मे.ट. | २०७ | ३०० | ४०० | | |
| | उद्योग रोजगारी | संख्या | ४० | ७० | १५० | | |
| | दूध उत्पादन (वार्षिक लिटर हजारमा) | लिटर | ९६५ | १२०० | १५०० | | |
| | दलहन उत्पादन | मे.ट | १७.५ | २१ | २४ | | |
| | तेलहन | मे.ट. | ६.१ | ८ | १२ | | |
| **प्रतिफल १.१ :** कृषि, पशुपालन तथा बन्यजन्य बस्तुमा आधारित उद्योग/व्यवसायलाई व्यवसायीकरण गर्ने । | धान पकेट क्षेत्र | संख्या | ० | २ | ३ | | |
| | तरकारी पकेट क्षेत्र | संख्या | ० | ३ | ५ | | |
| | अण्डा उत्पादन (वार्षिक) | क्यारेट | १०८१ | १५०० | २२०० | | |
| | सुधारिएको गोठ र खोरहरु | संख्या | ८०९ | ९०० | १००० | | |
| | घरेलु तथा साना उद्योग (सेवा समेत) | संख्या | ३० | ४५ | ७० | | |
| | महत्वपूर्ण जडिबुटीको तथ्यांक अभिलेखांकन | संख्या | ० | १ | २ | | |
| | दूग्ध संकलन केन्द्र | संख्या | ४ | ६ | ८ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| | खाद्यान्न वाली वीउ उत्पादन | हे. | ५०८ | ७५० | १००० | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • कृषि विकास रणनीतिको कार्यान्वयन हुनेछ ।<br>• कृषि सेवा प्रवाह तथा प्रविधिको प्रयोग हुनेछ ।<br>• बजार अवधारणा अनुसार कृषि अनुसन्धान र प्रविधि हस्तान्तरण हुनेछ ।<br>• सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ<br>• जलवायु परिवर्तन तथा विपदको असर न्यून हुनेछ । |
| | आलु उत्पादन | मे. टन | १००.५ | १३० | १६० | | |
| | फलपूल उत्पादन | मे. टन | ९८ | १५० | २५० | | |
| | फलफूल वालीको क्षेत्रफल | हे. | ६५ | ९० | १५० | | |
| | नगदेवालीको क्षेत्रफल | हे. | २५० | ३५० | ४५० | | |
| | खाद्यान्न वाली वीउ उत्पादन | हे. | ५०८ | ७५० | १००० | | |
| | माटो परिक्षण शिविर | संख्या | १ | ४ | ६ | | |
| | तरकारीको व्यवसायिक उत्पादन क्षेत्र | हे. | १५० | २५० | ३५० | | |
| | कृषि सहकारी संस्था | संख्या | २५ | ३५ | ४५ | | |
| | सहकारीमा आवद्ध कृषक | संख्या | ६२५ | ९०० | १२०० | | |
| | कृषि उपज संकलन केन्द्र | संख्या | १ | ३ | ४ | | |
| | कृषि टनेल संख्या | संख्या | ३ | ३० | ६० | | |
| | व्यावसायिक कृषि तथा पशुपालन फर्म | संख्या | ७२ | ११० | १३० | | |
| | अण्डामा आत्मनिर्भर | प्रतिशत | १.५ | ३ | ५ | | |
| | फलफुल तथा तरकारी चिस्यान केन्द्र निर्माण | संख्या | ० | ० | १ | | |
| **प्रतिफल १.२ :** पर्यटन क्षेत्रको विकास र प्रर्वद्धनबाट आयस्तर बढाउने । | स्तरीय होटल, मोटल, रेष्टुरेण्ट र रिसोर्ट | संख्या | ० | २ | ३ | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• प्रगति प्रतिवेदन | • तीनै तहका सरकार, विकास साझेदार र निजी क्षेत्रबाट पर्यटन विकासमा लगानी हुनेछ |
| | पर्यटन प्रचार सामाग्री (अडियो, भिडियो, श्रव्यदृश्य आदि) | पटक | ० | ३ | ५ | | |
| | पर्यटकीय सूचना केन्द्र | संख्या | ० | १ | १ | | |
| **प्रतिफल १.३ :** | घरेलु तथा साना उद्यममा संलग्न परिवार | संख्या | ८० | १७५ | ३०० | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन | |
| | ६ महिना भन्दा बढी रोजगार प्राप्त जनशक्ति | संख्या | १९३१ | २२०० | ४५०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष | लक्ष्य (सम्मको अवस्था) | | | |
| | | | ०८०/८१ | ०८४/८५ | ०८६/८७ | | |
| श्रमको उचित प्रयोग गरी रोजगारी श्रृजना मार्फत गरिबी न्यूनीकरण गर्ने । | अति विपन्न परिवार राहत कार्यक्रमबाट रोजगारी सिर्जना | संख्या | ७५ | ३०० | ५०० | • अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • उद्यम तथा व्यापार प्रवर्द्धन सम्बन्धी स्थानीय नीति कानून तर्जुमा हुनेछ ।<br>• आर्थिक क्रियाकलाप सञ्चालनका लागि निजी क्षेत्रमैत्री वातावरण कायम हुनेछ । |
| | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी | संख्या | ७५ | १५० | ३०० | | |
| | आयआर्जनमा संलग्न (कृषि पशुपंक्षी लगायत विभिन्न उद्यम समूह) | संख्या | २५ | ३५ | ६० | | |
| | कृषि तथा पशुपालन महिला उद्यमी सहकारी | संख्या | ५ | १० | १२ | | |
| **असर २ :**<br>समुन्नत र मर्यादित जीवनका लागि शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक पूर्वाधारहरुको समुचित विकास गर्ने । | गाउँपलिकाको शिक्षामा लगानी | प्रतिशत | २७ | ३२ | ३५ | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • राजनीतिक स्थिरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ ।<br>• स्थानीय नीति कानून तर्जुमा हुनेछ<br>• सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | शिक्षक विद्यार्थी अनुपात (माध्यमिक तह) | अनुपात | १:४० | १:३५ | १:३० | | |
| | बालमैत्री स्थानीय शासन घोषणा भएका वडा | संख्या | ० | ४ | ८ | | |
| | बि.सि.जी. खोप कभरेज | प्रतिशत | ८६ | ९२ | १०० | | |
| | डि.पि.टी., हेपाटाइटिस बि खोप कभरेज | प्रतिशत | ८८ | १०० | १०० | | |
| | रुबेला खोप (९-११ महिना) | प्रतिशत | ९५ | ९८ | १०० | | |
| | जन्मदा २.५ के.जी. < तौल भएका बालबालिका | प्रतिशत | ५ | ३ | १.५ | | |
| | १८० दिन आइरन च क्की प्रयोग गर्ने गर्भवती | प्रतिशत | ६३ | ८५ | ९२ | | |
| | भिटामिन ए प्रयोग गर्नृ महिला | प्रतिशत | ३३ | ७५ | १०० | | |
| | पहिलो पटक स्वास्थ्य संस्थामा जाने गर्भवती | प्रतिशत | ६१ | ९० | ९५ | | |
| | ४ पटकसम्म स्वा. संस्था मा जाँच गराउने गर्भवती | प्रतिशत | ६२ | ८५ | ९० | | |
| **प्रतिफल २.१ :** | स्मार्ट सामुदायिक विद्यालय | संख्या | १ | २ | २ | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन | • अभिभावक तथा स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागीतामा बृद्धि हुनेछ । |
| | प्राविधिक धारका विद्यालय | संख्या | १ | १ | २ | | |
| | विज्ञान प्रयोगशाला भएका  विद्यालय | संख्या | १ | ३ | ५ | | |
| | ICT ल्याब भएका विद्यालय | संख्या | २ | ३ | ५ | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहूँचको व्यवस्था गर्ने । | इन्टरनेट सेवा उपलब्ध सामुदायिक विद्यालय | संख्या | २५ | २७ | २७ | • प्रगति/अनुगमन प्रतिवेदन | • सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>• स्थानीय स्तरमा सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | अपाङ्गमैत्री पूर्वाधार भएका विद्यालय | संख्या | ० | ५ | १५ | | |
| | पक्की शौचालय भएका सामुदायिक विद्यालय | संख्या | २७ | २७ | २७ | | |
| | खेल मैदान भएका विद्यालय | संख्या | २५ | २७ | २७ | | |
| | एम्बुलेन्स सेवा | संख्या | ३ | ४ | ४ | | |
| **प्रतिफल २.२ :** स्वच्छ खानेपानीको उपलब्धता र सरसफाइ सेवाको सुनिश्चित गर्ने । | बालमैत्री शौचालय भएका बिद्यालयहरु | प्रतिशत | ५० | ८० | १०० | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • संघ, प्रदेश, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>• सबै पक्षको सहभागीता, समन्वय तथा सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | वडा तहमा फोहोर संकलन केन्द | संख्या | ० | ४ | ८ | | |
| | धारा/पाईपको खानेपानीको उपलब्धता | प्रतिशत | ३.१७ | ३० | ६० | | |
| | पक्की शौचालय भएका घरघुरी | संख्या | २६.८७ | ४५ | ६० | | |
| | शौचालय भएका घरघुरी संख्या | प्रतिशत | ६५.६४ | ९० | १०० | | |
| **प्रतिफल २.३ :** मौलिक संस्कृति, भाषा र परम्पराको संरक्षण गर्ने । | धार्मिक बिद्यालयहरुको संख्या | संख्या | १३ | १५ | १५ | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागीतामा अभिबृद्धि हुनेछ । |
| | साँस्कृतिक संग्राहलय | संख्या | ० | १ | १ | | |
| | | | | | | | |
| | | | | | | | |
| **प्रतिफल २.४ :** खेलकूदको माध्यमबाट युवाहरुलाई आत्मसम्मान तथा राष्ट्रिय गौरब वृद्धिमा सरिक बनाउने । | मुख्य खेल मैदान | संख्या | ० | १ | १ | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।<br>• युवामैत्री वातावरण र लगानीमा बृद्धि हुनेछ । |
| | प्रशिक्षण प्राप्त खेलाडी | संख्या | १० | ४० | ६० | | |
| | | | | | | | |
| **प्रतिफल २.५ :** | जेष्ठ नागरिक दिवा मिलन केन्द्र स्थापना | संख्या | ० | १ | २ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| सेवा, सुविधा र अवसर वितरणमा समन्यायिक सिद्धान्तको अवलम्बन गरी सामाजिक समावेशिता र समानतामा आधारित विकास प्रक्रियालाई आत्मसात गर्दै सामाजिक सुरक्षा र न्याय प्रणालीको प्रवर्द्धन गर्ने । | बालक्लब परिचालन | संख्या | १०२ | ११० | १२० | • गाउँ वस्तुगत विवरण सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • स्थानीय नीति कानून तर्जुमा हुनेछ<br>• संघ, प्रदेश, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>• सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ |
| | बालश्रम मुक्त वडा | संख्या | ० | ५ | ८ | | |
| | अति विपन्न महिला समूह गठन तथा परिचालन | संख्या | ० | ८ | ८ | | |
| | शारीरिक अशक्तहरुको सञ्जाल निर्माण तथा परिचालन | संख्या | ० | १ | १ | | |
| | लैंगिक उत्तरदायि बजेट परीक्षण (वार्षिक) | संख्या | १ | ३ | ५ | | |
| | लैससास नीति तर्जुमा | पटक | १ | १ | १ | | |
| **असर ३ :** स्तरयुक्त भौतिक पूर्वाधारको विकास मार्फत आर्थिक, सामाजिक क्रियाकलापमा सहज पहूँच सुनिश्चित गर्ने । | बाह्रै महिना यातायात सुचारु सडक | कि.मी. | ३०० | ४०० | ४५० | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • संघ, प्रदेश र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>• समुदायको सहभागीता, योगदान र निगरानीमा बृद्धि हुनेछ । |
| | व्यवस्थित नमूना बस्ती बिकास | संख्या | ० | ० | १ | | |
| | व्यवस्थित बस पार्क | संख्या | ० | ० | १ | | |
| | नाला नियन्त्रण (मसहिया तथा जमुवार नाला) | स्थान | ० | ५ | १० | | |
| **प्रतिफल ३.१ :** भौतिक पूर्वाधार विकासका लागि दीर्घकालीन नीति र भू-उपयोग योजना तयार गरी कार्यान्वयन गर्ने । | ग्रामिण यातायात गुरु योजना निर्माण | संख्या | ० | १ | १ | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • स्थानीय नीति कानून तर्जुमा हुनेछ।<br>• स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | भू-उपयोग योजना तर्जुमा | संख्या | १ | १ | १ | | |
| | भू-उपयोग नीति अनुसार जग्गाको वर्गीकरण | पटक | ० | १ | १ | | |
| | | | | | | | |
| **प्रतिफल ३.२ :** प्रमुख सडक तथा पुल, भवन निर्माण, सिंचाई तथा तटबन्ध | बसपार्क अध्ययन तथा निर्माण | संख्या | ० | ० | १ | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन | • तीनै तहका सरकारको स्थायित्व हुनेछ। |
| | सतह सिंचाई प्रणाली | संख्या | १ | २ | ३ | | |
| | सिंचाईका लागि भरण पोखरी निर्माण | संख्या | ० | ५ | ८ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| जस्ता पूर्वाधार निर्माणमा केन्द्र तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने । | विद्युत उर्जा खपतका लागि विद्युत चुल्हो अनुदान | संख्या | ० | १०० | २०० | • प्रगति/अनुगमन प्रतिवेदन | • स्थानीय नीति कानून तर्जुमा हुनेछ<br>• सबै पक्षको सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | हिउदमा सिंचाई सुविधा | प्रतिशत | २० | ३५ | ५० | | |
| | नाला नियन्त्रण | स्थान | ० | ५ | १० | | |
| **प्रतिफल ३.३ :** भवन, वस्ती विकास तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने । | भवन मापदण्ड/संहिता निर्माण | संख्या | ० | १ | १ | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • स्थानीय नीति कानून तर्जुमा हुनेछ<br>• स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | १५ शैयाको अस्पताल निर्माण | संख्या | ० | १ | १ | | |
| | स्वास्थ्य चौकी भवन निर्माण | संख्या | १ | ३ | ५ | | |
| | गाउँपालिकाको प्रशासकीय भवन | संख्या | १ | १ | १ | | |
| | सामुदायिक भवन | संख्या | ० | ४ | ८ | | |
| | आधुनिक वस्ती विकासका लागि बिस्तृत परियोजना तयारी तथा कार्यन्वयन | संख्या | ० | १ | १ | | |
| **असर ४ :** वातावरण र विकास बीच सन्तुलित सम्बन्ध बनाई दीगो विकासमा जोड दिने र प्राकृतिक प्रकोपबाट हुने क्षती न्यूनीकरण गर्ने । | खुल्ला चउर, बाटो किनार तथा चरन क्षेत्रमा वृक्षारोपण गरी हरियाली प्रर्वद्धन गर्ने | हेक्टर | ० | ७ | १२ | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • तीनै तहका सरकार, गैरसरकारी र निजी क्षेत्रको सहभागिता बृद्धि हुनेछ<br>• वन, वातावरण नीतिको पालना हुनेछ । |
| | सन्तुलित तथा दीगो विकासमा जनचेतना स्तर अभिवृद्धि | प्रतिशत | ६ | ३० | ४५ | | |
| **प्रतिफल ४.१ :** विभिन्न पूर्वाधार तथा आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्दा दीगो विकासको मान्यता अवलम्बन | नदी/नाला कटान क्षेत्रमा वायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग | कि.मी | ० | १ | १.५ | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • स्थानीय नीति कानून तर्जुमा हुनेछ<br>• वन, वातावरण नीतिको पालना हुनेछ । |
| | सडकका दुवै किनारा, पोखरी र कटान प्रभावित क्षेत्रमा वृक्षारोपण | हेक्टर | ० | ६ | १० | | |
| | वातावरण संरक्षणसँग सम्बन्धित स्थानीय कानून निर्माण | संख्या | ० | १ | १ | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| गर्ने र प्राकृतिक सम्पदाहरुको संरक्षणमा स्थानीय प्रविधिको अधिकतम उपयोग गर्ने । | | | | | | | • वातावरण संरक्षण र प्रवर्द्धनमा स्थानीय समुदायको सक्रीय सहभागीता रहनेछ । |
| **प्रतिफल ४.२ :** प्राकृतिक सम्पदाहरु र जैविक विविधताको संरक्षण तथा संम्वर्द्धन गर्ने । | जैविक विविधता संरक्षण सम्बन्धी स्थानीय नीति तर्जुमा | संख्या | ० | १ | १ | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • बन, वातावरण नीतिको पालना हुनेछ ।<br>• वातावरण संरक्षण र प्रवर्द्धनमा स्थानीय समुदायको सक्रीय सहभागीता रहनेछ । |
| | वनमा आधारित स्थानीय फर्निचर उद्योग | संख्या | २० | ३० | ३५ | | |
| **प्रतिफल ४.३ :** विपद् व्यवस्थापनका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने । | वडा स्तरमा विपद् व्यवस्थापन कोषको स्थापना | संख्या | ८ | ८ | ८ | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • स्थानीय नीति कानून तर्जुमा हुनेछ<br>• विपद जोखिम न्यूनीकरणमा जनचेतना अभिवृद्धि भएको हुनेछ |
| | छाडा चौपायबाट बालीनालीको क्षति | हेक्टर | ३०० | २०० | १०० | | |
| | विपद् व्यवस्थापन समिति | संख्या | १ | १ | १ | | |
| | विपद् व्यवस्थापन योजना तर्जुमा | संख्या | १ | १ | १ | | |
| | वडागत विपद् प्रतिकार्य योजना | संख्या | ८ | ८ | ८ | | |
| | नाला नियन्त्रण | स्थान | १ | २ | ३ | | |
| | सम्भावित विपद् क्षेत्र नक्सांकन | पटक | ० | १ | ० | | |
| **असर ५ :** सहज तथा गुणस्तरीय सेवा प्रवाह मार्फत पालिकावासीहरुलाई सुशासनको प्रत्याभूति गराइनेछ । | सार्बजनिक लेखापरीक्षण भएका योजना | प्रतिशत | ८० | १०० | १०० | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन | • थानीय नीति कानून तर्जुमा हुनेछ<br>• स्थानीय सरकारको क्षमता अभिवृद्धि हुनेछ । |
| | इन्टरनेट सुबिधा भएका वडा कार्यालयहरु | संख्या | ८ | ८ | ८ | | |
| | न्यायिक समितिमा आएका मुद्धाहरुको फछ्र्यौट | प्रतिशत | ७५ | ९० | १०० | | |
| | वस्तुगत विवरण अद्यावधिक | पटक | ० | १ | १ | | |
| | लैससास स्थानीय रणनीति तर्जुमा | संख्या | ० | १ | १ | | |
| | लैङ्गिक उत्तरदायी बजेट परीक्षण (बार्षिक) | पटक | ० | ३ | ५ | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| | निर्णय प्रक्रियामा महिला सहभागिता | प्रतिशत | ३३ | ३८ | ४० | | सेवाग्राहीमैत्री वातावरणमा सेवाहरु प्रवाह हुनेछ। |
| **प्रतिफल ५.१ :** सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र समय सीमा भित्र आवद्ध गरी नतिजामूलक बनाउने। | आम्दानी खर्चको सार्वजनिकीकरण (चौमासिक) | पटक | ० | ९ | १५ | • सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • स्थानीय नीति कानून तर्जुमा हुनेछ<br>• स्थानीय सरकारको क्षमता अभिवृद्धि हुनेछ।<br>• सेवाग्राहीमैत्री वातावरणमा सेवाहरु प्रवाह हुनेछ। |
| | सार्वजनिक सुनुवाई (चौमासिक) | पटक | ० | ९ | १५ | | |
| | सामाजिक परिक्षण भएको योजना/कार्यक्रम (बार्षिक) | संख्या | ० | ३ | ५ | | |
| | संगठन तथा व्यवस्थापन अध्ययन | पटक | १ | २ | २ | | |
| | करका दर र दायरा बारे बिस्तृत अध्ययन | संख्या | ० | १ | १ | | |
| | मध्यकालीन खर्च संरचना तर्जुमा | पटक | ० | ३ | ५ | | |
| | कार्य बिबरण तैयारी तथा परिमार्जन | पटक | ० | ३ | ५ | | |
| | कार्य सम्पादन सम्झौता (शाखा प्रमुख संग) | प्रतिशत | ० | १०० | १०० | | |
| **प्रतिफल ५.२::** गाउँपालिकालाई नीति निर्माण, नियमन तथा सहजीकरण गर्ने केन्द्रको रुपमा विकास गरी सेवा प्रवाह लगायतका मुख्य कार्यहरुमा वडा कार्यालयलाई जिम्मेवार बनाउने। | पालिका र वडा कार्यालय बीच नेटवर्किङ्ग | संख्या | ८ | ८ | ८ | | |
| | सुविधायुक्त वडा कार्यालय | संख्या | ० | ४ | ८ | • गाउँ वस्तुगत विवरण<br>• सर्वेक्षण प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • स्थानीय नीति कानून तर्जुमा हुनेछ<br>• स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | कानून तर्जुमा | संख्या | ३७ | ५० | ७५ | | |
| | | | | | | | |
| **प्रतिफल ५.३ :** संस्थागत क्षमता अभिवृद्धि तथा नेतृत्व विकासलाई प्राथमिकता दिने।: | पालिकाको क्षमता बिकास योजना तर्जुमा | संख्या | १ | २ | २ | • गाउँ वस्तुगत विवरण<br>• अध्ययन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | • क्षमता बिकास योजना तर्जुमा भएको हुनेछ।<br>• स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | क्षमता विकासबाट लाभान्वीत कर्मचारी | प्रतिशत | ६० | १०० | १०० | | |
| | क्षमता विकासबाट लाभान्वीत जनप्रतिनिधि | प्रतिशत | ३० | १०० | १०० | | |

### ४.१२ अपेक्षित उपलब्धी

यो आवधिक विकास योजना कार्यान्वयन पश्चात यशोधरा गाउँपालिकाले निम्न उपलब्धी हासिल गरेको हुनेछ ।

- गाउँपालिकामा विभिन्न आर्थिक गतिविधि सञ्चालन/प्रवर्द्धन भई ७ प्रतिशतको आर्थिक वृद्धि हासिल हुनेछ ।
- निरुपेक्ष गरिबीको रेखामुनीको जनसंख्या १५ प्रतिशतमा झरेको हुनेछ ।
- कृषि उत्पादकत्व वृद्धि भई प्रति हेक्टर ३.७ मे.ट. उत्पादन हुनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि निजी क्षेत्र तथा स्थानीय समुदाय संगको समन्वयमा होटल, मोटल तथा रेष्टुरेन्ट संचालनमा आएका हुनेछन् ।
- पाँच वर्ष माथिको साक्षरता दर ८० प्रतिशत पुगेको हुनेछ ।
- बिद्यालयहरुको शैक्षिक वातावरणमा सुधार भई पठन पाठनमा गुणस्तरीयता कायम भएको हुनेछ ।
- योजना अवधिमा कम्तिमा एक बिद्याललाई स्मार्ट बिद्यालयमा परिणत गरिएको हुनेछ ।
- बैदौलीमा १५ शैयाको अस्पातलको निर्माण सम्पन्न भएको हुनेछ । स्वास्थ्य चौकीहरु स्तरोन्नती भई आधारभूत स्तरका सेवामा सहजता भएको हुनेछ ।
- हाल ३.१७ प्रतिशत यशोधराबासीलाई पाइपबाट घर आगनमै स्वच्छ खानेपानी सेवा उपलब्ध भएकोमा योजना अवधिमा ६० प्रतिशत पुऱ्याईनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दालाई विकासका सबै अबयबहरुमा आन्तरिकीकरण भई विभिन्न वर्गहरुले यसको अनुभूति गरेका हुनेछन् ।
- पालिका स्तरीय बहु-साँस्कृतिक संग्रहालयको निर्माण भएको हुनेछ ।
- योजना अवधिमा पालिका क्षेत्र भित्र थप ६० कि.मी सडक निर्माण भएको हुनेछ ।
- सबै वडा/क्षेत्रमा इन्टरनेट सञ्जालको विस्तार भएको हुनेछ । थप टेलिफोन टावरको व्यवस्थापन भई सञ्चार सेवा भरपर्दो भएको हुनेछ ।
- पालिकावासी सबैको घर-घरमा र विभिन्न प्रतिष्ठानहरुमा विद्युत आपूर्ति सहज भएको हुनेछ ।
- फोहरमैलाको अन्तिम विसर्जनको लागि अध्ययन भएको हुनेछ ।
- पालिका तथा वडा कार्यालयहरु सूचना प्रविधिमैत्री भई छिटो छरितो एवं चुस्त सेवाहरु प्रवाह गरिएको हुनेछ ।
- जिम्मेवारी, पारदर्शीता र जवाफदेहिता जस्ता पक्षहरुमा स्थानीय सरकार थप संवेदनशील भएको हुनेछ र जनताले सुशासनको अनुभूति गरेका हुनेछन् ।

# परिच्छेद-५

# आर्थिक विकास

नेपालको संविधानले सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहन्छ। यसलाई मुर्तरुप दिन संवैधानिक व्यवस्था, बर्तमान  निति, कानून, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यक छ। राष्ट्रिय योजना आयोगको १६ औं योजनाले लिएको **समृद्धिको लागि राष्ट्रिय लक्ष्य** अनुसार आ.व.२०७९/८० को आर्थिक वृद्धि ३.५ प्रतिशत रहेकोमा आ.व २०८५/८६ मा ७ प्रतिशतको लक्ष्य लिईको छ। यसैगरि प्रतिव्यक्ति आय १४५६ अमेरिकन डलर रहेकोमा २३५१ अमेरिकन डलरको लक्ष्य लिईएको र गरिवीको रेखमुनि रहेको जनसंख्या २०.३ प्रतिशत रहेकोमा आ.व २०८५/८६ मा १२ प्रतिशतमा ल्याउने लक्ष्य लिईएको छ। यशोधरा गाउँपालिकाले पनि राष्ट्रिय तथा प्रदेश सरकारका योजनाका लक्ष्यहरुलाई स्थानीयकरण गर्न आवश्यक छ। ययोधरा गाउँपालिकाको आर्थिक विकासको अग्रणी क्षेत्रका रुपमा कृषि, पशु, उद्योग, व्यापार तथा व्यवसाय, सहकारी एवं पर्यटन रहेका छन्।

## ५.१ कृषि विकास

### ५.१.१ विद्यमान अवस्था

नेपालको कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २३.९ % रहेको र कुल जनसंख्याको ६०.४% कृषि क्षेत्रमा आवद्धता रहेकोले कृषिलाई आर्थिक समृद्धिको पूर्ण आधार मान्न सकिन्छ। कृषि क्षेत्रको समग्र विकासका लागि २० वर्षे कृषि विकास रणनीति र दीगो विकास लक्ष्यलाई मार्गदर्शनको रुपमा लिइएको छ। कृषि उत्पादनको व्यवसायीकरण, यान्त्रीकरण र विविधिकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउने र भोकमरीको अन्त्यका लागि खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितता गर्दै दीगो कृषिको प्रवर्द्धन गर्ने दीगो विकासको लक्ष्य यस आवधिक विकास योजनाले अंङ्गिकार गरेको छ। १६ औं राष्ट्रिय योजनाले लिएको समृद्धि राष्टिय लक्ष्य अनुसार आ.व.२०७९/८० मा कृषि वालीको औषत उत्पादकत्व ३.३ मे.टा.प्रति हेक्टर रहेकोमा आ.व २०८५/८६ मा ३.७ मे.ट प्रति हेक्टरमा ल्याउने लक्ष्य लिईएको देखिन्छ। त्यसैगरी **कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र औद्योगिकीकरणबाट प्रदेशको समृद्धिमा योगदान** भन्ने सोँच र कृषि क्षेत्रलाई प्रतिस्पर्धी, व्यवसायिक र सम्मानजनक पेशाको रुपमा रुपान्तरण गर्ने लक्ष्य लुम्विनी प्रदेश सरकारको प्रथम आवधिक योजानले लिएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यशोधरा गाउँपालिकाको ठूलो जनसंख्या अर्थात ७५ प्रतिशत जनसंख्या कृषि पेशामा लागेको देखिन्छ। यस गाउँपालिकाको बर्तमान भुउपयोगलाई विस्लेषण गर्दा ९२.७४ प्रतिश भु भाग कृषि भूमि रकेको छ। यस गाउँपालिकाको जनसंख्याको ठूलो हिस्सा कृषिमा निर्भर भए पनि निर्वाहमुखी कृषि प्रणाली विद्यमान छ। कृषिको आधुनिकीकरण नहुदा कृषकहरुले आधुनिक उपकरणहरु उपयोग गर्न पाएका छैनन्। कृषि उपजहरुको व्यवसायीकरण, यान्त्रिकीकरण र विविधिकरण नहुदा खाद्य सुरक्षा र पोषणको सुनिश्चितता गर्न सकिएको छैन। कृषि योग्य जग्गाको संरक्षण, खण्डीकरण नियन्त्रण, चक्लाबन्दी कार्यक्रम मार्फत कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षाको प्रत्याभूति गर्ने उद्देश्यले नेपाल सरकारले भू-उपयोग नीति-२०७२ जारी गरेको छ। भू-उपयोग ऐन-२०७६, भू-उपयोग नियमावली-२०७९ र भू-उपयोग नीति-२०७२ मा स्थानीय तहलाई भूमिको वर्गिकरण, भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गर्ने अधिकार तोकिएको छ। सो अनुसार प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रको जग्गालाई कम्तिमा कृषि क्षेत्र र गैर कृषि

क्षेत्रमा छुटट्याउन केन्द्र सरकारले निर्देश गरकोमा यशोधरा गाउँपालिका यस कार्यको लागि भू-उपयोग योजना तर्जुमा गरेको छ । कृषिको आधुनिकीकरण गरी यस क्षेत्रको दीगो विकास गर्न कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा रुपान्तरण गर्न आवश्यक छ । प्रभावकारी सिंचाई प्रणालीको अभाव, परम्परागत निर्वाहमुखी कृषि प्रणाली, उन्नत बिउ विजनको अभाव, प्राविधिक जनशक्ति र प्रविधिको अभाव, सुलभ कृषि ऋण र कृषि बिमाको पहुँचमा कमी, कृषि प्रति युवाशक्तिको विकर्षण आदि कृषि उत्पादन र उत्पादकत्वका बाधक पक्षहरु हुन् । यी व्यवधानहरु हटाई प्रयाप्त सिँचाईको व्यवस्था, कृषिमा व्यवसायीकरण र आधुनिकीकरण, प्राविधिक सहयोग, उन्नत बिउ विजनको व्यवस्था, कृषि उत्पादनमा विशिष्टीकरण, भण्डारण, प्याकेजिङ्ग, ब्राण्डिङको व्यवस्था गरी बजारीकरण गर्न युवाशक्तिलाई उत्प्रेरणा जगाई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न जरुरी छ ।

कृषिको परम्परागत उत्पादन प्रणालीलाई आधुनिक तथा बैज्ञानिक प्रणालीमा रुपान्तरण गर्न पालिकाले विभिन्न नीतिगत व्यवस्थाका साथै विविध कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । उन्नत बीउ विजनको प्रयोग गरी उत्पादनमा वृद्धि गर्ने, रैथाने जातका बाली संरक्षण र मौसमी तथा बेमौसमी कृषि उपज उत्पादनमा आधुनिक यन्त्र उपकरणको प्रयोग गर्ने, अनुदानमा उन्नत बीउ बितरण, हिउँदे र वर्षे तरकारी कम्पोजिट विउ खरीद तथा वितरण कार्यक्रमहरुलाई गाउँपालिकाले प्राथमिकता दिएको छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार यशोधरा गाउँपालिकामा कृषिलाई मुल आर्थिक उपार्जनको आधार मानिएको छ । यस जनगणना अनुसार गाउँपालिकाको वडगत आर्थिक कियाकलापमा संलग्न जनसंख्या  विस्लेषण गर्दा वडा नं ८ को ठूलो जनसंख्या कृषि पेशामा लागेको देखिन्छ भने त्यसपछि वडा नं ४, ५, ६, र ं २ रहेको देखिन्छ । वडा नं ३, वडा नं १, वडा नं ७ मा कृषि वाहेक अन्य व्यवसायमा लागेको जनसंख्या देखिन्छ । तथापी सवै वडाहरुमा करिव ६५ प्रतिशत भन्दा धेरै जनसंख्या कृषि पेशमा नै निर्भर रहेको देखिन्छ ।

ग्रामिणस्तरमा युवाहरुको संख्या घट्दै जानु तथा गाउँ वस्तिमा छाडा गाईवस्तुको कारण कृषि उत्पादनका थप समस्या परेको देखिन्छ । गाउँपालिकाको कृषि सम्वन्धी अवस्था विस्लेषण गर्दा धान र गहुंको कृषि उत्पदकत्व मे.प्रति हे. ३.५ रहेको छ भने कूल खाद्यान्न उत्पादन २२०८८.५ मे.ट. रहेको छ । कृषि भूमिमा सिंचाईको अवस्था विस्लेषण गर्दा ३० प्रतिशत भु भागमा सिंचाई उपलव्धता देखिन्छ । फलफूल वालीको क्षेत्रफल ६५ हे., नगदेवालीको क्षेत्रफल २५० हे., तरकारीको व्यवसायिक उत्पादन क्षेत्र १५० हे., कृषि सहकारी संस्था २५ वटा, कृषि संकलन केन्द्र १ वटा, कृषि टनेल संख्या ३ वटा, व्यवसायिक कृषि फार्म ५० वटा रहेका छन् । गा.पा. मा कृषिको लागि आवश्यक शित भण्डारको स्थापना भने भएको पनि पाईदैन ।

अत्यन्त महत्व बोकेका यस गाउँपालिकाका परम्परागत रैथाने बालीको संरक्षण र बिस्तारका लागि गोठे मल-मुत्र तथा प्राङ्गारिक मलको उचित व्यवस्थापन र प्रयोग गरी माटोको उर्वराशक्ति ह्रास हुनवाट जोगाउँदै कृषि प्रणालीमा सुधार गर्ने नीति अवलम्वन गर्न जरुरी छ । हावापानी र मौसममा विविधताको अवस्था र माटोको उर्वराशक्तीलाई मध्यनजर राखी बिशेष बाली उत्पादनका लागि  गाउँपालिकाका बिभिन्न क्षेत्रको शुक्ष्म अध्ययन गर्न जरुरी छ । यही अध्ययनको आधारमा बिभिन्न बालीहरुलाई क्षेत्रगत कलष्टरिङ्ग गरी नगदे बाली तथा फलफूलहरुको व्यवसायिक उद्यम योजना निर्माण गरी

युवाहरुलाई यस्ता व्यवसायमा अभियानको रुपमा आवद्ध गराउन सकेमा आयआर्जन, स्वरोजगारका साथै कृषि पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने छ ।

यस गाउँपालिकामा एक वडा एक उत्पादन र कृषि पकेट क्षेत्रको विकास कार्यक्रम निरन्तर रुपमा चलेको छ । गाउँपालिकाले कृषि समुह र सहकारी मार्फत कृषि उत्पादन, प्रसोधन तथा वजारिकरण कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ । । कृषकहरुलाई विउ विजन, यान्त्रिक सहयोग, विउविजन वितरण लगायतका सुविधाहरु प्रदान गरि उत्पादन वृद्धिमा जोड दिईएको छ ।

**संभावना र अवसर**

- हावापानी, माटो र भू-बनोटको अवस्था अनुसार विभिन्न बाली तथा बस्तुका सुपरजोन, ब्लक तथा पकेट क्षेत्रको निर्धारण गरी उत्पादन र उत्पादकत्व बढाउन सकिने ।
- सडक पूर्वाधारको विकाससँगै निर्यातमूखी कृषि उत्पादन बृद्धि र बजारीकरण गर्न सकिने ।
- कामको खोजीमा रहेका र वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि पेशा तर्फ आकर्षित गरी युवा पलायनलाई रोक्न सकिने ।
- प्राङ्गारिक मलको प्रयोग र अर्गानिक उपज प्रति चासो बढ्दै गएकोले पर्या-पर्यटन र कृषि पर्यटनमा लाभ लिन सकिने । कृषि पर्यटन संगै आय आर्जन तथा स्वरोजगारीमा बृद्धि गर्न सकिने ।
- परम्परागत कृषि प्रणाली लाई यन्त्रिकरण तथा व्यवसायिक रुपमा रुपान्तरण गर्न सकिने ।
- खेतीयोग्य जमिन प्रसस्त रहेको र धान, गहूं, तरकारी, फलफूलको प्रचुर संभावना रहेको ।
- तरकारी वालीको पकेट क्षेत्रहरु रहेका ।
- वाणगंगा सिंचाई योजना थप व्यवस्थित गरि धेरै जमिन सिंचित गर्न सकिने ।
- पानीका अन्य स्रोतहरु जस्तो नाला, पोखरी, वोरिङ् को प्रयोग गरि सिंचाई गर्न सकिने ।

**समस्या र चुनौती**

- छोडुवा गाई वस्तुवाट हुने कृषि बाली क्षतीलाई न्यूनीकरण गर्ने ।
- समयमा मल, बिउ र प्रविधि आवश्यक मात्रामा उपलब्ध गराउन ।
- कृषिकर्मीहरुलाई बैंक तथा वित्तीय संस्थाहरुबाट सहुलियतपूर्ण कर्जामा पहुँच पुऱ्याउन ।
- कृषि पेशालाई सम्मानित तथा मर्यादित बनाई आर्थिक रुपमा क्रियाशील जनशक्तिलाई त्यस तर्फ आकर्षण गर्ने
- जग्गाको खण्डीकरण र जग्गा बाझो राख्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने ।
- कृषकहरुमा आधुनिक कृषि ज्ञानको प्रवर्द्धन गर्ने र यान्त्रीकरणको प्रयोग गर्ने ।
- युवाहरुको विदेश मोहलाई निरुत्साहित गर्न ।
- श्रमशक्तीको उपलव्धता कम हुदै गैरहेको अवस्थामा वढ्दो स्थायी/अस्थायी वसाइसराईलाई रोक्ने ।
- आवश्यकता अनुसारको कृषि प्राविधिक सेवा उपलव्ध गराउन ।
- धेरै खेतीयोग्य जमिनको आकासे खेतीमा निर्भरता ।
- विउ विजन समयमा उपलव्ध नहुनु ।
- कृषि उत्पादनलाई वजारीकरणको समस्या ।
- रैथाने प्रजातीका अन्नपातहरु जस्तो कालानमक धान को संरक्षणमा चुनौती ।

- खुल्ला वोर्डरको कारण कृषि उत्पादनमा समस्या ।
- रोग र किराको पकोप वढ्दै जानु ।

**दीर्घकालीन सोँच :- "सुदृढ अर्थतन्त्रको आधार; कृषिमा स्वरोजगार तथा जीवन स्तरमा सुधार"**

**लक्ष्य :-** कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि मार्फत खाद्य सुरक्षाको सुनिश्चितता सहित निर्यात प्रवर्द्धन गर्ने

**उद्देश्य :-** कृषि उत्पादनमा आत्मर्निभर हुँदै आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य १ : कृषि उत्पादनमा आत्मर्निभर हुँदै आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • प्रतिस्पर्धी क्षमता विकास गरी व्यवसायिकीकरणको माध्यमवाट खाद्य उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । | • भूमिको वर्गिकरण र भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ<br>• कृषि क्षेत्रको विशिष्टिकरणका लागि माटो तथा हावापानी सुहाउँदो बाली पकेट क्षेत्र बनाई उत्पादकत्व वृद्धि गरिनेछ ।<br>• प्राङ्गारिक मलको प्रयोगद्वारा अर्गानिक तरकारी र फलफूल उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।<br>• कृषिका आधुनिक प्रविधि तथा यन्त्र-उपरणहरुको प्रयोग तथा यान्त्रीकरण गर्न तथा सूचना प्रविधिवाट वढी भन्दा वढी लाभान्वित गराउन कृषकहरुलाई सहयोग उपलव्ध गराइनेछ ।<br>• कृषि उपजको बजारीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणमा याउँपालिकाबाट सहयोग उपलब्ध गराइनेछ ।<br>• निर्वाहमुखी कृषि प्रणालीलाई अन्त्य गरी एक गाउँ एक उत्पादन मार्फत कृषिको व्यवसायीकरण र विस्तार गरिनेछ ।<br>• कृषि उत्पादनमा निजी तथा सहकारी क्षेत्रलाई उत्प्रेरित गरिनेछ । सहकारी खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।<br>• वित्तीय संस्था र सहकारीबाट कृषकहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन सहजिकरण गरिने छ ।<br>• व्यवसायिक फर्म सञ्चालन गर्न चाहने व्यक्ति वा समूहलाई पूर्वाधार निर्माण लगायत प्रविधि र प्राविधिक सहयोगमा सहुलियत दिइनेछ ।<br>• कृषक, कृषि उद्यमी, कृषक समूह तथा कृषि सहकारीलाई विविधिकरणको आधारमा वर्गीकरण गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- भू-उपयोग योजना अनुसार भूमिको वर्गिकरण कार्यक्रम ।
- कृषि तथा पशुपंक्षी सम्वन्धी तथ्यांङ्क अद्यावधिक कार्यक्रम ।
- कृषक बर्गिकरण तथा परिचय पत्र वितरण कार्यक्रम ।
- माटो परीक्षणका लागि मिनि ल्याब (प्रयोगशाला) स्थापना कार्यक्रम । (गाउँपालिका तहमा)
- तरकारी क्षेत्र बिस्तार कार्यक्रम ।
- गहुं वाली पकेट विस्तार कार्यकम ।
- तरकारी मिनिकिट वितरण कार्यकम
- कृषि मेला प्रदर्शनी कार्यकम ।
- कृषकहरुको लागि कृषि सामाग्रि सहयोग कार्यकम ।
- सिंचाईको लागि मम्पसेट, ट्यूवेल जडान तथा विद्युतीय मोटर वितरण कार्यकम ।
- मसइया खोलाम सिंचाईको लागि ड्याम निर्माण कार्यकम । (सिचाईमा समाबेश गरिएको)
- जमुवार नालामा फाटक निर्माण कार्यकम । (सिचाईमा समाबेश गरिएको)
- कोल्ड स्टोर निर्माण (संभाब्यताको आधारमा)
- च्याउ खेती बिस्तार कार्यक्रम
- एक वडा एक कृषि संकलन केन्द्र स्थापना । सबै वडा
- उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यकम । सबै वडा
- कृषि एम्वुलेन्स सञ्चालन
- बीउ उत्पादन कार्यक्रम
- धान खेती प्रवर्द्धन कार्यक्रम र कालानमक धानको संरक्षण कार्यकम
- उन्नत बिउ बिजन बितरण कार्यक्रम ।
- कृषि प्रबिधि हस्तान्तरण कार्यक्रम ।
- प्राङ्गारिक मल उत्पादन तथा विषादी नियमन कार्यक्रम ।
- छाडा तथा वन्यजन्तुबाट वाली संरक्षण कार्यक्रम ।
- उत्कृष्ट कृषक तथा कृषक समुह सम्मान कार्यक्रम ।
- घाँसको विउ विरुवाको श्रोत केन्द्र स्थापना ।
- कृषकहरुको क्षमता विकास कार्यक्रम ।
- माहुरीपालन कार्यक्रम ।
- कृषि बिमा कार्यक्रम ।
- आलु उत्पादन कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- योजना कार्यान्वयन अवधिमा कृषि तथ्यांक अद्यावधिक भएको हुनेछ ।
- कृषक पहिचान तथा वर्गीकरण गरी कृषक परिचय पत्र वितरण भएको हुनेछ ।

- कृषिमैत्री नीति, नियम र निर्देशिकाहरु निर्माण भई लागु भएको हुनेछ ।
- कृषिलाई सम्मानित पेशा बनाई आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गरिएको हुनेछ ।
- कृषिको उत्पादन र उत्पादकत्व वृद्धि भई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन भएको हुनेछ ।
- कृषि व्यवासायीकरण मार्फत आयआर्जन र स्वरोजगारमा वृद्धि भई केही हदसम्म युवा पलायन रोकिएको हुनेछ

## ५.२ पशुपंक्षी विकास

### विद्यमान अवस्था

लुम्बिनी प्रदेश सरकारको आवधिक योजनाले **आधुनिक र व्यवसायिक पशुपंक्षीपालनबाट प्रदेशको आर्थिक समृद्धि** भन्ने सोँच सहित स्वच्छ र गुणस्तरीय पशुपंक्षीजन्य उत्पादन वृद्धि गरी आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । नेपाल कृषि प्रधान देश भए पनि वर्तमान अवस्थामा दक्षिण एशियाको सबभन्दा कम कृषि उपज हुने देश भएको छ । राष्ट्रिय आंकडामा औसतमा ५.८ वटा पशुपंक्षी प्रति घर पालिएको भएपनि प्रर्याप्त पशु आहाराको कमी, उत्पादनशिल नश्लको कमी, समय समयमा पशुपंक्षी लाई लाग्ने संक्रामक रोगहरुको नियन्त्रण तथा सुरक्षित गोठ र खोरहरुको कमीले गर्दा पशु सुरक्षामा चुनौती भएको अध्ययनहरुले देखाएका छन् । लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाको तथ्यांक अनुसार दुध ६४ लिटर प्रतिव्यक्ति प्रति वर्ष, मासु १२ किलो प्रति व्यक्ति प्रतिवर्ष र अण्डा ३१ गोटा प्रति व्यक्ति प्रति वर्ष पुग्न सकेको देखिन्छ । राष्ट्रिय तथ्यांक बमोजिम मासु १४ किलो प्रतिवर्ष प्रतिव्यक्ति, दुध ७२ लिटर प्रतिवर्ष प्रतिव्यक्ति र अण्डा ५५ गोटा प्रतिवर्ष प्रतिव्यक्ति उत्पादन भएको देखिन्छ । कुपोषण हटाउन र सन्तुलित आहाराको लागि मासु १८ किलो प्रतिवर्ष प्रतिव्यक्ति, दुध ९१ लिटर प्रतिवर्ष प्रतिव्यक्ति र अण्डा न्यूनतम ४८ गोटा प्रतिवर्ष प्रति व्यक्ति उपभोग गर्नु जरुरी हुन्छ । यस तथ्यांकले देशमा दुध र मासुको आयात अझै विस्थापित गर्न नसकिएको देखाउँछ। यस गाउँपालिकामा व्यवसायिक कृषि तथा पशुपालन फर्मको संख्या ७२ रहेको छ । दुधको वार्षिक उत्पादन ९६५००० लिटर रहेको छ । यसैगरि मासुको वार्षिक उत्पादन २०७ मे.ट. रहको देखिन्छ । अण्डाको वार्षिक उत्पादन ३२५०७ गोटा रहेको छ जुन अत्यन्त कम अर्थात १.५ प्रतिशत देखिन्छ ।

यशोधरा गाउँपालिकामा परम्परागत पशुपालन व्यवसायलाई आधुनिकीकरण तथा व्यवसायीकरण गरी उत्पादनमा बृद्धि गर्न उन्नत जातका पशुपालन, पशुको नश्ल सुधार कार्यकम, आधुनिक गोठ तथा खोर सुधार, पशु औषधी उपचारको व्यवस्था, पशु स्वास्थ्य शिविर सञ्चालन, उत्पादनका आधारमा अनुदान वितरण जस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरु सालवसाली रुपमा सञ्चालन गरिएका छन् । यहांका खसि वाखाहरु धेरैजसो आन्तरिक रुपमा नै खपत हुने तथा केहिमात्रामा नजिकका वजारहरु जस्तो तौलिहवा, भैरहवा र वुटवल बजार सम्म विकी वितरण गर्ने गरिन्छ । कुखराको मासुको हकमा भने वाहिरवाट मासु नभिकाई चल्ला भिकाइ स्थानीय स्तरमै हुर्काइ बिक्री बितरण गर्ने गरिएको पाइन्छ । मासुको मुल्यमा तलमाथि हुने हुंदा कुनै समयमा गाउँपालिकावाट मासू र दुध भारतको सिमावर्ति क्षेत्रमा जाने गरेको देखिन्छ भने कुनै समयमा भारतवाट नेपालमा आउने गरेको देखिन्छ । यसले कृषि तथा पशु उत्पादन र प्रवर्धनको दिगो पनालाई असर गरेको देखिन्छ ।

**संभावना र अवसर**

- हावापानीको विविधताको कारण विभिन्न प्रकारका पशुपंक्षीपालन गर्न सकिने ।
- पशुपंक्षीजन्य उत्पादनको विविधिकरण र बजारीकरण गर्न सकिने ।
- वहुसंख्यक घरधुरीहरु पशुपालन व्यवसायमा रहेका ।
- घाँस खेतिको विकास गरी व्यवसायिक पशुपालन गर्न सकिने ।
- विदेशबाट फर्किएका युवाहरुको ज्ञान, सीप र प्रविधि तथा आर्थिक पूँजीको प्रयोग गरी व्यवसायिक पशुपालन गर्न सकिने ।
- माछापालन व्यवसायको लागि माछा पालनको लागि निजी र सार्वजनिक पोखरीहरु रहेका ।
- गाउँपालिकाका विभिन्न स्थानहरुमा दुध संकलन केन्द्रहरु रहेका ।

**समस्या र चुनौती**

- वर्षभरी हरियो घांसको अभाव ।
- पशुपंक्षीमा विमाको पहुंच न्यून हुनु ।
- पशु हाट वजार नभएको ।
- खुल्ला सिमानाको कारण वशुजन्य उत्पादनले वजार मुल्य नपाउनु र व्यवसायमा दिगोपन नहुनु ।
- गोठ सुधार कार्यक्रम प्रभावकारी नभएको ।
- पशुमा वाझोपनको समस्या ।
- समयमा भ्याक्सिन उपलव्ध नहुनु ।
- पशुपंक्षिको औषधी उपचार गर्न प्रयोगशालाको अभाव ।
- गुणस्तरीय मासुपसल नभएको ।
- छाडा चौपायको समस्या ।
- उन्नत जातको पशु नश्लको सहज पहूँच र सन्तुलित पशुपंक्षी आहाराको व्यवस्थापन गर्ने ।
- जलवायु परिवर्तन र संक्रामक रोगबाट हुने क्षती न्यूनीकरण गर्ने ।
- युवाहरुको विदेश मोहलाई निरुत्साहित गर्ने ।
- आवश्यकता अनुसारको प्राविधिक सेवा उपलव्ध गराउने ।

**दीर्घकालीन सोँच :- "स्वस्थ्य र गुणस्तरीय पशुपंक्षी उत्पादन, सुदृढ अर्थतन्त्रका लागि आत्मनिर्भर अभियान"** ।

**लक्ष्य :-** पशुपंक्षीजन्य उत्पादन र उत्पादकत्व वृद्धि मार्फत खाद्य सुरक्षा सुनिश्चित गर्ने ।

**उद्देश्य :-**पशुपंक्षी उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य १ : पशुपंक्षी उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| | • उन्नत प्रविधि र प्राविधिकको सहज पहुँच सुनिश्चित गरिनेछ ।<br>• पशुपालन व्यवसायको विशिष्टिकरणका लागि हावापानी सुहाउँदो पकेट क्षेत्र बनाई उत्पादकत्व वृद्धि गरिनेछ । |

| | |
|---|---|
| • पशुपालन व्यवसायमा प्रतिस्पर्धी क्षमताको विकास गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै निर्यात प्रवर्द्धन गर्ने | • कम लागतमा पशुपंक्षीजन्य वस्तुको उत्पादन गर्न प्रोत्साहन गरिनेछ<br>• पशुपंक्षीजन्य पदार्थको बजारीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणमा पालिकाबाट सहयोग उपलब्ध गराइनेछ ।<br>• पशुपंक्षीहरुमा लाग्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजिवी नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन गरिनेछ ।<br>• पशुपंक्षीको नश्ल सुधार, आहारको व्यवस्था, गोठ सुधार, तथा स्वास्थ्य सेवा एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।<br>• पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न शुलभ कर्जा तथा पशुपंक्षी बीमाको व्यवस्थालाई प्रभावकारी बनाइनेछ । |
| • पशुपालन व्यवसायमा निजी तथा सार्वजनिक क्षेत्रको लगानी अभिवृद्धि गरी उत्पादनमा विविधिकरण र विशिष्टिकृत गर्ने । | • लगानी सुनिश्चितताका लागि जोखिम न्यूनीकरण गर्न विशेष ध्यान पुऱ्याइनेछ ।<br>• पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न पशु सहकारी संस्था एवं अगुवा कृषकहरुको क्षमता अभिबृद्धि गरिनेछ ।<br>• व्यवसायिक फर्म सञ्चालन गर्न चाहने व्यक्ति वा समूहलाई पूर्वाधार निर्माण लगायत प्रविधि र प्राविधिक सेवा उपलब्ध गराइने छ ।<br>• पशुपंक्षीपालन व्यवसायलाई नमूना व्यवसायको रुपमा सञ्चालन गरी अवलोकन योग्य बनाइनेछ । |

**प्रमुख कार्यक्रमहरु :**

- उत्पादनमा आधारित अनुदान कार्यक्रम ।
- पशुपंक्षी बीमा कार्यक्रम ।
- पशु शिविर सञ्चालन कार्यक्रम ।
- उन्नत घाँसको विउ वितरण कार्यक्रम (एक बर्षे र बहु वर्षे)
- पशु रोग प्रयोगशाला विस्तार कार्यकम ।
- पशुपंक्षीजन्य उत्पादनको प्रशोधन, विविधिकरण र बजारीकरण कार्यक्रम ।
- बाखापालन पकेट क्षेत्र कार्यक्रम ।
- भैसीपालन पकेट तथा दुधमा आत्मनिर्भर कार्यक्रम ।
- व्यवसायिक कुखुरा पालन कार्यक्रम ।
- माछापालन कार्यक्रम ।
- भेडा प्रवर्धन कार्यकम ।
- मासु पसल सुधार कार्यक्रम ।
- दुध संकलन तथा बितरणमा प्रोत्साहन कार्यकम ।

- अनुगमन र नियमन कार्यक्रम ।
- उत्कृष्ट पशुपालक कृषक सम्मान कार्यक्रम ।
- पशुपालक कृषकहरुको क्षमता विकास कार्यक्रम ।
- पशुरोग नियन्त्रण र खोप सेवा कार्यक्रम ।
- पशु नश्ल सुधार कार्यक्रम ।
- पशु गोठ सुधार कार्यक्रम ।
- पशु आहार र पोषण विकास कार्यक्रम ।
- पशुपंक्षी हाट वजार स्थापना कार्यक्रम ।
- पशुपालक कृषकहरुमा गोवर ग्यांस प्लान्ट स्थापना कार्यक्रम ।
- पशुपालकहरुको लागि नविनतम अभ्यास अवलोकन कार्यक्रम ।
- पशुपंक्षी तथा मत्स्य पालन सम्वन्धी यात्रिकरण विस्तार कार्यक्रम ।
- कृषक समुह र फार्महरुको क्षमता विकास र सहयोग कार्यक्रम ।
- छाडा चौपाया नियन्त्रण र गौशाला सञ्चालन कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- पशुपालक कृषकमैत्री नीति निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
- हरेक वडामा नमूना पशुपालन फर्म सञ्चालन भएका हुनेछन् ।
- लगानी सुनिश्चितताका लागि पशुपंक्षी बीमा तथा न्यूनतम बिक्री मूल्य तोकिएको हुनेछ ।
- पशुपंक्षीपालक कृषकलाई सुलभ कर्जाको लागि पहल गरिएको हुनेछ ।
- सबै वडामा पशु सेवा प्राविधिकको पहुँच बृद्धि भएको हुनेछ ।
- व्यवस्थित पशुपंक्षीपालन मार्फत युवाहरुमा स्वरोजगार र आयआर्जन भएको हुनेछ ।

## ५.३ घरेलु तथा साना उद्योग

**विद्यमान अवस्था**

आर्थिक विकासको प्रमुख आधार स्तम्भको रुपमा रहेको उद्योग क्षेत्रलाई संरक्षण र प्रवर्द्धन गरी स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित लगानीलाई प्राथमिकता दिई औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने नीति लिन आवश्यक छ। घरेलु तथा साना र मझौला उद्योगहरुको विकास र प्रवर्धन कार्यक्रमलाई  १६ औं योजनाले निर्दिष्ट गरेको छ। लुम्बिनी प्रदेशको आवधिक योजनामा स्थानीय तहको समन्वयमा स्थानीय स्तरमा औद्योगिक ग्राम स्थापना गर्ने, पर्यटकीय वस्तु उत्पादन गर्ने, घरेलु उद्योगको विकास र प्रवर्द्धन गर्ने, वन्यजन्य तथा कृषिजन्य उद्योगहरु स्थापना गरी त्यस्ता उद्योगहरुलाई सहुलियत प्रदान गर्ने कार्यनीति अङ्गिकार गरिएको छ।

नेपाल जस्ता विकासशील देशहरुको आर्थिक विकासको लागि साना तथा घरेलु उद्योगहरुको अत्यन्त महत्वपूर्ण भूमिका हुन्छ। यस्ता उद्योगहरुले रोजगारी सिर्जना गर्न, स्थानीय क्षेत्रमा पाइने श्रोत साधनको उपयोग गर्न, ठूला उद्योग स्थापना गर्ने पूर्वाधार तयार गर्न, वेदेशी मुद्रा आर्जन गर्न तथा स्थानीय कला र संस्कृतिको संरक्षण गर्न मद्दत पुऱ्याउँछन्। नेपालमा रहेका कूल उद्योग मध्ये साना तथा घरेलु उद्योगहरुले ९८.१७ % स्थान ओगटेका छन् र उद्योगमा काम गर्ने

कूल कामदारको संख्या मध्ये ८१.७५ % लाई रोजगारी दिएका छन्। थोरै पूँजी, कमजोर प्रविधि र निर्यात क्षमता कमजोर भएको मुलुकमा यस्ता उद्योगहरुको महत्व हुन्छ। सोह्रौ योजना र लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले पनि उद्योग क्षेत्रबाट राष्ट्रिय अर्थतन्त्रको विकास विस्तार गर्ने लक्ष्य निर्धारण गरेको छ।

२०७८ को राष्ट्रिय जनगणना अनुसार यस गाउँपालिकाको कूल जनसंख्याको ११.१ प्रतिशत जनसंख्या उद्योग तथा व्यापारि क्षेत्रमा लागेको देखिन्छ। उद्योगहरुमा काठ मिल, कुटानी मिल लगायत साना प्रकृतिका उद्योगहर रहेको अवस्था छ। सन २०१८ को आर्थिक जनगणना अनुसार यस गा.पा.मा ४९२ विभिन्न किसिमका व्यापार व्यवसाय, उद्योग धन्दा तथा जन्य आर्थिक गतिविधिहरु सञ्चालनमा आएको देखित्छ जुन संख्या हाल आएर केहि हेरफेर भएको हुन सक्दछ। तर उद्योग र व्यवसायको संख्या गाउँपालिकामा कमै दर्ता भएको देखिन्छ।

स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित लगानीलाई प्राथमिकता दिई यशोधरा गाउँपालिकामा घरेलु तथा साना उद्योगहरु स्थापना गर्न आवश्यक छ। पालिकामा खासगरी कृषि उत्पादनवाट प्राप्त हुने जस्तो पराल, छाली, लागायत कच्चा पदार्थहरु साथै छिमेकी देश भारतवाट समेत कच्चा पदार्थ सस्तो मुल्यमा आयात गर्न सकिने हुनाले घरेलु तथा साना उद्योग मार्फत वस्तु उत्पादन र प्रवर्द्धन गरी रोजगारी सिर्जना र आयआर्जन गर्ने सम्भावना प्रवल छ। स्थानीय सरकारले कृषि तथा वन्यजन्य श्रोतमा आधारित घरेलु तथा साना उद्योगलाई सहुलियत प्रदान गर्ने कार्यनीति लिई श्रम बजारमा प्रवेश गर्न चाहने तथा वैदेशिक रोजगारीबाट फर्केका युवा/श्रमिकलाई काम र रोजगारीको सुनिश्चितता गरेमा पालिकाले उत्थानशील अर्थतन्त्र निर्माण गर्न सक्दछ।

**संभावना र अवसर**

- घरेलु तथा साना उद्योगमैत्री नीति तर्जुमा गरी कार्यान्वयन गर्न सकिने।
- वनजन्य वस्तुहरुको प्रयोग गरी उद्योग सञ्चालन गरी लाभ लिन सकिने।
- गाउँपालिकाको ठूलो जनसंख्या कृषिमा आधारित भएकोले कृषिजन्य उद्योगहरु सञ्चालन गर्न सकिने।
- उद्यमशील महिला समूह गठन गरी विभिन्न खालका सामाग्री उत्पादन गरी उद्योग सञ्चालन गर्न सकिने।
- उद्योगहरुको वर्गीकरण, विविधिकरण र ब्राण्डिङ गरी बाह्य निर्यातबाट आय आर्जन गर्न सकिने।
- युवा जनशक्तिलाई औद्योगिक उत्पादनमा आकर्षण र परिचालन गर्न सकिने।
- परम्परागत सीपहरुको जगेर्ना र विस्तार गर्न सकिने।

**समस्या र चुनौती**

- उद्योग सञ्चालनका लागि आवश्यक पूँजी र दक्ष जनशक्तिको व्यवस्थापन गर्ने।
- उद्योग स्थापनामा निजी क्षेत्रलाई उत्प्रेरित गर्ने।
- नवीनतम प्रविधिको प्रयोगमा सहज पहूँच पुर्याउने।
- युवाहरुको विदेश मोहलाई निरुत्साहित गर्न।
- स्थानिय उत्पादित कच्चा पदार्थको उचित प्रयोग गर्ने तर्फ सम्वन्धित निकायको ध्यान जान नसक्नु।
- गाउँपालिकामा वन क्षेत्र नहुनु।

**दीर्घकालीन सौँच :- गैरकृषि क्षेत्रको उत्पादन अभियान, स्थानीय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान।**

लक्ष्य :- कृषि पेशामा रहेको अत्यधिक निर्भरतालाई उद्योग क्षेत्रमा रुपान्तरण गर्ने।

उद्देश्य :- उपभोग्य वस्तुमा आत्मनिर्भर बनी रोजगारी तथा निर्यात मार्फत आय आर्जन गर्ने

**णनीति र कार्यनीति**

| उद्देश्य : उपभोग्य वस्तुमा आत्मनिर्भर बनी रोजगारी तथा निर्यात मार्फत आय आर्जन गर्ने | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोग गर्दै पर्यटन, कृषि, वन्यजन्य तथा खनिजमा आधारित उद्योग सञ्चालन र प्रवर्द्धन गरी रोजगारी तथा आयआर्जनमा वृद्धि गर्ने । | • सुविधायुक्त होटल, रिसोर्ट र रेष्टुरेण्ट निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>• पुर्खौली सीप र ज्ञानलाई संरक्षण गरी वनजन्य वस्तुबाट विशिष्टिकृत वस्तुहरुको उत्पादनमा जोड दिइनेछ ।<br>• उद्योगहरुको वर्गीकरण गरी प्रतिस्पर्धाका आधारमा उत्कृष्ट उद्योगीलाई सम्मान गरिनेछ ।<br>• स्थानीय स्तरमा उपलव्ध साधन, श्रोत, सीप प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायहरु संचालनका लागि सहकारी तथा निजी क्षेत्रसंग समन्वय, सहकार्य गरी स्थानीय स्तरमा रोजगारीका अवसरहरु श्रृजना गरिनेछ ।<br>• उद्यमशीलता बिकास तालिम प्रदान गरी क्षमताका आधारमा एकल तथा सामुहिक रुपमा उद्योग व्यवसाय संचालनका लागि प्रोत्साहित गर्दै स्वरोजगारीमा जोड दिइनेछ ।<br>• स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको व्यवसायिक बिकासका लागि आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरुको निर्माण सहित उद्योग ग्रामको स्थापना गरिनेछ ।<br>• गाउँपालिकाको वजार क्षेत्रमा विक्री कक्ष/प्रदर्शनी कक्ष स्थापना गरी स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाइने छ । |

**प्रमुख कार्यक्रम**

- स्थानीय औद्योगिक नीति तर्जुमा ।
- उद्यमशीलता विकास तालिम ।
- युवाहरुलाई उद्योग स्थापनाका लागि उत्प्रेरणा कार्यक्रम ।
- परम्परागत सीप तथा ज्ञान प्रवर्द्धन कार्यक्रम ।
- स्थानीय उत्पादनहरुको प्रवर्द्धनका लागि कोसेली कर्नर स्थापना ।
- स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम ।
    - ढकिया, मुढा लगायत उद्योग
    - फर्निचर उधोग ।
    - अचार उद्योग ।
- उद्योगी तथा व्यवसायी सम्मान कार्यक्रम ।

- उद्योगहरुको लगत संकलन गर्ने कार्यक्रम । (राजश्व शिर्षकमा राखिएको)

**अपेक्षित उपलब्धी**

- घरेलु तथा साना उद्योग नीति निर्माण भई कार्यान्वयन भएको हुनेछ ।
- उद्योगबाट उत्पादित वस्तुहरु पर्यटन प्रवर्द्धनका लागि सहयोगी भएका हुनेछन् ।
- गैर कृषि क्षेत्रका आर्थिक गतिविधिहरु सञ्चालनमा आएका हुनेछन् ।

## ५.४ वन पैदावार तथा खनिज सम्पदा

**विद्यमान अवस्था**

खनिज सम्पदाहरु नविकरण गर्न नपर्ने लुकेका प्राकृतिक सम्पदा हुन् । मानवजातीले आफ्ना आवश्यकताहरु पूरा गर्न प्राचिनकाल देखि यस्तो सम्पदाको उपयोग गर्दै आएको छ। हिमाल, मध्य पहाड र तराई जस्तो भौगोलिक बनौट भएको हाम्रो देशमा मूल्यवान रुख, वृक्ष र जडिबुटीहरु छन् । पूँजी, प्रविधि, सीप, यातायातको पहूँच र नीतिगत अठोट एवं संकल्पको कमीले यस्ता महत्वपूर्ण खनिज, वन पैदावर तथा जडिबुटीहरु उत्खनन् र उपयोग गर्न सकिएको छैन। लुम्विनी प्रदेशको आवधिक योजनाले पनि वनपैदावार र जडिबुटीको उत्पादकत्व बढाई रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ । यस योजनाले **खनिज क्षेत्रको योगदान वृद्धि गरी आर्थिक रुपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण** भन्ने सोँच सहित वातावरणीय सन्तुलनमा खलल नपुग्ने गरी खनिज उद्योगको विकास र विस्तारद्वारा रोजगारी तथा औद्योगिक उत्पादन वृद्धि गर्ने लक्ष्य लिएको छ ।

यशोधरा गा.पा.को भु उपयोग अवस्था विस्लेषण गर्दा यस स्थानीय तहमा वन क्षेत्र नरहेको अवस्था देखिन्छ। यशोधरा गाउँपालिका क्षेत्रमा हालसम्म खानी तथा खनिज पदार्थहरुको अध्ययन तथा उत्खनन् भएको छैन । खोलाले थुपारेका ढुङ्गा, ग्राभेलको सामान्य उत्खनन् गर्ने बाहेक अन्य खानी तथा खनिज पदार्थको उत्खनन् भएको छैन । यस गा.पा.मा माटोको विकि वितरण भने हुने गरेको पाईन्छ। यसको लागि व्यवस्थित मापदण्डको आवश्यकता देखिन्छ।

**अवसर र चुनौती**

**संभावना र अवसर**

- गा.पा. का सार्वजनिक स्थलहरु, सडक किनाराहरु नदी र खोला किनाराहरुमा वृक्षारोपण गर्न सकिने ।
- निजी वनको बिकास मार्फत उत्पादित बनजन्य उत्पादन मार्फत आय आर्जनमा बृद्धि गर्न सकिने ।

**समस्या र चुनौती**

- माटो, तथा गिट्टी, वालुवाको उपयोग गर्दा विपद् तथा वातावरण सन्तुलनको व्यवस्थापन गर्ने ।
- निजि तथा सार्वजनिक स्थलहरु, सडक किनाराहरुमा वृक्षारोपणको लागि जनसहभागिता परिचालन गर्न ।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच :- वन पैदावारमा यशोधराको सन्मान, आर्थिक वृद्धि एवं समृद्धिमा योगदान"**

**लक्ष्य :-** वन्यजन्य वस्तुहरुको उत्पादनबाट रोजगारी सिर्जना तथा अर्थोपार्जन गर्ने ।

**उद्देश्य :-** वातावरण सन्तुलन कायम गर्दै वनजन्य उद्योगहरु सञ्चालन गरी आय आर्जन गर्ने ।

**रणनीति र कार्यनीति**

| उद्देश्य १ : वातावरण सन्तुलन कायम गर्दै वनजन्य उद्योगहरु सञ्चालन गरी आय आर्जन गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • मापदण्ड बमोजिम वन तथा नदीजन्य वस्तुहरुको उत्पादन गरी निर्यात प्रवर्द्धन गर्ने | • वन, र नदीजन्य वस्तुहरुको उत्पादन प्रशोधन तथा निर्यातका लागि आवश्यक कानून तर्जुमा गरिनेछ ।<br>• वन तथा नदीजन्य वस्तु उत्पादन गर्दा वातावरण संरक्षण र प्रकोप न्यूनीकरणमा ध्यान दिइनेछ । |

**प्रमुख कार्यक्रम**

- गा.पा. का सार्वजनिक स्थलहरु, सडक किनाराहरु नदी, पोखरी र खोला किनाराहरुमा वृक्षारोपण कार्यक्रम ।
- वनजन्य विरुवाको नर्सरि स्थापना र विरुवा वितरण कार्यक्रम
- एक घर ५ विरुवा कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- योजना कार्यान्वयन पश्चात यशोधरा गाउँपालिकामा रहेका महत्वपूर्ण वनस्पति आदीको  तथ्यांक संकलन र अभिलेखीकरण भएको हुनेछ ।
- गा.पा. का सार्वजनिक स्थलहरु, सडक किनाराहरु, पोखरी र नाला किनाराहरुमा वृक्षारोपण भएको हुनेछ ।

## ५.५ पर्यटन विकास

**विद्यमान अवस्था**

प्राकृतिक एवं साँस्कृतिक सम्पदा र विविधताको कारण पर्यटन क्षेत्र नेपालको अर्थतन्त्रको लागि उच्च सम्भावना बोकेको क्षेत्र हो । यस्ता प्राकृतिक एवं साँस्कृतिक सम्पदाहरुको संरक्षण एवं विविधिकरण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने नीति अंङ्गिकार गर्नु अपरिहार्य छ ।

नेपाल एक आकर्षक, सुरक्षित र मनोरम पर्यटकीय गन्तव्य भन्ने सोँच र विश्व पर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्ने लक्ष्य लिएको १६ औं योजनाको सारलाई यस आवधिक विकास योजनामा पनि समानजस्यता गर्ने प्रयत्न गरिएको छ । त्यसैगरी प्रदेशको आवधिक योजनाले पर्यटन क्षेत्रको विकास एवं वृद्धि मार्फत आर्थिक समृद्धिमा योगदान भन्ने सोँच सहित पर्यटन क्षेत्रको प्रवर्द्धनबाट रोजगारी एवं आय आर्जन वृद्धि गरी गरिबी निवारणमा योगदान गर्ने लक्ष्य लिएको छ । नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगको महत्वपूर्ण भूमिका छ । पर्यटन उद्योगलाई योजनाबद्ध र व्यवस्थित बनाउन सके परम्परागत कृषि क्षेलाई सेवा क्षेत्र तर्फ रुपान्तरण गर्दै प्रशस्त रोजगारी सिर्जना गरी आय आर्जन गर्न सकिन्छ । लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले यस प्रदेशलाई मुख्य पर्यटन केन्द्रको रुपमा विकास गरी वार्षिक न्यूनतम १५ लाख वाह्य पर्यटक भित्राउने लक्ष्य लिएको छ ।

यशोधरा गाउँपालिकामा प्राकृतिक, धार्मिक तथा साँस्कृतिक एवं कृषि पर्यटनको विकास गर्न सकिने प्रबल सम्भावना छ । यसको लागि यशोधरा गाउँपालिकाले छिमेकी गाउँपालिकाहरु संग अन्तर पालिका समन्वय र सहकार्य गरी एकीकृत पर्यटन गुरुयोजना तयार गरि पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने प्रचुर संभावना रहेको छ । यहांका मुख्य, ऐैतिहासिक, धार्मिक/साँस्कृतिक स्थलहरुमा वडा नं ३ मा अवस्थित हरदेवा कोट, वडा नं ८ मा अवस्थित वासरवोर कोट र वाररवोर समरमाई कोट, र वडा नं ६ मा अवस्थित कडजहवा कोट रहेका छन् । यि कोटहरुमा गौतमवुद्ध आएर

विश्राम गरेको किम्वदन्ती छ। लुम्विनी र तिलौराकोट आउने धर्मिक पर्यटकहरुलाई यि क्षेत्रहरुमा भ्रमण गराएर स्थानीय पर्यटन र आर्थिक गतिविधिहरुलाई वढाउन सक्ने संभावना रहको छ। यसैगरी मुस्लिम धर्म संग सम्वन्धीत मस्जिद र अन्य धर्मिक महत्वका स्थलहरु पनि विभिन्न वडाहरुमा रहेका छन्। यस्ता स्थलहरुलाई प्रवर्द्धन गरी पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने अवस्था छ । यसैगरी यस पालिकामा जातीय पहिचाहन झल्किने सस्कृतिको संरक्षण गर्न सकेमा यसले पर्यटकको आकर्षणमा थप टेवा पुग्ने छ। पालिकामा यी प्राकृतिक, जैविक, धार्मिक तथा ऐतिहासिक स्थलहरुको प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक भित्राउन सकेमा रोजगारी सिर्जना र आयआर्जन गर्न सकिन्छ, । त्यसका लागि पालिकाले पर्यटन गुरुयोजना र पर्यटन पूर्वाधार निर्माण गर्न आवश्यक छ।

**अवसर र चुनौती**

**अवसर**

- कृषि पर्यटनको विकास गर्ने अवस्था रहेको।
- धार्मिक तथा साँस्कृति पर्यटनको सम्भावना रहेको।
- विविध साँस्कृतिक नृत्य तथा भेषभूषाको प्रदर्शन सहित होमस्टे सञ्चालनबाट पर्यटन प्रवर्द्धन गर्न सकिने।

**चुनौती**

- पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधारहरु निर्माण गर्ने।
- पर्यटन उद्योगलाई विशिष्टीकरण गरी प्रचार प्रसार गर्ने।
- सार्वजनिक-निजी-सहकारी क्षेत्रको साझेदारीमा एकीकृत पर्यटन प्रवर्द्धन गर्ने।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच :- "यशोधरामा पर्यटन प्रवर्द्धन, स्थानीय अर्थतन्त्रमा योगदान"।**

**लक्ष्य :-** पर्यटनका बहु-आयामहरुको विकास गरी आय आर्जन गर्ने।

**उद्देश्य :-** यशोधरालाई सुरक्षित, गुणस्तरीय र आकर्षक पर्यटन गन्तव्य स्थलको रुपमा विकास गर्ने।

**रणनीति र कार्यनीति**

| **उद्देश्य १ : यशोधरालाई सुरक्षित, गुणस्तरीय र आकर्षक पर्यटन गन्तव्य स्थलको रुपमा विकास गर्ने।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • गाउँपालिकालाई आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्य स्थल बनाउने। | • एकीकृत पर्यटन गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।<br>• सार्वजनिक-निजी-सहकारी साझेदारीमा पर्यटन पूर्वाधार विकास गरी पर्यटन प्रवर्द्धन गरिनेछ।<br>• धार्मिक मठ, मन्दिरहरु, मस्जिद तथा ऐतिहासिक स्थलहरुको संरक्षण एवं प्रवर्द्धन गरिनेछ।<br>• गाउँपालिका भित्रका प्रमुख पर्यटकीय गन्तव्य क्षेत्रहरुमा पुग्न आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरु निर्माण गरिनेछ।<br>• सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरुवाट व्यापक प्रचार प्रसार गरी पर्यटकीय गन्तव्य स्थलहरुको वारेमा प्रचार प्रसार गरिनेछ। |

| | |
|---|---|
| | • छिमेकी स्थानीय तहहरुसँगको सहकार्यमा पर्यटन प्याकेज बनाई कार्यान्वयनमा ल्याउन आवश्यक समन्वय गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- पर्यटन गुरुयोजना तर्जुमा कार्यक्रम ।
- मन्दिर, मस्जिद एवं अन्य धर्मिक र सांस्कृतिक संरचनाहरुको संरक्षण तथा सम्बर्द्धन कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- एकीकृत पर्यटन गुरु योजना निर्माण भएको हुनेछ ।
- पर्या-पर्यटन, धार्मिक तथा साँस्कृतिक पर्यटनको लागि सुरक्षित र आकर्षक पर्यटन गन्तव्य स्थल भएको हुनेछ
- पर्यटन प्रवर्द्धन मार्फत रोजगारी र आयआर्जनमा वृद्धि भएको हुनेछ ।
- निजी क्षेत्रसँगको समन्वयमा पर्यटन पूर्वाधार निर्माण भएको हुनेछ ।

## ५.६ सहकारी विकास

**विद्यमान अवस्था**

सहकारी क्षेत्रले आफ्नो सक्रीय सहभागिता र विकास मार्फत छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी बृद्धिबाट अर्थतन्त्रलाई योगदान दिन सक्ने भएकोले यस क्षेत्रलाई प्रवर्द्धन र विकास गर्नु सान्दर्भिक छ । आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लागि गुणात्मक एवं दीगो सहकारी भन्ने सोँच र स्वाबलम्वन तथा पारस्पारिकताको आधारमा उत्पादनमुखी, दीगो एवं न्यायोचित आर्थिक सम्बन्धको विकास गर्ने लक्ष्य लिएको पन्ध्रौं योजना यस आवधिक विकास योजनाको पनि मार्गदर्शक छ । सहकारी क्षेत्रको विकासलाई राष्टिय योजना आयोगको १६ औं योजनाले विशेष प्राथमिकता दिई कार्यकम तह गरेको छ । लुम्बिनी प्रदेश सरकारको आवधिक योजनाले समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र निर्माण भन्ने सोँच सहित सहकारीको व्यवसायिकता अभिवृद्धि गरी सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक उन्नति गर्ने लक्ष्य लिएको छ ।

सहकारीहरुले गरिबी न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । लैङ्गिक तथा समतामूलक समाज निर्माण गर्न, वेरोजगारी समस्या न्यूनीकरण गर्न, कृषि, पशु तथा व्यापारका लागि पुँजी लगानी गरी जनताको आयस्तर वृद्धि गर्न यस क्षेत्रको अहम भूमिका हुन्छ । सहकारी क्षेत्रको वित्तीय दायित्व मात्र नभएर सामाजिक दायित्व समेत हुने भएकोले दीगो विकास लक्ष्य (२०१५-२०३०) ले पनि यस क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताएको छ । राज्यको श्रोत र साधनको पहूँच नपुगी पिछडिएको समाज र समुदायको सामाजिक, साँस्कृतिक र आर्थिक उन्नयनका लागि सहकारी क्षेत्र अझ महत्वपूर्ण साधन बन्न सक्छ । नेपालको संविधान २०७२ बमोजिम अर्थतन्त्रका तीन खम्बा मध्ये सहकारी क्षेत्र एक खम्बा हो ।

यस यशोधरा गाउँपालिकामा वहुउद्धेश्यीय सहकारी संस्थाको संख्या ३, महिला सहकारी संस्था लिमिटेड संख्या ५, र वचत तथा ऋण सहकारी संस्थाको संख्या ३ गरी जम्मा ११ वटा सहकारी संस्थाहरु दर्ता भई संचालनमा आएका छन् । सहकारी क्षेत्रले कृषि, पशुपंक्षी, घरेलु तथा साना उद्योग, व्यापार र पर्यटन विकासमा ठूलो योगदान पुर्‍याउन सक्छ । सहकारी मार्फत छरिएर रहेको पुँजीलाई बचत गरी सहुलियत दरमा ऋण उपलब्ध गराई उत्पादन र उत्पादकत्व बृद्धि गर्दै सहकारीका सदस्यहरुको जीवनस्तर उकास्न सकिन्छ । सदस्यहरुमा सहकारी तथा वित्तीय साक्षरताको कमी, व्यवस्थापकीय र नेतृत्व क्षमताको कमी जस्ता कारणले गाउँपालिकाले सहकारी क्षेत्रबाट अपेक्षित लाभ लिन सकेको अवस्था छैन । सहकारीलाई आर्थिक विकासको एक खम्बाको रुपमा उत्पादनमुखी बनाउँदै गाउँपालिकामा सहकारीको

संख्या वृद्धि गरी एक सहकारी एक उत्पादनको नीति लागु गर्नु र उत्पादित सामाग्रीको बजारीकरण गर्नु आजको आवश्यकता रहेको छ ।

**अवसर र चुनौती**

**अवसर**

- सहकारी मार्फत कृषि तथा पशुपंक्षी उत्पादनको व्यवस्थापन तथा बजारीकरण गरी लाभ लिन सकिने ।
- सहकारीको पूँजी परिचालन मार्फत महिला सशक्तिकरण र उद्यमशीलताको विकास गर्न सकिने ।
- सहकारी सदस्यहरुको क्षमता विकास र आयआर्जनमा अभिवृद्धि गर्न सकिने ।
- सहकारी मार्फत सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न सकिने ।

**चुनौती**

- सहकारीले गर्ने लगानीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने ।
- सहकारी सिद्धान्त र प्रचलित कानून अनुसार प्रभावकारी नियमन गर्ने ।
- वित्तीय अनुशासन तथा सुशासन कायम राखी संकलित पुँजीको सुरक्षा गर्ने ।
- पालिकाको उपयुक्त निति तथा प्राथमिकता क्षेत्र ।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच :- "समृद्धिको आधार सहकारी; हात-हातमा सीप र रोजगारी"**

**लक्ष्य :-** सहकारी विकासको माध्यमबाट स्थानीय अर्थतन्त्रलाई टेवा पुऱ्याउने ।

**उद्देश्य :-** सहकारी संस्थाहरुलाई उत्पादन र बजारीकरणमा अग्रसर बनाई रोजगारी श्रृजना गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य :** सहकारी संस्थाहरुलाई उत्पादन र बजारीकरणमा अग्रसर बनाई रोजगारी श्रृजना गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • सहकारीको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउने । | • विद्यमान कानून अनुसारको विधि प्रक्रिया अवलम्बन गरी वित्तीय अनुशासन कायम राख्न प्रत्येक सहकारीको नियमित अनुगमन गरिनेछ<br>• सहकारी शिक्षा मार्फत सञ्चालक तथा सदस्यहरुको सहकारी सम्बन्धी ज्ञान, सीप र दक्षता अभिवृद्धि गरिनेछ ।<br>• सदस्य वा समूहबाट उत्पादित विशिष्टीकृत वस्तुहरुको ब्राण्डिङ्ग, प्याकेजिङ्ग, भण्डारण र बजारीकरण गर्न सहकारी संस्थालाई उत्प्रेरित गरिनेछ ।<br>• सहकारीमा महिलाहरुको आवद्धता अभिवृद्धि गर्दै सहकारी मार्फत एक घर एक रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• ग्रामिण उत्पादनलाई बजारसँग जोड्ने मुख्य कडीका रुपमा सहकारी संस्थालाई परिचालन गरिनेछ । |

| | |
|---|---|
| | • शुलभ कर्जा तथा उधोग स्थापना प्रोत्साहनको लागि व्याज अनुदान सहयोग गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- एक वडा एक सहकारी एक उत्पादन कार्यक्रम ।
- उत्पादनमा संलग्न उत्कृष्ट सहकारीलाई प्रोत्साहन कार्यक्रम ।
- सहकारीहरुको संयुक्त लगानीमा स्थानीय स्तरमा उत्पादित वस्तुहरुको एकै स्थानमा संकलन, ब्राण्डिङ, प्याकेजिङ तथा बजारीकरण कार्यक्रम ।
- सहकारी शिक्षा तथा वित्तीय सुशासन सम्वन्धी कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- योजना कार्यान्वयन पश्चात सहकारी संस्थाहरु सुदृढ भएका हुनेछन् ।
- सहकारी मार्फत उत्पादनको विविधिकरण, ब्राण्डिङ, प्याकेजिङ्ग र बजारीकरण भएको हुनेछ ।
- सहकारी मार्फत महिला, उत्पीडित तथा पिछडिएका वर्गहरुको सशक्तिकरण भएको हुनेछ ।
- सहकारी मार्फत उद्यमशीलताको विकास र रोजगारी सिर्जना भएको हुनेछ ।

## ५.७ वाणिज्य तथा आपूर्ति

**विद्यमान अवस्था**

यशोधरा गाउँपालिकामा आन्तरिक यातायातको सुविधा र पालिकासँग नजिक रहेका वजारहरु जस्तो भारतको सिमाना वजार र तौलिहवा वजारवाट यस पालिकाले वाणिज्य तथा आपूर्तिको क्षेत्रमा लाभ लिइरहेको अवस्था छ । सन २०१८ को आर्थिक जनगणना अनुसार यस गा.पा.मा ४९२ विभिन्न किसिमका व्यापार व्यवसाय, उद्योग धन्दा तथा जन्य आर्थिक गतिविधिहरु सञ्चालनमा रहेकोमा १०४० जना व्यक्तिहरुले रोजगारी प्राप्त गरेको देखिन्छ । २०७८ को जनगणना अनुसार कूल जनसंख्याको ११.१ प्रतिशत जनसंख्या उद्योग, वाणिज्य तथा व्यापारिक क्षेत्रमा लागेको देखिन्छ ।

गाउँपालिकाको कृषि र पशुजन्य उत्पादनको बिक्री पहिलो व्यापारको श्रोत हो । व्यापार व्यवसायलाई स्वच्छ र प्रतिस्पर्धी बनाउने, कालो बजारी, एकाधिकार, कृतिम अभाव श्रृजना जस्ता कार्यको पूर्ण अन्त्य गर्न नियमित बजार अनुगमन गर्ने, व्यापार पूर्वाधार तयार गरी कृषि तथा पशुजन्य उपजको प्रदर्शनी र बिक्री स्थलको निर्माण गर्ने, उत्पादनमा गुणस्तर नीति निर्माण गरी उपभोक्ता हीतको संरक्षण गर्ने, गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउने, अत्यावश्यक वस्तु र सेवाको सहज र निर्वाध आपूर्ति सुनिश्चित गर्ने, व्यापार सञ्जाल निर्माण गर्ने जस्ता कार्यहरु व्यवस्थित हुन सकेमा मात्र वस्तु तथा सेवाको सहज उपलब्धताको साथै उत्पादनकर्ता, बिक्रेता र उपभोक्ता बीचको सम्बन्ध सुदृढ हुन सक्दछ, यसबाट स्थानीय अर्थतन्त्रमा सकारात्मक योगदान पुग्न सक्दछ ।

**अवसर र चुनौती**

**अवसर**

- स्थानीय कच्चा पदार्थमा आधारित वस्तुहरु उत्पादन गरी व्यापार प्रवर्द्धन गर्न सकिने ।
- विशिष्टिकृत वस्तुहरुको उत्पादन र निर्यातबाट व्यापार वृद्धि र आयात प्रतिस्थापन गर्न सकिने ।

- सडक तथा अन्य पूर्वाधारको विस्तारसँगै आपूर्ती तथा बजारीकरणमा सहजता ल्याउन सकिने ।
- फर्म, उधोग, पसलको दर्ता तथा सूचीकरण कार्यक्रमलाई नियमित तथा व्यवस्थित गर्न सकिने ।
- नियमित वजार अनुगमन तथा नियमनवाट वस्तु तथा सेवाको गुणस्तर कायम गर्न सकिने ।

**चुनौती**

- आपूर्ति प्रणालीलाई प्रभावकारी नियमन गरी व्यवस्थित गर्ने ।
- वर्षातको समयमा सडक यातायात सुचारु नहुँदा गाउँ-गाउँमा अत्यावश्यक वस्तुहरुको आपूर्ति गर्ने ।
- स्थानीय तहमा उपलब्ध हुन सक्ने विशिष्टीकृत वस्तुहरुको पहिचान गरी उत्पादन, प्याकेजिङ, ब्राण्डिङ्ग समेतको व्यवस्थापन, प्रचार प्रसार र प्रवर्द्धन गर्ने ।
- पालिकाको उपयुक्त निति तथा प्राथमिकता क्षेत्र निर्धारण गरी कार्यान्वन गर्ने ।

**दीर्घकालीन सौँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सौँच :- आपूर्ति व्यवस्थापनको बलियो आधार ; सुदृढ र सन्तुलित व्यापार ।**

**लक्ष्य :-** आत्मर्निभर अर्थतन्त्रका लागि वाणिज्य क्षेत्र मार्फत रोजगारी र आय आर्जनमा अभिवृद्धि गर्ने ।

**उद्देश्य :-** व्यापार तथा आपूर्ति व्यवस्थापनलाई भरपर्दो र गुणस्तरीय बनाउने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य : व्यापार तथा आपूर्ति व्यवस्थापनलाई भरपर्दो र गुणस्तरीय बनाउने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • व्यापार तथा आपूर्ति व्यवस्थालाई सन्तुलित र भरपर्दो बनाई गुणस्तरीय उपभोग्य वस्तुहरुको सहज आपूर्ति गर्ने । | • यशोधराको पहिचान हुने अर्गानिक खाद्यान्न तथा अन्य विशिष्टीकृत वस्तुहरु बजारको माग बमोजिम आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ ।<br>• सूचना प्रविधि मार्फत स्थानीय उत्पादनको प्रचार प्रसार र आपूर्ति गर्ने व्यवस्था गरिनेछ ।<br>• उपभोग्य वस्तुहरुको बाह्रै महिना सहज आपूर्तिका लागि वस्तुहरुको भण्डारण तथा बजारीकरणको भरपर्दो व्यवस्था मिलाइनेछ ।<br>• उपभोक्ताको हित संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।<br>• स्थानीय बजार केन्द्रहरुको नियमित अनुगमन गरी आपूर्ति व्यवस्थालाई भरपर्दो र गुणस्तरीय बनाइनेछ । |

**प्रमुख कार्यक्रम**

- पालिकामा वार्षिक आयात निर्यात हुने वस्तुहरुको तथ्यांक अध्यावधिक कार्यक्रम ।
- मूल्य सूची निर्धारण तथा मापदण्ड तर्जुमा ।
- स्थानीय उद्योग एवं व्यापार संघ स्थापनाका लागि सहजीकरण कार्यक्रम ।
- बजार अनुगमन तथा नियमन कार्यक्रम ।
- स्थानीय उत्पादनको प्रचार प्रसार कार्यक्रम
- फर्म, उद्योग, ब्यपार व्यवसाय दर्ता तथा नबिकरण शिबिर संचालन ।

**अपेक्षित उपलब्धी**

- स्थानीय कृषि तथा औद्योगिक उत्पादनका वस्तुहरुको प्रवर्द्धन भएको हुनेछ।
- उपभोक्ताहरुले गुणस्तरीय वस्तुहरु सर्वसुलभ रुपमा प्राप्त गरेका हुनेछन्।

## ५.८ श्रम तथा रोजगार र गरिबी निवारण

**विद्यमान अवस्था**

नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हकको व्यवस्था गर्नुका साथै सामाजिक सुरक्षा तथा रोजगारीलाई संघ र प्रदेशको साझा अधिकार सूचिमा राखेको छ। राष्ट्रिय योजना आयोगको तथ्याङ्क अनुसार वेरोजगरी दर आ.व.२०७९/८० मा ११.४ प्रतिशत रहेकोमा आ.व.२०८५/८६ मा ५ प्रतिशतमा ल्याउने लक्ष्य लिईएको छ। यसलाई गाउँपालिकाले पनि योजनाहरु तय गर्दा ध्यान दिनु पर्ने जरुरी छ। स्थानीय तहलाई बेरोजगारीको तथ्यांक संकलनको जिम्मेवारी समेत दिएको छ। यशोधरा गा.पा.मा कृषि पेशामा अत्यधिक निर्भरता रहे पनि यो पेशालाई व्यवसायीकरण गर्न नसकिदा बाह्रै महिना रोजगारी पाउने अवस्था भने छैन। यस गा.पा.ले गरिब लक्षित कार्यक्रमहरु लक्षित वर्गमा पुऱ्याउन गरिब घरपरिवार पहिचान गरी कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ। दीगो विकासको लक्ष्यमा उल्लेख गरिए अनुसार सबै ठाउँबाट सबै प्रकारको गरिबी अन्त्य गर्नु तीनै तहका सरकारको दायित्व हो। गरिबी न्यूनीकरण अन्तर सम्बन्धित विषय भएकोले यस क्षेत्रमा सरकारी, सहकारी, सामुदायिक, निजी र गैर सरकारी क्षेत्र एवं विकास साझेदारहरुको समन्वयनात्मक भूमिका आवश्यक छ।

यशोधर गा.पा.मा प्रधानमन्त्री रोजगार कार्यक्रमवाट वेरोजार व्यक्तिहरुको लगत संकलन र अध्यावधिक गर्ने कार्य भई सकिएको छ। गत आ.व.मा यो कार्यक्रमवाट ७२ जना वेरोजगार व्यक्तिहरु लाभान्वित भएका थिए। सन २०१८ को आर्थिक जनगणना अनुसार यस गा.पा.मा ४९२ संख्यामा विभिन्न किसिमका व्यापार व्यवसाय, उद्योग धन्दा तथा जन्य आर्थिक गतिविधिहरु सञ्चालनमा रहेकोमा १०४० जना व्यक्तिहरुले रोजगारी प्राप्त गरेको देखिन्छ। रोजगारी प्राप्त गर्ने अधिकांश अर्थात ८५४ जना पुरुष र १४६ जना महिला रहेको देखिन्छ।

### अवसर र चुनौती

**अवसरहरु**

- बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई उद्यमशील कार्यमा उत्प्रेरित गरी गाउँमा नै बस्ने बातावरण सिर्जना गर्न सकिने।
- गरिब तथा बेरोजगार र सक्रीय उमेर समूहका व्यक्तिहरुलाई सीपमूलक तालिम, प्रविधि र पुँजी उपलब्ध गराई आत्मनिर्भर बनाउन सकिने।
- गाउँपालिकाबाट गरिवी निवारण सम्बन्धी बिशेष कार्यक्रम सञ्चालन गरी रोजगारी प्रवर्द्धन गर्न सकिने।
- उपलब्ध स्रोत साधन र सुबिधामा गरिवको पहूँच सुनिश्चित गरी गरिवी न्यूनीकरण गर्न सकिने।
- गाउँपालिकाबाट संचालित पूर्वाधार विकासका आयोजनाहरुमा स्थानीय जनतालाई रोजगार दिन सकिने।
- दक्ष,अर्धदक्ष जनशक्तिलाई समय सापेक्ष स्तर बृद्धि तालिम प्रदान गरी स्थानीय स्तरमा रहेर काम गर्न सक्ने वातावरण सिर्जना गर्न सकिने।

**चुनौतीहरु**

- बेरोजगारीको यथार्थ तथ्यांक नहुँदा जनशक्ति व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- बेरोजगारहरुलाई व्यवसायिक तालिम, सीप र प्रविधि उपलब्ध गराई उद्यमशील बनाउने ।
- स्रोत साधनको न्यायोचित वितरणमा गरिब परिवारको पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
- युवाहरुको विदेश मोहलाई निरुत्साहित गर्न ।
- स्थायी/अस्थायी वसाइसराईलाई रोक्ने ।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच : गरिबी निवारणको भरपर्दो आधार ; स्थानीय स्तरमै रोजगार ।**

**लक्ष्य :** आन्तरिक रोजगारीको प्रवर्द्धन मार्फत गरिबी न्यूनीकरण गर्ने ।

**उद्देश्य :** श्रमको मर्यादा र रोजगारी प्रवर्द्धन मार्फत गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य :** श्रमको मर्यादा र रोजगारी प्रवर्द्धन मार्फत गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • श्रममूलक जनशक्तिलाई उत्पादनमूलक क्षेत्रमा स्थापित गरी स्वरोजगार बनाउने । | • सक्रीय उमेर समूहका बेरोजगारहरुको तथ्यांक अद्यावधिक गरिनेछ ।<br>• क्षेत्रगत जनशक्तिको आँकलन सहितको मानव श्रोत विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>• प्राविधिक धारका सामुदायिक विद्यालयहरु थप विस्तार गरी कृषि, पशुपालन जस्ता व्यवसायका लागि आवश्यक जनशक्ति तयार गरिनेछ ।<br>• समानतामा आधारित श्रम अनुसारको मूल्य निर्धारण गर्ने नीति अवलम्वन गरिनेछ । |
| • गरिबी न्यूनीकरणका लागि बेरोजगार जनशक्तिलाई विकास निर्माणका गतिविधिहरु र उत्पादनसँग आवद्ध गर्दै रोजगारीका अवसरहरुको श्रृजना गर्ने । | • रोजगार सेवा केन्द्र मार्फत गरिबी न्यूनीकरण सम्वन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• गाउँपालिकामा सञ्चालन गरिने सबै खाले विकास निर्माणका गतिविधिहरुमा विपन्न परिवारहरुलाई प्राथमिकता दिइनेछ ।<br>• श्रम तथा रोजगारलाई पूर्वधार, कृषि, पर्यटन र उद्योगमा आबद्धता गर्दै विकास निर्माणका गतिविधिहरुमा श्रममूलक प्रविधिको प्रयोगमा जोड दिइनेछ ।<br>• केन्द्र, प्रदेश तथा स्थानीय स्तरवाट सञ्चालन गरिने गरिबी निवारणका कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गरिनेछ ।<br>• कृषि, पशुपालन तथा पर्यटन व्यवसायलाई गरिबी न्यूनीकरणको मुख्य आधार क्षेत्रको रुपमा स्थापित गरिनेछ । |

| | |
|---|---|
| | • गरिवी निवारणका लागि स्थानीय स्तरमा उपलब्ध ज्ञान सीप, पेशा एवं व्यवसायको प्रवर्द्धन गरिनेछ ।<br>• उद्यमशीलता तालिम, सीप तथा प्रविधि हस्तान्तरण मार्फत स्वरोजगारमूलक व्यवसाय स्थापनामा सहयोग गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- अति विपन्न घरपरिवारको पहिचान तथा अभिलेखीकरण ।
- अति विपन्न परिवारमा एक परिवार एक रोजगार कार्यक्रम ।
- संघ संस्थाहरुको सहकार्यमा उद्यमशीलता र स्वरोजगारमूलक तालिम संचालन ।
- मागमा आधारित क्षमता अभिवृद्धि तथा सिपमूलक तालिम ।

**अपेक्षित उपलब्धी**

- जनशक्ति योजना निर्माण भएको हुनेछ ।
- विकास निर्माण तथा उत्पादनमूलक क्षेत्रमा रोजगारीका अवसरहरु श्रृजना भएका हुनेछन् ।
- श्रम शक्तिको मर्यादा र समानतामा आधारित ज्याला निर्धारण भएको हुनेछ ।
- अति विपन्न परिवारहरु पहिचान भई परिचय पत्र बितरण भएको हुनेछ ।
- गरिव लक्षित बिशेष कार्यक्रम सञ्चालन भई गरिवी न्यूनीकरण भएको हुनेछ ।
- उपलब्ध स्रोत साधन र सेवा सुबिधामा गरिवको पहुँच बृद्धि भएको हुनेछ ।
- तालिम, सीप र प्रबिधि मार्फत रोजगारी र उद्यमशीलताको अवसर प्राप्त भएको हुनेछ ।

## परिच्छेद-६

# सामाजिक विकास

### ६.१ शिक्षा

**विद्यमान अवस्था**

नेपालको संविधान २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्वीकार गरेको छ । त्यसैगरी आधारभूत तहसम्मको शिक्षामा पहूँच तथा आधारभूत तहलाई अनिवार्य र निशुल्क शिक्षा, माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउने हक सुनिश्चित गरी आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहलाई र उच्च तथा प्राविधिक शिक्षाको व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई दिएको अवस्था छ ।

**सामाजिक, आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास** भन्ने सोँच र गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी र उत्पादनशील मानव श्रोतको विकास गर्ने लक्ष्य १५ औं योजानले लिएको थियो । सोह्रौ योजनाले शिक्षा क्षेत्रमा नीतिगत र संस्थागत सुधार कार्यलाई निरन्तरता दिने, भौतिक तथा अन्य शैक्षिक पूर्वाधारको व्यवस्था गर्ने, सबै तहको शिक्षाको पाठ्यक्रम व्यवहारिक बनाउने, शैक्षिक प्रणालीको सुदृढीकरण गरी कार्यान्वयन गर्ने, राष्ट्रिय जनशक्ति विकास योजना तर्जुमा गर्ने, शिक्षा र सीपलाई उत्पादन र बजारसँग जोड्ने, गुणस्तरीय र समावेशी शिक्षाका लागि लगानी विस्तार गर्ने, शैक्षिक सुशासन सुनिश्चित गर्ने जस्ता रुपान्तरणकारी रणनीतिहरु अंगिकार गरेको छ । यसैगरी मानव श्रोतको आवश्यकता प्रक्षेपण गरी सीपयुक्त जनशक्ति उत्पादन र शिक्षाको गुणस्तर अभिवृद्धि कार्यक्रम, प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम, विद्यालय शिक्षा सुधार कार्यक्रम, जीवन उपयोगी शिक्षा सञ्चालन कार्यक्रम, उच्च शिक्षा सुधार कार्यक्रम, प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रम, भौतिक पूर्वाधार तथा सामाजिक पूर्वाधार विकास कार्यक्रम, राष्ट्रिय सीप विकास कार्यक्रम, विदेशी विद्यार्थी आकर्षण जस्ता कार्यक्रमहरु यस योजनामा रहेका छन् ।

त्यसैगरी दोस्रो प्रादेशिक योजनाले **गुणस्तरीय शिक्षाः दक्ष मानव पुँजीसहितको प्रदेश** भन्ने दीर्घकालीन सोँच र **शिक्षित र प्रतिस्पधी मानव पुँजीको विकास गर्ने** लक्ष्य अंगिकार गरेको छ । उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउने, शैक्षिक गुणस्तर सुधारका लागि नीतिगत व्यवस्था गर्ने, प्राज्ञिक अध्ययन, अनुसन्धान, खोज, आविष्कारलाई प्रवर्द्धन गर्ने, उच्च शिक्षाको शैक्षिक पूर्वाधार विकास गर्ने, बजारको माग तथा आवश्यकता अनुरुपको गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने, लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गर्न तथा सीप परीक्षण गर्न सहजीकरण गर्ने, छात्रवृत्तिको व्यवस्था गरी अध्ययन गर्न प्रोत्साहित गर्ने, विशेष शिक्षाका कार्यक्रम सञ्चालन गर्न समन्वय गर्ने, माध्यमिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने जस्ता रणनीतिहरु यस योजनाले अंगिकार गरेकोछ। यी रणनीतिहरु समतामूलक गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम, नैतिकवान र समर्पित जनशक्तिको विकास गर्ने सोँचका साथ आएका हुन् । दिगो विकासको लक्ष्यले समेत समावेशी र गुणस्तरीय शिक्षाका साथै सबैलाई जीवनभर अध्ययनको अवसर उपलव्ध गराउने उद्देश्य लिएको छ। यीनै लक्ष्य, उद्देश्यसँग तादाम्यता राख्दै यस आवधिक योजनामा शिक्षा विकास तर्फका लक्ष्य, उद्देश्य निर्धारण गरिएको छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार यशोधरा गाउँपालिकाको कूल साक्षरता दर ६९.४०% रहेको छ । जस मध्ये पुरुष साक्षरता ७८.१० % र महिला साक्षरता ६९.१९% छ । गाउँपालिकाको शिक्षा शाखामा भएको छलफल अनुसार ५ वर्ष देखि १५ वर्ष उमेरका बालबालिकाहरु अहिले पनि बिद्यालयको पहुँच बाहिर रहेका छन् । यसरी बिद्यालयको पहुँच बाहिर रहेका बालवालिकाको सङ्ख्या करिव ५% रहेको छ । त्यस्तै राष्ट्रिय जनगणना-२०७८ अनुसार ५ देखि २५ बर्ष उमेरका

बालबालिका तथा युबा युवतीहरुको संख्या १९५४६ रहेकोमा करिव ६५% बालबालिका तथा युबा युवतीले मात्र आफ्नो पढाईलाई निरन्तरता दिएको देखिन्छ । आगामी बर्षमा गाउँपालिकाले बिशेष कार्यक्रम सञ्चालन गरी कम्तिमा पनि ५ देखि १५ बर्ष उमेरका बिद्यालय बाहिर रहेका सबै बालवालिकालाई शिक्षाको मूलधारमा ल्याई बिद्याालय छाड्ने दरमा कमी ल्याउन बिशेष पहल गर्नुपर्ने देखिन्छ ।

हाल यशोधरा गाउँपालिकामा ४४ वटा बालबिकास केन्द्र, २७ वटा सामुदायिक बिद्यालय, १३ वटा धार्मिक बिद्यालय तथा ११ वटा संस्थागत बिद्यालय तथा २ वटा उच्च शिक्षा पढाई हुने मा.बि संचालनमा रहेको छन् । साथै यस गाँउपालिकाको एक मात्र अनिरुद्र पब्लिक माध्यमिक बिद्यालयमा प्राविधिक शिक्षा तर्फ बालि बिज्ञान बिषयको पढाई भैरहेको छ । गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थालाई मध्यनजर गर्दा आगामी दिनहरुमा शिक्षा क्षेत्रमा सुधार गर्नुपर्ने प्रसस्तै विषयहरु छन् । शिक्षा पद्धतिलाई प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा पालिकाको लगानी अभिवृद्धि गर्ने, खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्ने र पालिकाले यसको नियमन एवं सहजीकरण गरी आवश्यक व्यवस्थापन गर्ने नीति अंङ्गिकार गरिनु पर्दछ । आगामी वर्षमा गरिब परिवारबाट पढ्ने विद्यार्थीका लागि बिद्यालयमा **पढ्दै कमाउदै** जस्ता कार्यक्रम सञ्चालन गरी शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सके भविष्यका ती विद्यार्थीहरु उद्यमी, व्यवसायीक, सीपयुक्त र स्वावलम्बी नागरिक बन्न सक्ने छन् ।

### अवसर र चुनौती

#### अवसर

- नेपालको संबिधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको ।
- नेपालको संबिधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहलाई दिइएको ।
- शिक्षामा राज्यको लगानी बढ्दै गएको ।
- अभिभावकमा शिक्षाको जागरण रहेको, व्यवसायिक शिक्षा तर्फ अभिभावक तथा विद्यार्थीको अभिरुचि बढ्दै गएको ।
- बिद्यालयमा गुणस्तरिय भौतिक पूर्वाधार विकासलाई प्राथमिकता दिइएको ।
- शिक्षण सिकाई क्रियाकलापमा नविनतम प्रविधिको प्रयोगले शिक्षालाई सहज बनाएको छ ।
- नक्सांकनको आधारमा विद्यालय सञ्चालन गर्ने गरिएको ।
- स्मार्ट बिद्यालयको अवारणालाई कार्यान्वयनमा ल्याईएको छ ।
- शैक्षिक क्यालेण्डर निर्माण गरी कार्उान्वयनमाल्याईएको छ श्र
- दरवन्दी कम रहेका बिद्यालयहरुमा राहत दरवन्दी उपलब्ध गराइएको छ ।
- बिशेष कार्यक्रम संचालन गरी बिद्यालय बाहिर रहेका बालवालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याउन प्रयार गरिएको ।
- स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको ।
- समुदायमा आधारित बाल बिकास केन्द्रहरुको स्थापना गरी संचालनमा ल्याइएको ।

**चुनौतीी**

- विद्यालय छाड्ने दरमा कमी ल्याउने ।
- गुणस्तर सुनिश्चितताका लागि उपयुक्त मानव संसाधन व्यवस्थापन गर्ने ।
- बालमैत्री सिकाई वातावरण तयार गर्ने तथा अपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा सहज पहुँच पुऱ्याउने
- समन्यायीक श्रोत साधन वितरण गरी समतामूलक पहुँच सुनिश्चितता गर्ने ।
- समावेशी तथा लैङ्गिकमैत्री शिक्षण तथा सिकाईको बातावरण कायम गर्ने ।
- नविनतम प्रविधि उपयोगका लागि अनुकूल भौतिक पूर्वाधार र सोही अनुरुपको जनशक्ति व्यवस्थापन गर्ने ।
- अनुगमन पद्धतिलाई प्रभावकारी बनाउदै कमजोर विद्यालय व्यवस्थापनलाई व्यवस्थित र सुदृढ गराउने ।
- बिद्यार्थि अनुपातमा शिक्षक दरवन्दी तथा बिषयगत शिक्षकको व्यवस्थापन गर्ने ।
- धार्मिक बिद्यालयलाई नपाल सरकारको मूलप्रवाहिकरणमा ल्याउने ।
- जनशक्तिको अभावमा बिद्यालयहरुको नियमित सुपरिवेक्षण गर्ने ।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँचः सामाजिक तथा आर्थिक रुपान्तरणका लागि गुणस्तरीय शिक्षा ।**

**लक्ष्य :-** दक्ष तथा नैतिकवान जनशक्ति विकास गर्ने ।

**उद्देश्य :-** शिक्षामा बालबालिकाहरुको पहूँच बृद्धि गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्यः शिक्षामा बालबालिकाहरुको पहूँचमा बृद्धि गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • सबै तहको शिक्षामा बालबालिकाहरुको पहूँचमा बृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने । | • शिक्षाको गुणस्तर कायम राख्न शिक्षकहरुलाई मागका आधारमा शिक्षाका विविध विधामा तालिम तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• सवै विद्यालयहरुमा आवश्यक न्यूनतम मापदण्ड सहितका (पुस्तकालय, प्रयोगशाला, खेल मैदान, पानी सहितको शौचालय जस्ता भौतिक पूर्वाधारको क्रमस व्यवस्था मिलाइनेछ ।<br>• सूचना प्रविधिको प्रयोगलाई प्राथमिकताका साथ लागु गरिनेछ ।<br>• स्मार्ट बिद्यालयको अवधारणा कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्दै लगिनेछ ।<br>• हाल अनिरुद्र पब्लिक माध्यमिक बिद्यालयमा संचालीत बाली बिज्ञान विषयको शिक्षणलाई केन्द्रित गरी कमाउदै पढ्दै कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ र अन्य बिद्यालयहरुमा समेत लगु गरिने छ । |

| | |
|---|---|
| | • भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री, छात्र/छात्रा मैत्री पूर्वाधारको विकास गरिनेछ तथा निर्माण भैसकेका पूर्वाधारहरुमा क्रमस स्वही अनुसारको व्यवस्था मिलाइनेछ ।<br>• माध्यमिक बिद्यालयहरुमा क्रमस प्राथमिक उपचारमा केन्द्रित नर्सिङ्ग शिक्षा कार्यान्वयनमा ल्याइनेछ ।<br>• अति विपन्न विद्यार्थीका लागि विशष प्याकेज कार्यक्रम संचालन गरिनेछ ।<br>• कक्षा ११-१२ मा पढ्ने छात्राहरुलाई प्रौत्साहन स्वरुप छात्रबृति प्रदान गरिनेछ<br>• शैक्षिक गुणस्तरका लागिअभिभावक शिक्षा संचालन गरिनेछ । |
| • शैक्षिक सुशासनका न्यूनतम मापदण्डहरु तर्जुमा गरी कार्यान्वयन गर्ने । | • शिक्षामा सवैको पहूँच अभिबृद्धि गर्न र गुणस्तरीय शिक्षा सर्वसुलभ बनाउन कानून तथा कार्यविधि/मापदण्डको आवश्यकता अनुसार परिमार्जन गरी लागु गरिनेछ ।<br>• शैक्षिक सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ ।<br>• कार्य क्षमता मूल्यांकनको आधारमा शिक्षकहरुलाई पुरस्कृत गरिनेछ ।<br>• विद्यालयहरुको अनुगमन प्रणालीलाई सुदृढ गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- स्मार्ट बिद्यालय कार्यक्रम ।
- शैक्षिक गुणस्तर परिक्षण कार्यक्रम ।
- विद्यालय शैक्षिक सुधार कार्यक्रम ।
- अनिरुद्र पब्लिक मा.वि. (९-१२) मा सिक्दै कमाउदै कार्यक्रम ।
- अति विपन्न विद्यार्थीका लागि विशष प्याकेज कार्यक्रम ।
- कक्षा ११-१२ मा पढ्ने छात्राहरुको लागि छात्रबृति कार्यक्रम ।
- शैक्षिक सचेतना (अभिभावक शिक्षा) कार्यकम ।
- उत्कृष्ट शिक्षक, बिद्यार्थि तथा उत्कृष्ट विद्यालय सम्मान कार्यक्रम ।
- विद्यालयमा खानेपानी तथा लैङ्गिकमैत्री शौचालय व्यवस्थापन ।
- **ICT** ल्याब स्तरोन्नती कार्यक्रम ।
- बिद्यालयमा पुस्तकालय व्यवस्थापन कार्यक्रम ।
- बिद्यालय कक्षा कोठा निर्माण कार्यक्रम ।
- बिद्यालय भवन मर्मत संभार तथा फर्निचर व्यवस्थापन कार्यक्रम ।
- बालविकास केन्द्रहरुलाई शैक्षिक सामाग्री व्यवस्थापन कार्यक्रम ।
- विद्यालयहरुको खेल मैदान निर्माण तथा स्तरोन्नती कार्यक्रम ।
- शिक्षकहरुको  क्षमता विकास कार्यक्रम ।
- बिद्यालय व्यवस्थापन समितिका पदाधिकारीसंग छलफल तथा अन्तरकृया कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- आधारभूत सुविधा सहितका विद्यालय भवन (पुस्तकालय, शौचालय, कक्षा कोठा, विद्युत, खानेपानी, खेल मैदान, बिज्ञान तथा कम्प्युटर प्रयोगशाला, पुस्तकालय, प्राथमिक उपचार सेवा) निर्माण तथा मर्मत सुधार भै शिक्षणका लागि अनुकूल वातावरणको श्रृजना भएको हुनेछ ।
- अति विपन्न लक्षित विद्यार्थीहरुको लागि सञ्चालित विशष प्याकेज कार्यक्रमबाट विद्यालय छाड्ने दरमा कमी आएको हुनेछ ।
- योजना अवधिमा पालिकाका दुई बिद्यालयलहरु स्मार्ट बिद्यालयको अवधारणामा संचालन भएका हुनेछन् ।
- शैक्षिक सुशासनका न्यूनतम मापदण्डहरुको विकास तथा कार्यान्वयन मार्फत शिक्षाको गुणस्तर कायम गरिएको हुनेछ ।

## ६.२ स्वास्थ्य सेवा

**विद्यमान अवस्था**

हाम्रो संबिधानले नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । स्वस्थ तथा उत्पादनशील मानव संसाधनको महत्वलाई दृष्टिगत गरी गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहूँचको लागि तीनै तहको सरकारले आफ्नो दायित्व लिई यस क्षेत्रमा लगानी गर्न आवश्यक छ ।

**स्वस्थ, उत्पादनशील, जिम्मेवार र सुखी नागरिक** भन्ने सोँच र सबै तहमा सबल स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहूँच सुनिश्चित गर्ने लक्ष्य १५ औं योजनाले लिएको थियो । सोह्रौ योजनाले आधारभूत स्वास्थ्य सेवा निशुल्क गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य बीमा प्रणालीलाई सबल बनाउने, स्वास्थ्य सेवालाई प्रविधिकरण गर्ने, गुणस्तरीय एकीकृत स्वास्थ्य प्रणालीको विकास गर्ने, स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्ने, जनसांख्यिक लाभको अधिकतम उपयोग गर्ने, औषधीजन्य सामग्री र खोपमा आत्मनिर्भर हुने, स्वास्थ्य क्षेत्रमा सुशासन र सामाजिक न्याय कायम गर्ने, स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने जस्ता रणनीतिहरु र सोही अनुसारका विविध कार्यक्रमहरु सञ्चालन गर्ने नीतिगत व्यवस्था गरेको छ ।

लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले **स्वस्थ मानव पुँजीयुक्त समृद्ध प्रदेश (Prosperous province with healthy human capital)** भन्ने दीर्घकाली सोँच र **सुदृढ स्वास्थ्य प्रणालीको माध्यमबाट समतामूलक र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुर्‍याई प्रदेशबासीको स्वास्थ्य तथा आरोग्यता प्रवर्द्धन गर्ने** लक्ष्य लिएको छ। यस योजनाले प्रदेशमा स्वास्थ्य सम्बन्धी नीतिगत तथा संस्थागत सुधार गर्ने, प्रदेशस्तरमा स्वास्थ्य पूर्वाधार विकास तथा सुधार गर्ने, स्वास्थ्य संस्थामा दक्ष जनशक्ति व्यवस्थापन गर्ने, प्रदेशको स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारिता वृद्धि गर्ने, गुणस्तरीय तथा विशिष्टीकृत स्वास्थ्य सेवा प्रदान गर्ने, वैकल्पिक तथा आयुर्वेद स्वास्थ्य उपचार पद्धतिको प्रवर्द्धन गर्ने, स्वास्थ्य सेवामा व्यक्तिगत आर्थिक भार न्यूनीकरण गर्ने, सरुवा रोग तथा महामारी नियन्त्रण र आपतकालीन स्वास्थ्य सेवा प्रदान गर्ने, नसर्ने रोग रोकथाम तथा नियन्त्रण गर्ने, जनस्वास्थ्य सेवा तथा आपूर्ति व्यवस्थापन नियमन र सहजीकरण गर्ने, समन्वय, सहकार्य र अन्तरसम्बन्ध सुदृढ गर्ने जस्ता रणनीतिहरु अंगिकार गरेको छ। दीगो विकासका लक्ष्य ३ अनुसार सन् २०३० सम्ममा सवै उमेर समूहका मानिसहरुको स्वस्थ जीवन सुनिश्चित गर्ने रहेको छ ।

यी माथिका लक्ष्यहरुलाई दृष्टिगत गरी यशोधरा गाउँपालिकाले आफ्नो लक्ष निर्धारण गर्नुपर्ने हुन्छ । नेपालको संबिधानले आधारभूत स्वास्थ्य र सरसफाई स्थानीय तहको अधिकार सूची भित्र र स्वास्थ्य सेवालाई प्रदेशको अधिकार सूची भित्र राखेको छ । हाल यशोधरा गाउँपालिकाले बैदौलीमा रहेको आधारभूत अस्पताल, ७ वटा वडाहरुमा रहेका प्राथमिक स्वास्थ्य चौकीहरु, ३२ वटा गाउँघर क्लिनिक, ४० वटा खोप केन्द्र मार्फत आधारभूत स्वास्थ्य तथा सरसफाई सम्वन्धी सेवा प्रवाह गर्दै आइरहेको छ । १५ शैयाको अस्पतालको निर्माण कार्य द्रूत गतिमा संचालन भएको र आगामी बर्षमा सम्पन्न हुनेछ । पालिकाको योजनामा आारभूत अस्पतालमा एक जाम एम.बि.बि.एस. डाक्टर सहित सबै स्वास्थ्य संस्थाहरुमा हाल स्थायी पदपूर्ति गर्न नसकिएका दरवन्दीहरुमा समेत करार सेवामा नियुक्त गरी सेवा प्रवाह गरिएको अवस्था छ । पछिल्ला दिनहरुमा स्वास्थ्य चेतनामा आएको परिवर्तन तथा स्वास्थ्य सेवाका क्षेत्रमा भएको लगानी तथा सेवा विस्तारले जनताको स्वास्थ्य अवस्थामा केही सकारात्मक परिवर्तनहरु आइरहेको पाईन्छ ।

गाउँपालिकाको तथ्यांक अनुसार स्वास्थ्य चौकीहरुका वर्थिङ सेन्टरहरु संचालनमा ल्याउन नसक्दा स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको संख्यामा कमि देखिन्छ । प्रत्येक बार्डहरुमा स्वास्थ्य चौकीहरुले सेवा प्रदान गरेका छन्, तर जटिल प्रकृतिका रोगको उपचारको लागि जिल्ला सदरमुकाम कपिलवस्तु, बुटवल वाभारतको स्वरतगढ धाउनुपर्ने बाध्यता भने अहिले पनि विद्यमान छ । हाल सम्म पनि जग्गाको अभावमा बैदौलीका रहेको आारभूत अस्पताल तथावडानं ७ को स्वास्थ्य चौकीको भवनहरु बाहेक ६ वटा स्वास्थ्य चौकीहरुका नया भवनहरु नबन्दा सेवा प्रवाहमा कठिनाई महसुस भएता पनि पालिकामा १५ शैयाको अस्पतालको निर्माण सम्पन्न गरी सेवा संचालन भएमा जनस्वास्थ्यमा आउने कठिनाईलाई केही मात्रामा न्यूनीकरण गर्न सकिनेछ ।

## अवसर र चुनौती

### अवसर

- स्वास्थ्य चौकीहरुको व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिइएको तथा सबै वडाहरुमा स्वास्थ्य संस्थाहरु स्थापना भैसकेको ।
- वडा नं ५ को बैदौलीमा १५ शैयाको आधारभूत अस्पतालको निर्माण कार्य भैरहेको ।
- जनताहरुमा स्वास्थ्य सम्वन्धी जनचेतना अभिबृद्धि हुदै गरेको ।
- स्वास्थ्य क्षेत्रमा सरकारको लगानी बृद्धि हुदै गएको ।
- दिगो बिकासका लक्षहरु प्राप्त गर्न सकिने अवस्था रहेको ।
- स्थानीय स्तरमा रहेका विभिन्न संघ संस्थाहरुको सहयोगमा स्वास्थ्य सचेतना जस्ता प्रचार प्रसारका कार्यहरु सञ्चालन गर्ने गरेको ।
- समुदाय स्तरमा संस्थागत सञ्जाल व्यवस्थाले काममा सहजता भएको ।
- स्वास्थ्य तथ्यांक व्यवस्थापनमा **ICT** को प्रयोगले तथ्यांक व्यवस्थापनमा सहजता भएको ।
- बर्तमान संरचनाको उपयोगबाट जनतालाई घरदैलोमा स्वास्थ्य सेवा उपलब्ध गराउन सकिने ।
- स्वास्थ्य चेतना अभिबृद्धिका लागि स्थानीय स्तरमा गठन गरिएका आमा समुहहरुको परिचालन गर्न सकिने ।

### चुनौती

- जग्गा प्राप्तीगर्न नसक्दा स्वास्थ्य संस्थाहरुमा भौतिक संरचनाको व्यवस्थापन गर्न ।
- आवश्यक दक्ष जनशक्ति तथा आधुनिक उपकरण सहितको सेवा उपलव्ध गराउन ।

- स्वास्थ्य क्षेत्रमा समातामूलक पहुँच स्थापित गर्न ।
- अन्धविश्वास तथा रुढीवादी परम्पराको अन्त्य गर्न ।
- निशुल्क वितरण गरिने औषधीहरु आवश्यकता अनुसार उपलव्ध गराउन ।
- स्वास्थ्य सेवा प्रवाह सम्वन्धी नियमन तथा अनुगमनमा प्रभावकारीता ल्याउन ।
- विपन्न तथा पछाडि परेका बर्गहरुमा सुरक्षित मातृत्व तथा परिवार नियोजन जस्ता कार्यक्रमको सेवा पुर्‍याउन

**दीर्घकालीन सौँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सौँच :-"स्वस्थ्य नागरिक सहितको समृद्ध यशोधरा" ।**

**लक्ष्य:** सर्वसुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा मार्फत यशोधरावासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउने ।

**उद्देश्य:** यशोधरावासीलाई सहज तथा सर्वसुलभ रुपमा स्वास्थ्य सेवाहरु उपलव्ध गराउने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य १: यशोधरावासीलाई सहज तथा सर्वसुलभ रुपमा स्वास्थ्य सेवाहरु उपलव्ध गराउने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • जनतालाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने । | • स्वास्थ्य सम्वन्धी आवश्यक कानून/कार्यविधि तथा मापदण्ड तैयार गरी कार्यान्वयन गरिनेछ ।<br>• सवै स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारको जनशक्तिको व्यवस्था गरिनेछ ।<br>• आवश्यकता अनुसार स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।<br>• प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व एवं बाल तथा शिशु सेवाहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।<br>• गाउँ तहमा कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन तथा क्षमता अभिबृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• बालवालिका, गर्भवती महिला तथा जेष्ठ नागरिकलाई स्वास्थ्य सेवामा प्राथमिकता दिइनेछ ।<br>• बैदौलीमा निर्माणधिन १५ शैयाको आधारभूत अस्पतालबाट आगामी दिनहरुमा विशिष्टिकृत सेवा प्रवाह गरिनेछ ।<br>• स्वास्थ्य संस्थाहरुमा भौतिक पूर्वाधारका साथै आधुनिक स्वास्थ्य उपकरणहरुको व्यवस्थापनबाट स्वास्थ्य सेवालाई थप प्रविधिमैत्री बनाइनेछ ।<br>• स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको दक्षता अभिबृद्धिका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• विभिन्न प्रकारका महामारी तथा सर्ने तथा नसर्ने रोग बारे जनचेतना अभिबृद्धिका साथै उपचारात्मक सेवालाई प्रभावकारी बनाइनेछ ।<br>• सरकारी, गैह्र सरकारी र निजी क्षेत्रको समन्वयमा गाउँपालिका स्तरमा स्वास्थ्य सम्वन्धी लगानीको वातावरण सिर्जना गरिनेछ । |

| | |
|---|---|
| | • स्वास्थ्य, सरसफाई, आहार बिहार, खानेपानी तथा सरसफाई जस्ता कार्यक्रमहरुलाई स्वास्थ्य सेवा सँग एकीकृत गरी आमा समुहहरुको परिचालन गरी जनजागरणका कार्यक्रम सञ्चालन गरिनेछ । |
| • गर्भवती तथा प्रसुती सेवालाई थप प्रभावकारी बनाउने । | • नियमित गर्भ जाँच गराउने, तोकिएको तालिका अनुसार खोप तथा पोषण सेवा लिने आमाहरुलाई प्रोत्साहन गरिनेछ ।<br>• योजना अवधीमा सबै वडाहरुका बर्थिङ सेन्टर स्थापना गरी गुणस्तरिय सेवा प्रवाह गरिनेछ ।<br>• एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन आवश्यकताको आधारमा संख्या थप गरिनेछ ।<br>• सुत्केरी तथा नवजात शिशुको पोषण सुधार ल्याउन कार्यक्रम संचालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- पालिका स्तरीय १५ शैयाको अस्पताल निर्माण ।
- जग्गा उपलब्ध गरी स्वास्थ्य चौकीहरुको भवन निर्माण ।
- बर्थिङ्ग सेन्टर संचालन तथा व्यवस्थापन ।
- खोप तथा गाउँघर क्लिनिक भवन निर्माण ।
- स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय, प्रविधिमैत्री प्रयोगशाला व्यवस्थापन कार्यक्रम ।
- पालिका स्तरीय औषधी भण्डारण केन्द्र तथा **Coldchain Room** को व्यवस्थापन ।
- नसर्ने रोगको बारे सचेतना तथा व्यवस्थापन कार्यक्रम ।
- खोप तथा गाउँघर क्लिनिक व्यवस्थापन ।
- सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई थप प्रोत्साहन कार्यक्रम ।
- महामारी तथा सरुवाजन्य रोग नियन्त्रणका लागि सचेतना कार्यक्रम ।
- जेष्ठ नागरिक, असहाय, शारीरिक असक्त तथा दीर्घ रोगीको उपचारका लागि निशुल्क स्वास्थ्य शिविर ।
- गम्भिर खालका रोगको उपचारको लागि अति विपन्न वर्गलाई आर्थिक सहयोग कार्यक्रम ।
- योग केन्द्रको स्थापना तथा संचालन ।
- १५ शैयाको अस्पताल संचालन व्यवस्थापन (करिब २० लाख प्रति बर्ष) ।
- समुदाय तथा बिद्यालयमा स्वास्थ्यकर्मी परिचालन कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- गाउँपालिकाको बार्ड नं ५ स्थित बैदौलीमा आगामी वर्ष भित्रमा १५ शैयाको अस्पताल सञ्चालन भई गुणस्तरीय सेवा प्रवाह भएको हुनेछ ।
- सबै स्वास्थ्य चौकी, खोप क्लिनिकहरुका भवनहरु क्रमस निर्माण भएका हुनेछन् ।
- स्वास्थ्य चौकीहरुमा आवश्यक उपकरण तथा दक्ष जनशक्तिको व्यवस्था भै गुणस्तरिय सेवा प्रबाह भएको हुनेछ
- गाउँपालिकामा ४ वटा एम्वुलेन्स सेवा सञ्चालन भएको हुनेछ ।
- वि.सि.जी. कभरेज, डि.पि.टी., हेपाटाइटिस बि र रुबेला जस्ता खोपहरु को कभरेजमा बृद्धि भएको हुनेछ ।

- असाहाय, असक्त, ५ बर्ष मुनीका बालबालिका तथा जेष्ठ नागरिकहरुलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान भएको हुनेछ ।

## ६.३ महिला, जेष्ठ नागरिक तथा फरक क्षमता

### ६.३.१ महिला

हाम्रो संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई बिना भेदभाव समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ । **लैङ्गिक समतामूलक राष्ट्र** भन्ने सोँच र महिलाको समान तथा अर्थपूर्ण सहभागीता सहित सारभूत समानता कायम गर्ने लक्ष्य १५ औं योजनाले अंङ्गिकार गरेको छ । सोह्रौ योजनाले कुरीति एवं कु-प्रर्थाको अन्त्य, सबै प्रकारका हिंसा, विभेद् र शोषणको अन्त्य, अर्थपूर्ण सहभागिताको सुनिश्चितता, महिलाको योगदानको सम्मान गर्ने संस्कृतिको विकास जस्ता सवालहरुलाई चुनौतीको रुपमा उल्लेख गर्दै लैंङ्गिक समानता, सामाजिक न्याय तथा समावेशीकरणलाई मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने, लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, न्याय प्रणालीमा सुधार गर्ने, संस्थागत सुशासन कायम गर्ने, सकारात्मक विभेदको नीति अवलम्बन गर्ने जस्ता रणनीतिहरु अंगिकार गरेको छ। प्रादेशिक दोस्रो योजनाले **सामाजिक न्याय र समतामा आधारित लैङ्गिक समानता र सशक्तीकरणयुक्त प्रदेश** भन्ने दीर्घकालीन सोँच र महिलाहरूको आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तीकरण र महिला अधिकार सुनिश्चित गर्दै सहभागिता अभिवृद्धि गर्ने उद्देश्य लिएको छ । यीनै लक्ष्य, रणनीति तथा उद्देश्यहरुसँग तादाम्यता राखी यस योजनामा महिला विकास सम्बन्धी लक्ष्य, उद्देश्य निर्धारण गरिएको छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार पालिकाको कूल जनसंख्या ४४९०० मध्ये महिलाको जनसंख्या २३०९० रहेको छ, यो कूल जनसंख्याको ५१.४३% हो । सोही सर्भेक्षण अनुसार पाँच बर्ष र सो भन्दा माथिको जनसंख्याको साक्षरता दर ६९.४०% मध्ये महिला साक्षरता ६१.१९% तथा पुरुष साक्षरता दर ७८.१०% रहेको छ ।

महिलालाई संविधान प्रदत्त हक, अधिकारको प्रत्याभूति दिलाउन गाउँपालिकाले महिला सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । गाउँपालिकाबाट आयोजना गर्ने विभिन्न कार्यक्रमहरुमा महिलाको उपस्थिति संख्यात्मक रुपमा उल्लेख्य देखिएता पनि निर्णय प्रक्रियामा महिलाहरुको सहभागीता अहिले पनि कमजोर छ । अर्थपूर्ण सहभागिता बिना केवल गणपूरक संख्या पुऱ्याउन महिलाहरुलाई विभिन्न कार्यक्रमहरुमा सहभागी गराउने गरिएकोले पनि महिला सशक्तिकरणको पाटोमा उल्लेख्य प्रगति हुन नसकेको यथार्थ हो । पालिकामा भएको छलफल अनुसार अझै पनि महिलाहरु विभिन्न प्रकारका हिंसाको सामना गर्न बाध्य भएको अवस्था बिद्यमान छ ।

### अवसर र चुनौती

#### अवसर

- नेपालको संबिधानमा महिलाको हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको ।
- कानूनी रुपमै स्थानीय तहदेखि केन्द्रसम्म महिला प्रतिनिधित्वको सुनिश्चित गरिएको ।
- महिलाहरुको नेतृत्वमा स्थानीय स्तरमा सामाजिक तथा आर्थिक गतिविधिहरु सञ्चालन हुने गरेको ।
- लैङ्गिक विकास, महिला सशक्तिकरण, समाबेशी र समतामूलक बिकास जस्ता बिषयहरु राष्ट्रिय नीतिको रुपमा कार्यान्वयन भैसकेको ।

- गाउँपालिकाबाट आर्थिक सामाजिक रुपले पछाडी परेका बर्ग तथा समुदायका लागि लक्षित कार्यक्रमहरु संचालन गर्ने गरिएको ।

**चुनौती**

- अझै पनि समाजमा बिद्यमान रहेका अन्धविश्वास, कुप्रथा, महिला हिंसा जस्ता गलत संस्कार तथा कार्यको अन्त्य गर्ने ।
- अति बिपन्न तथा सीमान्तकृत बर्गका महिलाहरुलाई शिक्षा, स्वास्थ्य तथा रोजगारीको क्षेत्रमा पहूँच अभिबृद्धि गरी विकासका गतिविधिहरुमा मूलप्रवाहीकरण गर्ने ।

**दीर्घकालीन सौँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सौँच :" यशोधराको मुल मन्त्र; लैंगिक विभेदको अन्त्य" ।**

**लक्ष्य :** सबै गतिबिधिहरुमा महिला पुरुषको समान अवसरको सुनिश्चित गर्ने ।

**उद्देश्य :** सशक्तिकरणको माध्यमबाट हरेक क्रियाकलापहरुमा महिलाहरुको अर्थपूर्ण सहभागीतालाई सुनिश्चित गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्यः सशक्तिकरणको माध्यमबाट हरेक क्रियाकलापहरुमा महिलाहरुको अर्थपूर्ण सहभागीतालाई सुनिश्चित गर्ने ।** | |
|---|---|
| **रणनीतिहरु** | **कार्यनीतिहरु** |
| महिला सशक्तिकरण सम्वन्धी बिभिन्न गतिबिधि संचालन गरी महिलाहरुको क्षमता अभिबृद्धि गर्ने | • योजनाको अन्त्य सम्म प्रत्येक निर्णायक तहमा कम्तीमा ४० प्रतिशत महिलाहरुको सहभागीता सुनिश्चित गरिनेछ ।<br>• सकारात्मक विभेद मार्फत विकासका विविध गतिविधिहरुमा महिला सहभागिता सुनिश्चित गरिनेछ ।<br>• विपन्नता स्तरीकरणका आधारमा प्रत्येक वडामा अति बिपन्न महिलाहरुका समूह गठन गरी परिचालन गरिनेछ ।<br>• महिला सशक्तिकरण तथा नेतृत्व विकास सम्वन्धी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• महिला सहकारीहरुको सुदृढीकरण गरी बिभिन्न रोजगारमूलक तालिमहरु संचालन गरिनेछ । |
| महिला हिंसा न्यूनिकरण गर्ने । | • अति बिपन्न तथा पछाडि परेका महिलाहरुलाई लक्षित गरी वडा तहमा सामुदायिक मेलमिलापकर्ता मार्फत कानूनी साक्षरता अभियान सञ्चालन गरिनेछ<br>• हिंसामा परेका महिलाहरुको उद्धारका लागि आपतकालीन कोष स्थापना गरिनेछ<br>• बिद्यमान अन्धबिश्वास, कुप्रथा तथा बिभेदकारी कुसंस्कारहरु न्यूनीकरण गर्न जनचेतना कार्यक्रमहरु संचालन गरिने छ । |

**प्रमुख कार्यक्रम**

- महिलाहरुका लागि उद्यमशीलता तथा स्वरोजगार सम्वन्धी तालिम ।
- बिपन्न महिला लक्षित आय आर्जन कार्यक्रम ।

- महिलाहरुका लागि नेतृत्व विकास तालिम ।
- महिला अधिकार तथा कानूनी साक्षरता कार्यक्रम ।
- महिला हिंसा न्यूनीकरण कार्यक्रम ।
- बिद्यमान बिभेदकारी कु-संस्कारहरु न्यूनीकरणका लागि जनचेतना कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- स्थानीय नेतृत्वमा महिलाको पहूँच अभिबृद्धि भएको हुनेछ ।
- विभिन्न सचेतनामूलक कार्यक्रमबाट महिला हिंसाका घटनामा उल्लेख्य कमी आएको हुनेछ ।
- महिला उद्यमशीलताको बिकास भई स्वरोजगारमा बृद्धि भएको हुनेछ ।

### ६.३.२ जेष्ठ नागरिक

**विद्यमान अवस्था**

संविधानले राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी जेष्ठ नागरिकको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ । यस अनुसार सामाजिक सुरक्षा भत्ता लगाएतका अन्य सेवाहरु सरकारबाट प्रदान हुदै आएको छ। जेष्ठ नागरिकको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय प्रदान गर्ने कार्यमा तीनै तहका सरकारको समन्वयात्मक भूमिका रहनु पर्दछ।

**जेष्ठ नागरिकको संरक्षण र सम्मानित जीवनको प्रत्याभूति** भन्ने सोँच र जेष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरुको ज्ञान, सीप र अनुभवलाई राष्ट्रले उपयोग गर्ने लक्ष्य पन्ध्रौ योजनाले निर्दिष्ट गरेको थियो । लक्षित वर्ग तथा समुदायलाई विशेष संरक्षण गर्ने, अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, न्याय प्रणालीमा सुधार गर्ने जस्ता रणनीतिहरु सोह्रौ योजनाले अंगिकार गरेको छ। यो योजनाले जेष्ठ नागरिक सुरक्षा र संरक्षण कार्यक्रम अन्तरगत जेष्ठ नागरिकलाई सम्मानपूर्वक बाच्ने वातावरणको सुनिश्चितता, नीति निर्माण, विकास कार्यक्रम र संस्कृति संरक्षणको क्षेत्रमा सहभागिता बढाउने, जेष्ठ नागरिकको सीप र अनुभवको प्रयोग गरी आर्थिक, सामाजिक विकास क्षेत्रमा लाभ प्राप्त गर्ने, जेष्ठ नागरिकको स्याहार सम्भार, मनोरञ्जन तथा आवश्यकतालाई सम्बोधन गर्ने, जेष्ठ नागरिकलाई स्वास्थ्य सेवा तथा उपचारका लागि सबै अस्पतालमा निश्चित प्रतिशतमा जेष्ठ नागरिक वार्डको व्यवस्था गरी स्वास्थ्य उपचार लिन सक्ने व्यवस्था गर्ने जस्ता क्रियाकलापहरु राखिएको छ । लुम्बिनी प्रदेको दोस्रो आवधिक योजनाले सामाजिक सुरक्षा तथा संरक्षण प्रभावकारी बनाउने, ज्येष्ठ नागरिकहरूलाई सम्मानपूर्वक बाँच्ने अधिकारको संरक्षण गर्ने जस्ता रणनीतिहरु अंगिकार गरेको छ । यीनै केन्द्रीय तथा प्रादेशिक रणनीति एवं क्रियाकलापहरुलाई धरा नगरपालिकाको यस आवधिक योजनामा आत्मसात गर्ने प्रयास गरेको छ ।

यशोधरा गाउँपालिकामा ७० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको संख्या २९२२ रहेको छ । नेपाल सरकारले प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ताको प्रावधानले अति विपन्न तथा पछाडि परेको समुदायका जेष्ठ नागरिकहरुलाई समेत जीविकोपार्जनमा अत्यन्तै सहयोग पुऱ्याएको छ । बदलिदो पारिवारिक परिवेशसँगै हिजोको संयुक्त परिवारको संस्कार हराउदै गएको र छोरा-छोरीहरुले जेष्ठ नागरिकहरुलाई रेखदेख तथा स्याहार सम्भार गर्ने प्रचलनमा कमी आएको देखिएको छ । जेष्ठ नागरिकहरुलाई अन्य नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरुको शारीरिक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम मार्फत सम्वोधन गर्नुपर्दछ । जेष्ठ नागरिकमा रहेको ज्ञान तथा सीपको

उपयोग गर्ने कार्यक्रमहरु संचालन गर्न सकेमा जेष्ठ नागरिकको सम्मान हुने तथा समृद्धिको यात्रामा समेत थप योगदान पुग्नेछ ।

**अवसर**

- राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी जेष्ठ नागरिकहरुको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको ।
- जेष्ठ नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गर्न सकिने ।
- हाल गाउँपालिकाले जेष्ठ नागरिकहरुको सम्मानार्थ बिबिध गतिबिधिहरु संचालन गरेको ।

**चुनौती**

- जोखिममा रहेका जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्ने ।
- कम हुदै गएको पारिवारिक सद्भाव कायम गर्ने ।

**दीर्घकालीन सौँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सौँचः यशोधराको अभियान, जेष्ठ नागरिकहरुको मर्यादित जीवनयापन ।**

**लक्ष्य :-** आधारभूत सेवा सहित सम्मानित जीवनयापनको अवस्था सिर्जना गर्ने ।

**उद्देश्य :-** जेष्ठ नागरिकको लागि समाजमा विभेदरहीत मर्यादित जीवनयापन गर्ने वातावरण तैयार गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य : जेष्ठ नागरिकको लागि समाजमा विभेदरहीत मर्यादित जीवनयापनको वातावरण तयार गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • जेष्ठ नागरिकहरुलाई समाजमा सम्मानित जीवनयापन गर्न सामाजिक सुरक्षा सहितको संरक्षण प्रदान गर्ने । | • विभिन्न निकायहरुको समन्वय तथा सहकार्यमा जेष्ठ नागरिक दिवा मिलन केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।<br>• ८० बर्ष माथीका जेष्ठ नागरिक केन्द्रित घरदैलोमा निशुल्क स्वास्थ्य परीक्षण तथा परामर्श सेवा सञ्चालन गरिनेछ ।<br>• जेष्ठ नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गरिनेछ ।<br>• समाजमा विशेष योगदान पुर्‍याउने जेष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ ।<br>• जेष्ठ नागरिकको पालन पोषण तथा हेरचाहमा उत्कृष्ट ठहरिएका बुहारीलाई सम्मान गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- ८० बर्ष माथीका जेष्ठ नागरिक केन्द्रित घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम ।
- जेष्ठ नागरिक दिवा मिलन केन्द्रको स्थापना र सञ्चालन - २ स्थानमा
- जेष्ठ नागरिक सम्मान कार्यक्रम ।
- जेष्ठ नागरिक तथा उत्कृष्ट बुहारी सम्मान कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- समाजमा जेष्ठ नागरिकहरुले सम्मानित जीवनयापन गर्ने वातावरण सिर्जना भएको हुनेछ ।
- जेष्ठ नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गरिएको हुनेछ ।

**६.३.३ फरक क्षमता**

**विद्यमान अवस्था**

अपाङ्गता वा फरक क्षमता भएका व्यक्तिको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सहितको सम्मानजनक जीवन यापनको अधिकारलाई कानूनले संरक्षण र प्रवर्द्धन गरेको छ भने समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागीताको हक समेत संविधानले प्रत्याभूति गरेको छ । **शारीरिक असक्तता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवन** भन्ने सोँच र सेवा, सुविधा, साधन र श्रोतमा अपाङ्गता भएका व्यक्तिको पहूँच स्थापित गरी आर्थिक, सामाजिक सशक्तिकरण गर्दै सम्मानपूर्वक जीवनयापनको वातावरण सिर्जना गर्ने लक्ष्य पन्ध्रौ योजनाले लिएको थियो । सोह्रौ योजनाले **"कसैलाई पछाडि नछोडौं"** भन्ने दिगो विकासको लक्ष्यको सोँचलाई कार्यान्वयन गर्ने गरी सामाजिक, न्याय तथा समावेशीकरणलाई आन्तरिकीकरण र स्थानीयकरण गर्ने, अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, लक्षित वर्गको विशेष संरक्षण गर्ने, न्याय प्रणालीमा सुधार गर्ने जस्ता रुपान्तरणकारी रणनीतिहरु अवलम्बन गरेकोछ । यसैगरी अपाङ्गतामैत्री जीवन सहजीकरण कार्यक्रम अन्तरगत यस वर्गको सहजीकरण तथा पुनर्सस्थापनाका लागि विविध क्रियाकलापहरु राखिएका छन् । त्यसैगरी प्रदेशको दोस्रो योजनाले **सामाजिक सुरक्षाको प्रत्याभूतिः मर्यादित जीवन र विभेदमुक्त समाज** भन्ने दीर्घकालीन सोँच सहित **लक्षित वर्गलाई न्यूनतम सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने** लक्ष्य लिएको छ । सामाजिक सुरक्षा तथा संरक्षण प्रभावकारी बनाउने, अपाङ्गता भएका व्यक्तिको क्षमता विकास र उपयोग गर्ने, आर्थिक सामाजिक सशक्तीकरण गर्ने, सबै किसिमका सामाजिक भेदभावको अन्त्य गर्ने जस्ता रणनीतिहरु यस योजनाले अवलम्बन गरेको छ ।

यशोधरा गाउँपालिकामा वर्तमानमा पूर्ण असक्तहरुको संख्या ६४ तथा अति अशक्त अपाङ्गताको संख्या १६१ रहेको छ जसले राज्यको तर्फबाट सामाजिक सुरक्षा भत्ता समेत प्राप्त गरिरहेकाछन् । नेपाल सरकारले प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ताको प्रावधानले अति विपन्न तथा पछाडि परेको समुदायका अपाङ्गहरुलाई समेत जीविकोपार्जनमा अत्यन्तै सहयोग पुऱ्याएको छ । समाजमा अपाङ्गहरुले अहिले पनि अन्य नागरिक सरह सम्मानका साथ जीवनयापन गर्ने वातावरण छैन । आगामी दिनहरुमा फरक क्षमता भएकाहरुलाई अन्य नागरिक सरह समाजमा सम्मानपूर्वकको जीवनयापन गर्ने वातावरण श्रृजना गरी उनीहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई गाउँपालिकाको विकासमा लगाउनु आवश्यक छ ।

**अवसर र चुनौती**

**अवसर**

- नेपालको संबिधानले अपाङ्गता भएका नागरिकहरुको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको ।
- राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुनेगरी सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिएको
- फरक क्षमता भएका नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गर्न सकिने ।

**चुनौती**

- फरक क्षमता भएका व्यक्तिलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन गर्ने ।
- फरक क्षमता भएका व्यक्तिहरुको जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान तथा सीपमूलक तालिमको व्यवस्था गरी स्वरोजगार बनाउने ।
- फरक क्षमतामैत्री भौतिक पूर्वाधारहरुको व्यवस्था गर्ने ।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच : फरक क्षमता भएका नागरिकहरुको सम्मान, मर्यादित जीवनयापन ।**

**लक्ष्य :** फरक क्षमता भएका नागरिकहरुको विभेदरहीत जीवनयापनको सुनिश्चितता गर्ने ।

**उद्देश्य :** फरक क्षमता भएका नागरिकहरुको सम्मानित जीवनयापनको वातावरण तयार गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य : फरक क्षमता भएका नागरिकहरुको सम्मानित जीवनयापनको वातावरण तयार गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • फरक क्षमता भएका नागरिकहरुको सहज जीवनयापनको वातावरण श्रृजना गर्ने । | • विभिन्न सीपमूलक तालिमहरु सञ्चालन गरी फरक क्षमता भएका व्यक्तिहरुलाई स्वरोजगार बनाइनेछ ।<br>• फरक क्षमता भएका नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गरिनेछ ।<br>• पालिकामा रहेका अपाङ्गहरुको छुट्टै सञ्जाल गठन गरी कृयाशील बनाइनेछ ।<br>• समाजमा बिशेष योगदान पुऱ्याउने फरक क्षमता नागरिकहरुलाई सम्मान गरिनेछ ।<br>• फरक क्षमता भएका व्यक्तिहरुलाई सेवा प्राप्तीमा सहज पहुँचका लागि गाउँपालिकामा बन्ने तथा रहेका पूर्वाधार संरचनालाई क्रमस अपाङ्गमैत्री बनाउदै जाने नीति अवलम्वन गरिने छ । |

**प्रमुख कार्यक्रम**

- फरक क्षमता भएका नागरिकहरुलाई योगदानको आधारमा सम्मान कार्यक्रम ।
- फरक क्षमता भएका व्यक्तिहरुलाई सहयोग सामग्री बितरण
- फरक क्षमता भएका व्यक्तिहरुलाई उद्यम स्थापनामा बिशेष सहयोग कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- गाउँपालिका स्तरमा अपाङ्गहरुको सञ्जाल निर्माण भै कृयाशील भएको हुनेछ ।
- उद्यमशीलता, स्वरोजगार मार्फत आयआर्जनमा बृद्धि भएको हुनेछ ।
- निर्माण गरिने भौतिक संरचनाहरु क्रमस अपाङ्गमैत्री हुनेछन् ।

## ६.४ आदिवासी तथा दलित/उत्पीडित वर्ग उत्थान

### विद्यमान अवस्था

आर्थिक, सामाजिक, राजनैतिक एवं प्रशासनिक दृष्टिले पछाडि परेका **आदिवासी तथा उत्पीडित वर्गलाई** संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । यी वर्गहरुको उत्थान र विकासका लागि संविधानतः बिभिन्न आयोगको समेत व्यवस्था गरिएको छ । आर्थिक, सामाजिक र राजनैतिक विकासका प्रत्येक गतिविधिहरुमा समावेश गर्न सकिए मात्र शक्ति, श्रोत र अवसरमा सवैको न्यायोचित साझेदारी हुन सक्दछ । नेपालको संविधानमा व्यवस्था भए अनुसार राज्यका निर्देशक सिद्धान्तको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिले पनि पछाडि परेका जातजाती, बर्गलाई मूलप्रवाहीकरण र अधिकार सम्पन्न गराउने व्यवस्था गरेको छ ।

**राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास** भन्ने सोँच र मानव विकास सूचकांकको आधारमा पछाडि परेका समुदायको सशक्तिकरण र समानुपातिक विकासको लक्ष्य पन्ध्रौ योजनाले लिएको थियो । त्यसैगरी सोह्रौ योजनाले सामाजिक न्याय तथा समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने लक्षित वर्ग समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, लक्षित वर्ग समुदायलाई विशेष संरक्षण गर्ने, न्याय प्रणालीमा सुधार गर्ने, सकारात्मक विभेद्को नीति अवलम्बन गर्ने जस्ता रणनीतिहरु अंगिकार गरेको छ । यसैगरी यस योजनामा दलित सशक्तीकरण कार्यक्रम, लक्षित वर्ग तथा समुदाय आत्मनिर्भर कार्यक्रम, सामाजिक जागरण तथा सचेतनामूलक अभियान कार्यक्रम, खास जाती, भाषा, संस्कृतिको संरक्षण र उपयोग प्रवर्द्धन कार्यक्रम जस्ता मुख्य कार्यक्रमहरु र छुवाछुत तथा जातीय विभेद् उन्मूलन सम्बन्धी अभियान सञ्चालन, परम्परागत ज्ञान, कला र सीपको संरक्षण र सम्वर्द्धन, आय आर्जको लागि तालिम र सहुलियतपूर्ण कर्जा अनुदान, समाजमा रहेका व्याप्त कुरीति तथा सबै प्रकारका विभेद् र हिंसाको अन्त्य, आत्मनिर्भर तथा सशक्तीकरणका लागि रोजगार प्रवर्द्धन, सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षणको व्यवस्था जस्ता विभिन्न कार्यक्रमहरु सोह्रौ योजनामा राखिएको छ । लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले समतामूलक र समृद्ध समाजः सामाजिक समावेशी प्रणाली भन्ने दीर्घकालीन सोँच र सामाजिक रूपमा बहिष्करणमा परेका वा पारिएका वर्ग समुदायलाई विशेष संरक्षण प्रदान गर्दै मूलप्रवाहीकरण गर्ने र विकास प्रक्रियामा पछाडि परेका वर्ग वा समुदायको स्रोत, साधन, सेवा सुविधामा पहुँच सुनिश्चित गर्ने उद्देश्य लिएको छ । त्यसैगरी पछाडि पारिएका वर्ग, सम्प्रदाय वा समूहको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्ने, समावेशितालाई प्रवर्द्धन गर्ने जस्ता रणनीतिहरु दोस्रो प्रादेशिक योजनाले अंगिकार गरेको छ ।

यशोधरा गाउँपालिकाले बहुलतायुक्त सामाजिक स्वरुपलाई पूँजीको रुपमा स्थापित गरी विकासमा अत्यधिक लाभ उठाउन सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमको रुपमा ग्रहण गर्न आवश्यक छ । यस गाउँपालिकामा शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरुमा अन्य जातजातीहरुको तुलनामा ब्राहमण जातिको पहुँच बढी देखिन्छ । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको क्षेत्र तथा बर्गको उत्थानका लागि गरिबी न्यूनीकरण सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरी उनीहरुलाई विकासको मूलप्रवाहमा समाबेश गर्न जरुरी छ । संविधानत नेपाल छुवाछुतमुक्त राज्य भएता पनि व्यवहारमा अझैपनि छुवाछुत प्रथा पूर्णरुपमा हटिसकेको अवस्था छैन । छुवाछुत जस्तो सामाजिक कुरीतिलाई हटाउनका लागि जनचेतना अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक छ ।

## अवसर र चुनौती

### अवसर

- राज्यकै मूल कानूनले समावेशी सिद्धान्तलाई अंगिकार गरेको ।
- कानूनहरु निर्माण गर्दा सामाजिक समावेशीतालाई प्राथमिकतामा राखी तर्जुमा गर्ने गरिएको ।
- तीनै तहको सरकारमा सामाजिक समाबेशीताका आधारमा प्रतिनिधिहरुको व्यवस्था गरिएको ।
- राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी दलित/उत्पीडित वर्गका लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिएको ।

### चुनौती

- समाजमा रहेको परम्परागत सोंच, चिन्तन र बिचारमा परिर्वतन गर्ने ।
- सामाजिक बिकृति, बिसंगति र बिभेदको अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने ।
- विद्यमान आर्थिक तथा सामाजिक गरिवीलाई न्यूनीकरण गरी समतामूलक र समावेशी समाजको निर्माण गर्ने ।
- एउटै जाती भित्र पनि हुनेखानेहरुबाट अति विपन्न तथा असहाय माथि हुने दमनलाई निरुत्साहित गर्ने ।

## दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

**दीर्घकालीन सोँच : जातीय विभेदको न्यूनिकरण गरी सभ्य समाजको निर्माण ।**

**लक्ष्य :** आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रका सवै क्रियाकलापहरुमा समतामूलक पहुँच स्थापना गर्ने ।

**उद्देश्य :** राज्यका श्रोत, साधन, अवसर तथा लाभमा सबै वर्गको पहुँच सुनिश्चित गर्ने ।

## रणनीति र कार्यनीति

| **उद्देश्य :** राज्यका श्रोत, साधन, अवसर तथा लाभमा सबै वर्गको पहुँच सुनिश्चित गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • आदिवासी जनजाती तथा दलित/उत्पीडित बर्गलाई विकासका गतिविधिहरुमा मूलप्रबाहीकरण तथा सशक्तिकरण गर्ने । | • श्रोत, साधन, अवसर तथा लाभमा सबै वर्गको पहूँच सुनिश्चित गर्न सकारात्मक बिभेद नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• सामाजिक रुपमा पछाडि परेका र पारिएकालाई स्वरोजगारमूलक कार्यक्रम मार्फत रोजगारीको अवसर श्रृजना गरिनेछ ।<br>• परम्परागत सीप तथा व्यवसायहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।<br>• आदिवासी जनजाती तथा दलित/उत्पीडित सञ्जाल निर्माण गरी स्थानीय स्तरमा सञ्चालन हुने क्रियाकलापहरुमा सहभागीता गराइनेछ ।<br>• अति विपन्न तथा पछाडि परेका समुदायहरुको बस्ती पहिचान गरी बिषेश कार्यक्रम संचालन गरिने छ । |

### प्रमुख कार्यक्रम

- सकारात्मक विभेद सहितको सामाजिक समाबेशीकरण सम्बन्धी स्थानीय नीति तर्जुमा ।
- आदिवासी जनजाती एवं दलित/उत्पीडित सञ्जाल निर्माण ।

- परम्परागत सीप तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम ।
- स्वरोजगारमूलक व्यवसाय छनौट तथा उद्यमशीलता तालिम ।
- अति विपन्न तथा पछाडि परेका समुदाय उत्थान बिशेष कार्यक्रम ।
- सेवा प्रबेश सम्वन्धी कक्षा सञ्चालन ।

**अपेक्षित उपलब्धी**

- आदिवासी जनजाती तथा दलित/उत्पीडित समुदाय लक्षित सकारात्मक विभेद नीति तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ ।
- परम्परागत सीप तथा ज्ञानको उपयोग गर्दै उद्यमशीलतामा अभिबृद्धि भएको हुनेछ ।
- अति विपन्न तथा पछाडि परेका समुदाय उत्थान बिशेष कार्यक्रम मार्फत स्थानीय स्तरमा स्व-रोजगारी श्रृजना भएको हुनेछ ।

### ६.५ बालबालिका, वाल अधिकार तथा बाल संरक्षण

**विद्यमान अवस्था**

संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता विषय समेटी सर्वाङ्गीण विकासको प्रत्याभूत गरेको छ। दीगो विकास लक्ष्यमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षित, पहूँचयोग्य हरित सार्वजनिक स्थलमा पहूँच, बालबालिका विरुद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यव्यहार र हिंसाको अन्त्य गरी सशक्त गर्ने जस्ता परिमाणात्मक लक्ष्य किटान गरिएको छ।

**बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाज** भन्ने सोँच र बालबालिकालाई सबै प्रकारको हिंसा, दुर्व्यव्यहार र शोषणबाट मुक्त गरी राष्ट्र निर्माणका लागि योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने लक्ष्य पन्ध्रौं योजनाले लिएको थियो । सोह्रौ योजनाले बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यक्रम अन्तरगत सबै प्रकारको बालश्रमको अन्त्य गरी बालश्रममुक्त कार्यस्थल सुनिश्चित गर्ने, वेवारिसे, अभिभावक विहिन तथा विशेष संरक्षणको आवश्यकता भएका बाल बालिकालाई सम्बन्धित स्थानीय तहले बैकल्पिक हेरचाहको व्यवस्था गर्ने, बालमैत्री स्थानीय शासन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्ने, बाल क्लब, बाल सञ्जाल, स्काउट जस्ता संस्थाको गठन र विस्तार गर्ने, स्वाबलम्बी जीवन पद्धतिको सिकाईमा सहभागिता बढाउने, सामाजिक सञ्जालको दुरुपयोगबाट हुने हिंसाको नियमन र नियन्त्रण गर्ने, बाल सुधार गृहलाई न्यूनतम मापदण्डका आधारमा प्रभावकारी व्यवस्थापन गर्ने, अभिभावकमैत्री बाल न्याय निरुपण गर्ने, मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकास कार्यक्रममा सबै वर्ग समुदायको पहुँच बढाउने जस्ता कार्यक्रमहरु बाल अधिकार संरक्षणको क्षेत्रमा राखिएका छन् । त्यसैगरी प्रदेशको दोस्रो आवधिक योजनाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्य र बाल अधिकारको संरक्षण गर्ने, सबै सार्वजनिक निकायलाई बालमैत्री बनाउने जस्ता रणनीतिहरु अवलम्बन गरेको छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार यशोधरा गाउँपालिकामा १९ बर्ष मुनिका बालबालिका तथा किशोर किशोरीहरुको जनसंख्या करिव ४७.९८% रहेको छ। बालबालिकाहरुलाई अन्य नागरिक सरह समाजमा स्थापित गर्नका लागि उनीहरुको शारीरिक, मानसिक एवं भावनात्मक विकास र उनीहरुको हक, अधिकार र हीतको सुनिश्चितता गरिनु पर्दछ । गाउँपालिकाले बिद्यालय तह तथा समुदायस्तरमा बालबालिकाहरुलाई विभिन्न क्लवहरुमा आबद्ध गराई उनीहरुको क्षमता विकास गर्दै आएको छ । हाल बिद्यालय तहमा ३६ र समुदाय स्तरमा ६६ बालक्लवहरु गठन गरी २११७ जना

बालबालिकाहरुलाई क्लवमा आवद्ध गराइएको छ । गाउँपालिकाले बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन गरी योजना अवधीमा गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्ने लक्ष लिएको छ । बालबालिका तथा किशोर किशोरीहरुका लागि बिभिन्न कार्यक्रमहरु संचालन गरिरहेको छ, तर यी गतिबिधिहरु प्रयाप्त भने छैनन् । आजका बालबालिका भोलीका राष्ट्रका कर्णधारका रुपमा रहेका हुँदा उनीहरुलाई उचित बाताबरण तथा अवसर प्रदान गर्नु गाउँपालिकाको कर्तव्य तथा दायित्व हुनेछ । यसैलाई मध्यनजर गरी गाउँपालिकाले आगामी दिनमा तत् सम्वन्धी गतिबिधिहरु संचालन गर्न  आवश्यक छ ।

**अवसर र चुनौती**

**अबसर**

- नेपालको संबिधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको ।
- गाउँपालिकाको नीति तथा कार्यक्रमहरुमा बालबालिकाको क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन भएको ।
- बिद्यालय लगायत समुदाय स्तरमा समेत बाल क्लवहरु गठन भई क्रियाशील रहेका ।
- अभिभावक तथा स्वयं बालबालिकाहरुमा बाल अधिकार प्रति चासो तथा जागरुकता बढिरहेको ।

**चुनौती**

- समाजमा बिद्यमान रहेको बाल बिबाह, बालयौन दुर्व्यबहार तथा बाल श्रमको प्रयोग जस्ता विकृति अन्त्य गर्ने
- अनाथ तथा असहाय एवं जोखिममा परेका बालबालिकाहरुको संरक्षण गर्ने ।
- बालवालिकाहरुको हीतमा संचालन हुने गतिविधिहरु (निर्णय प्रक्रिया देखि लाभ वितरण सम्मका कार्यक्रमहरु) मा बालबालिकाहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने ।
- बालमैत्री पूर्वाधारहरु निर्माण गरी सञ्चालनमा ल्याउने ।
- धुम्रपान तथा मध्यपान जस्ता विकृतिबाट बालबालिकालाई सुरक्षित राख्ने ।

**दीर्घकालीन सौँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सौँचः "यशोधराको प्रतिवद्धता, बाल अधिकारको सुनिश्चितता"।**

**लक्ष्य :** बालबालिकाहरुको अर्थपूर्ण सहभागीताको सुनिश्चित गर्ने ।

**उद्देश्य :** बालअधिकारको पूर्ण प्रत्याभूति हुने गरी बाल विकास सम्वन्धी क्रियाकलापहरु सञ्चालन गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य : बालअधिकारको पूर्ण प्रत्याभूति हुने गरी बाल विकास सम्वन्धी क्रियाकलापहरु सञ्चालन गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • बालबालिकाहरुको हक हीत संरक्षण गर्दै बिबिध गतिबिधिहरुमा उनीहरुको अर्थपूर्ण | • बालबालिकाहरुको हक हीत संरक्षणका लागि आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• स्थानीय तहमा कार्यरत विभिन्न संघ संस्थाहरुसँगको समन्वय तथा सहकार्यको वातावरणमा बालविकास सम्बन्धी कार्यहरु सञ्चालन गरिनेछ ।<br>• बाल हिंसाबिरुद्ध निशुल्क कानूनी उपचारको व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| सहभागिता सुनिश्चित गर्ने । | • बालमैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयन गरी आगामी ५ बर्ष भित्र बालमैत्री गाउँपालिका घोषणा गरिनेछ ।<br>• अनाथ बालबालिकाहरुको पालन पोषण, शिक्षा तथा स्वास्थ्यको व्यवस्था मिलाइनेछ<br>• समुदाय तथा बिद्यालय तहमा थप बाल क्लबहरु गठन गरी स्थानीय बाल संजाल निर्माण गरिने छ । |

**प्रमुख कार्यक्रम**

- बाल बिकास कोषको स्थापना ।
- समुदाय तथा बिद्यालय तहमा बाल क्लब गठन तथा परिचालन ।
- अनाथ बाल बालिकालाई बिशेष सहयोग कार्यक्रम ।
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम ।

अपेक्षित उपलब्धी

- आगामी ५ बर्ष भित्र यशोधरा गाउँपालिका बालमैत्री गाउँपालिका घोषणा भएको हुनेछ ।
- शिक्षा, स्वास्थ्य, पोषण तथा मनोरञ्जन लगायतका सुविधाहरुमा बालबालिकाको पहूँच पुगेको हुनेछ ।
- यशोधरा गाउँपालिकामा नयाँ बन्ने सबै पूर्वाधारहरु बालमैत्री हुनेछन् ।
- बिद्यालय तथा समुदाय स्तरमा थप बाल क्लव गठन भै कृयाशिल भएका हुनेछन् ।

### ६.६ युवा, खेलकूद तथा संस्कृति

#### ६.६.१ युवा

**विद्यमान अवस्था**

युवाको सर्वाङ्गीण विकास, सशक्तिकरण र युवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था अनुरुप राष्ट्रिय विकासमा युवा सहभागीताको वातावरण सुनिश्चितता गर्नु आजको आवश्यकता हो ।

**युवाको सर्वाङ्गीण विकास, राष्ट्र निर्माणको प्रमुख आधार** भन्ने सोँच र स्वस्थ, सकारात्मक सोँचयुक्त, उद्यमशील, सिर्जनशील, अधिकार प्रति सचेत र कर्तव्य प्रति प्रतिबद्ध युवा शक्तिको विकास र परिचालन गर्ने लक्ष्य पन्ध्रौ योजनाले अंङ्गिकार गरेको थियो । सोह्रौ योजनाले राष्ट्रभाव भएको सदाचारी युवा निर्माण गर्ने, युवालाई अवसर प्रदान गर्दै परिचालन गर्ने, शारीरिक रुपले तन्दुरुस्त युवा निर्माण गर्ने जस्ता रुपान्तरणकारी रणनीति लिएको छ । त्यसैगरी प्रस्तुत योजनामा राष्ट्र निर्माणमा युवाको भूमिका अभिवृद्धि गर्ने युवा लक्षित कार्यक्रम राखिएको छ । लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले **प्रदेशको समृद्धिः युवाको परिचालन** भन्ने दीर्घकालीन सोँच र **विकासमा युवाहरूको सहभागिता बढाई प्रदेशको आर्थिक समृद्धि हासिल गर्ने** लक्ष्य लिएको छ । यस योजनामा युवाहरूलाई गुणस्तरीय शिक्षा तथा स्वास्थ्यको अवसर प्रदान गरी दक्ष मानव पुँजीको रूपमा विकास गर्ने, युवालाई बजारको माग अनुसारको सीप तथा दक्षता विकास गरी रोजगारी र स्वरोजगारीको अवसर प्रदान गर्ने जस्ता रणनीति अंगिकार गरेको छ । यीनै राष्ट्रिय तथा प्रदेश योजनाका लक्ष्य एवं रणनीतिसँग तादाम्यता राख्दै यस योजनामा युवा तर्फका लक्ष्य, उद्देश्य र कार्यक्रमहरु निर्देशित भएका छन्

आर्थिक रुपमा गाँउमा उच्च शिक्षा हासिल गर्ने अवसर नहुँदा बाहिर जाने र गाँउमा रोजगारीको अबसर नहुँदा पुन फर्केर गाँउमा नआउने समस्या शिक्षित युवाहरुमा पाइन्छ। राष्ट्रिय जनगणना-२०७८ अनुसार यशोधरा गाउँपालिकाबाट बाह्य मुलुकमा जानेको संख्या ३३७५ (७.५२%) रहेको छ। यो संख्यामा अधिकांस युवा पंक्ति रहेको अनुमान गर्न सकिन्छ। गाँउमा रोजगारीको अवसर नहुँदा रोजगारीका लागि गाउँबाट पलायन हुने अवस्था अहिले पनि विद्यमान छ। युवाहरुमा रहेको सीप र लगनशीलताको उच्च कदर गर्दै उनीहरुलाई विभिन्न आर्थिक क्रियाकलापहरुमा सहभागी गराउन सके मात्र गाउँको सामाजिक, आर्थिक विकासका साथै युवाशक्ति गाउँबाट पलायन हुनबाट रोक्न सकिनेछ।

**अवसर र चुनौती**

**अबसर**

- विद्यमान युवा परिचालन नीति तथा सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा सहुलियतपूर्ण ऋणहरुबाट युवाहरुलाई आफ्नै गाउँ ठाउँको विकासमा परिचालित हुने अवस्था रहेको।
- स्थानीय स्तरमा संचालन हुने बिकास निर्माण गतिबिधिहरुलाई श्रममुलक अवधारणमा संचालन गरी स्थानीय रोजगारीको श्रृजना गर्न सकिने।
- बैदेशिक रोजगारबाट फर्किएका युवाको अनुभव, ज्ञान र सीपलाई स्थानीय आर्थिक गतिविधिमा सदुपयोग गर्न सकिने।

**चुनौती**

- युवाहरुलाई गाउँमै बसी आर्थिक उपार्जन सहितको सम्मानित जीवन विताउन सकिन्छ भन्ने बिश्वासको वातावरण तयार गर्ने।
- युवा परिचालन, रोजगारी श्रृजना र बिकास गतिबिधिहरुलाई एकीकृत रुपमा कार्यान्वयन गर्ने।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच :- युवाको सर्वाङ्गीण विकास, समृद्ध यशोधरा निर्माणको आधार।**

**लक्ष्य :-** यूवाहरुमा रहेको उद्यमशिलता, ज्ञान, सीपको अधिकतम उपयोग गरी थप रोजगारी श्रृजना गर्ने।

**उद्देश्य :-** युवाहरुको क्षमता विकास गरी स्वरोजगार बनाउने।

**रणनीति र कार्यनीति**

| **उद्देश्य : युवाहरुको क्षमता विकास गरी स्वरोजगार बनाउने।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • युवा लक्षित कार्यक्रम मार्फत उनीहरुको सीप बिकास गरी विकास निर्माण तथा आय आर्जनमा परिचालन गर्ने। | • सिप बिकासको माध्यमबाट युवाहरुलाई दक्ष, उद्यमशील र आत्मनिर्भर बनाइनेछ।<br>• युवाहरुलाई गाउँपालिकाको नीति निर्माण, निर्णय प्रक्रिया र बिभिन्न आर्थिक तथा सामाजिक क्रियाकलापमा संलग्न गराई अपनत्वबोध गराइनेछ।<br>• स्थानीय स्तरमा युवाहरुको संलग्नमा साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| | • दुर्व्यसनमा परेका युवाहरुलाई मनोसामाजिक चिकित्सा पद्दतिबाट सुधार गर्न पहल गरिने छ । <br> • बैदेशिक रोजगारबाट फर्किएका युवाको अनुभव, ज्ञान र सीपलाई स्थानीय आर्थिक गतिविधिमा सदुपयोग गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- युवा स्वरोजगार कोष स्थापना ।
- युवा साझेदारी कार्यक्रम ।
- मनोसामाजिक चिकित्सा सेवा कार्यक्रम ।
- युवा क्लवहरुको संरक्षण तथा सुदृढीकरण कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- व्यवसायिक तथा सीपमूलक तालिम मार्फत युवाहरुमा दक्षता एवं उद्यमशीलता अभिबृद्धि भई स्वरोजगार बनेका हुनेछन् ।
- गाउँपालिकाको नीति निर्माण तथा निर्णय प्रक्रियामा युवाहरुको अर्थपूर्ण सहभागीता भई युवामैत्री वातावरणको सिर्जना भएको हुनेछ ।
- बैदेशिक रोजगारबाट फर्किएका युवाको अनुभव, ज्ञान र सीपलाई स्थानीय आर्थिक गतिविधिमा सदुपयोग गरिएको हुनेछ ।

### ६.६.२ खेलकूद

**विद्यमान अवस्था**

राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पहिचान कायम गर्ने माध्यमको रुपमा खेलकूद क्षेत्रको महत्वपूर्ण गरिमा हुन्छ । त्यसैगरी शारीरिक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा समेत खेलकूदको महत्वपूर्ण भूमिका रहन्छ । खेलकूद विकासका लागि तीनै तहको लगानी आवश्यक छ । नेपालको संबिधानमा समेत खेलकूदलाई तीनै तहका सरकारको साझा सूचीमा राखिएकोछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था भए अनुसार स्थानीय स्तरका खेलकूद संरचनाको निर्माण, सञ्चालन तथा विकासको जिम्मा स्थानीय तहलाई दिइएकोछ ।

**स्वच्छ, व्यवसायिक र प्रविधिमैत्री खेलकूद अभिवृद्धि** भन्ने सोँच र खेलकूदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित नागरिक तैयार पार्दै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिवृद्धि र पहिचान गर्ने लक्ष्य पन्ध्रौ योजनाले लिएको थियो । सोह्रौ योजनामा खेलकूद क्षेत्रबाट आय आर्जन गर्न खेलकूद पर्यटनलाई प्रोत्साहन गर्ने, खेलकूद क्षेत्रलाई व्यवसायी बनाउने र शारीरिक शिक्षालाई अनिवार्य पाठ्यक्रममा समावेश गर्ने रणनीति लिएकोछ । यसैगरी शारीरिक तन्दुरुस्ती र सदाचारीताका लागि खेलकूद कार्यक्रम, खेलकूदमा प्रोत्साहन कार्यक्रम, खेल क्षेत्रका राष्ट्रिय गौरवका आयोजना सम्पन्न गर्ने कार्यक्रमहरु राखिएका छन् । लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले खेलकुद क्षेत्रको विकास

गर्ने उद्देश्य सहित खेलकूद क्षेत्रको विकास र प्रवर्द्धन गर्ने रणनीति अंगिकार गरेको छ । स्थानीय तह देखिनै खेलकूदको संस्थागत विकास एवं पूर्वाधार निर्माण गरी **सबैका लागि खेलकूद** अभियानलाई सार्थकता दिन आवश्यक छ ।

स्वस्थ्य, अनुशासित तथा सिर्जनशील नागरिक उत्पादन गर्नु तथा खेलकूदको माध्यमबाट प्रदेश तथा राष्ट्रिय स्तरमा गाउँपालिकालाई चिनाउन सक्ने अवसरको सदुपयोग गरिनु पर्दछ । गाउँपालिकामा स्तरीय खेल मैदान नहुदा आयोजना गरिने खेलकुदका कार्यक्रमहरु पनि व्यवस्थित तवरले सञ्चालन गर्न सकिएको अवस्था छैन । खेलकूदलाई छुट्टै बिधामा नहेरी स्वास्थ्य एवं पर्यटन प्रवर्द्धनसँग आबद्ध गरी लैजान सके अझ बढी प्रभावकारी हुनेछ ।

### अवसर र चुनौती

**अबसर**

- खेलकूदमा सरकारको लगानीमा क्रमशः बृद्धि भइरहेको ।
- खेलकूदमा बालबालिका तथा युवाको रुची बढ्दै गएको ।
- स्थानीय स्तरका युवाको जनसंख्या उल्लेख्य रहेको ।

**चुनौती**

- खेलकूदलाई अन्य क्षेत्रसँग आबद्ध गरी प्रवर्द्धन गर्ने ।
- खेलकूदको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गर्ने ।

### दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

**दीर्घकालीन सोँच : खेलकूदको माध्यमबाट यशोधराको पहिचान ।**

**लक्ष्य :** सिर्जनशील खेलाडी उत्पादन गरी खेलकूद विकासमा टेवा पुऱ्याउने ।

**उद्देश्य :** खेलकूद पूर्वाधारको विकासका साथै सिर्जनशील युवा खेलाडी तयार गर्ने ।

### रणनीति र कार्यनीति

| **उद्देश्य :** खेलकूद पूर्वाधारको विकासका साथै स्वस्थ्य तथा सिर्जनशील युवा खेलाडी तयार गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • खेलकुदलाई अन्य क्रियाकलापहरुसँग आबद्ध गर्दै सिर्जनशील खेलाडी उत्पादन मार्फत पालिकाको पहिचान स्थापित गर्ने । | • खेलकूद विकासका लागि संस्थागत संरचनाको व्यवस्था गरिनेछ ।<br>• पालिका स्तरीय भगवानदास बहुउद्देश्यीय रंगशाला निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याइनेछ ।<br>• एक वडा एक खेल मैदानको अवधारणालाई जग्गाको उपलब्धताका आधारमा कार्यान्वयन गरिनेछ ।<br>• खेल मैदान नभएका बिद्यालयहरुमा जग्गाको उपलब्धता अनुसार खेल मैदान निर्माण गरिनेछ ।<br>• बालबालिका तथा युवाहरुको क्षमता पहिचान गरी प्रशिक्षणको व्यवस्था गरिनेछ ।<br>• शिक्षा शाखाको समन्वयमा बार्षिक रुपमा खेलकूद क्यालेण्डर बनाई विभिन्न खेलकूद प्रतियोगिता सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | • खेलकूदलाई स्वास्थ्य तथा आन्तरिक पर्यटन प्रवर्द्धनसँग आबद्ध गरिनेछ ।<br>• बिद्यालय तहमा खेलकूद शिक्षलाई अनिवार्य गरी बालबालिकालाई स्वस्थ्य अनुशासित बनाउन उत्प्रेरित गरिनेछ ।<br>• खेलकूदलाई दैनिक जीवनसँग आबद्ध गर्न विभिन्न छलफल तथा अन्तरक्रियाको आयोजना गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- खेलकुद बिकासका लागि आवश्यक संस्थागत संरचना निर्माण तथा क्षमता विकास ।
- बिभिन्न विधाका खेल प्रशिक्षक उत्पादन कार्यक्रम ।
- पालिका तहमा बिभिन्न बिधाका खेलकुद प्रतियोगिता संचालन ।
- भगवानदास बहुउद्देश्यीय रंगशाला निर्माण वडा नं १ (क्रमागत)।

**अपेक्षित उपलब्धी**

- भगवानदास बहुउद्देश्यीय रंगशाला निर्माण कार्य सम्पन्न भै सञ्चालनमा आएको हुनेछ ।
- थप खेलकूद पूर्वाधारको विकास भई नियमित रुपमा कार्यक्रमहरु सञ्चालन भएका हुनेछन् ।
- खेलकुदको माध्यमबाट बालबालिका तथा युवाहरुको क्षमता विकास भएको हुनेछ ।

### ६.६.३ संस्कृति

**विद्यमान अवस्था**

नेपालको संबिधानले मौलिक हकको रुपमा भाषा र संस्कृति सम्बन्धी हकको व्यवस्था गरेको छ । हाम्रा समृद्ध मूर्त तथा अमूर्त सम्पदाहरु राष्ट्रिय एकता सवलीकरण गर्ने माध्यमका रुपमा रहेका छन् । परम्परागत संस्कृतिको जगेर्ना गरी हाम्रो संस्कृतिको मौलिकतालाई अक्षुण्ण राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो दायित्व हो । **साँस्कृतिक विविधतामा गौरव गर्ने एकताबद्ध नेपाली समाज** भन्ने सोँच र सबै मौलिक संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्दै राष्ट्रिय एकता मजबुद बनाउने लक्ष्य पन्ध्रौ योजनाले लिएको थियो । सोह्रौ योजनाले जाती, भाषा, संस्कृतिको संरक्षण र प्रवर्द्धन कार्यक्रम अन्तरगत विभिन्न जातजाती, वर्ग वा समुदायको रैथाने भाषा, संस्कृति, प्रथा, परम्परागत ज्ञान र सीपको संरक्षण एवं प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, आदिवासी, जनजाती तथा लोपोन्मुख भाषालाई संरक्षण र सम्वर्द्धन गर्ने, विभिन्न जाती वर्ग समुदायको रैथाने ज्ञान, सीप, प्रविधिको प्रयोग गर्दै मौलिक खेती, पशुपालन तथा अन्य परम्परागत व्यवसाय एवं उद्यमशीलता विकासको बजारीकरण गर्ने जस्ता कार्यक्रमहरु राखिएका छन् । त्यसैगरी दोस्रो प्रादेशिक योजनाले **बहुसांस्कृतिक सम्पदाको जगेर्नाः सांस्कृतिक पहिचानयुक्त प्रदेश** भन्ने दीर्घकालीन सोँच र **सांस्कृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गरी प्रादेशिक पहिचान र गौरव अभिवृद्धि गर्ने** लक्ष्य लिएकोछ । यस योजनामा भाषा र साहित्यको संरक्षण र प्रवर्द्धन गर्ने, पहिचान बोकेका कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन, विकास र उपयोग गर्ने रणनीति अंगिकार गरेको छ ।

यशोधरा गाउँपालिकामा ऐतिहासिक र साँस्कृतिक धरोहरको रुपमा रहेका बिद्यमान सम्पदाहरुको संरक्षण र सम्बर्द्धन गरी भावी पुस्ताहरुलाई हस्तान्तरण गर्नु अहिलेको आवश्यकता हो । यस गाउँपालिकामा बिभिन्न भाषा, संस्कृति, रीति रिवाज,

रहन सहनका जातजातीको बसोवास रहेको छ । यस गाउँपालिकामा विभिन्न जाती, धर्म, सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन । यहाँ अधिकांश हिन्दु धर्म मान्ने तराई ब्राहमण, यादव, गुप्ता, कलवार, श्रीवास्तव, चाइ, कोहार, कहार, चमार, तेली, पासी, लोध, लोनिया, चौधरी, ठाकुर, नाउ, बढई, माली, धरिकार आदि मानिसहरु रहेकाछन् भने मुस्लिम तथा बौद्ध धर्म मान्ने मानिसहरु पनि बस्दछन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन । यस पालिकामा रहेका हिन्दु तथा मुस्लिम धर्मावलम्बीहरुले मनाउने चाडपर्वहरुमा विशेषगरी दशैं, तिहार, माघे सङ्क्रान्ति, होली, श्रीपञ्चमी, शिवरात्रि, चैत्राष्टमी, रामनवमी, नागपञ्चमी, रक्षाबन्धन, श्रीकृष्ण जन्माष्टमी, तीज, ऋषिपञ्चमी, कुशे औंसी, बुद्ध जयन्ती, ईद, वकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष आदि चाडपर्वहरु रहेका छन् । यस्ता अमूर्त संस्कृतिको पालिकाले संरक्षण तथा सम्वर्द्धन गर्न जरुरी छ ।

**अवसर र चुनौती**

**अवसर**

- भाषा, संस्कृति र साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनका लागि तीनै तहका सरकारहरुको दायित्व रहेको ।
- समुदायहरुमा आफ्नो भाषा, संस्कृति तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनमा चाँसो बढ्दै गएको
- परम्परागत रीतिरिवाज, रहन सहन तथा संस्कृति एवं धार्मिक सम्पदाहरुको संरक्षण जस्ता कार्यहरुलाई पर्यटन प्रवर्द्धनसँग जोडेर लैजाने संस्कृतिको बिकास भएको ।

**चुनौती**

- ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक सम्पदाहरुको संरक्षणका लागि आवश्यक श्रोतको व्यवस्थापन गर्ने ।
- विभिन्न भाषा, संस्कृति तथा रहन सहनलाई साझा सम्पत्तिको रुपमा प्रवर्द्धन गर्ने ।

**दीर्घकालीन सौँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सौँच :- यशोधराको शान; साँस्कृतिक विविधताको उत्कृष्ट पहिचान ।**

**लक्ष्य :-** भाषा, संस्कृति एवं ऐतिहासिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्ने ।

**उद्देश्य :-** भाषा, संस्कृति तथा ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाहरुको पहिचान गरी संरक्षण गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्यः** भाषा, संस्कृति तथा ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाहरुको पहिचान गरी संरक्षण गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • स्थानीय भाषा, संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गर्ने । | • स्थानीय भाषा, संस्कृतिको संरक्षण तथा सम्वर्द्धनका लागि स्थानीय संघ संस्था एवं समुदायहरुसँग सहकार्य गरिनेछ ।<br>• लोक संस्कृतिको संरक्षण तथा सम्वर्द्धनका लागि विभिन्न प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।<br>• विभिन्न जातजातीहरुको मौलिकता झल्किने वस्तुहरु र ऐतिहासिक सामाग्री सहितको साँस्कृतिक संग्राहलयको स्थापना गरिनेछ । |

| | |
|---|---|
| | • स्थानीय स्तरमा लाग्ने धार्मिक मेला तथा जात्राहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ । |
| • ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक स्थल तथा सम्पदाहरुको पहिचान तथा संरक्षण गर्ने । | • सामुदायिक संघ संस्थाहरुको सहकार्यमा सम्पूर्ण ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, अभिलेखिकरण गरी प्रचार प्रसार गरिनेछ ।<br>• ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा आवश्यकता अनुसार पुनर्निर्माण समेत गरिनेछ ।<br>• सम्पदा स्थलको संरक्षण तथा सम्वर्द्धनमा प्रतिकूल असर नपर्ने गरी यस्ता सम्पदा स्थलहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।<br>• दाहसंस्कार गरिने घाटहरुको उचित व्यवस्थापन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, अभिलेखीकरण तथा प्रचार प्रसार कार्यक्रम ।
- विभिन्न धार्मिक स्थल, मठ, मन्दिर तथा मस्जिदहरुको संरक्षण तथा सम्वर्द्धन कार्यक्रम ।
- बहु-साँस्कृतिक संग्रहालयको स्थापना ।
- भाषा, संस्कृति सम्वर्द्धन कार्यक्रम ।
- लोक संस्कृतिको संरक्षण तथा सम्वर्द्धनका लागि साँस्कृतिक महोत्सव आयोजना ।
- घाट व्यवस्थापन कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- गाउँपालिकामा रहेका सबै धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, अभिलेखीकरण, प्रचार प्रसार तथा संरक्षण सम्वर्द्धन भएको हुनेछ ।
- स्थानीय स्तरमा बोलिने भाषा तथा संस्कृतिको संरक्षण भएको हुनेछ ।
- ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, सरक्षण तथा सम्वर्द्धनमा स्थानीय धार्मिक/सामुदायिक संघ संस्था सक्रीय रुपमा परिचालित भएका हुनेछन् ।

## ६.७ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

**विद्यमान अवस्था**

आर्थिक, सामाजिक, राजनैतिक एवं प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरु (महिला, दलित, आदिवासी, आदिवासी जनजाती, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, सीमान्तकृत, अल्पसंख्यक, युवा, किसान, श्रमिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्य) लाई संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । यी वर्ग तथा क्षेत्रहरुको उत्थान र विकासका लागि संविधानतः विभिन्न आयोगहरुको समेत व्यवस्था गरिएको छ । जातीय, भाषिक, धार्मिक, लैङ्गिक, आर्थिक, सामाजिक र राजनैतिक आधारमा विकासका प्रत्येक गतिविधिहरुमा समावेश गर्न सकिए मात्र शक्ति, श्रोत र अवसरमा सबैको न्यायोचित

साझेदारी हुन सक्दछ । नेपालको संविधानमा व्यवस्था भए अनुसार राज्यका निर्देशक सिद्धान्तको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिले पनि राज्यका पछाडी परेका बर्गलाई मूलप्रवाहीकरण र अधिकार सम्पन्न गराउने व्यवस्था गरेको छ ।

**राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास** भन्ने सोँच र मानव विकास सूचकांकको आधारमा पछाडि परेका समुदायको सशक्तिकरण र समानुपातिक विकासको लक्ष्य पन्ध्रौ योजनाले लिएको थियो । सोह्रौ योजनाले पनि लक्षित, वर्ग तथा समुदाय आत्मनिर्भर कार्यक्रम, सामाजिक जागरण तथा सचेतनामूलक अभियान कार्यक्रम, लक्षित समुदाय सामाजिक विकास तथा एकीकरण कार्यक्रम, अन्तराष्ट्रिय प्रतिबद्धता तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयन कार्यक्रम, लैंङ्गिक समानता आर्थिक सशक्तीकरण र हिंसा न्यूनीकरण कार्यक्रम र कानूनी सुधार जस्ता कार्यक्रमहरु निर्दिष्ट गरेको छ । दोस्रो प्रादेशिक योजनाले **सामाजिक न्याय र समतामा आधारित लैङ्गिक समानता र सशक्तीकरणयुक्त प्रदेश** भन्ने दीर्घकाली सोँच सहित अवसरमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने जस्ता रणनीति लिएको छ । यसैगरी उक्त योजनामा **सामाजिक न्याय र समावेशीकरणलाई प्रदेशका सबै अवयवहरूमा संस्थागत रुपमा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्ने** लक्ष्य समेत किटान गरिएको छ । दिगो विकास लक्षमा सन् २०३० सम्ममा सबै पुरुष तथा महिला विशेषगरी गरिब तथा जोखिमपूर्ण स्थितिमा रहेका व्यक्तिहरुको आर्थिक स्रोतहरू माथि समान अधिकार सुनिश्चित गर्नुका साथै आधारभूत सेवामा पहुँच तथा भूमि र अन्य प्रकारका सम्पत्ति, उत्तराधिकार, प्राकृतिक स्रोतहरू, उपयुक्त नयाँ प्रविधि र वित्तीय सेवा, लघुवित्त लगायतमा स्वामित्व र नियन्त्रण सुनिश्चित गर्ने गरी लक्ष्य निर्धारण गरिएको छ ।

यशोधरा गाउँपालिकामा बिभिन्न जातजातिहरुको बसोवास रहेको छ । शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरुमा अन्य जातजातिहरुको तुलनामा तराई बाहुन जातिको पहूँच तुलनात्मक रुपमा बढी रहेको छ । आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको क्षेत्र तथा बर्गको उत्थानका उनिहरुकै सहभागितामा आवश्यकता पहिचान गरी विशेष कार्यक्रमहरु सञ्चालन गरी उनीहरुलाई समेत विकासको मूलप्रवाहमा समाबेश गर्न सके मात्र समाबेशीकरणको अर्थ रहने हुन्छ । यही वास्तबिकतालाई ध्यानमा राखी ती बर्गहरुका लागि विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालनमा ल्याउन जरुरी छ । गाउँपालिकाको बहुलतायुक्त सामाजिक स्वरुपलाई पुँजीको रुपमा स्थापित गरी विकासमा अत्याधिक लाभ उठाउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमको रुपमा ग्रहण गर्न आवश्यक छ ।

## चुनौती र अवसर

### अवसरहरु

- राज्यकै मूल कानूनले समावेशी सिद्धान्तलाई अंगिकार गरेको ।
- बर्तमानमा विभिन्न ऐन, नीति, नियम र कानूनहरु सामाजिक समावेशीताका आधारमा तर्जुमा भएको ।
- तीनै तहको सरकारमा सामाजिक समाबेशीताका आधारमा जनप्रतिनिधिहरुको व्यवस्था गरिएको ।

### चुनौतीहरु

- परम्परागत सोंच, चिन्तनबाट उत्पन्न बिकृति, बिसंगति र बिभेदको अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने ।
- विद्यमान गरिवी न्यूनीकरण गरी समतामूलक र समावेशी समाजको निर्माण गर्ने ।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच :- समतामुलक तथा समावेशी विकासको परिकल्पना, समृद्ध यशोधराबासीको चाहाना ।**

**लक्ष्य :-** सकारात्मक विभेद नीति अवलम्वन गरी सामाजिक समावेशीकरणको लक्ष हासिल गर्ने ।

**उद्देश्य :-** उपलब्ध श्रोत, साधन, अवसर तथा लाभमा सवैको पहुच सुनिश्चित गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य : उपलब्ध श्रोत, साधन, अवसर तथा लाभमा सवैको पहूच सुनिश्चित गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका बर्गको उत्थानका लागि सकारात्मक विभेदको नीति अबलम्वन गरी उपलब्ध साधन, श्रोतमा उनीहरुको पहूँच सुनिश्चित गर्ने । | • लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी रणनितिक योजना तर्जुमा गरिनेछ ।<br>• सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका बर्ग तथा समुदायका सदस्यहरुलाई क्षमता अभिबृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• लैङ्गिक उत्तरदायी बजेट प्रणालीको संस्थागत विकास गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी स्थानीय नीति तर्जुमा ।
- लै.स.सा.स सम्वन्धी छलफल तथा अन्तरकृया ।
- लैङ्गिक उत्तरदायी बजेट परिक्षण कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- पछाडि परेका, पारिएका समुदाय तथा व्यक्तिहरुको सामाजिक तथा आर्थिक विकासका लागि सकारात्मक विभेद नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको हुनेछ ।
- बार्षिक रुपमा लैङ्गिक उत्तरदायी बजेट परीक्षण भै प्राप्त सुझावहरु कार्यान्वयन भएका हुनेछन् ।
- सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका बर्ग तथा समुदायको क्षमता अभिबृद्धि भएको हुनेछ
- पालिकाको श्रोत, साधन र प्रवाह गरिने सेवा, सुविधामा सबै बर्ग, समुदायको पहूँच अभिबृद्धि भएको हुनेछ ।

**६.८ खानेपानी तथा सरसफाई**

**विद्यमान अवस्था**

नेपालको संविधानले प्रत्येक नागरिकलाई खानेपानी तथा सरसफाईको अधिकार मौलिक हककै रुपमा व्यवस्था गरेको छ । खानेपानी तथा सरसफाई सेवाले मानव जीवनमा बहु-आयामिक प्रभाव पार्ने अवस्था त छ नै, यसबाट बाल मृत्युदर कम भई सरदर आयु बृद्धि गर्नमा मद्दत पुग्ने, नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील मानव संसाधनको विकास हुने र सामाजिक रहन सहनमा अनुकूल सुधार गर्न योगदान पुग्दछ ।

**स्वच्छ, सुरक्षित, सर्वसुलभ र दीगो खानेपानी तथा सरसफाई सेवा** भन्ने सोँच र सबैलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाई सेवाको पहूँच सुनिश्चित गर्दै गुणस्तरीय सेवा अभिवृद्धि गर्ने लक्ष्य पन्ध्रौ योजनाले अंङ्गिकार थियो । सोह्रौ

योजनाले खानेपानी तथा सरसफाई अन्तरगत सबै नागरिकलाई स्वच्छ पिउने पानीको उपलब्धताको सुनिश्चितता एवं सबै खानेपानीका श्रोतलाई मानव निर्मित फोहोरबाट अलग राखी श्रोतको संरक्षण गर्ने र फोहोरलाई मोहरमा रुपान्तरण गर्ने सवाललाई मुख्य चुनौतीको रुपमा लिएको छ । पानीका श्रोतहरुको संरक्षण पुनर्भरण कार्यक्रम, नदीजन्य श्रोतको सरसफाई र संरक्षण कार्यक्रम, एकीकृत शहरी फोहोर व्यवस्थापन कार्यक्रम, फोहोर व्यवस्थापनलाई स्थानीयकरण गर्दै आयोजना सञ्चालन गर्ने र पानीका सबै मुहानको संरक्षण गरी निर्माण कार्य गर्ने, फोहोरलाई श्रोतमा वर्गीकरण गरी चक्रीय प्रयोगबाट वैज्ञानिक व्यवस्थापन गर्ने, फोहोर प्रशोधन केन्द्र तथा ल्याण्डफिल्ड साइटको व्यवस्थापन सहित प्रशोधन प्रणालीको विकास गर्ने, कुहिने, नकुहिने र पुनर्प्रयोग गर्न मिल्ने फोहोरलाई अगल-अगल संकलन गर्न छुट्टै मापदण्ड बनाई कार्यान्वियन गर्ने, प्लाष्टिकजन्य पदार्थको प्रयोगलाई निरुत्साहित गर्ने र प्लाष्टिक जलाउने कार्यलाई कानूनतः निषेध गर्ने जस्ता कार्यक्रमहरु यस योजनामा राखिएको छ । दोस्रो प्रादेशिक योजनाले **गुणस्तरीय खानेपानी तथा सरसफाइःस्वच्छ प्रदेश** भन्ने दीर्घकालीन सोँच सहित **सबै नागरिकलाई सुरक्षित खानेपानी तथा सरसफाइ सुविधा सुनिश्चित गर्ने** लक्ष्य लिएको छ। यस योजनाले आधारभूत खानेपानीको पहुँच विस्तार गर्ने, सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्ने जस्ता रणनीति अंगिकार गरेको छ । दीगो विकासका लक्षमा सन् २०३० सम्ममा सबैलाई स्वच्छ खानेपानी र सरसफाई पुऱ्याउने लक्ष्य तोकिएको छ। यशो नगरपालिकाले समेत यीनै लक्ष्य, उद्देश्यलाई ध्यानमा राखी खानेपानी तथा सरसफाई सम्वन्धी लक्ष्य, उद्देश्य तथा कार्यक्रहरु तय गरी संचालनमा ल्याउनु पर्दछ ।

खानेपानी र सरसफाई आधारभूत आवश्यकता भित्र पर्दछन्। अधिकांश रोगहरु पानी तथा पानीजन्य कारण र सरसफाईका कारणले हुने गर्दछन् । जनचेतनाको अभावमा अहिले पनि कतिपय गाउँ वस्तीहरुमा शुद्ध खानेपानीको अभावमा समय समयमा झाडापखला लगायतका रोगहरु लाग्ने गरेको पाइन्छ। वातावरण संरक्षण, सरसफाई र फोहरमैला व्यवस्थापन अन्योन्याश्रित छन् । फोहरमैलाको उचित व्यवस्थापनबाट प्रदुषण नियन्त्रण गर्न सकिन्छ । सड्ने र नसड्ने फोहरलाई श्रोतमै वर्गीकरण गरी सड्ने फोहरलाई प्राङ्गारिक मलको रुपमा कृषि कार्यमा पुनःप्रयोग गर्न सकिन्छ भने नसड्ने फोहरलाई पुनःचक्रीय विधिबाट पुनर्प्रयोग गर्न सकिन्छ। सरसफाई र फोहरमैलाको उचित व्यवस्थापनका लागि जनचेतना अभिवृद्धिका साथै व्यापक रुपमा जनपरिचालन गर्न अपरिहार्य छ। स्वच्छ, स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको हकलाई प्रत्याभूत गर्न साझा प्रतिबद्धता, मानव वस्तीबाट निस्कने फोहरको उचित व्यवस्थापन, प्लाष्टिकजन्य फोहरको नियन्त्रण र व्यवस्थापन, प्रदुषण गर्नेबाट उचित दायित्व बहन जस्ता पक्षहरुमा ध्यान जान जरुरी छ । स्वच्छ, सफा वातावरण कायम गरी जनताको जीवन स्वस्थ बनाई सक्रिय, क्रियाशील र सिर्जनशील नागरिक तयार गर्न ग्रामीण क्षेत्र, साना बजार क्षेत्र र शहर उन्मुख क्षेत्रहरुमा पनि फोहरमैला व्यवस्थापन गर्न जरुरी छ। सङ्क्रामक महामारी हुन नदिन ठोस तथा तरल फोहरलाई व्यवस्थापन गर्नुपर्ने हुन्छ।

यशोधरा गाउँपालिकाले आफ्ना नागरिकहरुलाई शुद्ध खानेपानी उपलब्ध गराउन प्रयत्नशील छ । राष्ट्रिय जनगणना-२०७८ को तथ्यांक अनुसार ९७% घरधुरीले पिउन योग्य पानी प्रयोग गरेको अवस्था छ भने केवल १९.४१% परिवारलाई घर परिसर भित्रै पाइप धाराबाट खानेपानीको उपलब्धता छ । घरधुरीको हिसावले हेर्दा केवल १९.४१ % मात्र जनता शुद्ध खानेपानीको सुविधा प्राप्त गरेको अवस्था छ। हाल गाउँपालिकाका बिभिन्न वडाहरुमा डिप बोरङ्गि मार्फत ओभरहेड टंकीबाट पानी बितरण गर्ने उद्देश्यका साथ लुम्बिनी प्रदेश सरकारको सहयोगमा बिभिन्न ४ स्थानमा ओभरहेड टंकीहरु निर्माण भएता पनि पाइपलाइनको कार्य बिस्तार हुन नसक्दा पानी बितरण हुन सकेको छैन र जनताहरु पुरानै हातेपम्पको पानी प्रयोग गरिरहेको अवस्था छ ।

सरसफाई तर्फ गाउँपालिका खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भइसकेको छ । तथापि राष्ट्रिय जनगणना-२०७८ को तथ्यांकलाई हेर्दा द्द्धण्छ (घद्ध.घट५) घरधुरीमा अहिले पनि शौचालय बन्न बाँकी रहेको देखिन्छ । गाँउपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा भएका छलफलमा समेत अहिलेपनि शौचालय नभएका घरधुरी पर्याप्त रहेको र नियमित प्रयोग नगर्नेको संख्या बढेको देखिन्छ । यी वास्तविकतलाई हेर्दा गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउने लक्ष्य त्यती सहज देखिदैन । शौचालयको विद्यमान स्थितिलाई हेर्दा २६.८७% घरहरुमा मात्र पक्की शौचालय निर्माण भएको देखिन्छ ।

**अवसर र चुनौती**

**अवसर**

- ६४.६४ प्रतिशत घरधुरीहरुमा कच्ची/पक्की शौचालय बनिसकेको ।
- तीन तहका सरकारको सहयोग र समन्वयमा खानेपानी तथा सरसफाई योजना सञ्चालनमा रहेको ।
- पालिकामा एक घर एक धाराको अवधारणामा आधारित खानेपानी योजनाहरुको निर्माण कार्य सुरु भइरहेको ।
- नसड्ने फोहर-बोत्तल, शिशा, प्लाष्टिकजन्य वस्तुहरु बिक्री गरी आय आर्जन गर्न सकिने अवस्था रहेको ।
- मानव वस्तीबाट टाढाको अनुत्पादक स्थानमा फोहरको अन्तिम विसर्जन स्थल बनाउन सकिने अवस्था रहेको

**चुनौती**

- बाँकी २४०५ (३४.३६%) घरधुरीहरुमा शौचालयको ब्यवस्था मिलाउने ।
- बिद्यालय तथा स्वास्थ्य चौकी जस्ता संबेदनशील संस्थाहरुमा खानेपानी तथा सरसफाईको उचित प्रवन्ध गर्ने ।
- पालिकाका प्रमुख बजार केन्द्रहरुमा फोहरको व्यवस्थापन तथा ढल निकासको लागि आवश्यक व्यवस्थापन गर्ने
- प्लाष्टिकजन्य वस्तुको प्रयोगमा निरुत्साहन गर्ने ।
- सार्वजनिक स्थलमा निर्माण हुने शौचालयको उचित व्यवस्थापन गर्ने ।

**दीर्घकालीन सौंच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सौंच :- "स्वच्छ खानेपानी सहितको पूर्ण सरसफाईयुक्त यशोधरा गाउँपालिका" ।**

**लक्ष्य :-** खानेपानी तथा सरसफाईको माध्यमबाट जनस्वास्थ्यमा सुधार गर्ने ।

**उद्देश्य :-** आधारभूत स्तरको खानेपानी तथा सरसफाईमा सबैको पहूँच सुनिश्चित गर्ने ।

**रणनीति र कार्यनीति**

| उद्देश्य : आधारभूत स्तरको खानेपानी तथा सरसफाईमा सबैको पहूँच सुनिश्चित गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| | • खानेपानीको अभाव रहेका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा पुर्‍याइनेछ<br>• एक घर एक धाराको अबधारणालाई मुर्तरुप दिन सञ्चालनमा रहेका खानेपानी योजनाहरुको निर्माणकार्य प्राथमिकताका साथ सम्पन्न गरिनेछ<br>• सम्पन्न भै संचालनमा रहेका तथा सम्पन्न हुने योजनाहरुको मर्मत सम्भारका लागि मर्मत संभार कोषको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| • सबै जनतामा आधारभूत तहको खानेपानी तथा सरसफाई सेवा पुऱ्याउने । | • लिफ्ट खानेपानी प्रणालीबाट संचालन हुने खानेपानी योजनाहरुलाई बिध्युत बिलको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।<br>• गाउँपालिका तथा वडा कार्यालयहरुमा सेवाग्राहीले उपभोग गर्ने गरी पिउने पानीको व्यवस्था मिलाइनेछ ।<br>• प्रत्येक वडाको १/१ ठाउँमा फोहोर संकलन केन्द्र स्थापना गरी मुख्य बजार तथा बस्तिहरुको फोहोरमैला व्यवस्थापन गरिनेछ ।<br>• आवश्यकता अनुसार सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।<br>• पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउ जनपरिचालन सहितको बिशेष कार्यक्रमहरु संचालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- खानेपानी मर्मत संभार कोष स्थापना तथा परिचालन ।
- एक घर एक धारा कार्यक्रम संचालन ( संघ तथा प्रदेश सरकार संगको सहकार्य) ।
- मुख्य बजार केन्द्र तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण ।
- पानी तथा पानीजन्य रोगबाट फैलने रोगहरु बारे जनचेतना कार्यक्रम ।
- पूर्ण सरसफाई पालिकाको लागि बिशेष अभियान कार्यक्रम (पालिका तथा अन्य संघ संस्थाको सहयोगमा)
- वडातहमा फोहरमैला संकलन स्थलको पहिचान तथा व्यवस्थापन ।
- फोहरमैला व्यवस्थापनको लागि ट्याक्टर खरिद ।

**अपेक्षित उपलब्धी**

- योजना अवधिमा कम्तीमा ६०% घरधुरीमा स्वच्छ खानेपानीका धारा जडान भएका हुनेछन् ।
- योजना अवधिमा शत प्रतिशत घरधुरीमा शौचालय निर्माण भएका हुनेछन् ।
- जनचेतना अभिबृद्धि कार्यक्रम मार्फत पानी तथा पानीजन्य रोगबाट फैलने रोहरुमा उल्लेख्य ह्रास आएको हुनेछ
- पालिका स्तरमा खानेपानी मर्मत संभार कोष स्थापना भै परिचालन भएको हुनेछ ।
- प्रत्येक वडामा फोहरमैला संकलन केन्द्रको स्थापना भएका हुनेछन् ।
- फोहरमैला व्यवस्थापनको लागि ट्याक्टर खरिद भई संचालनमा ल्याईएको हुनेछ ।
- मुख्य बजार केन्द्र तथा सार्वजनिक स्थलमा सार्वजनिक शौचालय निर्माण भएका हुनेछन् ।

## परिच्छेद-७

# भौतिक पूर्वाधार विकास

### ७.१ सडक तथा यातायत क्षेत्र

**विद्यमान अवस्था**

नेपालको संविधानले निर्दिष्ट गरे अनुसार तीनै तहका सरकारको अधिनस्त रहने सडक सञ्जालको विकास तथा विस्तार गर्ने जिम्मेवारी पनि सम्बन्धित सरकारको मातहतमा रहने व्यवस्था छ । यातायातको व्यवस्थित सञ्जाल र प्रणालीको विकासबाट मात्र सामाजिक आर्थिक एकीकरण र क्षेत्रीय सन्तुलन कायम राख्न सम्भव हुन्छ । पन्ध्रौ योजनाको **सघन, सन्तुलित, सुलभ, सुरक्षित, गुणस्तरीय एवं दीगो सडक पूर्वाधारको विकास** भन्ने सोँच र सडक सञ्जालको विस्तार गरी आर्थिक, सामाजिक विकास तथा व्यापार सहजीकरण मार्फत आर्थिक समृद्धि हासिल गर्ने भन्ने लक्ष्य रहेको थियो । सोह्रौ योजनाले यातायात पूर्वाधार विकास मार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउने, आयोजना व्यवस्थापनमा सुधार गर्ने, नवप्रवर्तनमा जोड दिने, दिगो, उत्थानशील तथा वातावरणमैत्री पूर्वाधार निर्माण गर्ने, सडक तथा यातायात पूर्वाधार क्षेत्रको सुदृढीकरण गर्ने जस्ता रुपान्तरणकारी रणनीति अंगिकार गरेको छ भने एकीकृत यातायात प्रणाली विकास कार्यक्रम, सडक पूर्वाधार मर्मत सम्भार कार्यक्रम, सार्वजनिक यातायात सञ्चालनमा राज्यको भूमिका अभिवृद्धि कार्यक्रम, भौतिक पूर्वाधार सम्पत्ति व्यवस्थापन प्रणाली विकास कार्यक्रम जस्ता मुख्य कार्यक्रमहरु सडक तथा यातायात क्षेत्र अन्तरगत राखिएका छन् ।

लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले **दिगो यातायात प्रणालीः समृद्ध अर्थतन्त्र** भन्ने दीर्घकालीन सोँच सहित **सुरक्षित यातायात सञ्जालको विस्तार गरी आर्थिक विकास गर्ने** लक्ष्य लिएको छ । त्यसैगरी प्रादेशिक लोकमार्ग तथा प्रदेश सडक निर्माण, स्तरोन्नति गरी प्रदेशको पहिचान स्थापित गर्ने, सडक सुरक्षा र सौन्दर्यीकरण गर्ने, पर्यटकीय क्षेत्र जोड्ने सडक र परिपथ निर्माण तथा स्तरोन्नति गर्ने, कृषि, उद्योग, जलविद्युत, खानी क्षेत्रको पहुँच सडक निर्माण गर्ने, स्थानीय तहको केन्द्र जोड्ने पक्की सडक निर्माण गर्ने, सडकहरूको स्तरोन्नति, सुधार तथा मर्मत सम्भार गर्ने, झोलुङ्गे पुल तथा सडक पुल निर्माण र मर्मत सम्भार गर्ने, यातायात व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, वैकल्पिक यातायात पूर्वाधारको व्यवस्था गर्ने, यातायात पूर्वाधार विकासमा निजी क्षेत्रसँग सहकार्य गर्ने जस्ता रणनीतिहरु यस योजनाले अंगिकार गरेको छ

**" गुणस्तरीय एवं दीगो सडक पूर्वाधार ; समृद्ध यशोधराको आधार"** भन्ने गाउँपालिकाको सडक पूर्वाधार बिकासको नारा रहेको छ । गाउँपालिकाले बिगतमा पालिका भित्रका सडकको अवस्था पहिचान गरी यातायात गुरु योजना निर्माण गरिसक्नु पर्नेमा सो भने हुन नसकेकोमा आगामी दिनहरुमा यातायात गुरु योजना बनाई सो को आधारमा नियमित मर्मत, सम्भार , नया निर्माण तथा स्तरोन्नती गर्ने कार्य हुन आवश्यक छ । जितपुर-तौलिहवा-खुनुवा सडक गाउँपालिकाको मध्यभाग भएर गएको तथा जिल्ला सदरमुकाम तौलिहवा भै जाने हुलाकी राजमार्ग करिव ९ कि.मी को दुरीमा रहेकोले यी दुई सडकहरुको प्रचुर फाईदा लिन सकिने अवस्था छ त्यस्तै दीगो विकासको लागि योजनाबद्ध र वातावरणमैत्री पूर्वाधार निर्माणमा प्राथमिकता दिदै पालिकाका रणनैतिक महत्वका सडकहरुलाई प्राथमिकता दिई वातावरणमैत्री संरचनाको निर्माणमा जोड दिने गाउँपालिकाको लक्ष्य रहेको छ । गाउँपालिकाले सबै वस्तीहरुमा स्तरिय सडकको पहूँच पुऱ्याई आर्थिक विकासलाई टेवा दिने लक्ष्यका साथ सडक निर्माणलाई उच्च प्राथमिकता दिइएको छ ।

गाउँपालिका भित्रका सबै स्तरका सडकहरुको लम्बाई करिव ४०० कि.मी. रहेको छ भने कालोपत्रे भएको सडक करिव ३५ प्रतिशत रहेको छ । सबै वडाहरु सम्म कालोपत्रे सडक पुगिसकेको तथा गाउँपालिकाका सवै बस्तीहरु सडक संजालसंग जोडिएता पनि सडकको स्तर बृद्धि गर्नुपर्ने अवस्था बिद्यमान छ । सबै वडा केन्द्रमा सडकको पहूँच पुगे पनि वडाको केन्द्र देखि गाउँपालिकाको केन्द्रसम्म नियमित सार्वजनिक यातायातको सुविधा भने छैन ।

आवधिक योजना तर्जुमाको क्रममा गरिएको स्थलगत अवलोकन, वडा भेलामा भएको छलफल तथा कार्यशालामा भएको छलफल/अन्तरक्रियाबाट सडकहरुको प्राथमिकिरण गरिएको छ । गाउँपालिकाबाट प्रस्तावित यशोधरा चक्रपथ पालिकाकै गौरबका योजनामा पर्दछ र यसको अधिकांस भागको स्तरोन्नती गर्नुपर्ने छ भने केही भाग नयाँ निर्माण गर्नुपर्ने छ । यस पछिका केही सडकहरु पहिलो प्राथमिकत प्राप्त सडक तथा केही सडकहरु दोश्रो प्राथमिकता प्राप्त सडकमा राखिएको छ । प्राथमिकता प्राप्त  सडकहरुको लम्बाई करिव ६०.०० किलोमीटर रहेको छ । श्रोत साधनको उपलब्ताका कारण पहिलो प्राथमिकतामा परेको सडकक मद्ये करिव १० कि.मी कालोपत्रे गर्ने, २० कि.मी मा नाली सहित ग्राभेल गर्ने तथा थप ३०.०० कि.मी लम्वाई भएका सडकहरु ग्राभेल गर्ने गरी प्रस्ताव गरिएको छ । संघ तथा प्रदेश सरकारहरुको थप सहयोग प्राप्त गरी योजना अवधीमै बाँकी सडकहरुको क्रमश स्तरबेद्धि गर्दै लगिने छ। हाल निर्माण भएका अन्य सबै गाउँवस्ती जोडने सहायक सडकहरु (लिंकरोड) सालवसाली रुपमा मर्मत गरी सञ्चालन गरिने छ । हाल संचालनमा रहेका सडकहरु प्राप्त श्रोत साधनको आधारमा क्रमश मापदण्ड सहित स्तरोन्नती गर्ने गरी कार्यक्रम तर्जुका गरिएको छ ।

**प्रस्तावित यशोधरा चक्रपथ**

सोनबर्षि-उत्तर भडेहर-बसन्तपुर-डङ्गेरी-मधुनगरा-बासखोर-बाबाको कुटी-सिहखोर-खोरिया-बन्धा-सेमरी-इटवा-कोपवा-सोमडिह-मर्यादपुर चौकी- मुडिला चोक- भगवानपुर- लोहरौली- भैसहिया- रंगपुर बोर्डर- कडजहवा- रतनपुर- पूर्निहवा-पकडी चौराह- तितिर्खा हुदै सोनबर्षि सम्म करिव ४० कि.मी

**निर्माण गर्नुपर्ने प्रमुख सडकहरु**

१. दरखसवा-पकडी-रजवापुर वडानं १, करिव २ कि.मी

२. पश्चिम डिह-भडेहर-गणेशपुर-बिचलि भडेहर-पूर्व डिह भडेहर हुदै नगरपालिका सिमा सम्म वडा नं २, करिव २ कि.मी

३. लोहरौली-बसडिलवा हुदै अमरोनहा बिद्यालय सम्म, वडा नं ३, करिव ३ कि.मी

४. पोखरभिटवा-सेमरी-हथिहवा वडा नं ४, करिव ३ कि.मी

५. मर्यादपुर चोक-नदवा-मुडीला-लोहरौली वडा नं ५,  करिव ४ कि.मी

६. रमवापुर बिद्यालय-रमवापुर पूर्व डिही हुदै कर्जहवा सम्म, वडानं ६,  करिव  १.५ कि.मी

७. सोमडिह गाउँ उत्तर देखि-कोपवा खानेपानी टंकी हुदै -कोपवा गाउँ उत्तर सुल्तनावापुर मुख्य सडक जोड्ने सडक वडा नं ७, करिव ३ कि.मी

८. मधुनगरा नहर देखि गाउँ पश्चिम हुदै बुढापार वडा नं ५ पिच सडक सम्म वडा नं ८,  करिव १.५  कि.मी

९. बासखोर कपटी-सिहखोर खोरीया-बन्दा हुदे समिरी सडक वडा नं ८

१०.हरदेवा सेमरहवा चोक देखि अमलोहा हथिहवा हुदै रंगपुर सडक वडा नै ३, ४ र ६

११. बैदौली देखि परसोहीया सेमरी- हथिहवा चौराह-बहडिलवा-दरखसवा-रजवापुर मायादेबी बोर्डर सडक वडा नं ५,४,१,३

१२ बैदौली चोक देखि सुल्तनवापुर हुदै बेलासपुर बाँध सम्म सडक वडा नं  ५ र ७

१३ मुडीला चोक-भगवानपुर-लोहरौली-भैसहिया सडक  वडा नं ५

१४.नाली निर्माण-सबै पुराना सडकहरु वडा नं १ देखि ८ सम्म

१५ स-साना कल्भर्ट तथा ं पि.सि.सी गर्ने कार्य वडा नं १ देखि ८ सम्म

**अवसर र चुनौती**

**अवसर**

- जितपुर-तौलिहवा-खुनुवा सडक गाउँपालिकाको मध्यभाग भएर गएको तथा जिल्ला सदरमुकाम तौलिहवा भै जाने हुलाकी राजमार्ग करिव ९ कि.मी को दुरीमा रहेकोले यी दुई सडकहरुको प्रचुर फाईदा लिन सकिने अवस्था ।
- सबै वडा कार्यालयहरु सम्म कालोपत्रे सडक पुगिसकेको ।
- सबै वडाका मुख्य वस्तीहरुमा सडकको पहूँच पुगिसकेको ।
- गाउँ बस्तीमा उत्पादित बस्तुको बजारिकरण गर्न सहज हुने हुदा स्थानीय जनताको रुची र आवश्यकता समेत सडक निर्माणमा रहेको ।

**चुनौती**

- सडक निर्माणमा जग्गाको विवाद भइरहने ।
- सडक मापदण्ड नतोकिएकोले मापदण्ड पालना गरी सडक तथा पुल निर्माण गर्न ।
- मागको आधारमा आर्थिक श्रोतको व्यवस्थापन गर्न ।

**दीर्घकालीन सौँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सौँच :- ““ गुणस्तरीय एवं दीगो सडक पूर्वाधार ; समृद्ध यशोधराको आधार”**

**लक्ष्य :-** गुणस्तरीय सडक सञ्जालको विकास तथा बिस्तारबाट आर्थिक, सामाजिक विकासमा टेवा पुऱ्याउने ।

**उद्देश्य :-** सामाजिक तथा आर्थिक विकासका लागि सडक सञ्जालको बिकास र विस्तार  गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य :** सामाजिक तथा आर्थिक विकासका लागि सडक सञ्जालको विस्तार गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • गाउँपालिका भित्रका मुख्य सडक तथा पुल पुलेसाहरुको निर्माण तथा स्तरोन्नतीका लागि केन्द्र तथा प्रदेश सरकारसँग समन्वय गर्ने । | • गाउँपालिकाको यातायात गुरुयोजना बनाई सो को आधारमा कार्य अगाडी बढाइनेछ ।<br>• स्थानीय परिवेश तथा राष्ट्रिय मापडण्का आधारमा गाउँपालिकाको सडक मापदण्ड बनाइनेछ र सहक निमाण गर्दा सहक मापदण्डको पालना गरिने छ ।<br>• यस गाउँपालिका भै जाने उत्तर दक्षिण सडक खण्डलाई स्तरोन्नती तथा सौन्दर्यीकरण गर्न संघिय सरकारसँग समन्वय गरिनेछ ।<br>• सडकको छेउमा आवश्यकता अनुसार बस बिसौनि निर्माण  गरिनेछ ।<br>• सडक निर्माण गर्दा नाली सहित स्तरयुक्त सडक निर्माण गरिनेछ । |

| | |
|---|---|
| | • सडक निर्माण गर्दा आधुनिक प्रविधिको प्रयोग गरी दीगो, भरपर्दो र उचित भार वहन क्षमताको सडक, पुल, पुलेसा र दुर्घटना कम हुने सडक निर्माण गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. गाउँपालिकाको यातायात गुरु योजना निर्माण (सडक मापदण्ड सहित) ।

२. यशोधरा चक्र पथ निर्माणः बिस्तृत परियोजना प्रस्ताव तयार गरी संघ तथा प्रदेश सरकार संगको साझेदारीमा ।

३. बिभिन्न सडक कालोपत्रे गर्ने कार्य : १० कि.मी (पालिका प्रदेश तथा संघिय सरकारको साझेदारीमा) ।

४ नाली सहितको ग्राभेल सडक निर्माण २० कि.मी (पालिका प्रदेश तथा संघिय सरकारको साझेदारीमा) ।

५. साधारण ग्राभेल सडक निर्माण : ३० कि.मी.

६. सडकको नियमत मर्मत संभार :(पालिका भित्रका रहेका सबे सडकहरु)

७. उपयुक्त स्थानमा जग्गा प्राप्त गरी बस पार्क निर्माण-वडा नं.७ को मर्यादपुरमा

८. सडक प्रतिक्षालय निर्माण- प्राथमिकताको आधारमा बिभिन्न सडकहरुमा ।

९. बस्ती भित्रका सडकमा नाली तथा पि.सि.सि गर्ने कार्य ।

**अपेक्षित उपलब्धी**

- सडक मापदण्ड निर्माण भै कार्यान्वयनमा ल्याइएको हुनेछ ।
- गाउँपालिकाको यातायात गुरु योजना निर्माण भै कार्यान्वयन भएको हुनेछ ।
- यशोधरा चक्र पथ निर्माणका लागि बिस्तृत परियोजना प्रस्ताव तयार गरी संघ तथा प्रदेश सरकार संगको समन्वयमा कार्यान्वयनमा ल्याइनेछ ।
- योजना अवधिमा संघ तथा प्रदेश सरकार संगको समन्वयमा थप १० कि.मि सडक नाली सहित कालो पत्रे भएको हुनेछ ।
- योजना अवधिमा २० कि.मि सडक नाली सहित ग्राभेल भएको हुनेछ ।
- थप ३० कि.मी.सडक साधारण ग्राभेल स्तरको हुनेछन् ।
- वडा नं.७ मर्यादपुरको उपयुक्त स्थानमा जग्गा प्राप्त गरी बस पार्कको निर्माण कार्य भएको हुनेछ ।
- गाउँपालिकाका सबै वडा/बस्तीका सडकहरु नियमित मर्मत भैं यातायात सञ्चालन योग्य हुनेछन् ।
- बिभिन्न स्थानहरुमा १० यात्रु प्रतिक्षालयहरु निर्माण भएका हुनेछन् ।
- बस्तीस्तरमा थप सडक नाली निर्माण तथा सडक पि.सि.सि भएको हुनेछ ।

## ७.२ सूचना तथा सञ्चार प्रविधि

**विद्यमान अवस्था**

वाक तथा प्रकाशन स्वतन्त्रता, सञ्चार तथा सूचनाको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्थित गरेको छ । सञ्चार तथा सूचना प्रविधि क्षेत्रलाई मर्यादित, व्यवसायिक, सबल र सक्षम बनाउने दायित्व लिई जनतालाई सूचना तथा सञ्चारसँग सम्बन्धित अत्याधुनिक सेवा प्रवाह गर्ने र सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास गरी सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण अङ्गको रुपमा विकास गर्नु आजको आवश्यकता हो । **सूचना प्रविधियुक्त**

**राष्ट्र** भन्ने सोँच र आम सञ्चार तथा सूचना प्रविधिमा सबै नागरिकको पहूँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आम नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने लक्ष्य पन्ध्रौ योजनाले लिएको थियो । सोह्रौ योजनाले सञ्चार तथा सूचना प्रविधिको अधिकतम उपयोग गर्ने, प्रविधि विकास, अध्ययन-अनुसन्धान तथा नवप्रवर्तनमा जोड दिने जस्ता रुपान्तरणकारी रणनीति अंगिकार गरेको छ । त्यसैगरी यस योजनामा सूचना प्रविधिको विकास र विस्तार कार्यक्रम, डिजिटल प्लेटफम विकास कार्यक्रम, सूचना प्रविधि सेवा तहगत समन्वय र क्षमता विकास कार्यक्रम, दुरसञ्चार पूर्वाधार व्यवस्थापन कार्यक्रम, हुलाक पूर्वाधार पुनर्संरचना जस्ता मुख्य कार्यक्रमहरु तय गरिएको छ । लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले **नागरिक प्रति स्वतन्त्र, उत्तरदायी र जिम्मेवार तथा आत्मनिर्भर आम सञ्चार** भन्ने दीर्घकालीन सोँच सहित **प्रदेशमा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र स्वतन्त्र सञ्चारको प्रवर्द्धन गर्दै आम नागरिकलाई सुसूचित गर्ने** लक्ष्य लिएको छ । यस योजनामा सूचना तथा सञ्चार माध्यमलाई व्यवस्थित गर्ने, रेडियो, टेलिभिजन दर्ता, नवीकरण तथा नियमन गर्ने, छापा तथा अनलाईन पत्रपत्रिका, सामाजिक सञ्जाल तथा अन्य विद्युतीय सञ्चार माध्यमलाई व्यवस्थित गर्ने, मोबाइल फोन तथा इन्टरनेट सेवालाई व्यवस्थित र भरपदी बनाउने जस्ता रणनीतिहरु अंगिकार गरेको छ ।
यशोधरा गाउँपालिकाले गाउँपालिका भित्रका सम्पूर्ण कार्यालय, संस्था तथा समुदाय स्तरमा इन्टरनेट नेटवर्क बिस्तार गर्ने, कर दाताले घरमै बसी कर भुक्तानी गर्न सक्ने प्रणालीको विकास गर्ने नीति लिएको छ । त्यस बाहेक गाँउपालिका भित्रका मुख्य तथा संवेदनशिल क्षेत्रमा सि.सि.टि.भी. जडान गर्ने तथा क्रमस स्थानीय स्तरमा सबैलाई पायक पर्ने गरी बिभिन्न स्थानमा फ्रि वाईफाई जोनको बिस्तार गर्ने जस्ता कार्यक्रमहरु संचालन गर्ने सोचका साथ अगाडी बढिरहेको अवस्था छ ।

यस गाउँपालिका भित्र एफ.एम. रेडियो स्टेशन नभएको, ८ वटै वडा कार्यालयमा इन्टरनेट सुविधा भएपनि स्तरीय र व्यवस्थित नभएको अवस्था छ । पालिकाका सेवा तथा सुचना सहज रुपमा नागरिक समक्ष पुऱ्याउन वेवसाईट, फेसबुक पेज, नोटिस बोर्ड जस्ता सूचना प्रवाहका माध्यमहरुको प्रयोग भएको छ । गाउँपालिका तथा वडा कार्यालयहरुवाट प्रदान गरिने सेवालाई भरपर्दो तथा विश्वसनिय वनाउनको लागि स्थानीय संचित कोष प्रणाली (सुत्र), सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (पि.ए.एम्.एस्.), अनलाईन घटना तथा सामाजिक सुरक्ष प्रणाली, स्थानीय तह आय लेखाङ्कन प्रणाली जस्ता सफ्टवेयर संचालन गरिएको छ । पालिका तथा वडास्तरमा राजश्व संकलन सफ्टवयर मार्फत सुरु गरिएको छ । राष्ट्रिय जनगणना-२०७८ अनुसार यस गाउँपालिका भित्र २७ घरमा ल्याण्डलाईन टेलिफोन, ९५६ घरले इन्टरनेट सुविधा प्रयोग गरेको, कम्प्युटर/ल्यापटप २७३ थान रहेको, साधारण मोबाइल फोन ५४०४ थान र स्मार्ट मोवाइल फोन ४५३७ थान रहेको देखिन्छ । त्यस्तै रेडियो प्रयोग गर्ने घरपरिवार ५६१ छ भने टि.भी. प्रयोग गर्नेको संख्या १४६२ घरपरिवार रहेको छ ।

### अवसर र चुनौती

#### अवसर

- नेपालको संबिधानमा नागरिकहरुलाई सञ्चारको हक र सूचनाको हक सम्बन्धी व्यवस्था रहेको ।
- सूचना तथा सञ्चार सम्बन्धी विद्यमान नीति तथा कानूनहरु सूचनामैत्री रहेको ।
- एक ठाउँमा विकास/उत्पादन भएको सूचना प्रविधिलाई अर्को स्थानमा किफायती ढङ्गमा सजिलैसँग उपयोग गर्न सक्ने अवस्था रहेको ।
- पालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थित हुँदै गएको ।

- डिजिटल साक्षरता बढ्दै गएको, युवाहरु सूचना प्रविधि प्रति उत्साहका साथ आकर्षित भइरहेको ।

**चुनौती**

- पालिकाका सम्पूर्ण विद्यालय तथा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा विस्तार गरी प्रविधिमैत्री शिक्षण सिकाई र प्रविधिमैत्री उपचारको व्यवस्थापन गर्ने ।
- गाउँपालिका एवं वडा कार्यालयहरुका बीच नेटवर्किङ गर्ने र यी कार्यालयहरुको काम डिजिटल रुपमा सञ्चालन गर्ने ।
- गाउँपालिका भित्र सञ्चालित कार्यक्रमहरुलाई रेडियो, टेलिभिजन लगायत अन्य सञ्चार माध्यमद्धारा प्रचार प्रसार गरी स्थानीय जनतालाई सुसूचित गराउने ।
- सूचनामैत्री जनशक्तिको दक्षताको कमीको कारण सेवा प्रभावकारी प्रवाहमा कठिनाई ।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच : सूचना प्रविधिको विकास, पालिकावासीको चेतनाको आधार ।**

**लक्ष्य** : सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास गर्ने ।

**उद्देश्य** :सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहूँचमा पुऱ्याई जिवनयापनमा सहजता बनाउने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य : सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहूँचमा पुऱ्याई जिवनयापनमा सहजता बनाउने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहूँचमा पुऱ्याउने । | • गाउँपालिका भित्रका सबै विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा क्रमस द्रुत गतिको इन्टरनेट सेवा जडान गरी सेवा प्रवाहलाई व्यवस्थि गरिनेछ ।<br>• गाउँपालिकाका सबै कार्यालयहरु विच इन्टरनेटको नेटवर्किङ गरिनेछ ।<br>• युवा स्वरोजगार लक्षित सूचना प्रविधि तथा दक्षता अभिवृद्धि तालिम संचालन गरिनेछ ।<br>• सेवा प्रदायक कम्पनिको सहकार्यमा टेलिफोन टावर थप गरी मोबाइल नेटवर्कलाई भरपर्दो बनाइनेछ ।<br>• सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा गाउँपालिकाका बिबिध गतिविधीको प्रचार प्रसार गरिनेछ ।<br>• कर्मचारी तथा जनप्रतिनिधिलाई प्रबिधिको प्रयोग सम्वन्धी दक्षता अभिवृद्धि गरी प्रविधिमैत्री बनाइनेछ । |

**प्रमुख कार्यक्रम**

- इन्टरनेट सेवा विस्तार तथा सुदृढीकरण कार्यक्रम ।
- सूचना प्रविधि सम्वन्धी स्थानीय यूवालाई दक्षता अभिवृद्धि तालिम ।

**अपेक्षित उपलब्धी**

- गाउँपालिका भित्रका सबै बस्ती तथा बजार केन्द्रहरुमा द्रुत गतिको इन्टरनेट सेवा जडान भएको हुनेछ ।
- दक्षता अभिवृद्धि तालिमबाट स्थानीय युवाहरुमा क्षमता अभिवृद्धि भई स्वरोजगार भएका हुनेछन् ।

## ७.३ विद्युत्त तथा उर्जा

**विद्यमान अवस्था**

आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपूर्ण साधनको रुपमा जल विद्युतलाई लिने गरिन्छ । अन्तरसरकार, सार्वजनिक निजी साझेदारीमा हुने लगानी यस क्षेत्रमा प्रवाह भैरहदा पछिल्ला दिनमा विद्युत उत्पादन उल्लेख्य रुपमा बढ्दै गएको छ । हाल अधिकांश स्थानीय तहमा विद्युतीय पूर्वाधार पुगेको अवस्था छ । त्यसैगरी दीगो विकास तथा लक्ष्य प्राप्तिका लागि दीगो उर्जाको अवधारणा अनुसार हरिततन्त्रलाई प्रवर्द्धन गर्न बैकल्पिक ⁄ नवीकरणीय उर्जा क्षेत्रको विकास हुन समेत आवश्यक छ । विद्युत प्रसारण लाइन नपुगेका ग्रामीण क्षेत्रमा स्थानीय तहसँगको सहकार्यमा समेत उर्जा सेवा पुऱ्याउन र आयातित उर्जा माथिको निर्भरता कम गर्न वैकल्पिक उर्जाको प्रवर्द्धन र विकास जरुरी छ ।

**जल विद्युतको दीगो र भरपर्दो विकास मार्फत मुलुकको समृद्धिमा योगदान** भन्ने सोँच र जल विद्युतको तीब्र उत्पादन गरी उर्जा सुरक्षा सुनिश्चित गर्ने तथा नवीकरणीय उर्जाको उत्पादन र उपयोगमा दक्षता बढाई स्वच्छ उर्जामा पहूँच पुऱ्याउने लक्ष्यका साथ पन्ध्रौ योजनाका कार्यक्रमहरु निर्दिष्ट गरिएका थिए । सोह्रौ योजनाले विद्युत उत्पादन, प्रसारण र उपयोगका लागि दिगो पूर्वाधार विकास गर्ने, हरित उर्जाको प्रवर्द्धन गर्ने, जलश्रोतको बहु-उपयोग गर्ने, जलश्रोतको उपयोगमा नविनतम प्रविधि तथा दिगो व्यवस्थापन गर्ने, सार्वजनिक-निजी-साझेदारीको अवधारणालाई कार्यान्वयन गर्ने जस्ता रुपान्तरणकारी रणनीतिहरु अंगिकार गरेको छ । त्यसैगरी जलाशययुक्त आयोजना तथा प्रसारण लाईनका लागि लगानी परिचालन कार्यक्रम, जनताको जलविद्युत कार्यक्रम, सार्वजनिक-निजी-साझेदारीका लागि वित्तीय श्रोत व्यवस्थापन जस्ता मुख्य कार्यक्रमहरु यस योजनामा राखिएका छन् ।

लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले **स्वच्छ ऊर्जाको उत्पादनः समृद्ध र उज्यालो प्रदेश** भन्ने दीर्घकाली सोँच सहित **स्वच्छ ऊर्जा उत्पादन र गुणस्तरीय ऊर्जाको पहुँच विस्तार गर्ने** लक्ष्य लिएको छ । त्यसैगरी यस योजनाले विद्युतीकरण सेवा विस्तार तथा स्तरोन्नति गर्ने, उर्जा आवश्यकता पूरा गर्न विद्युत् खपत वृद्धि गर्ने, स्वच्छ तथा नवीकरणीय उर्जा उत्पादनलाई प्राथमिकता दिने, उर्जाको विकासमा निजीक्षेत्रसँग सहकार्य गर्ने जस्ता रणनीतिहरु अंगिकार गरेको छ । दीगो विकासका लागि दीगो उर्जाको अवधारणा, हरित गृह ग्यासबाट वातावरणमा पर्ने असर न्यूनीकरण तथा अनुकूलन मार्फत हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु आजको आवश्यक्ता हो ।

यशोधरा गाउँपालिकामा जलविद्युत उर्जानै उर्जाको महत्वपूर्ण श्रोत हो । यस पालिकामा ६६३४ (९४.७८%) घरपरिवारले बत्तीको रुपमा विद्युतको प्रयोग गरेका छन्, ११२ (१.६%) घरधुरीले सौर्य उर्जा (सोलार) तथा बाँकी  घरपरिवारले वैकल्पिक उर्जाको रुपमा मट्टितेल, बायो ग्याँस तथा अन्य उर्जाको प्रयोग गरेको देखिन्छ । यस गाउँपालिकामा १८४५ घरपरिवार (२६.३६%) ले खाना पकाउनको लागि इन्धनको रुपमा काठ दाउराको प्रयोग गरेका छन् भने २५३० घरपरिवार (३६.१५%) ले एल.पि.ग्यास, २५२४ घरपरिवार (३६.०६) ले गोवरका गुईठा तथा अन्यले मट्टितेल र बायो ग्याँस प्रयोग गरेका छन् । हाल प्रयोग भई रहेको काठ दाउरा तथा गोवर गुईठाको उपयोगमा कमी गर्न बिद्युतिय उर्जाको प्रयोगलाई प्राथमिकता दिने रणनिति अवलम्वन गनुपर्ने हुन्छ ।

यस गाउँपालिकामा नेपाल बिध्युत प्राधिकरण मार्फत बिध्युत बितरणको कार्य भै रहेको छ। विद्युत आपूर्तीलाई नियमित तथा भरपर्दो बनाउन बिद्युत प्राधिकरणसंग आवश्यक समन्वय गरी बिद्युत पोलहरुको परिवर्तन तथा भार क्षमता बृद्धि समेत गर्न आवश्यक ब्यवस्था मिलाउन अत्यावश्यक छ। आगामी ५ वर्ष भित्र गाउँपालिकालाई उज्यालो गाउँपालिकाको रुपमा घोषणा गर्ने गरी कार्यक्रमहरु संचालन गरिने छ र यही पृष्ठभूमिमा यस योजनामा विद्युत तथा उर्जा विकास सम्बन्धी लक्ष्य, उद्देश्य र कार्यक्रमहरु तय भएका छन्।

**अवसर र चुनौती**

**अवसर**

- विद्युतको राष्ट्रिय उत्पादन क्रमश बढदै गई विद्युतमा आत्मनिर्भर हुने अवस्थामा रहेको।
- विद्युत खपत बढाएर परनिर्भरता र कार्बन उत्सर्जन कम गर्ने।
- विद्युत उर्जाको प्रयोगबाट लिफ्टिङ्ग सिँचाई, खानेपानी, चिस्यान केन्द्र र अन्य उद्योगको स्थापना गरी सेवा तथा उत्पादन बढाउन सकिने।
- बिद्युतको उपभोग मार्फत काठ दाउरा तथा गोवर गुईठाकौ प्रयोगमा कम सकिने।

**चुनौती**

- पालिकावासी सबैलाई भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउने।
- पुराना पोलहरुको विस्थापन गर्ने तथा नयाँ ट्रान्सफर्मर जडान गर्ने।
- विद्युत खपतलाई बढाई उत्पादनशील कार्यमा लगाउने।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच :- आर्थिक समृद्धिका लागि विद्युतको अधिकतम उपयोग।**

**लक्ष्य :-** विद्युत प्रयोग क्षमतामा बिस्तार गरी आर्थिक विकासमा टेवा पुऱ्याउने।

**उद्देश्य :** सबै जनताको पहूँचमा विद्युत सेवा पुऱ्याई विभिन्न आर्थिक गतिविधिहरु सञ्चालन मार्फत उत्पादन तथा रोजगारी वृद्धि गर्ने।

**रणनीति र कार्यनीति**

**उद्देश्य : सबै जनताको पहूँचमा विद्युत सेवा पुऱ्याई विभिन्न आर्थिक गतिविधिहरु सञ्चालन मार्फत उत्पादन तथा रोजगारी वृद्धि गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| • गुणस्तरीय विद्युत सेवाको विस्तार र व्यवस्थापन गर्ने | • संघीय र प्रदेश सरकारसँगको समन्वयमा गुणस्तरीय विद्युत पोलहरु र बिद्युत ट्रान्सफरमरहरुको ब्यवस्थापनमा पहल गरिनेछ।<br>• विद्युत सेवा नपुगेका सबै घरमा प्राथमिकताका साथ विद्युत सेवा उपलब्ध गराइनेछ।<br>• गाउँपालिका केन्द्र, वडा केन्द, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजार केन्द्रहरु (Market center) मा उच्च क्षमताको सडक बत्ति जडान गरिनेछ। |

| | |
|---|---|
| | • बिद्युतीय उर्जाको प्रयोग मार्फत उद्योगहरु स्थापना गरि रोजगारी सिर्जना गरिनेछ ।<br>• बिद्युतको उपभोग मार्फत काठ दाउरा तथा गोवर गुईठाको बिस्थापन गरिने छ। यसकालागि आवश्यक मापदण्ड बनाई सहुलियतमा बिद्युत चुलो बितरण गरिने छ । |

**प्रमुख कार्यक्रम**

- विद्युत विस्तार/विद्युत पोल तथा र बिद्युत ट्रान्सफरमरहरुको सुधार कार्यक्रम (बिद्युत प्राधिकरण संगको सहकार्यमा) ।
- मुख्य चोकमा उच्च क्षमताको सडक बत्तिको व्यस्थापन ।
- अति बिपन्न परिवारको लागि सहुलियतमा विद्युत चुल्हो बितरण ।
- मुख्य बजारहरुमा सडक बत्ति ब्यवस्थापन ।
- विद्युत जडान तथा मर्मत सम्भार तालिम/स्वरोजगार श्रृजना ।

**अपेक्षित उपलब्धी**

- अगामी ५ वर्ष भित्र गाउँपालिकाका सम्पूर्ण घरहरुमा विद्युत सेवा उपलब्ध भएको हुनेछ ।
- आगामी ५ वर्ष भित्र गाउँपालिकाका महत्वपूर्ण केन्द्रहरुमा सडक बत्ती जडान भएको हुनेछ ।
- विद्युत जडान तथा मर्मत सम्भार सम्बन्धी तालिम उपलब्ध गराई युवाहरुको स्वरोजगारमा टेवा पुगेको हुनेछ
- विद्युत उपयोगको खपतको लागि २०० घरपरिवारलाई निशुल्क विद्युत चुल्हो अनुदान वितरण भएको हुनेछ ।

## ७.४ भवन तथा आवास

### विद्यमान अवस्था

२०७२ सालको विनासकारी भूकम्प र यसबाट भएको क्षतिलाई दृष्टिगत गरी राष्ट्रिय भवन संहितालाई कार्यान्वयन गर्नु, विद्यमान घर तथा भवनहरुको आवश्यकतानुसार सवलीकरण गर्नु, वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त र सुरक्षित भवन निर्माण प्रविधिको प्रयोग गर्नु, परम्परागत निर्माण प्रविधि र वास्तुकलाको जर्गेना गर्नु आजको आवश्यकता हो । नेपालको संविधानले आवासको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरी सबै नागरिकलाई सुरक्षित र वातावरणमैत्री आवास अधिकारको सम्मान सहित आवासबिहीन नागरिकहरुलाई आवास सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ । त्यसैगरी अव्यवस्थित बसोवासलाई योजनाबद्ध एवं व्यवस्थित वस्ती विकास गर्ने नीतिगत व्यवस्था समेत छ । जोखिमयुक्त स्थानमा छरिएर बसेका घरपरिवारलाई एकीकृत वस्तीमा स्थानान्तरण गर्नुपर्ने अवस्था पनि विद्यमान रहेको स्थिति छ ।

**सुरक्षित किफायति, वातावरणमैत्री भवन र एकीकृत आवास तथा वस्ती** भन्ने सोँचका साथ किफायति, वातावरणमैत्री भवन निर्माण एवं एकीकृत योजनाबद्ध वस्ती विकासको माध्यमबाट दीगो आवास व्यवस्था गर्ने लक्ष्य पन्ध्रौ योजनाले लिएको थियो । सोह्रौ योजनाले आवास तथा शहरी पूर्वाधार विकास गर्ने, राष्ट्रिय तथा प्रादेशिक शहरी प्रणालीको सुदृढीकरण गर्ने, दिगो सुरक्षित शहरी पूर्वाधारण निर्माण गर्ने, अन्तरतह समन्वय तथा शहरी सुशासन प्रणाली विकास गर्ने जस्ता रुपान्तरणकारी रणनीति लिएको छ भने यसमा आधुनिक शहरी र ग्रामीण क्षेत्रमा वस्ती विकासका लागि

आवश्यक पूर्वाधारहरु लैङ्गिक सम्वेदनशील, बालमैत्री, जेष्ठ नागरिक तथा अपाङ्गमैत्री हुने गरी विकास गर्ने, शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रका पूर्वाधारहरु गुणस्तरीय तथा पहुँचयोग्य बनाउने, संघ, प्रदेश तथा स्थानीय तहको सहकार्य र समन्वयमा एकीकृत कार्यक्रमहरु सञ्चालन गर्ने, नविन प्रविधिको प्रयोग गरी संरचनाहरु निर्माण गर्ने, एकीकृत शहरी तथा बसोवास योजना समावेश गर्ने, विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनका क्रियाकलापलाई आन्तरिकीकरण गर्ने, नदी र नदी किनाररको वातावरण सुधार तथा सौन्दर्यीकरण गर्ने, सार्वजनिक खुला क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गर्ने जस्ता रणनैतिक क्रियाकलापहरु राखिएका छन् । यस योजनामा रणनीतिक शहर विकास कार्यक्रम, नमूना वस्ती विकास कार्यक्रम, एकीकृत शहरी पूर्वाधार निर्माण तथा सुधार कार्यक्रम, गाउँ-शहर संयोजन र अन्तर आबद्धता कार्यक्रम, भूमिहिन तथा अव्यवस्थित बसोवास जस्ता मुख्य कार्यक्रमहरु राखिएका छन् ।

लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले **सुरक्षित, सुविधायुक्त र व्यवस्थित बसोबासः सामाजिक, आर्थिक पूर्वाधारयुक्त प्रदेशको विकास** भन्ने दीर्घकाली सोँच सहित **स्थानीय रोजगार सिर्जना गर्दै व्यवस्थित पूर्वाधारसहितको बस्ती विकास तथा सहरीकरण गर्ने** लक्ष्य लिएको छ । यस योजनाले भवन निर्माण कानून तथा मापदण्डको पालना गर्ने, विपद् जोखिमयुक्त र छरिएको बस्तीलाई व्यवस्थित गर्ने, परम्परागत वास्तुकला र शैलीको प्रवर्द्धन गर्ने, ग्रामीण जनजीवनलाई सहज, सुविधा सम्पन्न र सुरक्षित बनाउने, घनाबस्तीउन्मुख क्षेत्रमा एकीकृत सहरी पूर्वाधार विकास गर्ने, एकीकृत सहर तथा ग्रामीण बस्ती विकास गर्ने, अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने जस्ता रणनीति अंगिकार गरेको छ । दिगो विकासको लक्ष्य (२०१६-२०३०) ले समेत शहर एवं मानव वस्तीहरुलाई समावेशी, सुरक्षित, सबल, समानुकूलित र दिगो बनाउने लक्ष्य लिएको छ ।

यस यशोधरा गाउँपालिकामा ८२.१७% घर परिवार आर.सि.सि .ढलान भएको घरमा बस्दछन् भने अझै पनि ४७२ (६.७४%) परिवार  खर/फुसले छाएको छाना मुनि बस्ने गरेको तथ्यांकले देखाउछ। बर्तमान अवस्थामा माटोको जोडाईमा इट्टा/ढुङ्गका जग भएका घरहरु ३३६० (४८.०२%), सिमेण्टको जोडाईमा ईट्टा/ढुङ्गाको जग भएका घरहरु ३१६३ (४५.१९%) रहेका छन् । गाउँपालिकाको भू-उपयोग सम्बन्धी योजना तर्जुमा अन्तिम अवस्थामा रहेको छ । गाउपालिकाले आफ्नो क्षेत्रको भू-उपयोगका सम्वन्धी आवास क्षेत्र, बजार क्षेत्र, चउर, पार्क तथा उद्यान, खेल मैदान, कृषि क्षेत्र र हरित क्षेत्र वर्गीकरण गरी सोही अनुसारको भू-उपयोग योजना बनाउने उद्द्देश्यकासाथ यो कार्य अगाडी बढाएको देखिन्छ । गाउँपालिकाले आगामी दिनमा भू-उपयोग योजनाका आधारमा भवन निर्माण तथा वस्ती विकास गरिनुपर्दछ । यस पालिकामा सार्वजनिक भवनहरुको वर्तमान अवस्था निम्नानुसार रहेको छ ।

- ८ वटा वडा कार्यालय मध्ये वडा नं.१, ६ वडाका कार्यालय भवनहरु निर्माणाधिन अवस्थामा रहेका ।
- ६ वटा वडा कार्यालयहरुले पुरानै कार्यालयबाट सेवाप्रवाह गरिरहेको अवस्था ।
- बैदौलीमा रहेको १५ शैयाको आधारभूत अस्पताल निर्माणाधीन अवस्थामा रहेको तथा वडा नं ७ को सोमडिहमा स्वास्थ्य चौकी भवनहरु निर्माण भै सेवा सुचारु भएको ।
- पालिकाको वडा नं ५ को बैदौलीमा प्रशासकीय भवन निर्माण भै सेवा सूचारु गरिएको ।
- स्थानीय बजारहरु व्यवस्थित हुदै गएका ।

हरेक नागरिकको आवास, सामुदायिक भवनहरु तथा सरकारी भवनहरु सुरक्षित, स्वास्थ्यकर, वातावरणमैत्री, भूकम्प प्रतिरोधी तथा किफायती हुनुपर्दछ । त्यस्तै स्थानीय भवनहरु परम्परागत शैली झल्कने पहिचान सहितको हुनु पनि महत्वपूर्ण मानिन्छ । गाउँपालिकाले राष्ट्रिय भवन निर्माण संहितालाई ध्यानमा राखेर भवन निर्माण कार्यविधि बनाई

कार्यान्वयन गर्नुपर्दछ । छरिएर रहेका घरवस्ती र पहिरो, बाढीका कारण जोखिममा रहेका वस्तीहरुको आवश्यक व्यवस्थापन गर्नु आवश्यक छ । भू-उपयोगको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने र वस्ती व्यवस्थापन तथा वस्ती विकासको सम्भाव्यता अध्ययन गरी केन्द्र तथा प्रदेश सरकारसँगको सहकार्यमा एकीकृत वस्ती विकासको योजना कार्यक्रम अगाडि बढाउन आवश्यक देखिन्छ ।

**अवसर र चुनौती**

**अवसर**

- सरकारी भवनहरुको निर्माणमा संघ तथा प्रदेशहरुको साझेदारी रहेको ।
- राष्ट्रिय सडक सञ्जालसँग जोडिएकोले निर्माण सामाग्रीहरु ल्याउन सजिलो भएको ।
- जोखिमयुक्त वस्तीहरु बारे जनतामा सचेतता भएको ।

**चुनौती**

- सडक मापदण्ड नतोकीदा बस्ती व्यवस्थित गर्न ।
- छरिएर रहेको वस्तीलाई आवश्यक पूर्वाधार सहित एकीकृत बिकास गर्ने ।
- राष्ट्रिय भवन निर्माण संहिता अनुरुप भवन निर्माण मापदण्ड लागु गर्ने ।
- गरिबी र न्यून आयले गर्दा सुरक्षित र सुविधायुक्त घर बनाई आवास व्यवस्थापन गर्ने ।

**दीर्घकालीन सौँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सौँच : "सुरक्षित आवासको प्रबन्ध; यशोधराको मूलमन्त्र" ।**

**लक्ष्य :** सुरक्षित, किफायती, वातावरणमैत्री र प्रविधियुक्त भवन तथा आवास निर्माण गर्ने ।

**उद्देश्य :** सुरक्षित, सुविधायुक्त र ठाँउ सुहाउदो बस्ती तथा आवासको बिकास गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य :** सुरक्षित, सुविधायुक्त र ठाँउ सुहाउदो बस्ती तथा आवासको बिकास गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • भवन मापदण्ड स्विकृत गरी सुरक्षित आवास योजना बनाई कार्यान्वयन गर्ने । | • भवन निर्माण मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>• स्थानीय निर्माण सामाग्रीको अधिकतम प्रयोग गरी भवन निर्माण गरिनेछ<br>• स्थानीय कामदारको दक्षता अभिवृद्धि गरिनेछ ।<br>• स्थानीय भू-उपयोग योजना अनुरुप आवास क्षेत्रको व्यवस्थापन गरिनेछ ।<br>• जोखिमयुक्त र छरिएर रहेका घर/वस्तीहरुको पहिचान गरी एकीकृत वस्तीको लागि उपयुक्त जग्गाको व्यवस्थापन सहित सम्भाव्यता अध्ययन गरिनेछ ।<br>• आधुनिक सुविधा सहितको नमूना बस्ती विकासका लागि संभाव्यता अध्ययन गरिनेछ ।<br>• सबै खरका छानाहरु बिस्थापित गरिने छ । |

**प्रमुख कार्यक्रम**

- सार्वजनिक, सामुदायिक तथा निजी भवन निर्माणको लागि भवन निर्माण मापदण्ड/संहिता तर्जुमा।
- वडा नं.१ र ६ को वडा कार्यालय निर्माण सम्पन्न गर्ने ।
- गाउँपालिकाको भवन तथा वडा कार्यालयहरुको घेराबार तथा नियमित मर्मत सम्भार।
- स्वास्थ्य चौकी भवनहरुको घेराबार तथा नियमित मर्मत सम्भार।
- १५ शैयाको आधारभूत अस्पताल निर्माण सम्पन्न गर्ने, वडा नं ५, बैदौली।
- एकीकृत वस्तीको लागि उपयुक्त जग्गाको व्यवस्थापन सहित सम्भाव्यता अध्ययन। (संघिय सरकार संग अनुरोध गर्ने )
- निर्माण कर्मीहरुको दक्षता अभिवद्धि तालिम।
- खरका छानाहरु बिस्थापन कार्यक्रम।

**अपेक्षित उपलब्धी**

- गाउँपालिकाको भवन मापदण्ड/संहिता तयार भई लागु भएको हुनेछ।
- गाउँपालिकाबाट निर्माण गरिने भवनहरु स्विकृत मापदण्ड अनुसार निर्माण भएका हुनेछन्।
- वडा नं.५ को बेदौलीमा १५ शैयाको आारभूत अस्पतालको निर्माण कार्य सम्पन्न भएको हुनेछ।
- नयाँ निर्माण हुने भवनहरु भूकम्प प्रतिरोधि, सुरक्षित, सुविधायुक्त, किफायती र वातावरणमैत्री हुनेछन्।
- जोखिमयुक्त र छरिएर रहेका वस्तीहरुको पहिचान गरी एकीकृत वस्ती बिकासका लागि उपयुक्त जग्गाको व्यवस्थापन सहितको सम्भाव्यता अध्ययन भै वस्तीहरुको स्थानान्तरण योजना निर्माण भएको हुनेछ।

**७.५ सिँचाई**

**विद्यमान अवस्था**

आधुनिक र व्यवसायिक कृषिको विस्तारका साथै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भरपर्दो सिँचाई सुविधा र सिँचाईको दीगो व्यवस्थापनको आवश्यकता पर्दछ। कृषि योग्य भूमिमा बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउने व्यवस्थाका लागि तीनै तहको सरकार बीच आपसी सामन्जस्यता र लगानीको खाँचो छ। सिँचाई पूर्वाधार निर्माणमा रणनीतिक महत्वका ठूला सिँचाई संघीय सरकारबाट, मझौला सिँचाई प्रदेश सरकारबाट र साना सिँचाई आयोजना स्थानीय सरकारको लगानीबाट निर्माण तथा व्यवस्थित गरिनु पर्दछ।

**दीगो एवं भरपर्दो सिँचाई सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान** भन्ने सोँच सहित पन्ध्रौ योजना अघि बढेको थियो। सोह्रौ योजनाले पूर्वाधार विकासलाई उत्पादन र उत्पादकत्व अभिवृद्धिसँग अन्तर आबद्धता गर्ने, सिँचाई पूर्वाधारको निर्माण विस्तार तथा स्तरोन्नति गर्ने जस्ता रुपान्तरणकारी राणनीति लिएको छ भने जलश्रोत संरक्षण तथा व्यवस्थापन कार्यक्रम, सिँचाई पूर्वाधार विकास कार्यक्रम, एकीकृत नदी वेसिनमा आधारित सिँचाई तथा जलश्रोत व्यवस्थापन जस्ता मुख्य कार्यक्रमहरु राखिएका छन्।

त्यसैगरी लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले **कृषियोग्य भूमिमा सिंचाइ सुविधा र पूर्वाधारः कृषि उत्पादन वृद्धिको मुख्य आधार** भन्ने दीर्घकाली सोँच सहित **कृषियोग्य भूमिमा दिगो सिंचाइ प्रणाली र पूर्वाधारको व्यवस्था गरी आर्थिक विकासमा योगदान पुऱ्याउने** लक्ष्य लिएको छ। यस योजनामा जलस्रोतको बहुउपयोग मार्फत सिंचाइ गर्ने, प्रादेशिक सिंचाइ प्रणालीको मर्मत सुधार तथा स्तरोन्नति गर्ने, भूमिगत सिंचाइ प्रणालीलाई उपयोग गर्ने, स्रोत गहिरो वा तल्लो

भागमा भएका स्थानमा लिफ्ट सिंचाइ प्रणाली अवलम्बन गर्ने, नयाँ सिंचाइ प्रविधिको प्रयोग गरी पानीको अधिकतम सदुपयोग गर्ने, अन्तरसरकार समन्वय तथा सहकार्य गर्ने, सिंचाइ विधि, प्रविधि र उचित प्रयोग सम्बन्धी चेतना अभिवृद्धि गर्ने रणनीति अंगिकार गरिएको छ।

यशोधरा गाउँपालिकाको कूल खेतीयोग्य जमिनको सिमित क्षेत्रफल करिव २०% जमिनमा मात्र हिउदमा सिंचाई सुविधा उपलब्ध छ। यस पालिका भित्र सिंचाईको श्रोतको रुपमा बाँणगंगा/जगदिशपुर ताल बाट बिस्तारित बाणगंगा सिंचाई योजना तथा यस पालिका भएर बग्ने जमुवार एवं मसहिया नाला  रहेका छन्। उल्लेखित सिंचाईका श्रोतहरु हिउँदमा पानी सुक्दै जाने भएकोले वडा नं ८ को पश्चिम भएर बग्ने बाणगंगाा नदिको पानी लिफ्ट गरी बाणगंगा सिंचाई योजना सिंचाई सुविधा उपलको नहर तथा यस पालिका भएर बग्ने जमुवार एवं मसहिया नालामा खसाली सिंचाई सुविधा उपलब्ध गराउन सकेमा उत्पादन तथा उत्पदकत्वमा बृद्धि गर्न सकिने देखिन्छ।

**अवसर र चुनौती**

**अवसर**

- सिँचाईयोग्य जमिनमा सिँचाईको उपयुक्त व्यवस्थापन गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने अवस्था रहेको।
- गाउँपालिका सिमाना हुदै बाह्रै महिना बगिरहने बाणगंगा लगायत पालिका भएर बग्ने जमुवार एवं मसहिया नाला  सिँचाईको श्रोतको रुपमा रहेको।
- प्रशस्त कृषियोग्य जमिन विद्यमान रहेको र कृषिमा आश्रित जनसंख्याको बाहुल्यता रहेको।

**चुनौती**

- हिउँदमा पानी कम हुँदा वर्षैभरी सिँचाई सुविधा उपलब्ध गराउने।
- जनसहभगितामा आधारित रही योजना सञ्चालन गर्ने।
- निर्माण भइसेकका योजनाहरुको प्रभावकारी व्यवस्थापन गर्ने।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच : सिँचाई प्रणालीको ब्यवस्थापनवाट उत्पादन र उत्पादकत्वमा वृद्धि।**

**लक्ष्य :** दीगो सिँचाई ब्यवस्थापन मार्फत कृषकहरुको आय स्तरमा वृद्धि गर्ने।

**उद्देश्यः** सिँचाई प्रणालीको व्यवस्थापनबाट कृषियोग्य जमिनमा सिँचाईको विस्तार गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने।

**रणनीति र कार्यनीति**

**उद्देश्यः सिँचाई प्रणालीको व्यवस्थापनबाट कृषियोग्य जमिनमा सिँचाईको विस्तार गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| • खेतीयोग्य जमिनमा सिँचाई सुविधाको विकास गर्दै सिँचाई प्रणालीको मर्मत सम्भार सहित दीगो व्यवस्थापन गर्ने। | • सिँचाईको सम्भावना भएको खेतीयोग्य जमिनमा क्रमश सिँचाई सुविधा विस्तार गरिनेछ।<br>• वैकल्पिक सिँचाई प्रणालीको सम्भाव्यता अध्ययन गरिनेछ। |

| | |
|---|---|
| | • उपभोक्ता समितिको दक्षता अभिवृद्धि गरी जिम्मेवार बनाइनेछ । |
| | • सिँचाईको सम्भावना भएको खेतीयोग्य जमिनमा क्रमश सिँचाई सुविधा विस्तार गरिनेछ ।<br>• वैकल्पिक सिँचाई प्रणालीको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>• उपभोक्ता समितिको दक्षता अभिवृद्धि गरी जिम्मेवार बनाइनेछ ।<br>• कृषि र सिँचाई कार्यक्रमलाई एकीकृत रुपमा संचालन गरिनेछ ।<br>• सञ्चालनमा आएका सिँचाई प्रणालीलाई नियमित मर्मत, सम्भार र दीगो व्यवस्थापनका लागि समुदाय र उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ । |

**प्रमुख कार्यक्रम**

- बाणगंगा लिफ्ट सिंचाई योजनाको DPR गरी कार्यान्वयन गर्ने । (गौरवको योजना-संघ तथा प्रदेश सरकारको समन्वयमा संचालन गरिने) ।
- वैकल्पिक सिँचाई प्रणाली सम्वन्धी अध्ययन  तथा कार्यान्वयन ।
- बिद्यमान अवस्थामा चालु रहेको बाणगंगा सिंचाईको नहरको बिस्तार तथा मर्मत सम्भार कार्यक्रम ।
- जमुवार एवं मसहिया नाला उभार कार्यकम-बिभिन्न स्थानहरुमा पक्की चेक ड्याम निर्माण गरी सिंचाईको व्यवस्था गर्ने । (दरखसवा र बसदिलवा बिच, पकडी दक्षिण र पुर्णिहवा उत्तर, परसोहीया पुल नगिच)
- सिँचाईको लागि कृषक समूहसंग साझेदारी कार्यक्रम ।
- एक बडा एक सिंचाई भरण पोखरी निर्माण, संरक्षण तथा संबर्द्धन ।
- बिभिन्न तालहरुको संरक्षण तथा सिंचाई व्यवस्थापन (रमवापुर ं ताल बार्ड नं ६, नखनिया ताल बार्ड न ८-बाँसखोर, डिङ्रिहवा ताल ८ र ७, तुलसिदेवा-मछेरीहवा ताल/बाँध बार्ड नं १)

**अपेक्षित उपलब्धी**

- ५ वर्ष भित्र गाउँपालिकाको थप ३०% खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुगेको हुनेछ ।
- वैकल्पिक सिँचाई प्रणालीको अध्ययन अनुसन्धान भएको हुनेछ ।
- निर्माण सम्पन्न भएका सिँचाई नहरको मर्मत, सम्भार लगायत सम्पूर्ण व्यवस्थापनका लागि सम्बन्धित उपभोक्ता समितिहरु सशक्त रुपले परिचालन भएका हुनेछन् ।
- उपभोक्ता समिति लगायत सरोकारवालालाई आवश्यक तालिम र प्रविधिबाट प्रशिक्षित गरिएको हुनेछ ।
- कृषि र सिँचाई कार्यक्रमको कार्यान्वयन एकीकृत रुपमा संचालन भएको हुनेछ ।

# परिच्छेद-८

# वन, वातावरण संरक्षण एवं विपद् व्यवस्थापन

## ७.१ वन विकास तथा वातावरण संरक्षण

### ७.१.१ वन विकास

**विद्यमान अवस्था**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार व्यवस्थापनलाई समेट्ने वन क्षेत्र हाम्रो महत्वपूर्ण प्राकृतिक सम्पदा हो । काठ, दाउरा, जडिबुटी, हरित उद्यम तथा पर्या-पर्यटन समृद्धिको आधार भएकोले यस्तो महत्वपूर्ण प्राकृतिक श्रोत व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता, पहूँच र न्यायोचित वितरण आजका आवश्यकता हुन् ।

सोह्रौं योजनाले वन क्षेत्रको दीगो र सहभागितामूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन र दीगो विकासलाई महत्व दिएको छ। त्यसैगरी रोजगारी र आय आर्जन हुने गरी वनको दीगो व्यवस्थापन भन्ने सोँच र वन पैदावारहरुको समुचित प्रयोगबाट रोजगारी र आय आर्जनमा वृद्धि गर्ने लक्ष्य लुम्बिनी प्रदेश सरकारको आवधिक योजनाले लिएको छ ।

वन संरक्षण र प्रवर्द्धन गरी अन्तर्राष्ट्रिय रुपमा नेपालले गरेको प्रतिबद्धता र वन तथा वनजन्य सम्पदाहरुबाट आय आर्जन गरी समृद्धि ल्याउने राष्ट्रिय लक्ष्य प्राप्तीको लागि हरक स्थानीय तहले कबुलियति वन, निजि वन र सामुदायिक वनको विकास, संरक्षण र सम्वर्द्धन गर्न जरुरी छ। वन अत्यन्त महत्वपूर्ण प्राकृतिक श्रोत हो । आजसम्म पनि वनबाट उपलब्ध उर्जाले सम्पूर्ण खपत उर्जाको ७५% स्थान ओगटेको छ। कृषि, पशुपालन, सिँचाई र कैयन वनमा आधारित उद्योगहरुका लागि वनको विकास, संरक्षण र प्रवर्द्धन अपरिहार्य छ । वनको विकासमा उचित व्यवस्थापन गर्न सके पर्या-पर्यटनमा टेवा पुगी आय आर्जन गर्न सकिन्छ ।

नेपालले वन विकास र यसको संरक्षण र प्रवर्द्धनका लागि सन् २०१५ लाई आधार वर्ष मानेर सन् २०३० सम्म ३% जंगल क्षेत्र वृद्धि गर्ने प्रतिबद्धता गर्दै संयुक्त राष्ट्र संघ सामु हस्ताक्षर गरेको छ। वन क्षेत्रको उचित व्यवस्थापन र वितरण सम्बन्धी नीतिगत/कानूनी समस्याले गर्दा हाल नेपालमा मलेसिया, इन्डोनेसिया, वर्मा, भियतनाम, न्यूजीलैंड, डेनमार्क, अफ्रिका र अष्ट्रेलियाबाट अरबौंका काठहरु आयात भइरहेकोले राष्ट्रको धन विदेशिएको अवस्था छ ।

यशोधरा गाउँपालिकाको भु उपागोग अवस्था विस्लेषण गर्दा वन क्षेत्र यस गाउँपालिकामा रहेको देखिदैन । गाउँपालिका क्षेत्रभित्र सामुदायिक बन नरहेता पनि गाउँबासिहरुलाई आवश्यक पर्ने काठ, दाउराको व्यवस्थापन तिलौराकोट सामुदायिक बनबाट हुदै आएको तथा उक्त बन उपभोक्तामा यशोधराबासीहरुको प्रतिनिधित्व हुने व्यवस्था मिलाईएको छ। वन क्षेत्र नभएता पनि निजी वनको विकास गर्नुका सार्थ सार्वजनि स्थल, खालि क्षेत्रहरुमा वृक्षारोपण गरि हरियाली कायम गर्न सकिने प्रसस्त संभावना छ। यसैगरी उद्योगजन्य विरुवाहरु निजि जमिनमा लगाई रोजगारी र आय आर्जन गर्न सकिने संभावना पनि रहेको छ । २०७८ को राष्ट्रिय जनगणना अनुसार २६.४ प्रतिशत जनसंख्याले खाना पकाउने ईन्धनको रुपमा काठ दाउराको प्रयोग गरेवाट वन जंगल नभएता पनि रुख विरुवा, झाडी र कृषि जन्य विरुवाहरुवाट काठ दाउराको उपयोग गरिएको छ भन्ने अनुमान गर्न सकिन्छ। यस गा.पा.मा सार्वजकि उपयोगको क्षेत्र ०.८० वगा.कि.मि.र नदी, ताल, खोला र सिमसार क्षेत्र १.९४ वर्ग.कि.मि रहेको छ। यि यस क्षेत्रहरुमा वोट विरुवाहरुले हरियाली वढाउने र स्वच्छ वातावरण कायम गर्ने संभावना रहेको छ ।

**संभावना र अवसर**

- वनजन्य उत्पादनमा आधारीत उद्यम स्थापना गरी रोजगारी र आय आर्जन गर्न सकिने ।
- वृक्षारोपण वनको माध्यमबाट बाढी, भू-क्षय रोकथाम गरी वातावरणलाई संरक्षण गर्न सकिने ।
- यस पालिकाको धेरै क्षेत्रमा जस्तै नदि किनार, पोखरीको बरीपरी र खोलका किनारहरु, तथा खाली भू-भागमा वृक्षारोपण रुखहरु हुर्काउन सकिने ।
- निजि वन विकास गर्न सकिने ।

**समस्या र चुनौती**

- वृक्षारोपण गर्ने
- वृक्षारोपणमा जन सहभागिता

**दीर्घकालीन सोँचः-** हरियो पन; यशोधराको धन ।

**लक्ष्यः-** वन क्षेत्रको संरक्षण र प्रवर्द्धन गरी आय आर्जनको दीगो श्रोत बनाउने ।

**उद्देश्यः-** वन क्षेत्रलाई आय आर्जनको प्रमुख श्रोतको रुपमा विकास गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य : वन क्षेत्रलाई आय आर्जनको प्रमुख श्रोतको रुपमा विकास गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • सार्वजनिक खाली जग्गामा वृक्षारोपण गर्ने । | • प्रत्येक वडामा सार्वजनिक खाली जग्गा वृक्षारोपण गरी वन र हरियाली क्षेत्र विस्तार गरिनेछ ।<br>• सडक तथा कुलोको दायाँवायाा, पोखरीहरु, खोला किनार, विद्यालय, स्वास्थ्य तथा अन्य सार्वजनिक स्थानमा वृक्षारोपण गरी हरियाली कायम गरिनेछ ।<br>• स्थानीय स्तरमा नर्सरी स्थापना व्यवस्थापन गरी खाली सार्वजनिक तथा निजी जग्गामा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।<br>• वृक्षारोपण, हरियाली र वनमा आधारित उद्यम प्रवर्द्धन र विकासका लागि संघ तथा प्रदेश सरकारका सम्बन्धित कार्यालयसँग समन्वय र सहकार्यमा अभिबृद्धि गरिनेछ । |
| • वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम संचालन गरी रोजगारी र आम्दानीको श्रोत बृद्धि गर्ने । | • सार्वजनिक तथा निजी जग्गामा वन प्रजातीको व्यवसायिक खेती प्रवर्द्धन र विस्तार गरिनेछ ।<br>• बन कार्यालय संगको सहकार्यमा गाउँपालिका क्षेत्रमा वहुउद्देश्यीय वन नर्सरी स्थापना गरी विरुवा उत्पादन र वितरणमा सहज बनाइनेछ । |

**प्रमुख कार्यक्रमहरु**

- नर्सरी निर्माण कार्यक्रम
- निजी जग्गामा वृक्षारोपण गर्ने व्यक्ति तथा समूहलाई प्रोत्साहन कार्यक्रम ।

- खाली चउर, पोखरीहरु, सडको किनार, सार्वजनिक स्थलहरु र बुट्यान क्षेत्रमा वृक्षारोपण कार्यक्रम ।
- एक वडा ३ एक रिचार्ज पोखरी कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- काठजन्य वस्तु र वन्यजन्यमा आधारित उद्योगबाट उत्पादन र उत्पादकत्वमा वृद्धि भई आय आर्जन हुनेछ ।
- वनको दीगो व्यवस्थापन र जडिबुटी जस्ता वन्यजन्य उत्पादनबाट रोजगारी सिर्जना भई गरिबी न्यूनीकरणमा सघाउ पुग्नेछ ।
- हरियाली क्षेत्रको विस्तार भई पर्यावरणीय सन्तुलन र पर्या-पर्यटनलाई टेवा पुगेको हुनेछ ।

### ७.१.२ वातावरण संरक्षण

**विद्यमान अवस्था**

प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक संविधानमा व्यवस्थित रहेको छ । वातावरण संरक्षण गर्ने कार्य तीनै तहका सरकारको जिम्मेवारी भित्र पर्ने भएकोले यसको उचित व्यवस्थापन पनि प्राथमिकताका साथ गरिनु पर्दछ । वातावरण संरक्षणमा जनचेतना अभिवृद्धि, फोहरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन गर्ने कार्यका लागि विशेष योजना सहित व्यापक जनपरिचालनको त्यतिकै आवश्यकता हुन्छ । वातावरण व्यवस्थापन बहु-आयामिक विषय भएकोले यसमा विभिन्न क्षेत्रको सहयोग र सहकार्य जरुरी हुन्छ । सोह्रौं योजनाले सफा, स्वच्छ र हरित वातावरण भन्ने सोँच र प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने विषयलाई प्राथमिकता दिएको छ । त्यसैगरी भू-स्खलन नियन्त्रण र भू-संरक्षण कायम गर्दै वातावरणीय सन्तुलन कायम गर्ने प्रमुख उद्देश्य सहित हरियाली प्रवर्द्धन गर्ने, नदी तटको उचित व्यवस्थापन गर्ने, नाङ्गा डाँडाहरुमा वृक्षारोपण गर्ने, डढेलो नियन्त्रणका लागि अग्नी रेखा निर्माण गर्ने, चरन क्षेत्रको संरक्षण गर्ने जस्ता कार्यनीतिहरु लुम्बिनी प्रदेश सरकारको आवधिक योजनामा निर्दिष्ट गरिएका छन् । दीगो विकास लक्ष्य नं.६ ले सबै नागरिकलाई सफा र स्वच्छ पिउने पानी उपलब्ध गराउने र लक्ष्य नं.१५ ले वनको दीगो व्यवस्थापन गर्ने, मरुभूमिकरणको विरुद्ध संघर्ष गर्ने र जैविक विविधतामा हानी हुन नदिने विषयहरुलाई प्राथमिकीकरण गरेको छ ।

वातावरण संरक्षणको मूल आधार वन विकास हो । पानीको श्रोत वन हो । वनको संरक्षण गर्न नसक्दा भू-स्खलन हुने, पानीको मूलहरु सुक्ने, जैविक विविधतामा ह्रास हुने गर्दछ । वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन अन्योन्याश्रित छन् । फोहरमैलाको उचित व्यवस्थापनबाट प्रदुषण नियन्त्रण गर्न सकिन्छ । सड्ने र नसड्ने फोहरलाई श्रोतमै वर्गीकरण गरी सड्ने फोहरलाई प्राङ्गारिक मलको रुपमा कृषि कार्यमा पुन:प्रयोग गर्न सकिन्छ भने नसड्ने फोहरलाई पुनचक्रीय विधिबाट पुनर्प्रयोग गर्न सकिन्छ । फोहरमैलाको उचित व्यवस्थापनका लागि जनचेतना अभिवृद्धिका साथै व्यापक रुपमा जनपरिचालन गर्न अपरिहार्य छ । स्वच्छ, स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको हकलाई प्रत्याभूत गर्न साझा प्रतिबद्धता, मानव वस्तीबाट निस्कने फोहरको उचित व्यवस्थापन, प्लाष्टिकजन्य फोहरको नियन्त्रण र व्यवस्थापन, प्रदुषण गर्नेबाट उचित दायित्व बहन जस्ता पक्षहरुमा ध्यान जान जरुरी छ ।

स्वच्छ, सफा वातावरण कायम गरी जनताको जीवन स्वस्थ बनाई सक्रीय, क्रियाशील र सिर्जनशील नागरिक तयार गर्न ग्रामीण क्षेत्र, साना बजार क्षेत्र र शहर उन्मुख क्षेत्रहरुमा पनि फोहरमैला व्यवस्थापन गर्न जरुरी छ । सङ्क्रामक महामारी हुन नदिन ठोस तथा तरल फोहरलाई व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

यशोधरा गाउँपालिकामा वनक्षेत्रको भुभाग रहेको देखिदैन । अधिकांश क्षेत्र कृषि क्षेत्र रहेको अवस्था छ । बाँकी क्षेत्रमा घाँसे मैदान, पोखरी, खोला नाला र नाङ्गा डाँडाहरु छन् । २०७८ को राष्ट्रिय जनगणना अनुसार यस गा.पा.को २६.४ प्रतिशत जनसंख्याले खाना पकाउने ईन्धनको रुपमा काठ दाउराको प्रयोग गरेवाट वन जंगल नभएता पनि रुख विरुवा, झाडी र कृषि जन्य विरुवाहरुवाट काठ दाउराको उपयोग गरिएको छ भन्ने अनुमान गर्न सकिन्छ । यि वोट विरुवाहरुले गा.पा.मा हरियाली वनाउने र स्वच्छ वातावरण कायम गर्न सहयोग गरेको छ । वर्तमान अवस्थामा यशोधरा गाउँपालिकाको फोहरमैलाको प्रदुषण त्यति ठूलो चुनौतीको रुपमा त छैन, तैपनि घनावस्ती र स-साना बजार क्षेत्रमा फोहरमैलाको उचित व्यवस्थापन तथा ढल निकासको व्यवस्थित विकास हुन सकिएको छैन । बजार क्षेत्र, वजा क्षेत्रमा अवस्थित सडकहरु तथा विभिन्न मठ-मन्दिर, मस्जिद तथा साँस्कृतिक स्थलहरुमा फ्याकिने सीशा र प्लास्टिकका बोतलहरु र अन्य थुप्रै प्लाष्टिकजन्य वस्तुहरुको व्यवस्थापन गर्न र नियमन गर्न सकिएको छैन । गाउँ पार्श्व चित्र विवरण अनुसार गा.पा.का गाउँ वस्तिहरुमा फोहोरहरु खोला खोल्साका होचा भागमा फाल्ने प्रवृति रहेको छ । यसले जमिन सतहको पानी र जमिन मुनिको पानीलाई दुषित गर्ने गरेको छ । मानिसको भेला हुने सार्वजनिक स्थानमा आवश्यकता अनुसार सार्वजनिक शौचालयहरु निर्माण र व्यवस्थापन गर्न सकिएको छैन । गाउँपालिकालाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिएता पनि ३० प्रतिशत घरधुरी अझैपनि खुल्ला ठाउँमा दिसापिसाव गर्ने गरेको सुचना वडा स्तरीय छलफलवाट आएको छ ।

बजार केन्द्रहरुको विस्तार र विभिन्न आर्थिक गतिविधिहरुको विस्तारबाट उत्सर्जन हुने फोहरमैलाको उचित व्यवस्थापनका लागि उपयुक्त स्थानमा लैण्डफिल्ड साइट तोकी व्यवस्थापन हुन आवश्यक छ । स्वस्थ, स्वच्छ वातावरण सहितको सभ्य, सुसंस्कृत यशोधरा जनताको परिचय दिन पनि वातावरण संरक्षण र फोहरमैलाको उचित व्यवस्थापन गरिनु पर्दछ ।

**संभावना र अवसर**

- सार्वजनिक खुल्ला स्थल र सडक, बाटोको छेउँमा वृक्षारोपण गर्दा प्रदुषण कम भै स्वच्छ वातावरण कायम राख्न सकिने ।
- आयोजना सञ्चालन गर्नुपूर्व वातावरणीय प्रभावको मूल्यांकन गरी त्यसको प्रतिवेदन कार्यान्वयनबाट वातावरण सन्तुलनको दीगो व्यवस्थापन हुन सक्ने ।
- सड्ने खालका फोहरबाट अर्गानिक मल उत्पादन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाउन सकिने ।
- मानव वस्तीबाट टाढाको अनुत्पादक स्थानमा फोहरको अन्तिम विसर्जन स्थल बनाउन सकिने ।

**समस्या र चुनौती**

- वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनमा जनचेतनाको विकास गर्ने ।
- प्लाष्टिकजन्य पदार्थको अत्याधिक प्रयोगलाई नियन्त्रण र व्यवस्थापन गर्ने ।
- सार्वजनिक स्थलमा निर्माण हुने शौचालयको उचित व्यवस्थापन गर्ने ।
- खेतमा डडेलो लगाउने समस्या ।

**दीर्घकालीन सौंच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सौंच :- "यशोधराको सान; स्वच्छ, सफा तथा बातावरण मैत्री विकासको अभियान" ।**

**लक्ष्य :-** यशोधराको स्वच्छ, स्वास्थ र सुरक्षित वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने ।

**उद्देश्य :-** वातावरण संरक्षण र विकास व्यवस्थापनलाई आन्तरिकीकरण गर्ने

**रणनीति र कार्यनीति**

| **उद्देश्य : वातावरण संरक्षण र विकास व्यवस्थापनलाई आन्तरिकीकरण गर्ने** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • वातावरण संरक्षण मापदण्ड बमोजिम प्रदुषण न्यूनीकरण गरी स्वस्थ नागरिक मार्फत आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक परिणाम प्राप्त गर्ने । | • भू-उपयोग नीति/योजना कार्यान्वयन गरी सो अनुसार भूमिको उपयोग गरिनेछ ।<br>• वातावरण नीति र वन तथा वातावरण सम्बन्धी आवश्यक कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।<br>• चउर, नदी र खोलाको किनार, मोटर बाटोको छेउ, नदी-कटान क्षेत्रमा आकर्षक विरुवाहरु रोपी हरियाली प्रवर्द्धन गरिनेछ ।<br>• विद्युत, बायोग्यास, सोलार, सुधारिएको चुल्लो जस्ता उर्जाको प्रयोग, प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामाग्रीको प्रयोग, जलवायु परिवर्तन र विपद् उत्थानशिल प्रयासहरुलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरिनेछ ।<br>• वातावरण व्यवस्थापन सम्बन्धी नीति तथा कानून बारे निर्वाचित जनप्रतिनिधि, कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति, उद्यमी र व्यवसायी तथा स्थानीय समुदाय अभिमुखीकरण तथा सचेतना अभिबृद्धि गरिनेछ ।<br>• विषादीको प्रयोगलाई न्यूनीकरण गरिनेछ । |
| • दीगो रुपमा फोहरमैलाको व्यवस्थापनबाट स्वच्छ, सफा वातावरण निर्माण गर्ने । | • जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ ।<br>• फोहरमैला व्यवस्थापन नीति निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>• फोहरमैला व्यवस्थापन समितिको गठन गरी क्रियाशील बनाइनेछ ।<br>• कुहिने र नकुहिने फोहोरमैला छुट्याई कुहिने फोहोरबाट कम्पोष्ट मल र नकुहिने फोहोरको पुन:प्रयोग, प्रशोधन र खाडलमा व्यवस्थापन गरिनेछ ।<br>• टोल विकास संस्थाहरुको गठन गरी फोहरमैला व्यवस्थापनमा परिचालन गरिनेछ ।<br>• वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनमा जनचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• भविष्यका लागि उपयुक्त स्थानमा ल्याण्ड फिल्ड साइटको अध्ययन गरिनेछ<br>• प्रदूषणका (माटो, वायु, जल आदि) तथा यसको रोकथाम र व्यवस्थापन) उपायबारे स्थानीय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- फोहरमैला व्यवस्थापन नीति तर्जुमा ।
- प्लास्टिकजन्य वस्तुहरूको प्रयोग न्यूनीकरण कार्यक्रम ।
- वातावरण संरक्षण एवं फोहरमैला व्यवस्थापन सम्वन्धी सचेतना कार्यक्रम ।
- फोहरमैला संकलन केन्द्र व्यवस्थापन कार्यक्रम ।
- ल्याण्ड फिल्ड साइट अध्ययन कार्यक्रम ।
- निरन्तर सरसफाई अभियान कार्यक्रम ।
- खेतमा लगाईने डडेलो नियन्त्रण तथा जनचेतना कार्यक्रम

**अपेक्षित उपलब्धी**

- स्वच्छ, सफा र प्रदुषण रहित वातावरण कायम भएको हुनेछ ।
- प्लाष्टिकजन्य पदार्थको प्रयोग तथा यत्रतत्र फ्याँक्ने प्रवृत्तिमा उल्लेख्य रुपमा कमी आएको हुनेछ ।
- फोहरमैलाको अन्तिम विसर्जन स्थलको अध्ययन भएको हुनेछ ।

## ७.२ जैविक विविधता

**विद्यमान अवस्था**

जैविक विविधताको दृष्टिले हाम्रो देश सम्पन्न छ । विभिन्न संरक्षित क्षेत्र, बिबिध महत्वका सीमसार क्षेत्र, सामुदायिक वन क्षेत्र र निजी खेतवारीमा रहेका लाखौ वन तथा कृषि वन क्षेत्रबाट जैविक विविधताको संरक्षण भैरहेको छ । यशोधरा गा.पा. तराईको समथर भागमा रहेको र यहां वन जंगल क्षेत्र नभएको हुनाले जैविक विविधता पुर्ण पालिका रहेको छैन । तथापी यहांका २० भन्दा वढी पोखरी र ताल तलैया, ३ वटा प्रमुख सिंचाई आयोजना, वाण गंगा खोला लगायत पानीका स्रोत हरुका कारण तराई क्षेत्रमा हुने विभिन्न चरा चुरुङ्गी, जिवजन्तुहरु र वनस्पतिहरु रहेका छन् । यस्ता जैविक सम्पतिहरुको पालिकास्तरवाट संरक्षण र विकास गरिनु आवस्यक छ ।

**संभावना र अवसर**

- चराचुरुङ्गीहरु, विभिन्न प्रजातीका वन वनस्पतीको संरक्षण र प्रवर्द्धन गरी लाभ प्राप्त गर्न सकिने ।
- जैविक विविधताको संरक्षणबाट वातावरण संरक्षण तथा आय आर्जनमा सहयोग पुग्ने ।
- पर्या-पर्यटनलाई प्रवर्द्धन गरी आयआर्जन गर्न सकिने ।

**समस्या र चुनौती**

- जलाधार क्षेत्रको योजनाबद्ध संरक्षण र प्रवर्द्धन गर्ने ।
- सुक्दै गरेका मूलहरुको पुर्नस्थापना गर्ने ।
- सिंचाई वोरिङ्को कारण पानीको सतह तल गईरहेको ।
- छाडा तथा वन्यजन्तुबाट हुने बालीनालीको हानी नोक्सानी नियन्त्रण गर्ने ।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच :- वातावरण सन्तुलनका लागि जैविक विविधताको संरक्षण तथा संवर्द्धन ।**

**लक्ष्य :-** जैविक विविधिताको संरक्षण गरी वातावरण सन्तुलन कायम गर्ने ।

**उद्देश्य :-** जैविक विविधताको संरक्षण र प्रवर्द्धनबाट यशोधरावासीहरुलाई समुचित लाभ पुऱ्याउने ।

**रणनीति र कार्यनीति**

| उद्देश्य : जैविक विविधताको संरक्षण र प्रवर्द्धनबाट यशोधरावसीहरुलाई समुचित लाभ पुऱ्याउने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • नदि, पोखरी, खोला आसपासमा विभिन्न वनस्पति, विभिन्न प्रजातीका चराचुरुङ्गी तथा वन्यजन्तुको सुरक्षित आश्रय स्थल बनाउने र संरक्षण गर्ने । | • जैविक विविधता झल्काउने वनस्पती उद्यानको निर्माण गरिनेछ ।<br>• सवै वडाहरुमा पोखरीहरु निर्माण गरी पशुपंक्षीमैत्री तथा हरियाली प्रवर्द्धन गरिनेछ ।<br>• जैविक विविधताको संरक्षण गर्न जनचेतना अभिवृद्धि गरिनेछ ।<br>• जैविक विविधताको संरक्षण गर्न नीति, कार्यविधि बनाई कार्यान्वयन गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

- विद्यमान पोखरी, ताल तथा मूल संरक्षण कार्यक्रम (सबै वडा) ।
- विद्यमान चराचुरुङ्गी, वन्यजन्तु, वन वनस्पतीको अभिलेखीकरण तथा अध्ययन, अनुसन्धान कार्यक्रम
- जैविक विविधता संरक्षणका लागि कार्यविधि निर्माण ।
- जैविक विविधता झल्काउने वनस्पति उद्यान निर्माण कार्यक्रम ।
- जैविक विविधता संरक्षण र प्रवर्द्धनका लागि जनचेतना कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- विद्यमान वन्यजन्तु र चराचुरुङ्गी, वनस्पतीको अभिलेखीकरण भएको हुनेछ ।
- जैविक विविधताको उपयोग गरी पर्या-पर्यटनको पूर्वाधार निर्माण भएको हुनेछ ।

### ७.३ पार्क तथा खुल्ला क्षेत्र

**विद्यमान अवस्था**

पोखरी, तलाउ, खुला चउर, पार्क तथा पिकनीक स्थल बालबालिका, युवा तथा जेष्ठ नागरिकका लागि खाली समय व्यतित गर्ने, मनोरञ्जन गर्ने सामाजिक मिलन केन्द्रहरु हुन् । पार्क तथा यस्ता खुला क्षेत्रहरु आकर्षक बनाउन सके वातावरण सन्तुलनमा सघाउ पुग्नुका साथै पर्यटकहरुको मनोरञ्जन गर्ने स्थल भई उनीहरुको यस तर्फ आकर्षण हुन सक्दछ । यसको अतिरिक्त प्राकृतिक प्रकोपको बेला यस्ता क्षेत्रहरु तत्कालका लागि मानवीय आश्रय स्थलको रुपमा प्रयोगमा ल्याइने सकिने हुँदा योजनामा यस्ता क्षेत्रको महत्व हुनु स्वभाविकै हो ।

यशोधरा गाउँपालिकामा रहेका मैदान तथा बुट्यान क्षेत्रमा पोखरी, चौतारी, पार्क र पिकनिक स्थलहरु निर्माण गरि बालबालिका, युवा, जेष्ठ नागरिक र पर्यटकहरुका लागि यस्ता स्थानहरु मनोरञ्जनका केन्द्र हुन सक्दछन् । यसका साथै यस्ता पार्कहरु र खुला क्षेत्र प्रकोपको बेला मानवीय क्षति हुनबाट बचाउने आश्रय स्थलमा प्रयोग हुनुका साथै वातावरण सन्तुलनमा समेत कामयावी हुन सक्दछन् ।

**संभावना र अवसर**

- खाली चउर, पोखरी /भू-भागमा पार्क तथा मनोरञ्जन क्षेत्र/केन्द्र निर्माण गर्न सकिने ।
- विपद्को समयमा आश्रय स्थल बनाउन सकिने ।
- पर्यटन प्रवर्द्धन गर्न सकिने ।

**समस्या र चुनौती**

- खुल्ला क्षेत्र अतिक्रमणलाई नियन्त्रण गर्ने ।
- व्यवस्थित पार्क निर्माणका लागि आवश्यक श्रोत व्यवस्थापन गर्ने ।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच :- आकर्षक पार्क; मनोरञ्जन तथा पर्यटनको पूर्वाधार ।**

**लक्ष्य**-सुन्दर पार्क तथा खुला मैदानको व्यवस्थापनबाट मनोरम वातावरण कायम गर्ने ।

**उद्देश्य :- यशोधरालाई वातावरण मैत्री मनोरम केन्द्रको रुपमा विकास गर्ने ।**

**रणनीति र कार्यनीति**

| **उद्देश्य : यशोधरा गा.पा. वातावरण मैत्री मनोरम केन्द्रको रुपमा विकास गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • पार्क तथा खुला क्षेत्रको निर्माण तथा व्यवस्थापन गरी वस्तीलाई मनोरम बनाउने र आपत्कालीन अवस्थामा आश्रय केन्द्रको रुपमा स्थापित गर्ने । | • प्रत्येक वडामा कम्तिमा एक वडा एक पार्क निर्माणको नीति लिइनेछ ।<br>• पिकनिक स्थलहरुको छनौट गरी निर्माण तथा व्यवस्थापन गरिनेछ ।<br>• सुन्दर पार्क र पिकनिक स्थलहरुमा फोहर तथा प्रदुषण हुन नदिन युवा क्लब तथा आमा समूहहरु परिचालन गरिनेछ ।<br>• प्राकृतिक प्रकोपको बेला मानवीय क्षति कम गराउन र तत्काल उद्धारको लागि खुला चउर व्यवस्थित गरी उपयोगमा ल्याइने छ ।<br>• खुला क्षेत्रको संरक्षण गर्न जग्गा संरक्षण नीति/कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• पुराना चौतारीहरुको संरक्षण गर्दै नयाँ चौतारी निर्माण गरी सीतल छहारी दिने वर, पिपल र स्वामी जस्ता वृक्षहरु रोपण गर्न सामुदायिक संघ संस्थाहरु परिचालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- एक वडा एक पार्क निर्माण कार्यक्रम ।
- मन्दिर र मस्जिद परिसरमा आकर्षक उद्यान निर्माण ।
- पिकनिक स्थलहरुको पुर्वाधार निर्माण र सञ्चालन
- खुला चउर व्यवस्थापन कार्यक्रम-सबै वडा
- पुराना चौतारीहरुको संरक्षण तथा स्तरोन्नती कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- पालिकाको सबै वडामा पार्कहरु निर्माण भएको हुनेछ ।
- पुराना चौतारीहरुको संरक्षण र केही नयाँ चौतारीहरु निर्माण भएको हुनेछ ।
- खुला क्षेत्रहरुको खोजी र संरक्षण भएको हुनेछ ।
- मनोरञ्जनको लागि पिकनिक स्थलहरु निर्माण भई प्रयोगमा आएको हुनेछ ।

**७.४ सीमसार तथा जलाधार क्षेत्र**

**विद्यमान अवस्था**

जैविक विविधता कायम गर्न र वातावरण सन्तुलित बनाउन सीमसार तथा जलाधर क्षेत्रको संरक्षण गर्नुपर्दछ । हाम्रो देशमा सीमसार संरक्षण, नदी किनार संरक्षण, क्षतिग्रस्त भूमिको पुनर्स्थापन, पानीको मुहान संरक्षण जस्ता कार्यहरु मार्फत जलाधार व्यवस्थापनमा टेवा पुगिरहेको अवस्था छ । यस क्षेत्रको संरक्षण र प्रवर्द्धनबाट वातावरण सन्तुलनका साथै पर्या-पर्यटनमा समेत टेवा पुग्दछ । यशोधरा गाउँपालिकामा पानीका श्रोतहरु सिमित मात्रामा रहेका छन् । उपलब्ध श्रोतहरुबाट यस गाउँपालिकाका स्थानीय जनतालाई पिउने पानी, पशुपालन र सिंचाईको सुविधा उपलब्ध भएको छ । हालसम्म खानेपानी पानी टैङ्की को प्रयोग भएको छैन । यहाँका जलाधार क्षेत्रको उचित संरक्षण र प्रवर्द्धन गरी जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

यशोधरा गाउँपालिकामा मुख्य ताल र पोखरीको संख्या ३० रहेको छ । गा.पा.को वडा नं १ मा रहेका पोखरीहरुमा क्रमशः परिनहवा, परिहवा, तितिर्खा, राजवापुर, स्कूल पोखरी र  तालमा चमरवनिय ताल रहेका छन् । वडा नं २ मा कालीभाई थान पोखरी, वडा नं ३ मा वसन्तपुर पोखरी, वडा कार्यालय पोखरी, लौहरौली पोखरी, हररेवा कोटको पोखरी, वडा नं ४ मा सेमरी, अहलोहना, परसोहिया पोखरीहरु रहेक छन् । यसैगरि वडा नं ५ मा सुठौली पोखरी, मुडिया पोखरी, र नदवा पोखरी, वडा नं ६ मा रमवापुर , पर्निहवा, रंगपुर, पुनिहवा ताल, रमवापुर ताल, वडा नं ७ मा सोमडिह, सुल्तनापुर, मर्यादापुर, कोपवा, डिडरहिया, वडा नं ८ मा वासरवोर, मन्धुरगरा र नोरवरिया पोखरीहरु रहेका छन् । यस गा.पा.मा ३ वटा मुख्य सिंचाई योजनाहरुले जलाधार क्षेत्रको रुपमा केहि हदसम्म काम गरेका छन् । यि योजनाहरु क्रमशः ईटहवा सिंचाई प्रणाली, रंगपुर पन्ड सिंचाई योजना र मुडिला सिंचाई योजना रहेका छन् । यि क्षेत्रमा चराचुरुङ्गी र जिवजस्तुहरुले पानी खान आउने र आसपासमा रुख विरवा र झाडीमा वास वस्ने गरेको पाईन्छ । यस गा.पा.मा नदी, नाला, ताल र मिमसार क्षेत्रत्रफल १.९८ वर्ग.कि.मि रहेको छ । यि जलाधार क्षेत्रहरुको संरक्षण र विकास गर्नु आवश्यक छ ।

**संभावना र अवसर**

- सिमसार क्षेत्र र पोखरीको संरक्षणबाट थुप्रै प्रजातीका जीवजन्तुको बसाइसराई र लुप्तता रोक्न सकिने ।
- पानीका मूल फुटाउन सहयोग पुर्‍याउने प्रजातीका रुखहरु रोपी मूललाई प्रवर्द्धन गर्न सकिने ।
- पर्यावरणीय सन्तुनल कायम गर्न सकिने ।

**समस्या र चुनौती**

- जलवायु परिवर्तनमा अनुकूलन कायम गर्ने ।
- जलाधार क्षेत्रका सार्वजनिक क्षेत्र अतिक्रमबाट जोगाउने ।

  जमिनको पानीको सतह स्थिर राख्ने ।

**दीर्घकालीन सौंच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सौंच :- संरक्षित मूल, जलाधार; जलवायु अनुकूलनको आधार ।**

**लक्ष्य :-**जलाधार क्षेत्रको दीगो रुपमा संरक्षण गरी वातावरण सन्तुलन कायम गर्ने ।

**उद्देश्य :-**सीमसार तथा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी पानीका श्रोतहरुको दीगो रुपमा प्रवर्द्धन गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य : जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी पानीका श्रोतहरुको दीगो रुपमा प्रवर्द्धन गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • वातावरणमैत्री जलाधार क्षेत्र संरक्षण गरी पारिस्थितिक प्रणाली (Eco-system) मा सन्तुलन कायम गर्दै यस्ता श्रोतको समुचित उपयोग गर्ने । | • विद्यमान जलाधार तथा सीमसार क्षेत्रमा पानीका मूल संरक्षण गर्न वृक्षारोपण गरिनेछ ।<br>• विकास निर्माणको काम गर्दा वातावरण प्रभाव मूल्यांकन प्रतिवेदनलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।<br>• भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रुपमा एकीकृत गरी भौतिक विकास र संरचना निर्माणको कार्य संचालन गरिनेछ ।<br>• सडक तथा कुलोको दायाँबायाँ, खोला किनारमा बायोइञ्जिनियरिङ्ग प्रविधि प्रवर्द्धन गरी सडक, पुल, कुलो र बाँधको दिगो संरक्षणको व्यवस्था गरिनेछ ।<br>• भूसंरक्षण, हरियाली तथा जलश्रोत व्यवस्थापन बारे समुदायमा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरीनेछ ।<br>• विभिन्न स्थानमा वासस्थान बनाएका विभिन्न प्रजातीका जीवजन्तु र चराचुरुङ्गीहरुलाई प्रयाप्त पानी पुग्ने गरी पोखरीहरु निर्माण गरिनेछ ।<br>• सीमसार तथा जलाधार क्षेत्रको संरक्षणमा सामुदायिक वन तथा संघ संस्थाहरु ( तिलौराकोट सामुदयिक वन) परिचालन गरिनेछ ।<br>• पोखरीहरुमा आकाशे पानीको संकलन गरी संरक्षण गरिने छ । |

**प्रमुख कार्यक्रमहरु**

- जलाधार क्षेत्र संरक्षण कार्यक्रम -सबै वडा
- पोखरी संरक्षण तथा प्रवर्द्धन कार्यक्रम-सबै वडा
- पानीका मूल भएको स्थानमा वृक्षारोपण-सबै वडा

**अपेक्षित उपलब्धी**

- योजना पश्चात यशोधरा गाउँपालिका क्षेत्रका जलाधार क्षेत्रको संरक्षण र प्रवर्द्धन भई पानीको आपूर्तिमा सहजता हुनेछ ।
- जैविक विविधताको दीगो संरक्षण भई सन्तुलित वातावरण कायम गर्न टेवा पुगेको हुनेछ ।

## ७.५ जलवायु परिवर्तन तथा अनुकूलन रणनीति

**विद्यमान अवस्था**

जलवायु परिवर्तन विश्वव्यापी रुपमा देखा परेको एउटा गम्भीर समस्या हो । जलवायु परिवर्तन नीति, २०६७ कार्यान्वयनका लागि राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७ र स्थानीय अनुकूलन योजना २०६८ अनुरुप स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम सञ्चालन हुँदै आएका छन् । विभिन्न सरोकारवाला बीच प्रभावकारी समन्वयबाट मात्र जलवायु परिवर्तनका प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न सकिने भएकाले अनुकूलनका कार्यक्रम तर्जुमा र कार्यान्वयन आजको आवश्यकता हो । वन अतिक्रमण गरी काठको चोरी निकासी, चुरे बन विनास, जैविक विविधताको विनास, प्राकृतिक प्रकोप, वजारीकरण, औद्योगीकरण तथा जलाधार क्षेत्रको संरक्षण नहुनाले जलवायु परिर्वतन र अनुकूलनमा प्रभाव पारी अतिवृष्टि, अनावृष्टि हुने, तापक्रम बढ्ने, मौसम परिवर्तन हुने, हावापानी प्राणी र वनस्पतीको जीवनमैत्री नहुने हुन्छ । हावापानी अनुकूलन नभए प्राणी, वनस्पती, कृषि उत्पादनलाई असर गर्छ ।

यशोधरा गाउँपालिकामा जलवायु परिवर्तनको प्रभाव स्पष्ट रुपमा देखा नपरे पनि यसका केही संकेतहरु देखा पर्न थालेका छन् । तापक्रम र वर्षामा आएको भिन्नता, नयाँ-नयाँ किटाणुहरुको उत्पत्ति, लामखुट्टेको फैलावट, पानीका श्रोतहरुमा कमि, पानीको सतह घट्दै जानु, रैथाने जातको विउहरुबाट खेती नहुनु आदि जलवायु परिवर्तनका सूचकहरु हुन् । यसैगरी वर्षाको नियमितता नहुनु, विरुवाका फूलहरु वेसिजनमा फूल्नु लगायतका लक्षण देखिनु पक्कै पनि मौसम परिवर्तनको लक्षण हो । जलवायु परिवर्तनका यी सूचकहरुले कृषि, वन, वन्यजन्तु तथा चराचुरुङ्गी, मानव वस्ती तथा अन्य क्षेत्रमा पारेको प्रभाव वारे अध्ययन, अनुसन्धान गरी जलवायु अनुकूलन रणनीतिलाई कार्यान्वयन गर्न जरुरी छ ।।

**अवसर**

- जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन गरी जैविक विविधता तथा जलाधार क्षेत्रलाई प्रवर्द्धन गर्न सकिने
- जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि गरी अनुकूलन कार्यक्रम सञ्चालन गर्न सकिने ।

**चुनौती**

- जलवायु परिवर्तनबाट प्राणी, वनस्पती र मानव जातिलाई पर्ने असरका बारेमा अध्ययन गरी वास्तविक स्थिति उजागर गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धी तथ्यांक एवं अवस्थाको विश्लेषण गरी अनुकूलनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच :- जलवायु अनुकूलन; स्वच्छ वातावरणमा दीगो विकास व्यवस्थापन ।**

**लक्ष्य :-** दीगो र वातावरणमैत्री विकासद्धारा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै अनुकूलन बनाउने ।

**उद्देश्य :-** जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न हरियाली प्रवर्द्धन सहित जैविक विविधताको संरक्षणबाट अनुकूलनमा टेवा पुऱ्याउने ।

**रणनीति र कार्यनीति**

<table>
<tr><td colspan="2">उद्देश्य : जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न हरियाली प्रवर्द्धन सहित जैविक विविधताको संरक्षणबाट अनुकूलनमा टेवा पुऱ्याउने ।</td></tr>
<tr><th>रणनीति</th><th>कार्यनीति</th></tr>
<tr><td>• जलवायु परिवर्तनमा अनुकूलनता प्रवर्द्धन गरी वातावरणमैत्री पालिका बनाउने ।</td><td>• जलवायु अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ<br>• जलवायु प्रतिकूलताबाट श्रृजित प्रकोप व्यवस्थापन गर्न पूर्व तयारी र सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण गरी भू-मण्डलीय तापक्रमको प्रभाव न्यूनीकरणमा सहयोग गरिनेछ ।<br>• जलवायु परिवर्तन र अनुकूलन सम्बन्धी तथ्यांक संकलन गरी कृषि, वन तथा वन्यजन्तु र मानव वस्तीमा परेको प्रभाव सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ ।<br>• जैविक विविधता, जलाधार क्षेत्र, पानीका मूल र सीमसार क्षेत्रको संरक्षण गरिनेछ ।<br>• जलवायु अनुकूलन सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।</td></tr>
</table>

**प्रमुख कार्यक्रमहरु**

- जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम-सबै वडा
- जलवायु अनुकूलन हुने गरी पूर्वाधार निर्माण मापदण्ड तर्जुमा ।
- जलाधार क्षेत्र संरक्षण कार्यक्रम-सबै वडा

**अपेक्षित उपलब्धी**

- योजना कार्यान्वयन पश्चात मौसम परिवर्तन न्यूनीकरणमा मद्दत पुगेको हुनेछ ।
- जलवायु अनुकूलनका प्रयत्नबाट वन-वनस्पती, वन्यजन्तु, पशुपंक्षी तथा मानव वस्तीमा सकारात्मक प्रभाव परेको हुनेछ ।

## ७.६ विपद् व्यवस्थापन

**विद्यमान अवस्था**

कमजोर भू-बनौट तथा भू-धरातल, मौसमी विषमता तथा जलवायु परिवर्तन, अव्यवस्थित पूर्वाधार विकास एवं निर्माण, पटक पटक दोहरिने बहु-प्रकोपका घटनाहरु जस्ता प्राकृतिक एवं गैर प्राकृतिक विपद्बाट नेपाल अत्यधिक जोखिम अवस्थामा छ । भूकम्पीय जोखिमको दृष्टिले ११ औं तथा बाढी पहिरोमा ३० औं अति जोखिम मुलुकको रुपमा हाम्रो देश रहेको अवस्थाले हामी संवेदनशील क्षेत्रमा छौ भन्ने आंकलन हुन्छ ।

दीगो पूर्वाधार विकास, व्यवस्थित शहरीकरण र सुरक्षित आवास, प्राकृतिक श्रोत साधनको समुचित व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण गर्ने उद्देश्यले समेत नेपाल सरकारले भू-उपयोग नीति-२०७२ जारी गरेको छ । सो अनुसार प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रको जग्गालाई विभिन्न क्षेत्रमा वर्गिकरण गरी सो अनुसारको भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसैअनुसार यशोधरा गाउँपालिकाको भू-बर्गिकरण सम्बन्धी कार्य करिव अन्तिम चरणमा पुगेको छ ।

यस गाउँपालिकाका विपद् सम्वन्धी मुख्य समस्याम घर गोठमा आगलागि लाग्ने, सडक दुर्घटना, भुक्षय, सर्पको टोकाई, डुवान, भूकम्प, चट्याङ, मौसमी सुख्खा, किट आतंक, महामारी जस्ता घटनाहरु हुन । यसको लागि गाउँपालिकाले हालसालै स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरेको पाईन्छ। विपद्को समयमा तत्काल मानवीय उद्धारका लागि केही सुरक्षित स्थानको जरुरी हुन्छ। यस्ता स्थानमा विपद् पीडित व्यक्तिहरुलाई तत्कालै स्थानान्तरण गरी जीवन बचाउन विशेष प्रथमिकता दिनुपर्दछ। यही पृष्ठभूमिमा विपद् व्यवस्थापन सम्बन्धी सोँच, लक्ष्य, उद्देश्य सहित विभिन्न कार्यक्रमहरु सिफारिश गरिएको छ।

**संभावना र अवसर**

- विपद् व्यवस्थापनमा सबै पक्षको सक्रीय सहभागिताको उपयोग गर्न सकिने ।
- विपद् व्यवस्थापन योजना तथा प्रतिकार्य योजना कार्यान्वयन गरी विपद् न्यूनीकरण गर्न सकिने ।
- आपतकालीन समयमा पीडित पक्षलाई सहयोग गर्ने संस्कृति विद्यमान रहेको ।

**समस्या र चुनौती**

- एम्बुलेन्स, विपद् सूचना केन्द्र, विपद् पूर्व सूचना प्रणाली सम्बन्धी यन्त्र/साधनहरुको व्यवस्थापन गर्ने ।
- मानव सिर्जित कारणबाट हुने विपद्का घटनालाई व्यवस्थापन गर्ने ।
- भूकम्प, चट्याङ जस्ता विपद्का घटना घट्दा अपनाउनुपर्ने सर्तकता बारे जनचेतना अभिवृद्धि गर्ने ।
- पुर्वाधार निर्माण गर्दा विपद् व्यवस्थापनलाई ध्यान दिनु पर्ने ।
- वाणगंगा नदिको तटवन्ध तथा कटान व्यवस्थापन गर्ने ।
- विपद् व्यवस्थापन सम्वन्धी संस्थागत व्यवस्थामा कमि ।
- आपतकालीन विपद् कार्य सञ्चालन केन्द्रको स्थापना तथा संचालन ।
- आगलागि प्रकोपको घटनाहरु भईरहनु ।
- विपद् व्यवस्थापन सम्वन्धी क्षमता विकासमा कमि ।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच :- विपद् व्यवस्थापनमा पालिकाको प्रतिबद्धता; यसैमा रहनेछ यशोधराबासीको सहभागिता ।**

**लक्ष्य :-** विभिन्न विपद्जन्य घटनाबाट हुने क्षतिहरुको न्यूनीकरण गर्ने ।

**उद्देश्य :-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्री पद्धतिको सुदृढीकरण गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्री पद्धतिको सुदृढीकरण गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| | • विपद् न्यूनीकरणका लागि विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• सबै वडाका विपद् व्यवस्थापन समितिहरुलाई क्षमता अभिवृद्धि गरी क्रियाशील बनाइनेछ । |

| | |
|---|---|
| • विपद् जोखिम तथा क्षति न्यूनीकरण गरी उत्थानशीलता अभिवृद्धि गर्ने । | • विपद् प्रतिकार्यमा विभिन्न सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय टोल विकास समिति तथा संघ संस्थालाई परिचालन गरिनेछ ।<br>• विपद् पश्चातको उद्धार, राहत तथा व्यवस्थापन कार्यको पूर्व तैयारी गरिनेछ<br>• विपद् व्यवस्थापन राहत सामाग्रीको संकलन तथा भण्डारणको व्यवस्था मिलाइने छ ।<br>• सबै वडाहरुमा विपद् व्यवस्थापन कोषहरु निर्माण गरी समय-समयमा आवश्यक रकम थप गरी परिचालन गरिनेछ ।<br>• खेत डढेलो, आगलागी, चट्याङ, बाढी/पहिरो जस्ता अति जोखिमयुक्त प्रकोपहरुबाट बच्न बचाउन व्यापक रुपमा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| • अति जोखिमयुक्त प्रकोपहरुलाई न्यूनीकरण गर्न समन्वयात्मक रुपमा साधन श्रोतको परिचालन गर्ने । | • नदी कटान नियन्त्रण र डुवान नियन्त्रणका लागि तीनै तहका सरकारबाट उपलब्ध साधन श्रोतको समन्वयात्मक रुपमा परिचालन गरिनेछ ।<br>• नदी कटान क्षेत्रहरुमा विशेष जातका विरुवाको वृक्षारोपण गर्न विभिन्न संघ-संस्थाहरु परिचालन गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

- विपद् व्यवस्थापन योजना अध्यावधिक गर्ने ।
- विपद् व्यवस्थापन कोषको स्थापना । ( वडा तहमा समेत )
- तालिमयुक्त जनशक्ति तयारी, क्षमता विकास ( स्वयंसेवकहरुलाई समेत ) र जनचेतना कार्यक्रम ।
- आपतकालिन सेवा केन्द्रको स्थापना तथा परिचालन
- विपद सम्वन्धी जनचेतना कार्यक्रम
- विपद् जोखिम न्यूनिकरणको लागि कृत्रिम अभ्यास । (वडा र समुदायमा समेत )
- विपद् खोज उद्धार सामाग्री खरिद ।
- विपद् सम्वन्धी विषयमा सूचना प्रवाह कार्यक्रम ।
- विपद् व्यवस्थापनको लागि दमकल कार्यक्रम ।
- एक गाउँ एक पानी सहितका (बाह्रै महिना) पोखरी कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- विपद् न्यूनीकरणमा जनचेतना अभिवृद्धि भएको हुनेछ ।
- विपद् व्यवस्थापन सम्बन्धी आवश्यक नीतिहरु तर्जुमा भई कार्यान्वयनमा आएका हुनेछन् ।
- सबै वडामा विपद् व्यवस्थापन कोष स्थापना भई परिचालित भएको हुनेछ ।
- योजना कार्यान्वयन पश्चात जोखिमयुक्त विपद्हरुलाई न्यूनीकरण गर्न सहज भएको हुनेछ ।

# परिच्छेद-९

# संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

## ९.१ संस्थागत बिकास

### विद्यमान अवस्था

नेपालको संबिधानमा राज्यका नीति अर्न्तगत सार्बजनिक शासनलाई स्वच्छ, सक्षम, निंपक्ष, पारदर्शी भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभगितामूलक बनाउंदै राज्यबाट प्रदान गरिने सेवा सुबिधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभुति गर्ने कुरा उल्लेख छ। जनताको आवश्यकता, आकांक्षामा हुने परिवर्तन, सरकारले निर्वाह गर्नु पर्ने भूमिका, स्रोत र साधनको उपलब्धता, सूचना र प्रविधिको विकास, कार्य प्रणालीमा परिवर्तनको लागि दवाव जस्ता कारणले संगठनका काम, कार्य प्रकिया, संगठन संरचना आदिमा आवश्यकता अनुसार पुनरावलोकन गरी समय सापेक्ष बनाउन आवश्यक छ।

परिणाममुखी र जनसेवी सार्वजनिक प्रशासन तथा विकास व्यवस्थापन भन्ने सोँच सहित जवाफदेही, व्यवसायिक र सक्षम सार्वजनिक प्रशासनबाट सार्वजनिक सेवा प्रतिको जनविश्वास अभिवृद्धि गर्ने र विकासलाई नतिजामूलक बनाउने लक्ष्य पन्ध्रौ योजनाले लिएको थियो। सोह्रौ योजनाले सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने, कानूनी शासनको प्रत्याभूति गर्ने, राष्ट्रिय एकता अभिवृद्धि गर्ने, आर्थिक कारोवारको पारदर्शीता गर्ने र वित्तीय तथा प्रशासनीक सुशासन प्रवर्द्धन गर्ने, न्याय प्रणालीमा सुधार गर्ने, मानव अधिकारको सम्वर्द्धन गर्ने, विद्युतीय सुशासन मार्फत शासकीय रुपान्तरण गर्ने जस्ता रुपान्तरणकारी रणनीतिहरु अंगिकार गरेको छ।

लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनामा शासकीय सुधार तर्फ **प्रभावकारी सेवा, चुस्त प्रशासनः समावेशी तथा जनमुखी शासन** र भ्रष्ट्राचार निवारण र सुशासन तर्फ **लुम्बिनीमा सुशासनः भ्रष्टाचारमुक्त शासन** भन्ने दीर्घकालीन सोँच रहेको छ। यस योजनाले सार्वजनिक सेवालाई छिटो, छरितो र गुणस्तरीय बनाउने, प्रदेशको प्रशासनलाई थप चुस्त र प्रभावकारी बनाउने, स्थानीय तहको जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउने, भ्रष्टाचार तथा अनियमितता नियन्त्रण गर्ने, परिवर्तित परिवेश अनुरूप संगठनात्मक क्षमताको आकलन गरी तदनुरुप प्रणालीगत सुधार र क्षमता विकास गर्ने जस्ता रणनीतिहरु अवलम्बन गरेको छ।

गाउँपालिकाबाट हुने सेवा प्रवाहको प्रभावकारीता र गुणस्तरीयताको प्रतिबिम्ब प्रत्यक्ष सेवा प्रवाहमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुको कार्यदक्षता तथा कार्यशैलीमा देखिने गर्दछ। यसका साथै कार्य सम्पादनको लागि आवश्यक बिभिन्न ऐन, नियम, निर्देशिका, कार्यविधी, योजना आदिको ब्यवस्था हुनु जरुरी छ। यशोधरा गाउँपालिकाले हाल सम्म एकल अधिकार  क्षेत्र भित्रका ३७ वटा ऐन, नियम, निर्देशिका, कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याई सकेको छ। त्यस्तै यशोधरा गाउँपालिकाले नेपालको संबिधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम बिभिन्न समितिहरु गठन गरी परिचालन गरेको अवस्था छ।

पारदर्शीता, जवाफदेहिता एवं जनउत्तरदायी सरकार सुशासनका आधारभुत सिद्धान्त हुन्। गाउँपालिकबाट सम्पादन गरिने प्रत्येक क्रियाकलापहरुको बारेमा नागरिकलाई सुसूचित गराउने जिम्मेवारी स्वयं गाउँपालिकाको हो। गाउँपालिकावाट गरिने सेवा प्रवाहमा जनताको समान र सहज पहूँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउन समय समयमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण, आवधिक प्रगति समिक्षा जस्ता क्रियाकलापहरु सञ्चालन

गरिएता पनि पर्याप्त भने छैनन् । गाउँपालिकाबाट सञ्चालन गरिने बिबिध गतिविधिको वारे वेवसाईट, रेडीयो, पत्रपत्रिका, कार्यालयको सूचना पाटी, बुलेटिन तथा प्रत्यक्ष जनताहरुसँग छलफलका कार्यक्रमहरु सञ्चालन गरी जनतालाई जानकारी/सुशुचित गराउने गरेकोछ । यस्ता गतिबिधिहरुलाई आगामी दिनहरुमा अझ बढी प्रविधिमैत्री तथा भरपर्दो वनाउदै लैजानु पर्ने हुन्छ ।

**क्षमता बिकास सम्वन्धी व्यवस्था**

गाउँपालिकाले यसै आर्थिक बर्ष २०७९/८० मा मात्र आफ्नो क्षमता बिकास योजना बनाई स्विकृत गरेको अवस्था छ । संविधान र कानूनवाट क्षेत्राधिकार र जिम्मेवारी थपिए अनुसार कार्यसम्पादन गर्न कर्मचारी तथा पदाधिकारीहरुको थप शीप, ज्ञान, दक्षता आवश्यक छ । अतः गाउँपालिकाले जनप्रतिनिधि तथा कर्मचारीहरुको बर्तमान क्षमताको आकलन र आवश्यकताको पहिचान गरी क्षमता विकास योजना तर्जुमा गरीएकोले आवश्यक श्रोतहरुको व्यवस्थापन गरी कार्यान्वियन गर्नुपर्ने हुन्छ ।

**स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनको अवस्था**

आ.व २०७९/०८० तथा २०८०/०८१ को स्थानीय सरकार संस्थागत स्व-मूल्याङ्कनको नतिजामा यशोधरा गाउँपालिकाले क्रमस ५३.२५% र ५९.७५% अंक प्राप्त गरेको छ । उक्त मूल्याङ्कनमा मुख्यतया शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, बजेट तथा योजना तर्जुमा, वित्तीय तथा आर्थिक व्यवस्थापन, भौतिक पुर्वाधार, सेवा प्रवाह लगायत अन्तर सम्वन्धित विषयहरु समावेश गरिएको छ । प्राप्त नतिजालाई आधार लिदा गाउँपालिकाले आ.व २०७९/०८० को तुलनामा आ.व २०८०/०८१ मा ६.५०% अंक बढी ल्याएको छ । स्व-मूल्याङ्कनको नतिजामा कमजोर अंक प्राप्त गरेका बिषयगत क्षेत्रहरुमा आगामी बर्षमा आफ्नो कार्य दक्षता एवं क्षमतामा ब्यापक सुधार गर्नुपर्ने देखिन्छ । शासकीय प्रवन्ध, बित्तिय तथा आर्थिक व्यवस्थापन, सेवा प्रवाह, सामाजिक समाबेशिकरण तथा न्यायिक कार्य सम्पादन जस्ता क्षेत्रहरु तुलनात्मक रुपमा सन्तोषजनक रहेता पनि बाँकी क्षेत्र जस्तै संगठन तथा प्रशासन, बार्षिक बजेट तथा योजना व्यवस्थापन, भौतिक पूर्वाधार, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र समन्वय र सहकार्य जस्ता क्षेत्रमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ

**सेवा प्रवाह**

**गाउँपालिकामा** सेवा ग्राहीहरुको पहिलो प्रवेशद्वार नै वडा कार्यालयहरु भएको हुँदा त्यहाबाट हुने सेवा प्रवाहलाई प्राथमिकताकासाथ हेरिनुपर्ने हुन्छ । गाउँ कार्यपालिकाको कार्यालयबाट हाल प्रवाह हुदै आएका सेवाहरुलाई विशिष्टिकृत गरी विस्तारै वडा कार्यालयहरुलाई हस्तान्तरण गर्ने र गाउँपालिकाले नीति निर्माण, नियमन, सहजीकरण तथा समन्वय जस्ता विषयमा केन्द्रित हुने नीति लिनुपर्ने देखिन्छ । वडाहरुवाट गरिने सेवा प्रवाहका क्षेत्र, जनसंख्या, सेवाग्राहीको चाँप आदिलाई मध्यनजर गरी वडा कार्यालयको दरवन्दी स्वीकृत गर्नुपर्ने हुन्छ । वडा कार्यालयबाट प्रवाहहुने सेवाहरुलाई विश्लेषण गर्दा प्रत्येक वडामा कम्तिमा पाँचौ स्तरको वडा सचिव एक जना, पाँचौ/चौथो तहको प्राविधिक एक जना, सहायक स्तर चौथो तहको एक जना कार्यालय सहायक सहितको संगठनात्मक संरचना वनाउन आवश्यक देखिन्छ । यशोधरा गाउँपालिकामा कर्मचारीहरुको अभावमा अहिले केही वडामा पाँचौ तहको वडा सचिव, केही वडामा चौथो तहको वडा सचिब तथा कुनै वडाहरुमा अन्य बिषय क्षेत्रका कर्मचारीबाट समेत कार्य सञ्चालन गर्नुपरेको अवस्था छ ।

**संगठन संरचना तथा कार्य बिबरण सम्वन्धी व्यवस्था**

यशोधरा गाउँपालिकाले संघियता कार्यान्वयन गर्ने समयमा नेपाल सरकार बाट स्वीकृत साँगठनिक संरचनालाई पुनरावलोकन गरी नयाँ संरचना स्विकृत गरेको छ । कर्मचारीहरुलाई प्रत्येक आर्थिक बर्षमा निजले सम्पादन गर्नुपर्ने

कामको विस्तृत कार्य विवरण तयार गरी सोही आधारमा निजसँग बार्षिक रुपमा कार्य सम्पादन सम्झौता गर्दा सेवा प्रवाहलाई अझ बदी भरपर्दो र प्रभावकारी वनाउन सकिन्छ। यशोधरा गाउँपालिकाले प्रत्येक शाखा/इकाई मा कार्यरत कर्मचारीहरुको विस्तृत कार्य विवरण भने तैयार भै सकेको अवस्था छैन।

**कार्यालय व्यवस्थापन सम्वन्धी बर्तमान अवस्था**

यशोधरा गाउँपालिकाको आफ्नो नयाँ कार्यालय भवन निर्माण भैसकेको तथा उक्त स्थानबाट सेवा प्रवाह भै रहेको अवस्था छ। सहज तथा गुणस्तरीय सेवा प्रवाहका लागि उपलब्ध भौतिक पूर्वाधारले समेत प्रभाव पार्ने हुँदा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई उपयुक्त कार्य कक्षका साथै आवश्यक भौतिक उपकरण्हरुको समेत व्यवस्थापन हुन जरुरी छ। हाल कार्यालयमा भौतिक उपकरणहरु आवश्यकता अनुसार ब्यवस्थापन भएको तथा केही उपकरण हाल पुराना तथा केही जीर्ण अवस्थामा रहेकोले केही नयाँ थप गर्नुपर्ने तथा केही नियमित मर्मत संभार गर्नुपर्ने देखिन्छ।

वडा कार्यालयहरुको हकमा ८ मद्धे २ वटा वडा कार्यालयहरुको कार्यालय भवन निर्माणधिन अवस्थामा रहेको र गाउँपालिकाको केन्द्र रहेको वडा नं ५ को कार्यालय भवन भने गाउँपालिकाले प्रयोग गरेको पुरानो कार्यालयबाट ब्यवस्थापन गरिएको छ। बाँकी ५ वटा वडा कार्यालयहरुका आफ्नै कार्यालय भवनहरु रहेका छन्।

**अबसरहरु**

- गाउँपालिकाले हाल सम्म एकल अधिकार क्षेत्र भित्रका अत्यावश्यक ३७ वटा ऐन, नियम, निर्देशिका, कार्यविधी स्विकृत गरी कार्यान्वयनमा ल्याई सकेको।
- नेपालको संबिधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम बिभिन्न समितिहरु गठन गरी परिचालन गरिएको।
- सेवा प्रवाह सम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याईएको तथा सुशासन सम्वन्धी नीति, नियम र कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न सकिने अवस्था रहेको।
- गाउँपालिकावाट गरिने सेवा प्रवाहमा जनताको समान र सहज पहूँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउन समय समयमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण तथा आवधिक प्रगति समिक्षा जस्ता क्रियाकलापहरु सञ्चालन गर्ने गरिएको।
- सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाह सम्वन्धी कार्यहरुलाई प्रविधियुक्त बनाई छिटो, छरितो र पारदर्शी रुपमा सम्पदान गर्न सकिने अवस्था रहेको।
- शासन ब्यवस्था प्रति जनताको पूर्ण विश्वास, निर्वाचित जनप्रतिनिधि प्रति भरोसा, विकासमा सहभागी हुन ईच्छुक जनता भएको।

**चुनौतीहरु**

- कर्मचारीहरुलाई कार्य क्षेत्रमा टिकाई राख्ने तथा सेवा प्रवाहका आधारमा आवश्यक कर्मचारी दरबन्दी व्यवस्थापन गरी समयमै दरवन्दी अनुसारको पदपूर्ति गर्ने।
- पालिकाका हरेक गतिविधिहरुलाई पारदर्शी बनाउने कार्य र कार्यरत जनशक्तिलाई जनमुखी/सेवामुखी बनाउने
- जनप्रतिनिधि र कर्मचारीको जिम्मेवारी अनुसार भूमिका निर्वाह गर्न आवश्यक ज्ञान सीप र आधुनिक प्रविधियुक्त जनशक्ति व्यवस्थापन गर्ने।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

संबैधानिक एंव कानूनी अधिकारको सफल कार्यान्वयन गर्न गाउँपालिकामा उपलब्ध श्रोत तथा साधनको अधिकतम परिचालन गरी दक्ष तथा क्षमतावान जनशक्ति मार्फत सहज सेवा प्रवाहको माध्यमबाट जनतालाई सुशासनको प्रत्याभुती दिलाउन निम्न सोँच, लक्ष तथा उद्देश्यहरु निर्धारण गरिएको छ ।

**दीर्घकालीन सोँच : दक्ष, सहयोगी र नैतिकबान जनशक्ति; यशोधरामा सुशासन मैत्री शासन पद्धति ।**

**लक्ष्य :** सुदृढ संस्थागत संरचना मार्फत गुणस्तरीय सेवा प्रवाह भै जनतामा सुशासनको प्रत्याभुति भएको हुनेछ ।

**उद्देश्य**: प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक कानून तर्जुमा, उत्प्रेरित जनशक्ति विकास तथा भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीति अवलम्वन गर्ने ।

**रणनीति र कार्यनीति**

उपलब्ध श्रोत तथा साधनको अधिकतम उपयोग गरी दक्ष एवं क्षमतावान जनशक्ति मार्फत सहज सेवा प्रवाह गरी नागरिकहरुलाई सुशासनको प्रत्याभूति दिलाउन निम्न रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिनेछ ।

| **उद्देश्य १ :** प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक कानून तर्जुमा, उत्प्रेरित जनशक्ति विकास तथा भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीति अवलम्वन गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • आवश्यकता अनुसार कानून तथा नीति तर्जुमा गरी कार्यान्वयन गर्ने । | • संविधानले व्यवस्था गरेका एकल अधिकारको अभ्यास गर्न तर्जुमा हुन बाँकी रहेका कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ । |
| • उत्प्रेरित जनशक्तिको व्यवस्थापन सहित कर्मचारीहरुको कार्यसम्पादनलाई सेवा प्रवाह संग आवद्ध गर्ने । | • बर्तमान अवस्था अनुसारको संगठनात्मक स्वरुप स्वीकृत भै सकेकोमा सोही अनुसारको जनशक्तिको व्यवस्था गरिनेछ ।<br>• सकरात्मक सोँच सहितको उत्प्रेरित जनशक्ति निर्माणका लागि ( जनप्रतिनिधि तथा कर्मचारी) समय सापेक्ष क्षमता अभिबृद्धि सम्वन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।<br>• कार्य सम्पादनका सूचकहरु विकास गरी कर्मचारीहरुसँग कार्य सम्पादन सम्झौता गरिने तथा कार्यसम्पादन मूल्यांकनका आधारमा पुरस्कृत गरिनेछ |
| • समृद्धिमैत्री शासन पद्धतिमा टेवा पुऱ्याउन आवश्यक भवन, फर्निचर, सवारी साधन, प्रविधि र यान्त्रिक उपकरणको व्यवस्था गर्ने । | • नविनतम प्रविधिको प्रयोगका साथै आवश्यक फर्निचर, यान्त्रिक उपकरण सहितको पालिकाको कार्यालय भवन निर्माण गरिनेछ ।<br>• सबै वडा कार्यालयहरुमा आवश्यक फर्निचर, यान्त्रिक उपकरण तथा आवश्यक प्रविधिको व्यवस्था गरिनेछ ।<br>• सेवा प्रवाहलाई सूचना प्रविधिको प्रयोगबाट सहज र सुलभ बनाइदै लगिनेछ ।<br>• वडा कार्यालयहरुलाई सेवा प्रवाहको सशक्त प्रवेश विन्दुको रुपमा विकास गरिनेछ । |

| | |
|---|---|
| • सेवा प्रवाहलाई पारदर्शी, मितव्ययी र गुणस्तरीय बनाई भ्रष्टाचारको सवालमा शून्य सहनशीलताको नीति अवलम्वन गर्दै जनउत्तरदायी स्थानीय सरकारको प्रत्याभूति गराउने । | • सेबा प्रबाह सम्वन्धी मापदण्डलाई कार्यान्वयनमा ल्याइनेछ ।<br>• पालिकाबाट हुने आर्थिक कारोवारलाई पारदर्शी रुपमा सञ्चालन गरिनेछ ।<br>• जवाफदेहीताका औजारहरु- सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरीक्षण जस्ता गतिविधिलाई कार्यान्वयन गरिनुका साथै नागरिकबाट आउने लिखित तथा मौखिक सुझाव तथा गुनासोलाई व्यवस्थित गरिनेछ ।<br>• विद्युतीय शासन प्रणालीको अवलम्वन गरी सार्वजनिक सेवालाई गुणस्तरीय, मितव्ययी तथा पहूँच योग्य बनाईनेछ ।<br>• गाउँपालिकाबाट सार्वजनिक हितमा गरिने सबै निर्णयहरु तथा विकास गतिविधि बारे जनतालाई सुसूचित गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- तर्जुमा गर्न बाँकी रहेका कानून निर्माण ।
- सार्वजनिक सुनुवाई र प्रगति समीक्षा ।
- वडा तहमा एकीकृत घुम्ती सेवा सञ्चालन ।
- कर्मचारीहरुको लागि क्षमता बिकास कार्यक्रम ।
- जनप्रतिनिधिहरुको लागि क्षमता बिकास कार्यक्रम ।
- वडा कार्यालय भवनहरु निर्माण (वडा नं १ र ६) (पूर्वाधारमा समावेश भएको)
- वडा कार्यालयहरुको मर्मत सम्भार तथा घेरावार कार्यक्रम (पूर्वाधारमा समावेश भएको) ।
- भौतिक उपकरण, इन्टरनेट सेवा लगायत फर्निचर तथा फर्निसिङको व्यवस्था ।
- आवधिक योजनाको मध्यावधिक समिक्षा तथा नयाँ निर्माण ।
- बिभिन्न प्रकाशन सम्वन्धी कार्य तथा मिडिया मोविलाइजेसन ।

**अपेक्षित उपलब्धी**

- आवश्यक थप कानूनको तर्जुमा भएका हुनेछ ।
- कर्मचारी तथा पदाधिकारीहरुको ज्ञान, सीप अभिबृद्धिका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएका हुनेछन् ।
- परदर्शीताका औजारहरु जस्तै सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण तथा सामाजिक परीक्षण जस्ता गतिविधिहरु नियमित सञ्चालन भएका हुनेछन् ।
- सार्वजनिक हीतमा हुने निर्णयहरु तथा विकास गतिविधिहरु विभिन्न सञ्चार माध्यमबाट प्रवाह गरी जनतालाई सुसूचित गर्ने पद्धतिको बिकास भएको हुनेछ ।
- कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गरी काम गर्ने पद्धतिको विकास भएको हुनेछ तथा कामको आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गरिएको हुनेछ ।

## ९.२ वित्तीय सुशासन

**विद्यमान अवस्था**

वित्तीय सुशासन आर्थिक अनुशासन एवं सभ्य समाजको द्योतक हो । वित्तीय अनुशासनलाई प्रभावकारी रुपमा आत्मसात गर्न सकेमा आर्थिक समृद्धिको लक्ष्य प्राप्ति सम्भव हुनुका साथै नागरिकले सरकारलाई हेर्ने दृष्टिकोणमा समेत सकारात्मक परिवर्तन आउछ । छनौट भएका कार्यक्रम तथा आयोजनाहरुको खर्चको व्यवस्थापन, आयोजनाको ठेक्का पट्टामा हुने अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गरी पारदर्शी र प्रविधिमैत्री प्रतिस्पर्धाको व्यवस्था, समयमै बेरुजु फछ्र्यौट, पारदर्शी खरिद प्रक्रिया, आम्दानी खर्चको विवरण सार्वजनिकीकरण तथा पारदर्शीता, राजश्व र व्ययको अनुमान तथा स्वीकृति, बैकिङ प्रणाली मार्फत भुक्तानी जस्ता औजारहरु वित्तीय सुशासनका लागि अपरिहार्य छन् । सोह्रौ योजनाले वित्तीय तथा प्रशासनीक सुशासन प्रवर्द्धन गर्ने, नियमनको गुणस्तर अभिवृद्धि गर्ने जस्ता रणनीतिहरु अंगिकार गरेको छ । त्यसैगरी डिजिटल शासनको माध्यमबाट पारदर्शीता र जवादेहिता प्रवर्द्धन गर्ने, निजी क्षेत्रको वित्तीय तथा प्रशासनिक सुशासनलाई कायम गर्न कानूनी व्यवस्था गर्ने, नगद रहित कारोवर मार्फत सम्पत्ति सुद्धिकरण, कर छलि आदि विरुद्ध प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने, खर्च गर्ने अधिकारीले लेखापरीक्षण आफै गर्नुपर्ने व्यवस्था गर्ने, वित्तीय कारोवारको जिम्मेवार व्यक्ति सरुवा भई गएमा रमानापत्रमा बेरुजुको रकम उल्लेख गर्ने र यसलाई का.स.मु.को आधार बनाउने जस्ता कार्यक्रमहरु यस योजनामा राखिएका छन् ।

प्रदेशको दोस्रो आवधिक योजनाले सार्वजनिक सेवालाई विधिसम्मत, पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाउने उद्देश्य सहित वित्तीय अनुशासनलाई कडाइका साथ पालना गरी बेरुजुको आकार १ प्रतिशत भित्र सीमित गर्ने, नागरिकको प्रत्यक्ष सरोकार हुने तथा आर्थिक कारोबार हुने सरकारी कार्यालयहरूमा सिसिटिभी जडान गरी अनुगमन गर्ने, कार्यसम्पादनको सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षणलाई नियमित र प्रभावकारी बनाउने जस्ता कार्यनीतिहरु अंगिकार गरेको छ ।

वित्तीय सुशासन आर्थिक अनुशासन एवं सभ्य समाजको द्योतक हो । वित्तीय अनुशासनलाई प्रभावकारी रुपमा आत्मसात गर्न सकेमा आर्थिक समृद्धिको लक्ष्य प्राप्ति सम्भव हुनुका साथै नागरिकले सरकारलाई हेर्ने दृष्टिकोणमा समेत सकारात्मक परिवर्तन आउछ । छनौट भएका कार्यक्रम तथा आयोजनाहरुको खर्चको व्यवस्थापन, आयोजनाको ठेक्का पट्टामा हुने अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गरी पारदर्शी र प्रविधिमैत्री प्रतिस्पर्धाको व्यवस्था, समयमै बेरुजु फछ्र्यौट, पारदर्शी खरिद प्रक्रिया, आम्दानी खर्चको विवरण सार्वजनिकीकरण तथा पारदर्शीता, राजश्व र व्ययको अनुमान तथा स्वीकृति, बैकिङ प्रणाली मार्फत भुक्तानी जस्ता औजारहरु वित्तीय सुशासनका लागि अपरिहार्य छन् । सोह्रौ योजनाले वित्तीय तथा प्रशासनीक सुशासन प्रवर्द्धन गर्ने, नियमनको गुणस्तर अभिवृद्धि गर्ने जस्ता रणनीतिहरु अंगिकार गरेको छ । त्यसैगरी डिजिटल शासनको माध्यमबाट पारदर्शीता र जवादेहिता प्रवर्द्धन गर्ने, निजी क्षेत्रको वित्तीय तथा प्रशासनिक सुशासनलाई कायम गर्न कानूनी व्यवस्था गर्ने, नगद रहित कारोवर मार्फत सम्पत्ति सुद्धिकरण, कर छलि आदि विरुद्ध प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने, खर्च गर्ने अधिकारीले लेखापरीक्षण आफै गर्नुपर्ने व्यवस्था गर्ने, वित्तीय कारोवारको जिम्मेवार व्यक्ति सरुवा भई गएमा रमानापत्रमा बेरुजुको रकम उल्लेख गर्ने र यसलाई का.स.मु.को आधार बनाउने जस्ता कार्यक्रमहरु यस योजनामा राखिएका छन् ।

प्रदेशको दोस्रो आवधिक योजनाले सार्वजनिक सेवालाई विधिसम्मत, पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाउने उद्देश्य सहित वित्तीय अनुशासनलाई कडाइका साथ पालना गरी बेरुजुको आकार १ प्रतिशत भित्र सीमित गर्ने, नागरिकको

प्रत्यक्ष सरोकार हुने तथा आर्थिक कारोबार हुने सरकारी कार्यालयहरूमा सिसिटिभी जडान गरी अनुगमन गर्ने, कार्यसम्पादनको सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षणलाई नियमित र प्रभावकारी बनाउने जस्ता कार्यनीतिहरु अंगिकार गरेको छ ।

यशोद्दरा गाउँपालिकाले नेपालको संबिधान २०७२ मा व्यवस्था भए बमोजिमको समय सीमा भित्र राजश्व तथा व्ययको अनुमान सभामा पेश गरी स्वीकृत गर्ने गरेकोछ । गाउँपालिकाको मुख्य आय स्रोतमा संघीय तथा प्रदेश सरकारबाट वार्षिक रुपमा प्राप्त हुने बिभिन्न अनुदान, तथा राजश्व बाँडफाँडबाट प्राप्त रकम रहेका छन् । नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई विभिन्न स्रोतबाट स्थानीय स्तरमा आन्तरिक कर, सेवा शुल्क, दस्तुर तथा राजश्व संकलन गर्न सक्ने प्रावधान रहेता पनि यथार्थमा त्यस क्षेत्रको आम्दानी न्यून रहेको छ । गाउँपालिकाले आर्थिक बर्ष २०७९/८० मा राजश्व सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

एकातर्फ गाउँपालिकाको आन्तरिक स्रोत कमजोर रहनु अर्को तर्फ केन्द्र तथा प्रदेश सरकारहरुबाट प्राप्त अनुदान तथा राजस्व बाँडफाँडको रकमहरु समेत समयमै खर्च गर्न नसक्नुले जनताको स्थानीय सरकार प्रतिको बिश्वास घट्दै जाने अवस्था श्रृजना हुन सक्दछ । गाउँपालिकाले प्रत्येक बर्ष बार्षिक कार्यक्रम संचालन पूर्व नियमानुसार खरिद योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्नेमा सो हुन सकेको छैन ।

### अवसर र चुनौती

**अवसरहरु**

- संघ र प्रदेश सरकारवाट प्राप्त हुने अनुदानका अलावा विभिन्न विकास साझेदारहरुबाट समेत सहकार्यमा कार्यक्रम सञ्चालन भइरहेको ।
- आर्थिक कारोवारलाई बिद्युतीय माध्यमबाट सञ्चालन गरी बिद्युतीय सुशासन कायम गर्ने ।
- जनप्रतिनिधि र कर्मचारीलाई बित्तीय सुशासन सम्बन्धी तालिम उपलव्ध गराई कार्य क्षमतामा बृद्धि गर्ने ।

**चुनौतीहरु**

- सार्वजनिक खरिद प्रक्रिया जटिल रहेको र बेरुजु बढ्दै गएको ।
- खरिद योजना तथा खरिद प्रक्रिया नियमसंगत, व्यवस्थित र पारदर्शी बनाउने ।
- आन्तरिक स्रोत अति न्यून रहेकोले केन्द्र एवं प्रदेश सरकारबाट प्राप्त अनुदानबाट जन आवश्यकता पूरा गर्ने ।
- खर्चगर्ने क्षमतामा सुधार गर्ने ।

### दीर्घकालीन सौंच, लक्ष्य, उद्देश्य

**दीर्घकालीन सौंच** : **आन्तरिक तथा बाह्य श्रोतमा वृद्धि, यशोधराको सम्बृद्धि ।**

**लक्ष्य:** बिकास गतिविधिहरुमा आर्थिक मितव्ययीता तथा पारदशीर्ता कायम गरी जन विश्वास आर्जन गर्ने ।

**उद्देश्य** : गाउँपालिकाका आर्थिक कृयाकलापहरुलाई पारदर्शी बनाई वित्तीय सुशासन कायम गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्य : गाउँपालिकाका आर्थिक कृयाकलापहरुलाई पारदर्शी बनाई वित्तीय सुशासन कायम गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • वित्तीय सुदृढीकरण तथा पारदर्शीतामा जोड दिने । | • गाउँपालिकामा रहेको बेरुजु फछ्यौंटमा शून्य वेरुजुको अबधारणा अवलम्वन गरिनेछ ।<br>• करका दर र दायरालाई व्यवस्थित गर्न राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन गरिनेछ ।<br>• वित्तीय व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।<br>• विकास आयोजनाहरुको ठेक्का-पट्टा निर्धारित समय भित्रै गर्ने तथा विद्युत्तीय बोलपत्रको दायरालाई विस्तार गरी पारदर्शी बनाइनेछ ।<br>• आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गरिनेछ ।<br>• पालिकाको आय ब्यय बिबरणलाई चौमासिक रुपमा सार्वजनिक गरिने छ ।<br>• सार्बजनिक सुनुवाई, सार्वजनिक परिक्षण तथा सामाजिक परीक्षण लाई प्राथकिकताको साथ कार्यान्वयन गरिनेछ । |
| • आवधिक योजनालाई मुख्य आधारको रुपमा ग्रहण गरी अन्य योजना तर्जुमा गर्ने । | • आवधिक योजनाबाट निर्देशित भई वार्षिक नीति तथा कार्यक्रम एवं वजेट तर्जुमा गरिनेछ ।<br>• मध्यकालीन खर्च संरचना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।<br>• लाभ र लागतको विश्लेषण सहित योजना तथा कार्यक्रम अवधि यकिन गरी वार्षिक बजेट विनियोजन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- राजस्व सुधार कार्य योजनाको कार्यान्वयन तथा अध्यावधिक ।
- मध्यकालीन खर्च संरचना तर्जुमा तथा अध्याबधिक ।
- बार्षिक खरिद योजना तथा खरिद गुरु-योजना तर्जुमा ।

**अपेक्षित उपलब्धीहरु**

- राजस्व सुधार कार्य योजनाको प्रभाबकारी कार्यान्वियनबाट राजस्वमा बृद्धि भएको हुनेछ ।
- सार्वजनिक आय ब्यय ब्यवस्थित र पारदर्शी भएको हुनेछ ।
- मध्यमकालिन खर्च संरचना तयार भई कार्यान्वियन भएको हुनेछ ।
- गाउँपालिकाका सम्पूर्ण वित्तीय कारोवारहरु बिद्युतीय माध्यमद्धारा सञ्चालन भएका हुनेछन् ।
- कर्मचारीहरुलाई वित्तीय सुशासन सम्बन्धी तालिमको ब्यवस्था गरी क्षमता अभिबृद्धि भएको हुनेछ ।
- विकास आयोजनाहरुमा खर्च हुने बजेट निर्धारित समयमा निकासा गरी समयमा नै काम सम्पन्न गर्ने परिपाटिको विकास भएको हुनेछ ।
- बेरुजु फछ्यौंटलाई प्राथमिकताका साथ कार्यान्वयन गरिएको हुनेछ ।

### ९.३ न्याय प्रणाली

#### विद्यमान अवस्था

पन्ध्रौ योजनाले स्वतन्त्र, निष्पक्ष, पहूँचयोग्य, सक्षम र विश्वसनीय न्याय प्रणाली भन्ने दीर्घकालीन सोँच र सो अनुसारको लक्ष्य लिएको थियो । सोह्रौ योजनाले न्याय प्रणालीमा सुधार गर्ने रुपान्तरणकारी रणनीति लिएको छ । त्यसैगरी न्यायीक प्रशासन प्रणालीमा सुदृढीकरण कार्यक्रम अन्तरगत न्यायीक प्रक्रियालाई छिटोछरितो, सजह, प्रभावकारी, अनुमानयोग्य र पहुँचयोग्य बनाउने, मुद्दा व्यवस्थापनमा सूचनाको प्रयोगमा अभिवृद्धि गर्ने, स्थानीय तहको न्यायीक समितिलाई प्रभावकारी बनाउने, पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक श्रोत साधनको व्यवस्था गर्ने, न्यायीक जनशक्तिलाई आवश्यक तालिम तथा अभिमुखीकरण गर्ने, मेलमिलाप पद्धति मार्फत विवादको विगो समाधान गर्न सहजीकरण गर्ने जस्ता कार्यक्रमहरु राखिएका छन् । प्रदेशको दोस्रो आवधिक योजनाले पनि सम्बद्ध जनशक्तिको संस्थागत क्षमता अभिवृद्धि गर्ने रणनीति अंगिकार गरेको छ ।

नेपालको संबिधानमा भएको व्यवस्था बमोजिम प्रत्येक पालिकामा एक न्यायिक समिति रहने ब्यवस्था छ । यस समितिको क्षेत्राधिकार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ अनुसार हुने व्यवस्था छ । न्याय प्रणालीको प्रस्थान विन्दुको रुपमा रहेको यस समितिलाई न्याय सम्पादन र व्यवस्थापनमा सक्षम एवं प्रणालीबद्ध बनाई प्रभावकारीता ल्याउनु अपरिहार्य छ । स्थानीय तहमा न्यायिक कार्य सम्पादन सम्वन्धी ज्ञान र सीपको अभावमा शुरुमा काम गर्न केही असहज महसूस गरिएता पनि विस्तारै समितिका पदाधिकारी एवं कर्मचारीहरुको क्षमता अभिबृद्धि भई हाल सहज अवस्था श्रृजना भएको अवस्था छ । न्यायिक समितिका काम कार्यबाहीहरुलाई व्यवस्थित गर्न कार्यपालिकाबाट न्यायिक समितिको कार्य संचालन सम्वन्धी कार्यबिधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

#### अवसर र चुनौती

**अवसरहरु**

- नेपालको संबिधानमै स्थानीय तहमा न्यायिक कार्यसम्पादनका लागि न्यायिक समितिको व्यबस्था भै स्थानीय सरकार संचालन ऐन, २०७४ मा न्यायिक समितिको क्षेत्राधिकार बारे प्रष्टरुपमा उल्लेख भएको ।
- गाउँपालिकामा न्यायिक समिति गठन भै न्यायिक कार्यसम्पादनको कार्य अगाडी बढिरहेको ।
- न्यायिक समितिबाट सम्पादित कार्यहरुबाट जनतामा सकारात्मक सन्देश प्रवाह भएको ।
- गाउँपालिकाका सबै वडाहरुमा सामुदायिक मेलमिलाप केन्द्रहरु गठन भै कार्यसम्पादन भै रहेको ।

**चुनौतीहरु**

- स्थानीय तहमा न्याय सम्पादन प्रणालीलाई पद्धतिको रुपमा विकास गर्ने ।
- न्यायिक कार्य सम्पादनका लागि पर्याप्त ज्ञान तथा सीपको व्यवस्थापन गर्ने ।
- आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।

**दीर्घकालीन सोँच : यशोधराको प्रतिबद्धता; निष्पक्ष न्याय सम्पादनमा अग्रसरता ।**

**लक्ष्य :** स्वतन्त्र, निष्पक्ष तथा सहजरुपमा न्याय पाउने अवस्थाको सिर्जना गर्ने ।

**उद्देश्य** : यशोधरावासीलाई सहज न्यायिक सेवा उपलव्ध गराउने ।

**रणनीति र कार्यनीति**

| उद्देश्य : यशोधरावासीहरुलाई सहज न्यायिक सेवा उपलब्ध गराउने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • न्यायिक कार्यसम्पादनका लागि संस्थागत सुदृढीकरण र क्षमता विकासमा जोड दिने । | • आवश्यकता अनुसार कार्यविधिमा सुधारगरी कार्यान्वयनमा ल्याइनेछ ।<br>• न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिनेछ ।<br>• वडाहरुमा गठन भएका सामुदायिक मेलमिलाप केन्दलाई थप सुदृढीकरण गरिने छ ।स्थानीय स्तरमा सामाजिक भेद्भाव, कुरीतीहरु, लैंगिक हिंसा  जस्ता बिषयमा कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम ।
- स्थानीय स्तरमा कानूनी सचेतना कार्यक्रम सञ्चालन ।
- वडा तहमा मेलमिलाप केन्द्रहरुको ब्यवस्थापन ।

**अपेक्षित उपलब्धी**

- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीको क्षमतामा अभिबृद्धि भई न्याय सम्पादनमा सहजता हुनेछ ।
- सवै वडाहरुमा मेलमिलापकर्ताहरुको सहयोगमा मेलमिलापका कार्यहरु सम्पादन भएका हुनेछन् ।
- स्थानीय रुपमा उठ्ने बिवादहरुको न्यूनीकरण हुदै जानेछ ।

## ९.४ नविनतम प्रविधिको प्रयोग

**विद्यमान अवस्था**

नवीनतम प्रविधिलाई देशको विकासँग आवद्ध गर्दै यस सम्बन्धी खोज, आविस्कार, उत्खनन् र विकासमा लगानी गर्न आवश्यक छ । स्वच्छ वातावरण, शिक्षा, स्वास्थ, पूर्वाधार, सूचना तथा सञ्चार, सेवा, लगाएतको क्षेत्रमा नवीन प्रविधिको प्रयोग गरी सुखी एवं समृद्ध राष्ट्र निर्माणमा टेवा पुऱ्याउन पनि उत्तिकै जरुरी छ । उत्पादनसँग प्रविधि तथा नव-पर्वर्तन भन्ने सोँच र नवीनतम प्रविधिलाई उत्पादनमा आवद्ध गर्दै समृद्धि हासिल गर्ने सोँच पन्ध्रौ योजनाले लिएको थियो । सोह्रौ योजनाले सबै क्षेत्रमा अनुसन्धान तथा विकास र नवप्रवर्तनलाई आत्मसात गरेको छ । अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनमा जोड दिने रुपान्तरणकारी रणनीति सहित यस क्षेत्रको विकासको लागि नीतिगत तथा संस्थागत सुधार, प्रविधि विकास र उपयोगमा सहकार्य, सुशासनका लागि प्रविधिको उच्चतम प्रयोग, नविनतम प्रविधि अनुसन्धान तथा उपयोग र रैथाने वस्तु र प्रविधिको विकास तथा संरक्षण जस्ता कार्यक्रमहरु यस योजनामा राखिएका छन् । लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले **नवीनतम प्रविधिको दिगो विकास र अधिकतम उपयोग** भन्ने दीर्घकालीन सोँच सहित वैज्ञानिक आविष्कार तथा नवपर्वतनलाई प्रवर्द्धन गर्ने, क्षमतावान युवा जनशक्तिलाई वैज्ञानिक आविष्कार तथा नवप्रवर्तन सम्बन्धी कार्य गर्न प्रोत्साहन गर्ने जस्ता रणनीतिहरु अंगिकार गरेको छ ।

यशोधरा  गाउँपालिकाले  नविनतम प्रविधिलाई प्राथमिकताका साथ प्रयोग गर्दै आएको छ । हाल पालिकामा व्यक्तिगत घटना दर्ता सम्वन्धी सफ्टवेयर, शिक्षा सम्वन्धी **EMIS,** स्वास्थ्य सम्वन्धी **HMIS,** लेखा तथा राजश्व व्यवस्थापनको लागी **SUTRA,** योजना ब्यवस्थापनमा **PAM** तथा जिन्सी ब्यवस्थापन सम्वन्धी सफ्टवेयर,   लगायत अन्य विभिन्न सफ्टवेयर

प्रयोगमा रहेका छन् । गाउँपालिकाले आफ्नै वेवसाइट, फेसबुक पेज समेत प्रयोगमा ल्याइसकेको छ । आगामि दिनहरुमा सेवा प्रबाहलाई अझ बढी सहज र सुलभ भरपर्दो बनाउन विभिन्न स्थानहरुमा इन्टरनेट सेवा विस्तार गरी नविनतम ज्ञानको विस्तार र गुणस्तरिय सेवा प्रवाहमा सुधार ल्याउन आवश्यक छ ।

### अवसर र चुनौती

**अवसर**

- बिभिन्न सफ्टवेयरहरु निर्माण गरी सेवा प्रवाहलाई छिटो छरितो गर्न सकिने ।
- शिक्षित युवा पिढी सूचना प्रविधिमा बढी अभ्यस्त र लालायित रहेको ।
- नयाँ प्रविधियुक्त स्मार्ट मोबाइलको उल्लेख्य विस्तार भएको ।
- भू-मण्डलीयकरणले गर्दा नविनतम प्रविधिलाई सहज रुपमा प्रयोग गर्न सकिने अवस्था रहेको ।

**चुनौती**

- नविनतम प्रविधिलाई उत्पादनसँग जोड्ने गरी विस्तार र प्रयोग गर्ने ।
- नविनतम प्रविधिको समुचित प्रयोग र व्यवस्थापन गर्ने ।

### दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

**दीर्घकालीन सोँच** : **आर्थिक तथा सामाजिक समुन्नतीका लागि नबिनतम प्रविधिको प्रयोग ।**

**लक्ष्य** : पालिका भित्र इन्टरनेटको सहज पहूँच पुऱ्याई प्रविधिमैत्री वातावरण कायम गर्ने ।

**उद्देश्य :** नबिनतम प्रविधिको प्रयोगबाट सेवा प्रवाहमा सहजता भएको हुनेछ ।

### रणनीति र कार्यनीति

| **उद्देश्य :** नबिनतम प्रविधिको प्रयोगबाट सेवा प्रवाहमा सहजता भएको हुनेछ । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • सूचना प्रविधिको विकास र पहूँचका लागि संस्थागत व्यवस्था गरी आर्थिक, सामाजिक विकासको क्षेत्रमा व्यापक प्रयोग गर्ने । | • सूचना प्रविधि सम्बन्धी स्थानीय कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>• गाउँपालिकाको काम, कारवाही र सेवा प्रवाह लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई एकीकृत प्रणालीको रुपमा विकास गरिने छ ।<br>• वडा तथा वस्तीहरुमा इन्टरनेट सुविधा पुऱ्याउन सेवा प्रदायक कम्पनीहरुलाई प्रोत्साहन गरिनेछ ।<br>• सबै वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयमा इन्टरनेट सेवा पुऱ्याउन प्राथमिकता दिइनेछ ।<br>• जनतालाई लाभ पुऱ्याउने गरी मोबाइल एप तथा वेवसाइटको प्रयोगमा जोड दिइने छ । |

### प्रमुख कार्यक्रम

- सूचना प्रविधि सम्बन्धी स्थानीय कानून तर्जुमा ।
- विद्युतीय शासन प्रवर्द्धन कार्यक्रम ।
- गाउँपालिका तथा वडा कार्यालय बीच नेटवर्किङ ।

**अपेक्षित उपलब्धी**

- सबै वडा/वस्तीहरुमा भरपर्दो इन्टरनेट सेवा पुगेको हुनेछ ।
- सूचना प्रविधिको प्रयोगबाट छिटो छरितो सेवा प्रवाह भई विद्युतीय सुशासन कायम भएको हुनेछ ।
- फेसबुक पेज, मोबाइल एप्स तथा वेवसाइट मार्फत गाउँपालिकाका विभिन्न गतिविधि बारे नागरिकहरु सुसुचित भएका हुनेछन् ।

## ९.५ शान्ति सुरक्षा

**विद्यमान अवस्था**

सुरक्षा चुनौतीको प्रतिरक्षा गर्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता तथा उद्यम, व्यापार व्यवसायको सुरक्षाको प्रभावकारी प्रबन्ध गर्नु राज्यको संवैधानिक दायित्व हुन्छ । शान्ति र सु-व्यवस्था सुशासन र विकासका लागि अपरिहार्य शर्त हो, स्थीरता र विकासको आधार हो ।

पन्ध्रौ योजनाले **मानवीय सुरक्षा सहितको विकास र समृद्धिका लागि शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति र सम्वर्द्धन गर्ने** लक्ष्य लिएको थियो । सोह्रौ योजनाले राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकता अभिवृद्धि गर्ने रुपान्तरणकारी रणनीति अंगिकार गरेको छ । शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्दै जनतामा सुरक्षाको अनुभूति दिलाउने, नविन सुरक्षा चुनौतीहरुको व्यवस्थापन गरी मानवीय सुरक्षाको प्रत्याभूति गराउन नीतिगत व्यवस्था गर्ने, सबै प्रकारका संगठित अपराध नियन्त्रण गर्ने, तीनै तहका सरकारले प्राथमिकताका साथ सामाजिक सद्भाव र सामाजिक सौहार्दता अभिवृद्धि सम्बनधी नीति/कार्यक्रम तर्जुमा गर्ने, विभिन्न जातजाती, धर्म, भाषा, संस्कृति र सम्प्रदाय बीच पारस्पारिक सद्भाव मार्फत एक्यबद्धता कायम गर्ने जस्ता रणनीतिहरु यस योजनाले अवलम्बन गरिएको छ । प्रदेशको दोस्रो आवधिक योजनाले **शान्ति सुरक्षाको प्रत्याभूतिः सुरक्षित प्रदेश** भन्ने दीर्घकालीन सोँच सहित सुरक्षा संयन्त्र सबल बनाई शान्ति सुरक्षा, सुशासन र विकासको वातावरण सिर्जना गर्दै अपराधजन्य गतिविधिको नियन्त्रण गर्ने उद्देश्य लिएको छ ।

समृद्ध यशोधराको परिकल्पनालाई सार्थक वनाउन नागरिक सुरक्षा सहितको शान्तिपूर्ण बातावरण आवश्यक पर्दछ । कुनै पनि आर्थिक गतिविधि संचालनका लागि पहिलो शर्तका रुपमा स्थानीय स्तरको शान्तिपूर्ण वातावरण नै प्रमुख रहन्छ । समाजमा घट्ने हत्या, हिंसा, बलत्कार, अपहरण, मानव बेचविखन, चोरी डकैती जस्ता अपराधिक गतिविधिहरु नियन्त्रण गरी शान्ति स्थापना गर्नु सरकारको कर्तव्य हुन आउछ । यद्यपि सबै तहको शान्ति स्थापना गर्ने कार्य केन्द्रीय सरकारको भएता पनि स्थानीय सरकारको भूमिका समेत महत्वपुर्ण रहन्छ । गाउँपालिकामा शान्ति सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्न, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितताका साथै स्थानीय स्तरमा संचालन हुने विकास निर्माणका गतिविधिहरुलाई सुचारु गराउने दायित्व समेत स्थानीय सरकारको हुने हुँदा यशोधरा गाउँपालिकाले शान्ति सुरक्षा स्थापनाका लागि पालिकामा स्थापना भएका तथा अन्य पालिकाबाट सेवा प्रवाह गर्ने प्रहरी चौकीहरुसँगको सहयोग र समन्वयमा शान्ति सुरक्षा सम्बन्धी कार्यलाई सुझबुझका साथ अगाडी बढाइरहेको अवस्था छ । यस कार्यमा स्थानीय स्तरमा गठन भएका सामुदायिक संघ संस्थाहरुले समेत अहं भूमिका निर्वाह गरिरहेको अवस्था छ ।

**अवसरहरु**

- पालिकामा अन्तरगतको मर्यादपुरमा रहेको इलाका प्रहरी चौकीले पालिकाका वडा नं ५, ७ र ८ वडाहरु, रंगपुरमा रहेको इलाका प्रहरी चौकीले वडा नं ३, ४ र ६, गणेशपुर प्रहरी चौकी मायादेबीले वडा नं १ को क्षेत्रमा शान्ती सुरक्षाको बन्दोवस्त मिलाएको छ भने सदरमुकाममा तौलिहवामा रहेको इलाका प्रहरी कार्यालयले यशोधरा २ को शान्ति सुरक्षा प्रदान गर्ने गरी व्यवस्था मिलाइएको छ।
- वडा स्तरमा गठन गरिएका सामाजिक संघ संस्थाहरुको भूमिका सकारात्मक रहेको।
- स्थानीयवासीहरु आपसी मेलमिलाप र सद्भाव कायम गरी गाउँ समाजमा शान्ति कायम गर्न सदिऔं देखि अभ्यस्त रहेको।

**चुनौतीहरु**

- गाउँपालिकाको भूगोल ठूलो रहेकोले मौजुदा संगठन र जनशक्तिबाट शान्ति सुरक्षा कायम गर्ने।
- नयाँ स्वरुपमा देखा परेका अपराधिक गतिविधिलाई नियन्त्रण गर्ने।

**दीर्घकालीन सौंच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सौंचः** शान्त र सुरक्षित यशोधरा।

**लक्ष्य :** स्थानीय जनतालाई महसूस हुने गरी शान्ति सुव्यवस्था कायम गर्ने।

**उद्देश्य :** शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने।

**रणनीति र कार्यनीति**

| **उद्देश्यः शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • गाउँपालिकामा शान्ति सुरक्षा तथा सुव्यवस्था कायम गरी बिधिको शासन स्थापना गर्ने। | • प्रहरी चौकीहरुमा आवश्यक स्रोत, साधनको व्यस्थापन गरिनेछ।<br>• गाउँपालिकामा रहेका विभिन्न महत्वपूर्ण भौतिक, साँस्कृतिक, पूरातात्विक वस्तु, भवन, पूर्वाधार आदिमा सुरक्षा प्रवन्ध मिलाइनेछ<br>• शान्ति सुरक्षा तथा सु-व्यवस्थामा स्थानीय स्तरमा गठन भएका सामुदायिक संघ संस्थाहरुलाई समेत परिचालन गरिनेछ।<br>• स्थानीयबासी तथा प्रहरी बिचको सम्वन्धलाई अफ बढी सुदृढ गर्न सामुदायिक प्रहरी कार्यक्रम संचालन गरिनेछ। |

**प्रमुख कार्यक्रम**

- सुरक्षा प्रशासनलाई प्रविधियुक्त बनाउन आवश्यक सहयोग।
- सामुदाय र प्रहरी कार्यक्रम।
- लागु पदार्थ तथा दुर्व्यसन नियन्त्रण तथा सचेतना कार्यक्रम।

**अपेक्षित उपलब्धी**

- गाउँपालिका क्षेत्र भित्र शान्ति सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण भई लगानी मैत्री वातावरण स्थापना भएको हुनेछ ।
- योजना अवधि भित्र स्थानीय स्तरमा सामुदायिक प्रहरी इकाई स्थापना गरी परिचालन भएको हुनेछ ।

## ९.६ अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार

**विद्यमान अवस्था**

विकास प्रक्रियालाई नतिजामूलक र पारदर्शी बनाई सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्न अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्यांकनका विभिन्न औजारहरु प्रयोग गरिन्छ । विकास आयोजनाहरुको व्यवस्थित अनुगमन तथा मूल्यांकनका लागि राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ र प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ समेत कार्यान्वयनमा छन् ।

अनुगमन तथा मूल्यांकनको सवालमा पन्ध्रौ योजनाले **नतिजामूलक अनुगमन तथा मूल्यांकन व्यवस्था मार्फत शासकीय सुधार** भन्ने सोँच एवं लक्ष्य अङ्गिकार गरेको थियो । सोह्रौ योजनाले अनुगमन तथा मूलाङ्कन प्रणालीको विकास गर्ने रुपान्तरणकारी रणनीति अंगिकार गरेको छ । यस अन्तरगत पदाधिकारीको स्पष्ट उत्तरदायित्व निर्धारण गर्न कानूनी व्यवस्था मिलाउने, अनुमन तथा मूल्याङ्कन प्रणालीमा प्रविधिको अधिकतम प्रयोग गर्ने, नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्न पृष्ठपोषणलाई अनिवार्य कार्यान्वयन गर्ने, गराउने, प्रशासनिक सुशासनलाई नतिजामुखी बनाउन सेवाग्राहीबाट सम्बन्धित पदाधिकारीको मूल्याङ्कन गर्ने प्रणाली विकास गर्ने जस्ता रणनीतिहरु राखिएका छन् । लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले **प्रभावकारी अनुगमन तथा मूल्याङ्कनः सफल योजना कार्यान्वयन** भन्ने दीर्घकालीन सोंच र अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई सूचकमा आधारित नतिजा सुनिश्चित गर्ने उद्देश्य लिएको छ । यीनै राष्ट्रिय तथा प्रादेशिक योजनाहरुले लिएको सोंच, लक्ष्य र लक्ष्यहरुसँग तादाम्यता राखी यशोधरा गाउँपालिकाको आवधिक योजना तर्जुमा गरिनुपर्दछ ।

अनुगमन तथा मूल्यांकन आन्तरिक तथा तेश्रो पक्ष मार्फत गरिन्छ, जसबाट योजना तथा कार्यक्रमको असर र प्रभावको जानकारी हुनुका साथै आवश्यक पृष्ठपोषण प्राप्त गर्न सकिन्छ । यस पद्धतिलाई छिटो, छरितो र व्यवस्थित बनाउन नवीन प्रविधिको प्रयोग हुन आवश्यकता देखिएको छ । स्थानीय तहमा सञ्चालन हुने विकास निर्माणका गतिविधिहरुमा अनुगमन तथा मूल्यांकन पद्धतिलाई संस्थागत गर्न गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा अनुगमन समितिको व्यवस्था गरिएको छ । उक्त समितिले गाउँपालिका अन्तरगत सञ्चालन गरिने विकास निर्माणका गतिविधिहरुको अनुगमन गरी तत्काल सुधारका लागि राय सुझाव दिने तथा गाउँपालिकामा प्रतिवेदन पेश गनुपर्ने व्यवस्था छ । अनुगमन तथा मूल्यांकन पद्धतिलाई विश्वसनीय तथा भरपर्दो गराउन अनुगमन तथा मूल्यांकनका बस्तुगत सूचकहरु विकास गरी सो को आधारमा अनुगमन कार्य गर्न सकिएको छैन । अनुगमन तथा मूल्यांकनको लागि संरचनागत विकास गरिएता पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्दा आयोजनाहरुको कार्यान्वयन अवस्था कमजोर रहने गरेको छ । वर्तमान अवस्थामा अनुगमन तथा मूल्यांकनलाई आन्तरिक रुपमा मात्र सीमित नगरी ठूला तथा प्रविधिमैत्री आयोजनाको तेश्रो पक्षको परिचालन मार्फत समेत गरिने गरिन्छ । यसबाट योजना तथा कार्यक्रमको असर र प्रभावको जानकारी हुनुका

साथै आवश्यक पृष्ठपोषण प्राप्त गर्न सकिन्छ । अनुगमन तथा मूल्यांकन पद्धतिलाई छिटो, छरितो र व्यवस्थित बनाउन नवीनतम प्रविधिको समेत प्रयोग हुने गरेकोमा आगामी दिनहरुमा यसलाई ब्यापक रुपमा लैजान आवश्यक छ ।

**चुनौती र अवसरहरु**

**अवसरहरु**

- नेपालको संविधानमै अनुगमन तथा मूल्यांकन सम्वन्धी प्रष्ट व्यवस्था गरिएको ।
- हालको अनुगमन तथा मूल्यांकन पद्दतिलाई सुदृढ तथा प्रभावकारी बनाउने ।
- अनुगमन तथा मूल्यांकन पद्धतिमा प्रबिधिको प्रयोग गर्ने ।
- बौद्धिक ब्यक्तित्व र स्थानीय स्तरमा क्रियाशील संघ संस्थाहरुको सहयोग लिने ।

**चुनौतीहरु**

- अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतिजामा आधारित गर्ने ।
- अनुगमन तथा मूल्यांकन पद्धतिलाई सूचना मैत्री बनाउने ।
- अनुगमन तथा मूल्यांकन सम्वन्धी संरचनागत व्यवस्थालाई प्रभावकारी रुपमा परिचालन गर्ने ।

**दीर्घकालीन सौंच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सौंच : गुणस्तरमा सुनिश्चितता; अनुगमन तथा मूल्यांकनको प्रभावकारीता ।**

**लक्ष्य :** बिकास निर्माण कार्यमा गुणस्तर कायम गरी जनताप्रतिको जवाफदेहितालाई सुनिश्चित गर्ने ।

**उद्देश्य :** अनुगमन तथा मूल्यांकन प्रणालीमा प्रभावकारिता ल्याई बिकास निर्माणमा गुणस्तर कायम गर्ने ।

**रणनीति र कार्यनीति**

| **उद्देश्यः अनुगमन तथा मूल्यांकन प्रणालीमा प्रभावकारिता ल्याई बिकास निर्माणमा गुणस्तर कायम गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतीजामा आधारित गराई प्राप्त सुझावहरुलाई पृष्ठपोषणको रुपमा लिने । | • वार्षिक कार्यक्रम सञ्चालन गर्नु पूर्व कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गरिनेछ ।<br>• कार्यक्रम कार्यान्वयनको क्रममा आउने जनगुनासाहरु तथा प्रविधिक कठिनाईहरुलाई तत्काल सम्वोधन गर्ने व्यवस्था मिलाइनेछ ।<br>• अनुगमन तथा मूल्यांकनबाट प्राप्त सुझावहरुलाई पृष्ठपोषणको रुपमा लिई सुधार गर्दै लगिनेछ ।<br>• नतिजा मा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिका सूचकहरुको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>• अनुगमन तथा मूल्यांकन संग सम्वद्ध व्यक्तिलाई नतीजामा आधारित अनुगमन तथा मूल्यांकन पद्धति बारे प्रशिक्षण गरी परिचालन गरिने छ |

**प्रमुख कार्यक्रम**

- नतीजामा आधारित अनुगमन तथा मूल्यांकन कार्यविधि तर्जुमा ।
- आयोजनाहरुको नतीजामा आधारित अनुगमन तथा मूल्यांकन ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकास कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- नतीजामा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिको विकास भएको हुनेछ ।
- कार्यपालिकाको नियमित बैठकमा अनुगमन तथा मूल्यांकन सम्वन्धी प्रतिवेदनहरुको समीक्षा गर्ने पद्धतिको विकास भई पृष्ठपोषणको कार्यान्वयन भएको हुनेछ ।
- बिभिन्न अभिमुखिकरण तथा तालिम गतिबिधि मार्फत उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता अभिबृद्धि भएको हुनेछ ।

## ९.७ तथ्यांक प्रणाली

**विद्यमान अवस्था**

नेपालको संविधान अनुसार तीनै तहका सरकारहरुले आ-आफ्नो विषयगत कार्यक्षेत्र अन्तरगतका तथ्यांक उत्पादन र आपूर्ति गर्दछन् । यस्ता तथ्यांकहरु विकास र समृद्धिको लागि सरकारका नीति, योजना तर्जुमा, अनुगमन तथा मूल्यांकनका लागि र विभिन्न कार्यक्रमहरुको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्ने वस्तुगत आधार हुन सक्दछन् । **विश्वसनीय तथ्यांक उत्पादन गरी नियमित आपूर्तिको व्यवस्था गर्ने** सौँच पन्ध्रौ योजनाले लिएको थियो । सोह्रौ योजनाले तथ्यङ्क प्रणालीको सुदृढीकरण गर्ने रुपान्तरणकारी रणनीति अंगिकार गरेको छ । तथ्यमा आधारित नीति तथा योजना तर्जुमाका लागि एकीकृत तथ्याङ्क प्रणालीको विकास र विस्तार गरी विद्युतीय प्रणालीमा आबद्ध गर्ने, आवश्यक तथ्याङ्क उत्पादन, विश्लेषण, प्रकाशन तथा आदान प्रदानका लागि आवश्यक पूर्वाधार तथा कार्य संरचना स्थापना गरी सञ्चालन गर्ने, गुणस्तरीय तथ्याङ्कीय आधार तयार गर्न अन्तराष्ट्रिय मापदण्ड तथा ढाँचा लागु गर्ने, सबै सरकारका तथ्याङ्कीय इकाईको सुदृढीकरणका लागि प्रविधि, श्रोत साधन तथा जनशक्तिको व्यवस्थापन तथा विकास गर्ने जस्ता रणनीतिहरु यस योजनामा अवलम्बन गरिएको छ । प्रदेशको दोस्रो आवधिक योजनामा **अद्यावधिक तथ्याङ्कको उपलब्धता: तथ्यमा आधारित निर्णय र योजना** भन्ने सौँच सहित तथ्याङ्क व्यवस्थापनका लागि संस्थागत व्यवस्था सहितको प्रणाली विकास गर्ने जस्ता रणनीति अवलम्बन गरिएको छ ।

नीति निर्माण तथा योजना तर्जुमाका लागि भरपर्दो तथा विश्वसनीय तथ्यांकको आवश्यकता पर्दछ । भरपर्दो तथ्यांकको अभावमा विद्यमान स्थितिको यथार्थ विश्लेषण गर्न सकिदैन । यशोधरा गाउँपालिकाले २०७५ मा सेवा प्रदायक संस्था मार्फत तथ्यांक संकलन तथा प्रशोधन गरी वस्तुस्थिति विवरण तयार गरेको भएता हाल यो पुरानो भैसकेको अवस्था छ । यशोधरा गाउँपालिका सूचना प्रविधिको प्रयोगमा बामे सर्देछ । सूचना प्रविधिको प्रयोगका लागि सोही अनुसारको जनशक्ति पनि आवश्यक हुन्छ । त्यसैले गाउँपालिकाले कर्मचारीहरुलाई प्रविधिको प्रयोग सम्वन्धी ज्ञान र सीप हस्तान्तरण गर्नु आवश्यक छ । यसका लागि कर्मचारीहरुलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गरी विश्वसनीय तथ्यांक उत्पादन र वितरणमा सुनिश्चितता ल्याउन जरुरी छ ।

## चुनौती र अवसर

### अवसरहरु

- गाउँपालिकाका विभिन्न शाखा र वडा कार्यालयहरुमा आवश्यक तथ्यांक संकलन गरी अद्यावधिक गर्ने ।
- उपलब्ध जनशक्ति र प्रविधिको प्रयोगद्धारा तथ्यांक संकलन र विश्लेषण गर्न सकिने अवस्था रहेको ।
- केन्द्रीय तथ्यांक कार्यालय लगायत अन्य सम्बद्ध निकायको संयोजनमा तथ्यांक अद्यावधिक गर्न सकिने ।

### चुनौतीहरु

- दक्ष जनशक्ति र आधुनिक प्रविधिको प्रयोग गरी गाउँपालिकाले वास्तविक र भरपर्दो तथ्यांक अद्यावधिक गर्ने ।
- वास्तविक तथ्यांकहरुको आधारमा नीति निर्माण तथा विकास आयोजना छनौट तथा सञ्चालन गर्ने ।

### दीर्घकालीन सौँच, लक्ष्य, उद्देश्य

**दीर्घकालीन सौँच : यशोधराको प्रतिवद्धता, तथ्यांकमा आधारीत कार्य व्यवस्था ।**

**लक्ष्य :** नीति निर्माण तथा योजना तर्जुमाका लागि विश्वसनीय तथा आधिकारीक तथ्यांकको ब्यवस्थापन गर्ने ।

**उद्देश्य :** आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन तथा भण्डारणको व्यवस्थापन गर्ने ।

### रणनीति र कार्यनीति

| **उद्देश्य : आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन तथा भण्डारणको व्यवस्थापन गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • तथ्यांक संकलन, प्रशोधन, भण्डारण र व्यवस्थापन सम्वन्धी कार्यलाई ब्यवस्थित वं परिणाममुखी बनाउने । | • ब्यवस्थित सूचना तथा अभिलेख केन्द्रको स्गापना गरिनेछ ।<br>• सूचना संकलन, प्रशोधन तथा प्रकाशनलाई प्रविधिमैत्री बनाइनेछ ।<br>• भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग गरी क्षेत्रगत तथ्यांकहरु (Spatial Data) को व्यवस्थापन गरिनेछ ।<br>• पालिकाको वस्तुस्थिति विवरण तयार गरिनेछ ।<br>• गाउँपालिकाको वेबसाइट अद्यावधिक गरी वार्षिक कार्यक्रम, विविध प्रकाशन र सूचनाहरु सार्वजनिकीकरण गरिनेछ । |

### प्रमुख कार्यक्रम

- सूचना तथा अभिलेख केन्द्र व्यवस्थापन ।
- गाउँपालिकाको वस्तुगत विवरण तयारी तथा प्रकाशन ।
- क्षेत्रगत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण एवं प्रकाशन ।
- **GIS** प्रबिधिबाट स्थानगत नक्सा अद्यावधिक कार्यक्रम ।

### अपेक्षित उपलब्धी

- तथ्यांक प्रणालीलाई व्यवस्थित र भरपर्दो बनाउन आवश्यक कार्यविधि सहितको संयन्त्र निर्माण भएको हुनेछ ।
- दक्ष जनशक्ति र आधुनिक प्रविधिको प्रयोग गरी पालिका स्तरको तथ्यांक तथा भौगोलिक सूचना प्रणाली **(GIS)** मा आधारित नक्साहरु अद्यावधिक भएका हुनेछन् ।
- तथ्यांकमा आधारित योजना छनौट प्रकृयाको बिकास भएको हुनेछ ।
- गाउँपालिकाको वस्तुगत विवरण तयार भै आवधिक रुपमा अद्यावधिक भएको हुनेछ ।

## ९.८. सामुदायिक-गैसस-साझेदारी

### विद्यमान अवस्था

सामाजिक रुपान्तरण, समृद्धि तथा आर्थिक विकासको साझेदारको रुपमा गैर सरकारी संस्था (गैसस) को महत्वपूर्ण भूमिका रहेको छ। दीगो विकासको लक्ष्यले पनि नागरिक समाजको साझेदारीलाई समावेश गरेको छ। हाम्रो संविधानले सामुदायिक संघ संस्था तथा गैर सरकारी संस्थाहरुको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउन त्यस्ता संस्थाको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकता प्राप्त क्षेत्रमा संलग्न गराउने व्यवस्था गरेको छ। सामुदायिक संघ संस्था तथा गैससलाई विकास प्रयासमा सहयात्रीको रुपमा योगदानको वातावरण निर्माण गरी उनीहरुबाट प्रवाह हुने श्रोतको उपयोगलाई पारदर्शी बनाई सामाजिक परिचालन मार्फत सेवा प्रवाह गरी जनताको जीवनस्तर सुधारमा जोड दिनु आजको आवश्यकता हो। **गैर सरकारी संस्थालाई मर्यादित, पारदर्शी र व्यवस्थित रुपमा परिचालन गर्दै सामाजिक तथा आर्थिक विकास गर्ने** लक्ष्य पन्ध्रौ योजनाले लिएको थियो। सोह्रौ योजनाले सामाजिक तथा गैर सरकारी संस्था परिचालन तथा संस्थागत सुशासन कायम गर्ने रुपान्तरणकारी रणनीति अंगिकार गरेको छ। तीनै तहका सरकारको समन्वय र सहकार्यमा सरोकारवाला निकायहरुको संस्थागत सबलीकरण गर्ने, सामाजिक तथा गैर सरकारी संघ संस्थामा संस्थागत सुशासन कायम गर्न, पारदर्शीता, उत्तरदायित्व र जवाफदेहिता अभिवृद्धिका लागि एकद्वार प्रणाली अवलम्बन गर्ने रणनीतिहरु यस योजनामा राखिएका छन्। लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनामा गैरसरकारी संस्थाहरूलाई गरिबीको सघनता बढी भएका स्थानहरूमा कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गर्ने, विपद् चक्रका विभिन्न चरणहरूमा गैरसरकारी क्षेत्रको स्रोत परिचालनका लागि समन्वय तथा सहजीकरण गर्ने, सार्वजनिक सेवाको निगरानी गर्न नागरिक समाजको क्षमता अभिवृद्धि गर्ने जस्ता रणनीति/कार्यनीति अंगिकार गरिएको छ। बालबालिका संरक्षणको क्षेत्रमा, भाषा संस्कृति संरक्षण तथा प्रवर्द्धनमा, साँस्कृतिक सम्पदा संरक्षणमा, विभिन्न चेतनामूलक कार्यक्रम तथा सामाजिक परिचालनमा, वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षणमा, सरसफाई सम्बन्धी अभियानमा, विभिन्न लक्षित वर्गहरुको क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरुमा गैसस तथा सामुदायिक संस्थाहरुसँग साझेदारी तथा सहकार्य गर्ने गरिएको छ।

हाल यशोधरा गाउँपालिकालाई कार्य क्षेत्र बनाई  काम गर्नै मुख्य विकास साझेदारहरुले बिभिन्न क्षेत्रमा गाउँपालिका संगको समन्वयमा कार्य गरीरहेको अवस्था छ। गाउँपालिकासँग ती संघ संस्थाहरुको समन्वय तथा सहकार्यको अवस्था राम्रो रहेको छ। गाउँपालिकाले सवै वडाहरुका टोल बस्तीहरु समेटी टोल विकास संस्थाहरु गठन गरी ती संस्थाहरुको परिचालन मार्फत विभिन्न अभियानमुखी कार्यक्रमहरु सञ्चालन गर्ने, पछाडी परेका व्यक्ति तथा समुदायलाई सामाजिक परिचालनको माध्यमबाट विकास को मूलधारमा ल्याउने जस्ता कार्यमा परिचालन गर्न सकिन्छ। आमा समुह, युवा क्लव र समुदायमा आधारित संस्थाहरु गाउँपालिकाको सामाजिक पुँजीका रुपमा रहेका हुन्छन् र यी संस्थाहरुलाई विभिन्न राष्ट्रिय अभियान लगायत सामाजिक रुपान्तरणका कार्यहरुमा परिचालन गर्न सकिन्छ।

### चुनौती र अवसर

#### अवसरहरु

- यशोधरा गाउँपालिकालाई कार्यक्षेत्र बनाएर विभिन्न गैर सरकारी संस्थाहरुले कार्य गरिरहेको।
- स्थानीय स्तरमा रहेका सामुदायिक संघ संस्थाहरुलाई सामाजिक रुपान्तरणका कार्यमा परिचालन गर्न सकिने।
- सबै वडामा टोल विकास संस्थाहरु गठन गरी परिचालन गर्न सकिने अवस्था रहेको।

**चुनौतीहरु**

- गैससहरुलाई गाउँपालिकाको एउटै छाता मुनि ल्याई परिचालन गर्ने ।
- गैससहरुले आफ्नो बार्षिक कार्यक्रमहरु पालिकाको सभाबाट स्वीकृत गराई कार्यान्वयनमा जाने ।
- स्थानीय आमा समूह, युवा क्लबहरुलाई आवश्यक साधन, श्रोतको व्यवस्थापन गर्ने ।

**दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य**

**दीर्घकालीन सोँच : जवाफदेही र पारदर्शी सामुदायिक तथा गैर सरकारी संघ संस्था ।**

**लक्ष्य** : गैसस तथा सामुदायिक संस्थाहरुका गतिविधिहरुलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणको कार्यमा परिचालन गर्ने ।

**उद्देश्य** : आर्थिक/सामाजिक रुपान्तरणमा गैसस तथा सामुदायिक संस्थाहरुको साधन श्रोत एकीकृत रुपमा परिचालन गर्ने ।

**रणनीति र कार्यनीति**

| उद्देश्य : **आर्थिक/सामाजिक रुपान्तरणमा गैसस तथा सामुदायिक संस्थाहरुको साधन श्रोत एकीकृत रुपमा परिचालन गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • गैसस तथा विभिन्न सामुदायिक संस्थाहरुलाई जिम्मेवार र उत्तरदायी बनाई सामाजिक, आर्थिक क्षेत्रमा परिचालन गर्ने । | • गैसस तथा सामुदायिक संस्था परिचालनका लागि आचार संहिता तर्जुमा गरिनेछ<br>• यशोधरालाई कार्यक्षेत्र बनाई कार्यरत गैससको कार्यक्रम तथा बजेट सभाबाट अनिवार्य स्वीकृत गराई कार्यान्वयन गरिनेछ ।<br>• आमा समूह, युवा क्लब, परम्परागत सामुदायिक संस्थाहरुलाई सम्भव भएसम्मको श्रोत उपलब्ध गराई सामाजिक, आर्थिक क्षेत्रमा परिचालन गरिनेछ ।<br>• टोल विकास संस्थाको गठन एवं परिचालन सम्बन्धी कार्यविधि आवश्यकता अनुसार परिमार्जन गरी वातावरण संरक्षण, प्रकोप व्यवस्थापन तथा सरसफाई जस्ता कार्यमा परिचालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- गैसस तथा सामुदायिक संस्था परिचालन कार्यबिधि निर्माण ।
- टोल विकास संस्थाको गठन तथा परिचालन ।
- गैससहरुसंगको नियमित भेटघाट तथा अन्तरकृया ।
- स्थानीय स्तरमा गठन भएका आमा समुह, सामुदायिक संस्था परिचालन कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

- गैसस तथा सामुदायिक संस्था परिचालन सम्बन्धी आचार संहिता तथा कार्यविधि तर्जुमा भएको हुनेछ ।
- गैससहरु पारदर्शी र जवाफदेही भई परिचालन भएका हुनेछन् ।
- टोल विकास संस्थाहरु गठन भई कृयाशील भएका हुनेछन्

# परिच्छेद-१०

# वित्तीय विश्लेषण

## १०.१ पालिकाको विगत ३ बर्षको वजेट विश्लेषण

### १०.१.१ स्थानीय तहको सार्वजनिक वित्त सम्बन्धी व्यवस्था

राज्यको पुनर्संरचना पश्चात संवैधानिक हैसियत प्राप्त स्थानीय सरकारको विकास योजना सम्बन्धी कार्यक्रमहरु अघि बढाउँदा गाउँपालिकाको सार्वजनिक वित्तको अवस्था र तत्सम्बन्धी नीतिहरुको विश्लेषण गर्न आवश्यक हुन्छ। स्थानीय तहहरु आफ्नो वित्तीय नीति आफै तर्जुमा गर्न सक्ने, आफ्नो वार्षिक वजेट र आवधिक विकास योजना आफै निर्माण र कार्यान्वयन गर्न सक्ने गरी कानुनमा व्यवस्था गरिएको छ। अधिकांस स्थानीय तहहरुको आन्तरिक राजश्व न्यून हुनु र आन्तरिक ऋण एवं वैदेशिक सहयोग प्राप्त गरी परिचालन गर्ने अभ्यास नहुँदा वर्तमान अवस्थामा स्थानीय तहको समष्टिगत वित्तीय तथा आर्थिक क्षेत्र साँघुरो रहेकोले संघीय तथा प्रदेश सरकारले उपलब्ध गराउने अनुदान र राजश्व बाँडफाँडमा भर पर्नुपर्ने अवस्थामा रहेका छन्।

वित्तीय संघीयताको सैद्धान्तिक र व्यवहारिक प्रयोगको सर्न्दभमा स्थानीय तहको वजेट तथा कार्यक्रमहरुमा खर्चको बाँडफाँड र राजश्व उठाउने अधिकार स्थानीय तहले प्राप्त गरेका छन्। यस अन्तरगत खर्चका विभिन्न क्षेत्रहरुमा राजश्व उठाउने अधिकार दिइएको छ। संघीय र प्रदेश तहका सार्वजनिक खर्चका विभिन्न क्षेत्र र शीर्षकहरु स्थानीय तहमा पनि लागु हुन्छ भने स्थानीय तहमा उठाउन सकिने कर तथा अन्य गैर कर राजश्वका शीर्षकहरुलाई कानूनतः स्पष्ट पारिएको अवस्था छ। स्थानीय तहको समग्र आय व्ययको संरचनाले स्थानीय तहको सार्वजनिक वित्त जनाउँने हुँदा यस अन्तरगत सार्वजनिक खर्च र राजश्वका शीर्षक तथा दरहरु, अन्तर सरकारी वित्त, सार्वजनिक ऋण (आन्तरिक, बाह्य) तथा सहयोग परिचालन, जनसहभागीता परिचालन, सार्वजनिक निजी सहकारी साझेदारी जस्ता विषयहरु पर्दछन्। सार्वजनिक खर्च अन्तरगत प्राप्त हुने श्रोतहरुमा आन्तरिक राजश्व, अन्तर सरकारी वित्त तथा राजश्व वाँडफाँडबाट प्राप्त हुने रकम र बैदेशिक अनुदान सहायतावाट प्राप्त हुने रकम पर्दछन्। रकम खर्च नपुग भएको अवस्थामा घाटा वित्त व्यवस्था हुने र यसका लागि आन्तरिक ऋण परिचालन गरी खर्च व्यवस्थापन गर्नुपर्ने अवस्था सिर्जना भएता पनि बर्तमान परिप्रेक्षमा गाउँपालिकाहरुले घाटा बजेट प्रस्तुत गर्ने प्रचलन भने छैन र स्वही अनुसार यशोधरा गाउँपालिकाको आवधिक योजना तर्जुमा गरिएको छ।

### १०.१.२ सार्वजनिक खर्च विश्लेषण

यशोधरा गाउँपालिकाको सार्वजनिक खर्चको ढाँचालाई मूलतः दुई भागमा विभाजन गरिएको छ-चालु खर्च र पुँजीगत खर्च। चालु खर्च अन्तरगत गाउँपालिकाका प्रशासनिक कर्मचारी तथा पदाधिकारीहरुको तलब भत्ता तथा अन्य सेवा सुविधाहरुमा हुने खर्चहरु पर्दछन् भने संघीय सरकारको शसर्त अनुदानमा आधारित शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, उर्जा, खानेपानी जस्ता क्षेत्रगत कार्यक्रमका सञ्चालन खर्चहरु पर्दछन्। पुँजीगत अन्तरगत आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन, वातावरण संरक्षण एवं विपद् व्यवस्थापनका क्षेत्रमा हुने पुँजीगत (पुँजी निर्माणका) खर्चहरु पर्दछन्।

गाउँपालिकाबाट प्राप्त बिबरण अनुसार आर्थिक वर्ष २०७९/०८० मा कूल सार्वजनिक खर्च रु ४५४८.९३ लाख भएको मध्ये चालु खर्च तर्फ रु ३२०४.७६ लाख (७०.४५%) र पुँजीगत खर्च तर्फ १३४४.१७ लाख (२९.५५%) खर्च भएको देखिन्छ। त्यसै गरी आ.व २०८०/०८१ मा कूल सार्वजनिक खर्च तर्फ ३७८१.८९ लाख यथार्थ खर्च मध्ये चालु खर्च

तर्फ रु लाख २९२३.९८ (७७.३१%) र पुंजीगत खर्च तर्फ ८५७.९१ लाख (२२.६८%) खर्च भएको देखिन्छ भने चालु आ.व.२०८१/०८२ को प्रस्तावित कूल ६१४१.९८ लाख मध्ये ४५२८.६० लाख (७३.७३%) चालु खर्च र १६१३.३८ लाख (२६.२७%) पुंजीगत खर्च तर्फ विनियोजन भएको देखिन्छ ।

आ.व.२०७९/०८० र आ.व.२०८०/०८१ मा भएको कूल खर्च रु ४५४८.९२ लाख र ३७८१.८९.लाख मध्ये आर्थिक विकास तर्फ क्रमश रु १७१.५९लाख (३.७७ %) र रु ११४.५६ लाख (३.९५%), सामाजिक विकास तर्फ १८६०.१५ लाख (४०.८९ %) र १८२२.४४ लाख (४८.१९%), पूर्वाधार विकास तर्फ ११०२.२० लाख (२४.२३ %) र ७०१.५७ लाख (१८.५५.%), र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ ४९९.६७ लाख (१०.९८ %) र १५८.७१ लाख (४.२०%) खर्च भएको देखिन्छ । अघिल्लो आ.व. ०७९/०८०को तुलनामा आ.व.२०८०/०८१ मा कूल खर्च २.५६ प्रतिशतले बढी भएको देखिन्छ। त्यस्तै चालु आ.व.२०८१/०८२ मा कूल प्रस्ताबित खर्च रु ६१४१.९७ लाख मध्ये आर्थिक विकासमा रु ४४९.९५ लाख (.७.४५%), सामाजिक विकासमा रु २७३२.०२ लाख (४५.२२%), पूर्वाधार विकासमा रु ११८६.९३ लाख (१९.६४%) र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ रु २९७.८५ लाख (४.९३%) खर्च प्रस्ताव गरिएको छ भने कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको लागि रु १३७५.२२ लाख बिनियोजन गरिएको छ । सवै खर्च सम्वन्धी बिवरण तल तालिका १०.१ मा दिइएको छ ।

**तालिका नं १०.१ यशोधरा गाउँपालिकाको पस्ताबित तथा यथार्थ ब्यय बिवरण रु हजारमा**

| क्र.सं | क्षेत्र/उप क्षेत्र | २०७९/०८० | | २०८०/०८१ | | २०८१/०८२ |
|---|---|---|---|---|---|---|
| | | प्रस्ताबित | यथार्थ खर्च | प्रस्ताबित | यथार्थ खर्च | (प्रस्तावित) |
| १ | आर्थिक विकास | ३४५.३८ | १७१.६० | ३५१.३० | १४९.५६ | ४४१.९५ |
| २ | सामाजिक विकास | २५४४.५२ | १८६०.१५ | २६७२.६१ | १८२२.४४ | २७३२.०२ |
| ३ | पूर्वाधार विकास | २२८८.९१ | ११०२.२० | ११५०.५४ | ७०१.५७ | ११८६.९३ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ७१८.४१ | ४९९.६७ | २४१.५७ | १५८.७१ | २५१.३५ |
| ५ | का.स तथा प्रशासनिक | १३५९.४८ | ९१५.३० | १३८०.४५ | ९४९.६१ | १३७५.२२ |
| | **कुल जम्मा** | **७२५६.७१** | **४५४८.९२** | **५७९६.४७** | **३७८१.८९** | **५९८७.४७** |

### १०.१.३ राजश्व तथा आयश्रोत विश्लेषण

यशोधरा गाउँपालिकाको राजश्व शीर्षक अन्तरगत आन्तरिक राजश्व र विगत आर्थिक वर्षमा खर्च हुन नसकेको मौज्दात रकमलाई समावेश गरेको देखिन्छ। आ.व.२०७९/०८० को यथार्थ आन्तरिक आय तथा मौज्दात तर्फ जम्मा रु १६५६.५७ लाख, आर्थिक वर्ष २०८०/०८१ को यथार्थ आन्तरिक आय तथा मौज्दात तर्फ रु ९८५.६१ लाख रहेको छ भने चालु आ.व २०८१/८२ को लागि रु १३१९.५९ लाख प्रस्ताव गरिएको छ। बिगत ३ बर्षको यथार्थ आय तथा चालु आ.व को प्रस्तबित आयको बिवरण तल तालिका ९.२ मा दिइएको छ।

**तालिका ९.२ यशोधरा गाउँपालिकाको आन्तरिक राजश्व संकलन तथा आय बिवरण रु हजारमा**

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ आय आ.व अनुसार | | | प्रस्तावित आय |
|---|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| **आन्तरिक श्रोत** | | **१६५६५७३** | **१६७५९७८३६** | **९८५६०८१** | **१३१९५८५७** |
| ११६९१ | आन्तरीक आय | १३०२१७ | १७६४२९५६ | ६१०११२ | ३३५००१०० |
| ३२१२२ | बैंक मौज्दात | १५२६३५६ | १४९९५४८८ | ९२४५९६९ | ९८४५८५७ |
| **बाँडफाँड बाट प्राप्त शुल्क/दस्तुर** | | **९५२९७६८** | **६६८९२३३** | **७१८७१६४** | **११८५९२०० ** |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ०१०० | ४१९८८८ | ६६५६५२ | ८०००१०० |
| ११४११ | मुल्य अभिबृद्धि.कर | ४८५३१९३ | ५६२३१७२ | ५७९६१३२ | ७७६१०७६ |
| ११४२१ | अन्त:शुल्क | ४१२८९६० | ०१०० | ०१०० | २८१८९२४ |
| ११४५६ | सवारी साधन कर | ५४७६१५ | ६४६१७३ | ७२५३८० | ४७९२०० |
| **संघिय शसर्त तथा निशर्त अनुदान** | | **३३०३०४०० ** | **३०३६३२२३** | **२६२५०४६३** | **३३९६४२०० ** |
| १३३११ | समानिकरण अनुदान | १२९२००१०० | १२६२६२५० | १११३२११०० | १२१४००१०० |
| १३३१२ | शसर्त अनुदान चालु | १८४२०४०० | १४०२६१६२ | १४०४५१६० | १८६९४२०० |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | १६९००१०० | १८४७९३१ | ३१३९१४८ | ९३००१०० |
| १३३१४ | विषेश अनुदान चालु | ०१०० | ०१०० | २१४८१०९ | १२०००१०० |
| १३३१५ | विषेश अनुदान पूँजीगत | ०१०० | ३६९११७७ | ०१०० | ०१०० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ०१०० | १४९३७०३ | ५४४४१४५ | १००००१०० |
| **प्रदेश सरकार अनुदान** | | **३५६५३०० ** | **२७९२४५७** | **१६०१९६६** | **२४००५१०० ** |
| १३३११ | समानिकरण अनुदान | ६१०९१०० | ७५७३१०० | ६५६०२५ | ८४०५१०० |
| १३३१२ | शसर्त अनुदान चालु | ०१०० | ०१०० | २८७५० | ८००१०० |
| १३३१३ | शसर्त अनुदान पूजिगत | ८५४४१०० | ४६७५१५ | ६६७११९१ | ७८००१०० |
| १३३१४ | विषेश अनुदान चालु | ६०००१०० | ४७९२०१ | ०१०० | ०१०० |
| १३३१५ | विषेश अनुदान पूजिगत | ०१०० | ०१०० | ०१०० | ०१०० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | १५०००१०० | १०८८४१४१ | २५००१०० | ७०००१०० |
| **जम्मा राजश्व तथा अनुदान** | | **६२६९१२०२** | **५६६०४६१९६** | **४४८९५६१७४** | **६१४१९७५७** |

## १०.२ आवधिक योजनाको बजेट अनुमान

### लगानी तथा श्रोत आंकलन/प्रक्षेपण र कार्यक्रमगत बजेट

यशोधरा गाउँपालिकाको आवधिक योजनामा समावेश गरिएका कार्यक्रमहरु कार्यान्वयन गर्न ठूलो परिमाणमा खर्च र लगानीको आवश्यकता पर्दछ । आबधिक योजनामा प्रस्ताव गरिएका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पर्ने स्रोतको आंकलनमा सामान्य तथ्याङ्कीय बिधि अवलम्बन गरी प्रक्षेपण गरिएको छ । खासगरी गाउँपालिकाको विद्यमान आम्दानीको

श्रोत, अन्तर सरकारी वित्तीय हस्तान्तरणको अवस्था, थप राजश्व परिचालन हुन सक्ने सम्भाव्य क्षेत्रहरु, निजी क्षेत्र तथा सार्वजनिक निजी सहकारी क्षेत्रको लगानी सम्भावनाको आँकलन, गैरसरकारी संस्थाहरुको सहभागीता र स्थानीय जनसहभागीता समेतको विश्लेषण गरी पाँच वर्षको लागि आवश्यक खर्च, लगानी र सम्भाव्य श्रोतहरुको प्रक्षेपण क्रमशः उल्लेख गरिएको छ ।

योजना अवधिमा हुने कूल आम्दानी तर्फ अन्तर सरकारी वित्तीय हस्तान्तरणको मूख्य भूमिका रहने प्रक्षेपण गरिएको छ । योजना अवधिको लागि हुने कूल लगानी ३३१५३.०३ लाख मध्ये अन्तरसरकारी बित्तीय हस्तान्तरण बाट कूल २२५२७.६२ लाख (६८.५५%) व्यवस्थापन हुने देखिन्छ । खर्च र लगानिका स्रोतहरु मध्ये आन्तरिक श्रोत बाट १२१६.७० लाख ( ३.६७%), राजश्व बाँडफाँडबाट ६८२९.७१ लाख (२०.६०%) प्राप्त हुने अनुमान गरिएको छ । त्यसैगरी जनसहभागीता तर्फ ३०५.२५ लाख (०.९२%), गैरसरकारी संस्थाहरुको सहयोग परिचालनबाट १८३१.५३ लाख (५.५२%) रकम परिचालन हुने प्रक्षेपण गरिएको छ । योजना अबधिमा निजी क्षेत्र एवं सार्वजनिक निजी सहकारी क्षेत्रले विभिन्न कार्यक्रममा लगानी हुने अनुमान गरिएको छ । प्रस्तुत अनुमान आंकलन गर्दा वार्षिक ५ देखि २० प्रतिशत सम्म वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ । आगामी ५ वर्षको आम्दानी प्रक्षेपण तल तालिका ९.४ मा उल्लेख गरिएको छ ।

योजना अवधिमा हुने कूल खर्च रु ३३१५३.०३ लाख मद्ये चालु खर्च तर्फ रु १७८६८.३५ (५९.६९%) र पूजिगत तर्फ रु १५१८३.६८ (४०.३१%) खर्च हुने अनुमान गरिएको छ । प्रस्ताबित चालु खर्च तर्फ रु १७८६८.३५ लाख मद्ये राजश्व बाँडफाँड र आन्तरीक आयमा आधारित खर्च ६३५४.४८ (२७.०९%) र शसर्त अनुदानमा आधारित खर्च ११६१४.८८ ( ७२.९१%) रहेको छ । कुल पूजिगत खर्च १५१८३.६८ लाख मद्ये आर्थिक बिकास तर्फ रु १८२२.०४ लाख (१२%), सामाजिक बिकास तर्फ रु २७३३.०६ लाख (१८%), पूर्वाधार बिकास तर्फ रु ८८०६.५३ लाख (५८%), बन वातावरण तथा बिपद ब्यवस्थापन तर्फ रु ६०७.३५ लाख (४%), संस्थागत बिकास तथा सुशासन तर्फ रु १२१४.६९ लाख (८%) प्रस्ताव गरिएको छ । आगामी ५ वर्षको लगानी प्रक्षेपण तल तालिका ९.३ मा उल्लेख गरिएको छ ।

**तालिका नं.९.३: योजना अबधिको लागि प्रक्षेपित खर्च तथा क्षेत्रगत लगानीको विवरण (रकम रु. लाखमा)**

| क्र.सं | खर्च र लगानीका शिर्षकहरु | आगामी ५ बर्षको कुल खर्च तथा लगानी प्रस्ताव | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | कूल खर्च | |
| **कूल खर्च** | | **५३९४.५९** | **५९५०.४०** | **६५६५.०६** | **७२४५.११** | **७९९७.८७** | **३३१५३.०३** | **१००** |
| **१.** | **चालु खर्च** | **३२५२.००** | **३४१४.६०** | **३५८५.३३** | **३७६४.६०** | **३९५२.८३** | **१७९६९.३५** | **५९.६९** |
| १.१ | राजश्व बाँडफाँड आन्तरीक आयमा आधारित खर्च | ११५०.०० | १२०७.५० | १२६७.८८ | १३३१.२७ | १३९७.८३ | ६३५४.४८ | २७.०९ |
| १.२ | शसर्त अनुदानमा आधारित खर्च | २१०२.०० | २२०७.१० | २३१७.४६ | २४३३.३३ | २५५४.९९ | ११६१४.८८ | ७२.९१ |
| **२.** | **पुंजीगत खर्च** | **२१४२.५९** | **२५३५.८०** | **२९७९.७३** | **३४८०.५१** | **४०४५.०५** | **१५१८३.६८** | **४०.३१** |
| २.१ | आर्थिक विकास | २५७.११ | ३०४.३० | ३५७.५७ | ४१७.६६ | ४८५.४१ | १८२२.०४ | १२ |
| २.२ | सामाजिक विकास | ३८५.६७ | ४५६.४४ | ५३६.३५ | ६२६.४९ | ७२८.११ | २७३३.०६ | १८ |
| २.३ | पूर्वाधार विकास | १२४२.७० | १४७०.७६ | १७२८.२४ | २०१८.७० | २३४६.१३ | ८८०६.५३ | ५८ |
| २.४ | वन, वातावरण संरक्षण एवं विपद् व्यवस्थापन | ८५.७० | १०१.४३ | ११९.१९ | १३९.२२ | १६१.८० | ६०७.३५ | ४ |
| २.५ | संस्थागत विकास तथा सुशासन | १७१.४१ | २०२.८६ | २३८.३८ | २७८.४४ | ३२३.६० | १२१४.६९ | ८ |
| | **कूल जम्मा खर्च** | **५३९४.५९** | **५९५०.४०** | **६५६५.०६** | **७२४५.११** | **७९९७.८७** | **३३१५३.०३** | **१००** |
| | **प्रतिशत** | **१६.२७** | **१७.९५** | **१९.८०** | **२१.८५** | **२४.१२** | **१००.००** | |

तालिका नं. ९.४ : आगामी  ५ वर्षको आय प्रक्षेपण (रु हजारमा)

| क.सं | शिर्षक | आधार बर्ष | आगामी ५ आर्थिक बर्षको आय प्रक्षेपण रु हजारमा | | | | | कूल आय | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | |
| **१** | **कूल आय तथा लगानी** | **६१४१९७५७** | **५३९४५९।००** | **५९५०३९।९०** | **६५६५०५।८९** | **७२४५१०।८८** | **७९९७८७२५** | **३३१५३०२।९२** | १००.०० |
| **१.१** | **आन्तरिक आय तथा नगद मौज्दात** | **१३१९५८।५७** | **१६३५०।००** | **१९६२०।००** | **२३५४४।००** | **२८२५२।८०** | **३३९०३।३६** | **१२१६७०।१६** | **३.६७** |
| १.१.१ | आन्तरिक आय | ३३५००।०० | १६३५०।०० | १९६२०।०० | २३५४४।०० | २८२५२।८० | ३३९०३।३६ | १२१६७०।१६ | |
| १.१.२ | गत वर्षको नगद मौज्दात | ९८४५८।५७ | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | |
| **१.२** | **राजश्व बाँडफाँड** | **११८५९२।००** | **१११८६९।००** | **१२३०५५।९०** | **१३५३६१।४९** | **१४८८९७६४** | **१६३७८७४०** | **६८२९७।४३** | **२०.६०** |
| १.२.१ | संघिय सरकारबाट प्राप्त | १०५८००.०० | १००८२३।०० | ११०९०५।३० | १२१९९५।८३ | १३४१९५।४१ | १४७६१४९५ | ६१५५३४।५० | |
| १.२.२ | प्रदेश सरकारबाट प्राप्त | १२७९२.०० | ११०४६।०० | १२१५०।६० | १३३६५।६६ | १४७०२।२३ | १६१७२।४५ | ६७४३६।९३ | |
| **१.३** | **अन्तर सरकारी बित्तिय हस्तान्तरण** | **३६३६४७००** | **३७२२४०।००** | **४०९४६४।००** | **४५०४१०।४०** | **४९५४५१।४४** | **५४४९९६।५८** | **२२७२५६२।४२** | ६८.५५ |
| १.३.१ | **संघीय सरकार अनुदान** | **३३९६४२।००** | **३४७४००।००** | **३८२१४०।००** | **४२०३५४।००** | **४६२३८९।४०** | **५०८६२८।३४** | **२१२०९११।७४** | ९३.३३ |
| | समानीकरण अनुदान | १२१४००।०० | ११७४००।०० | १२९१४०।०० | १४२०५४।०० | १५६२५९।४० | १७१८८५।३४ | **७१६७३८।७४** | |
| | शसर्त अनुदान चालु | १८६९४२।०० | १९५५००।०० | २१५०५०।०० | २३६५५५।०० | २६०२१०।५० | २८६२३१।५५ | **११९३५४७०५** | |
| | शसर्त अनुदान पुजीगत | ९३००।०० | ११०००।०० | १२१००।०० | १३३१०।०० | १४६४१।०० | १६१०५।१० | **६७१५६।१०** | |
| | विशेष अनुदान चालु | १२०००।०० | १३०००।०० | १४३००।०० | १५७३०।०० | १७३०३।०० | १९०३३।३० | **७९३६६।३०** | |
| | समपुरक अनुदान  पुजिगत | १००००।०० | १०५००।०० | ११५५०।०० | १२७०५।०० | १३९७५।५० | १५३७३।०५ | **६४१०३।५५** | |
| **१.३.२** | **प्रदेश सरकार अनुदान** | **२४००५.००** | **२४८४०.००** | **२७३२४.००** | **३००५६.४०** | **३३०६२.०४** | **३६३६८.२४** | **१५१६५०.६८** | ६.६७ |
| क | समानीकरण अनुदान | ८४०५.०० | ८१४०।०० | ८९५४.०० | ९८४९.४० | १०८३४.३४ | ११९१७.७७ | **४९६९५.५१** | |
| ख | शसर्त अनुदान चालु | ८००.०० | ०।०० | ०.०० | ०.०० | ०.०० | ०.०० | **०.००** | |
| ग | शसर्त अनुदान पुजिगत | ७८००.०० | ७५००।०० | ८२५०.०० | ९०७५.०० | ९९८२.५० | १०९८०.७५ | **४५७८८.२५** | |
| घ | विशेष अनुदान चालु | ०.०० | १७००।०० | १८७०.०० | २०५७.०० | २२६२.७० | २४८८.९७ | **१०३७८.६७** | |
| ङ | समपुरक अनुदान पुजिगत | ७०००.०० | ७५००।०० | ८२५०.०० | ९०७५.०० | ९९८२.५० | १०९८०.७५ | **४५७८८.२५** | |
| **१.४** | **जनसहभागीता** | **०।००** | **५०००.००** | **५५००.००** | **६०५०.००** | **६६५५.००** | **७३२०.५०** | **३०५२५.५०** | **०.९२** |
| १.४.१ | नगद सहभागीता | ०.०० | १०००.०० | ११००.०० | १२१०.०० | १३३१.०० | १४६४.१० | ६१०५.१० | |
| १.४.२ | श्रम तथा बस्तुगत सहभागीता | ०.०० | ४०००.०० | ४४००.०० | ४८४०.०० | ५३२४.०० | ५८५६.४० | २४४२०.४० | |
| **१.५** | **गै.स.स सहयोग परिचालन** | **०.००** | **३००००.००** | **३३०००.००** | **३६३००.००** | **३९९३०.००** | **४३९२३.००** | **१८३१५३.००** | **५.५२** |
| **१.६** | **अन्तर स्थानीय तह सहयोग** | **०.००** | **४०००.००** | **४४००.००** | **४८४०.००** | **५३२४.००** | **५८५६.४०** | **२४४२०.४०** | **०.७४** |

### १०.३ श्रोत परिचालन

### १०.३.१ श्रोत परिचालनका क्षेत्रहरु

यस आवधिक योजनामा निर्दिष्ट गरिएको लक्ष्य, उद्देश्य प्राप्तीका लागि तय गरिएका विभिन्न क्षेत्रगत कार्यक्रम/आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने लगानीका लागि देहाय अनुसार श्रोत परिचालन गर्न आवश्यक देखिन्छ।

**आन्तरिक राजश्व :**

व्यवस्थित वस्ती विकास र बजारीकरण तथा लगानीमैत्री वातावरणको अभावमा निजी क्षेत्र आकर्षित नहुने अवस्थाले उद्योग, वाणिज्य, पर्यटन, निर्माण, सेवा जस्ता गैरकृषि क्षेत्रका क्रियाकलापहरु सञ्चालन गरी उल्लेख्य आर्थिक गतिविधि अगाडी बढाउन सकिएको छैन। जसले गर्दा आन्तरिक राजश्वको अवस्था आशातित छैन। पालिकाको कूल आम्दानीको श्रोतमा आन्तरिक राजश्वको अंश ४ प्रतिशत भन्दा कम हुनु यसै कुरालाई संकेत गर्दछ। तर पनि खुनुवा-कपिलवस्तु-जितपुर उत्तर दक्षिण मार्ग तथा समिपमा रहेको हुलाकी राजमार्ग तथा प्रदेश स्तरीय तथा आन्तरिक सडक लगायतका अन्य पूर्वाधारहरु व्यवस्थित हुँदै जानु, गाउपालिका प्राकृतिक सौन्दर्यता तथा जैविक विविधताको धनी हुनु, , पालिकामा रहेका विभिन्न धार्मिक, साँस्कृतिक एवं प्राकृतिक स्थालहरुलाई जोड्ने गरी पर्यटकीय पद मार्ग बनाई पर्यटन प्रवर्द्धन गर्न सकिने अवस्था रहनु, कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गरी आर्थिक वृद्धिमा उल्लेख्य परिर्वतन ल्याउन सकिने अवस्था विद्यमान हुनु, अन्य पालिका तथा जिल्लाहरुसँग सहज पहूँचको अवस्था रहनु जस्ता अवसरहरुबाट आर्थिक गतिविधि बढ्न गई यसबाट आन्तरिक राजश्वमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ। आन्तरिक श्रोत अभिवृद्धिका लागि अपनाउनु पर्ने नीतिगत व्यवस्था र कार्यक्रमहरु यसै परिच्छेदको १०.३.२ मा सिफारिश गरिएको छ

**अन्तर सरकारी वित्त :**

अन्तर सरकारी वित्त स्थानीय तहको आयश्रोतको प्रमुख आधार रहेको छ। पालिकाको कूल आयको लगभग ६८.५५.% हिस्सा अन्तर सरकारी वित्तको रहेको देखिन्छ। नेपाल सरकारवाट प्राप्त समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान, प्रदेश सरकारवाट प्राप्त यस्तै प्रकारका अनुदान यस शीर्षकमा समावेश हुन्छन्। आगामी आ.व.हरुमा केन्द्र तथा प्रदेश सरकारबाट यस्तो थप अनुदान लिन विभिन्न कार्यक्रमको लागि म्याचिङ्ग फण्ड तथा परियोजनाहरु प्रस्ताव गरी समन्वयात्मक रुपमा पहल गर्न आवश्यक देखिन्छ।

**जनसहभागीता परिचालन :**

स्थानीय तहमा रहेको जनशक्ति अर्ध-वेरोजगार वा वेरोजगारको स्थितिमा रहेको छ। त्यस्तो जनशक्तिलाई विकास निर्माणको कार्यमा परिचालन गरेर अभियानका रुपमा उपयोग गर्न सकिन्छ। यस्तो कार्य सार्वजनिक भवन निर्माण, वाटो, पुल र अन्य ग्रामीण पूर्वाधार निर्माण तथा वातावरण संरक्षणमा लगाउन सकिन्छ। खासगरी स्थानीय समुदायसँग श्रम, बस्तु वा नगद सहभागीतामा यस्ता विकास निर्माणका कार्य गर्न सकिन्छ। पालिकाले स्पष्ट कार्यविधि वनाई स्थानीय जनतालाई विकास निर्माणमा परिचालन गर्नु दीगो विकासका दृष्टिले समेत उपयुक्त हुने हुँदा यस आवधिक योजनामा जनसहभागिता परिचालनलाई समेत समावेश गरी बजेट अनुमान गरिएको छ।

**सार्वजनिक, निजी र सहकारी साझेदारी :**

विकास निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्र बीचको साझेदारी पछिल्लो समय अवलम्वन गरिएको एउटा उत्तम विकल्प हो। गाउँपालिकाले निजी क्षेत्रका लगानीकर्ता, स्थानीय सहकारीहरु र आफ्नो समेत लगानीमा पालिका क्षेत्रको कुनै महत्वपूर्ण परियोजनामा यस्तो साझेदारीको उपयोग गर्न सक्दछ। खासगरी गाउँपालिकाका सेवा प्रवाहका क्षेत्रमा

एफ.एम रेडियो, स्वास्थ्य उपचार केन्द्र, सांस्कृतिक संग्राहलय निर्माण र सञ्चालन गर्न, सामुहिक रुपमा आधुनिक कृषि तथा पशुपालन फर्म संचालन गर्न, कृषि उपजको बजारीकरण, भण्डार एवं बिक्री वितरण गर्ने जस्ता क्षेत्रमा यस्तो साझेदारीका परियोजना सञ्चालन गर्न सकिन्छ । यस सम्बन्धमा गाउँपालिकाले विज्ञहरुको सरसल्लाह र सेवा लिएर परियोजना निर्माण र विकास गर्न सक्दछ ।

**अन्तर स्थानीय सरकार बीच साझेदारी :**

वर्तमानमा स्थानीय सरकारहरु संविधान प्रदत्त अधिकारको उपयोग गर्दै आफ्ना जनताहरुको आवश्यकतालाई परिपूर्ति गर्न जवाफदेहिताका साथ क्रियाशील छन् । दुई वा दुई भन्दा बढी पालिकाहरु तथा जिल्ला समन्वय समितिका बीच श्रोतको साझेदारीबाट स्थानीय जनताहरुले लाभ लिने सक्ने गरी संयुक्त रुपमा आयोजनाहरु सञ्चालन गर्न सकिन्छ। यस्ता सम्भाव्य आयोजनाहरुमा सडक, सडक पुल, नदी नियन्त्रण तथा पर्यटन प्रवर्द्धन जस्ता कार्यक्रमहरु हुन सक्दछन् । यसरी श्रोत साझेदारी गर्दा लाभको उपयोगीतालाई दृष्टिगत गरी आपसी समन्वयबाट लागत अंश निर्धारण गर्न सकिन्छ।

**बैदेशिक सहायता तथा वैदेशिक लगानी :**

स्थानीय तहले बैदेशिक ऋृण अथवा सहायता प्रत्यक्ष रुपमा प्राप्त गर्न नसकेता पनि सम्भावित परियोजनामा द्धिपक्षीय र बहुपक्षीय बैदेशिक सहायता प्राप्ति र परिचालनका लागि नेपाल सरकारसँग पहल गर्न सक्दछ। कृषि, पर्यटन प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, गरिवी निवारण, सम्पदाको संरक्षण, वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा वैदेशिक सहायता (वित्तीय/प्रविधिक) परिचालन गर्न सकिन्छ । यसका लागि गाउँपालिकाले विशेषज्ञहरुको सहयोग लिएर परियोजना प्रस्ताव तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालयको सहयोगमा पहलकदमी गर्न सक्दछ ।

यसैगरी विद्यमान कानूनी प्रावधान वमोजिम स्थानीय तहले वैदेशिक लगानीका लागि प्रत्यक्ष तवरले कार्य गर्न सक्दैन तर सम्भाव्य क्षेत्र र परियोजनामा विदेशी लगानी आकर्षित हुने देखिएमा संघीय सरकारको स्वीकृति र समन्वयमा वैदेशिक लगानीको संभावना रहन्छ । गाउँपालिकाको लागि यो विषय नयाँ भएपनि त्यस्तो लगानीको क्षेत्र पहिचान गरी आवश्यक पहल गर्न सकिनेछ ।

### १०.३.२ आन्तरिक श्रोत अभिबृद्धिका कार्यकमहरु

- गाउँपालिकाको आन्तरिक श्रोतको दायरालाई फराकिलो बनाउन राजश्व सुधार कार्ययोजनाले निर्दिष्ट गरे अनुसारका कृयाकलापहरु संचालन गर्ने ।
- गाउँपालिकामा सञ्चालित होटल, रेष्टुरेष्ट तथा उद्योग/व्यवसायको अभिलेखीकरण गर्ने र करको दायरामा ल्याउने
- सम्पत्ति कर तथा भूमि करलाई प्रभावकारी बनाउने सन्दर्भमा यसको छुट्टै अध्ययन र आवश्यक नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउने ।
- व्यवस्थित एवं सुरक्षित सहरीकरणका लागि बजार केन्द्रित स्थानहरुमा पहिलो चरणमा घर नक्सापास कार्यक्रम अनिवार्य लागु गर्ने ।
- प्राकृतिक श्रोतहरुको उपयोग वापत प्राप्त हुने रोयल्टीमा साझेदारी गर्ने ।
- वन पैदावार व्यवस्थित एवं वैज्ञानिक रुपमा उपयोग गर्न सरोकारवालासँग समन्वय गर्ने ।
- गैर कृषि क्षेत्रमा लगानीमैत्री वातावरण एवं नीति निर्माण गरी विभिन्न आर्थिक क्रियाकलापमा निजी क्षेत्रको आकर्षण बढाउन प्रयत्नशील रहने ।

- गाउँपालिकाले सम्भाव्य परियोजनाहरुमा लागत सहभागिता कार्यक्रम मार्फत आय वृद्धि गर्ने ।
- केन्द्र र प्रदेश सरकारवाट प्राप्त हुन सक्ने अनुदान (समपूरक अनुदान र विशेष अनुदान) प्राप्त गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी समन्वयात्मक पहल गर्ने ।

**१०.३.३ सार्वजनिक खर्चमा वित्तीय अनुशासन कायम गर्न अपनाउनु पर्ने उपायहरु**

- गाउँपालिकालाई दीर्घकालीन आर्थिक भार तथा दायित्व बृद्धि हुने गरी चालु प्रकृतिका खर्च बढ्ने गरी कुनै नयाँ निर्णय नगर्ने ।
- आर्थिक ऐन र खरिद ऐनको अधिनमा रही ठूला आयोजनाहरु ठेक्का पट्टा गर्ने र सानातिना योजनाहरु श्रम/नगद सहभागीतामा उपभोक्ता समिति मार्फत गर्ने ।
- गाउँपालिका भित्र हुने सबै प्रकारका खर्च सार्वजनिक खरिद ऐन/नियमावली अनुसार गर्ने ।
- केन्द्र र प्रदेश सरकारका शसर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदानका कार्यक्रमहरु उनीहरुको खर्च नीति र कार्यविधिसँग समन्वय गरी खर्च गर्ने ।
- सार्वजनिक खर्चमा मितव्ययीतालाई सबै क्षेत्रमा कडाईका साथ लागू गर्ने ।
- बार्षिक विनियोजनमा क्षेत्रगत र सामाजिक समावेशीतालाई जोड दिने ।
- गाउँपालिकाले खर्च व्यवस्थापन सम्बन्धी आफ्नै ऐन, नियम र कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- आवधिक र वार्षिक योजनाहरुको मध्यावधि खर्च संरचना अनुरुप खर्च व्यवस्थापन गर्ने ।
- आवधिक योजनाका विषयगत क्षेत्रहरुमा तोकिएको कार्यक्रम तथा बजेट अनुसार वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने ।
- गाउँपालिकाबाट हुने सबै प्रकारका खर्च र लगानीको हिसाब बैंकिङ प्रकृयाबाट भुक्तानी गर्ने व्यवस्थालाई कडाईका साथ लागु गर्ने ।
- विभिन्न सरोकारवाला पक्षहरुको सहभागीतामा चौमासिक, वार्षिक समिक्षा गरी लगानी, खर्च र प्रगती सम्बन्धमा जानकारी गराउने ।
- आन्तरीक आयलाई शीर्षकगत रुपमा प्रस्ट देखिने गरी राजश्व सफ्टवेयरमा प्रबिष्ट गर्ने व्यवस्था मिलाउने ।

## परिच्छेद-११

# कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

### ११.१ वर्तमान स्थिति

कुनै पनि नीति, योजनाले अंङ्गिकार गरेको लक्ष्य प्राप्ति तब मात्र प्राप्त हुन्छ, जब यी नीति, योजनामा परिपूरक मानिने कार्यक्रम तथा आयोजनाहरुको निश्चित समय सीमा भित्र कुशलतापूर्वक प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सकिन्छ । सरकारबाट विकास योजना तथा आयोजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्यांकन दिग्दर्शन लागु गरिएको छ, तर प्रभावकारी रुपमा पालना हुन नसक्दा कार्यान्वयन पक्ष कमजोर हुने गरेको देखिन्छ । प्रदेश सरकारले पनि प्रदेशका विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने गराउने उद्देश्यले अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ जारी गरेको अवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय सरकारको उप-प्रमुख वा उपाध्यक्षलाई योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन गर्ने जिम्मेवारी तोकिएको छ भने यसै ऐनमा स्थानीय तहले योजनाहरु तर्जुमा गर्दा आयोजनाको प्राथमिकीकरण र योजना कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने व्यवस्था रहेको छ । तर स्थानीय स्तरमा योजनाको प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना सहितको स्पष्ट कानूनी आधारको कमी, श्रोत साधन र जनशक्तिको अभाव जस्ता समस्या विद्यमान छन् ।

### ११.२ योजना कार्यान्वयन

योजनाको शुरुवात देखि कार्यान्वयन कार्ययोजना निर्माण गरी कार्यक्रम/आयोजनाहरुको कार्यान्वयन व्यवस्थालाई संस्थागत गर्न सकिने अवस्था हुनु, स्थानीय सरकार बलियो संगठनका रुपमा रहनु, स्थानीय स्तरमै सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित रुपमा प्रयोग गर्न सकिने अवस्था विद्यमान हुनु, गाउँपालिकामा सबै तिर सडक सञ्जाल विस्तार हुनु, स्थानीय नेतृत्व उपलब्ध साधन श्रोतको प्रभावकारी उपयोगका लागि प्रतिबद्ध रहनु जस्ता अवसरहरु योजनाको प्रभावकारी कार्यान्वयनमा उपयोगमा ल्याउन सकिन्छ । तर योजनाले परिलक्षित गरेका कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि सूचना प्रविधिमैत्री एवं जिम्मेवारीबोध सहितको उत्प्रेरित संरचना तयार पार्नु पनि त्यतिकै चुनौतीपूर्ण छ । कार्यान्वयन कार्ययोजनाको मुख्य उद्देश्य विकास आयोजना तथा कार्यक्रमहरु पूर्व निर्धारित परिमाण, गुणस्तर, समय र लागत सहितको कार्ययोजना मुताविक त्यस्ता आयोजना/कार्यक्रमहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने रहेको छ । यसका लागि चुस्त, दुरुस्त र प्रविधिमैत्री संरचना निर्माण गर्ने, सरोकारवालाहरुसँगको सहकार्यमा कार्यान्वयन गर्ने जस्ता रणनीति लिई योजना निर्माण गर्दा नै कार्यान्वयन कार्ययोजना समावेश गर्ने, प्रभावकारी कार्यान्वयनका लागि स्थानीय स्तरको कार्यविधि तर्जुमा गरी संस्थागत संरचना, प्रक्रिया र जवाफदेहिता सुनिश्चित गर्ने, मध्यकालीन खर्च संरचना तयार गरी आवधिक योजनासँग आवद्ध गर्ने, वार्षिक कार्यक्रमलाई आवधिक योजनासँग आवद्ध गरी वर्षको शुरुमै कार्यक्रम कार्यान्वयन कार्यतालिका तयार गरी लागु गर्ने, गाउँपालिका अध्यक्षको संयोजकत्वमा स्थानीय समस्या समाधान समिति गठन गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउने जस्ता कार्यनीतिहरु अवलम्बन गरिनु पर्दछ । योजनाको कार्यान्वयन कार्ययोजनामा निम्न पक्षहरु समेटी कार्ययोजना तर्जुमा गर्दा प्रभावकारीता आउन सक्दछ ।

**प्रारम्भिक सम्भाव्यता अध्ययन**

पहिचान गरिएका आयोजना/कार्यक्रम मध्ये आर्थिक, सामाजिक, वातावरणीय र प्राविधिक दृष्टिले उपयुक्त भए नभएको मूल्यांकन गरी उपयुक्त आयोजना छनौट गर्न सम्भाव्यता अध्ययन गराउने र यस्ता सम्भाव्य आयोजना तथा कार्यक्रमहरु वार्षिक कार्यक्रम तथा लगानी योजनामा समावेश गर्ने ।

**विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने**

दीर्घकालीन प्रकृतिका ठूला लगानीका आयोजनाहरुको विशेषज्ञबाट विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने ।

**वार्षिक कार्यक्रम तथा लगानी योजना तर्जुमा गर्ने**

वार्षिक कार्यक्रम तथा वार्षिक योजना निर्माण गर्दा सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदनका आधारमा संघ, प्रदेश र पालिकास्तरको कार्यक्रम/आयोजनाको प्राथमिकीकरण गर्ने । वार्षिक योजना निर्माणमा सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने ।

**बजेट अनुमान**

विभिन्न आयोजना तथा कार्यक्रम मध्य संघ र प्रदेशसँग समन्वय गर्नुपर्ने र अनुदानमा आधारित आयोजनाहरुको वर्गीकरण गरी आवश्यक श्रोतका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वयात्मक सहकार्य गर्ने ।

**वित्तीय सन्तुलन र अनुशासन कायम गर्ने**

गाउँपालिका एवं वडास्तरका कार्यक्रम/आयोजनाहरु वार्षिक बजेटमा प्राथमिकताका आधारमा विनियोजन गर्दा गाउँपालिकाको साधन, श्रोत एवं जनसहभागीतालाई उपयुक्त अनुपातमा व्यवस्थापन गरी विनियोजन गर्ने ।

**मध्यमकालीन खर्च संरचना अवलम्बन गर्ने**

यस आवधिक योजना कार्यान्वयनका लागि योजनाले निर्धारण गरेका कार्यक्रमहरुको कूल बजेटको आकार र सीमा भित्र रही मध्यमकालीन खर्च संरचना तयार गरी आवधिक योजनालाई परिणाममुखी बनाउने ।

**योजनाको निरन्तर अनुगमन तथा मूल्यांकन गर्ने**

विभिन्न विषयगत योजनाहरुको कार्यान्वयन अवस्थालाई निरन्तर अनुगमन तथा मूल्यांकन गरी प्रभावकारी कार्यान्वयनको प्रणाली विकास गर्ने ।

योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्न विधिहरु अवलम्बन गर्न सिफारिस गरिएको छ ।

**कार्यान्वयन कार्यविधि तर्जुमा :**

योजनामा परेका आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले छुट्टै योजना कार्यान्वयन कार्यविधि तर्जुमा गरी लागु गर्न सक्नेछ । यस कार्यविधिमा योजना कार्यान्वयनको कार्ययोजना ढाँचा, कार्यान्वयन संयन्त्र तथा प्रक्रिया, अन्य संस्थागत व्यवस्था र यस्तो संस्थागत संयन्त्रको कार्य कर्तव्य, अधिकार बारे स्पष्ट पारिनु पर्दछ ।

**योजना कार्यान्वयन संयन्त्र बनाउने :**

कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिका स्तरमा अध्यक्षको संयोजकत्वमा र वडा स्तरमा वडाध्यक्षको संयोजकत्वमा प्राविधिक सहितको संयन्त्र (पालिका स्तरीय योजना कार्यान्वयन समस्या समाधान समिति र वडा स्तरीय योजना कार्यान्वयन समस्या समाधान समिति) गठन गरी जिम्मेवारी बहनको व्यवस्था मिलाउने ।

**विशेषज्ञ समिति गठन गर्न सकिने :**

प्राविधिक प्रकृतिका विकास आयोजनाहरुको कार्यान्वयन स्थितिको अनुगमन तथा मूल्यांकन गरी राय सुझाव सहितको प्रतिवेदन पालिकास्तरीय संयन्त्रमा पेश गर्न प्राविधिक सहितको विशेषज्ञ समिति गठन गरी कार्यादेश दिन सकिने छ ।

**कार्यान्वयन कार्ययोजना :**

आवधिक योजनाको लक्ष्य, उद्देश्य प्राप्तीका लागि सञ्चालन गर्नुपर्ने विषयगत कार्यक्रम तथा योजनाहरु, परिमाणात्मक लक्ष्य, अनुमानित लागत, कार्यक्रम स्थल र जिम्मेवार निकाय सहितको विवरण तलको तालिकामा दिइएको छ । यो व्यवस्थाले प्रत्येक क्षेत्रगत विषयका कार्यक्रमहरुको लक्षित प्रतिफल प्राप्त गर्ने सन्दर्भमा सञ्चालन गरिने विभिन्न क्रियाकलापहरु र आवश्यक लगानी समेतको प्रस्तुत खाकाबाट कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने सरोकारवाला पक्षलाई अझ जिम्मेवारीबोध हुने अपेक्षा गरिएको छ ।

**तालिका नं.११.१ : लक्ष्य, लागत, समयावधि, कार्यक्रम स्थल र जिम्मेवारी सहितको योजना कार्यान्वयन तालिका**

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| **१. आर्थिक विकास तर्फ** | | | | | | | | | | | |
| **१.१ कृषि विकास** | | | | | | | | | | | |
| भू-उपयोग योजना कार्यान्वयन | पटक | ० | १ | पालिका स्तर | १० | ० | ० | ० | ० | १० | गाउँपालिका |
| कृषि तथा पशुपंक्षी सम्वन्धी तथ्यांङ्क अद्यावधिक | पटक | ० | १ | पालिका स्तर | ० | २ | | ० | २ | ४ | गाउँपालिका |
| कृषक बर्गिकरण तथा परिचय पत्र वितरण कार्यक्रम | पटक | ० | १ | पालिका स्तर | २ | २ | ० | ० | ० | ४ | गाउँपालिका |
| माटो परीक्षणका लागि मिनि ल्याव (प्रयोगशाला) स्थापना कार्यक्रम | संख्या | ० | १ | पालिका स्तर | ० | ५ | ० | ० | ० | ५ | गाउँपालिका |
| कृषि मेला प्रदर्शनी कार्यक्रम । | पटक | ० | ५ | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | |
| शित भण्डार निर्माण (निजि तथा साझेदारीमा) | संख्या | ण | ज्ञ | पालिका स्तर | ५ | १० | १० | ० | ० | २५ | निजी क्षेत्र/ गाउँपालिका |
| सिंचाईको लागि मम्पसेट, ट्यूवेल जडान तथा विद्युतीय मोटर वितरण कार्यक्रम । | पटक | १ | ६ | पालिका स्तर | १० | १२ | १४ | १५ | १६ | ६७ | समुदाय/ गाउँपालिका |
| कृषकहरुको लागि कृषि सामाग्रि सहयोग कार्यक्रम | पटक | १ | ६ | पालिका स्तर | ४ | ५ | ६ | ७ | ७ | २९ | |
| तरकारी क्षेत्र बिस्तार कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | २ | २ | ३ | ३ | २ | १२ | गाउँपालिका |
| च्याउ खेति बिस्तार कार्यक्रम | पटक | १ | ५ | वडा नं २ र ५ | २ | २ | ३ | ३ | ३ | १३ | गाउँपालिका |
| एक वडा एक कृषि संकलन केन्द्र स्थापना कार्यक्रम | स्थान | ० | ६ | सबै वडाहरु | १५ | १५ | १५ | २० | २० | ८५ | गाउँपालिका |
| उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम | पटक | ल्ब | ५ | सबै वडाहरु | ७ | ७ | ७ | ८ | ८ | ३७ | गाउँपालिका |
| कृषि एम्वुलेन्स तथा कृषि स्मार्ट कार्यक्रम | संख्या | २ | १० | पालिका स्तर | ५ | ५ | ५ | ५ | ७ | २७ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| बीउ उत्पादन कार्यक्रम | हेक्टर | ० | ५ | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | गाउँपालिका |
| धान खेती प्रवर्द्धन कार्यक्रम र कालानमक धानको संरक्षण कार्यक्रम - पालिका स्तर | पटक | ० | ५ | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| उन्नत बिउ बिजन बितरण कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | गाउँपालिका |
| कृषि प्रबिधि हस्तान्तरण कार्यक्रम | पटक | १ | ५ | पालिका स्तर | १० | १० | १० | १२ | १२ | ५४ | गाउँपालिका |
| प्राङ्गारिक मल उत्पादन तथा विषादी नियमन | पटक | ० | ५ | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | गाउँपालिका |
| घरपालुवा तथा वन्यजन्तुबाट वाली संरक्षण कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | २ | २ | २ | ३ | ३ | १२ | गाउँपालिका |
| उत्कृष्ट कृषक तथा समुह सम्मान कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| विउ विरुवा श्रोत केन्द्र स्थापना | संख्या | १ | ६ | सबै वडाहरु | ४ | ४ | ४ | ५ | ५ | २२ | गाउँपालिका |
| घाँसको विउ विरुवाको श्रोत केन्द्र स्थापना- सबै वडा | संख्या | ० | ८ | सबै वडाहरु | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | गाउँपालिका |
| कृषकहरुको क्षमता विकास कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | ४ | ४ | ४ | ४ | ४ | २० | गाउँपालिका |
| मौरीपालन कार्यक्रम (घार बितरण समेत) | संख्या | ० | २०० | पालिका स्तर | ४ | ४ | ४ | ५ | ५ | २२ | गाउँपालिका |
| कृषि बिमा कार्यक्रम | पटक | १ | ५ | पालिका स्तर | ४ | ४ | ४ | ५ | ५ | २२ | गाउँपालिका |
| आलु उत्पादन कार्यक्रम | हेक्टर | ० | २० | पालिका स्तर | २ | २ | २ | २ | ३ | ११ | गाउँपालिका |
| **कृषि विकास तर्फको जम्मा** | | | | | **१०३।५०** | **१०८।५०** | **१०४।५०** | **१०८।५०** | **११३।५०** | **५३८।५०** | |
| **१.२ पशुपंक्षी विकास** | | | | | | | | | | | |
| उत्पादनमा आधारित अनुदान कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | १५ | १५ | १५ | १८ | १८ | ८१ | गाउँपालिका |
| पशुपंक्षी बीमा कार्यक्रम | पटक | १ | ५ | पालिका स्तर | ३ | ३ | ३ | ३ | ३ | १५ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| पशु शिविर सञ्चालन (निशुल्क औषधी वितरण) | पटक | ० | ४० | सबै वडाहरु | ९ | ९ | ९ | १२ | १२ | ५१ | गाउँपालिका |
| उन्नत घाँसको विउ वितरण कार्यक्रम ( | पटक | ० | १० | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| पशुपंक्षीजन्य उत्पादनको प्रशोधन, विविधिकरण र बजारीकरण कार्यक्रम । | पटक | ० | ५ | पालिका स्तर | ५ | ६ | १० | १८ | २० | ५९ | |
| पशु रोग प्रयोगशाला स्थापना । | पटक | ० | १ | पालिका स्तर | ३ | ८ | २ | २ | ३ | १८ | गाउँपालिका |
| बाखा पालन पकेट क्षेत्र कार्यक्रम | संख्या | १ | ४ | वडा १,.२,५,४ | १० | १० | १२ | १२ | १४ | ५८ | गाउँपालिका |
| भैंसी पालन पकेट तथा दुधमा आत्मर्भिर कार्यक्रम | संख्या | १ | ४ | वडा नं.२ र ३ | ८ | ८ | १२ | १४ | १८ | ६० | गाउँपालिका |
| व्यवसायिक कुखुरापालन कार्यक्रम | संख्या | ० | १५ | पालिका स्तर | ७ | ७ | १० | १४ | १८ | ५६ | गाउँपालिका |
| भेडा प्रवर्धन कार्यक्रम | पटक | ० | ५ | वडा नं ८ | २ | २ | २ | २ | २ | १० | |
| माछापालन कार्यक्रम | संख्या | ० | ४ | सबै वडाहरु | ५ | ५ | १० | १० | १५ | ४५ | गाउँपालिका |
| मासु पसल सुधार कार्यक्रम | पटक | ० | ५ | सबै वडाहरु | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| दुध संकलन तथन बितरणमा प्रौत्साहन कार्यक्रम | पटक | १ | ५ | सबै वडाहरु | ३ | ३ | ८ | १४ | २५ | ५३ | गाउँपालिका |
| अनुगमन र नियमन कार्यक्रम | पटक | ० | १० | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| उत्कृष्ट पशुपालक कृषक तथा समुह सम्मान कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| पशुपालक कृषक, समुह र फर्मको हरुको क्षमता विकास कार्यक्रम | पटक | १ | ११ | पालिका स्तर | ४ | ४ | ४ | २ | २ | १६ | गाउँपालिका |
| पशु रोग नियन्त्रण र खोप कार्यक्रम | पटक | १ | ६ | सबे वडाहरु | १ | १ | १.५ | १.५ | २ | ७ | गाउँपालिका |
| पशु आहार र पोषण विकास कार्यक्रम | पटक | ० | ५ | सबे वडाहरु | २ | २ | ३ | ३ | ३ | १३ | |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| पशुपंक्षी हाट वजार स्थापना कार्यक्रम | संख्या | ० | १ | सबे वडाहरु | ० | ४ | १ | ० | ० | ५ | |
| पशुपालक कृषकहरुमा गोवर ग्यांस प्लान्ट स्थापना कार्यक्रम | संख्या | ० | २०० | पालिका स्तर | ३ | ५ | ५ | ७ | ७ | २७ | |
| पशुपालकहरुको लागि नविनतम अभ्यास अवलोकन कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | १.५ | १.५ | २ | २ | २ | ९ | |
| पशुपंक्षी तथा मत्स्य पालन सम्वन्धी यात्रिकरण विस्तार कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| छाडा चौपाया नियन्त्रण र गौशाला सञ्चालन कार्यक्रम | पटक | १ | ६ | पालिका स्तर | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| पशु नश्ल सुधार कार्यक्रम | पटक | ० | ५ | सबे वडाहरु | ४ | ४ | ४ | ५ | ५ | २२ | गाउँपालिका |
| **पशुपंक्षी विकास तर्फको जम्मा** | | | | | **९७.५** | **१०९.५** | **१२५.५** | **१५१.५** | **१८१** | **६६५** | |
| **१.३ घरेलु तथा साना उद्योग** | | | | | | | | | | | |
| स्थानीय औद्योगिक नीति तर्जुमा | संख्या | ० | १ | पालिका स्तर | ० | ४ | ० | ० | ० | ४ | गाउँपालिका |
| उद्यमशीलता विकास तालिम ( सावुन निर्माण,मुढा ढकिया निर्माण, फर्निचर, दालमोट, अचार आदी) | तालिम संख्या | ० | १२ | पालिका स्तर | ५ | ५ | ८ | ८ | १० | ३६ | गाउँपालिका |
| युवाहरुलाई उद्योग स्थापनाका लागि उत्प्रेरणा कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | ७ | १० | २० | २५ | २६ | ८८ | गाउँपालिका |
| परम्परागत सिप तथा ज्ञान प्रवर्द्धन कार्यक्रम | संख्या | ० | ५ | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| स्थानीय उत्पादन प्रवर्द्धनका लागि कोसेली कर्नर स्थापनामा सहयोग | संख्या | ० | ० | वडा नं ३ | ३ | ० | ० | ० | ० | ३ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम । | संख्या | २ | २० | पालिका स्तर | ३ | ३ | १० | १७ | २४ | ५७ | गाउँपालिका |
| उद्योगी व्यवसायी सम्मान कार्यक्रम । | संख्या | ० | ५ | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| **घरेलु तथा साना उद्योग तर्फको जम्मा** | | | | | **२०** | **२४** | **४०** | **५२** | **६२** | **१९८** | |
| **१.४ वन पैदावार तथा खनिज सम्पदा** | | | | | | | | | | | |
| एक घर ५ विरुवा कार्यक्रम | घर संख्या | ० | १००० | पालिका स्तर | १ | १ | १.५ | १.५ | २ | ७ | गाउँपालिका |
| वनजन्य विरुवाको नर्सरि स्थापना र विरुवा वितरण कार्यक्रम | संख्या | ० | ८ | वडातह | १ | १ | २ | २ | २ | ८ | गाउँपालिका |
| गा.पा. का सार्वजनिक स्थलहरु, सडक किनाराहरु नदी, पोखरी र खोला किनाराहरुमा वृक्षारोपण कार्यक्रम । | पटक | ० | ५ | सबै वडाहरु | ५ | १० | १० | २० | २५ | ७० | गाउँपालिका |
| **वन पैदावार तथा खनिज सम्पदा तर्फको जम्मा** | | | | | **७** | **१२** | **१३.५** | **२३.५** | **२९** | **८५** | |
| **१.५ पर्यटन विकास** | | | | | | | | | | | |
| एकीकृत पर्यटन गुरुयोजना तर्जुमा कार्यक्रम | संख्या | ० | १ | पालिका स्तर | ० | ५ | ० | ० | ० | ५ | गाउँपालिका |
| मन्दिर, मस्जिद एवं अन्य धर्मिक र सांस्कृतिक संरचनाहरुको संरक्षण तथा सम्बर्द्धन कार्यक्रम । | संख्या | ० | १० | पालिका स्तर | ५ | १६ | ३० | ३० | ४० | १२१ | गाउँपालिका |
| **पर्यटन विकास तर्फको जम्मा** | | | | | **५** | **२१** | **३०** | **३०** | **४०** | **१२६** | |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| **१.६ सहकारी विकास** | | | | | | | | | | | |
| एक वडा एक सहकारी ; एक उत्पादन कार्यक्रम | संख्या | ० | ८ | सबै वडाहरु | ५ | ९ | १५ | १३ | १३ | ५५ | गाउँपालिका/सहकारी |
| उत्पादनमा संलग्न उत्कृष्ट सहकारीलाई प्रोत्साहन कार्यक्रम | संख्या | ० | ५ | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका/सहकारी |
| सहकारीहरुको संयुक्त लगानीमा स्थानीय स्तरमा उत्पादित वस्तुहरुको एकै स्थानमा संकलन, ब्राण्डिङ, प्याकेजिङ तथा बजारीकरण कार्यक्रम | कार्यक्रम संख्या | ० | ३ | पालिका स्तर | ० | १ | ३ | ३ | ३ | १० | गाउँपालिका/सहकारी |
| सहकारी शिक्षा तथा वित्तीय सुशासन सम्वन्धी कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका/सहकारी |
| **सहकारी विकास तर्फको जम्मा** | | | | | **७** | **१२** | **२०** | **१८** | **१८** | **७५** | |
| **१.७ वाणिज्य तथा आपूर्ति** | | | | | | | | | | | |
| पालिकामा वार्षिक आयात निर्यात हुने वस्तुहरुको तथ्यांक अध्याबधिक | पटक | ० | ५ | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| मूल्य सूची निर्धारण तथा मापदण्ड तर्जुमा | पटक | ० | १ | पालिका स्तर | १ | ० | ० | ० | ० | १ | गाउँपालिका |
| स्थानीय व्यापार संघ स्थापनाका लागि सहजीकरण | पटक | ० | १ | पालिका स्तर | १ | ० | ० | ० | ० | १ | गाउँपालिका/ |
| बजार अनुगमन तथा नियमन कार्यक्रम | पटक | ० | १० | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| स्थानीय उत्पादनको प्रचार प्रसार कार्यक्रम | पटक | ० | १० | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| फर्म, उद्योग, व्यपार व्यवसाय दर्ता तथा नविकरण शिबिर संचालन | पटक | ० | ५ | स्थानीय स्तर | ३ | ४ | ४ | ४ | ४ | १९ | गाउँपालिका/निजी क्षेत्र |
| **वाणिज्य तथा आपूर्ति तर्फको जम्मा** | | | | | **८** | **७** | **७** | **७** | **७** | **३६** | |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| **१.८ श्रम तथा रोजगार र गरिबी निवारण** | | | | | | | | | | | |
| अति विपन्न घरपरिवारको पहिचान तथा अभिलेखीकरण | पटक | ० | १ | पालिका स्तर | २ | ० | ० | ० | ० | २ | गाउँपालिका |
| अति विपन्न परिवारमा एक परिवार एक रोजगार | संख्या | ० | ५ | पालिका स्तर | ३ | ६ | १३ | २२ | ३० | ७४ | गाउँपालिका |
| संघ संस्थाहरुको सहकार्यमा उद्यमशीलता र स्वरोजगारमूलक तालिम | पटक | ० | ५ | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | गाउँपालिका |
| मागमा आधारीत सिपमुलक तालिम कार्यक्रम | संख्या | ० | ५ | पालिका स्तर | २।११ | ४।३ | ४।०७ | ४।६६ | ४।४१ | १९।५५ | गाउँपालिका |
| **श्रम तथा रोजगार र गरिबी निवारणको जम्मा** | | | | | **९.११** | **१२.३०** | **१९.०७** | **२८.६६** | **३६.४१** | **१०५.५५** | |
| **आर्थिक विकासको कूल जम्मा** | | | | | **२५७.११** | **३०४.३०** | **३५७.५७** | **४१७.६६** | **४८५.४१** | **१८२२.०५** | |
| **२. सामाजिक विकास** | | | | | | | | | | | |
| **२.१ शिक्षा** | | | | | | | | | | | |
| स्मार्ट बिद्यालय कार्यक्रम | संख्या | १ | १ | ....... मा.बि | ४ | ४ | ४ | ४ | ४ | २० | गाउँपालिका |
| शैक्षिक गुणस्तर परिक्षण कार्यक्रम । | पटक | ० | १५ | पालिका स्तर | १ | ३ | ३ | ३।५ | ३।५ | १४ | गाउँपालिका |
| बिद्यालय शैक्षिक सुधार कार्यक्रम । | पटक | १ | ५ | पालिका स्तर | १५ | १७ | २० | २५ | ३० | १०७ | गाउँपालिका |
| मा.वि. तह (९-१२) मा पढ्दै, सिक्दै कमाउदै कार्यक्रम | संख्या | ० | १ | अनिरुद्र पब्लिक मा.वि | ४ | ४ | ५ | ५ | ६ | २४ | गाउँपालिका |
| अति विपन्न विद्यार्थीका लागि विशष प्याकेज कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | ५ | ५ | ५ | ६ | ६ | २७ | गाउँपालिका |
| कक्षा ११-१२ मा पढ्ने छात्रालाई छात्रबृति | पटक | १ | ६ | पालिका स्तर | ३ | ३।५ | ४ | ५ | ५ | २०।५ | गाउँपालिका |
| अभिभावक शिक्षा | पटक | १ | ५ | पालिका स्तर | ३ | ३ | ४ | ४ | ४।५ | १८।५ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| उत्कृष्ट शिक्षक, बिद्यार्थि तथा उत्कृष्ट विद्यालय सम्मान | पटक | १ | ५ | पालिका स्तर | ३ | ३ | ३।५ | ३।५ | ४ | १७ | गाउँपालिका |
| विद्यालयमा खानेपानी तथा लैङ्गिकमैत्री शौचालय | संख्या | ० | २० | पालिका स्तर | १० | १० | २० | २० | २५ | ८५ | गाउँपालिका |
| बिद्यालयमा बिज्ञान तथा क्ष्कृत ल्याब स्तरोन्नती | संख्या | १ | ५ | पालिका स्तर | ८ | ९ | १० | ११ | ११ | ४९ | गाउँपालिका |
| बिद्यालयमा पुस्तकालय व्यवस्थापन | संख्या | ० | ५ | पालिका स्तर | ५ | ५ | ५ | १० | १० | ३५ | गाउँपालिका |
| बिद्यालयमा थप कक्षा कोठा निर्माण कार्यक्रम | संख्या | ० | ३० | पालिका स्तर | २० | ३५ | ५० | ६० | ६५ | २३० | गाउँपालिका |
| बिद्यालय भवन मर्मत संभार तथा फर्निचर | पटक | ० | ५ | पालिका स्तर | १५ | १५ | २० | २० | २० | ९० | गाउँपालिका |
| बालविकास केन्द्रहरुमा शैक्षिक सामाग्री व्यवस्थापन | पटक | ० | ५ | पालिका स्तर | ४ | ५ | ६ | १० | १० | ३५ | गाउँपालिका |
| विद्यालयहरुको खेल मैदान निर्माण तथा स्तरोन्नती | संख्या | ० | २० | पालिका स्तर | ५ | ६ | ७ | ८ | १० | ३६ | गाउँपालिका |
| शिक्षकहरुको क्षमता विकास कार्यक्रम । | पटक | ० | ५ | पालिका स्तर | ५ | ५ | २ | २ | २ | १६ | गाउँपालिका |
| बिद्यालय स्तरिय खेलकुद प्रतियोगिता | पटक | १ | ६ | पालिका स्तर | ५ | ५ | ५ | ५ | ५ | २५ | गाउँपालिका |
| बिद्यालय व्यवस्थापन समितिका पदाधिकारी संग अन्तरकृया । | पटक | ० | १५ | पालिका स्तर | २ | २ | ३ | ३ | ४।५ | १४।५ | गाउँपालिका |
| बिद्यालयमा स्वास्थ्यकर्मी परिचालन कार्यक्रम | पटक | १ | ६ | पालिका स्तर | स्वास्थ्यमा समाबेश गरिएको । | | | | | | गाउँपालिका |
| **शिक्षा तर्फको जम्मा** | | | | | **११७.००** | **१३९.५०** | **१७६.५०** | **२०५.००** | **२२५.५०** | **८६३.५०** | |
| **२.२ स्वास्थ्य सेवा** | | | | | | | | | | | |
| पालिका स्तरीय १५ शैयाको अस्पताल निर्माण | संघीय सरकार | | | वडा नं. ५ | ० | ० | ० | ० | ० | ० | संघीय सरकार |
| जग्गा उपलब्ध गरी स्वास्थ्य चौकीको भवन निर्माण (६ वटा) | संघीय सरकार संग पहल गर्ने | | | वडा १,२,३,४,६,८ | ० | ० | ० | ० | ० | ० | संघीय सरकार |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| स्वास्थ्य चौकीहरुमा बर्थिङ्ग सेन्टर संचालन तथा व्यवस्थापन । | संख्या | १ | ७ | वडा १,२,३,४,६,८ | १५ | १५ | १५ | २० | २० | ८५ | गाउँपालिका |
| खोप तथा गाउँघर क्लिनिक भवन निर्माण । (गाउँपालिका तथा संघ संस्थाको समन्वयमा) | संख्या | ० | २० | बस्ती तहमा | ५ | ६ | ७ | ८ | ९ | ३५ | गाउँपालिका |
| स्वास्थ्य संस्थाहरुमा प्रविधिमैत्री प्रयोगशाला व्यवस्थापन । | संख्या | २ | ८ | वडा १,२,३,४,६,८ | १० | १० | १५ | ५ | ५ | ४५ | गाउँपालिका |
| पालिका स्तरीय औषधी भण्डारण केन्द्र तथा Coldchain Room को व्यवस्थापन । | पटक | ० | १ | पालिका स्तर | ० | | १० | १ | १ | १२ | गाउँपालिका |
| नसर्ने रोगको बारे सचेतना तथा व्यवस्थापन कार्यक्रम | पटक | १ | ६ | सबै वडाहरु | ७ | ८ | ८ | ८ | ८ | ३९ | गाउँपालिका |
| आमा समुहहरुको परिचालन मार्फत खोप तथा गाउँघर क्लिनिक व्यवस्थापन । | पटक | १ | ६ | सबै वडाहरु | ४ | ४ | ४ | ४ | ४ | २० | गाउँपालिका |
| सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई थप प्रोत्साहन कार्यक्रम । | पटक | १ | ६ | सबै वडाहरु | १५ | १६ | १८ | २० | १९ | ८८ | गाउँपालिका |
| महामारी तथा सरुवाजन्य रोग नियन्त्रणका लागि सचेतना | संख्या | १ | ६ | सबै वडाहरु | ३ | ३ | ३ | ३ | ३ | १५ | गाउँपालिका |
| जेष्ठ नागरिक, असहाय, शारीरिक असक्त तथा दीर्घ रोगीको उपचारका लागि निशुल्क स्वास्थ्य शिविर । | संख्या | १ | ५ | पालिका स्तर | ४ | ४ | ४ | ५ | ५ | २२ | गाउँपालिका |
| गम्भिर खालका रोगको उपचारको लागि अति विपन्न वर्गलाई सहयोग कार्यक्रम । | पटक | १ | ६ | पालिका स्तर | ५ | ५ | ६ | ६ | ७ | २९ | गाउँपालिका |
| १५ शैयाको आधारभूत अस्पताल संचालन व्यवस्थापन | पटक | ० | ४ | पालिका स्तर | ० | २० | २० | २० | २० | ८० | गाउँपालिका |
| योग केन्द्रको स्थापना तथा संचालन । | संख्या | ० | २ | पालिका स्तर | २ | २ | २।५ | २।५ | ३ | १२ | गाउँपालिका |
| समुदाय तथा बिद्यालयमा स्वास्थ्यकर्मी परिचालन | संख्या | ० | १ | पालिका स्तर | २ | २ | २।५ | २।५ | ३ | १२ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| **स्वास्थ्य सेवा तर्फको जम्मा** | | | | | **७२।००** | **९५।००** | **११५।००** | **१०५।००** | **१०७।००** | **४९४।००** | |
| **२.३ महिला, जेष्ठ नागरिक तथा फरक क्षमता** | | | | | | | | | | | |
| महिलाहरुका लागि उद्यमशीलता तथा स्वरोजगार सम्वन्धी तालिम | जना | ० | १५० | पालिका स्तर | १।५ | १।५ | १।५ | २ | २ | ८।५ | गाउँपालिका |
| बिपन्न महिला लक्षित आय आर्जन कार्यक्रम । | जना | ० | ८० | वडा नं.१-८ | ४ | ५ | ५ | ५ | ६ | २५ | गाउँपालिका |
| महिलाहरुका लागि नेतृत्व विकास तालिम सञ्चालन । | पटक | ० | ५ | पालिका स्तर | २ | २ | २ | ३ | ३ | १२ | गाउँपालिका |
| महिला अधिकार तथा कानूनी साक्षरता कार्यक्रम । | पटक | ० | ५ | वडा नं.१-८ | १ | १ | १ | १ | १।५ | ५।५ | गाउँपालिका |
| महिला हिंसा न्यूनिकरण कार्यक्रम । | पटक | ० | ५ | पालिका स्तर | ४ | ४ | ५ | ५ | ६ | २४ | गाउँपालिका |
| विद्यमान बिभेदकारी कुसंस्कारहरु न्यूनीकरणका लागि जनचेतना । | पटक | ० | ५ | वडा नं.१-८ | १ | १ | १ | २ | २ | ७ | गाउँपालिका |
| ८० बर्ष माथीका जेष्ठ नागरिक केन्द्रित घरदैलो स्वास्थ्य परीक्षण | पटक | ० | ५ | सबै वडाहरु | ३।०० | ३।०० | ३।०० | ३।०० | ३।०० | १५।०० | गाउँपालिका |
| जेष्ठ नागरिक दिवा मिलन केन्द्रको स्थापना तथा सञ्चालन | संख्या | ० | २ | पालिका स्तर | ५।०० | ६।०० | २।०० | ३।०० | ३।०० | १९।०० | गाउँपालिका |
| जेष्ठ नागरिक सम्मान कार्यक्रम । | पटक | ० | ५ | पालिका स्तर | १।०० | १।०० | १।२५ | १।२५ | १।२५ | ५।७५ | गाउँपालिका |
| जेष्ठ नागरिकालाई पालन पोषण गर्ने उत्कृष्ट बुहारी सम्मान | पटक | ० | ५ | पालिका स्तर | १।०० | १।०० | १।२५ | १।२५ | १।२५ | ५।७५ | गाउँपालिका |
| फरक क्षमता भएका व्यक्तिहरुलाई योगदानको आधारमा सम्मान | पटक | ० | ५ | पालिका स्तर | १ | १ | १।२५ | १।२५ | १।२५ | ५।७५ | गाउँपालिका |
| फरक क्षमता भएका व्यक्तिहरुलाई उद्यमशीलता तथा स्वरोजगार सम्वन्धी तालिम सञ्चालन । | पटक | ० | ५० | पालिका स्तर | २ | २ | ० | ० | ० | ४ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| फरक क्षमता भएका व्यक्तिहरुलाई सहयोग सामग्री | पटक | ० | ३ | पालिका स्तर | २ | ० | २ | ० | २ | ६ | गाउँपालिका |
| फरक क्षमता भएका व्यक्तिहरुलाई उद्यम स्थापनामा बिशेष सहयोग कार्यक्रम। | पटक | ० | ५ | पालिका स्तर | ३ | ३ | ३ | ४ | ४ | १७ | गाउँपालिका |
| **महिला, जेष्ठ नागरिक तथा फरक क्षमता तर्फको जम्मा** | | | | | **३१.५०** | **३१.५०** | **२९.२५** | **३१.७५** | **३६.२५** | **१६०.२५** | |
| **२.४ आदिवासी जनजाती,दलित⁄उत्पीडित वर्ग उत्थान** | | | | | | | | | | | |
| सकारात्मक विभेद सहितको सामाजिक समाबेशीकरण सम्बन्धी नीति तर्जुमा। | पटक | ० | १ | पालिका स्तर | ३ | ० | ० | ० | ० | ३ | गाउँपालिका |
| आदिवासी जनजाती एवं दलित/उत्पीडित सञ्जाल निर्माण तथा परिचालन | पटक | ० | ५ | पालिका स्तर | ३ | ३ | ३ | ३ | ३ | १५ | गाउँपालिका |
| परम्परागत सीप तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | ५ | ५ | ५ | ५ | ५ | २५ | गाउँपालिका |
| स्वरोजगारमूलक व्यवसाय छनौट तथा उद्यमशीलता तालिम। | संख्या | ० | १५० | पालिका स्तर | ५ | ५ | ५ | ५ | ५ | २५ | गाउँपालिका |
| अति विपन्न तथा पछाडि परेका समुदाय उत्थान बिशेष कार्यक्रम। | पटक | ० | ५ | पालिका स्तर | १० | ११ | १३ | १३ | १४ | ६१ | गाउँपालिका |
| सेवा प्रवेश सम्वन्धी कक्षा सञ्चालन। | पटक | ० | ३ | पालिका स्तर | ० | ३ | ४ | ० | ४ | ११ | गाउँपालिका |
| **आदिवासी जनजाती,दलित⁄उत्पीडित वर्ग उत्थान तर्फको** | | | | | **२६.००** | **२७.००** | **३०.००** | **२६.००** | **३१.००** | **१४०.००** | |
| **२.५ बालबालिका, वाल अधिकार तथा वाल संरक्षण** | | | | | | | | | | | |
| बाल बिकास कोषको स्थापना तथा परिचालन | पटक | १ | ६ | पालिका स्तर | ५ | ५ | ५ | ५ | ५ | २५ | गाउँपालिका |
| समुदाय तथा बिद्यालय तहमा बाल क्लबहरु गठन तथा परिचालन | पटक | १ | ६ | सबै वडाहरु | ५ | ६ | ८ | ८ | ८ | ३५ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| अनाथ बाल बालिकालाई बिशेष सहयोग कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | ३ | ४ | ५ | ५ | ५ | २२ | गाउँपालिका |
| बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम। | पटक | ण | छ | पालिका स्तर | २५ | २५ | ३० | ३० | ३५ | १४५ | गाउँपालिका |
| **बालबालिका, वाल अधिकार तथा वाल संरक्षण तर्फको** | | | | | **३८.००** | **४०.००** | **४८.००** | **४८.००** | **५३.००** | **२२७.००** | |
| **२.६ युवा, खेलकूद तथा संस्कृति** | | | | | | | | | | | |
| युवा स्वरोजगार कोष स्थापना। | पटक | ० | ५ | पालिका स्तर | ४ | ५ | ५ | ५ | ५ | २४ | गाउँपालिका |
| युवा साझेदारी कार्यक्रम। | पटक | ० | ५ | पालिका स्तर | ४ | ५ | ८ | ८ | १० | ३५ | गाउँपालिका |
| मनोसामाजिक चिकित्सा सेवा कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | गाउँपालिका |
| युवा क्लवहरुको संरक्षण तथा सुदृढीकरण कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | ३ | ३ | ४ | ४ | ५ | १९ | गाउँपालिका |
| खेलकुद बिकासका लागि संस्थागत संरचना निर्माण तथा परिचालन | पटक | ० | ५ | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | गाउँपालिका |
| बिभिन्न विधाका खेल प्रशिक्षक उत्पादन कार्यक्रम | संख्या | ० | १०० | पालिका स्तर | ४ | ४ | ५ | ५ | ६ | २४ | गाउँपालिका |
| पालिका तहमा बिभिन्न बिधाका खेलकुद प्रतियोगिता संचालन। | पटक | १ | ५ | पालिका स्तर | ६ | ६ | ८ | ८ | ८ | ३६ | गाउँपालिका |
| भगवानदास बहुउद्देश्यीय रंगशाला निर्माण | संख्या | निर्माणाधिन | १ | | १० | १० | १० | २० | २५ | ७५ | गाउँपालिका |
| ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, अभिलेखीकरण तथा प्रचार प्रसार कार्यक्रम | पटक | ० | १ | पालिका स्तर | ३ | ० | ० | ० | १ | ४ | गाउँपालिका |
| विभिन्न धार्मिक स्थल, मठ, मन्दिर तथा मस्जिदहरुको संरक्षण तथा सम्वर्द्धन कार्यक्रम। | संख्या | ० | २० | सबै वडाहरु | ५ | ८ | ८ | १२ | १५ | ४८ | गाउँपालिका |
| बहु-साँस्कृतिक संग्रहालयको स्थापना। | पटक | ० | १ | पालिका स्तर | ३ | १५ | १५ | ५ | १ | ३९ | गाउँपालिका |
| भाषा, संस्कृति सम्वर्द्धन कार्यक्रम। | पटक | ० | ५ | पालिका स्तर | ४ | ४ | ५ | ५ | ६ | २४ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| साँस्कृतिक महोत्सव आयोजना। | पटक | ० | ५ | पालिका स्तर | ५ | ५ | ६ | ६ | ७ | २९ | गाउँपालिका |
| घाट व्यवस्थापन कार्यक्रम | संख्या | ० | ५ | सबै वडाहरु | २ | २ | २ | २ | २ | १० | गाउँपालिका |
| **युवा, खेलकूद तथा संस्कृति तर्फको जम्मा** | | | | | **५७** | **७१** | **८०** | **८४** | **९५** | **३८७** | |
| **२.७ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)** | | | | | | | | | | | |
| लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी स्थानीय नीति तर्जुमा | पटक | ० | १ | पालिका स्तर | ३ | ० | ० | ० | ० | ३ | गाउँपालिका |
| लै.स.सा.स सम्वन्धी छलफल तथा अन्तरकृया | पटक | ० | ५ | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| लैङ्गिक उत्तरदायी बजेट परिक्षण कार्यक्रम। | पटक | ० | ५ | पालिका स्तर | ४ | ४ | ५ | ५ | ५ | २३ | गाउँपालिका |
| **लैससास तर्फको जम्मा** | | | | | **८** | **५** | **६** | **६** | **६** | **३१** | |
| **२.८ खानेपानी तथा सरसफाई** | | | | | | | | | | | |
| खानेपानी मर्मत संभार कोष स्थापना तथा खानेपानी योजनाहरुको मर्मत सम्भार कार्यक्रम। | पटक | १ | ६ | पालिका स्तर | ४.१७ | ९.४४ | १० | १५ | १५ | ५३.६१ | गाउँपालिका |
| एक घर एक धारा कार्यक्रम अर्न्तगतका आयोजना संचालन (पालिका, प्रदेश, संघिय सरकार तथा अन्य संघ संस्थाको सशकार्यमा) | संख्या | ४ | ४ | सबै वडाहरु | २० | २३ | २० | ६० | ७७ | २०० | गाउँपालिका |
| मुख्य बजार केन्द्र तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण। | संख्या | ० | १८ | सबै वडाहरु | ४ | ५ | १०.६ | २० | २५ | ६४.६ | गाउँपालिका |
| पानी तथा पानीजन्य रोगबाट फैलने रोग बारे जनचेतना कार्यक्रम। | पटक | ० | ६ | सबै वडाहरु | २ | २ | २ | २ | २ | १० | गाउँपालिका |
| पूर्ण सरसफाई बिशेष कार्यक्रम। (पालिका तथा अन्य संघ संस्थाको सहयोगमा) | पटक | ० | ५ | सबै वडाहरु | ४ | ४ | ४ | १८।७४ | २५।३६ | ५६।१ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| वडातहमा फोहरमैला संकलन स्थलको पहिचान तथा व्यवस्थापन । | स्थान | ० | ८ | सबै वडाहरु | २ | ४ | ५ | ५ | ५ | २१ | गाउँपालिका |
| फोहरमैला व्यवस्थापनको लागि ट्याक्टर खरिद कार्यक्रम | संख्या | ० | १ | पालिका स्तर | ० | ० | ० | ० | २५ | २५ | गाउँपालिका |
| **खानेपानी तथा सरसफाई तर्फको जम्मा** | | | | | **३६.१७** | **४७.४४** | **५१.६** | **१२०.७४** | **१७४.४** | **४३०.३** | |
| **सामाजिक बिकास तर्फको कूल जम्मा** | | | | | **३८५.६७** | **४५६.४४** | **५३६.३५** | **६२६.४९** | **७२८.११** | **२७३३.०६** | |
| **३. भौतिक पूर्वाधार विकास** | | | | | | | | | | | |
| **३.१ सडक तथा यातायत क्षेत्र** | | | | | | | | | | | |
| गाउँपालिका यातायात गुरुयोजना **(RTMP)** निर्माण | संख्या | ० | १ | पालिका स्तर | १० | ० | ० | ० | ० | १० | गाउँपालिका |
| यशोधरा चक्रपथ निर्माण ( संघ/प्रदेश संग अनुरोध गर्ने) | कि.मी | १० | ४० | सबै वडाहरु | १०० | १५० | २०० | ३०० | ३०० | १०५० | गाउँपालिका |
| कालोपत्रे सडक निर्माण (स्तर बृद्धि १० कि.मी) ** | कि.मी | | १० | सबै वडाहरु | ३०० | ३२५ | ३६० | ३५० | ३९० | १७२५ | संघ/प्रदेश/ गाउँपालिका |
| नाली सहितको ग्राभेल सडक निर्माण २० कि.मी ** | कि.मी. | | २० | सबै वडाहरु | ३०० | ३२५ | ३३० | ४०० | ४२५ | १७८० | संघ /प्रदेश / पालिका |
| साधारण ग्राभेल सडक निर्माण : ३० कि.मी. | कि.मी. | | ३० | सबै वडाहरु | १६० | २५० | ३२० | ४०० | ४०० | १५३० | गाउँपालिका |
| सडकको नियमत मर्मत संभार :(पालिका भित्रका रहेका सबे सडकहरु) | कि.मी. | ० | १०० | सबै वडा | ५० | ६५ | ७० | ९० | १०० | ३७५ | गाउँपालिका |
| उपयुक्त स्थानमा जग्गा प्राप्त गरी बस पार्क निर्माण । | संख्या | ० | १ | वाड नं ७ | ० | २० | ३० | ३० | ८० | १६० | गाउँपालिका |
| सडक प्रतिक्षालय निर्माण | संख्या | ० | १० | वडा नं.१, ५ | १० | २० | २० | २५ | २५ | १०० | गाउँपालिका |
| बस्ती भित्रका सडक पि.सि.सि गर्ने ३ कि.मी | कि.मी | ० | २ | सबै वडा | ८० | ८० | १२४ | १२० | १७० | ५७४ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| **सडक यातायात तर्फको जम्मा** | | | | | **१०१०** | **१२३५** | **१४५४** | **१७१५** | **१८९०** | **७३०४** | |
| **३.२ सञ्चार तथा सूचना प्रविधि** | | | | | | | | | | | |
| मोवाईल तथा इन्टरनेट सेवा विस्तार तथा सुदृढीकरण | % | ० | १०० | सबै वडा | ४ | ४ | ३ | ५ | ५ | २१ | गाउँपालिका |
| सूचना प्रविधि सम्वन्धी स्थानीय यूवालाई दक्षता अभिवृद्धि तालिम | संख्या | ० | ३ | वडा नं.१ | ३ | ० | ३ | ० | ४ | १० | |
| **सञ्चार तथा सूचना प्रविधि तर्फको जम्मा** | | | | | **७** | **४** | **६** | **५** | **९** | **३१** | |
| **३.३ विद्युत्त तथा उर्जा** | | | | | | | | | | | |
| विद्युत विस्तार/विद्युत पोल तथा र विद्युत ट्रान्सफरमरहरुको सुधार कार्यक्रम (विद्युत प्राधिकरण संगको सहकार्यमा)। | प्रतिशत | ० | १०० | सबै वडा | २० | २० | २५ | २५ | ३० | १२० | पालिका, प्राधिकरण तथा बिद्युत उपभोक्ता |
| मुख्य चोकमा उच्च क्षमताको सडक बत्तिको व्यस्थापन । | संख्या | ल्ब | २० | मुख्य केन्द्र | ४ | ४ | ४ | ४ | ४ | २० | गाउँपालिका |
| बिपन्न परिवारको लागि सहुलियतमा विद्युत चुल्हो | संख्या | ० | २०० | पालिका स्तर | ४ | ४ | ४ | ४ | ० | १६ | गाउँपालिका |
| मुख्य बजारहरुमा सडक बत्ति व्यवस्थापन | पटक | ० | ५ | मुख्य बजार | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| विद्युत जडान तथा मर्मत सम्भार तालिम/स्वरोजगार श्रृजना । | पटक | ० | ३ | पालिका स्तर | ३ | ० | ३ | ० | ३ | ९ | गाउँपालिका |
| **बिद्युत तथा उर्जाको जम्मा** | | | | | **३२** | **२९** | **३७** | **३४** | **३८** | **१७०** | |
| **३.४ भवन तथा आवास** | | | | | | | | | | | |
| सार्वजनिक, सामुदायिक तथा निजी भवन निर्माणको लागि भवन निर्माण मापदण्ड/संहिता तर्जुमा | संख्या | ० | १ | पालिका स्तर | ५ | ० | ० | ० | ० | ५ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| वडा नं.१ र ६ को वडा कार्यालय निर्माण सम्पन्न गर्ने | संख्या | ० | २ | वडा १ र ६ | २० | ० | ० | ० | ० | २० | गाउँपालिका |
| गाउँपालिका भवन तथा वडा कार्यालयहरुको घेराबार तथा नियमित मर्मत सम्भार । | संख्या | ० | ९ | पालिका तथा सबै वडाहरु | २० | २० | २५ | २५ | ३५ | १२५ | गाउँपालिका |
| स्वास्थ्य चौकी भवनहरुको घेराबार तथा मर्मत संम्भार । | संख्या | ० | ८ | सबै स्वास्थ्य चौकी भवनहरु | २० | २० | २५ | १० | ५० | १२५ | गाउँपालिका |
| १५ शैयाको आधारभूत अस्पताल निर्माण सम्पन्न गर्ने | संख्या | ० | १ | वडा नं ५ | ० | ० | ० | ० | ० | ० | संघीय सरकार |
| एकीकृत वस्तीको लागि उपयुक्त जग्गाको व्यवस्थापन सहित सम्भाव्यता अध्ययन । (संघिय सरकार संग अनुरोध गर्ने ) | पटक | ० | १ | पालिका स्तर | ० | ० | ० | ० | ० | ० | संघिय सरकार |
| निर्माण कर्मीहरुको दक्षता अभिवद्धि तालिम । | पटक | ० | २ | पालिका स्तर | ५ | ५ | ६ | ६ | ७ | २९ | गाउँपालिका |
| खरको छाना बिस्थापन कार्यक्रम | % | ० | १०० | पालिका स्तर | २० | २० | ० | ० | ० | ४० | प्रदेश सरकार तथा गाउँपालिका |
| **भवन तथा आवास तर्फको जम्मा** | | | | | **९०** | **६५** | **५६** | **४१** | **९२** | **३४४** | |
| **३.५ सिँचाई** | | | | | | | | | | | |
| बाणगंगा लिफ्ट सिंचाई योजनाको म्एच गरी कार्यान्वयन गर्ने । | संख्या | ० | १ | पालिका स्तर | २० | ४० | ४५ | ५० | ८० | २३५ | संघ, प्रदेश तथा स्थानीय सरकार |
| वैकल्पिक सिँचाई प्रणाली सम्वन्धी अध्ययन तथा कार्यान्वयन | पटक | ० | १ | पालिका स्तर | १० | २० | ३० | ४० | ६० | १६० | संघ, प्रदेश तथा स्थानीय सरकार |
| बाणगंगा सिंचाईको नहरको नियमित मर्मत सम्भार | पटक | १ | ६ | पालिका स्तर | १० | १० | १० | १० | १० | ५० | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| जमुवार एवं मसहिया नाला उभार कार्यक्रम | पटक | ० | ५ | वडा नं १,२, ३, ४,र ६ | २० | २० | २५ | ३० | ४० | १३५ | संघ, प्रदेश तथा स्थानीय सरकार |
| सिँचाईको लागि कृषक समूहसंग साझेदारी कार्यक्रम । | पटक | ० | ५ | सबै वडाहरु | १३.७० | १५.७६ | २०.२४ | २०.७० | २७.१३ | ९७.५३ | गाउँपालिका |
| बिभिन्न्न तालहरुको संरक्षण तथा सिंचाई व्यवस्थापन | पटक | ० | ५ | वडा नं १,६,७,८ | २० | २० | २५ | ४० | ६० | १६५ | गाउँपालिका |
| एक बडा एक सिंचाई भरण पोखरी निर्माण | संख्या | ० | ८ | सबै वडाहरु | १० | १२ | २० | ३३ | ४० | ११५ | गाउँपालिका |
| **सिँचाई तर्फको जम्मा** | | | | | **१०३.७०** | **१३७.७६** | **१७५.२४** | **२२३.७०** | **३१७.१** | **९५७.५३** | |
| **भौतिक पुर्वाधारको जम्मा** | | | | | **१२४२.७०** | **१४७०.७६** | **१७२८.२४** | **२०१८.७०** | **२३४६.१३** | **८८०६.५३** | |
| **४ वन, वातावरण संरक्षण एवं विपद् व्यवस्थापन** | | | | | | | | | | | |
| **४.१ वन विकास तथा वातावरण संरक्षण** | | | | | | | | | | | |
| **४.१.१ वन विकास** | | | | | | | | | | | |
| नर्सरी निर्माण कार्यक्रम | संख्या | ० | ८ | गा.पा. | २ | २ | ३ | ३ | ३ | १३ | गाउँपालिका |
| निजी जग्गामा वृक्षारोपण गर्ने व्यक्ति तथा समूहलाई प्रोत्साहन कार्यक्रम । | पटक | | ० | गा.पा. | २ | २ | २ | २ | ४ | १२ | गाउँपालिका |
| खाली चउर, सार्वजनिक स्थल र बुट्यान क्षेत्रमा वृक्षारोपण कार्यक्रम । | पटक | ० | ० | गा.पा. | ३ | ४ | ४ | ३ | ३ | १७ | गाउँपालिका |
| एक वडा ३ रिचार्ज पोखरी निर्माण । | संख्या | ० | ० | गा.पा. | ५ | ५ | १० | १० | १२ | ४२ | गाउँपालिका |
| **वन विकास तर्फको जम्मा** | | | | | **१२** | **१३** | **१९** | **१८** | **२२** | **८४** | |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| **४.१.२ वातावरण संरक्षण** | | | | | | | | | | | |
| फोहरमैला व्यवस्थापन नीति तर्जुमा । | संख्या | ० | ८ | गा.पा. | १ | ० | ० | ० | ० | १ | गाउँपालिका |
| प्लास्टिकजन्य वस्तुहरूको प्रयोग न्यूनीकरण कार्यक्रम | पटक | ० | ५ | सबै वडाहरु | १ | २ | २ | २ | १ | ८ | गाउँपालिका |
| वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन सम्वन्धी सचेतना कार्यक्रम । | पटक | ० | ५ | सबै वडाहरु | २ | २ | २ | ४ | ३ | १३ | गाउँपालिका |
| फोहरमैला संकलन केन्द्र स्थापना र व्यवस्थापन कार्यक्रम | संख्या | ० | २४ | सबै वडाहरु | ४ | ४ | ४ | ७ | ५ | २४ | गाउँपालिका |
| ल्याण्ड फिल्ड साइट अध्ययन । | संख्या | ० | ८ | सबै वडाहरु | ० | ० | ४ | ० | ० | ४ | गाउँपालिका |
| निरन्तर सरसफाई अभियान कार्यक्रम | पटक | ० | ५ | सबै वडाहरु | ३ | ३ | ३ | १० | ८ | २७ | गाउँपालिका |
| **वातावरण संरक्षण तर्फको जम्मा** | | | | | **११** | **११** | **१५** | **२३** | **१७** | **७७** | |
| **४.२ जैविक विविधता** | | | | | | | | | | | |
| विद्यमान पोखरी तथा मूल संरक्षण कार्यक्रम | संख्या | ० | १ | पालिका स्तर | ३ | ३ | ४ | ८ | ८ | २६ | गाउँपालिका/ समुदाय |
| विद्यमान चराचुरुङ्गी, वन्यजन्तु, वन वनस्पतीको अभिलेखीकरण तथा अध्ययन, अनुसन्धान कार्यक्रम । | पटक | ० | १ | पालिका स्तर | ० | ३ | ० | ० | ० | ५ | गाउँपालिका |
| जैविक विविधता संरक्षण सम्वन्धी कार्यविधि निर्माण | पटक | १ | ६ | पालिका स्तर | ० | ० | १ | ० | ० | २ | गाउँपालिका |
| जैविक विविधता संरक्षण र प्रवर्द्धनका लागि जनचेतना | पटक | ० | ५ | वडा नं १,२, ३, ४,र ६ | २ | २ | ३ | ३ | ३ | ८ | गाउँपालिका/ समुदाय |
| **जैविक विविधता तर्फको जम्मा** | | | | | **५** | **८** | **८** | **११** | **११** | **४१** | |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| **४.३ पार्क तथा खुल्ला क्षेत्र** | | | | | | | | | | | |
| एक वडा एक पार्क पार्क निर्माण कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | ६ | ८ | ९ | १० | ११ | ४४ | गाउँपालिका |
| मन्दिर र मस्जिद परिसरमा आकर्षक उद्धान निर्माण | पटक | ० | १ | पालिका स्तर | ४ | ४ | ५ | ५ | ६ | १७ | गाउँपालिका/ समुदाय |
| पिकनिक स्थलहरुको पूर्वाधार निर्माण व्यवस्थापन | पटक | ० | १ | पालिका स्तर | ३ | ४ | ४ | ४ | ५ | १८ | गाउँपालिका |
| खुला चउर व्यवस्थापन कार्यक्रम | पटक | ० | २४ | पालिका स्तर | २ | ३ | ५ | ६ | ८ | ७ | गाउँपालिका/ समुदाय |
| पुराना चौतारीहरुको संरक्षण तथा स्तरोन्नती कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | १ | २ | २ | ४ | ४ | १० | गाउँपालिका/समुदाय |
| **पार्क तथा खुल्ला क्षेत्र तर्फको जम्मा** | | | | | **१६** | **२१** | **२५** | **२९** | **३४** | **९६** | |
| **४.४ सीमसार तथा जलाधार क्षेत्र** | | | | | | | | | | | |
| जलाधार/सीमसार क्षेत्र संरक्षण कार्यक्रम | स्थान | ० | १६ | सबै वडाहरु | ३ | ३ | ४ | ४ | ८ | २२ | गाउँपालिका |
| पानीका मूल भएको स्थानमा वृक्षारोपण-सबै वडा | स्थान | ० | ८ | सबै वडाहरु | १ | २ | २ | ३ | ५ | ५ | गाउँपालिका/समुदाय |
| **सीमसार तथा जलाधार क्षेत्र तर्फको जम्मा** | | | | | **४** | **५** | **६** | **७** | **१३** | **२७** | |
| **४.५ जलवायु परिवर्तन तथा अनुकूलन रणनीति** | | | | | | | | | | | |
| जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम | पटक | ० | ३२ | गा.पा. | २ | २ | ३ | ५ | ५ | १७ | गाउँपालिका |
| जलवायु अनुकूलन हुने गरी पूर्वाधार निर्माण मापदण्ड तर्जुमा | पटक | ० | १ | गा.पा. | १ | ० | ० | ० | ० | २ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| जलाधार क्षेत्र संरक्षण कार्यक्रम | पटक | ० | ५ | गा.पा. | २ | ५ | ३ | ५ | ५ | १७ | गाउँपालिका/ समुदाय |
| **जलवायु परिवर्तन तथा अनुकूलन रणनीति तर्फको जम्मा** | | | | | **५** | **७** | **६** | **१०** | **१०** | **३६** | |
| **४.६ विपद् व्यवस्थापन** | | | | | | | | | | | |
| विपद् व्यवस्थापन योजना अध्यावधिक | पटक | १ | २ | पालिका स्तर | ० | ० | ३ | ० | ५ | ८ | गाउँपालिका |
| वडामा विपद् व्यवस्थापन कोषको स्थापना | संख्या | १ | ६ | सबै वडाहरु | ४ | ५ | ५ | ६ | ८ | २८ | गाउँपालिका |
| तालिमयुक्त जनशक्ति तयारी र जनचेतना कार्यक्रम | पटक | १ | ६ | पालिकास्तर | ४ | ४ | ३ | ४ | ७ | २२ | गाउँपालिका |
| आपतकालिन सेवा केन्द्रको स्थापना तथा परिचालन | पटक | १ | ६ | पालिकास्तर | ४ | ५ | ६ | ५ | ७ | २७ | गाउँपालिका |
| विपद् खोज उद्धार सामाग्री खरिद । | पटक | १ | ६ | पालिकास्तर | ४ | ५ | ५ | ३ | ३ | २० | गाउँपालिका |
| विपद् सम्बन्धी विषयमा सूचना प्रवाह कार्यक्रम । | पटक | १ | ६ | पालिकास्तर | १ | २ | १ | २ | २ | ८ | गाउँपालिका |
| विपद् व्यवस्थापनको लागि दमकल कार्यकम । ( छिमेकी स्थानीय तहसंगको समन्वयमा ) | पटक | १ | ६ | पालिकास्तर | ३ | ३ | ४ | ५ | ६ | २१ | गाउँपालिका |
| एक गाउँ एक पोखरी कार्यक्रम । | पटक | ० | ४० | पालिकास्तर | १०.७० | १०.४३ | १०.१९ | १३.२२ | १३.८० | ५६ | गाउँपालिका |
| **विपद् व्यवस्थापन तर्फको जम्मा** | | | | | **३०.७०** | **३४.४३** | **३७.१९** | **३८.२२** | **५१.८०** | **१९२.३४** | |
| **वन, वातावरण संरक्षण एवं विपद् व्यवस्थापन तर्फको** | | | | | **८५.७०** | **१०१.४३** | **११९.१९** | **१३९.२२** | **१६१.८०** | **६०७.३५** | |
| **५. संस्थागत विकास तथा सुशासन** | | | | | | | | | | | |
| **५.१ संस्थागत सुशासन, सेवा प्रवाह तथा क्षमता विकास** | | | | | | | | | | | |
| तर्जुमा गर्न बाँकी रहेका कानून निर्माण | संख्या | ३७ | ७५ | पालिका स्तर | ५ | ५ | ५ | ५ | ५ | २५ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| सार्वजनिक सुनुवाई र प्रगति समीक्षा कार्यक्रम । | पटक | ० | १५ | पालिका स्तर | ४ | ६ | ७ | ७ | ८ | ३२ | गा.पा./वडा कार्यालय |
| वडा तहमा एकीकृत घुम्ती सेवा सञ्चालन (बार्षिक) | पटक | १ | ५ | पालिका स्तर | ५ | ६ | ७ | ७ | ८ | ३३ | गा.पा./वडा कार्यालय |
| कर्मचारीहरुको लागि क्षमता बिकास कार्यक्रम । | पटक | १ | ६ | पालिका स्तर | २० | २५ | २५ | २५ | ३० | १२५ | गाउँपालिका |
| जनप्रतिनिधिहरुको लागि क्षमता बिकास कार्यक्रम । | पटक | १ | ६ | पालिका स्तर | १५ | २० | ३० | २० | ३५ | १२० | गाउँपालिका |
| भौतिक उपकरण, इन्टरनेट सेवा, फर्निचर तथा फर्निसिङको व्यवस्था ।( | पटक | १ | ६ | पालिका तथा सबै इकाई | १५ | २२ | ३८ | ४० | ५० | १६५ | गा.पा./वडा कार्यालय |
| आवधिक योजनाको मध्यावधिक समिक्षा तथा नयाँ निर्माण | पटक | ० | १ | पालिका स्तर | ० | ० | ० | २० | २० | ४० | गाउँपालिका |
| बिभिन्न प्रकाशन सम्वन्धी कार्य तथा मिडिया मोविलाइजेसन । | पटक | ० | ५ | पालिका स्तर | ६ | ६ | ७ | ७ | ७ | ३३ | गाउँपालिका |
| **संस्थागत सुशासन, सेवा प्रवाह तर्फको** | | | | | **७०** | **९०** | **११९** | **१३१** | **१६३** | **५७३** | |
| **५.२ वित्तीय सुशासन** | | | | | | | | | | | |
| राजस्व सुधार कार्य योजना अध्यावधिक कार्यक्रम । | पटक | ० | १ | पालिका स्तर | ५ | ० | ० | ५ | ० | १० | गाउँपालिका |
| मध्यकालीन खर्च संरचना तर्जुमा तथा अध्याबधिक | पटक | ० | ५ | पालिका स्तर | ५ | ५ | ६ | ६ | ६ | २८ | गाउँपालिका |
| बार्षिक खरिद योजना तथा खरिद गुरु योजना तर्जुमा | पटक | ० | ५ | पालिका स्तर | २ | ३ | ३ | ३ | ४ | १५ | गाउँपालिका |
| **वित्तीय सूशासन तर्फको जम्मा** | | | | | **१२** | **८** | **९** | **१४** | **१०** | **५३** | |
| **५.३ न्याय प्रणाली** | | | | | | | | | | | |
| न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम । | पटक | १ | ६ | पालिका स्तर | ३ | ५ | ५ | ५ | ६ | २४ | गाउँपालिका |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| स्थानीय स्तरमा कानूनी सचेतना कार्यक्रम सञ्चालन । | पटक | ० | ५ | सबै वडाहरु | २ | २ | ३ | ३ | ४ | १४ | गाउँपालिका |
| वडा तहमा मेलमिलाप केन्द्रहरुको व्यवस्थापन | पटक | ० | ५ | सबै वडाहरु | ५ | ७ | ७ | ७ | ८ | ३४ | गाउँपालिका |
| **न्याय प्रणाली तर्फको जम्मा** | | | | | **१०** | **१४** | **१५** | **१५** | **१८** | **७२** | |
| ५.४ नविनतम प्रविधिको प्रयोग | | | | | | | | | | | |
| सूचना प्रविधि सम्बन्धी स्थानीय कानूनको तर्जुमा | पटक | ० | १ | पालिका स्तर | ३ | ० | ० | ० | ० | ३ | गाउँपालिका |
| विद्युतीय शासन प्रवर्द्धन कार्यक्रम | पटक | १ | ६ | पालिका स्तर | ५ | २० | २० | ३५ | ४० | १२० | गाउँपालिका |
| गाउँपालिका तथा वडा कार्यालय बीच नेटवर्किङ । | संख्या | ८ | ८ | वडा स्तर | ४ | ४ | ४ | ४ | ४ | २० | गा.पा./वडा कार्यालय |
| **नविनतम प्रविधिको प्रयोग तर्फको जम्मा** | | | | | **१२** | **२४** | **२४** | **३९** | **४४** | **१४३** | |
| ५.५ शान्ति सुरक्षा | | | | | | | | | | | |
| सुरक्षा प्रशासनलाई प्रविधियुक्त बनाउन आवश्यक सहयोग | पटक | ० | ५ | पालिका स्तर | ३ | १० | १० | १० | १० | ४३ | गा.पा./प्रहरी चैकीहरु |
| सामुदाय र प्रहरी कार्यक्रम । | पटक | ० | ५ | पालिका स्तर | ३ | ६ | १० | १५ | २० | ५४ | गा.पा./प्रहरी चैकीहरु |
| लागु पदार्थ तथा दुर्व्यसन नियन्त्रण तथा सचेतना | पटक | ० | ५ | पालिका स्तर | २ | २ | ३ | ३ | ४ | १४ | गा.पा./प्रहरी चैकीहरु |
| **शान्ति सुरक्षा तर्फको जम्मा** | | | | | **८** | **१८** | **२३** | **२८** | **३४** | **१११** | |
| **५.६ अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार** | | | | | | | | | | | |
| नतीजामा आधारित अनुगमन तथा मूल्यांकन कार्यविधि तर्जुमा । | पटक | ० | १ | पालिका स्तर | ५ | ० | ० | ० | ० | ५ | गाउँपालिका/ |

| क्षेत्रगत कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | आयोजना स्थल | योजना अवधिको लगानी (रु लाखमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०८१/८२ | लक्ष्य | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा | |
| आयोजनाहरुको नतीजामा आधारित अनुगमन तथा मूल्यांकन । | पटक | १ | ६ | पालिका स्तर | ३ | ५ | ५ | ६ | ६ | २५ | गाउँपालिका/ |
| उपभोक्ता समितिहरुलाई क्षमता विकास कार्यक्रम । | पटक | १ | ६ | पालिका स्तर | ५ | ५ | ६ | ६ | ६ | २८ | गाउँपालिका |
| **अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार तर्फको जम्मा** | | | | | **१३** | **१०** | **११** | **१२** | **१२** | **५८** | |
| **५.७ तथ्यांक प्रणाली** | | | | | | | | | | | |
| सूचना तथा अभिलेख केन्द्रको व्यवस्थापन । | पटक | ० | ५ | पालिका स्तर | ५ | ४ | ४ | ४ | ४ | २१ | गाउँपालिका |
| गाउँपालिकाको वस्तुगत विवरण तयारी तथा प्रकाशन | पटक | ० | १ | पालिका स्तर | २० | ५ | ० | ० | ० | २५ | गाउँपालिका |
| क्षेत्रगत तथ्याङ्क संकलन, प्रशोधन एवं प्रकाशन । | पटक | ० | ५ | पालिका स्तर | ० | २ | २ | २ | २ | ८ | गाउँपालिका |
| न्क्ष्व प्रविधिबाट स्थानगत नक्सा अद्यावधिक कार्यक्रम | पटक | ० | ५ | पालिका स्तर | ५ | ५ | ५ | ५ | ५ | २५ | गाउँपालिका |
| **तथ्यांक प्रणाली तर्फको जम्मा** | | | | | **३०** | **१६** | **११** | **११** | **११** | **७९** | |
| ५.८ सामुदायिक-गैसस-साझेदारी | | | | | | | | | | | |
| गैसस तथा सामुदायिक संस्था परिचालनका लागि आचार संहिता निर्माण । | पटक | ० | १ | पालिका स्तर | २ | ० | ० | ० | ० | २ | गाउँपालिका |
| टोल विकास संस्थाको गठन तथा परिचालन कार्यत्र | पटक | ० | ५ | पालिका स्तर | ८ | १५ | १८ | २० | २२ | ८३ | गाउँपालिका |
| गैससहरुसंगको नियमित भेटघाट तथा अन्तरकृया । | पटक | ० | १५ | पालिका स्तर | १.४१ | १.८६ | १.३८ | १.४४ | १.६० | ७.६९ | गाउँपालिका |
| स्थानीय आमा समुह, सामुदायिक संस्था परिचालन | पटक | ० | ५ | पालिका स्तर | ५ | ६ | ७ | ७ | ८ | ३३ | गाउँपालिका |
| **सामुदायिक-गैसस-साझेदारी तर्फको जम्मा** | | | | | **१६.४१** | **२२.८६** | **२६.३८** | **२८.४४** | **३१.६०** | **१२५.६९** | |
| **संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फको** | | | | | **१७१.४१** | **२०२.८६** | **२३८.३८** | **२७८.४४** | **३२३.६०** | **१२१४.६९** | |
| **आवधिक योजनाको कुल जम्मा** | | | | | **५३९४.५९** | **५९५०.४०** | **६५६५.०६** | **७२४५.११** | **७९९७.८७** | **३३१५३.०३** | |

## ११.३ अनुगमन तथा मूल्यांकन

अनुगमन तथा मूल्यांकन एउटा व्यवस्थापकीय कार्य हो । विभिन्न तह, निकायबाट सञ्चालित विकास कार्यक्रमहरुबाट अपेक्षित लक्ष्य, उद्देश्य हासिल गर्ने सन्दर्भमा सम्पादित कामको विभिन्न सूचकहरुको आधारमा मापन गर्न र अभिलेखीकरण गर्नका लागि अनुगमन तथा मूल्यांकन गर्ने गरिन्छ ।

कुनैपनि योजना, कार्यक्रम कार्यान्वयनको जवाफदेहिता सुनिश्चित गर्ने माध्यमको रुपमा अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका हुन्छ । अनुगमन तथा मूल्यांकन सम्बन्धी पद्धतिलाई धेरै अघि देखि कार्यान्वयनमा ल्याइएता पनि प्रभावकारी रुपमा पालना नगर्दा यस व्यवस्थालाई स्वचालित अथवा संस्थागत गर्न नसकिएको अवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय सरकारको उप-प्रमुख वा उपाध्यक्षलाई योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन गर्ने जिम्मेवारी दिइएको छ, तर यस्तो महत्वपूर्ण विषयमा अनुगमन तथा मूल्यांकन सम्बन्धी संरचनागत संयन्त्र सम्बन्धी व्यवस्था र आवश्यक प्रक्रिया बारे उल्लेख भएको देखिदैन । संविधानतः पालिकाहरु आफ्नो जनता प्रति पूर्ण जवाफदेही र उत्तरदायी भई अघि बढ्नु पर्ने परिप्रेक्षमा उपलब्ध साधन श्रोतको कुशल ढङ्गले परिचालन गरी अपेक्षित नतिजा हासिल गर्न अनुगमन तथा मूल्यांकनको अहं भूमिका रहन्छ । स्थानीय स्तरमा अनुगमन तथा मूल्यांकन सम्बन्धी स्पष्ट कानूनको अभाव, आवश्यक साधन श्रोत, तथ्यांक तथा जनशक्तिको अभाव जस्ता समस्याहरु विद्यमान छन् । उपलब्ध जनशक्तिको क्षमता विकास गरी प्रविधिमैत्री अनुगमन तथा मूल्यांकन पद्धति र जवाफदेही एवं जिम्मेवारी बोध सहितको संरचना तयार गर्नु उत्तिकै चुनौतीपूर्ण छ ।

प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणाली मार्फत कार्यक्रम/आयोजनाहरुको प्रभावकारी कार्यन्वयन गरी जवाफदेहिता सुनिश्चित गर्नु अनुगमन तथा मूल्यांकनको प्रमुख उद्देश्य हो । यसका लागि नतिजा मूलक एवं स्वचालित अनुगमन तथा मूल्यांकन प्रणालीलाई संस्थागत गर्न अपरिहार्य हुन्छ । अनुगमन तथा मूल्यांकनका लागि स्थानीय सरकारले नीतिगत व्यवस्था गरी यस प्रणालीलाई संस्थागत गर्ने, अनुगमन तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषणलाई नीति निर्माण तहमा तथ्यपरक सूचनाको रुपमा ग्रहण गरी बहु-उपयोग गर्ने जस्ता रणनीति लिई अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्थाका लागि आवश्यक प्रक्रिया, संयन्त्र र जवाफदेहीता जस्ता पक्षहरु समेटी स्थानीय स्तरको कार्यविधि तर्जुमा गर्ने, कार्यक्रम/आयोजनाको प्रतिफल सूचकका आधारमा चौमासिक/वार्षिक अनुगमन गर्ने प्रणालीको विकास गर्ने, जवाफदेही अनुगमन तथा मूल्यांकन संयन्त्र निर्माण गर्ने, नतिजा खाकाको प्रतिफल सूचकको आधारमा योजनाको वार्षिक समिक्षा गर्ने, अनुगमन तथा मूल्यांकनका लागि आवश्यक साधन श्रोतको सुनिश्चितता गर्ने र यसमा खटिने जनशक्तिको लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्ने कार्यनीतिहरु लागु गरिनु पर्दछ । यस आवधिक योजना अन्तरगतका कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा मूल्यांकनका लागि देहायका कार्यहरु सिफारिस गरिएको छ ।

**अनुगमन तथा मूल्यांकन कार्यविधि निर्माण र क्षमता विकास :** अनुगमन तथा मूल्यांकन कार्यविधिमा अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था र यसको प्रयोग, अनुगमन तथा मूल्यांकनका प्रकार, तरिका र समय सीमा, अनुगमन तथा मूल्यांकन सम्बन्धी प्रक्रिया, सुपरिवेक्षण विधि, सूचकहरु र प्रतिवेदनको ढाँचा, अनुगमन संयन्त्रको व्यवस्था, यस्तो संयन्त्रको दायित्व एवं जवाफदेहिता जस्ता आवश्यक विषयवस्तुहरु समेटिनु पर्दछ । स्थानीय स्तरको यो कार्यविधि तर्जुमाका लागि राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन-२०७५ मार्गदर्शक आधार हुन सक्दछ । अनुगमन तथा मूल्यांकन

सम्बन्धी कार्यका लागि आवश्यक श्रोत साधनको व्यवस्थापनका साथै अनुगमन तथा मूल्यांकन संयन्त्रमा रहने जनशक्तिको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनुपर्दछ ।

**अनुगमन तथा सुपरिवेक्षण समितिको गठन :** योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने ।

क) गाउँपालिका अध्यक्ष - संयोजक
ख) गाउँपालिका अध्यक्षले तोकेको एकजना महिला सहित कार्यपालिका सदस्यहरु मध्येबाट २ जना - सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
घ) योजना शाखाका प्रमुख - सदस्य सचिव

यस समितिमा आवश्यकतानुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ । कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश भएको १५ दिन भित्र अनुगमन तथा सुपरिवेक्षण समितिले आफ्नो वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ ।

**वडा स्तरीय अनुगमन समितिको गठन :** वडा भित्र सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि निम्नानुसारको वडा स्तरीय अनुगमन समिति गठन गर्ने :

क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

ख) वडा सदस्यहरु - सदस्य

ग) वडा सचिव - सदस्य सचिव

यस समितिमा आवश्यकतानुसार अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ। यस समितिले अनुगमनमा देखेका विषयका सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षण समितिलाई नियमित जानकारी गराउनु पर्नेछ ।

**आयोजनाको प्रभाव मूल्यांकन सम्बन्धी व्यवस्था :** गाउँपालिकाले ५ करोड भन्दा बढी लागतका ठूला आयोजनाको योजना सम्पन्न भएको २ वर्ष भित्र तेस्रो पक्षबाट प्रभाव मूल्यांकन गराउनुपर्ने हुन्छ। आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रियाको खाका देहायको तालिकामा दिइएको छ ।

**तालिका नं. ११.२ : आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया**

| **के अनुगमन गर्ने?** | **कसले अनुगमन गर्ने?** | **कहिले अनुगमन गर्ने?** | **कसरी अनुगमन गर्ने?** |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, | पटके, मासिक, चौमासिक र बार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने |
| प्रतिफल अनुगमन | गाउँ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधिक | • स्थलगत अनुगमन गर्ने<br>• बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने |
| असर तह अनुगमन | गाउँ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधिक र अन्तिम बर्ष | • सहभागितामूलक छलफल गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• नमूना सर्वेक्षण गर्ने |

| | | | |
|---|---|---|---|
| प्रभाव तह अनुगमन | गाउँ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधिक र अन्तिम बर्ष | • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• सहभागितामूलक छलफल गर्ने<br>• अध्ययन तथा सर्वेक्षण |

## ११.४ नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

### अवधारणा तथा विद्यमान स्थिति

योजना नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा के कती हासिल भयो भन्ने जानकारी पाउन निरन्तर रुपमा सूचनाको संकलन र विश्लेषण गर्ने प्रक्रियालाई नतिजा मूलक अनुगमन भनिन्छ । अर्को शब्दमा यस प्रणालीले आयोजनाको नतिजा खाकामा निर्धारित उद्देश्य र लक्ष्य अनुसारको नतिजाका लागि आवश्यक लगानी भए नभएको र प्रतिफल हासिल भए नभएको निक्यौंल गर्दछ । योजना नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनबाट हासिल गरिएको उपलब्धीलाई अपेक्षित नतिजा सँग तुलना गरी दक्षता, प्रभावकारिता, सान्दर्भिकता, प्रभाव र दीगोपनाको लेखाजोखा गर्ने कार्य नतिजामूलक मूल्यांकन हो। नतिजामूलक व्यवस्थापनलाई संस्थागत गर्न सकिएमा मात्र नतिजामूलक अनुगमनलाई प्रभावकारी बनाउन सकिन्छ । यस पद्धतिले विकास नतिजालाई केन्द्र भागमा राखी रणनैतिक योजना, जोखिम व्यवस्थापन तथा उपलब्धीको मापन गर्दै निर्णय प्रक्रियालाई वस्तुगत तथा सबल बनाउन योगदान पुऱ्याउछ । विकास प्रक्रियाका सबै चरणमा नतिजा सुनिश्चित गर्ने, कार्यक्रम तर्जुमा र अनुगमन तथा मूल्यांकनलाई नतिजासँग आबद्ध गर्ने, नतिजा मापनका लागि सरल सूचकहरु सहितको फारम प्रयोग गर्ने, लगानी तथा क्रियाकलापलाई नतिजासँग आबद्ध गर्ने, प्रभावकारी नतिजाबाट पृष्ठपोषण लिने जस्ता विषयहरु नतिजामूलक अनुगमन पद्धतिमा पर्दछन् ।

राष्ट्रिय योजना आयोगबाट तर्जुमा गरिएको राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन-२०७५ मा नतिजामा आधारित अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था रहेको भएता पनि यस पद्धतिलाई संस्थागत गर्न सकिएको अवस्था छैन । स्थानीय तहमा अनुगमन तथा मूल्यांकन सम्बन्धी स्पष्ट कानूनी आधार बनिनसकेको अवस्थामा नतिजामा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिलाई संस्थागत गर्न प्रविधिमैत्री उत्प्रेरित जनशक्ति र प्रतिबद्ध नेतृत्वको खाँचो रहन्छ ।

### नतिजा मा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

प्रस्तुत आवधिक योजनामा सबै विषयगत क्षेत्रको परिमाणात्मक लक्ष्य सहितको एकीकृत नतिजा खाका प्रस्तुत गरिएको छ । त्यसैगरी अनुगमन तथा मूल्यांकन पद्धतिलाई वस्तुगत र तथ्यपरक बनाउन नतिजामा आबद्ध गर्ने प्रयत्न गरिएको छ। यसरी तयार गरिएको नतिजामा आधारित ढाँचालाई कार्यक्रम तथा आयोजनाको वार्षिक समीक्षा कार्यक्रममा प्रयोगमा ल्याउदा सरोकारवालाहरु सबैलाई कार्यक्रम तथा आयोजनाको वास्तविक स्थितिको जानकारी हुन्छ । नतिजा मूलक अनुगमनमा देहायका विषयहरुलाई ध्यानमा दिई नतिजा को मापन गरिन्छ ।

- विभिन्न सूचकहरुको लक्ष्य र प्रगति बीचमा अन्तर रहे नरहेको ।
- सूचकहरुको लक्ष्य र प्रगति बीच अन्तर भएमा कारणको पहिचान गर्ने ।
- लक्ष्य हासिल गर्न गर्नुपर्ने कार्यको पहिचान गर्ने ।
- कार्यान्वयनमा स्थलगत अवरोधहरु के-के छन् ।
- कार्यान्वयन रणनीति परिवर्तनको व्यवस्थापन योजना बनाउने ।
- लगानी, प्रक्रिया, प्रतिफलको असर र प्रभावसँगको अन्तर सम्बन्ध विकास गरी नतिजा श्रृंखला तयार गर्ने ।

आवधिक योजनाको नतिजामूलक अनुगमन तथा मूल्यांकन खाका निम्नानुसार तालिका ११.३ मा प्रस्तुत गरिएको

तालिका नं. ११.३ : आवधिक योजनाको नतिजामूलक अनुगमन तथा मूल्यांकन खाका

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| **लक्ष्य :** **“स्थानीय रोजगारी श्रृजना मार्फत आयमा वृद्धि गरी यशोधरावासीको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने“** | आर्थिक वृद्धि दर | प्रतिशत | ४.०५ | ६ | ७ | • बार्षिक<br>• मध्यावधि<br>• अन्तिम | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/विषयगत शाखाहरु<br>• तेश्रो पक्ष |
| | प्रति व्यक्ति कूल आय | अमेरिकी डलर | १४५६* | १६५० | १८०० | | |
| | गरिबीको रेखा मुनीको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २४.३५** | १८ | १५ | | |
| | बेरोजगारीको दर | प्रतिशत | ८** | ७ | ६.०० | | |
| | कृषि उत्पादकत्व (प्रमुख बाली) | मे.ट/प्रति हेक्टर | ३.३* | ३.५ | ३.७ | | |
| | कृषि भूमिमा सिंचाई सुविधा उपलब्धता | प्रतिशत | ३६.५ | ५० | ६० | | |
| | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ६९.४० | | ८० | | |
| | बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना | प्रतिशत | ९० | | ९५ | | |
| | बिद्यालय छाड्ने दर ((५ देखि २५ बर्ष उमेर) | प्रतिशत | ३५ | ३० | २० | | |
| | ५ वर्ष मुनिका बाल मृत्यु दर (प्रति हजार जीवित जन्ममा) | संख्या | ० | ० | ० | | |
| | स्वास्थ्य संस्थामा सुत्केरी गराउने गर्भबती | प्रतिशत | १८ | ५० | ९० | | |
| | मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा) | संख्या | ० | ० | ० | | |
| | औषत आयु | वर्ष | ६९.३** | ७२ | ७५ | | |
| | धारा/पाईपको खानेपानीको उपलव्धता | प्रतिशत | ३.१७ | ३० | ६० | | |
| | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको परिवार संख्ण | प्रतिशत | १०० | १०० | १०० | | |
| | कालोपत्रे सडक | कि.मी. | १५५ | १८० | २०० | | |
| | विद्युत उपलब्धता | प्रतिशत | ९४.७८ | ९७ | ९९ | | |
| | मोवाइल प्रयोगकर्ता (परिवार) | प्रतिशत | ७७.२१ | ८५ | ९८ | | |
| | इन्टरनेट सेवामा पहुँच (परिवार) | प्रतिशत | १३.६६ | ३५ | ५० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| | खरको छाना भएका परिवार | प्रतिशत | ६.७४ | ० | ० | | |
| | सामुदायिक वन | संख्या | १ | १ | १ | | |
| | पक्की शौचालय भएका घर | प्रतिशत | २६.८७ | ३५ | ५० | | |
| | खाना पकाउने इन्धन-गोवर गुईठाको प्रयोग | प्रतिशत | ३६.०६ | | १५ | | |
| | बेरुजु फछर्यौट | प्रतिशत | | | | | |
| | कुल बार्षिक बजेटमा आन्तरिक आयको हिस्सा | प्रतिशत | १.३५ | २.७५ | ३.६७ | | |
| | संस्थागत स्वमूल्यांकनमा पालिकाको अङ्क | प्रतिशत | ५९.७५ | ७५ | ८० | | |
| **असर १ :** कृषि, पर्यटन, उद्योग लगायतका क्षेत्रहरुको विकास र प्रवर्द्धन मार्फत दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने । | कूल खाद्यान्न उत्पादन | मे.ट. | १३४५५.५ | १५५०० | १७५०० | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/आर्थिक विकास शाखा<br>• कृषि तथा पशुपंक्षी इकाई<br>• वडा स्तरीय अनुगमन समिति |
| | मासु उत्पादन | मे.ट. | २०७ | ३०० | ४०० | | |
| | उद्योग रोजगारी | संख्या | ४० | ७० | १५० | | |
| | दूध उत्पादन (वार्षिक लिटर हजारमा) | लिटर | ९६५ | १२०० | १५०० | | |
| | दलहन उत्पादन | मे.ट | १७.५ | २१ | २४ | | |
| | तेलहन | मे.ट. | ६.१ | ८ | १२ | | |
| **प्रतिफल १.१ :** कृषि, पशुपालन तथा बन्यजन्य बस्तुमा आधारित उद्योग/व्यवसायलाई व्यवसायीकरण गर्ने । | धान पकेट क्षेत्र | संख्या | ० | २ | ३ | | |
| | तरकारी पकेट क्षेत्र | संख्या | ० | ३ | ५ | | |
| | अण्डा उत्पादन (वार्षिक) | क्यारेट | १०८१ | १५०० | २२०० | | |
| | सुधारिएको गोठ र खोरहरु | संख्या | ८०९ | ९०० | १००० | | |
| | घरेलु तथा साना उद्योग (सेवा समेत) | संख्या | ३० | ४५ | ७० | | |
| | महत्वपूर्ण जडिबुटीको तथ्यांक अभिलेखांकन | संख्या | ० | १ | २ | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| | दूग्ध संकलन केन्द्र | संख्या | ४ | ६ | ८ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/आर्थिक विकास शाखा<br>• कृषि तथा पशुपंक्षी इकाई<br>• वडा स्तरीय अनुगमन समिति |
| | खाद्यान्न वाली वीउ उत्पादन | हे. | ५०८ | ७५० | १००० | | |
| | आलु उत्पादन | मे. टन | १००.५ | १३० | १६० | | |
| | फलपूल उत्पादन | मे. टन | ९८ | १५० | २५० | | |
| | फलफूल वालीको क्षेत्रफल | हे. | ६५ | ९० | १५० | | |
| | नगदेवालीको क्षेत्रफल | हे. | २५० | ३५० | ४५० | | |
| | खाद्यान्न वाली वीउ उत्पादन | हे. | ५०८ | ७५० | १००० | | |
| | माटो परिक्षण शिविर | संख्या | १ | ४ | ६ | | |
| | तरकारीको व्यवसायिक उत्पादन क्षेत्र | हे. | १५० | २५० | ३५० | | |
| | कृषि सहकारी संस्था | संख्या | २५ | ३५ | ४५ | | |
| | सहकारीमा आवद्ध कृषक | संख्या | ६२५ | ९०० | १२०० | | |
| | कृषि उपज संकलन केन्द्र | संख्या | १ | ३ | ४ | | |
| | कृषि टनेल संख्या | संख्या | ३ | ३० | ६० | | |
| | व्यावसायिक कृषि तथा पशुपालन फर्म | संख्या | ७२ | ११० | १३० | | |
| | अण्डामा आत्मनिर्भर | प्रतिशत | १.५ | ३ | ५ | | |
| | फलफुल तथा तरकारी चिस्यान केन्द्र निर्माण | संख्या | ० | ० | १ | | |
| **प्रतिफल १.२ :** पर्यटन क्षेत्रको विकास र प्रर्वद्धनबाट आयस्तर बढाउने । | स्तरीय होटल, मोटल, रेष्टुरेण्ट र रिसोर्ट | संख्या | ० | २ | ३ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/आर्थिक विकास शाखा<br>• कृषि तथा पशुपंक्षी इकाई |
| | पर्यटन प्रचार सामाग्री (अडियो, भिडियो, श्रव्यदृश्य आदि) | पटक | ० | ३ | ५ | | |
| | पर्यटकीय सूचना केन्द्र | संख्या | ० | १ | १ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| | | | | | | | • वडा स्तरीय अनुगमन समिति |
| **प्रतिफल १.३ :** श्रमको उचित प्रयोग गरी रोजगारी श्रृजना मार्फत गरिबी न्यूनीकरण गर्ने । | घरेलु तथा साना उद्यममा संलग्न परिवार | संख्या | ८० | १७५ | ३०० | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/आर्थिक विकास शाखा<br>• आथिक बिकास इकाई<br>• वडा स्तरीय अनुगमन समिति |
| | ६ महिना भन्दा बढी रोजगार प्राप्त जनशक्ति | संख्या | १९३१ | २२०० | ४५०० | | |
| | अति विपन्न परिवार राहत कार्यक्रमबाट रोजगारी सिर्जना | संख्या | ७५ | ३०० | ५०० | | |
| | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी | संख्या | ७५ | १५० | ३०० | | |
| | आयआर्जनमा संलग्न (कृषि पशुपंक्षी लगायत विभिन्न उद्यम समूह) | संख्या | २५ | ३५ | ६० | | |
| | कृषि तथा पशुपालन महिला उद्यमी सहकारी | संख्या | ५ | १० | १२ | | |
| **असर २ :** समुन्नत र मर्यादित जीवनका लागि शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक पूर्वाधारहरुको समुचित विकास गर्ने । | गाउँपलिकाको शिक्षामा लगानी | प्रतिशत | २७ | ३२ | ३५ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/सामाजिक विकास शाखा<br>• शिक्षा शाखा/स्वास्थ्य शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | शिक्षक विद्यार्थी अनुपात (माध्यमिक तह) | अनुपात | १:४० | १:३५ | १:३० | | |
| | बालमैत्री स्थानीय शासन घोषणा भएका वडा | संख्या | ० | ४ | ८ | | |
| | बि.सि.जी. खोप कभरेज | प्रतिशत | ८६ | ९२ | १०० | | |
| | डि.पि.टी., हेपाटाइटिस बि खोप कभरेज | प्रतिशत | ८८ | १०० | १०० | | |
| | रुबेला खोप (९-११ महिना) | प्रतिशत | ९५ | ९८ | १०० | | |
| | जन्मदा २.५ के.जी. < तौल भएका बालबालिका | प्रतिशत | ५ | ३ | १.५ | | |
| | १८० दिन आइरन च क्की प्रयोग गर्ने गर्भवती | प्रतिशत | ६३ | ८५ | ९२ | | |
| | भिटामिन ए प्रयोग गर्नृे महिला | प्रतिशत | ३३ | ७५ | १०० | | |
| | पहिलो पटक स्वास्थ्य संस्थामा जाने गर्भवती | प्रतिशत | ६१ | ९० | ९५ | | |
| | ४ पटकसम्म स्वा. संस्था मा जाँच गराउने गर्भवती | प्रतिशत | ६२ | ८५ | ९० | | |
| **प्रतिफल २.१ :** | स्मार्ट सामुदायिक विद्यालय | संख्या | १ | २ | २ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहूँचको व्यवस्था गर्ने । | प्राविधिक धारका विद्यालय | संख्या | १ | १ | २ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/सामाजिक विकास शाखा<br>• शिक्षा शाखा/स्वास्थ्य शार्खा<br>• वडा स्तरीय अनुगमन समिति |
| | विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | १ | ३ | ५ | | |
| | ICT ल्याब भएका विद्यालय | संख्या | २ | ३ | ५ | | |
| | इन्टरनेट सेवा उपलब्ध सामुदायिक विद्यालय | संख्या | २५ | २७ | २७ | | |
| | अपाङ्गमैत्री पूर्वाधार भएका विद्यालय | संख्या | ० | ५ | १५ | | |
| | पक्की शौचालय भएका सामुदायिक विद्यालय | संख्या | २७ | २७ | २७ | | |
| | खेल मैदान भएका विद्यालय | संख्या | २५ | २७ | २७ | | |
| | एम्बुलेन्स सेवा | संख्या | ३ | ४ | ४ | | |
| **प्रतिफल २.२ :** स्वच्छ खानेपानीको उपलब्धता र सरसफाइ सेवाको सुनिश्चित गर्ने । | बालमैत्री शौचालय भएका बिद्यालयहरु | प्रतिशत | ५० | ८० | १०० | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • गाउँकार्यपालिका<br>• अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/सामाजिक बिकास शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | वडा तहमा फोहोर संकलन केन्द | संख्या | ० | ४ | ८ | | |
| | धारा/पाईपको खानेपानीको उपलव्धता | प्रतिशत | ३.१७ | ३० | ६० | | |
| | पक्की शौचालय भएका घरघुरी | संख्या | २६.८७ | ४५ | ६० | | |
| | शौचालय भएका घरघुरी संख्या | प्रतिशत | ६५.६४ | ९० | १०० | | |
| **प्रतिफल २.३ :** मौलिक संस्कृति, भाषा र परम्पराको संरक्षण गर्ने । | धार्मिक बिद्यालयहरुको संख्या | संख्या | १३ | १५ | १५ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • गाउँकार्यपालिका<br>• अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/सामाजिक बिकास शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | साँस्कृतिक संग्राहलय | संख्या | ० | १ | १ | | |
| | | | | | | | |
| | | | | | | | |
| **प्रतिफल २.४ :** खेलकूदको माध्यमबाट युवाहरुलाई आत्मसम्मान तथा | मुख्य खेल मैदान | संख्या | ० | १ | १ | • चौमासिक<br>• बार्षिक | • गाउँकार्यपालिका<br>• अनुगमन तथा सुपरिवेक्षण समिति |
| | प्रशिक्षण प्राप्त खेलाडी | संख्या | १० | ४० | ६० | | |
| | | | | | | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| राष्ट्रिय गौरब वृद्धिमा सरिक बनाउने । | | | | | | • मध्यावधि | • विषयगत समिति/सामाजिक बिकास शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| **प्रतिफल २.५** :<br>सेवा, सुविधा र अवसर वितरणमा समन्यायिक सिद्धान्तको अवलम्बन गरी सामाजिक समावेशिता र समानतामा आधारित विकास प्रक्रियालाई आत्मसात गर्दै सामाजिक सुरक्षा र न्याय प्रणालीको प्रवर्द्धन गर्ने । | जेष्ठ नागरिक मिलन केन्द्र स्थापना | संख्या | ० | १ | २ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/सामाजिक विकास शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | बालक्लब परिचालन | संख्या | १०२ | ११० | १२० | | |
| | बालश्रम मुक्त वडा | संख्या | ० | ५ | ८ | | |
| | अति विपन्न महिला समूह गठन तथा परिचालन | संख्या | ० | ८ | ८ | | |
| | शारीरिक अशक्तहरुको सञ्जाल निर्माण तथा परिचालन | संख्या | ० | १ | १ | | |
| | लैंगिक उत्तरदायि बजेट परीक्षण (वार्षिक) | संख्या | १ | ३ | ५ | | |
| | लैससास नीति तर्जुमा | पटक | १ | १ | १ | | |
| **असर ३ :**<br>स्तरयुक्त भौतिक पूर्वाधारको विकास मार्फत आर्थिक, सामाजिक क्रियाकलापमा सहज पहूँच सुनिश्चित गर्ने । | बाह्रै महिना यातायात सुचारु सडक | कि.मी. | ३०० | ४०० | ४५० | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/पूर्वाधार<br>• विकास शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | व्यवस्थित नमूना बस्ती बिकास | संख्या | ० | ० | १ | | |
| | व्यवस्थित बस पार्क | संख्या | ० | ० | १ | | |
| | नाला नियन्त्रण (मसहिया तथा जमुवार नाला) | स्थान | ० | ५ | १० | | |
| **प्रतिफल ३.१ :**<br>भौतिक पूर्वाधार विकासका लागि दीर्घकालीन नीति र भू-उपयोग योजना तयार गरी कार्यान्वयन गर्ने । | ग्रामिण यातायात गुरु योजना निर्माण | संख्या | ० | १ | १ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/पूर्वाधार<br>• विकास शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | भू-उपयोग योजना तर्जुमा | संख्या | १ | १ | १ | | |
| | भू-उपयोग नीति अनुसार जग्गाको वर्गीकरण | पटक | ० | १ | १ | | |
| | | | | | | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| **प्रतिफल ३.२ :** प्रमुख सडक तथा पुल, भवन निर्माण, सिंचाई तथा तटबन्ध जस्ता पूर्वाधार निर्माणमा केन्द्र तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने । | बसपार्क अध्ययन तथा निर्माण | संख्या | ० | ० | १ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/पूर्वाधार<br>• विकास शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | सतह सिंचाई प्रणाली | संख्या | १ | २ | ३ | | |
| | सिंचाईका लागि भरण पोखरी निर्माण | संख्या | ० | ५ | ८ | | |
| | विद्युत उर्जा खपतका लागि विद्युत चुल्हो अनुदान | संख्या | ० | १०० | २०० | | |
| | हिउदमा सिंचाई सुविधा | प्रतिशत | २० | ३५ | ५० | | |
| | नाला नियन्त्रण | स्थान | ० | ५ | १० | | |
| **प्रतिफल ३.३ :** भवन, वस्ती विकास तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने । | भवन मापदण्ड/संहिता निर्माण | संख्या | ० | १ | १ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/पूर्वाधार<br>• विकास शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | १५ शैयाको अस्पताल निर्माण | संख्या | ० | १ | १ | | |
| | स्वास्थ्य चौकी भवन निर्माण | संख्या | १ | ३ | ५ | | |
| | गाउँपालिकाको प्रशासकीय भवन | संख्या | १ | १ | १ | | |
| | सामुदायिक भवन | संख्या | ० | ४ | ८ | | |
| | आधुनिक वस्ती विकासका लागि बिस्तृत परियोजना तयारी तथा कार्यन्वयन | संख्या | ० | १ | १ | | |
| **असर ४ :** वातावरण र विकास बीच सन्तुलित सम्बन्ध बनाई दीगो विकासमा जोड दिने र प्राकृतिक प्रकोपबाट हुने क्षती न्यूनीकरण गर्ने । | खुल्ला चउर, बाटो किनार तथा चरन क्षेत्रमा वृक्षारोपण गरी हरियाली प्रर्वद्धन गर्ने | हेक्टर | ० | ७ | १२ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/बन, बातावरण तथा बिपद व्यवस्थापन शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | सन्तुलित तथा दीगो विकासमा जनचेतना स्तर अभिवृद्धि | प्रतिशत | ६ | ३० | ४५ | | |
| **प्रतिफल ४.१ :** | नदी/नाला कटान क्षेत्रमा वायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग | कि.मी | ० | १ | १.५ | | • अनुगमन तथा सुपरिवेक्षण समिति |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| विभिन्न पूर्वाधार तथा आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्दा दीगो विकासको मान्यता अवलम्बन गर्ने र प्राकृतिक सम्पदाहरुको संरक्षणमा स्थानीय प्रविधिको अधिकतम उपयोग गर्ने । | सडकका दुवै किनारा, पोखरी र कटान प्रभावित क्षेत्रमा वृक्षारोपण | हेक्टर | ० | ६ | १० | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • विषयगत समिति/बन, बातावरण शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | वातावरण संरक्षणसँग सम्बन्धित स्थानीय कानून निर्माण | संख्या | ० | १ | १ | | |
| **प्रतिफल ४.२ :** प्राकृतिक सम्पदाहरु र जैविक विविधताको संरक्षण तथा संम्बर्द्धन गर्ने । | जैविक विविधता संरक्षण सम्बन्धी स्थानीय नीति तर्जुमा | संख्या | ० | १ | १ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/बन, बातावरण तथा बिपद व्यवस्थापन शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | वनमा आधारित स्थानीय फर्निचर उद्योग | संख्या | २० | ३० | ३५ | | |
| | | | | | | | |
| **प्रतिफल ४.३ :** विपद् व्यवस्थापनका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने । | वडा स्तरमा विपद् व्यवस्थापन कोषको स्थापना | संख्या | ८ | ८ | ८ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/बन, बातावरण तथा बिपद व्यवस्थापन शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | छाडा चौपायबाट बालीनालीको क्षति | हेक्टर | ३०० | २०० | १०० | | |
| | विपद् व्यवस्थापन समिति | संख्या | १ | १ | १ | | |
| | विपद् व्यवस्थापन योजना तर्जुमा | संख्या | १ | १ | १ | | |
| | वडागत विपद् प्रतिकार्य योजना | संख्या | ८ | ८ | ८ | | |
| | नाला नियन्त्रण | स्थान | १ | २ | ३ | | |
| | सम्भावित विपद् क्षेत्र नक्सांकन | पटक | ० | १ | ० | | |
| **असर ५ :** सहज तथा गुणस्तरीय सेवा प्रवाह मार्फत पालिकावासीहरुलाई | सार्वजनिक लेखापरीक्षण भएका योजना | प्रतिशत | ८० | १०० | १०० | • चौमासिक<br>• बार्षिक | • गाउँ कार्यपालिका<br>• अनुगमन तथा सुपरिवेक्षण समिति |
| | इन्टरनेट सुबिधा भएका वडा कार्यालयहरु | संख्या | ८ | ८ | ८ | | |
| | न्यायिक समितिमा आएका मुद्धाहरुको फछ्र्यौट | प्रतिशत | ७५ | ९० | १०० | | |
| | वस्तुगत विवरण अद्यावधिक | पटक | ० | १ | १ | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | सूचक विवरण | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य (सम्मको अवस्था) ०८४/८५ | ०८६/८७ | | |
| सुशासनको प्रत्याभूति गराइनेछ । | लैससास स्थानीय रणनीति तर्जुमा | संख्या | ० | १ | १ | • मध्यावधि | • विषयगत समिति/प्रशासन, योजना शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | लैङ्गिक उत्तरदायी बजेट परीक्षण (बार्षिक) | पटक | ० | ३ | ५ | | |
| | निर्णय प्रक्रियामा महिला सहभागिता | प्रतिशत | ३३ | ३८ | ४० | | |
| **प्रतिफल ५.१ :** सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र समय सीमा भित्र आवद्ध गरी नतिजामूलक बनाउने । | आम्दानी खर्चको सार्वजनिकीकरण (चौमासिक) | पटक | ० | ९ | १५ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • गाउँ कार्यपालिका<br>• अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/प्रशासन, योजना शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | सार्वजनिक सुनुवाई (चौमासिक) | पटक | ० | ९ | १५ | | |
| | सामाजिक परिक्षण भएको योजना/कार्यक्रम (बार्षिक) | संख्या | ० | ३ | ५ | | |
| | संगठन तथा व्यवस्थापन अध्ययन | पटक | १ | २ | २ | | |
| | करका दर र दायरा बारे बिस्तृत अध्ययन | संख्या | ० | १ | १ | | |
| | मध्यकालीन खर्च संरचना तर्जुमा | पटक | ० | ३ | ५ | | |
| | कार्य बिबरण तैयारी तथा परिमार्जन | पटक | ० | ३ | ५ | | |
| | कार्य सम्पादन सम्झौता (शाखा प्रमुख संग) | प्रतिशत | ० | १०० | १०० | | |
| **प्रतिफल ५.२::** गाउँपालिकालाई नीति निर्माण, नियमन तथा सहजीकरण गर्ने केन्द्रको रुपमा विकास गरी सेवा प्रवाह लगायतका मुख्य कार्यहरुमा वडा कार्यालयलाई जिम्मेवार बनाउने । | पालिका र वडा कार्यालय बीच नेटवर्किङ्ग | संख्या | ८ | ८ | ८ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • गाउँ कार्यपालिका<br>• अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/प्रशासन, योजना शाखा<br>• वडा स्तरीय अनुगमन समिति |
| | सुविधायुक्त वडा कार्यालय | संख्या | ० | ४ | ८ | | |
| | कानून तर्जुमा | संख्या | ३७ | ५० | ७५ | | |
| | | | | | | | |
| **प्रतिफल ५.३ :** संस्थागत क्षमता अभिवृद्धि तथा नेतृत्व विकासलाई प्राथमिकता दिने । : | पालिकाको क्षमता बिकास योजना तर्जुमा | संख्या | १ | २ | २ | • चौमासिक<br>• बार्षिक<br>• मध्यावधि | • गाउँ कार्यपालिका<br>• अनुगमन तथा सुपरिवेक्षण समिति<br>• विषयगत समिति/प्रशासन, योजना शाखा |
| | क्षमता विकासबाट लाभान्वीत कर्मचारी | प्रतिशत | ६० | १०० | १०० | | |
| | क्षमता विकासबाट लाभान्वीत जनप्रतिनिधि | प्रतिशत | ३० | १०० | १०० | | |

## ११.५ मध्यावधि मूल्याङ्कन

आवधिक योजनामा सोँच, लक्ष्य, उद्देश्य, सहित विभिन्न कार्यक्रमहरु प्रस्ताव गरी कार्यान्वयनका लागि विभिन्न रणनीति/कार्यनीतिहरुको व्यवस्था गरिएको हुन्छ । त्यसैगरी योजनामा निर्दिष्ट गरिएका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्थालाई त्यत्तिकै महत्व दिइएको हुन्छ ।

अनुगमन भन्नाले अधिकार प्राप्त निकायले तोकेको व्यक्ति/संस्थाले निरन्तर वा आवधिक रुपमा गरिने निगरानी, सूचना संकलन, विश्लेषण र सुधारात्मक कार्यलाई बुझिन्छ भने मूल्यांकनले कार्यान्वयन चरणमा रहेका वा सम्पन्न भएका नीति, योजना, कार्यक्रम तथा आयोजनाको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, दीगोपना तथा प्रभावहरुका सम्बन्धमा आन्तरिक वा बाह्य मूल्यांकनकर्ताबाट उद्देश्यपूर्ण तवरले गर्ने कार्यलाई बुझिन्छ । योजना, नीति, कार्यक्रम तथा आयोजना कार्यान्वयनका क्रममा भएका सबल तथा दुर्बल पक्षहरुबाट पाठ लिई भावी योजना, नीति, कार्यक्रम तथा आयोजनाहरु तर्जुमा तथा कार्यान्वयनमा आवश्यक सुधार गर्ने तथा अख्तियार प्राप्त व्यक्तिलाई कार्यान्वयन र नतिजा प्रति जवाफदेही बनाउने उद्देश्यबाट मूल्यांकन सम्बन्धी कार्य हुन्छ । यस्ता नीति, योजना, कार्यक्रम, आयोजनाहरुको विभिन्न समयावधिमा निरन्तर अनुगमन तथा दीगोपनाको अनुगमन हुन्छ भने मूल्यांकन तर्फ पूर्व मूल्यांकन, मध्यावधि मूल्यांकन, अन्तिम मूल्यांकन तथा प्रभाव मूल्यांकन गर्ने गरिन्छ । यो आवधिक विकास योजना ५ वर्षे समय सीमा भित्र सम्पन्न गर्ने गरी तर्जुमा गरिएकोले यसको प्रभावकारिताका लागि निरन्तर रुपमा गरिने अनुगमनका अतिरिक्त नतिजा मूलक ढाँचामा वार्षिक रुपमा गरिने वार्षिक समीक्षा अतिरिक्त योजना कार्यान्वयन चरणको तीन वर्ष पछि मध्यावधि मूल्यांकन गर्ने व्यवस्था गरिनु पर्दछ ।

**उद्देश्य**

मध्यावधि मूल्यांकन गर्नुको उद्देश्य निम्नानुसार हुनेछ ।

- यो आवधिक योजनाको Relevancy कस्तो रहयो,
- विकास प्रक्रियामा योजनाको प्रभाव कस्तो रहयो,
- सेवा प्रदायक संस्थाहरुको के कस्तो क्षमता विकास भयो,
- विभिन्न लक्षित समूह प्रति के कस्तो प्रभाव पर्‍यो, यस्ता समूहको योजना प्रतिको धारणा के रहयो,
- पालिकावासीहरु, नागरिक समाज तथा निजी क्षेत्रमा योजनाले पारेको प्रभाव र योजना प्रतिको धारणा कस्तो रहयो,
- लक्ष्य र प्रभाव बीचको भिन्नता पहिल्याई सो को कारण र अब योजना कार्यान्वयनमा अपनाउनु पर्ने सुधारका पक्षहरु एकीन गरी सुदृढ कार्ययोजना निर्माण गर्ने,

**मध्यावधि मूल्यांकन प्रक्रिया तथा विधि :**

मध्यावधि मूल्यांकनमा देहायका विधि र प्रक्रिया अपनाई मूल्यांकन गर्ने व्यवस्था हुनेछ ।

- सम्बद्ध सरोकारवाला पक्षहरुको क्रियाशील सहभागीतामा मूल्यांकन गर्ने ।
- विभिन्न कार्यक्रम एवं आयोजनागत प्रतिवेदनहरुको समिक्षा गर्ने ।
- सम्बद्ध पक्षहरुसँग अन्तरवार्ता, FGD, KII जस्ता विधिबाट सूचनाहरु लिने ।
- खास-खास विषयको Case Study गर्ने ।

- अघिल्लो वर्षहरुमा गरिएका नतिजामा आधारित वार्षिक समिक्षा/मूल्यांकनलाई आधार बनाउने ।
- विभिन्न उत्तरदाताहरुसँग परिमाणात्मक तथा गुणात्मक विधिहरुबाट सूचना संकलन र विश्लेषण गरी विकास योजना प्रतिको जनधारणा आंकलन गर्ने ।
- मूल्यांकन कार्यमा तेश्रो पक्षबाट दक्ष व्यक्तिहरुको सहयोग लिने ।

## ११.६ अन्तिम मूल्याङ्कन

**अवधारणा**

कुनै नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनबाट अपेक्षित उपलब्धी के कस्तो रहयो भनी त्यस्ता योजना, कार्यक्रम, आयोजना सम्पन्नताको अन्त्यमा गरिने लेखाजोखालाई अन्तिम मूल्यांकन भनिन्छ। आवधिक योजनामा रहेका विषयगत कार्यक्रमहरु तथा विभिन्न आयोजनाहरुको शुरु चरण देखिनै चौमासिक, वार्षिक तथा मध्यावधि मूल्यांकन हुँदै आएको हुन्छ भने योजना अवधिको अन्त्यमा समग्र मूल्यांकन गरी अपेक्षित लक्ष्य, उद्देश्यसँग प्राप्त उपलब्धीको तुलना गरी वास्तविक नतिजा निकालिन्छ । यही प्रक्रिया अन्तरगत योजनाको समग्र मूल्यांकनको लागि गाउँपालिकाले योजना अवधिको अन्त्यमा विशेषज्ञ सहितको तेश्रो पक्षबाट अन्तिम मूल्यांकन गर्ने व्यवस्था मिलाउनेछ । यस्ता मूल्यांकनबाट प्राप्त पृष्ठपोषण अर्को आवधिक योजनामा उपयोगमा ल्याइने हुँदा कार्यान्वयन पछिको उपलब्धी स्थिति पत्ता लगाउन अनुगमन तथा मूल्यांकनका अत्यन्त महत्वपूर्ण मानिने निम्न ५ वटा पक्षहरुको लेखाजोखा, नाँप-जाँच एवं तुलना गरी समग्र योजनाको प्रतिफल, उपलब्धी र प्रभावको नतिजा जनसमक्ष ल्याइन्छ ।

M&E मा ५ वटा पक्षहरु मध्ये अनुगमनको लागि साधन श्रोत (Resources) र विभिन्न क्रियाकलापहरु (Activities) को आधारमा प्रतिफल (Outputs) के कस्तो छ भनी विभिन्न सूचनाहरु प्राप्त गरी विश्लेषण सहित तत्काल सुधारका लागि प्रतिवेदन गरिन्छ भने मूल्यांकनबाट प्राप्त उपलब्धी (Outcomes) र प्रभाव (Impacts) को लेखाजोखा गरी नतिजा स्थिति पहिल्याउने काम हुन्छ ।

### मूल्यांकनको उपादेयता

व्यवस्थापनको अति महत्वपूर्ण मानिने यो M&E औजारबाट योजना कार्यान्वयन पक्षलाई सही ठाउँमा ल्याउने, योजनाबाट परेको प्रभावको नाँप-जाँच गरी नतिजा दिने, जनता प्रतिको जवाफदेहितालाई सुनिश्चित गर्ने, योजनाविद्/निर्णयकर्तालाई महत्वपूर्ण सूचना अथवा पृष्ठपोषण दिने, लगानीकर्तालाई उत्साहित बनाउने, सरोकारवालाहरुको क्षमता विकास गर्ने, समग्र योजना स्थिति तथा प्रभाव बारे जानकारी लिने जस्ता विषयहरुको उपादेयता हुन्छ ।

### अन्तिम मूल्यांकनको उद्देश्य र विधि

योजनाको अन्तिम मूल्यांकन सम्बन्धी कार्यबाट योजनाले समग्र रुपमा विभिन्न लक्षित वर्ग, समावेशीकरणको पक्ष, क्षेत्रीय सन्तुलनको पक्ष, सामाजिक जागरण र परिर्वतन जस्ता विषयहरुमा पारेको प्रभावलाई अभिलेखीकरण गरी भावि योजनाका लागि पृष्ठपोषण तयार गरिन्छ। यसरी मूल्यांकन पद्धति योजना चक्रको ज्यादै महत्वपूर्ण र अभिन्न अङ्ग हो भन्ने बुझ्न सकिन्छ । योजनाको अन्तिम मूल्यांकनको उद्देश्य पनि योजनाको लक्ष्य, उद्देश्यसँग प्राप्त उपलब्धीको तुलना र योजनाले पारेको प्रभावको लेखाजोखा गर्नु रहेको छ भने अन्तिम मूल्यांकन विधिमा पनि योजनाको मध्यावधि मूल्यांकनमा प्रयोग भएका विभिन्न विधिहरुलाई उपयोगमा ल्याउन सकिन्छ ।

**समग्र निष्कर्ष**

दिनानुदिन अप्रत्याशित रुपमा बढिरहेको जन-आकांक्षा र आवश्यकताको पृष्ठभूमिमा विभिन्न पूर्वाधारहरुको न्यूनता र प्रयाप्त साधन श्रोतको अभाव हुँदा हुँदै पनि चुस्त दुरुस्त सेवा प्रवाह, वातावरण संरक्षण तथा फोहरमैलाको समुचित व्यवस्थापन, संस्थागत क्षमताको सवलीकरण, सामाजिक समावेशीकरण जस्ता विधि र प्रक्रियाबाट नागरिकलाई सुशासनको अनुभूति दिलाउनुपर्ने चुनौतीलाई कुशलतापूर्वक सामना गरी स्थानीय जनतालाई समृद्धिको दिशा तर्फ अघि बढाउन गाउँपालिकाको लागि यो पहिलो आवधिक विकास योजना तर्जुमा भएको हो । योजना तर्जुमाका क्रममा योजनागत चरणहरुका अतिरिक्त पालिकाका जनप्रतिनिधि, कर्मचारी, पालिका क्षेत्रमा बसोबास गर्ने विभिन्न सरोकारवाला व्यक्ति, विभिन्न समुदाय को प्रत्यक्ष वा परोक्ष सहभागितामा तयार गरिएको हो । यो योजना तर्जुमा गर्दा प्राथमिक र द्धितीय श्रोतबाट विभिन्न विधि र प्रकृया अपनाई तथ्याङक संकलन गरिएको छ। पालिकाबाट संकलित तथ्याङक वा सूचनाहरुलाई पनि आवश्यकता अनुरुप पुनर्पुष्टि गरी द्धितीय स्रोतका रुपमा प्रयोग गरिएको छ । यसरी संकलित सूचनाहरुको आधार लिई सोही आधारमा विभिन्न चरणका छलफल तथा अन्तरक्रियाबाट सबै विषयगत क्षेत्रहरु समेटिने गरी योजना निर्माणको प्रकृया अगाडि बढाइएको हो । यस क्रममा विषय विज्ञहरुको राय, सल्लाह, सुझाव एवं मार्गनिर्देशनमा यो योजना तर्जुमा गरिएको छ। यो योजनाको सफल कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला संघ संस्था, निकाय र व्यक्तिका साथै संघीय तथा प्रदेश सरकार समेतको महत्वपूर्ण सहकार्य र सहयोगको अपेक्षा गरिएको छ । प्रस्तुत योजनालाई नतिजामुखी परिणाम सहित कार्यान्वयन गर्न केही सुझावहरु पनि यहाँ प्रस्तुत गरिएको छ ।

- कृषिमा आधुनिक प्रविधिको प्रयोग गरी व्यवसायिक कृषि उत्पादनमा जोड दिने । कृषि क्षेत्रलाई आर्थिक हबको रुपमा विकास गर्ने ।
- पर्यटन पूर्वाधार, सञ्चार तथा सूचना प्रविधि र आर्थिक विकासको क्षेत्रमा सम्भव भएसम्म निजी क्षेत्रसँग सहकार्य गरी सार्वजनिक-निजी-साझेदारी मोडलमा कार्यक्रम सञ्चालन गर्ने ।
- सार्वजनिक-निजी-सहकारी-साझेदारी अन्तरगत पर्यटन प्रवर्द्धन, सामुहिक खेती, सहकारी खेती, कृषि उत्पादन संकलन, भण्डार र बजारीकरणको अभियान चलाउने, स्मार्ट फार्मिङको अवधारणा कार्यान्वयन गर्ने ।
- सुशासनको प्रत्याभूति दिलाउन इन्टरनेटको प्रयोगलाई विस्तार गर्ने र विद्युतीय सेवाबाट कार्य सञ्चालन गर्ने ।
- सडक किनारमा वृक्षारोपण गर्ने र प्रत्येक घरआगनमा हरियालीपूर्ण वातावरणको अभियान सञ्चालन गर्ने ।
- गौरबका आयोजना र रुपान्तरणकारी आयोजनाहरुलाई केन्द्र सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा प्राथमिकीकरण गरी कार्यान्वयन गर्ने ।
- योजनाविद् एवं विविध विधाका वौद्धिक व्यक्तित्वहरु रहने गरी एउटा विज्ञ समूह बनाउने र यो विज्ञ समूहले गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि आवश्यक सल्लाह दिने व्यवस्था गर्ने ।
- भू-उपयोग योजना कार्यान्वयन गर्ने ।
- उपलब्ध साधन श्रोतको अवस्था अनुसार प्राथमिकता निर्धारण गरी गाउँ यातायात गुरुयोजना निर्माण गर्ने ।
- फोहरमैला व्यवस्थापन र सरसफाईका बारेमा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विद्यालयको भौतिक सुधारका साथै गुणस्तरीय पठन पाठनका लागि योजना बनाई कार्यान्वयन गर्ने ।
- व्यवसायिक कृषि, मत्स्यपालन, पशुपालन, तरकारी खेती जस्ता क्षेत्रहरुको विशेष सम्भावना रहेकोले यी क्षेत्रमा स्वरोजगार सीप र तालिमको व्यवस्था गरी युवाहरुलाई बिदेश पलायनबाट रोक्ने र आर्थिक उपार्जनमा ध्यान दिने ।
- उपलब्ध साधन श्रोतलाई सन्तुलित र लैससासको मर्म अनुसार न्यायोचित तवरले वितरण गर्ने ।
- अनुगमन तथा मूल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाई प्रभावकारिता ल्याउने ।

## सन्दर्भ सामाग्री


1) National Planning Commission (2015). Sustainable Development Goals 2016-2030. GoN,

2) नेपाल कानून आयोग (२०७४), स्थानीय सरकार सञ्चालन ऐन-२०७४, बबरमहल, काठमाण्डौं

3) नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (२०७२), राष्ट्रिय भू-उपयोग नीति, काठमाण्डौं

4) प्रदेश योजना आयोग (२०७६), दोस्रो आवधिक योजना-२०८१/०८२–२०८५/०८६, लुम्बिनी प्रदेश

5) यशोधरा गाउँपालिका, वार्षिक विकास योजना -२०७९/०८०, कपिलवस्तु

6) यशोधरा गाउँपालिका, वार्षिक विकास योजना -२०८०/०८१, कपिलवस्तु

7) यशोधरा गाउँपालिका, वार्षिक विकास योजना -२०८१/०८२, कपिलवस्तु

8) यशोधरा गाउँपालिका, घरधुरी सर्भेक्षण प्रतिबेदन -२०७६, कपिलवस्तु

9) राष्ट्रिय योजना आयोग (२०७८), स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, सिंहदरवार, काठमाण्डौं

10) राष्ट्रिय योजना आयोग (२०७६), पन्ध्रौं योजना-२०७६/०७७-२०८०/०८१, सिंहदरवार, काठमाण्डौं

11) राष्ट्रिय योजना आयोग (२०८१), सोह्रौ योजना-२०८१/०८२–२०८५/०८६, सिंहदरवार, काठमाण्डा

12) राष्ट्रिय योजना आयोग (२०७५), राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, सिंहदरवार, काठमाण्डौं

13) लुम्बिनी प्रदेश योजना आयोग, लुम्बिनी प्रदेशको वस्तुस्थिति विवरण, २०८१, राप्ती उपत्यका (देउखुरी)

14) राष्ट्रिय तथ्याङ्क कार्यालय, ***राष्ट्रिय जनगणना-२०७८, थापाथली काठमा०डौ***

# अनुसूचि १

## क) आवधिक योजना तर्जुमा सम्वन्धी अभिमुखिकरण र कार्ययोजना छलफल कार्यक्रम

### उपस्थिति विवरण

### मिति : २०८२ वैशाख ३०

| सि.नं | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | शिव दयाल तिवारी | अध्यक्ष | यशोधरा गाउँपालिका |
| २ | गुन्जा देवी मौर्य | उपाध्यक्ष | यशोधरा गाउँपालिका |
| ३ | अब्दुल कम्यूंम खांन | वडाअध्यक्ष, वडा नं १ | यशोधरा गाउँपालिका |
| ४ | मनोज कुमार चौवे | वडाअध्यक्ष, वडा नं २ | यशोधरा गाउँपालिका |
| ५ | सरिता त्रिपाठी | वडाअध्यक्ष, वडा नं ३ | यशोधरा गाउँपालिका |
| ६ | अहमद अलि खान | वडाअध्यक्ष, वडा नं ४ | यशोधरा गाउँपालिका |
| ७ | जुवेर अहमद मुसलमान | वडाअध्यक्ष, वडा नं ५ | यशोधरा गाउँपालिका |
| ८ | राज कुमार जयसवाल | वडाअध्यक्ष, वडा न ६ | यशोधरा गाउँपालिका |
| ९ | चन्द्र प्रकाश दुवे | वडाअध्यक्ष, वडा नं ७ | यशोधरा गाउँपालिका |
| १० | सहावुद्धीन मुसमान | वडाअध्यक्ष, वडा नं ८ | यशोधरा गाउँपालिका |
| ११ | राम अचल कोरी | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका |
| १२ | राम किशोर वरई | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका |
| १३ | अनारती लोध | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका |
| १४ | केवलपाती पासीन | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका |
| १५ | गुजराती कलवारिन | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका |
| १६ | लक्ष्मी देवी चमार | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका |
| १७ | ऋषभ देव खनाल | प्रमुख प्रशासकिय अकृित | यशोधरा गाउँपालिका |
| १८ | राधेश्याम पाठक | सल्लाहकार | यशोधरा गाउँपालिका |
| १९ | टीकाराम पन्थी | परामर्शकर्ता , आवधिक योजना | सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट प्रा.ली, |
| २० | हर गोविन्द पाण्डे | परामर्शकर्ता , आवधिक योजना | सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट प्रा.ली, |
| २१ | रेशम राज शर्मा | प्रशासन शाखा प्रमुख | यशोधरा गाउँपालिका |
| २२ | अनिल कुमार ओझा | सूचना प्रविधि अधिकृत | यशोधरा गाउँपालिका |

## ख) आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी
### उपस्थिति विवरण
### मिति : २०८२ आषाढ ४ र ५ गते

| क.सं | नाम | पद कार्यालय | कार्यालय | २०८२ | |
|---|---|---|---|---|---|
| | | | | आषाढ ४ | आषाढ ५ |
| १ | शिव दयाल तिवारी | अध्यक्ष | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| २ | गुन्जा देवी मौर्य | उपाध्यक्ष | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ३ | ऋषभ देव खनाल | प्र.प्र.अ | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ४ | अव्दुल कय्यूम खांन | वडाध्यक्ष, वडा नं १ | यशोधरा गाउँपालिका | अनुपस्थित | अनुपस्थित |
| ५ | मनोज कुमार चौवे | वडाध्यक्ष, वडा नं २ | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ६ | सरिता त्रिपाठी | वडाध्यक्ष, वडा नं ३ | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ७ | अहमद अलि खान | वडाध्यक्ष, वडा नं ४ | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ८ | जुवेर अहमद मुसलमान | वडाध्यक्ष, वडा नं ५ | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ९ | राज कुमार जयसवाल | वडाध्यक्ष, वडा नं ६ | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| १० | चन्द्र प्रकाश दुवे | वडाध्यक्ष, वडा नं ७ | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ११ | सहावुद्धीन मुसमान | वडाध्यक्ष, वडा नं ८ | यशोधरा गाउँपालिका | अनुपस्थित | अनुपस्थित |
| १२ | राम अचल कोरी | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| १३ | राम किशोर वरई | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| १४ | अनारती लोध | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| १५ | केवलपाती पासीन | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| १६ | गुजराती कलवारिन | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| १७ | लक्ष्मी देवी चमार | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| १८ | राधेश्याम पाठक | सल्लाहकार | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| १९ | निराजन राज लम्साल | लेखा अधिकृत | यशोधरा गाउँपालिका | उपस्थित | अनुपस्थित |
| २० | रेशम राज शर्मा | प्रशासकिय अधिकृत | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| २१ | अनिल कुमार ओझा | सु.प्र.अ. | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| २२ | कृष्ण प्रसाद पाण्डे | प्र.अधिकृत | यशोधरा गाउँपालिका | उपस्थित | अनुपस्थित |
| २३ | वलराम कोहार | जिन्सी इकाई | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| २४ | वीरेन्द्र कुमार मिश्र | स्वस्थ्य अधिकृत | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| २५ | दिपक कुमार प्रजापति | पशुसेवा प्राविधिक | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| २६ | राजु सेजवाल | प्रा. सहायक शिक्षा | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| २७ | रुद्र प्रसाद पोखेल | लेखापाल | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| २८ | आशिष पाठक | अमिन | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| २९ | विनोद कुमार लोहार | खापा तथा सरसफाई | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ३० | हरि प्रसाद गिरी | आ.ले.प | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |

| क.सं | नाम | पद कार्यालय | कार्यालय | २०८२ | |
|---|---|---|---|---|---|
| | | | | आषाढ ४ | आषाढ ५ |
| ३१ | राकेश कुमार श्रीवास्तव | नापी इकाइ, अमिन | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ३२ | लालजी प्रसाद चौवे | कानूनी मामला ईकाइ | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ३३ | हरिओम लाल चौरसिया | कृषि प्राविधिक | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ३४ | अस्मिता पोखरेल | प्रशासन सहायक | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ३५ | नमराज घिमिरे | क.अ | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ३६ | गुलम अलि | पत्रकार | स्थानीय पत्रकार | उपस्थित | उपस्थित |
| ३७ | श्यामु यादव | कृषि प्र. अधिकृत | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ३८ | राडल पाठक | का.स. | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ३९ | नारायण मिश्र | शिक्षा शाखा | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ४० | रुद्र नारायण मिश्र | कार्यालय सहायक | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ४१ | राधेश्याम अधिकारी | का.स | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ४२ | निरन्जन कुमार तिवारी | व.कृ.वि.अ. | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ४३ | विष्णु धरिकार | का.स | यशोधरा गाउँपालिका | उपस्थित | उपस्थित |
| ४४ | टीकाराम पन्थी | परामर्शदाता | सेगोडेम | उपस्थित | उपस्थित |
| ४५ | हर गोविन्द पाण्डे | परामर्शदाता | सेगोडेम | उपस्थित | उपस्थित |
| ४६ | कुशल शर्मा | परामर्शदाता | सेगोडेम | उपस्थित | उपस्थित |

## ग) आवधिक योजनाको अन्तिम प्रतिवेदन प्रस्तुतिकरण
### उपस्थिति विवरण
### मिति : २०८२ आषाढ १७

| सि.नं | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | शिव दयाल तिवारी | अध्यक्ष | यशोधरा गाउँपालिका |
| २ | गुन्जा देवी मौर्य | उपाध्यक्ष | यशोधरा गाउँपालिका |
| ३ | अव्दुल कयूंम खांन | वडाध्यक्ष, वडा नं १ | यशोधरा गाउँपालिका |
| ४ | मनोज कुमार चौवे | वडाध्यक्ष, वडा नं २ | यशोधरा गाउँपालिका |
| ५ | सरिता त्रिपाठी | वडाध्यक्ष, वडा नं ३ | यशोधरा गाउँपालिका |
| ६ | अहमद अलि खान | वडाध्यक्ष, वडा नं ४ | यशोधरा गाउँपालिका |
| ७ | जुवेर अहमद मुसलमान | वडाध्यक्ष, वडा नं ५ | यशोधरा गाउँपालिका |
| ८ | राज कुमार जयसवाल | वडाध्यक्ष, वडा नं ६ | यशोधरा गाउँपालिका |
| ९ | चन्द्र प्रकाश दुवे | वडाध्यक्ष, वडा नं ७ | यशोधरा गाउँपालिका |
| १० | सहावुद्धीन मुसमान | वडाध्यक्ष, वडा नं ८ | यशोधरा गाउँपालिका |
| ११ | राम अचल कोरी | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका |
| १२ | राम किशोर वरई | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका |
| १३ | अनारती लोध | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका |
| १४ | केवलपाती पासीन | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका |
| १५ | गुजराती कलवारिन | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका |
| १६ | लक्ष्मी देवी चमार | कार्यपालिका सदस्य | यशोधरा गाउँपालिका |
| १७ | ऋषभ देव खनाल | प्रमुख प्रशासकिय अधिकृत | यशोधरा गाउँपालिका |
| १८ | राधेश्याम पाठक | सल्लाहकार | यशोधरा गाउँपालिका |
| १९ | टिकाराम पन्थी | परामर्शकर्ता | सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट प्रा.ली, |
| २० | हर गोविन्द पाण्डे | परामर्शकर्ता | सेन्टर फर गुड गभर्नेन्स एण्ड डेभलपमेन्ट म्यानेजमेन्ट प्रा.ली, |
| २१ | रेशम राज शर्मा | प्रशासन शाखा प्रमुख | यशोधरा गाउँपालिका |
| २२ | अनिल कुमार ओभ्रा | सूचना प्रविधि अधिकृत | यशोधरा गाउँपालिका |

# अनुसूचि २

## क) वडा तहमा भएका छलफल तथा अन्तरकृयाका तस्विरहरु
















## अनुसूचि २
## ख) अभिमुखिकरण, कार्यशाला गोष्ठी एवं प्रतिबेदन प्रस्तुतीकरणका तस्बिरहरु











कार्यशाला गोष्ठी
हार्दिक स्वागत




















महिला शौचालय

